# हाम्रो मुड्केचुलाःसुन्दर मुड्केचुला
# आधारभूत तह (कक्षा १–८) को स्थानीय पाठ्यक्रम-२०७९

प्रकाशकः मुड्केचुला गाउँपालिका, डोल्पा
प्रकाशन वर्षः २०८० साल, जेठ
प्रकाशन प्रतिः ….. प्रति
© मुड्केचुला गाउँपालिका, डोल्पा
इमेलःinfo@mudkechulamun.gov.np
ito.mudkechulamun@gmail.com
budhagopal2076@gmail.com
फोन नम्वरः९८५१२७५६७१ , ९८५८३९०१०१
पालिकाबाट स्वीकृति मितिः २०८० साल बैशाख महिना २५. गते
मुद्राक : भुसाल ओफसेट प्रेस, नेपालगञ्ज

नोटःमुड्केचुला गाउँपालिकाको लिखित स्वीकृति विना कुनै अन्य प्रयोजनको लागि यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युत्तीय साधन वा अन्य रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन् ।

यस मुड्केचुला गाउँपालिकाले पहिलो पटक एकसाथ आधारभूत तह (कक्षा १-८) को स्थानीय पाठ्यक्रम २०७९ को विकास गरी वितरण

# हाम्रो मुड्केचुला:सुन्दर मुड्केचुला
# आधारभूत तह (कक्षा १–८) को स्थानीय पाठ्यक्रम-२०७९

**संरक्षक तथा सल्लाहकार समुहः**

| | | |
|---|---|---|
| १. | श्री दत्तबहादुर शाही- | अध्यक्ष |
| २. | श्री दुदा रोकाया- | उपाध्यक्ष |
| ३. | श्री तिर्थराज महतारा- | निमित्त प्रमुखप्रशासकीय अधिकृत |

**पाठ्यक्रम निर्माण कार्यदलः**

| | | | |
|---|---|---|---|
| १. | श्री रणबहादुर कार्की, पाठ्यक्रम एवं स्थानीय विकास विज्ञ | - | संयोजक |
| २. | श्री काली बहादुर विश्वकर्मा, सामाजिक विकास समिति, संयोजक | - | सदस्य |
| ३. | श्री गोपाल बुढा, शिक्षा, युवा तथा खेलकुद शाखा, प्रमुख | - | सदस्य |
| ४. | श्री लाल बहादुर रोकाया, प्रधानाध्यापक | - | सदस्य |
| ५. | श्री इन्द्र बहादुर बोहोरा, प्रधानाध्यापक | - | सदस्य |
| ६. | श्री चङ्खबहादुर रोकाया, विव्यस अध्यक्ष | - | सदस्य |
| ७. | श्री जयबहादुर ठकुल्ला, शिक्षाप्रेमी | - | सदस्य |

**स्थानीय पाठ्यक्रम निर्माण कार्यदलको कथन**

**One Child, One Pen, One Teacher and One Book Can Change the World-Malala Yousafzai**

शिक्षालाई देश विकासको लागि पूर्वाधारको पनि पूर्वाधार मानिन्छ । शिक्षाले व्यक्तिको सर्वाङ्गीण विकास गरी असल, सुयोग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनमुलक जनशक्ति तयार गर्दछ । समग्र राष्ट्रको आर्थिक, सामाजिक, सांस्कृतिक, पूर्वाधार विकास र वन वातावरण एवं जैविक विविधताको विकासका लागि योग्य, कर्मशील र कामयावी नागरिक तयार गर्न शिक्षाले महत्वपूर्ण योगदान पुर्याउदछ । देशमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको सारभूत सार्थकताका लागि शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । सिपमूलक, वैज्ञानिक, व्यवहारिक गुणस्तरीय शिक्षाले समृद्ध नेपाल निर्माणको आधारशिला तयार गर्दछ । जगत र जीवनको समुच्च विकासको लागि शिक्षा मूल साँचो हो । नेपालको संविधानको भाग ३ धार ३१ मा शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ । प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने र फरक क्षमता भएका र आर्थिक रुपमा विपन्न भएका नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने  हकको सुनिश्चता गरेको छ ।

पाठ्यक्रम सिकाइ प्रक्रियाको आधार हो । अर्थात सिकाइलाई दिशानिर्देश गर्ने साधन पाठ्यक्रम हो । मानिसको परिवर्तन शिक्षाबाट र शिक्षाको परिमार्जन एवं परिवर्तन पाठ्यक्रमबाट हुने प्रक्रियालाई दृष्टिगत गरी यो स्थानीय पाठ्यक्रमको विकास गरिएको छ । पाठ्यक्रम निर्माण कार्य एक प्राविधिक, जटिल र जीवन एवं जगतसँग जोडिएको बहुआयमिक विषय हो । समकालीन समाजको माग भनेको पाठ्यक्रममा निर्धारित विषयवस्तु मात्र सिक्ने-सिकाउने नभई विद्यार्थी र समाजको आवश्यकता र चाहनालाई विद्यालय तहमा खासगरी शिक्षकको आफ्नै प्रयत्नमा आवश्यकतामा आधारित पाठ्यक्रम विकास गरी कार्यान्वयन गर्ने गरी तयार भएको योजनाबद्ध पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । स्थानीय पाठ्यक्रम केन्द्र निर्धारित पाठ्यक्रम भन्दा गतिशील र लचकदार हुन्छ । पूर्वनिर्धारित पाठ्यक्रमलाई समग्र मुलुकभर पाठ्यक्रमविद्धहरुले समान सोच र दृष्टि राखेर निर्माण गर्दछन् । जहाँ निश्चित कोर्ष मात्र सिक्ने सिकाउने कार्य रहन्छ जुन हालको केन्द्र निर्मित र नियन्त्रित पाठ्यक्रम हो । यसमा तोकिएका वा निश्चित गरिएका लक्ष्य, उद्धेश्य र विषयवस्तु तथा शिक्षण प्रक्रिया र निश्चित सिकाइ मूल्याङ्कन प्रक्रिया हुन्छन् । सिकारु रहेको समाज, सन्दर्भ र समुदाय विशेषको आवश्यकताको आधार र अवस्थालाई समेटेर शिक्षण गर्ने कुराले त्यति महत्व पाएको हुदैन् । परम्परागत शिक्षण प्रणाली र विधिले केवल कक्षाकोठामा ज्ञान बाड्ने वा वितरण गर्ने अर्थमा मात्र लिने गरिन्छ नकी सिकाइले ज्ञानको सिर्जना र समालोचना गर्ने अर्थमा उल्लेख्यरुपमा लिएको पाइदैन् । त्यसैले यो स्थानीय पाठ्यक्रमले सिकारुलाई मौलिक परिवेशमा प्रयोगात्मक तरिकाले सिप सिक्ने र व्यवहार परिवर्तन गर्ने सन्दर्भमा निकै उपयोगी सिद्ध हुने विश्वास गरिएको छ ।

तसर्थ, आवश्यकता वा स्थान विशेषको यो स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकता, स्थानीय विषयवस्तु,  स्थानीय सहभागिता र विषय विज्ञता सहित स्थानीय तहबाटै निर्माण गरिने भएकोले निश्चित सिकाइ मार्ग भएको सिकाइ प्रक्रियालाई तोड्दछ र परम्परागत एवं केन्द्र निर्देशित पाठ्यक्रमलाई थप समृद्ध र सफल बनाउँदछ, त्यसैले भन्न सकिन्छ स्थानीय पाठ्यक्रम पूर्वनिर्धारित पाठ्यक्रमको प्रतिस्थापन नभई केवल पूरक पाठ्यक्रम हो । स्थानीय पाठ्यक्रमले लम्बीय र क्षितिजीय रुपमा विषयवस्तुलाई विस्तार गरेर विद्यार्थीलाई प्रशस्त अभ्यास, अवलोकन र अनुभवमा आधारित सिकाइमा जोड दिन्छ ।

प्रोफेसर जोन निम्मोले भने अनुसार पूर्वर्धारित पाठ्यक्रमलाई बट्टा पाठ्यक्रमको संज्ञा दिनुका साथै पूर्वनिर्धारित उद्धेश्य, विषयवस्तु र पाठ्यक्रम विज्ञले तयार

सक्रिय र सकारात्मक सहयोग र सहभागिता रहने, सिकाइ लचिलो र वास्तविक हुने स्थानीय विषयवस्तु र व्यवस्थालाई समाज, देश र राष्ट्र हुँदै विश्व परिवेशमा जोड्ने र विश्वलाई स्थानीयसँग जोड्ने र स्थानीय मौलिकता, धर्म, परम्परा, संस्कृति, चाडपर्व, स्थानीय ज्ञान, सिप, पेसा, व्यवसाय, स्थानीय आवश्यकता, अवसर र अवस्थालाई आत्मसाथ र संरक्षण आदि विशेषताहरु स्थानीय पाठ्यक्रमले समेटेको छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ र आधारभूत तहमा २०७७ साल देखि कार्यान्वयन भएको स्थानीय पाठ्यक्रम अनुसार कक्षा १-३ को पाठ्यभार ५ र पाठ्यघण्टा २६ निर्धारण गरी वार्षिक १६० कार्यघण्टा र कक्षा ४-८ सम्म साप्ताहिक पाठ्यभार ४ र पाठ्यघण्टा २८ कायम गरी वार्षिक १२८ कार्यघण्टा शिक्षण समय मातृभाषा वा स्थानीय विषय शिक्षण गर्ने गरी समय छुट्टाइएको छ। यसरी नेपालको संबैधानिक प्रावधान, पन्ध्रौं पञ्चवर्षीय आवधिक योजना र स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार मुड्केचुला गाउँपालिका डोल्पाको नीतिगत निर्णय अनुसार पहिलो प्रयास स्वरुप गाउँपालिकाले एकसाथ विद्यालय तहको आधारभूत तहको स्थानीय पाठ्यक्रम कक्षा १-८ सम्म शैक्षिक सत्र २०८० बाट लागू हुनेगरी **हाम्रो मुड्केचुलाः सुन्दर मुड्केचुला** नामक विषय शिर्षक दिई स्थानीय पाठ्यक्रम २०७९ तयार गरिएको छ। जुन पाठ्यक्रममा समावेस गरिएका १३ वटा सिकाइका क्षेत्रहरु निर्धारण गरिएको छ। ती विषयक्षेत्रहरु यस प्रकार रहेकाछन्:

१. स्थानीय पालिकाको परिचय
२. स्थानीय मातृभाषा, संस्कृति र चाडपर्व
३. स्वास्थ्य र सरसफाइ
४. ऐतिहासिक, धार्मिक, पर्यटकीय स्थलहरु
५. पेसा, व्यवसाय, उद्यमशीलता र प्रविधि
६. खाद्यान्न तथा पोषण एवं कृषि, जडिबुटी र पशुपालन
७. प्रकोप र विपद् व्यवस्थापन
८. व्यक्ति, संस्था र सहकारी
९. समानता, समावेशिता र सामाजिक न्याय
१०. जीवन उपयोगी सिप, सामाजिक मूल्या मान्यता एवं सदाचार र नैतिकता
११. खेलकुद, कला, साहित्य र शारीरिक व्यायाम एवं योग शिक्षा
१२. वातावरण संरक्षण एवं फोहोरमैला व्यवस्थापन र हरित विद्यालय
१३. सामाजिक रुपान्तरण, लोकतन्त्र र सङ्घीयता

यसरी नेपालमा सङ्घीय शासन प्रणालीको प्रादुर्भाव भएपश्चात संविधानले नै प्रष्टरुपमा अनुसूची–८ मा स्थानीय सरकारका २२ वटा एकल अधिकारको सूची भित्र रहेको आधारभूत र माध्यमिक शिक्षाको अधिकारलाई पूर्णत आत्मसाथ गरी स्थानीय सरकारको दोस्रो आवधिक निर्वाचित कार्यकालको पहिलो वर्षमा मूलतः डोल्पा जिल्लाको ८ वटा स्थानीय तहहरु मध्ये मुड्केचुला गाउँपालिकाले एकसाथ आधारभूत तह कक्षा १–८ को स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। जुन स्थानीय सरकारको सार्थकता र सान्दर्भिकता पुष्टि हुनेगरी सम्पन्न गरेको नितान्त नविनतम् र नीतिले निर्दिष्ट गरेको महत्वपूर्ण काम हो। शिक्षा क्षेत्रको समग्र विकास विनाको अन्य विकास केवल अपूर्ण र अर्थहिन हुने हुनाले मुड्केचुला गाउँपालिकाको यो शुरुवाती प्रयास निकै सहनीय र स्वागतयोग्य मात्र छैन्  अन्य स्थानीय तहहरुका लागि पनि निःशर्त अनुकरणीय र आवश्यक पनि छ। विश्वका विकसित एवं सफल मुलुकका विगतका लगानीका पाटालाई पल्टाउने हो भनेपनि सफल राष्ट्र बन्नुको पछाडि गुणस्तरीय प्राविधिक र व्यवसायिक शिक्षा नै मुख्य कारक हुन आउछ।

जुन सोच, सामर्थ्य र चिन्तनका साथ मुड्केचुला गाउँपालिकाले आधारभूत तहको स्थानीय पाठ्यक्रम निर्माण गर्ने संकल्पलाई अन्तिम आकार प्रदान गर्यौं त्यो समग्रमा निकै प्रशंसनीय र पथप्रदर्शक छ। बास्तविकता, अनुभव, आवश्यकता र प्रयोगमा आधारित स्थानीय तहको आधारभूत कक्षाको स्थानीय पाठ्यक्रम निर्माणका लागि बलियो विश्वास र विभिन्नतालाई दृष्टिगत गरी सहभागितामूलक र समन्वयात्मक तरिकाले पाठ्यक्रम निर्माणका लागि पाठ्यक्रम निर्माण कार्यदललाई जिम्मेवारी प्रदान गर्ने निर्णय प्रति गाउँपालिकालाई कार्यदल हार्दिक आभार सहित कृतज्ञता अर्पण गर्दछ। पाठ्यक्रम निर्माण गर्ने यो अनुपम् अवसर प्रति कार्यदल सदैव पालिका प्रति ऋणी नै छ र रहनेछ। पाठ्यक्रम निर्माणको क्रममा विभिन्न सूचना, जानकारी एवं तथ्याङ्क उपलव्ध गराउने सम्बद्ध सबैमा हार्दिक आभार प्रकट गर्न चाहन्छौं। पाठ्यक्रम निर्माणको आरम्भदेखि अन्त्यसम्म विभिन्न चरणको छलफल, सुझाब संकलन, पृष्ठपोषण आदानप्रदान लगायतका विषयमा सक्रिय र सिर्जनशील सहभागिताको लागि सामाजिक विकास समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक, विद्यार्थी, अभिभावक, प्रधानाध्यापक, सामाजिक अगुवा र स्थानीय सरोकार राख्ने सबैलाई कार्यदल विशेष धन्यवाद प्रकट गर्न चाहन्छ। अझ विशेष गरी समन्वयकारी र सुझबुझपूर्ण तरिकाले पाठ्यक्रम निर्माणको क्रममा सहयोग र सहभागिताका लागि शिक्षा युवा तथा खेकलुद शाखा प्रमुख श्री गोपाल बुढाप्रति अन्तरमन देखि विशेष नमन् गर्न चाहन्छैं। अतः पाठ्यक्रम निर्माण कार्य एक गतिशील र सापेक्ष प्रक्रिया भएकोले यसको

निरन्तर परीक्षण, कार्यान्वयन, आवधिक समीक्षा, छलफल, सुधार एवं परिमार्जन गर्नु नितान्त अनिवार्य शर्त भएकोले सोही अनुसार यो पाठ्यक्रम निरन्तर परिर्माजन र सुधार हुनेछ भन्ने दृढ विश्वास कार्यदलले लिइएको छ।

अन्तमा, सम्बद्ध सबै सरोकारवालाहरुको सकारात्मक सल्लाह, सुझाब र सिर्जनशील सजावटका लाग कार्यदल हार्दिक अनुरोधका साथै पाठ्यक्रमको सफल कार्यान्वयन हुनेमा पूर्ण विश्वास गर्दछ। पाठ्यक्रमको सफल कार्यान्वयनका लागि सम्बद्ध सबै निकायहरुको सक्रिय र सिर्जनशील सहयोगका लागि हार्दिक अनुरोध पनि गरिन्छ।

ज्येष्ठ महिना, २०८० साल।

**रणबहादुर कार्की**
**संयोजक एवं स्थानीय पाठ्यक्रम निर्माण कार्यदल**
**मुड्केचुला गाउँपालिका**
**डोल्पा**

# हाम्रो मुड्केचुला:सुन्दर मुड्केचुला
# आधारभूत तहको स्थानीय पाठ्यक्रम-२०७९
# (कक्षा १–८)



मुड्केचुला गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**शिक्षा, युवा तथा खेलकुद शाखा, डोल्पा**

**२०८० साल।**

स्थानीय सरकार

मुड्केचुला गाउँपालिका

# गाँउ कार्यपालिकाको कार्यालय

नर्कु डोल्पा

प.स: २०७९।०८०

च.नं: ८१०

मिति:२०८०/०२/०५

## शुभकामना

शिक्षा प्राप्त गर्नु बालबालिकाको नैसर्गिक अधिकार हो भने शिक्षा प्रदान गर्नु हामी सबैको कर्तव्य हो। नेपालको सन्दर्भमा कानुनी रूपमा नै आधारभुत शिक्षालाई अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षालाई निःशुल्क प्रदान गर्ने व्यवस्था गरिएको छ। सोही बमोजिम स्थानीय सरकारको अधिकार भित्र विद्यालय शिक्षा र स्थानीय पाठ्यक्रमको निर्माण गर्ने व्यवस्था छ। मुड्केचुला गाउँपालिकाको सन्दर्भमा हालसम्म वि।भिन्न कारणले स्थानीय पाठ्यक्रमको निर्माण गर्न सकियको थिएन। संघीयता कार्यान्वयन सँगै स्थानीयस्तरमा रहेका शैक्षिक समस्या समाधानको लागि मुड्केचुला गाउँपालिका विगत देखि नै प्रतिबद्द रहेको छ। विद्यालय तथा विद्यार्थीका समस्या समाधानको लागि गाउँपालिकाले हरदम प्रयास गरिरहेको छ। नियमित विद्यालय सञ्चालनको लागि विद्यालय अनुगमन कार्यलाई तिव्रता दिइएको छ। हामिले यस गाउँपालिकाभित्र रहेका कला, संस्कृति, प्राकृतिक सम्पदा तथा पर्यटकीय स्थल आदिको संरक्षणको लागि गर्ने प्रयास स्वरूप यो पाठ्यक्रम तयार पारेका छौ।मुड्केचुलाबासीले प्रदान गरेको जिम्मेवारी र विश्वासलाई आत्मसाथ गर्दै आगामी दिनमा शैक्षिक सुधारको रणनिति तय गरी शिक्षाको गुणस्तर सुधार तर्फ ध्यान दिने प्रतिबद्दता व्यक्त गर्न चाहन्छु। विश्वव्यापी सोच, स्थानीय अभ्यास भन्ने स्थानीय पाठ्यक्रमको मूलमर्मलाई आत्मसाथ गर्दै स्थानीय ज्ञान, सीप, अभ्यास र परम्पराको जगेर्ना, संरक्षण, विकास र प्रचार प्रसारको लागि पनि स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग आवश्यक देखिन्छ। आफ्नो जन्मभूमी र स्थानीय परिवेशका विविध पक्षको बारेमा यथोचित जानकारी लिदै आफ्नै माटोमा केहि गरौ भन्ने भावना विकास गर्नमा समेत यो पाठ्यक्रमले सहयोग गर्नेछ।

शैक्षिक सत्र २०८० लाई मध्यनजर गरी मुड्केचुला गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाले स्थानीय पाठ्यक्रमको निर्माण गरेकोमा हृदयदेखि नै धन्यबाद दिन चाहन्छु। यो पाठ्यक्रमले यस गाउँपालिकाको भुगोल, स्थानीय रहनसहन, कला संस्कृति, प्राकृतिक सुन्दरता आदिलाई समेट्ने छ भन्ने आशा राखेको छु। यो पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याउन सकेकोमा पाठ्यक्रम निर्माण कार्यदलका सदस्यज्युहरूलाइ हार्दिक बधाई दिन चाहन्छु। यस पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याउन सम्पूर्ण विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक लगायत सम्पूर्ण सरोकारवालाहरूलाई म हार्दिक अनुरोध गर्दछु। अन्त्यमा धेरै मिहिनेतका साथ तयार पारियको यो पाठ्यक्रम यो गाउँपालिकाको सन्दर्भमा सफल हुनेछ भन्ने शुभकामना दिन चाहन्छु।

दत्त बहादुर शाही

गाउँपालिका अध्यक्ष

स्थानीय सरकार
मुड्केचुला गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय
## शिक्षा युवा तथा खेलकुद शाखा
नर्कु, डोल्पा

प.स:२०७९।०८०
च.न: ८११

मिति:२०८०/०२/०५

### कृतज्ञता

शिक्षा देश विकास र समृद्दिको आधार हो। बालबालिकाको सुन्दर भविष्य निर्माणको लागी र अन्तरनिहित क्षमताको विकासको लागि शिक्षा प्रदान गर्नु जरूरी छ।संयुक्त राष्ट्रसंघको मानव अधिकार घोषणा पत्र, बाल अधिकार घोषणा पत्र र नेपालको संविधान २०७२ ले आधारभुत शिक्षालाई अनिवार्य तथा निशुल्क घोषणा गरेका छन्। नेपालले पनि विश्व अन्तराष्ट्रिय मन्चहरूमा सबैका लागि शिक्षा उपलब्ध गराउने प्रतिबद्दता व्यक्त गरेको छ।

बालबालिकाहरूलाई अनिवार्य विषयको साथसाथै स्थानीय स्तरको ज्ञान प्रदान गरिनुपर्दछ भन्ने मूल ध्येयका साथ यस मुड्केचुला गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाले स्थानीय विषयको निर्माण गरेको छ। विश्व परिवेशको ज्ञान मात्र पर्याप्त नहुने भएकोले हाम्रा बालबालिकाहरूलाई हाम्रो आफ्नै परिवेश, रितीरिवाज, चालचलन, संस्कार तथा संस्कृतिको ज्ञान पनि दिन जरूरी छ। यो स्थानीय विषय यस मुड्केचुला गाउँपालिका भित्र अध्ययन गर्ने बालबालिकाहरूको लागि कोशेढुङ्गा साबित हुने कुरामा म विश्वसत छु।

स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणको सन्दर्भमा शिक्षा युवा तथा खेलकुद शाखाले सरोकारवाला सबैसँग छलफल तथा परामर्श गरेको थियो। रचनात्मक सल्लाह र सुझाव प्रदान गर्नुहुने सबैमा धन्यबाद दिन चाहन्छु।विद्यालयमा स्थानीय विषयको पाठ्यक्रम सहज रूपमा उपलब्ध भई शिक्षक मित्रहरूले अध्यापन गर्नुहुनेछ भन्ने कुरामा आशावादि छु। यो पाठ्यक्रम कार्यान्वयन पश्चात समयक्रमअनुसार अद्यावधिक गरिने छ। पाठ्यक्रम कार्यान्वयनको क्रममा सम्बन्धित सरोकारवालाहरूबाट रचनात्मक सुझावको अपेक्षा गर्दछु

तिर्थराज महतारा
नि.प्रमुख प्रशासकीय अधिकृत
मुड्केचुला गाउँपालिका,डोल्पा

स्थानीय सरकार

मुड्केचुला गाँउपालिका

# गाँउ कार्यपालिकाको कार्यालय

## शिक्षा युवा तथा खेलकुद शाखा

नर्कु ,डोल्पा

प.स: २०७९।०८०

च.न: ८९८ मिति:२०८०/०२/०५

---

शिक्षा मानव सशाधन विकासको प्रमुख माध्यम हो । शिक्षाले मानिसलाई अज्ञानताको अँध्यारो ढुङ्गेयुगबाट उज्यालो संसारमा पुऱ्याउन सहयोग गर्दछ । यसले सिंगो मानव, राष्ट्र र विश्वलाई नै प्रगतिको मार्ग तर्फ अघि बढाउन प्रेरणा प्रदान गर्दछ । शिक्षाको माध्यमबाट नै समाजमा व्याप्त असमानता, पछ्यौटेपन र दरिद्रताको अन्त्य गरी सुसंस्कृत समाज निमार्ण गर्न सकिन्छ । अफ व्यवहारिक र गुणस्तरीय शिक्षाले समग्र परिवार, समाज र राष्ट्रलाई नै आथिक तथा सामाजिक रुपान्तरणमा सहयोग पुऱ्याउन सहयोग गर्दछ । शिक्षा आवश्यकतामा आधारित भयो भने यसबाट राज्यले गरेको अपक्षो पूर्ण हनु सक्दछ । स्थानीय माग र परिवश सुहाउदौ शिक्षाले नै व्यक्तिलाई आत्मनिर्भरता तर्फ उन्मुख गराउँदछ । आन्तरिक र बाह्य बजारमा माग भएको जनशक्ति निर्माण गरी रोजगारीको अवसर सिजर्ना गर्नु शिक्षाको ध्येय नै हो ।

हाम्रो समाजमा एकातिर बजारमा आवश्यक दक्ष जनशक्तिको अभाव छ भने अर्को तिर समाजका शिक्षित वर्गहरु रोजगारीको अभावले भौतारी रहनु परेकोछ । यसले बिगतदेखि हामीले अपनाउदै आएको शिक्षा प्रणाली कति कामयाबी छ भन्ने अहम्प्रश्न उब्जाएकोछ । अर्कोतर्फ शिक्षाले व्यक्तिगत स्वाथबाट माथि उठेर राष्ट्र र जनताको सेवामा दत्तचित्त भएर लाग्ने असल नागरिकको परिकल्पना गरेको हन्छ । राज्यको उक्त अपक्षो पुरा हनु सकेमा मात्र शिक्षा सार्थक हनु जान्छ । तसर्थ सामाजिकीकरणको प्रक्रियामा सहयोगी मानवीय मल्ूय मान्यताप्रति कटिबद्ध र राष्ट्र निर्माणमा दृढ सङकल्पित जनशक्ति निर्माण गर्न सक्ने शिक्षाले मात्रै समद्ध मुलुक निर्माणमा सहयोग गर्न सक्छ । नेपाल एक जैविक, प्राकृतिक, धामिर्क तथा सांस्कृतिक विविधताले युक्त धनी देश हो । पुजीकोरुपमा रहेका यस्ता सम्पदाहरुको संरक्षण गदै पुस्ता हस्तान्तरण गर्ने माध्यम पनि शिक्षा नै हो । शिक्षा देश विकासको आधारशीला र समद्ध सामाजिक आर्थिक रुपान्तरणको चालक (Driving force) हो ।

विश्वव्यापिकरणको चुनौतिलाई अवसरमा परिणत गर्दै स्थानीय प्राकृतिक स्रोत ,सीप तथा बौद्धिकताहरुको अन्तरपुस्ता समन्वया सहितको दिगो परिचालन आजका बालबालिकाले सिक्नुपर्ने र जान्नुपर्ने विषय हो । हाम्रो विद्यालयमा हुने पठनपाठनमा यस्ता विषयहरु राष्टिय् र अन्तर्राष्टिय् सन्दर्भ तथा परिवेश, विद्यार्थीको मनोवज्ञैानिक विकासक्रमको आधारमा समावेश गरिएको भए पनि स्थानीय विविध पक्ष र दैनिक जीवनमा उपयोग हुदै आएका जीवनपर्यन्त जीवित विषयहरुले स्थान पाएका छैनन । गाँउ, टोल तथा समाजमा भएका यस्ता महत्वपर्ण् बुद्धिहरुलाई राष्टिय् तथा अन्तराष्टिय् बुद्धिमा मिलाउनका लागि स्थानीय परम्परागत ज्ञानलाई मर्न दिनुहदुैन । लोकतान्त्रिकरण तथा सङघीयता सगैं बढ्दै गएको विकास प्रतिको उच्च मोह, राष्ट र राष्टियुता प्रतिको सवंदेनशीलतालाई स्थानीय एकाइबाट नै मजबतु बनाउन, स्थानीय सरकारका सेवाहरुलाई नागरिककै संलग्नतामा उत्कृष्ठ बनाउदै घर प्रेम, गाउँ प्रेम, देश प्रेम र विश्वबन्धत्ुवको अवधारणा सानै कक्षाबाट सिकाउन स्थानीय पाठयक्रमले महत्वपर्ण् योगदान दिन सक्छ । लोकतन्त्रको मूल्यमान्यता भनेको नागरिकको सहभागितावाट अपनत्वको विकास गर्नु हो । नीति निमार्ण, योजना निमार्ण र कार्यक्रममा सम्मान सहितको सार्थक सहभागीता र उनीहरुको अपेक्षाको संबोधन नै हो। स्थानीय पाठयक्रमवाट शिक्षामा नागरिक सामाज, स्थानीय ,बुद्धिजीवी, स्थानीय सरकार तथा अभिभावक, विद्यार्थी र शिक्षकको समेत प्रत्यक्ष सलंग्नता हुदा सिकाइ दिगो र स्थानीयकरण हुन्छ र लोकतन्त्रको जग बाटै मजबुत हुन्छ । विश्वका एकात्मक तथा सङघीय शासन प्रणाली भएका देशका स्थानीय पाठयक्रमले महत्वपर्ण् अंश ओगटेका छन् । यस्ता पाठयक्रम राष्ट्रिय एकताका आधारशिला पनि हनु ।

स्थानीय स्रोत, साधन, क्षमता, सीप, बौद्धिकता र उदगम समेत स्थानीय नै हुने हुदा यसले राष्टिय् पाठयक्रमले सम्बोधन गर्न नसकेका र सम्बोधन गर्न बाँकी रहेका बिषयबस्तुलाई स्थानीय पाठयक्रमले सम्बाधेन गर्नसक्छ । वास्तवमा स्थानीय सरोकारवालाको सहभागितामा स्थानीय आवश्यकता अनुसार विषय वस्तु समाबेश गरी निमार्ण र कार्यान्वयन हुने पाठयक्रम हो । स्थानीय आवश्यकता र सन्दर्भमा आधारित विषयवस्त् समावेश हने् पाठयकम, शिक्षकले विद्यालयमा नै पाठयकम बनाएर कार्यान्वयनमा

ल्याउन सक्ने पाठ्यक्रम, विश्व स्थानीयकरणको मान्यतामा कार्यान्वयन गरिने पाठ्यक्रम स्थानीय पाठ्यक्रम हो । यसको प्रमुख आधार स्थानीय आवश्यकता, स्थानीय विषयवस्तु, स्थानीय सहभागिता र विज्ञता हो । मुड्केचुला गाउँपालिका विविधताले भरिएको र प्रचुर सम्भावनाहरू बोकेको अनुपम गाउँपालिका हो । यस गाउँपालिका भित्रका विभिन्न जातजातिहरू, कला, संस्कृति, भाषा, भेषभुषा , रहनसहन, चाडपर्व, रीतिरिवाज तथा चालचलन नै यस गाँउपालिकाका सम्पति हुन् । यहाँका जल, जमिन, जङ्गल, जडिबुटी र जनावर यस क्षेत्रका अमूल्य नीधि हुन् । डोल्पा जिल्ला भित्रका ८ ओटा स्थानीय तह मध्ये मुड्केचुला गाउँपालिकामा साबिकका तिनवटा गा.वि.सहरु (सर्मी,नंकु र कालिका) लाई समावेश गरी तयार गरीएको हो । यस गाउपालिका भित्र रहेका स्रोतहरूको पहिचान, संरक्षण, सम्वद्धर्न र पुर्ण उपयोग गर्न गाउँपालिकाले उचित नीति अवलम्बन गर्दै आएकोछ । स्रोत साधनहरूलाई उत्पादन तथा विकाससँग जोडन् गाउपालिकाले विभिन्न क्षेत्रगत नीतिहरू तय गर्ने तथा कार्यान्वयन गर्ने सन्दर्भमा शिक्षा नीतिलाई यसको प्रमुख कडीकोरूपमा लिई आधारभूत तहमा कक्षा (१-८) को स्थानीय पाठ्यक्रम निमार्ण गरी शैक्षिक सत्र २०८० देखि कार्यन्वयनमा ल्याउन लागिएको छ । नेपालको वर्तमान संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ को मार्गदशर्न र आधारभूत तह (कक्षा १-३) पाठ्यक्रम २०७६, प्राथमिक शिक्षा पाठ्यक्रम २०६५ र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मागर्दशर्न २०७६ समेतलाई यस पाठ्यक्रम निर्माणको आधार बनाइएको छ ।

पाठ्यक्रम निर्माण मात्र सम्पर्ण् होइन । कुनै पनि कार्य योजना निर्माण भन्दा त्यसको प्रभावकारी कार्यान्वयन महत्वपर्ण् पाटो हो । कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउन सकियो भने मात्र अपेक्षित प्रतिफल प्राप्त गर्न सकिन्छ । यसको प्रभावकारी कार्यान्वयन गाउपालिकाको एक्लो प्रयासले मात्र सम्भव हुदैन । तसर्थ यसमा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सलग्न सबै सरोकारवालाहरू जस्तैः शिक्षक, विद्यार्थी, अभिभावक, राजनीति कर्मी, समाजसेवी तथा बुद्धिजीवी सबैको उत्तिकै महत्वपर्ण् भूमिका हने अपेक्षा गरिएकोछ । त्यसका निम्ति सिक्नका लागि सिकाउने व्यक्ति शिक्षण तथा व्यवहारिक कुशल सीपका नवीन शैलीहरू अवलम्बनप्रति सबै सजक हुनु पर्दछ । यिनै कुराहरूलाई पाठ्यक्रमले मूलमर्मको रूपमा लिएको छ । यो पाठ्यक्रम मुड्केचुला गाँउपालिकाको जनशक्तिलाई आत्मानिभर र सीपमूलक बनाउन सक्षम हुनेछ भन्ने विश्वास लिइएकोछु । पाठ्यक्रमको कोरा रूपलाई यसको सरंचनाभित्र हालेर आवश्यक सुधार तथा परिमार्जन सहित सुरुदेखि नै निरन्तर सहयोग पद्रान गरिरहनुहुने विज्ञ श्री रण बहादुर कार्की प्रति हार्दिक आभार सहित धन्यवाद व्यक्त गदछौ। पाठ्यक्रमको प्रमाणित पाठमा सहयोग गर्नु हुने प्राविधिक सहायक श्री रमेश बहादुर खड्का र शिक्षक श्री लाल बहादुर रोकाया र श्री ईन्द्र बहादुर बोहोरा र श्री जय बहादुर ठकुल्ला प्रति पनि धन्यवाद व्यक्त गर्दछौ ।

अन्त्यमा, यस गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाबाट निर्माण गरेको स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा सबै सरोकारवाला पक्षहरूको अहम् भूमिका रहने अपेक्षा गर्दै कार्यान्वयनको क्रममा प्राप्त सभ्ुाव तथा प्रतिक्रियाहरुलाई आगामी दिनमा पाठ्यक्रममा समेट्दै लैजाने विश्वास दिलाउन चाहन्छौ । पाठ्यक्रम निमार्णमा पत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुर्‍याउनु हुने सबैमा धन्यवाद ज्ञापन गर्दछौ ।

धन्यवाद ।

गोपाल बुढा
शिक्षा अधिकृत

बिषय सूची

परिच्छेद–एक ....................................................................................................................... १
स्थानीय पाठ्यक्रम विकासको परिचय ........................................................................................ १
११. परिचय ................................................................................................................................ १
१२. विद्यालय शिक्षाको राष्ट्रिय उद्धेश्य ........................................................................................ १
१प्रारम्भिक बालविकास र शिक्षाका सक्षमताहरु १.२............................................................... २
१२.२. आधारभूत तह १कक्षा )–८सक्षमताहरु का ( ...................................................................... २
१३. विद्यालय शिक्षाको तहगत सङरचना र उमेर ........................................................................... ४
१४. विद्यालय शिक्षाको पाठ्यक्रम सङरचना र स्थानीय पाठ्यक्रम.................................................. ४
११.४. प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना ........................................................ ४
१२.४. आधारभूत शिक्षाको पाठ्यक्रम संरचना................................................................................. ५
१५. स्थानीय पाठ्यक्रम निर्माणको नीतिगत एवम् कानुनी व्यवस्था .................................................. ८
११.५. नेपालको संविधान ............................................................................................................ ८
१ २.५.पन्ध्रौं पञ्चवर्षीय योजनाको आधारपत्र ०७७/२०७६)–२०७८०(०८१/ ........................................ ८
१२०७४स्थानीय सरकार सञ्चालन ऐन ३.५. ............................................................................... ९
१) वर्षे योजना १०विद्यालय शिक्षा क्षेत्रको ४.५.२०२१–२०३०( ................................................... ९
१५.५. विद्यालय शिक्षाको राष्ट्रिय प्राठ्यक्रम प्रारुप २०७६ ........................................................... १०
१६.५. आधारभूत तह १कक्षा )–३को प्रा (ठ्यक्रम २०७६ ............................................................... १०
१देखि कार्यान्वयन हुने पाठ्यक्रममा स्थानीय पाठ्यक्रम २०७७आधारभूत तहमा ७.५. ........................ ११
१२०७६राष्ट्रिय शिक्षा नीति ८.५. .............................................................................................. ११
१स्थानीय पाठ्क्रम निर्माणको सैद्धान्तिक आधार ६. ...................................................................... १२
१औचित्यस्थानीय पाठ्क्रमको ७. ............................................................................................... १५
१स्थानीय पाठ्यक्रम निर्माण विधि तथा प्रक्रिया ८. ........................................................................ १६
१पाठ्यक्रम निर्माणका लागि अभिमुखीकरण १.८. ........................................................................ १६
१समुह र निर्माण कार्यदल गठन पाठ्यक्रम निर्माण सल्लाहकार २.८. ................................................ १७
१स्थानीय पाठ्यक्रम निर्माण कार्ययोजना ३.८. ............................................................................ १७
१४.८. सन्दर्भ सामग्री अध्ययन र पुनरावलोकन ............................................................................. १७
परिच्छेद–दुई ........................................................................................................................ १९
मुड्केचुला गाउँपालिकाको स्थानीय पाठ्यक्रम ............................................................................ १९
२गाउँपालिकाको परिचय मुड्केचुला १. ......................................................................................... १९
२२. स्थानीय पाठ्यक्रम परिचय ..................................................................................................... २०
२३. स्थानीय पाठ्यक्रमको विशेषता ............................................................................................... २१
२४. पठनपाठनको माध्यम भाषा .................................................................................................... २२
२.५ स्थानीय पाठ्यक्रमको ढाँचा..................................................................................................... २३
२६. स्थानीय विषयको विषयवस्तुको क्षेत्र र पाठ्यकार्यघण्टा निर्धारण/................................................ २३
२७. आधारभूत तह १कक्षा )–८को स्थानीय पाठ्यक्रमको सक्षमताहरु ( .............................................. २४
२१.७. आधारभूत तह १कक्षा )–३ठ्यक्रमको तहगत सक्षमताहरुको स्थानीय पा ( ..................................... २४

२) आधारभूत तह २.७.कक्षा ४–५को स्थानीय पाठ्यक्रमको तहगत सक्षमताहरु ( ........ २४
२) आधारभूत तह ३.७.कक्षा ६–८स्थानीय पाठ्यक्रमको तहगत सक्षमताहरु को ( ........ २५
२८. स्थानीय पाठ्यक्रमको कक्षागत सिकाइ उपलब्धिहरु ........ २५
२१.८. कक्षा एकको कक्षागत सिकाइ उपलब्धिहरु ........ २५
२२.८. कक्षा दुईको कक्षागत सिकाइ उपलब्धिहरु ........ २६
२३.८. कक्षा तीनको कक्षागत सिकाइ उपलब्धिहरु ........ २७
२४.८. कक्षा चारको कक्षागत सिकाइ उपलब्धिहरु ........ २८
२५.८. कक्षा पाँचको कक्षागत सिकाइ उपलब्धिहरु ........ ३०
२६.८. कक्षा छ को कक्षागत सिकाइ उपलब्धिहरु ........ ३१
२७.८. कक्षा सातको कक्षागत सिकाइ उपलब्धिहरु ........ ३२
२८.८. कक्षा आठको कक्षागत सिकाइ उपलब्धिहरु ........ ३४
२९. स्थानीय पाठ्यक्रमको विषयवस्तुको क्षेत्र र क्रम ........ ३५
२१.९. विषयवस्तुको विस्तृतीकरण ........ ४८
परिच्छेद–तीन ........ १६३
शिक्षण सिकाइ तथा विद्यार्थी मूल्याङ्कन एवम् प्रक्रिया ........ १६३
३१. शिक्षण सिकाइ सहजीकरण विधि ........ १६३
३सम्मको लागि शिक्षण सिकाइ सहजीकरण विधि ३देखि १कक्षा १.१. ........ १६३
३२.१. कक्षा ४-८ को लागि शिक्षण सिकाइ सहजीकरण विधि ........ १६४
३२. विद्यार्थी मूल्याङ्कन विधि ........ १७०
३३. विद्यार्थी मूल्याङ्कन प्रणाली ........ १७१
३४. परीक्षाका प्रकार ........ १७६
३५. सैद्धान्तिक परीक्षाका लागि आधार तथा अङ्कभार ........ १७७
३६. प्रयोगात्मक परीक्षाका लागि आधार तथा अङ्कभार ........ १७८
३७. मूल्याङ्कन प्रक्रिया र समय तालिका ........ 180
३८. विद्यार्थी मूल्याङ्कनको लागि अक्षराङ्कन पद्धति ........ १८१
३९. कक्षा अनुसार विषय क्षेत्रगत पाठ्यभार र मूल्याङ्कन अङ्कभार ........ १८१
परिच्छेद–चार ........ १८३
स्थानीय पाठ्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन ........ १८३
४१. पाठ्यक्रम कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन ........ १८३
४अनुगमन तथा मूल्याङ्कन विधि र प्रक्रिया २. ........ १८३
४३. अनुगमन तथा मूल्याङ्कन गर्ने सङरचनात्मक ढाँचा ........ १८४
अनुसूचीहरु ........ १८५

## परिच्छेद–एक

## स्थानीय पाठ्यक्रम विकासको परिचय

### १.१ परिचय

वर्तमान शताब्दीको पाठ्यक्रममा विश्व बजारमा बिक्न सक्ने, विश्लेषणात्मक, चिन्तन र प्रवर्तन गर्ने, सूचना सञ्चार र प्रविधिको सिपमा दख्खल भएको, उपलब्ध श्रोतसाधनको न्यायोचित उपयोग गर्ने, सिप विकास गर्ने सक्षमताहरु समावेश भएको हुनुपर्ने भन्ने मान्यता रहेको छ। आफ्नो दायित्व बोध गर्ने, तथ्य, कारण र परिणामका बारे जानकारी लिन सक्ने, जनशक्ति उत्पादनमा जोड दिनुपर्ने कुरा उल्लेख गरिएको छ। खोजी गर्न सिकाउने, जिज्ञासु बनाउने प्रकारको विद्यालयको आवश्यकता यस शताब्दीले मागेको छ। समस्या समाधान, खोज तथा अनुसन्धानमा आधारित शिक्षणलाई सिकाइको मुख्य विधि यस शताब्दीले मानेको छ। सिकाइ क्रियाकलापहरु विद्यालयमा मात्र सीमित नभई स्थानीयस्तर देखि विश्वव्यापीस्तरसम्म हुनुपर्ने मान्यता रहेकोछ।

पाठ्यक्रमको प्रभावकारिता शिक्षणशैलीमा निर्भर हुने गर्दछ। पाठ्यक्रम समग्र सिकाइको Roadmap हो जसमा ज्ञान र सिपलाई सन्तुलित रुपमा प्रस्तुत गरिएको हुन्छ। यस शताब्दीको पाठ्यक्रममा मुख्य विषयको व्यवस्था भएको हुन्छ। अन्तरसम्बन्धित विषयवस्तु भएको सक्षमतामा आधारित सिप भएको, खोज तथा समस्या समाधानमा आधारित विधि भएको, प्रवर्तनात्मक शिक्षण विधि भएको, उच्च तहको चिन्तन सिप विकास गर्ने विषयवस्तु भएको, सामुदायिक श्रोतसाधनको उपयोग गर्ने सिप लगायत नैतिकवान, श्रमप्रति लगाव भएको, आत्मनिर्भर हुने काम खोज्ने नभई काम सिर्जना गर्ने नागरिक तयार गर्ने लक्ष्य सहितको पाठ्यक्रम नै यस शताब्दीको परिकल्पना हो। विश्व नागरिक तयार गर्ने, तत्परता, उद्यमशील क्षमताको विकास गर्ने, विश्लेषण, संश्लेषण, समालोचनात्मक मूल्याङ्कन गरी ज्ञानको विस्तार गर्नसक्ने सिपहरुको विकास समकालीन विद्यालय शिक्षाको पाठ्यक्रमले गर्नुपर्छ।

### १.२ विद्यालय शिक्षाको राष्ट्रिय उद्वेश्य

विद्यालय शिक्षाको समग्र दृष्टिकोण समाजवादउन्मुख सामाजिक न्यायमा आधारित समृद्ब राष्ट्र निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्नु रहेको छ। विद्यालय शिक्षाको लागि स्थानीय पाठ्यक्रमले शिक्षाको स्थानीय आवश्यकता र उद्वेश्य मात्र पुरा गराउँदा राष्ट्रिय उद्वेश्य समेत पुरा गर्न सहयोग पुर्याउछ। अतः नेपालको विद्यालय शिक्षाको राष्ट्रिय उद्वेश्यहरु निम्नानुसार रहेका छन्।

१ प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा र व्यक्तित्व विकासका सम्भावनालाई प्रस्फुटित गर्न सहयोग गर्ने

२ प्रत्येक व्यक्तिमा निहित सार्वभौम मानवीय मूल्यका साथै राष्ट्रिय संस्कृति र अस्मिता, सामाजिक मान्यता र आस्थाहरुको सम्वर्धन गरी जीवन्त अनुभवहरु समेट्दै स्वस्थ सामाजिक तथा सामुहिक जीवन पद्धतिको विकास गर्न चरित्रवान एवम् नैतिकवान नागरिक तयार गर्ने

३ स्थानीय र राष्ट्रिय स्तरका पेशा व्यवसाय एवं रोजगारीका साथै आवश्यकता अनुसार अन्तर्राष्ट्रिय रोजगारी तर्फ उन्मुख उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गर्न सहयोग गर्ने

४ व्यक्तिको सामाजिकरणमा सहयोग गर्दै सामाजिक एकतालाई सुदृढ बनाउने

५ समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणका निम्ति मानव संसाधनको विकास गर्ने

६ प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण र सदुपयोग गर्न सहयोग गर्दै पर्यटन प्रवर्द्धनमा सहयोग गर्ने नागरिक तयार गर्ने

७ सामाजिक समानता र न्याय बारे चिन्तन गर्दै तदनुरुपको आचरण विकास गर्ने र समावेशी समाज निर्माणमा मद्दत गर्ने

८ स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश अनुकूल शान्ति मैत्री सद्भभाव, सहिष्णुता र विश्व बन्धुत्वको भावना विकास गरी तदनुरुपको आचरण गर्ने गराउने र हरेक प्रकारका द्वन्द्व व्यवस्थापनका लागि सक्षम नागरिक तयार गर्ने

९ आधुनिक सूचना प्रविधिसँग परिचित भई त्यसको प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने
१० राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, मानव अधिकारप्रति सम्मान गर्ने, समालोचनात्मक तथा रचनात्मक सोच भएका मितव्ययी, स्वाभिमानी तथा अरुलाई सम्मान गर्ने र आफू नेपाली भएकामा गौरव गर्ने नागरिक तयार गर्ने
११ नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्टहरुको संरक्षण, सम्वर्धन र विस्तार तर्फ अभिप्रेरित नागरिक तयार गर्न मद्धत गर्ने
१२ प्राकृतिक एवं दैवी प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण गर्न सक्षम नागरिक तयार गर्ने

माथि उल्लेखित विद्यालय शिक्षाको राष्ट्रिय उद्धेश्यहरु हासिल गर्न सहयोग पुग्ने गरी राष्ट्रिय पाठ्यक्रम र स्थानीय पाठ्यक्रम निर्माण गरी विद्यालयमा लागु गर्नुपर्ने हुन्छ । साथै राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय आवश्यकता एवं विशिष्टतालाई सम्बोधन गर्न स्थानीय पाठ्यक्रमको अपरिहार्यता रहन गई स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न गराउन विभिन्न नीतिगत व्यवस्था निर्माण गरी सो अनुसार विद्यालय शिक्षामा स्थानीय पाठ्यक्रम निर्माण गरी लागु हुँदै आएको छ ।

### १.२.१ प्रारम्भिक बालविकास र शिक्षाका सक्षमताहरु

१ सर्वाङ्गीण विकासका क्रियाकलापमा सम्लग्नता
२ पोषणयुक्त खाना र स्वस्थ्यकर बानी विकास
३ वैयक्तिक सुरक्षाका उपायहरु अवलम्वन
४ सरसफाइ र सामाजिक बानी व्यवहारको अवलम्बन
५ सिर्जनात्मक सोचको विकास
६ भाषिक तथा सञ्चार सिपको विकास

### १.२.२ आधारभूत तह (कक्षा १–८) का सक्षमताहरु

आधारभूत शिक्षाले विद्यार्थी केन्द्रित शिक्षाका माध्यमद्वारा बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गर्नुपर्दछ । यसको मूल उद्धेश्य राष्ट्रप्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र सम्वर्धन गर्ने, अधिकार र कर्तव्यको पालना सहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य र मान्यता अनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्नु हो । यस तहको शिक्षा ग्रहण गरिसकेका बालबालिकाहरु आफ्ना विचार आदानप्रदान एवम् दैनिक जीवनमा आइपर्ने व्यवहारिक समस्या समाधान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका स्वास्थ्यप्रति सचेत र नैतिकवान् हुने छन् । आधारभूत शिक्षाका सक्षमता देहाय बमोजिम हुने छन्

१ देशप्रेम राष्ट्रिय एकताको भावनाबाट ओतप्रोत एवम् लोकतान्त्रिक मूल्य मान्यता र संस्कारको विकास व्यवहारमा प्रदर्शन
२ भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग
३ सूचना र विचारको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग
४ तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप एवं अभिवृत्ति विकास र प्रयोग
५ वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग
६ मानवमूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजग
७ जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग
८ शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनपयोगी सिपको विकास
९ स्थानीय, आधुनिक पेसा व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिपको प्रयोग

१० नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा सम्वर्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग

११ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्वबन्धुत्व र सहअस्तित्व बोध तथा स्वीकार

१२ दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरुको पहिचान विश्लेषण तथा समाधान

**क) आधारभूत शिक्षा (कक्षा १–३) को सक्षमताहरु**

आधारभूत शिक्षा (कक्षा १–३) को उद्धेश्य बालबालिकालाई औपचारिक शिक्षासँग परिचित गराउने र आधारभूत साक्षारता गणितीय ज्ञान र सिप तथा जीवनपयोगी सिपहरुका साथै व्यक्तिगत स्वास्थ्य तथा सरसफाइ सम्बन्धी बानीको विकास गर्ने अवसर प्रदान गर्ने हुनेछ । उनीहरु आफू रहेको प्राकृतिक तथा सामाजिक वातावरणसँग परिचित र सचेत हुनेछन् । यस तहको पाठ्यक्रम बालबालिकाको उमेरगत क्षमता एवम् रुचिलाई ध्यान दिई एकीकृत सिद्घान्त अनुसार विकास गरिनेछ । आधारभूत शिक्षा (कक्षा १–३) का सक्षमता देहायबमोजिम हुने छन्

१ आधारभूत भाषिक तथा सञ्चार सिपको विकास र प्रयोग

२ आधारभूत गणितीय अवधारणा र सिपको विकास र प्रयोग

३ अनुशासन, सदाचार र स्वालम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास

४ विज्ञान, वातावरण, सूचना प्रविधि सम्बन्धी आधारभूत ज्ञानको विकास

५ शारीरिक तन्दुरुस्ती स्वस्थकर बानी र जीवनपयोगी सिपको विकास

६ कला तथा सौन्दर्यप्रति अभिरुचि र सिर्जनात्मकताको विकास

७ आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति क्षेत्रप्रति सम्मान र समभावको विकास

**ख) आधारभूत शिक्षा (कक्षा ४–५) का सक्षमताहरु**

१ देशप्रेमको भावना एवम् लोकतान्त्रिक मूल्य मान्यता र संस्कारको विकास

२ आधारभूत भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक प्रयोग

३ आधारभूत गणितीय अवधारणा र सिपको विकास र प्रयोग

४ नैतिकता, अनुशासन, सदाचार र स्वालम्बन जस्ता सामाजिक मूल्य मान्यता एवम् चारित्रिक गुणको विकास

५ विज्ञान, वातावरण, सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञान र सिपको विकास

६ शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी, सरसफाइ र जीवनपयोगी सिप तथा व्यावहारकुशल सिपको विकास

७ कला तथा सौन्दर्यप्रति अभिरुची सिर्जनात्मकता र समालोचनात्मक सिपको विकास

८ आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति क्षेत्रप्रति सम्मान र सदभावको विकास

**ग) आधारभूत शिक्षा (कक्षा ६–८)**

१ देशप्रेम एवम् राष्ट्रिय एकताको भावनाको विकास

२ लोकतान्त्रिक मूल्य, मान्यता र संस्कारको विकास र विविधताप्रति सम्मान

३ भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग

४ सूचना र विचारहरुको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग

५ तार्किक तथा व्यवहारिक गणितीय, ज्ञान, सिप र अभिवृत्तिको विकास र प्रयोग

६ वैज्ञानिक अवधारणा, तथ्य, सिद्घान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग

७ नैतिकता, अनुशासन, सदाचार, स्वावलम्बन जस्ता सामाजिक र मानवमूल्य मान्यता एवम् चारित्रिक नागरिक गुणको विकास

८ जनसङ्ख्या, वातावरण, संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध एवम् व्यवस्थापनमा सहयोग
९ शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनपयोगी सिप विकास
१० स्थानीय र आधुनिक पेसा, व्यवसाय र प्रविधि र श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिपको प्रयोग
११ नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा सम्वर्धन एवम् सिर्जनशीलताको प्रयोग
१२ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सामाजिक तथा भौगोलिक परिवेशसँग परिचित भई विविधता, सद्भाव र सहअस्तित्व बोध तथा स्वीकार
१३ दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरुको पहिचान, विश्लेषण तथा समाधान

## १.३ विद्यालय शिक्षाको तहगत सङरचना र उमेर

नेपालमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले विद्यालय शिक्षालाई मूलतः आधारभूत र माध्यमिक गरी दुई तहमा विभाजन गरेको छ। ४ वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने व्यवस्था छ। आधारभूत तहको कक्षा १ मा प्रवेश गर्नुपूर्व १ वर्षको प्रारम्भिक बालविकासको शिक्षा हुने व्यवस्था गरेको छ जुन कक्षा १ मा प्रवेशका लागि तयार पार्नु हुनेछ भने विद्यालय शिक्षाको कक्षा १ देखि ८ सम्म गरी ८ वर्षको आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्मको ४ वर्षे अवधिको माध्यमिक शिक्षा कायम गरिएको छ। तथापि माध्यमिक शिक्षा पनि साधारण प्राविधिक तथा व्यवसायिक र परम्परागत गरी ३ धारको हुने व्यवस्था छ। माध्यमिक शिक्षाको प्राविधिक तथा व्यवसायिक धारतर्फ थप १ वर्षको व्यवहारिक अभ्यास समेटिने छ। सिकारुको उमेर सिकाइ क्षमतास्तर तथा बालमनोविज्ञान समेतलाई आधार मानी विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना निम्नानुसार निर्धारण गरिएको छ।

**विद्यायलय शिक्षाको तहगत र कक्षागत संरचना**

| विद्यालयको तह | कक्षा | उमेर समुह | सिकाइ क्षमतास्तर |
|---|---|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षा | प्रारम्भिक बालविकास तथा शिक्षा (इसिडि) | ४ वर्ष | |
| आधारभूत तह | कक्षा १–३ | ५–७ वर्ष | तह १ |
| | कक्षा ४–५ | ८–९ वर्ष | तह २ |
| | कक्षा ६–८ | १०–१२ वर्ष | तह ३ |
| माध्यमिक तह | कक्षा ९–१० | १३–१४ वर्ष | तह ४ |
| | कक्षा ११–१२ | १५–१६ वर्ष | तह ५ |

स्रोतः आधारभूत तह (कक्षा १–३) को पाठ्यक्रम २०७६

## १.४ विद्यालय शिक्षाको पाठ्यक्रम सङरचना र स्थानीय पाठ्यक्रम

नेपालमा विद्यमान विद्यालय तहको पाठ्यक्रम संरचनालाई केलाउदा निम्नानुसार रहेको पाइन्छ।

### १.४.१ प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना

प्रारम्भिक बालबिकास र शिक्षा पाठ्यक्रमको मुख्य लक्ष्य बालबालिकाको सर्वाङ्गीण विकास गर्नु र उनीहरुलाई सिकाइप्रति प्रेरित गरी सिकाइका लागि आधारशिला खडा गर्नु हुनेछ। यो बालबिकास र शिक्षाको पाठ्यक्रमले विशेष गरी बालबालिकाको उमेरगत विकासात्मक पक्षलाई ध्यान

दिई एकीकृत सिद्धान्त अनुसार विकास गरिने छ । प्रारम्भिक उमेर समुहका बालबालिकामा विकासात्मक उपलब्धिहरु देहाय बमोजिमको पाठ्यक्रम ढाँचा अवलम्बन गरेको छः

| क्र. सं. | विषयका क्षेत्रहरु | सिपहरु | वार्षिक समय (घण्टामा) |
|---|---|---|---|
| १ | आधारभूत सिप सिकाइका क्षेत्र | (क) शारीरिक सिप<br>(ख) संवेगात्मक सिप<br>(ग) सामाजिक, सांस्कृतिक र नैतिक सिप<br>(घ) बौद्धिक तथा मानसिक सिप<br>(ङ) स्वास्थ्य, पोषण र वातावरण सिप<br>(च) सिर्जनात्मक सिप | ३८४ घण्टा |
| २ | विषयगत सिप सिकाइका क्षेत्र | (क) भाषिक सिप<br>(ख) पूर्वगणितीय सिप<br>(ग) दृश्यकला, कार्यतरिका र सिर्जनशिलता<br>(घ) वरपरको वातावरण<br>(ङ) सामाजिक सिप | १९२ घण्टा |
| माथि उल्लेखित सिपहरु र समय बाहेक मनोरञ्जन क्रियाकलपा बाह्य खेल र आराम गर्ने समय गरी कम्तिमा दैनिक १ घण्टाका दरले वर्षभरिमा २५६ घण्टा वार्षिक समय थप हुनसक्ने छ । | | | |

### १.४.२ आधारभूत शिक्षाको पाठ्यक्रम संरचना

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार नेपालमा आधारभूत शिक्षाको कक्षा १–८ सम्मको पाठ्यक्रम संरचना निम्नानुसार हुने व्यवस्था गरेको छः

१ आधारभूत शिक्षा (कक्षा १–३)
२ आधारभूत शिक्षा (कक्षा ४–५)
३ आधारभूत शिक्षा (कक्षा ६–८)

**१ आधारभूत शिक्षा (कक्षा १–३)**

आधारभूत शिक्षा (कक्षा १–३) मा एकीकृत पाठ्यक्रम निर्माण गरी नेपालमा शुरु गरिएको छ । सिकाइका विभिन्न क्षेत्रहरु पहिचान गरी विषय सिकाइका आधारमा बहुविषयात्मक तथा अन्तरविषयगत ढाँचामा कक्षा १–३ को पाठ्यक्रम आधारित छ। जस अनुसार एकीकृत विषयक्षेत्रहरुले समेट्न नसकेका सिकाइ उपलब्धिहरुलाई समेट्ने गरी विषयगत सिकाइ क्षेत्रहरु समेत रहन सक्ने व्यवस्था गरिएको छ । भाषागत विषयसँग सम्बन्धित विषय क्षेत्रहरु पठनपाठन सम्बन्धित भाषामा नै गर्नुपर्ने प्रावधान छ । यस्तो पाठ्यक्रम क्रियाकलापमुखी हुनेछ । यसले विद्यार्थीहरुमा विषयवस्तुको ज्ञानका साथै विभिन्न किसिमका सिपको विकासमा जोड दिने छ । यस तहमा बालबालिकाहरुले आफ्नो मातृभाषामा सिक्ने अवसर प्राप्त गर्ने छन् । आधारभूत तह (कक्षा १–३) मा विद्यार्थीहरुलाई भाषा, गणित, विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा, सामाजिक अध्ययन, सिर्जनात्मक कला, मातृभाषा तथा स्थानीय विषयका सिकाइ क्षेत्रहरु प्रदान गरिने छ । अतः एकीकृत सिद्धान्त अनुसार विषय सम्बन्धी क्रियाकलाप पाठ्यघण्टा र वार्षिक कार्यघण्टा निम्नानुसार हरेको छः

| क्र. सं. | विषयसम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा | विषय पूर्णाङ्क |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | भाषिक सिप विकास सम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० | १०० |
| २ | भाषिक सिप विकास सम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ | १०० |
| ३ | गणितीय सिप विकास सम्बन्धी क्रियाकलाप | ४ | १२८ | १०० |
| ४ | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा सम्बन्धी क्रियाकलाप | ४ | १२८ | १०० |
| ५ | सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कला सम्बन्धी क्रियाकलाप | ४ | १२८ | १०० |
| ६ | मातृभाषिक सिप/स्थानीय विषयवस्तु सम्बन्धी क्रियाकलाप | ५ | १६० | १०० |
| | **जम्मा** | **२६** | **८३२** | **६००** |
| विद्यालय पठनपाठनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा (Credit Hour) मानिएको छ। | | | | |

## २ आधारभूत शिक्षा (कक्षा ४–५)

आधारभूत शिक्षा (कक्षा ४–५) मा विद्यार्थीहरुलाई भाषा, गणित, विज्ञान तथा प्रविधि, सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा, स्वास्थ्य शारीरिक तथा सिर्जनात्मक कला, मातृभाषा तथा स्थानीय विषयका सिकाइ क्षेत्रहरु किटान गरी प्रदान गरिएको छ। यस तहको पाठ्यक्रम धेरै बोझिलो नहुनेगरी विकास गरिएको छ। यस तहमा बालबालिकाहरुले आफ्नो मातृभाषामा सिक्ने अवसर प्राप्त गर्नेगरी व्यवस्था गरिएको छ। यस तहमा रहने विषय पाठ्यघण्टा, क्रेडिट आवर र वार्षिक कार्यघण्टा निम्नानुसार कायम गरिएको छः

| क्र. सं. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा | विषय पूर्णाङ्क |
|---|---|---|---|---|
| १ | नेपाली | ५ | १६० | १०० |
| २ | अङ्ग्रेजी | ५ | १६० | १०० |
| ३ | गणित | ५ | १६० | १०० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० | १०० |
| ५ | सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा | ५ | १६० | १०० |
| ६ | स्वास्थ्य शारीरिक तथा सिर्जनात्मक शिक्षा | ३ | ९६ | १०० |
| ७ | मातृभाषा स्थानीय विषय | ४ | १२८ | १०० |
| | **जम्मा** | **३२** | **१०२४** | **७००** |

## ३ आधारभूत शिक्षा (कक्षा ६–८)

आधारभूत शिक्षा (कक्षा ६–८) मा विद्यार्थीहरुलाई भाषा, गणित, विज्ञान तथा प्रविधि, सामाजिक तथा मानवमूल्य, वातावरण, जनसंख्या, स्वास्थ्य, शारीरिक र स्थानीय विषयका सिकाइ क्षेत्रहरु नै समावेश गरिएको छ। स्थानीय आवश्यकतामा आधारित अध्ययन अन्तर्गत विद्यार्थीहरुलाई मातृभाषा वा स्थानीय कला, संस्कृति, सिप इत्यादिमा आधारित विषयवस्तु समावेश गर्न सकिने छ। साधारण जीवनका लागि आवश्यक अन्तरवैयक्तिक सिपहरु, स्वचेतना सिपहरु, समालोचनात्मक तथा सिर्जनात्मक सोचाइका सिपहरु, निर्णय गर्ने सिपहरु, सूचना प्रविधि सम्बन्धी सिपहरु र द्वन्द्व तथा तनाव व्यवस्थापन सम्बन्धी सिपहरु एकीकृत गरी पाठ्यक्रम विकास गरी कार्यान्वयन गरिएको छ। नेपालमा आधारभूत शिक्षा (कक्षा ६–८) लाई पनि साधारण संस्कृत/गुरुकुल/वेद विद्याश्रम र गोन्पा तथा विहार/मदर्सा गरी ३ प्रकारको

शिक्षा सञ्चालनमा रहेको पाइन्छ । उक्त तीन प्रकारका शिक्षाहरुलाई व्यवस्थित गरिएको पाठ्यक्रमको विषयगत संरचना निम्नानुसार रहेको छः

**क) आधारभूत शिक्षा (कक्षा ६–८)**

| क्र. सं. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा | विषय पूर्णाङ्क |
|---|---|---|---|---|
| १ | नेपाली | ५ | १६० | १०० |
| २ | अङ्ग्रेजी | ५ | १६० | १०० |
| ३ | गणित | ५ | १६० | १०० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० | १०० |
| ५ | सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा | ५ | १६० | १०० |
| ६ | स्वास्थ्य शारीरिक तथा सिर्जनात्मक शिक्षा | ३ | ९६ | १०० |
| ७ | मातृभाषा स्थानीय विषय | ४ | १२८ | १०० |
| | **जम्मा** | **३२** | **१०२४** | **७००** |

स्थानीय विषय अन्तर्गत मातृभाषा, स्थानीय कला, संस्कृति, ज्ञान, सिप, प्रविधि, पेसा तथा व्यवसाय सम्बन्धी विषयवस्तुलाई समेत समेटी पठनपाठन गर्न सकिने छ ।

**ख) संस्कृत/गूरुकुल/वेद विद्याश्रम शिक्षा (कक्षा ६–८)**

| क्र. सं. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा | विषय पूर्णाङ्क |
|---|---|---|---|---|
| १ | नेपाली | ५ | १६० | १०० |
| २ | अङ्ग्रेजी/संस्कृत रचना | ५ | १६० | १०० |
| ३ | गणित | ५ | १६० | १०० |
| ४ | विज्ञान तथा प्रविधि/संस्कृत व्याकरण | ५ | १६० | १०० |
| ५ | सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा/कर्मकाण्ड | ५ | १६० | १०० |
| ६ | वेद वा नीति शास्त्र | ४ | १२८ | १०० |
| ७ | संस्कृत भाषा | ३ | ९६ | १०० |
| | **जम्मा** | **३२** | **१०२४** | **७००** |

सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा विषयलाई संस्कृत शिक्षा विषयको विषयवस्तुलाई समेत अनुकुल गरी सम्बन्धित भाषामा नै पठनपाठन गर्न सकिने छ ।

**ग) गोन्पा तथा विहार मदर्सा शिक्षा (कक्षा ६–८)**

| क्र. सं. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा | विषय पूर्णाङ्क |
|---|---|---|---|---|
| १ | नेपाली | ५ | १६० | १०० |
| २ | अङ्ग्रेजी | ५ | १६० | १०० |
| ३ | गणित | ५ | १६० | १०० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० | १०० |

| | | | | |
|---|---|---|---|---|
| ५ | सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा | ५ | १६० | १०० |
| ६ | भोट भाषा वा पाली भाषा वा संस्कृत वा अन्य भाषा वा उर्दु भाषा | ४ | १२८ | १०० |
| ७ | स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य | ३ | ९६ | १०० |
| | **जम्मा** | **३२** | **१०२४** | **७००** |
| सामाजिक अध्ययन विषयलाई सम्बन्धित परम्परागत शिक्षा विषयको विषयवस्तुलाई समेत अनुकुल गरी सम्बन्धित भाषामा नै पठनपाठन गर्न सकिने छ। | | | | |

## १.५ स्थानीय पाठ्यक्रम निर्माणको नीतिगत एवम् कानुनी व्यवस्था

नेपालको समकालीन समाजको गतिशीलतालाई सम्बोधन गर्नका लागि सक्षम, प्रतिस्पर्धी, प्रविधिउन्मुख, अधिकार र कर्तव्यप्रति सचेत नागरिक तयार गर्नका लागि नेपालको विद्यालय शिक्षा (कक्षा १–१२) को पाठ्यक्रमलाई सामयिक रुपमा परिवर्तन, परिमार्जन र विकासका लागि विभिन्न समयमा विभिन्न नीतिगत एवं कानुनी योजनागत र कार्यक्रमगत रुपमा व्यवस्था गरिएको छ। सोही विभिन्न नीतिगत व्यवस्था अनुसार स्थानीय पाठ्यक्रमको महत्व, मर्म र उपयोगितालाई प्रष्ट्याउने क्रममा विभिन्न शैक्षिक दस्तावेजहरुमा भएका प्रावधानहरुलाई यहाँ उजाँगर गरिएको छ। हाल नेपालमा कार्यान्वयनमा रहेका शैक्षिक नीतिहरुमा स्थानीय पाठ्यक्रमका बारेमा निम्नानुसार उल्लेख गरिएको छः

### १.५.१ नेपालको संविधान

नेपालको संविधान २०७२ को भाग ३ धारा ३२ मा व्यवस्था भएको मौलिक हक र कर्तव्य अन्तर्गत उपधारा (१) मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुनेछ भने उपधारा (२) मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुने हक हुनेछ र उपधारा (३) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपी, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको सम्वर्धन र संरक्षण गर्ने हक हुनेछ भन्ने प्रावधान रहेकोछ। नेपालको संविधान २०७२ को भाग ४ धारा (५१) को ज (१) मा राज्यका नीतिहरु अन्तर्गत नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने तथ्य उल्लेख गरिएको छ।

अतः संविधानको यो प्रावधानलाई व्यवहारत कार्यान्वयनमा ल्याउनका लागि स्थानीय पाठ्यक्रम मार्फत समाजमा रहेका भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदालाई जगेर्ना गर्ने खालको आवश्यक ज्ञान, सिप र प्रविधि विद्यार्थीलाई दिन वा सिकाउन जरुरी रहन्छ। त्यसैले यसका लागि विद्यालय शिक्षामा स्थानीय पाठ्यक्रमको विकास गरी प्रभावकारी कार्यान्वयन नै एक भरपर्दो माध्यम रहेको छ।

### १.५.२ पन्ध्रौं पञ्चवर्षीय योजनाको आधारपत्र (२०७६/०७७–२०७८०/०८१)

पन्ध्रौं योजनाले राखेका उद्वेश्यहरु प्राप्तिका लागि मानव संसाधन, पूर्वाधार तथा प्राविधिक विकास र जीवनपयोगी ज्ञान र सिपमा आधारित पाठ्यक्रम मार्फत सबै तहको शिक्षामा गुणस्तर सुनिश्चित गर्ने रणनीति लिइएको छ। यसका लागि विद्यालय शिक्षाको पाठ्यक्रम र पाठ्यपुस्तक समयानुकूल परिमार्जन गर्नुका साथै आधारभूत तहको कक्षा १ देखि ३ सम्मको लागि एकीकृत पाठ्यक्रम कार्यान्वयन गर्दै आधारभूत तहको शिक्षण सिकाइका लागि आवश्यकता अनुसार माध्यम भाषाको रुपमा मातृभाषा वा स्थानीय भाषा वा नेपाली भाषा प्रयोग गर्ने व्यवस्था मिलाई

सङ्घीय तहबाट तोकिएको मापदण्ड बमोजिम विद्यालय तहको स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री स्थानीय तहबाट विकास गर्ने गरी स्थानीय तहको क्षमता विकास गरिनेछ भन्ने कार्यनीति तय गरिएको छ।

### १.५.३ स्थानीय सरकार सञ्चालन ऐन २०७४

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) (४) मा मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन सम्बन्धी व्यवस्था गरी स्थानीय पाठ्यक्रमको कार्यान्वयन अवस्थालाई सङ्केत गरेको छ। उक्त ऐनको दफा (ज) (१८) मा स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण गर्ने कुरा उल्लेख गरिएको छ।

### १.५.४ विद्यालय शिक्षा क्षेत्रको १० वर्षे योजना (२०२१–२०३०)

शिक्षाको यो १० वर्षीय योजनाले पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई सम्मृद्ध नेपाल निर्माणका लागि सक्षम सिर्जनशील तथा प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्नु र पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्व परिवेश अनुसार सिकारुमा ज्ञान, सिप तथा व्यवहार विकासमा सहजीकरण गर्नु जस्ता उद्बेश्यलाई परिपूर्ति गर्न निम्न रणनीतिहरुलाई आत्मसाथ गरिएको छः

१ ज्ञानमा आधारित समाज, सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोग एवम् शैक्षिक, सामाजिक, सांस्कृतिक, राजनैतिक, आर्थिक परिवर्तन र विश्वपरिवेश समेतका आधारमा पाठ्यक्रमलाई समसामयिक सान्दर्भिक र व्यावहारिक बनाउँदै लगिनेछ।

२ राष्ट्रिय पाठ्यक्रम प्रारुपले निर्दिष्ट गरे अनुसार प्रदेश तथा स्थानीय सरकारको विद्यालय तहको पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्न अत्यावश्यक सक्षमता विकास गरी जिम्मेवार बनाइनेछ।

३ पाठ्यक्रम विकास तथा कार्यान्वयनमा सम्बद्ध सरोकारवालाहरु, अभिभावक, शिक्षक, विद्यार्थी, समाजसेवी, विद्यालय व्यवस्थापन पदाधिकारी, बुद्धिजीवी, शिक्षाप्रेमी, परम्परागत ज्ञान र सिपका ज्ञाता तथा अनुसन्धेता आदिको सहभागिता र भूमिका वृद्धि गरिनेछ।

४ बालबालिकाको सिकाइलाई माध्यम भाषाका कारण अवरोध नहुने गरी माध्यम भाषा छनोट गरिने छ। यसका लागि विशेषतः प्रारम्भिक कक्षाहरुमा सिकाइ सहजीकरणका लागि आवश्यकता अनुसार मातृ भाषा, स्थानीय भाषा, बहुभाषा प्रयोगलाई प्राथमिकता दिइनेछ।

५ स्थानीय मातृ भाषाको पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास र प्रयोगलाई व्यवस्थित गर्न स्थानीय सरकार तथा विद्यालयको सक्षमता विकास गरी जिम्मेवार र जवाफदेही बनाइनेछ र भाषा आयोगको परामर्शमा मानकीकरण शब्दकोष निर्माण तथा लेख्य परम्पराको विकास गर्दै मातृभाषाको प्रयोगलाई थप व्यवस्थित गरिनेछ।

६ मातृ भाषामा पाठ्यसामग्री विकास तथा प्रयोगका लागि स्थानीय सरकारलाई सक्षम र जिम्मेवार बनाई यसको प्रयोगलाई प्रभावकारी बनाईनेछ।

७ स्थानीय सरकारमा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि आवश्यक संरचना विकास गरी समन्वयात्मक अनुगमन तथा पृष्ठपोषण कार्यलाई व्यवस्थित गरिनेछ।

### १.५.५ विद्यालय शिक्षाको राष्ट्रिय प्राठ्यक्रम प्रारुप २०७६

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले स्पष्ट रुपमा स्थानीय पाठ्यक्रमका लागि कक्षा १–३ का लागि ५ पाठ्यघण्टा अर्थात् वार्षिक १६० घण्टा र कक्षा ४–८ का लागि ४ पाठ्यघण्टा अर्थात् वार्षिक १२८ घण्टा समय निर्धारण गरिएको छ। उक्त प्रारुपमा स्थानीय पाठ्यक्रम सम्बन्धमा निम्नलिखित कुरा उल्लेख गरिएको छः

(क) स्थानीय आवश्यकताको पहिचानमा स्थानीय तहमा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिनेछ।

(ख) राष्ट्रिय पाठ्यक्रमको ढाँचाका आधारमा पाठ्यक्रमको स्थानीय तहमा अनुकूल हुनेगरी स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिनेछ।

(ग) राष्ट्रिय पाठ्यक्रममा आवश्यकता अनुसार विषयवस्तुहरु परिमार्जन तथा सिकाइ उपलब्धिको मापन गर्ने कार्य स्थानीय तहबाट गरिनेछ।

(घ) स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्दा बालकेन्द्रित स्थानीय आवश्यकतामुखी हुनेगरी लचकता प्रदान गरिनेछ।

(ङ) राष्ट्रिय पाठ्यक्रमको संरचना भित्र रही स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनका लागि प्राविधिक तथा व्यवस्थापकीय रुपमा स्थानीय तहलाई सक्षम र जिम्मेवार बनाइनेछ।

(च) स्थानीय पाठ्यक्रम कार्यान्वयन, विद्यालयको वार्षिक कार्यक्रम, कक्षाकोठाको व्यवस्थापन तथा शैक्षणिक विधिका सम्बन्धमा विद्यालयले निर्णय लिनेछ।

(छ) स्थानीय पाठ्यक्रमको स्वीकृति प्रदेश वा स्थानीय तहमा रहने पाठ्यक्रमसम्बद्ध संरचनाबाट हुनेछ।

### १.५.६ आधारभूत तह (कक्षा १–३) को प्राठ्यक्रम २०७६

आधारभूत तह (कक्षा १–३) मा पाठ्यक्रम निर्माण गर्दा निम्नलिखित पक्षहरु समावेश गरिने छः

(क) स्थानीय विषय अन्तर्गत मातृभाषा तथा स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्ने छन्। स्थानीय विषय अन्तर्गत मातृभाषा र स्थानीय विषय समावेश गर्नुपर्ने छ। सिर्जनात्मक सिप विकास सम्बन्धी क्रियाकलापलाई अन्य विषय क्षेत्रका क्रियाकलापहरुसँग पनि सम्बन्धित गराउनुपर्ने छ। स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय विज्ञ, अभिभावक तथा स्थानीय तहको सहयोग र समन्वयमा विकास गरी कार्यान्वयनमा ल्याउने छ। संस्कृत, गुरुकुल गुम्बा/विहार, मदर्सा, किरात, मन्धुम जस्ता परम्परागत शिक्षा पद्धतिका हकमा नेपाली र सामाजिक विषय बाहेक अन्य विषयहरु परम्परागत शिक्षा पद्धति अनुसार अनुकूलन र विकास गरी कार्यान्वयन गरिने छ।

(ख) संस्कृत तथा परम्परागत शिक्षाको प्राम्भिक शिक्षा (कक्षा १–३) लाई एकीकृत सिद्धान्त अनुरुप साधारण शिक्षाकै समकक्षी शिक्षा प्रदान गरिने छ। यस शिक्षामा मातृभाषाका सट्टामा सम्बन्धित भाषा (संस्कृत रचना, भोट भाषा, अरेविक र उर्दू भाषा, किरात, लिम्बु भाषा आदि) पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गरिने छ।

(ग) कक्षा १–३ को कूल पाठ्यभार २६ पाठ्यघण्टा मध्ये ५ पाठ्यभारको मातृभाषा/स्थानीय विषय समावेश गर्नुपर्ने व्यवस्था छ। यस प्रकार स्थानीय पाठ्यक्रमका लागि वार्षिक १६० कार्यघण्टा छुट्टाइएको छ भने यस्तो पाठ्यक्रम निर्माण तथा कार्यान्वयन विद्यालयहरुको समेत सहभागितामा स्थानीय तहले नै गर्नुपर्ने छ।

### १.५.७ आधारभूत तहमा २०७७ देखि कार्यान्वयन हुने पाठ्यक्रममा स्थानीय पाठ्यक्रम

सम्वत् २०७७ देखि कक्षा १ मा कार्यान्वयन प्रारम्भ भई ४ वर्षमा कक्षा १–८ का सबै कक्षामा कार्यान्वयन हुने आधारभूत तहको पाठ्यक्रम अन्तर्गत कक्षा १–३ मा स्थानीय पाठ्यक्रमका लागि साप्ताहिक ५ पाठ्यघण्टा अर्थात् वार्षिक १६० घण्टा छुट्टाइएको छ भने ४–८ कक्षामा स्थानीय पाठ्यक्रमका लागि स्थानीय साप्ताहिक ४ पाठ्यघण्टा अर्थात् वार्षिक १२८ घण्टा छुट्टाइएको छ । कक्षा १–८ को समयावधि मध्ये स्थानीय तहको समन्वयमा विद्यालयले पुरै समय मातृभाषालाई वा केही समय मातृभाषालाई र अन्य समय कुनै अन्य एउटा स्थानीय विषयलाई पनि दिन सक्नेछन् । सामान्यतया कक्षा १–३ मा कम्तिमा २ देखि बढीमा ५ पाठ्यघण्टा तथा कक्षा ४–५ मा कम्तिमा २ देखि बढीमा ४ पाठ्यघण्टा कुनै एक मातृभाषा शिक्षण गर्ने व्यवस्था गर्नु उपयुक्त हुनेछ । कक्षा ६–८ मा भने स्थानीय आवश्यकता तथा मागका आधारमा स्थानीय तहको समन्वयमा विद्यालयले मातृभाषा र अन्य कुनै एक स्थानीय विषय अध्यापन गराउन सक्ने व्यवस्था मिलाउन सकिने छ ।

### १.५.८ राष्ट्रिय शिक्षा नीति २०७६

नेपाल सरकारले बदलिदो सङ्घीय परिवर्तन र परिवेश अनुसार राष्ट्रको समग्र शिक्षा क्षेत्रको मूल मार्गदर्शक नीतिको रुपमा रहने गरी राष्ट्रिय शिक्षा नीति २०७६ जारी गरेको छ । शिक्षालाई राष्ट्रिय विकासको आधारको रुपमा अङ्गीकार गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्वता सहित नीतिगत, संरचनागत, संस्थागत र व्यवहारिक प्रयासहरु निरन्तर अघि बढाएको छ । समाजको सामाजिक, आर्थिक रुपान्तरण गर्ने सङ्कल्प पुरा गर्न शिक्षालाई राष्ट्रिय विकासको महत्वपूर्ण क्षेत्रको रुपमा आत्मसाथ गरिएको छ । शिक्षा नीतिले ज्ञानमा आधारित समाज निर्माण गर्न, व्यक्तिमा बैज्ञानिक चिन्तन र व्यावहार विकास गर्न, विज्ञान तथा प्रविधिलाई शिक्षा प्रणालीमा एकीकरण गर्दै परम्परागत एवं आधुनिक प्रविधिलाई राष्ट्रिय विकासको लागि उपयोग गर्न सक्ने क्षमता विकास गर्नु जस्ता स्थानीय पाठ्यक्रमको महत्व र मर्मलाई उजागँर गरेको छ । स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनका लागि राष्ट्रिय शिक्षा नीति २०७६ ले नीतिगत रुपमा नेपालको भाषिक विविधता, बालबालिकाको रुचि र आवश्यकता अनुसार मातृभाषाको अतिरिक्त मातृभाषामा आधारित बहुभाषिक शिक्षा नेपाली र अङ्ग्रेजी भाषालाई शिक्षणको माध्यम भाषाको रुपमा व्यवस्थापन गर्ने र सोको लागि निम्न कार्यनीति तय गरेको छः

१ मातृभाषाका पाठ्यसामग्री, शिक्षण सामग्री तथा अन्य सामग्रीहरु (विद्युतीय सामग्रीहरु समेत) तयार गरी प्रादेशिक तथा स्थानीय सरोकारवाला तथा विज्ञहरु परिचालन गरी निर्माण, छपाई, वितरण, अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

२ स्थानीय तहद्वारा आफ्नो स्थानको मातृभाषा, लिपि, साहित्य एवं संस्कृति संरक्षण, विकास गरी सो भाषाको पठनपाठन गर्न सक्ने व्यवस्था मिलाइनेछ ।

३ नेपाली भाषाको शिक्षणलाई प्रवर्द्धन गर्दै नेपाली मौलिक कला, संस्कृति, सामाजिक अध्ययन सम्बन्धी विषय नेपाली भाषामा पठनपाठन गरिनेछ तर बहुभाषिक कक्षाकोठामा मातृभाषामा आधारित बहुभाषी शिक्षण पद्घतिलाई प्रोत्साहित गरिनेछ ।

४ मातृभाषाको संरक्षण र सम्बर्द्धन गर्न विद्यालयस्तरीय पाठ्यक्रम तथा पाठ्यसामग्रीमा मातृभाषालाई उचित स्थान दिइनेछ ।

५ नेपालमा मातृभाषामा सञ्चार सामग्री वा श्रव्य दृश्य सामग्री वा शैक्षिक सामग्री विकास गर्न सङ्घ, प्रदेश र स्थानीय तहले विशेष कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था मिलाइनेछ ।

यसरी नेपाल सरकारले सम्वत २०७६ कार्तिक १८ गते स्वीकृत गरी जारी गरेको शिक्षा क्षेत्रको पछिल्लो राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि सिकारुको आफ्नो मौलिक परिवेश, परिस्थिति र प्रचलन, भाषा, धर्म, संस्कृति, वातावरणीय पक्ष आदिलाई समावेश गरी स्थान विशेष

आवश्यकता र स्थानीय विषयवस्तुलाई केन्द्रमा राखी स्थानीय तहले पाठ्यक्रम र पाठ्यपुस्तकहरु निर्माण विकास र वितरण गर्न सक्ने व्यवस्था उल्लेख छ।

## १.६ स्थानीय पाठ्क्रम निर्माणको सैद्धान्तिक आधार

प्राथिमक शिक्षा पाठ्यक्रम २०६२ अनुसार "स्थानीय सरोकारवालाको सहभागितामा स्थानीय आवश्यकता अनुसार विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो" भनेर अर्थ्याइएको छ। त्यसै गरी प्राथमिक तहको पाठ्यक्रम निर्माण निर्देशिकाले स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकता, विषय क्षेत्र, विषयवस्तु, शैक्षणिक व्यवस्था र सामग्रीको निर्माण गरी स्थानीय परिवेशको शिक्षा दिने कुरालाई स्थानीय पाठ्यक्रमको सैद्धान्तिक अवधारणाका रुपमा स्वीकारेको देखिन्छ।

स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन सम्बन्धी स्रोत सामग्री २०६८ अनुसार स्थानीय सरोकारवालाको आवश्यकता चाहना र उनीहरुकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो। स्थानीय ज्ञान, सिप र प्रविधिलाई समेटी तयार पारिएको पाठ्यक्रमलाई नै स्थानीय पाठ्यक्रमको रुपमा लिन सकिन्छ, जसले स्थानीयलाई जोड दिन्छ।

स्थानीय सरोकारवालाले आवश्यकता ठानेको विषयवस्तुलाई उनीहरुकै विज्ञता र सक्रियतामा यथासक्य कम लागतमा तयार गरिएको पाठ्यक्रम हो। राष्ट्रिय पाठ्यक्रम प्रारुप र आधारभूत तह (कक्षा १–३) को पाठ्यक्रम २०७६ मा उल्लेख भए अनुसार स्थानीय पाठ्यक्रमका रुपमा मातृभाषा स्थानीय भाषा, संस्कृति तथा स्थानीय सिप मध्येबाट विषयवस्तु समावेश गर्न सकिने छ। स्थानीय पाठ्यक्रमले समाजका आवश्यकतालाई सम्बोधन, सिकारुलाई सिक्नमा उत्प्रेरित, सिकाइलाई स्थायी र व्यावहारिक बनाउँछ शिक्षक र विद्यार्थी बिच सम्बन्ध विकासमा सहयोग गर्छ र समाज र राष्ट्रप्रति उत्तरदायी र जवाफदेही हुन सिकाउँछ। त्यसै गरी यसले परम्परा, मूल्य र मान्यतालाई जगेर्ना गर्छ। नयाँ सिप प्रविधिलाई अन्तर्राष्ट्रिय बजारसम्म जोड्न सहयोग गर्छ र समुन्नत समृद्ध र आधुनिक नेपाल निर्माणका लागि आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षमा टेवा पुर्याउँछ।

मूलतः सिकारुका लागि स्थानीय आवश्यकता र सन्दर्भमा आधारित विषयवस्तु समावेश गरिनुपर्दछ भन्ने मान्यताका आधारमा स्थानीय पाठ्यक्रमको सैद्धान्तिक अवधारणालाई विश्लेषण गर्न सकिन्छ। स्थानमा आधारित शिक्षाको सिद्धान्तले वातावरण तथा ग्रामीण जनजीवन संरक्षणका लागि समुदायलाई सचेत र सक्रिय बनाउन स्थानीय ज्ञानलाई विद्यार्थीसामु फरक ढङ्गले राख्न स्थानीय पाठ्यक्रम निर्माण हुनुपर्छ भन्ने कुरामा जोड दिन्छ। सामाजिक पुनर्सरचनात्मक सिद्धान्तले स्थानीय पाठ्यक्रम निर्माणमा सामाजिक आवश्कयता, सामाजिक मुद्दा, सामयिक विचार र भविश्यपरक आशा उल्लेख गर्नुपर्ने कुरालाई जोड दिन्छ भन्ने तर्क रहेको छ।
शैक्षिक विकेन्द्रीकरणलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउने एउटा साधनका रुपमा पाठ्यक्रमको स्थानीयकरण प्रारम्भ भएको हो। नेपालको वर्तमान सङ्घीय संरचना अन्तर्गत बनेका स्थानीय सरकारको कार्यस्वरुपले पनि स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको थप आधार तयार गरेको छ। पाठ्यक्रम कार्यान्वयन गर्ने निकाय तथा व्यक्तिको सम्लग्नता र सहभागितामा पाठ्यक्रम पनि विकास गरिनुपर्छ भन्ने मान्यतालाई सैद्धान्तिक रुपमा स्वीकार गरी स्थानीय पाठ्यक्रमको आवश्यकता विकास भएको पाइन्छ। पाठ्यक्रम कार्यान्वयन गर्ने सबैभन्दा महत्वपूर्ण निकाय भनेको विद्यालय र व्यक्ति भनेको शिक्षक हुने भएकोले शिक्षकले विद्यालयमा नै पाठ्यक्रम बनाएर कार्यान्वयनमा ल्याउनुपर्छ भन्ने मान्यताबाट स्थानीय पाठ्यक्रमको अवधारणा विकास भएको हो।

स्थानीय पाठ्यक्रमको अर्को सैद्धान्तिक अवधारणा भनेको पाठ्यक्रम जसका लागि बनाइने हो तिनीहरुको संलग्नता पनि आवश्यक छ भन्ने सर्वव्यापी मान्यता रहेको छ । यस अर्थमा पाठ्यक्रम विद्यार्थीका लागि बनाइने भएकोले उनीहरुको सहभागिता जरुरी देखिन्छ । पाठ्यक्रमबाट उत्पादित जनशक्तिको असर तथा प्रभाव ज-जसलाई पर्छ, पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियामा तिनीहरुको सहभागिता पनि आवश्यक छ भन्ने मान्यता अनुसार यस प्रक्रियामा सम्लग्न व्यक्ति सबैको भूमिका पाठ्यक्रम विकास तथा कार्यन्वयनमा रहनुपर्छ भन्ने सैद्धान्तिक दृष्टिकोणबाट स्थानीय पाठ्यक्रमको अवधारणा विकास भएको देखिन्छ ।

स्थानीय पाठ्यक्रमलाई स्थान विशेषमा आधारित पाठ्यक्रमका रुपमा पनि हेर्न सकिन्छ । यसले विद्यालयको वरिपरि वा निश्चित स्थान वा क्षेत्र (जस्तैः गाउँ, वडा, गाउँ वा नगरपालिका) केन्द्रित भएर त्यहाँका विशेषता तथा आवश्यकतामा आधारित भई पाठ्यक्रम निर्माण गर्न सकिन्छ भन्ने मान्यता रहेको छ । यसमा मूलतः स्थानीय सन्दर्भ तथा साधनको प्रयोग गरेर सिकाइने र स्थानीय सरोकारवालाको सहकार्यमा पाठ्यक्रम निर्माण तथा सिकाइ क्रियाकलाप सञ्चालन गर्ने गरिन्छ । यसमा पाठ्यक्रम तथा सिकाइ क्रियाकलाप स्थानीय बालबालिका र समुदायकै विशिष्ट आवश्यकतामा आधारित हुने गर्दछ । यसबाट स्थानमा आधारित पाठ्यक्रम, स्थानका बारेमा स्थानीयद्वारा र स्थानीयका लागि तयार गरिएको हुन्छ ।

स्थानीय पाठ्यक्रमलाई एउटा अलग्गै विधा वा विषयको रुपमा मात्र नलिई कुनै ज्ञान, सिप सक्षमता तथा अभिवृत्तिलाई विद्यार्थीको जीवन कार्य वा पूर्व अनुभवसँग अन्तरसम्बन्धित गरेर अर्थपूर्ण र सान्दर्भिक बनाउने प्रक्रियाका रुपमा लिने दृष्टिकोण पनि रहेको हुन्छ । पाठ्यक्रमको यस्तो सान्दर्भिकरणले अलग्गै विषयका रुपमा स्थानीय पाठ्यक्रम निर्माण गर्नेभन्दा पनि सिकाइ प्रक्रिया मार्फत विभिन्न विषय वा विषयवस्तुलाई स्थानीय परिवेश, स्थानीय उदाहरण र अनुभवसँग एकाकार गर्नु भन्ने बुझाउँछ । यसरी सान्दर्भिक पाठ्यक्रमका रुपमा स्थानीय पाठ्यक्रमलाई लिन सकिने देखिन्छ ।

राष्ट्रिय पाठ्यक्रमबाट मात्र विविधायुक्त समाजका सबै आवश्यकता पुरा नहुने हुदाँ विविध क्षेत्रका आवश्यकता पुरा गर्ने सैद्धान्तिक आधारणाको आधारमा पनि स्थानीय पाठ्यक्रमको आवश्यकता महसुस गरी यसको प्रावधान राखिएको पाइन्छ । यसका लागि स्थानीय विषयवस्तु, स्थानीय स्रोतसाधन, जनशक्ति आदिको उपयोग हुने भएकोले स्थानीय पाठ्यक्रमको आवश्यकता ठानिएको छ । यसले सबै क्षेत्रको विकासका लागि स्थानीय स्तरमा क्षमता विकास गर्ने पक्षलाई समेत जोड दिइन्छ । स्थानीय पाठ्यक्रमको प्रावधानलाई स्थानीय स्तरमा नै पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने क्षमता विकास गर्न सहयोग पुर्याउँछ भन्ने मान्यता स्थापित गर्न खोजेको देखिन्छ ।
निःशर्त रुपमा स्थानीय पाठ्यक्रम हुनका लागि मुख्य गरी स्थानीय आवश्यकता, स्थानीय विषयवस्तु र स्थानीय सहभागिता र विज्ञता यी तीन पक्षहरुको अनिवार्य रुपमा सम्मिलन हुनुपर्दछ । यसरी कुनै पनि पाठ्यक्रम स्थानीय पाठ्यक्रम अन्तर्गत पर्छ वा पर्दैन भन्ने कुरालाई उल्लेखित तीनवटा सैद्धान्तिक पक्षबाट हेर्न र छुट्टयाउन सकिन्छ । कुनै विषय स्थानीय आवश्यकता हो वा होइन, उक्त विषयमा स्थानीय विषयवस्तु समावेश गरिएका छन् वा छैनन् र उक्त विषयको पाठ्यक्रम तथा अन्य सामग्री विकास र कार्यान्वयन प्रक्रियामा स्थानीय सहभागिता छ छैन भन्ने प्रश्नको उत्तर सकारात्मक आएमा उक्त विषय स्थानीय पाठ्यक्रम मान्न सकिन्छ । यी तीनवटा प्रश्न मध्ये सबै वा कुनै एकको मात्र पनि नकारात्मक उत्तर प्राप्त भएमा उक्त पाठ्यक्रमलाई सैद्धान्तिक रुपमा नै स्थानीय पाठ्यक्रम मान्न वा मान्यता दिन सकिदैन ।

सारमा स्थानीय पाठ्यक्रम निर्माणका मुख्य मान्यताहरु स्थानीय आवश्यकता, स्थानीय विषयवस्तु, स्थानीय तहबाटै र स्थानीय मानवीय भौतिक स्रोतको उपयोगबाट बन्ने, पाठ्यक्रम प्रति आमसरोकारवालाहरुको अपनत्व रहेन, पाठ्यक्रम विकास र कार्यान्वयनमा पहुँच तथा प्रभावकारिता अभिवृद्धि हुने, विद्यालय र समुदायको सम्बन्ध सुदृढ हुने, न्यून मूल्यका सामग्रीको प्रयोग हुने र सरोकारवालाहरुको सक्रिय सहभागिता रहने आदि

विशेषताहरु रहेको हुन्छ । नेपालमा विद्यालय शिक्षाका लागि तयार पारिएको राष्ट्रिय पाठ्यक्रम प्रारुपले उल्लेख गरेका पाठ्यक्रम निर्माणका केही सैद्वान्तिक आधार निम्नानुसार रहेका छन्:

(क) पाठ्यक्रमले बालबालिकाको शारीरिक, बौद्धिक, आध्यात्मिक र सांस्कृतिक पक्षका विकास गर्दै उनीहरुलाई जिम्मेवार बोध गर्ने अवसर हासिल हुने अवस्था सिर्जना गर्ने विश्व बजारमा प्रतिस्पर्धी सञ्चार तथा सूचना प्रविधिको ज्ञान भएका समुहमा काम गर्न सक्ने, हरेक विविधतालाई सम्मान गर्ने र समालोचनात्मक तथा सिर्जनात्मक अभिव्यक्तिको सिप भएका जनशक्ति तयार गर्ने तर्फ केन्द्रित गर्ने

(ख) विद्यार्थीका विविध आवश्यकता र चाहनालाई पुरा गर्न स्थानीयलाई स्थान दिई सान्दर्भिक बनाउन स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रमको विकास गर्ने

(ग) विद्यालयले राष्ट्रिय पाठ्यक्रमको संरचना भित्र रही स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनका लागि प्राविधिक तथा व्यावस्थापकीय रुपमा सहयोग गरी स्थानीय संस्थाको क्षमता विकास गर्ने

अतः स्थानीय पाठ्यक्रम विकास, निर्माण, कार्यान्वयन र मूल्याङ्कनमा राष्ट्रिय पाठ्यक्रमले निर्देशन गरिरहेको हुन्छ । स्थानीय पाठ्यक्रम निर्माणका समयमा देखिएका आवश्यकता एवम् मागलाई राष्ट्रिय पाठ्यक्रम विकासको आधार बनाउन सकिन्छ । यसबाट राष्ट्रिय पाठ्यक्रम र स्थानीय पाठ्यक्रमलाई एकअर्काका परिपूरकको रुपमा बुझ्न सकिन्छ ।

विश्वव्यापी रुपमा सोच्ने र स्थानीय आवश्यकता अनुसार कार्य गर्ने भन्ने अवधारणाको साथसाथै स्थानीय सन्दर्भमा सोच्ने, कार्य गर्ने र समालोचनात्मक हुने मान्यता स्थापित हुनुपर्ने देखिन्छ । व्यवस्थापन क्षेत्रमा पछिल्लो समयमा स्थापित विश्व स्थानीयकरण शब्दले नेपाली सन्दर्भमा महत्व पाउनुपर्ने विद्यमान अवस्था छ । यसले स्थानीय ज्ञान, सिप र प्रविधिलाई जोड्न र विश्वव्यापी ज्ञान, सिप र प्रविधिलाई स्थानीय परिवेशमा प्रयोग हुने गरी सान्दर्भिक बनाउन सहयोग गर्नुपर्दछ भन्ने मान्यता पनि राख्दछ । यसै सन्दर्भमा हेर्दा स्थानीय आवश्कयतालाई ध्यान दिई पाठ्यक्रम विकास गर्ने अवधारणा सुरु भएको मान्न सकिन्छ ।

पाठ्यक्रमको स्थानीयकरणले केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका विषयवस्तु, पक्ष, समावेशिकरण, सहभागिता, निर्णय प्रक्रिया जनअपेक्षा आदिलाई समेट्न सघाउँछ । यसले पाठ्यक्रमलाई समसामयिक, सान्दर्भिक, लचिलो, खुला, सन्तुलित, लोकतान्त्रिक र स्थानीय मूल्य मान्यता अनुरुप बनाउँछ । यसले विद्यालयमा आधारित पाठ्यक्रम निर्माण र कार्यान्वयनमा आदानप्रदान संस्कृतिको विकास गराउँछ । त्यस्तै यसले सरोकारवालाको सक्रिय सहभागिताको अपेक्षा पनि गर्दछ र निर्णय प्रक्रियामा सबै पक्षको अर्थपूर्ण सहभागिता गराउँछ ।
स्थानीय पाठ्यक्रमले परम्परागत ज्ञान, सिप र प्रविधि तथा स्थानीय ज्ञानको उजागर गर्दछ । यसले स्थानीय ज्ञानको खोजी गर्दछ र नविनतम ज्ञान एवम् सिपको विकासमा सहयोग पुर्याउँछ । स्थानीय मूल्य मान्यता, रीतिरिवाज, संस्कार, पेसा, व्यवसाय र प्रविधिको संरक्षण र सम्बर्धनमा सहयोग पुर्याउनुको साथै तिनको हस्तान्तरणमा यसले योगदान पुर्याउँछ । पाठ्यक्रमको स्थानीयकरणले शिक्षकको क्षमता र दक्षता अभिवृद्धि गराउने, विद्यालयको पाठ्यक्रम निर्माण गर्ने संस्थागत क्षमता विकास हुने, समुदाय र विद्यालयको सम्बन्ध सुधार हुने र अभिभावकले समेत पाठ्यक्रम निर्माण र कार्यान्वयनमा चासो राख्ने तथा पाठ्यक्रम निर्माण, कार्यान्वयनदेखि अनुगमन मूल्याङ्कनसम्मका कार्यमा स्थानीय सरोकारवालाको सक्रिय सहभागिता अभिवृद्धि हुन्छ ।

यसरी समष्टिमा भौगोलिक, सामाजिक, सांस्कृतिक, आर्थिक तथा शैक्षिक पक्षमा आधारित पाठ्यक्रम विकास, समाजपरक मूल्य र मान्यतामा आधारित पाठ्यक्रम विकास, जीवनवपयोगी सिपमा आधारित पाठ्यक्रम विकास, रोजगार र स्वरोजगारमा आधारित पाठ्यक्रम विकास, सक्षमतामा आधारित पाठ्यक्रम विकास, बालबालिकाको सर्वाङ्गीण विकासमा आधारित शिक्षा, बालकेन्द्रित क्रियाकलापमा आधारित

पाठ्यक्रम विकास, एकीकृत सिद्धान्तका आधारमा पाठ्यक्रम विकास, समावेशी सिद्धान्तका आधारमा पाठ्यक्रम विकास, स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम विकास, सूचना सञ्चार तथा आधुनिक प्रविधिको उपयोगमा आधारित पाठ्यक्रम विकास, जीवनोपयोगी तथा कार्यप्रति अभिमुख पाठ्यक्रम विकास, सहभागितात्मक पाठ्यक्रम विकास, लचिलोपना, लोकतान्त्रिक र विविधतामा आधारित पाठ्यक्रम विकास, शैक्षिक गुणस्तर मानकको सुनिश्चिततामा आधारित पाठ्यक्रम, विकास, खोज तथा अनुसन्धानमा आधारित पाठ्यक्रम विकास आदि स्थानीय पाठ्यक्रम विकासका महत्वपूर्ण सैद्धान्तिक आधारहरु हुन्।

## १.७ स्थानीय पाठ्यक्रमको औचित्य

स्थानीय स्तरका व्यवसाय, पेसा एवम् रोजगारलाई सम्बोधन गर्दै अन्तर्राष्ट्रिय रोजगारी तर्फ उन्मुख उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गर्नु, नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यको संरक्षण, सम्वर्धन र विस्तारतर्फ अभिप्रेरित नागरिक तयार गर्नु, समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणका निम्ति मानव संसाधनको विकास गर्नु शिक्षाको राष्ट्रिय उद्धेश्य हो। केन्द्रीय तहमा निर्माण गरिने पाठ्यक्रमबाट मात्र सोअनुरुपको उद्धेश्य पुरा गर्न सम्भव नहुन सक्छ। राष्ट्रिय तथा अनतर्राष्ट्रिय परिवेश र सन्दर्भको अध्ययनबाट स्थानीय आवश्यकतालाई सम्बोधन गर्न स्थानीय पाठ्यक्रमको प्रावधान आवश्यक भइसकेको तथ्य विभिन्न अध्ययन तथा प्रतिवेदनले औल्याएका आधारमा पनि स्थानीय पाठ्यक्रमको आवश्यकता र औचित्यता पुष्टि हुन्छ।

स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ अनुसार स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई देहाय बमोजिकका बुँदाहरुले थप स्पष्ट पार्दछन्:

(क) पाठ्यक्रमका माध्यमबाट स्थानीय तहका आवश्यकतालाई सम्बोधन गरी सिकाइलाई व्यावहारिक र प्रभावकारी तुल्याउनु
(ख) एक स्थान/क्षेत्र/व्यक्तिको ज्ञानलाई अर्को स्थान/क्षेत्र/व्यक्तिमा अनुकरण गरी अनुभव साटासाट गरी उत्पादनमूलक ज्ञान, सिप र प्रविधिको विस्तार गर्नु
(ग) स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सिप, भाषा आदिको संरक्षण र सम्वर्धन गर्नु
(घ) स्थानीय कला, कौशल, व्यवसाय, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यस अनुरुपको व्यवहार गर्नसक्ने तुल्याउनु
(ङ) स्थानीय आवश्यकतालाई सम्बोधन गर्न सक्ने भएकाले स्थानीय सरोकारवालालाई जिम्मेवारी बोध गराउनु
(च) भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, प्राकृतिक विविधतालाई सम्बोधन गर्नु
(छ) स्वावलम्बी एवम् आत्मनिर्भर हुने ढङ्गको शिक्षण प्रदान गरी रोजगारउन्मुख नागरिक तयार गर्नु
(ज) आयआर्जन, श्रमप्रति सम्मान, कामप्रति लगाव बढाउन सहयोग पुर्याउनु
(झ) स्थानीय श्रोत र साधनको अधिकतम परिचालनबाट कम खर्चमा शिक्षा दिनु
(ञ) स्थानीय विषयवस्तु समावेश गर्नुपर्ने आवश्यकतालाई सम्बोधन गर्नु
(ट) आधुनिक र बालमैत्री वातावरणमा सिकारुले व्यावहारिक ज्ञान लिने अवसर सिर्जना गर्नु
(ठ) स्थानीय ज्ञान, सिप र प्रविधिलाई विश्वव्यापीकरण र स्थानीयकरण गर्नु
(ड) स्थानीय तहमा लुकेर बसेका ज्ञान, सिप र प्रविधिलाई उजागर गर्नु
(ढ) परम्परागत पेसा, व्यावसाय र प्रविधिलाई जगेर्ना गर्न र विकास गर्न सहयोग पुर्याउनु

राष्ट्रिय पाठ्यक्रम निर्माणमा सबै सम्बद्ध सरोकारवालाहरुको संलग्नताको सम्भावना रहदैन। यसले स्थानीय स्तरमा रहेका व्यावहारिक र विशिष्टिकृत भाषा, संस्कृति, ज्ञान र सिपलाई पूर्ण रुपले समेट्न सम्भव पनि हुदैन। अतः स्थानीय तहको भाषा तथा संस्कृतिको जगेर्ना गर्न स्थानीय तहको ज्ञान, सिप, प्रविधि र उत्पादनलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा पुर्याउने वा जोड्ने ज्ञान र सिपको विकास गरी आत्मनिर्भर

उत्पादनमुखी जीवनपयोगी व्यावहारिक र दक्ष जनशक्ति तयार गर्नुपर्दछ। यसका लागि स्थानीय आवश्यकताका विषय/क्षेत्रलाई समावेश गरी सरोकारवालासँगको सहभागितामा पाठ्यक्रम प्रति अपनत्वको भावना विकास गराउनु आवश्यक छ।

नेपालमा सङ्घीय शासन व्यवस्थाका माध्यमबाट आम जनसमुदायलाई नीति निर्माणमा अधिकाधिक सहभागी गराउने उक्त नीति नियमको कार्यान्वयन गराउने र त्यसको प्रतिफल समेत समुदायले नै उपभोग गर्न पाउने व्यवस्थालाई महत्व दिइएको छ। स्थानीय मूल्य, मान्यता, धर्म, परम्परा, संस्कृति, स्रोतसामग्रीको संरक्षण, सम्वर्धन, परिचालन र विकासका लागि मार्गदर्शन गर्ने र स्थानीय तहको क्षमता विकास मार्फत राज्यको आर्थिक सामाजिक र सांस्कृतिक र राजनैतिक क्षेत्रमा आवश्यक पर्ने सक्षम सचेत र इमान्दार नागरिक तयार गर्दै शिक्षालाई स्थानीय परिवेश अनुरुप व्यवहारसँग जोड्ने मार्गचित्र तयार गर्नुपर्ने भएकोले अविलम्ब स्थानीय पाठ्यक्रमको निर्माण र विकास गरी असली कार्यान्वयन गर्नुपर्ने औचित्य रहेको छ।

## १.८ स्थानीय पाठ्यक्रम निर्माण विधि तथा प्रक्रिया

मुड्केचुला गाउँपालिकाको ११ औं गाउँसभाको निर्णय अनुसार पालिकाको आधारभूत तहको स्थानीय पाठ्यक्रम २०७९ निर्माण गरी शैक्षिक सत्र २०८० बाट विद्यालयमा कार्यान्वयन गर्ने नीतिगत निर्णय अनुसार मुड्केचुला गाउँपालिकाको आधारभूत तहको पाठ्यक्रम निर्माण गर्ने कार्यले मूर्तता पाएको हो। सोही अनुसार पाठ्यक्रम निर्माण कार्यलाई अविलम्ब पूर्णता दिनका लागि देहायको चरणहरु पुरा गरी मुड्केचुला गाउँपालिकाको स्थानीय पाठ्यक्रम प्रारुप–२०७९ तयार गरिएको हो।

### १.८.१ पाठ्यक्रम निर्माणका लागि अभिमुखीकरण

मुड्केचुला गाउँपालिकाको आधारभूत तहको स्थानीय पाठ्यक्रम २०७९ निर्माणका लागि गाउँ कार्यपालिका र गाउँ शिक्षा समितिका सदस्य लगायत अन्य शिक्षा सम्वद्ध सरोकारवालाहरुको सहभागितामा सम्वत् २०७९ पुष २१ र २२ गते स्थानीय पाठ्यक्रम निर्माण एवं विषयवस्तु पहिचान सम्बन्धी २ दिने अभिमुखीकरण गोष्ठी सम्पन्न गरिएको थियो। जसमा मुड्केचुला गाउँपालिकाका जनप्रतिनिधि, शिक्षा, युवा तथा खेलकुद शाखाका कर्मचारी, विद्यालय व्यवस्थापन र शिक्षक अभावक सङ्घका पदाधिकारी, स्थानीय जानिफकार, विद्यालयका प्रधानाध्यापक सहित २७ जनाको सहभागिता रहेको थियो। गोष्ठीमा विशेष गरी स्थानीय पाठ्यक्रमको नीतिगत व्यवस्था, औचित्य एवं महत्व, निर्माणका प्रक्रिया, आवश्यकता, सम्भाव्य र विषयवस्तुहरुको पहिचानका बारेमा समुहगत छलफल र प्रस्तुती कार्य सम्पन्न गरिएको थियो। यसका साथै विभिन्न तहका विद्यालयका उपलब्ध स्थानीय प्रधानाध्यापकहरुसँग पनि स्थानीय पाठ्यक्रम निर्माण विकास आदिका बारेमा संक्षिप्त छलफल, अन्तरक्रिया र सम्भाव्य पाठ्यक्रम निर्माणका विषयवस्तुहरुको सूचीका बारेमा समेत विस्तृत विवेचना एवं छलफल गरिएको थियो। अन्य स्थानीय गाउँ समाजमा रहेका सामाजिक, धार्मिक, ऐतिहासिक, भाषिक, लगायतका पालिकाको मौलिक पहिचान र प्रवर्द्धनका क्षेत्रहरुको खोज एवं सङ्कलन गरी स्थानीय पाठ्यक्रममा समावेश गर्ने सहमति कायम गरी उपरोक्त विषयवस्तुहरु आ-आफ्नो तर्फबाट संकलन र अभिलेखीकरण गरी सङ्कलित विषयवस्तु पाठ्यक्रममा समावेश गर्ने कार्य सम्पन्न गरेको थियो।

सम्वत २०७९ पुष २४ गतेका दिन स्थानीय पाठ्यक्रम निर्माण कार्यदलका संयोजक रणबहादुर कार्कीको संयोजकमा विद्यालयका प्रधानाध्यापकहरुसँग पाठ्यक्रममा समावेश गरिनुपर्ने थप स्थानीय विषयवस्तुहरुको पहिचान गर्नेगरी विषयवस्तु संकलनका लागि जिम्मेवारी विभाजनका साथ १ दिने छलफल गोष्ठी आयोजना गरिएको थियो।

### १.८.२ पाठ्यक्रम निर्माण सल्लाहकार समुह र निर्माण कार्यदल गठन

स्थानीय पाठ्यक्रम निर्माण कार्यलाई सामयिक रुपमा नीतिगत स्पष्टता, सल्लाह, सुझाब र सहजीकरणका लागि पाठ्यक्रम निर्माणको सबैभन्दा माथिल्लो तहमा रहनेगरी पालिका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत रहने गरी ३ सदस्यीय सल्लाहकार समिति गठन गरिएको थियो । उक्त समुहको परिधि भित्र रहने गरी र विषय विज्ञ एवं स्थानीय विज्ञ सहित सहभागितामूलक प्रतिनिधित्व हुनेगरी स्थानीय पाठ्यक्रम एवं विकास विज्ञ रणबहादुर कार्कीको संयोजकत्वमा ७ सदस्यीय पाठ्यक्रम निर्माण कार्यदल गठन गरी कार्यदलले कार्य प्रारम्भ गरी पाठ्यक्रम निर्माण कार्य सम्पन्न भयो ।

### १.८.३ स्थानीय पाठ्यक्रम निर्माण कार्ययोजना

पाठ्यक्रम निर्माण कार्यदलले औपचारिक रुपमा काम गर्ने कानुनी अधिकार प्राप्त गरी सकेपश्चात कार्यदलले तयार गरेको कार्ययोजना सल्लाहकार समुहले स्वीकृत गरी विभिन्न चरणमा छलफल, समीक्षा, सुझाब सङ्कलन गरी आगामी शैक्षिक सत्र २०८० मा एकसाथ आधारभूत तहमा कार्यान्वयनमा ल्याउने गरी पाठ्यक्रम निर्माण कार्य सम्पन्न भयो ।

### १.८.४ सन्दर्भ सामग्री अध्ययन र पुनरावलोकन

**(क) मौजुदा रष्ट्रिय पाठ्यक्रम प्रारुप अध्ययन एवं पुनरावलोकन**

यो मुड्केचुला गाउँपालिकाको आधारभूत तहको स्थानीय पाठ्यक्रम २०७९ निर्माणका लागि मूलतः विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ लाई मूल आधारको रुपमा लिइएको छ । उक्त प्रारुपमा रहेको विद्यमान पाठ्यक्रम सम्बन्धी व्यवस्था विषयवस्तु र विश्लेषण, समसामयिक पक्षहरु संस्थागत क्षमता, पाठ्यक्रम विकासका सैद्धान्तिक आधार, औचित्य, विद्यालय शिक्षाको पाठ्यक्रम संरचना, विद्यार्थी मूल्याङ्कन, पाठ्यक्रम कार्यान्वयन आदि समग्र पक्षहरुमा सुक्ष्म तरिकाले अध्ययन र पुनरावलोकन गरी सो पश्चात उपरोक्त स्थानीय पाठ्यक्रम निर्माण कार्यले गति प्रदान गर्यो ।

**(ख) राष्ट्रिय र प्रादेशिक स्तरका शिक्षा सम्बन्धी नीतिगत दस्तावेजहरुको अध्ययन**

राष्ट्रिय शिक्षा नीति २०७६ लगायत तीन तहका सरकारले सामयिक रुपमा शिक्षा सम्बन्धी नीतिगत व्यवस्थाहरु जस्तैः आवधिक पन्ध्रौं पञ्चवर्षीय योजना र सोको मध्यावधि मूल्याङ्कन, विद्यालय शिक्षा क्षेत्रगत योजना सन् २०२१-२०३० आदि दस्तावेजहरुको आधारमा स्थानीय र राष्ट्रिय पाठ्यक्रम सम्बन्धी नीतिगत, संरचनागत, संस्थागत एवं प्रक्रियागत व्यवस्थाको बारेमा थप कानुनी स्पष्टता हासिल गरी सोको आधारमा यो स्थानीय पाठ्यक्रम तयार गरिएको छ ।

**(ग) मौजुदा पाठ्यक्रम तथा पाठ्यपुस्तक विश्लेषण**

नेपालको विद्यालय शिक्षाको वर्तमान विभिन्न तहको परिवर्तित पाठ्यक्रम र उक्त पाठ्यक्रमले लक्षित गरेका तहगत सक्षमता र कक्षागत सिकाइ उपलब्धिहरु ती उपलब्धि हासिल गर्नका लागि निर्माण र विकास गरिएका विभिन्न विषयगत पाठ्यपुस्तकहरुको पनि मिहिन तरिकाले विश्लेषण गरी सोको आधारमा मूर्तधारणाको विकासले थप यो पाठ्यक्रम निर्माणमा सहयोग पुगेको देखिन्छ ।

**(घ) सरोकारवालाहरुबाट सुझाब तथा पृष्ठपोषण सङ्कलन**

यो स्थानीय पाठ्यक्रम निर्माण चरणमा सरकारका विभिन्न समयमा जारी गरिएका संवैधानिक, नीतिगत व्यवस्था, पाठ्यक्रम निर्माण तथा विकास र कार्यान्वयन मार्गदर्शनहरुको अध्ययनको अलावा स्थानीय पाठ्यक्रम निर्माणको आवश्यकता, विषयवस्तु, स्थानीय विज्ञता, राष्ट्रिय पाठ्यक्रमको तहगत सामञ्जस्यता एवं सम्बन्धलाई थप कसिलो र कार्यान्वयित बनाउन शिक्षा सम्वद्ध सरोकारवालाहरुसँगको औपचारिक र अनौपचारिक रुपमा मूल्यवान सुझाब, सल्लाह, प्रतिक्रिया र पृष्ठपोषण सङकलन गरी सोको आधारमा यो स्थानीय पाठ्यक्रमलाई थप व्यवस्थित र परिस्कृत गरिएको छ।

**(ङ) स्थानीय पाठ्यक्रम प्रारुप–२०७९ को अन्तिम मस्यौदा तयारी**

यो स्थानीय पाठ्यक्रम २०७९ निर्माणको लागि कार्यपालिकाबाट नीतिगत निर्णय र मार्गदर्शन प्राप्त भै सकेपश्चात विभिन्न विधिहरु र प्रक्रियालाई अनुशरण गरी पाठ्यक्रमको पहिलो मस्यौदा तयार गरी उक्त मस्यौदा माथि २०८० साल बैशाख २ गतेका दिन १ दिने पालिकास्तरमा थप छलफल, समीक्षा, सुझाव संकलन गरी प्राप्त सुझाब र पृष्ठपोषणलाई ग्रहण एवं समावेश गरी अन्तिम मस्यौदा लेखन कार्य सम्पन्न गरियो। यसरी तयार गरिएको मस्यौदालाई थप मार्गदर्शन र नीतिगत वैधताका लागि कार्यपालिकामा पेश गरियो।

**(च) स्थानीय पाठ्यक्रम प्रारुप–२०७९ स्वीकृति**

यस मुड्केचुला गाउँपालिकाको आधारभूत तहको स्थानीय पाठ्यक्रम २०७९ कक्षा १-८ सम्म पूर्णरुपमा शैक्षिक सत्र २०८० बाट कार्यान्वयनमा ल्याउनका लागि पाठ्यक्रमको अन्तिम स्वीकृतिका लागि पाठ्यक्रम निर्माण कार्यदल हुँदै गाउँपालिकाको शिक्षा समिति र सल्लाहकार समुहको सुझाब र सल्लाह सहित कार्यपालिका बैठक मार्फत वैधता प्रदान गरियो।

उपरोक्त प्रक्रिया पुरागरी मस्यौदाका रुपमा तयार गरिएको आधारभूत तहको विद्यालय शिक्षाको स्थानीय पाठ्यक्रम २०७९ प्रारुपमा विभिन्न सरोकारवालाहरुबाट सान्दर्भिक र उपयुक्त सुझाब तथा पृष्ठपोषणलाई आत्मसाथ गरी गाउँ शिक्षा समितिको सम्वत २०७९ बैशाख २ गते बसेको बैठकले आवश्यक अध्ययन र सुझाब सहित गाउँ कार्यपालिकाको बैठकमा अन्तिम स्वीकृतिका लागि पेश गरेको थियो। अतः गाउँ शिक्षा समितिले सिफारिस गरे अनुसार पुनः सल्लहाकार समुहमा छलफल र प्रस्तुतीकरण पश्चात गाउँपालिकाको मिति २०७९ बैशाख ३ गते बसेको बैठकको निर्णय अनुसार मुड्केचुला गाउँपालिकाको आधारभूत तहको स्थानीय पाठ्यक्रम २०७९ शैक्षिक सत्र २०८० बाट कक्षा १–८ मा एकसाथ कार्यान्वयन गर्ने गरी स्वीकृत गरिएको थियो।

# परिच्छेद–दुई
# मुड्केचुला गाउँपालिकाको स्थानीय पाठ्यक्रम

## २.१ मुड्केचुला गाउँपालिकाको परिचय

नेपालमा सङ्घीय संरचनामा नेपालको संविधान २०७२ को धारा २९५ को उपधारा ३ बमोजिम कर्णाली प्रदेश अन्तर्गतका १० जिल्ला मध्येको डोल्पा जिल्लामा अवस्थित फरक पहिचान र विशेषता बोकेको स्थानीय तह हो मुड्केचुला गाउँपालिका। साविकको कालिका, नर्कु र सर्मी ३ वटा गाउँ विकास समितिका २७ वटा वडाहरु मिलेर हाल ९ वटा वडाहरुमा सीमित रही मुड्केचुला गाउँपालिका बनेको हो। यस मुड्केचुला गाउँपालिकाको केन्द्र सबै वडाहरुको केन्द्र हुनेगरी तली नर्कुमा रहने गरी राजपत्रमा प्रकाशित गरिएको छ।

साविकको सर्मी गाउँ विकास समितिको क्षेत्रभित्र अवस्थित प्रसिद्ध धार्मिक तिर्थस्थल मुड्केचुलाको नामबाट हालको पालिकाको नामकरण भएको भन्ने स्थानीय जानकारहरुको भनाई रहेको छ। तत्कालीन सङ्घीय संरचना अघि राजनैतिक शासन र सेवा प्रवाह सञ्चालन गर्दा जिल्ला विकास समिति र गाउँ विकास समितिको ढाँचा अनुसार प्रशासनिक र राजनैतिक सङ्गठन एवं संरचना निर्धारण गरिएको थियो। सोही अनुसार कालिका, सर्मी र नर्कु गाउँ विकास समितिहरुलाई समेटेर राजनैतिक प्रतिनिधित्व गर्नका लागि इलाका नम्बर ४ कायम गरी तत्कालीन जिल्ला विकास समिति गठित अवधि २०५४–२०५९ को ५वर्षे अविधिमा इलाका सदस्य श्री लालु बुढा निर्वाचित हुनुभएको थियो। उपरोक्त ५ वर्षे अवधिमा तत्कालीन ३ वटा सर्मी, कालिका र नर्कु गाउँ विकास समितिका प्रमुख पदाधिकारीहरुमा अध्यक्षमा क्रमशः नरबहादुर ठकुल्ला, भक्तबहादुर थापा र भक्तजङ्ग शाही निर्वाचित हुनुभएको थियो भने उपाध्यक्षमा सर्मी गाउँ विकास समितिबाट धनीराम बुढा, कालिका गाउँ विकास समितिबाट चैते सार्की र नर्कु गाउँ विकास समितिबाट धनसुर शाही निर्वाचित हुनुभएको थियो।

सङ्घीय संरचना पश्चात बनेको यस मुड्केचुला गाउँपालिकाको कूल क्षेत्रफल २५०.०८ वर्ग किलोमिटर रहेको छ। पालिकाको पूर्वमा त्रिपुरासुन्दरी नगरपालिका, पश्चममा जाजरकोट जिल्ला, उत्तरमा जगदुल्ला गाउँपालिका र जुम्ला जिल्ला र दक्षिणमा रुकुम र जाजरकोट जिल्लाको सिमानाले घेरेको छ। मूलतः साविकको कालिका गाउँ विकास समितिको वडाहरु १,२, ४ र ५ मिलेर हालको वडा नम्बर १, वडा नम्बर ६ र ७ मिलेर वडा नम्बर २, त्यस्तै साविकको नर्कु गाउँ विकास समितिको वडा नम्बर ३, ८ र ९ मिलाएर वडा नम्बर ३, वडा नम्बर ६ र ७ मिलाएर ४ नम्बर वडा र वडा नम्बर ४ र ५ मिलाएर ५ र वडा नम्बर १ र २ र ३ मिलाएर ६ नम्बर वडा कायम भएको छ। सोही अनुसार साविकको सर्मी गाउँ विकास समितिको वडा १, २ र ३ मिलाएर ७ नम्बर वडा, ४ देखि ६ मिलाएर ८ र वडा नम्बर ७, ८ र ९ मिलाएर हालको पालिकाको वडा नम्बर ९ कायम गरी पालिकाको राजनैतिक र प्रशासनिक संरचना कायम गरिएको छ। तसर्थ सङ्घीय संरचना बनेपछिको पहिलो र दोस्रो कार्यकालको राजनैतिक नेतृत्व गर्ने अवसर एउटै राजनैतिक पार्टी नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रबाट सर्मी निवासी दत्तबहादुर शाही गाउँ पालिकाको अध्यक्ष पदमा निर्वाचित भै समग्र राजनैतिक र प्रशासननिक सेवा प्रवाहको लागि संयोजन गरिरहनु भएको छ।

त्यसै गरी सङ्घीयता पश्चातको राजनैतिक विभाजनको क्रममा सिङगो जिल्लालाई एउटा सङ्घीय निर्वाचन क्षेत्रमा विभक्त गरिएको छ भने प्रादेशिक राजनैतिक विभाजनको क्रममा हालको त्रिपुरासुन्दरी नगरपालिका जगदुल्ला मुड्केचुला र शेफोक्सुण्डो गाउँपालिका सहितको ४ वटा स्थानीय तहलाई समेटेर प्रदेश सभा निर्वाचन क्षेत्र ख कायम गरी पहिलो र दोस्रो ५ वर्षे आवधिक निर्वाचनमा लगातार प्रदेश सभा सदस्यमा जगदुल्ला निवासी वीरबहादुर शाही पहिलो हुने निर्वाचन प्रणाली मार्फत निर्वाचित भई राजनैतिक रुपमा जनताको सेवा गर्ने सुनौलो अवसर पाउनु भएको छ।

जनसाङ्ख्यिक हिसाबले यस मुड्केचुला गाउँ पालिकामा राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार मुड्केचुला गाउँपालिकामा जम्मा घर सङ्ख्या १०७८ र परिवार सङ्ख्या १२०६ हरेको छ। पालिकाको जम्मा जनसङ्ख्या ५८७५ जसमा महिला २९०० र पुरुष २९७५ रहेको छ। जातिगत रुपमा क्षेत्री, दलित र जनजातिहरुमा गुरुङ हरेका छन् र धार्मिक हिसाबमा हिन्दु र क्रिचयनहरु छन् भने भाषिक हिसाबले एकमात्र नेपाली भाषिक समुदायहरु मात्र पाइन्छ।

शैक्षिक तथ्याङ्कीय आधारमा यस मुड्केचुला गाउँपालिकामा जम्मा विद्यालय संख्या १७ रहेको पाइन्छ। जसमा पूर्व प्राथमिक शिक्षा (इसिडी) सञ्चालन सङ्ख्या १७ (४ वटा समुदायमा आधारित सहित) कक्षा १–३ सञ्चालित विद्यालय सङ्ख्या ४, कक्षा १–५ सञ्चालित विद्यालय ३, कक्षा १–७ सञ्चालन १, कक्षा १–८ सञ्चालित २ र कक्षा १–१२ सञ्चालित विद्यालय ३ रहेका छन्। डोल्पा जिल्लाको शिक्षा पार्श्वचित्र २०७८ अनुसार मुड्केचुला गाउँ पालिकामा जम्मा विद्यार्थी सङ्ख्या २५१८ जसमा छात्रा १२५६ र छात्र १२६२ रहेको पाइन्छ।

सामाजिक, आर्थिक र पूर्वाधारको दृष्टिले यस मुड्केचुला गाउँपालिकामा हालसम्म सबैबस्तीहरुमा सञ्चार सेवाको सुविधाहरुमा नेपाल टेलिकमको मोवाइल सेवा उपलव्ध भएको पाइन्छ भने आंशिक रुपमा पालिकाको केन्द्र लगायत केही स्थानमा इन्टरनेटको पहुँच रहेको छ। सडक पूर्वाधारको दृष्टिले हालसम्म जुम्लाबाट जगदुल्ला गाउँपालिका हुँदै यस मुड्केचुला गाउँपालिकाको केही स्थानमा कच्ची सडक यातायातको सेवा पुगेको छ भने कडा चट्टानको कारणले गर्दा जाजरकोट त्रिवेणी सडक खण्डको बाटोले हालसम्म पालिकाको बस्तीहरुलाई जोडन सकेको छैन्।

## २.२ स्थानीय पाठ्यक्रम परिचय

प्रस्तुत स्थानीय पाठ्यक्रमले मुड्केचुला गाउँपालिका क्षेत्रमा रहेका १३ वटा विद्यालयहरुको आधारभूत तह (कक्षा १ ८) को लागि तयार गरिएको छ। यस मौलिक माटोमा आधारित मुड्केचुला गाउँ पालिकाको पहिचान, पेशा, प्रचलन, व्यापार एवं वाणिज्य, संस्कार संस्कृति, सम्पदा, सामाजिक शैली, वन वातावरण, जैविक विधिधता, भौगोलिक बनावट, पर्यापर्यटन, राजनैतिक, प्रशासनिक संगठन संरचना लगायतका पालिकाको समग्र विषयवस्तुलाई समावेश गरी विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले निदृष्ट गरेको आधारमा स्थानीय विषय वा मातृभाषाको रुपमा १०० पूर्णाङ्क अध्ययन हुने गरी स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ को परिधिभित्र रही यो स्थानीय पाठ्यक्रम २०७९ तयार गरिएको छ।

समग्र मुलुकभर एउटै लक्ष्य, उद्वेश्य र गन्तव्य तोकी एकै समयमा एउटै समुह र सरकारले निर्माण र विकास गरी मुलुकभर एकै पटक लागु हुने वा लागु गरिएको राष्ट्रिय पाठ्यक्रमले स्थान विशेष, ठाउँ विशेषका स्थानीय मौलिकता, आवश्यकता र विषयवस्तुहरु समेट्न नसकिने हुनाले जहाँ विद्यालयहरु रहेका छन् सोही परिवेश र पर्यावरणलाई समावेश गरी स्थानीय पाठ्यक्रम निर्माण गर्नुपर्ने भएकोले स्थानीय सरकारको अपनत्व र अगुवाइमा स्थानीयस्तरमा उपलब्ध विज्ञ र सामाजिक, सांस्कृतिक, धार्मिक, शैक्षिक क्षेत्रका अग्रजहरुको सहभागितामा डोल्पा जिल्लाको मुड्केचुला गाउँ पालिकाको पहिचान झल्किने गरी स्थानीय भूगोल, सामाजिक, प्राकृतिक, सांस्कृतिक, श्रोतसाधन, सम्पदा, संस्कार, रहनसहन, जीवनशैली, विशुद्ध मौलिक विषयवस्तुहरुको बारेमा सिकारुलाई परिचित गराउन, प्रचलनमा ल्याउन प्रवर्द्धन एवं संरक्षणका साथै पुस्तान्तरण गराउनुका साथै भविश्यमा असर, कर्मठ, सक्षम आत्मनिर्भर, उद्यमशील र सिर्जनशील नागरिक तयार गर्न सरल,

सहज, जीवन जीउनका लागि युग सापेक्ष प्रतिस्पर्धा गर्न सक्ने ज्ञान, सिप, सक्षमता र सकारात्मक सोंचको विकास गर्न सक्ने मानव पूँजी निर्माणका लागि मुख्य अभिष्टका साथ यो स्थानीय पाठ्यक्रम तयार गरिएको हो।

विश्व समुदायसँग, राष्ट्र र राष्ट्रसँग स्थानीय समुदायहरुलाई निरन्तर जोड्न, सम्पर्क, सम्वाद र सहिष्णुता कायम गर्नका लागि समेत राष्ट्रिय पाठ्यक्रमले राखेका राष्ट्रिय उद्वेश्यहरुलाई परिपूरकको रुपमा परिपूर्ति गर्नका लागि तहगतरुपमा सक्षमताहरु निर्धारण गरी बालबालिकाहरुको सर्वाङ्गीण विकास र विस्तारका लागि निश्चित भूगोल र स्थान विशेषका पहिचानका पर्याहरुलाई राष्ट्रहुदै विश्वव्यापी बनाउने मूल कडीका रुपमा यो स्थानीय पाठ्यक्रम रहने छ।

सामाजिक समृद्धि एवं विकास, एउटा गाउँ र ठाउँको मात्र चिन्ता र सरोकारको विषय नभई समग्र विश्व समुदायको साझा सरोकारको विषय भएकोले विश्वव्यापी रुपमा अघि सारेको दिगो विकासका १७ वटा लक्ष्यहरुलाई स्थानीयकरण गरी विकासका लक्ष्यहरु हासिल गर्ने ध्येयका साथ यो स्थानीय पाठ्यक्रममा स्थानीय विषयवस्तुहरु र आवश्यकताहरुलाई समावेश गरिएको छ । स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनले अन्ततोगत्वा दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण भै समुदायस्तरमा पनि विकासका लाभहरु प्राप्त हुने र अन्तमा राष्ट्रले परिभाषित गरेका विकासका गुणात्मक र परिमाणात्मक लक्ष्य हासिल गर्न टेवा पुग्ने अपेक्षा गरिएको छ।

मुड्केचुला गाउँपालिकाको पहिचानः स्थानीय भाषा, धर्म, संस्कृति, वेशभूषा, रीतिरिवाज, सम्पदाहरुको सम्मान, संरक्षण आदि विधाहरुलाई सगाँली यस स्थानीय विषयले विशेष गरी पालिका भित्रका बासिन्दाहरुको जीवन र समुदायस्तरमा दिगो विकासका लक्ष्यहरु हासिल गर्ने व्यावहारिक र प्रयोगात्मक शिक्षाको खाँचोलाई परिपूर्ति गर्न सरल, सहज र प्रभावकारी ढंगले मार्गनिर्देश गर्ने अपेक्षा गरिएको छ। स्थानीय एवं राष्ट्रिय आवश्यकता, विज्ञान, कला, संस्कृति, मौलिकता, पहिचान, अपनत्व र आत्मसम्मानलाई मुखरित गर्ने गरी बालविकास, बालमनोविज्ञान, बालमैत्री एवं बालकेन्द्रित सिकाइ विधि, ज्ञान, सिप र सकारात्मक प्रवृतिको विकास सैद्वान्तिक भन्दा व्यावहारिक र प्रयोगात्मक पक्षलाई उच्चतम् महत्व, सिकाइलाई व्यवहारमा ल्याउने प्रतिफलमुखी अभ्यासमा आधारित मूल्याङ्कन पद्वतिको प्रवर्द्धन जस्ता मूलभूत विशेषता यस पाठ्यक्रमले समेटेको छ।

स्थान विशेषको गतिशील समाजको गाथा र गहनतालाई आत्मसाथ गर्न यो स्थानीय विषयको रुपमा विकास गरिएको पाठ्यक्रमले सैद्वान्तिक आधार, व्यावहारिक पक्ष र निश्चित मापदण्डलाई अवलम्बन गर्नुका साथै समय सापेक्ष, वस्तुगत र व्यावहारिक बनाउन आवश्यक विधि एवंव प्रक्रिया अपनाएर संशोधन, समायोजन र परिमार्जन, सम्मिलन, खुला तरिकाले गर्न सकिने गरी यो पाठ्यक्रमलाई लचिलो र परिवर्तनशील हुनेगरी तयार गरिएको छ।

## २.३ स्थानीय पाठ्यक्रमको विशेषता

स्थानीय पाठ्यक्रम मुड्केचुला गाउँपालिकाको पहिचानः समुदायको सम्पदा, संस्कृति, संस्कार, संरक्षण र सम्मान सहितको स्थानीय पाठ्यक्रमको मुख्य विशेषता र विलक्षणता यस प्रकार रहेका छन्:

(क) आधारभूत तह (कक्षा १–८) को राष्ट्रिय पाठ्यक्रमको प्रारुप र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ को प्रावधान र आत्मालाई आधार मानी स्थानीय विषयको रुपमा स्थानीय पाठ्यक्रम तयार गरिएको छ।

(ख) औपचारिक धारको विशेष गरी आधारभूत तह (कक्षा १–८) सम्मका सिकारुलाई सिक्ने र सिकाउने गरी यो पाठ्यक्रम निर्माण गरिएको छ।

(ग) नेपालको राष्ट्रिय प्रारुपले निर्धारण गरे बमोजिम कक्षा १ देखि ८ सम्मलाई नै स्थानीय पाठ्यक्रम विषयगत क्षेत्रको विशिष्टतालाई मध्यनजर गरी यो स्थानीय पाठ्यक्रमाई आधारभूत तहलाई पनि ३ वटा तहहरु (कक्षा १–३, कक्षा ४–५ र कक्षा ६–८) मा विभाजन गरी छुट्टाइएको छ।

(घ) कक्षागत उन्नयनका लागि सहज हुनेगरी तल्लो कक्षाबाट माथिल्लो कक्षामा स्तरउन्नतिका साथै क्रमशः सामान्यबाट विशिष्टकृत, सुक्ष्मबाट बृहत र सरलबाट जटिल बनाउँदै पाठ्यक्रमलाई व्यवस्थित गरिएको छ।

(ङ) पालिकाको यो स्थानीय पाठ्यक्रमले मूलतः १३ वटा विषयगत क्षेत्रलाई समेटेको छः

१. हाम्रो पालिकाको परिचय
२. स्वास्थ्य र सरसफाइ
३. मातृभाषा संस्कृति र चाडपर्व
४. ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थलहरु
५. पेशा, व्यवसाय, उद्यमशीलता र प्रविधि
६. खाद्यान तथा पोषण एवं कृषि, जडिबुटी, पशुपालन
७. प्रकोप र विपद् व्यवस्थापन
८. व्यक्ति, संस्था र सहकारी
९. समानता, समावेशीता र सामाजिक न्याय
१०. जीवनउपयोगी सिप, सामाजिक मूल्य मान्यता एवं सदाचार, नैतिकता
११. खेलकुद, कला, साहित्य र शारीरिक व्यायाम एवं योग शिक्षा
१२. वातावरण संरक्षण एवं फोहोरमैला व्यवस्थापन र हरित विद्यालय
१३. सामाजिक रुपान्तरण, लोकतन्त्र र सङ्घीयता

(च) कक्षा र तह वृद्धिसँगै विषयहरुको क्षेत्रहरु पनि क्रमशः बढाउँदै थप गरिदै लगिएको छ। जसमा कक्षा १-८ सम्म जम्मा १२ वटा विषयहरु विषयक्षेत्रहरु समेटिएका छन्।

(छ) प्रत्येक विषयमा सैद्धान्तिक र प्रयोगात्मक दुबै पक्षहरु समावेश गरिएका छन्। हरेक विषयमा बालबालिकाले सैद्धान्तिक र प्रयोगात्मक ज्ञान हासिल गर्नका साथै अभ्यास कार्यबाट सिप तथा क्षमताको विकास गर्ने अपेक्षा गरिएको छ।

(ज) विषयक्षेत्रगत विविधता, बहु शिक्षण सिकाइ विधि नितान्त स्थानीय विषय देखि राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयवस्तु समेत समावेश गरएका छन्।

(झ) यो स्थानीय पाठ्यक्रम विशुद्धरुपमा स्थानीय आवश्यकता, स्थानीय विषयवस्तु, स्थानीयहरुको सहभागीता, छलफल, सम्बाद र संयोजन मार्फत तयार गरिएको छ।

## २.४ पठनपाठनको माध्यम भाषा

मूलतः विद्यालय शिक्षामा शिक्षण भाषाको माध्यम नेपाली, अङ्ग्रेजी वा मातृभाषा हुनसक्ने व्यवस्था र मातृभाषाको कक्षा शिक्षण भने सम्बन्धित मातृभाषामा नै दिन सकिने व्यवस्था रहेको छ। तथापि, स्थानीय पाठ्यक्रम सम्बद्ध सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्न विशुद्धरुपमा स्थानीय भाषा नेपालीलाई शिक्षण एवं पठनपाठनको माध्यम भाषा अपनाउनु पर्नेछ। यसका साथै शिक्षण सिकाइ प्रक्रिया सञ्चालन गर्दा आधुनिक सूचना सञ्चार प्रविधिको उच्चतम प्रयोगलाई प्राथमिकता दिइनेछ।

## २.५ स्थानीय पाठ्यक्रमको ढाँचा

मुड्केचुला गाउँपालिकाको यो निर्मित स्थानीय पाठ्यक्रम २०७९ को निम्नानुसार पाठ्यक्रम ढाँचा हुनेगरी तयार गरिएको छः

<table>
<tr><td>शैक्षिक तह</td><td colspan="3">आधारभूत तह( कक्षा १–८ सम्म)</td></tr>
<tr><td>पाठ्यक्रमको प्रकृति</td><td colspan="3">स्थानीय</td></tr>
<tr><td>पाठ्यक्रमको नाम</td><td colspan="3">हाम्रो मुड्केचुलाः सुन्दर मुड्केचुला</td></tr>
<tr><td>पाठ्यक्रमको प्रकृति</td><td colspan="3">सैद्वान्तिक र प्रयोगात्मक</td></tr>
<tr><td>पूर्णाङ्क</td><td colspan="3">१००</td></tr>
<tr><td>तह</td><td>साप्तहिक पाठ्यघण्टा</td><td colspan="2">वार्षिक कार्यघण्टा</td></tr>
<tr><td>कक्षा १–३</td><td>५</td><td colspan="2">१६०</td></tr>
<tr><td>कक्षा ४–८</td><td>४</td><td colspan="2">१२८</td></tr>
<tr><td rowspan="3">मूल्याङ्कन</td><td>कक्षाः १–३</td><td>निरन्तर मूल्याङ्कन</td><td>सैद्वान्तिकः २०% र प्रयोगात्मकः ८०%</td></tr>
<tr><td>कक्षाः ४–५</td><td>निरन्तर मूल्याङ्कनः ५०%<br>आवधिक मूल्याङ्कनः ५०%</td><td>सैद्वान्तिकः ५०% र प्रयोगात्मकः ५०%</td></tr>
<tr><td>कक्षाः ६–८</td><td>निरन्तर मूल्याङ्कनः ४०%<br>आवधिक मूल्याङ्कनः ६०%</td><td>सैद्वान्तिकः ६०% र प्रयोगात्मकः ४०%</td></tr>
</table>

## २.६ स्थानीय विषयको विषयवस्तुको क्षेत्र र पाठ्य/कार्यघण्टा निर्धारण

यस स्थानीय पाठ्यक्रम २०७९ मा कक्षा उन्नतिसँगै विषयहरुको गहनता र गहिराई पनि थप हुँदै लगिएको छ । अतः यस पाठ्यक्रममा समावेश गरिएका विषयक्षेत्रहरु तहगतरुपमा र सो अनुसारको शिक्षणका लागि निर्धारण गरिएको वार्षिक कार्यघण्टा र साप्तहिक कार्यघण्टा निम्नानुसार निम्नानुसार निर्धारण गरिएका छन्:

**विषयः हाम्रो मुड्केचुला–सुन्दर मुड्केचुला**

कक्षा १–३ को लागि साप्ताहिक पाठ्यघण्टा–५ र वार्षिक कार्यघण्टा–१६०

कक्षा ४–८ को लागि साप्ताहिक पाठ्यघण्टा–४ र वार्षिक कार्यघण्टा–१२८

तहगतरुपमा विषयक्षेत्र, साप्ताहिक पाठ्यघण्टा र वार्षिक कार्यघण्टा देहाय अनुसार उल्लेख गरिएको छः

<table>
<tr><td colspan="10">आधारभूत तह (कक्षा १–८)</td></tr>
<tr><td rowspan="2">क्र. सं.</td><td rowspan="2">मुख्य विषयक्षेत्रहरु</td><td colspan="8">वार्षिक कार्यघण्टा</td></tr>
<tr><td>कक्षा–१</td><td>कक्षा–२</td><td>कक्षा–३</td><td>कक्षा–४</td><td>कक्षा–५</td><td>कक्षा–६</td><td>कक्षा–७</td><td>कक्षा–८</td></tr>
<tr><td>१</td><td>हाम्रो गाउँपालिकाको परिचय</td><td>२०</td><td>२०</td><td>२०</td><td>१५</td><td>१५</td><td>१५</td><td>१५</td><td>१५</td></tr>
<tr><td>२</td><td>स्वास्थ्य र सरसफाइ</td><td>१५</td><td>१५</td><td>१५</td><td>१०</td><td>१०</td><td>१०</td><td>१०</td><td>१०</td></tr>
<tr><td>३</td><td>मातृभाषा, संस्कृति र चाडपर्व</td><td>२०</td><td>२०</td><td>२०</td><td>२०</td><td>२०</td><td>२०</td><td>२०</td><td>२०</td></tr>
<tr><td>४</td><td>ऐतिहासिक, धार्मिक पर्यटकीय स्थलहरु</td><td>१५</td><td>१५</td><td>१५</td><td>१२</td><td>१२</td><td>१२</td><td>१२</td><td>१२</td></tr>
<tr><td>५</td><td>पेशा, व्यवसाय, उद्यमशीलता र प्रविधि</td><td>१५</td><td>१५</td><td>१५</td><td>१२</td><td>१२</td><td>१२</td><td>१२</td><td>१२</td></tr>
</table>

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | खाद्यान्न तथा पोषण एवं कृषि, जडिबुटी र पशुपालन | १५ | १५ | १५ | १२ | १२ | १२ | १२ | १२ |
| ७ | प्रकोप र विपद् व्यवस्थापन | १० | १० | १० | ८ | ८ | ८ | ८ | ८ |
| ८ | व्यक्ति, संस्था र सहकारी | ७ | ७ | ७ | ५ | ५ | ५ | ५ | ५ |
| ९ | समानता, समावेशीता र सामाजिक न्याय | ८ | ८ | ८ | ६ | ६ | ६ | ६ | ६ |
| १० | जीवनउपयोगी सिप, सामाजिक मूल्य मान्यता एवं सदाचार र नैतिकता | १० | १० | १० | ७ | ७ | ७ | ७ | ७ |
| ११ | खेलुकद, कला, साहित्य र शारीरिक व्यायाम एवं योग शिक्षा | १० | १० | १० | ८ | ८ | ८ | ८ | ८ |
| १२ | वातावरण संरक्षण एवं फोहोरमैला व्यवस्थापन र हरित विद्यालय | १० | १० | १० | ८ | ८ | ८ | ८ | ८ |
| १३ | सामाजिक रुपान्तरण, लोकतन्त्र र सङ्घीयता | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ |
| | **जम्मा** | **१६०** | **१६०** | **१६०** | **१२८** | **१२८** | **१२८** | **१२८** | **१२८** |

## २.७ आधारभूत तह (कक्षा १–८) को स्थानीय पाठ्यक्रमको सक्षमताहरु

हाम्रो मुड्केचुलाः सुन्दर मुड्केचुला नाम स्थानीय पाठ्यक्रमले विशेष गरी गाउँपालिका र डोल्पा जिल्लाको परिवेशमा विद्यमान वातावरण, संस्कार, संस्कृति, जातजाति तथा समग्र वस्तुस्थितिसँग सिकारु परिचित हुन सकुन् भन्ने उद्धेश्य राखिएको छ । स्थानीय पेशा, व्यवसाय, प्रविधि ,सम्पदा लगायत विविध पक्षहरुबारे सिकारुको सक्षमता हासिल गर्ने तहगत उद्धेश्य पनि राखेको छ । समग्रमा स्थानीय पाठ्यक्रमले समेटेको तहगत सक्षमतालाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

### २.७.१ आधारभूत तह (कक्षा १–३) को स्थानीय पाठ्यक्रमको तहगत सक्षमताहरु

१. व्यक्तिगत सरसफाइको बारेमा बोध, अभिव्यक्ति र प्रदर्शन वा अभ्यास गर्न
२. स्थानीय कृषि तथा पशुपालन क्रियाकलापहरुको बारेमा बोध गर्न, बताउन र चित्र कोरेर, हेरेर प्रस्तुतीकरण गर्न
३. स्थानीय ज्ञान, सिप र प्रविधिबाट बनेका घरेलु एवम् कृषि प्रयोगका औजारहरु चिन्न, तिनको नाम र प्रयोग भन्न, लेख्न र केही प्रयोग गर्न
४. मातृभाषामा लेखेर र बोलेर आफ्नो परिवार र विद्यालयको सामान्य परिचय दिन
५. स्थानीय लोकगीत र लोक नृत्यको बारेमा बोध, अभिव्यक्ति र प्रस्तुतीकरण गर्न
६. आफ्नो गाउँठाउँ, गाउँपालिकाको बारेमा सामान्य जानकारी दिन
७. ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलका बारेमा सामान्य चिनारी दिन
८. स्थानीय पेसा र व्यवसाय एवं उद्यमशीलताका बारेमा बताउन ।

### २.७.२ आधारभूत तह (कक्षा ४–५) को स्थानीय पाठ्यक्रमको तहगत सक्षमताहरु

१. आफ्नो गाउँ, टोल र मुड्केचुला गाउँपालिकाको बारेमा बोध, अभिव्यक्ति र प्रस्तुतीकरण गर्न
२. आफ्नो घर र विद्यालयको सरसफाइको बारेमा बोध अभिव्यक्ति र अभ्यास गर्न
३. स्थानीय कृषि तथा पशुपालन क्रियाकलापहरु र त्यसबाट हुने उत्पादनहरुका बारेमा बोध, अभिव्यक्ति र प्रस्तुतीकरण गर्न

४. स्थानीय ज्ञान, सिप र प्रविधिबाट बनेका घरेलु एवम् कृषि प्रयोगका औजारहरु चिन्न, तिनको नाम र प्रयोग भन्न लेख्न र उचित प्रयोग गर्न,
५. आफ्नो परिवार र विद्यालयको बारेमा मातृभाषामा लेखेर, बोलेर र प्रस्तुतीकरण सामग्री प्रस्तुत गरेर अभिव्यक्ति गर्न
६. स्थानीय लोकगीत, लोक नृत्य, लोक संस्कृति, सामाजिक संस्कारको बारेमा बोध, अभिव्यक्ति र प्रस्तुतीकरण गर्न
७. स्थानीय तहमा रहेका सहकारीको बारेमा बोध, अभिव्यक्ति र प्रस्तुतीकरण गर्न
८. लोकतन्त्र, सङ्घीयता एवं गणतन्त्रका बारेमा भन्न र लेख्न ।
९. धार्मिक र पर्यटकीय महत्वका स्थलहरुको बारेमा बताउन ।

### २.७.३ आधारभूत तह (कक्षा ६–८) को स्थानीय पाठ्यक्रमको तहगत सक्षमताहरु

१. गाउँपालिकाको विविध पक्षको बारेमा बोध, अभिव्यक्ति र प्रस्तुतीकरण गर्न
२. व्यक्तिगत, घरपरिवार र समुदायको पूर्ण सरसफाइ र स्वच्छता बारेमा बोध, अभिव्यक्ति, प्रस्तुतीकरण र अभ्यास गर्न
३. स्थानीय कृषि तथा पशुपालन क्रियाकलापहरु उत्पादनहरु र त्यसको महत्वको बारेमा बोध, अभिव्यक्ति, प्रस्तुतीकरण र अभ्यास गर्न
४. स्थानीय ज्ञान, सिप र प्रविधिको प्रयोग, आवश्यकता र महत्वको बारेमा बोध, अभिव्यक्ति, प्रस्तुतीकरण र प्रयोग गर्न
५. परिवार, विद्यालय र आफ्नो समुदायको बारेमा मातृभाषामा लेखेर, बोलेर र प्रस्तुतीकरण सामग्री प्रस्तुत गरेर अभिव्यक्त गर्न
६. स्थानीय लोकगीत, लोकनृत्य, लोक संस्कृति, सामाजिक, संस्कारको बारेमा बोध, अभिव्यक्ति र प्रस्तुतीकरण गर्न
७. मुड्केचुला गाउँपालिकाको धार्मिक, सांस्कृतिक, पर्यटकीय सम्पदा स्थलहरुको बारेमा बुझ्न चिन्न अभिव्यक्त गर्न र प्रस्तुतीकरण गर्न
८. लोकतन्त्र, गणतन्त्र र सङ्घीयताको महत्व र पृष्ठभूमिका बारेमा प्रस्तुतीकरण गर्न

## २.८ स्थानीय पाठ्यक्रमको कक्षागत सिकाइ उपलब्धिहरु

### २.८.१ कक्षा एकको कक्षागत सिकाइ उपलब्धिहरु

कक्षा एकको हाम्रो मुड्केचुलाः सुन्दर मुड्केचुला विषयको स्थानीय पाठ्यक्रमको अध्ययन पुरा गरेपछि विद्यार्थीहरु निम्न लिखित कार्य गर्न सक्षम हुनेछन्:

१. आफू बसिरहेको गाउँठाउँ, गाउँपालिका र वडा नम्बरको नाम बताउन ।
२. आफ्नो सामान्य सरसफाइ आफै गर्न र चर्पीको प्रयोग गर्न ।
३. सफा खानेकुरा वा खानेकुरा सफा गरेर खान ।
४. मुड्केचुला गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा उत्पादन हुने खाद्यान्न, सागसब्जी, फलफूल चिन्न र कम्तिमा ३।३ वटा सम्मको नाम बताउन ।
५. आयतित कम पोषणयुक्त र बजारको कमसल वा पत्रु खानेकुराको सट्टा स्थानीय कृषि उत्पादन वा खानेकुराको उपभोग गर्न ।
६. आफूभन्दा ठूलालाई आदर सम्मान गर्न, साइनो लगाएर बोलाउन र आफू सरह र सानालाई माया गर्ने बानी व्यवहार प्रदर्शन गर्न ।
७. राम्रो वा असर बोली व्यवहार (सभ्य शब्द साथीहरुसँग मिलनसार हुने, सहयोग गर्ने, मिलेर बस्ने, खेल्ने, रमाइलो गर्ने आदि) बानी व्यवहार प्रस्तुत गर्न

८. आफ्नो समाज, जाति, समुदाय र कुलघरानाको भाषा, असल मूल्यमान्यता, संस्कार, संस्कृति अनुसारको पाहुना आफन्त र मान्यजनलाई अभिवादन गर्न, साइनो लगाएर बोल्न ।
९. मुड्केचुला गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रभित्र गरिने कृषि गतिविधिहरु जस्तैः खेत जोत्ने, खेत रोप्ने, बाली छर्ने, गोड्मेल गर्ने, बाली थन्क्याउने आदि बताउन ।
१०. मूड्केचुला गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रभित्र गरिने पशुपालन सम्बन्धी गतिविधिहरु जस्तैः कुखुरापालन, पशुपालन र पशुपालनबाट उत्पादन हुने दूध, दही, मोही, घिउ बनाउने उनका सामानहरु आदिको उत्पादन र उपयोग बताउन ।
११. मुड्केचुला गाउँपालिका भित्र विगतमा र वर्तमानमा अपनाइएका विभिन्न किसिमका स्थानीय सिप तथा प्रविधिहरु मध्ये कुनै ५ वटा चिन्न र भन्न ।
१२. गाउँपालिका भित्र बसोबास गर्ने विभिन्न जाति, जनजातिहरुको मातृभाषा र आ-आफ्नो मातृभाषामा आफ्नो परिचय र घरपरिवारमा बोलिने २० शब्दहरु र ५ वाक्यहरु बुझ्न र भन्न ।
१३. पालिका भित्र खेलिने प्रचलित स्थानीय खेलकुदहरु मध्ये कुनै ३ वटाको नाम बताउन र कम्तिमा एउटा खेल खेल्न ।
१४. पालिका क्षेत्रभित्र प्रचलित लोकगीत र लोकनृत्यहरु मध्ये ३।३ वटाको नाम बताउन र कम्तिमा १।१ वटा लोकगीत गाउन र लोक नृत्य प्रदर्शन गर्न ।
१५. गाउँपालिका क्षेत्रभित्र प्रचलित धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थलहरु मध्ये कुनै २ वटाको नाम भन्न ।
१६. सबै जाति तथा समुदाय समान हो भन्ने र कुनै कुरामा भेदभाव छुवाछुत गर्नु हुँदैन भन्ने बताउन र समानताको व्यवहार गर्न ।
१७. फरक क्षमता भएका असहाय वृद्धवृद्धा अन्य सहयोग आवश्यक पर्ने व्यक्तिहरुप्रति राम्रो बोली, व्यवहार र सहयोग गर्न ।
१८. मुड्केचुला गाउँपालिकाको नाम र जम्मा वडाहरुको सङ्ख्या बताउन ।

### २.८.२ कक्षा दुईको कक्षागत सिकाइ उपलब्धिहरु

१. आफू बसी रहेको ठाउँ गाउँ, वडा र जिल्लाको नाम बताउन ।
२. आफ्नो सामान्य सरसफाइ आफै गर्न, चर्पीको सही प्रयोग गर्ने बानीको विकास, दैनिक हातमुख धुन र रुमाल वा सफा कपडाले पुछन र फोहोर ढुङ्गामाटो आदि छोएपछि, विद्यालयबाट वा बाहिर गएर फर्केपछि र चर्पी प्रयोग गरेपछि साबुन पानीले हातमुख खुट्टा धुन ।
३. सफा खानेकुरा वा खानेकुरा सफा गरेर खान ।
४. मुड्केचुला गाउँपालिका क्षेत्रभित्र उत्पादन हुने खाद्यान्न, सागसब्जी, फलफूलको ३।३ वटासम्मको नाम बताउन र चिन्न र त्यसको उपभोगबाट हुने पोषण सुधार बारे भन्न ।
५. आयतित कम पोषणयुक्त र बजारको पत्रु खानेकुराको सट्टा स्थानीय ताजा, पोषिलो कृषि उत्पादनका खानेकुराहरुको उपभोग गर्न ।
६. आफूभन्दा ठूलालाई आदर सम्मान गर्ने, साइनो लगाएर बोल्ने र आफू सरह सानालाई माया गर्ने ।
७. राम्रो वा असर बोली व्यवहार जस्तैः सभ्य शब्द साथीहरुसँग मिलनसार हुने सहयोग गर्ने, मिलेर बस्ने, खेल्ने र रमाइलो गर्ने आदि बानीहरुको प्रदर्शन गर्ने ।
८. आफ्नो समाज, जाति, समुदाय र कुलघरानको भाषा, असल मूल्यमान्यता संस्कृति संस्कार अनुसारको पाहुना, आफन्त र मान्यजनलाई अभिभावदन गर्न, साइनो लगाएर बोल्न र सत्कार गर्न ।

९. आफ्नो घरवरिपरि गरिने कृषि गतिविधिहरु जस्तैः खेत जोत्ने, रोप्ने, बाली छर्ने, गोड्मेल गर्ने, बाली भित्र्याउने सोको उत्पादन र स्थानीय जडिबुटी चिन्न र कुनै ५ वटा कृषि उत्पादन र एउटा जडिबुटीको बारे बताउन।
१०. गाउँपालिका क्षेत्रभित्र गरिने पशुपालन सम्बन्धी बताउन र ती पशुपालनबाट हुने उत्पादनको उपयोग बारे बताउन।
११. पालिका क्षेत्रभित्रका समुदायहरुले गर्ने विभिन्न पेसा व्यवसायहरु मध्ये ५ वटाको नाम भन्न र चिन्न।
१२. पालिका क्षेत्रभित्र बसोबास गर्ने ठाउँमा विगत र वर्तमानमा अपनाएको विभिन्न किसिमको स्थानीय सिप तथा प्रविधिहरु मध्ये ५ वटाको सिप तथा प्रविधिहरु चिन्न र भन्न सक्ने।
१३. पालिकाको आफू बसोबास गर्ने ठाउँमा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरुको मातृभाषा बताउन र आ-आफ्नो मातृभाषामा आफ्नो परिचय दिन सक्ने र घरपरिवारमा बोलिने कम्तिमा २० वटा शब्दहरु र ५ वाक्यहरु भन्न र बुझ्न।
१४. पालिकाको विद्यालय रहेको वडामा बसोबास गर्ने विभिन्न जाति, जनजाति विशेष र सबैको साझा स्थानीय सामाजिक संस्कार र संस्कृतिको बारेमा ५ वटा वाक्यमा बताउन, आ-आफ्नो वेशभूषा चिन्न।
१५. पालिका क्षेत्रभित्रका समुदायहरुले मनाउने चाडपर्वहरु मध्ये ५ वटाको नाम बताउन।
१६. पालिका क्षेत्रभित्र रहेका प्रचलित स्थानीय खेलकुदहरु मध्ये ३ वटाको नाम बताउन र कम्तिमा २ वटा खेल खेल्न।
१७. गाउँपालिकाको आफू बसोसास गर्ने ठाउँमा प्रचलित लोकगीत र लोकनृत्यहरु मध्ये ४।४ वटाको नाम बताउन र कम्तिमा २।२ वटा लोकगीत गाउन र लोकनृत्य प्रदर्शन गर्न।
१८. गाउँपालिका क्षेत्रभित्र रहेका वडामा प्रचलित धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थलहरु मध्ये कुनै ३ वटाको नाम भन्न र एउटाको बारेमा ५ वाक्यमा बताउन।
१९. सबै जाति समुदायहरु समान हुन र कुनै प्रकारको भेदभाव वा छुवाछुत गर्नु हुँदैन भन्ने बताउन र साथीहरु बिच समानताको व्यवहार गर्ने।
२०. फरक क्षमता भएका असहाय वृद्धवृद्धा र अन्य विशेष सहयोग आवश्यकता पर्ने व्यक्तिहरुप्रति राम्रो बोली, व्यवहार र सहयोग गर्न।
२१. गाउँपालिका घोषणा भएको साल, जम्मा वडा सङ्ख्या, साविकको गाउँ विकास समिति सङ्ख्या बारे बताउन।

## २.८.३ कक्षा तीनको कक्षागत सिकाइ उपलब्धिहरु

१. आफू बसी रहेको ठाउँ गाउँ, वडा र जिल्लाको नाम बताउन र लेख्न।
२. आफ्नो सामान्य सरसफाइ आफै गर्न, चर्पीको सही प्रयोग गर्ने, दैनिक हातमुख धुन र रुमाल वा सफा कपडाले पुछ्न र फोहोर ढुङ्गामाटो आदि छोएपछि, विद्यालयबाट वा बाहिर गएर फर्केपछि र चर्पी प्रयोग गरेपछि साबुन पानीले हातमुख, खुट्टा धुन।
३. सफा खानेकुरा वा खानेकुरा सफा गरेर खान।
४. मुड्केचुला गाउँपालिका क्षेत्रभित्र उत्पादन हुने खाद्यान्न, सागसब्जी फलफूलको ५।५ वटासम्मको नाम बताउन र चिन्न र त्यसको उपभोगबाट हुने पोषण सुधार बारे भन्न।
५. आयतित कम पोषणयुक्त र बजारको पत्रु खानेकुराबाट हुने कुनै २ वटा बेफाइदा बताउन र स्थानीय ताजा पोषिलो कृषि उत्पादनका खानेकुराहरुको उपभोग गर्नुको कुनै २ वटा फाइदा बताउन।
६. आफूभन्दा ठूलालाई आदर सम्मान गर्ने, साइनो लगाएर बोल्ने र आफू सरह सानालाई माया गर्ने।
७. राम्रो वा असल बोली व्यवहार जस्तैः सभ्य शब्द साथीहरुसँग मिलनसार हुने सहयोग गर्ने, मिलेर बस्ने, खेल्ने र रमाइलो गर्ने आदि बानीहरुको प्रदर्शन गर्ने।

८. आफ्नो समाज, जाति, समुदाय र कुलघरानको भाषा असल मूल्यमान्यता, संस्कृति, संस्कार अनुसारको पाहुना, आफन्त र मान्यजनलाई अभिभावदन गर्न, साइनो लगाएर बोल्न र सत्कार गर्न।
९. आफ्नो घरवरिपरि गरिने कृषि गतिविधिहरु जस्तैः खेत जोत्ने, रोप्ने, बाली छर्ने, गोड्मेल गर्ने, बाली भित्र्याउने सोको उत्पादन र स्थानीय जडिबुटी चिन्न र कुनै ५ वटा कृषि उत्पादन र एउटा जडिबुटीको बारे बताउन।
१०. गाउँपालिका क्षेत्रभित्र गरिने पशुपालन सम्बन्धी बताउन र ती पशुपालनबाट हुने उत्पादनको उपयोग बारे बताउन र कम्तिमा १० वाक्यमा लेख्न।
११. पालिका क्षेत्रभित्रका समुदायहरुले गर्ने विभिन्न पेसा व्यवसायहरु मध्ये ५ वटाको नाम भन्न र कुनै एक पेसा व्यवसाय गर्ने तरिका भन्न र लेख्न।
१२. पालिका क्षेत्रभित्र बसोबास गर्ने ठाउँमा विगत र वर्तमानमा अपनाएको विभिन्न किसिमको स्थानीय सिप तथा प्रविधिहरु मध्ये ५ वटाको सिप तथा प्रविधिहरु चिन्न र भन्न सक्ने र कुनै एउटाको बारेमा कम्तिमा ५ वाक्यमा लेख्न।
१३. पालिकाको आफू बसोबास गर्ने ठाउँमा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरुको मातृभाषा बताउन र आ-आफ्नो मातृभाषामा आफ्नो परिचय दिन सक्ने र घरपरिवारमा बोलिने कम्तिमा ५० शब्दहरु र १० वाक्यहरु भन्न र बुझ्न।
१४. पालिकाको विद्यालय रहेको वडामा बसोबास गर्ने विभिन्न जाति, जनजाति विशेष र सबैको साझा स्थानीय सामाजिक, संस्कार र संस्कृतिको बारेमा १० वाक्यमा बताउन र कम्तिमा ५ वाक्यमा आ-आफ्नो वेशभूषाको महत्व बताउन।
१५. पालिका क्षेत्रभित्रका समुदायहरुले मनाउने चाडपर्वहरु मध्ये ८ वटाको नाम बताउन।
१६. पालिका क्षेत्रभित्र रहेका प्रचलित स्थानीय खेलकुदहरु मध्ये ४ वटाको नाम बताउन र कम्तिमा ३ वटा खेल खेल्न।
१७. गाउँपालिकाको आफू बसोसास गर्ने ठाउँमा प्रचलित लोकगीत र लोकनृत्यहरु मध्ये ५।५ वटाको नाम बताउन र कम्तिमा २।२ वटा लोकगीत गाउन र लोकनृत्य प्रदर्शन गर्न।
१८. गाउँपालिका क्षेत्रभित्र रहेका वडामा प्रचलित धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थलहरु मध्ये कुनै ३ वटाको नाम भन्न र एउटाको बारेमा १० वाक्यमा बताउन।
१९. सबै जाति समुदायहरु समान हुन र कुनै प्रकारको भेदभाव वा छुवाछुत गर्नु हुँदैन भन्ने बताउन र साथीहरु बिच समानताको व्यवहार गर्न।
२०. फरक क्षमता भएका असहाय वृद्धवृद्धा र अन्य विशेष सहयोग आवश्यकता पर्ने व्यक्तिहरुप्रति राम्रो बोली, व्यवहार र सहयोग गर्न।
२१. गाउँपालिका घोषणा भएको साल, जम्मा वडा सङख्या, साविकको गाउँ विकास समिति सङ्ख्या।

### २.८.४ कक्षा चारको कक्षागत सिकाइ उपलब्धिहरु

१. आफू बसी रहेको ठाउँ गाउँ, वडा, जिल्ला र प्रदेशको नाम लेख्न र कम्तिमा १० वाक्यमा मुड्केचुला गाउँपालिकाको बारेमा बताउन।
२. आफ्नो सामान्य सरसफाइ आफै गर्न, दैनिक हातमुख धुन र रुमाल वा सफा कपडाको प्रयोग गरी शरीर सफा र सुख्खा राख्न
३. सफा खानेकुरा वा खानेकुरा सफा गरेर खान।
४. मुड्केचुला गाउँपालिका क्षेत्रभित्र उत्पादन हुने खाद्यान्न, सागसब्जी, फलफूलको ७।७ वटासम्मको नाम बताउन, चिन्न लेख्न र त्यसको उपभोगबाट हुने पोषण सुधार बारे भन्न।

५. आयतित कम पोषणयुक्त र बजारको पत्रु खानेकुराबाट हुने कुनै ५ वटा बेफाइदा बताउन र स्थानीय ताजा पोषिलो कृषि उत्पादनका खानेकुराहरुको उपभोग गर्नुको कुनै ५ वटा फाइदा बताउन।
६. आफूभन्दा ठूलालाई आदर सम्मान गर्ने, साइनो लगाएर बोल्ने र आफू सरह, सानालाई माया गर्ने।
७. राम्रो वा असर बोली व्यवहार जस्तैः सभ्य शब्द, साथीहरुसँग मिलनसार हुने, सहयोग गर्ने, मिलेर बस्ने, खेल्ने र रमाइलो गर्ने आदि बानीहरुको विकास गर्ने।
८. आफ्नो समाज, जाति, समुदाय र कुलघरानको भाषा असल मूल्यमान्यता, संस्कृति, संस्कार अनुसारको पाहुना, आफन्त र मान्यजनलाई अभिभावदन गर्न, साइनो लगाएर बोल्न र सत्कार गर्न।
९. आफ्नो घरवरिपरि गरिने कृषि गतिविधिहरु जस्तैः खेत जोत्ने, रोप्ने, बाली छर्ने, गोड्मेल गर्ने, बाली भित्र्याउने सोको उत्पादन बारे बताउन, कृषि उत्पादन र जडिबुटीहरुको सूची बनाउन।
१०. गाउँपालिका क्षेत्रभित्र गरिने पशुपालन सम्बन्धी गतिविधिहरु कम्तिमा ८ वटाको बारेमा बताउन, यसको आवश्यकता र हेरचाह गर्ने सामान्य तरिका बारे छोटकरीमा भन्न।
११. पालिका क्षेत्रभित्रका समुदायहरुले गर्ने विभिन्न पेसा व्यवसायहरु मध्ये ८ वटाको नाम भन्न र कुनै २ वटा पेसा व्यवसायको बारेमा छोटकरीमा भन्न।
१२. पालिका क्षेत्रभित्र बसोबास गर्ने ठाउँमा विगत र वर्तमानमा अपनाएको विभिन्न किसिमको स्थानीय सिप तथा प्रविधिहरु मध्ये १० वटाको सिप तथा प्रविधिहरु चिन्न र कुनै २ को बारेमा कम्तिमा १० वाक्यमा लेख्न।
१३. आ-आफ्नो मातृभाषामा आफ्नो परिचय दिन र घरपरिवारमा बोलिने कम्तिमा १०० शब्दहरु, १ देखि २० सम्मका अङ्क र २० वाक्यहरु भन्न र बुझ्न।
१४. पालिकाको विद्यालय रहेको वडामा बसोबास गर्ने विभिन्न जाति, जनजाति विशेष र सबैको साझा स्थानीय सामाजिक संस्कार र संस्कृतिको बारेमा बताउन र आ-आफ्नो वेशभूषाको महत्व बताउन।
१५. पालिका क्षेत्रभित्रका समुदायहरुले मनाउने चाडपर्वहरु मध्ये १० वटाको नाम बताउन र कुनै ३ वटा चाडपर्व मनाउने तरिका र तिनको महत्व बताउन।
१६. पालिका क्षेत्रभित्र रहेका प्रचलित स्थानीय खेलकुदहरु मध्ये ४ वटाको नाम बताउन र कम्तिमा ४ वटा खेल खेल्न।
१७. गाउँपालिकाको आफू बसोसास गर्ने ठाउँमा प्रचलित लोकगीत र लोकनृत्यहरु मध्ये ५।५ वटाको नाम बताउन र कम्तिमा ३।३ वटा लोकगीत गाउन र लोकनृत्य प्रदर्शन गर्न।
१८. गाउँपालिका क्षेत्रभित्र रहेका वडामा प्रचलित धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थलहरु मध्ये कुनै ६ वटाको नाम भन्न र १।१ को बारेमा कम्तिमा १० वाक्यमा वर्णन गर्न।
१९. सबै जाति समुदायहरु समान हुन र कुनै प्रकारको भेदभाव वा छुवाछुत गर्नु हुँदैन भन्ने बताउन र साथी र समुदायहरुहरु बिच समानताको व्यवहार गर्ने।
२०. फरक क्षमता भएका असहाय वृद्धवृद्धा र अन्य विशेष सहयोग आवश्यकता पर्ने व्यक्तिहरुप्रति राम्रो बोली, व्यवहार र सहयोग गर्न।
२१. प्रदेश घोषणा भएको साल र गाउँपालिका घोषणा भएको साल, जम्मा वडा सङख्या साविकको गाउँ विकास समिति सङ्ख्या।
२२. जीवनपयोगी ४ वटा सिप भन्न र कम्तिमा १ वटा अभ्यास गर्न।
२३. आफ्नो वडामा सञ्चालित सहकारीको सामान्य परिचय दिन।

## २.८.५ कक्षा पाँचको कक्षागत सिकाइ उपलब्धिहरु

१. आफू बसी रहेको ठाउँ गाउँ, वडा, जिल्ला र प्रदेशको नाम लेख्न र कम्तिमा १० वाक्यमा मुड्केचुला गाउँपालिकाको र आफू बस्ने वडाको बारेमा बताउन ।

२. आफ्नो व्यक्तिगत सरसफाइ र घर तथा विद्यालय वरपर सफा राख्ने जस्ता कार्य आफै गर्न ।

३. सफा खानेकुरा वा खानेकुरा सफा गरेर खान ।

४. मुड्केचुला गाउँपालिका क्षेत्रभित्रको मौसम अनुसार उत्पादन हुने खाद्यान्न, सागसब्जी, फलफूलको नाम बताउन, चिन्न, लेख्न र त्यसको उपभोगबाट हुने पोषण सुधार बारे भन्न ।

५. आयतित कम पोषणयुक्त र बजारको पत्रु खानेकुराबाट हुने बेफाइदाहरु बताउन र स्थानीय ताजा पोषिलो कृषि उत्पादनका खानेकुराहरुको उपभोग गर्नुको फाइदा बताउन ।

६. आफूभन्दा ठूलालाई आदर सम्मान गर्ने, साइनो लगाएर बोल्ने र आफू सरह सानालाई माया गर्ने ।

७. राम्रो वा असल बोली व्यवहार जस्तैः सभ्य शब्द, साथीहरुसँग मिलनसार हुने, सहयोग गर्ने, मिलेर बस्ने, खेल्ने र रमाइलो गर्ने आदि बानीहरुको प्रस्तुती गर्ने ।

८. आफ्नो समाज, जाति, समुदाय र कुलघरानको भाषा, असल मूल्यमान्यता, संस्कृति, संस्कार अनुसारको पाहुना, आफन्त र मान्यजनलाई अभिभावदन गर्न, साइनो लगाएर बोल्न र सत्कार गर्न ।

९. आफ्नो घरवरिपरि गरिने कृषि गतिविधिहरु जस्तैः खेत जोत्ने, रोप्ने, बाली छर्ने, गोड्मेल गर्ने, बाली भित्र्याउने सोको उत्पादन बारे बताउन, कृषि उत्पादन र जडिबुटीहरुको सूची बनाई सो कार्य गर्ने तरिका बताउन ।

१०. गाउँपालिका क्षेत्रभित्र गरिने पशुपालन सम्बन्धी गतिविधिहरु कम्तिमा ८ वटाको बारेमा बताउन र कम्तिमा ३ वटाको आवश्यकता र हेरचाह गर्ने सामान्य तरिका बारे छोटकरीमा भन्न ।

११. गाउँपालिका क्षेत्रभित्र पाइने कुनै पाँच वटा जडिबुटीहरुको सूची तयार गरी सोको उपयोगिता बताउन र संरक्षण गर्न वा गराउनको लागि अभिभावकलाई सघाउन ।

१२. पालिका क्षेत्रभित्रका समुदायहरुले गर्ने विभिन्न पेसा व्यवसायहरु मध्ये १० वटाको नाम भन्न र कुनै ३ वटा पेसा व्यवसाय गर्त आवश्यक पर्ने ज्ञान सिपको बारेमा छोटकरीमा बताउन ।

१३. पालिका क्षेत्रभित्र बसोबास गर्ने ठाउँमा विगत र वर्तमानमा अपनाएको विभिन्न किसिमको स्थानीय सिप तथा प्रविधिहरु मध्ये १० वटाको सिप तथा प्रविधिहरु चिन्न र कुनै २ को बारेमा कम्तिमा २० वाक्यमा लेख्न ।

१४. आ-आफ्नो मातृभाषामा आफ्नो परिचय दिन र घरपरिवारमा बोलिने कम्तिमा २०० शब्दहरु, १ देखि ५० सम्मका अङ्क प्रयोग गरी वाक्यहरु बनाउन ।

१५. पालिकाको विद्यालय रहेको वडामा बसोबास गर्ने विभिन्न जाति, जनजाति विशेषका स्थानीय सामाजिक संस्कार र संस्कृतिको बारेमा बताउन र आ-आफ्नो वेशभूषा चिनी, चाडपर्व वा संस्कारको महत्व बताउन ।

१६. पालिका क्षेत्रभित्रका समुदायहरुले मनाउने चाडपर्वहरुको सूची बनाई कुनै ३ वटा चाडपर्व मनाउने तरिका र तिनको महत्व बताउन ।

१७. पालिका क्षेत्रभित्र रहेका प्रचलित स्थानीय खेलकुदहरुको सूची बनाई कम्तिमा ५ वटा खेल खेल्न र खेलकुदको महत्व बताउन ।

१८. गाउँपालिकाको आफू बसोसास गर्ने ठाउँमा प्रचलित लोकगीत र लोकनृत्यहरु मध्ये ५।५ वटाको नाम बताउन र कम्तिमा ४।४ वटा लोकगीत गाउन र लोकनृत्य प्रदर्शन गर्न ।

१९. गाउँपालिका र जिल्ला भित्र रहेका प्रचलित धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थलहरुको छुट्टाछुट्टै सूची बनाई १।१ वटाको बारेमा संक्षिप्त परिचय।

२०. जातजाति, समुदायहरु बिच कुनै प्रकारको भेदभाव वा छुवाछुत गर्नु हुँदैन भन्ने बताउन र साथी र समुदायमा एकआपसमा समानताको व्यवहार गर्ने।

२१. फरक क्षमता भएका असहाय वृद्धवृद्धा र अन्य विशेष सहयोग आवश्यकता पर्ने व्यक्तिहरुप्रति राम्रो बोली, व्यवहार र सहयोग गर्न। उनीहरुलाई सहयोग आवश्यक पर्ने व्यक्तिहरु पहिचान, उनीहरुलाई दैनिक जीवनमा आइपरेका समस्याहरुको पहिचान र उनीहरुप्रति सकारात्मक व्यवहार प्रदर्शन गर्न।

२२. नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य घोषणा भएको मिति र हालको गाउँपालिका घोषणा भएको साल, जम्मा वडा सङख्या साविकको गाउँ विकास समिति सङ्ख्या।

२३. जीवनपयोगी ५ वटा सिप भन्न र कम्तिमा २ वटा अभ्यास गर्न।

२४. आफ्नो वडामा सञ्चालित सहकारीको सामान्य परिचय दिन। सहकारीमा सदस्यता प्राप्तिका आधारहरु बताउन, सहकारीको परिभाषा दिन, परिवारको सदस्य रहेको सहकारीको नाम भन्न, उक्त सहकारीको स्थापना, सञ्चालन समितिको नाम र सदस्यलाई दिएको वा दिनसक्ने कुनै १ सेवा भन्न।

## २.८.६ कक्षा छ को कक्षागत सिकाइ उपलब्धिहरु

१. आफ्नो गाउँ, टोल र मुड्केचुला गाउँपालिकाको परिचय दिन।

२. आफ्नो व्यक्तिगत सरसफाइ जस्तैः आफ्नो शारीरिक सरसफाइ, आफ्नो पोसाक र अन्य लुगा कपडा धुने, इस्त्री गर्ने, मिलाएर राख्ने, आफ्नो सामानहरु यथास्थानमा मिलाएर राख्ने जस्ता कार्य आफै गर्ने र घरपरिवारको सरसफाइमा सहयोग गर्न र घर, बाटो, विद्यालय, सार्वजनिक स्थलमा तोकिएको ठाउँमा फोहोर राख्ने वा फ्याक्ने बानी प्रदर्शन गर्न।

३. सफा खानेकुरा खाने तथा सफा पिउने र खाना सफा गरेर खाने बानी प्रदर्शन गर्न।

४. मुड्केचुला गाउँपालिका क्षेत्रभित्रको मौसम अनुसार उत्पादन हुने विभिन्न खाद्यान्न, सागसब्जी, फलफूलको नाम बताउन र चिन्न, लेख्न र त्यसको उपभोगबाट हुने पोषण सुधार बारे भन्न।

५. आयतित कम पोषणयुक्त र बजारको पत्रु खानेकुराबाट हुने बेफाइदाहरु बताउन र स्थानीय ताजा पोषिलो, कृषि उत्पादनका खानेकुराहरुको उपभोग गर्नुको फाइदा बताउन।

६. असल, सभ्य र नैतिकवान बानी जस्तैः सभ्य र सुसंस्कृत बोलीव्यहार, अभिवादन, स्वागत, आतिथ्यता, सत्कार, सम्मान मिलनसारिता, सहयोगीपन, दयामाया, असल चालचलनहरु र व्यवहारको प्रदर्शन गर्न।

७. पालिका भित्र गरिने कृषि गतिविधिहरु जस्तैः खेत जोत्ने, रोप्ने, बाली छर्ने, गोड्मेल गर्ने, बाली भित्र्याउने, सोको उत्पादन बारे बताउन, कृषि उत्पादन र जडिबुटीहरुको सूची बनाउन र कुनै एक व्यवसायिक अन्नबाली वा तरकारी खेतीमा सहयोगीको भूमिका निर्वाह गर्न।

८. गाउँपालिका क्षेत्रभित्र गरिने पशुपालन सम्बन्धी गतिविधिहरु बताउन र कुनै एक किसिमको पशुपंक्षीपालनको अभ्यासमा सहायक भूमिका निर्वाह गर्न।

९. गाउँपालिका क्षेत्रभित्र पाइने कुनै ६ वटा जडिबुटीहरुको सूची तयार गरी सोको उपयोगिता बताउन र संरक्षण गर्न वा गराउनको लागि अभिभावकलाई सघाउन।

१०. पालिका क्षेत्रभित्रका समुदायहरुले गर्ने विभिन्न पेसा व्यवसायहरु मध्ये १० वटाको नाम भन्न र कुनै ४ वटा पेसा व्यवसाय गर्त आवश्यक पर्ने ज्ञान सिपको बारेमा बताउन।

११. गाउँपालिकामा गरिने प्रमुख उद्यम व्यवसायहरुलाई शारीरिक, मानसिक वा दुबै श्रमको आवश्यकता पर्ने गरी ३ समुहमा विभाजन गर्न।

१२. पालिका क्षेत्रभित्र बसोबास गर्ने ठाउँमा विगत र वर्तमानमा अपनाएको विभिन्न किसिमको स्थानीय सिप तथा प्रविधिहरु मध्ये १० वटाको सिप तथा प्रविधिहरुको बारेमा सामान्य परिचय दिन र कुनै एक सिप तथा प्रविधि तयार पार्न वा सोको लागि सहयोग गर्न।

१३. पालिकामा बसोबास गर्ने विभिन्न जातिहरुको मातृभाषामा मौलिक संस्कृति र सामाजिक संस्कारहरुको सूची बनाई आ-आफ्नो भाषा संस्कृतिको महत्व बताउन।

१४. पालिकामा बसोबास गर्ने विभिन्न जाति जनजाति विशेषका सामाजिक संस्कार र संस्कृति मध्ये कुनै ३ सामाजिक संस्कार र संस्कृति मनाउने तरिका बताउन र ती चाडपर्व पर्ने महिना, तिथि बताउन।

१५. पालिका क्षेत्रभित्रका समुदायहरुले मनाउने चाडपर्वहरुको सूची बनाई कुनै ३ वटा चाडपर्व मनाउने तरिका र महत्व बताउन।

१६. पालिका क्षेत्रभित्र रहेका प्रचलित स्थानीय खेलकुदहरुको सूची बनाई कम्तिमा ६ वटा खेलका नियमहरु भनी ती खेलहरु खेल्न। खेलकुदको शारीरिक, मानसिक तथा मनोबैज्ञानिक महत्व बताउन।

१७. गाउँपालिकाको आफू बसोसास गर्ने ठाउँमा प्रचलित लोकगीत र लोकनृत्यहरुको नाम बताउन र कम्तिमा ५।५ वटा लोकगीत गाउन र लोकनृत्य प्रदर्शन गर्न।

१८. गाउँपालिका र जिल्ला भित्र रहेका प्रचलित धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थलहरुको छुट्टाछुट्टै सूची बनाई २।२ वटाको बारेमा संक्षिप्त परिचय दिन।

१९. पालिका र जिल्लामा रहेका प्रचलित मुख्य धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक स्थलहरुको सामाजिक, सांस्कृतिक तथा आर्थिक महत्व बारे भन्न।

२०. जातजाति तथा समुदायहरु बिच कुनै प्रकारको भेदभाव वा छुवाछुत गर्नु हुँदैन भन्ने बताउन र साथी र समुदायमा एकआपसमा समानता र समावेशीताको मर्म अनुरुपको व्यवहार गर्ने।

२१. फरक क्षमता भएका असहाय वृद्धवृद्धा र अन्य विशेष सहयोग आवश्यकता पर्ने व्यक्तिहरुप्रति राम्रो बोली, व्यवहार र सहयोग गर्न। उनीहरुलाई सहयोग आवश्यक पर्ने व्यक्तिहरु पहिचान, उनीहरुलाई दैनिक जीवनमा आइपरेका समस्याहरुको पहिचान र उनीहरुप्रति सकारात्मक व्यवहार प्रदर्शन गर्न।

२२. गाउँपालिकाका विभिन्न शाखाहरुको नाम भन्न र १।१ वटा काम बताउन।

२३. जीवनपयोगी ५ वटा सिप भन्न र कम्तिमा ३ वटा अभ्यास गर्न।

२४. सहकारीको साधारण सभाको महत्व बताउन, परिवारको सदस्य रहेको सहकारीको नाम भन्न उक्त सहकारीको स्थापना सञ्चालक समितिको पदाधिकारी तथा सहकारीका सदस्यहरुको नाम र सदस्यलाई दिएको वा दिनसक्ने कुनै २ सेवा भन्न।

## २.८.७ कक्षा सातको कक्षागत सिकाइ उपलब्धिहरु

१. आफ्नो गाउँ, टोल र मुड्केचुला गाउँपालिकाको भौगोलिक अवस्था, सामाजिक, सांस्कृतिक, आर्थिक, स्थानीय स्रोतसाधन, कला, साहित्य आदि विषयलाई समेटेर परिचय दिन।

२. आफ्नो व्यक्तिगत सरसफाइका कार्य आफै गर्ने र घरपरिवारको सरसफाइमा सहयोग गर्न र घर, बाटो, विद्यालय, सार्वजनिक स्थलको सरसफाइ गर्ने र सरसफाइमा सहयोग गर्न।

३. सफा खानेकुरा खाने तथा सफा पानी मात्र पिउने।

४. मुड्केचुला गाउँपालिका क्षेत्रभित्र उत्पादन हुने विभिन्न खाद्यान्न, सागसब्जी, फलफूलको ५।५ वटा नाम, त्यसको उपभोगबाट पोषणमा हुने सुधार बारे बताउन।

५. आयतित कम पोषणयुक्त र बजारको पत्रु खानेकुराको सट्टा स्थानीय ताजा पोषिलो कृषि उत्पादनका खानेकुराहरुको उपभोग गर्नुको फाइदा बारे समुदायमा सचेतना फैलाउन।

६. घरपरिवार, समुदाय, समाज, विद्यालय, बजार आदि ठाउँमा असल, सभ्य र नैतिकवान बानी व्यवहार प्रदर्शन गर्न।

७. पालिकाभित्र गरिने कृषि गतिविधिहरु र कृषि उत्पादन बारे सूची बनाई कुनै २ व्यवसायिक अन्नबाली वा तरकारी खेतीमा सहयोगीको भूमिका निर्वाह गर्न।

८. गाउँपालिका क्षेत्रभित्र गरिने पशुपालन सम्बन्धी गतिविधिहरु बताउन र कुनै २ किसिमको पशुपंक्षी पालनको अभ्यासमा सहायक भूमिका निर्वाह गर्न।

९. गाउँपालिका क्षेत्रभित्र पाइने कुनै ७ वटा जडिबुटीहरुको उपयोगिता बताउन र संरक्षण गर्न वा गराउनको लागि अभिभावकलाई सघाउन।

१०. पालिका क्षेत्रभित्रका समुदायहरुले गर्ने कुनै ५ वटा पेसा व्यवसायहरुका लागि आवश्यक पर्ने ज्ञान, सिप र सोबाट प्रदान गरिने उत्पादन र सेवाको बारेमा बताउन।

११. गाउँपालिकामा गरिने प्रमुख उद्यम व्यवसायहरु मध्ये शारीरिक, मानसिक वा दुबै श्रमको आवश्यकता पर्ने कुनै १।१ उद्यम व्यवसायको बारेमा बताउन।

१२. उपभोक्ता समितिको परिचय, गठन प्रक्रिया बारे जानकारी दिन।

१३. पालिका क्षेत्रभित्र बसोबास गर्ने ठाउँमा विगत र वर्तमानमा अपनाएको विभिन्न किसिमको स्थानीय सिप तथा प्रविधिहरु मध्ये १० वटाको सिप तथा प्रविधिहरुको बारेमा सामान्य परिचय दिन र कुनै २ सिप तथा प्रविधि तयार पार्न वा सोको लागि सहयोग गर्न।

१४. पालिकामा बसोबास गर्ने विभिन्न जातिहरुको मातृभाषा, मौलिक संस्कृति र सामाजिक संस्कारहरुको सूची बनाई कुनै २ वटाको बारेमा विस्तृत रुपमा बताउन।

१५. पालिकामा बसोबास गर्ने विभिन्न जाति, जनजाति विशेषका सामाजिक संस्कार र संस्कृति मध्ये कुनै ४ सामाजिक संस्कार र संस्कृति मनाउने तरिका बताउन र ती चाडपर्व पर्ने महिना, तिथि बताउन।

१६. पालिका क्षेत्रभित्रका समुदायहरुले मनाउने चाडपर्वहरुको सूची बनाई कुनै ४ वटा चाडपर्व मनाउने तरिका र महत्व बताउन।

१७. पालिका क्षेत्रभित्र रहेका प्रचलित स्थानीय र आयतित खेलकुदहरुको सूची बनाई कम्तिमा ५ वटा स्थानीय र एउटा आयतित खेलका नियमहरु भनी ती खेलहरु खेल्न।

१८. खेलकुदको शारीरिक, मानसिक तथा मनोबैज्ञानिक महत्व बताउन।

१९. गाउँपालिकाको आफू बसोसास गर्ने ठाउँमा प्रचलित लोकगीत र लोकनृत्यहरुको नाम बताउन र कम्तिमा ५।५ वटा लोकगीत गाउन र लोकनृत्य प्रदर्शन गर्न र सामाजिक, सांस्कृतिक र पर्यटकीय महत्व बताउन।

२०. गाउँपालिका र जिल्ला भित्र रहेका प्रचलित धार्मिक, सांस्कृतिक पर्यटकीय स्थलहरुको छुट्टाछुट्टै सूची बनाई ३।३ वटाको बारेमा संक्षिप्त परिचय।

२१. पालिका र जिल्लामा रहेका प्रचलित मुख्य धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक स्थलहरुको सामाजिक, सांस्कृतिक तथा आर्थिक महत्व बारे उदाहरण सहित भन्न ।
२२. जातजाति तथा समुदायहरु बिच कुनै प्रकारको भेदभाव वा छुवाछुत गर्नु हुँदैन भन्ने बताउन र साथी र समुदायमा एकआपसमा समानताको व्यवहार गर्ने ।
२३. गाउँपालिकाका विभिन्न शाखाहरुको नाम भन्न र २।२ वटा काम बताउन ।
२४. जीवनपयोगी ५ वटा सिप भन्न र कम्तिमा ४ वटा अभ्यास गर्न ।
२५. सहकारीको परिभाषा दिई आफ्नो परिवारको सदस्य रहेको सहकारीको नाम भन्न र सहकारी सञ्चालनका कुनै ५ वटा मापदण्ड बताउन ।

## २.८.८ कक्षा आठको कक्षागत सिकाइ उपलब्धिहरु

१. मुड्केचुला गाउँपालिकाको भौगोलिक, जनसाङख्यिक, सामाजिक, प्रशासनिक र राजनैतिक अवस्था बारे बताउन ।
२. गाउँपालिकाको प्रशासनिक र राजनैतिक अवस्था छुट्टिने गरी नक्शा तयार गर्न ।
३. आफ्नो व्यक्तिगत सरसफाइका कार्य आफै गर्ने र घरपरिवारको सरसफाइमा सहयोग गर्न र घर, बाटो, विद्यालय, सार्वजनिक स्थलको सरसफाइ गर्ने र सरसफाइमा भाग लिन ।
४. स्वास्थ्य समस्याको रोकथा सम्बन्धी बानी व्यवहार प्रस्तुत गर्न ।
५. मुड्केचुला गाउँपालिका उत्पादन हुने विभिन्न खाद्यान्न, सागसब्जी,फलफूलको सूची तयार गरी त्यसको उपयोगिता बारे बताउन ।
६. असल, सभ्य र नैतिकवान बानी व्यवहारको प्रस्तुत गर्न ।
७. पालिकाभित्र गरिने कृषि गतिविधिहरु र कृषि उत्पादन बारे सूची बनाई कुनै ३ व्यवसायिक अन्नबाली वा तरकारी खेतीको महत्व बताउन ।
८. गाउँपालिका क्षेत्रभित्र गरिने पशुपालन सम्बन्धी गतिविधिहरु बताउन र कुनै ३ किसिमको पशुपंक्षी पालनको अभ्यासमा सहायक भूमिका निर्वाह गर्न ।
९. गाउँपालिका क्षेत्रभित्र पाइने जडिबुटीहरुको उपयोगिता बताउन र संरक्षण गर्न वा गराउनको लागि अभिभावकलाई सघाउन ।
१०. पालिका क्षेत्रभित्रका समुदायहरुले गर्ने विभिन्न पेसा व्यवसायहरुका लागि आवश्यक पर्ने ज्ञान, सिप र सोबाट प्रदान गरिने उत्पादन र सेवाको बारेमा बताउन ।
११. गाउँपालिकामा गरिने प्रमुख उद्यम व्यवसायहरु मध्ये शारीरिक, मानसिक वा दुबै श्रमको आवश्यकता पर्ने कुनै २।२ उद्यम व्यवसायको बारेमा बताउन ।
१२. उपभोक्ता समितिको आवश्यकता गठन र बैठक सञ्चालन प्रकिया तथा महत्व बताउन ।
१३. पालिका क्षेत्रभित्र बसोबास गर्ने ठाउँमा विगत र वर्तमानमा अपनाएको विभिन्न किसिमको स्थानीय सिप तथा प्रविधिहरुको बारेमा सामान्य परिचय दिन र कुनै ३ सिप तथा प्रविधि तयार पार्न वा सोको लागि सहयोग गर्न ।
१४. पालिकामा बसोबास गर्ने विभिन्न जातिहरुको मातृभाषा मौलिक संस्कृति र सामाजिक संस्कारहरुको सूची बनाई कुनै ३ वटाको बारेमा विस्तृत रुपमा बताउन ।
१५. पालिकामा बसोबास गर्ने विभिन्न जाति, जनजाति विशेषका सामाजिक संस्कार र संस्कृति मध्ये कुनै ५ वटाको मनाउने तरिका बताउन र ती चाडपर्व पर्ने महिना तिथि बताउन ।

१६. पालिका क्षेत्रभित्रका समुदायहरुले मनाउने चाडपर्वहरुको सूची बनाई कुनै ५ वटा चाडपर्व मनाउने तरिका र महत्व बताउन।

१७. पालिका क्षेत्रभित्र रहेका प्रचलित स्थानीय र आयतित खेलकुदहरुको सूची बनाई उक्त खेलका नियमहरु भनी ती खेलहरु खेल्न।

१८. खेलकुदको शारीरिक, मानसिक तथा मनोबैज्ञानिक महत्व बताउन।

१९. गाउँपालिकाको आफू बसोसास गर्ने ठाउँमा प्रचलित लोकगीत र लोकनृत्यहरुको नाम बताउन र कम्तिमा ५।५ वटा लोकगीत गाउन र लोकनृत्य प्रदर्शन गर्न र सामाजिक, सांस्कृतिक र पर्यटकीय महत्व बताउन।

२०. गाउँपालिका र जिल्ला भित्र रहेका प्रचलित धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थलहरुको छुट्टाछुट्टै सूची बनाई ४।४ वटाको बारेमा संक्षिप्त परिचय बताउन र लेख्न।

२१. पालिका र जिल्लामा रहेका प्रचलित मुख्य धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक स्थलहरुको सामाजिक, सांस्कृतिक तथा आर्थिक महत्व बारे उदाहरण सहित भन्न।

२२. सबै जाति तथा समुदाय समान हो र कुनै प्रकारको भेदभाव वा छुवाछुत गर्नु हुँदैन भन्ने बताउन र साथी र समुदायमा एकआपसमा समानताको व्यवहार गर्ने। विभेद र छुवाछुत कानुनी रुपमा दण्डनीय कार्य हो भन्ने बारे बताउन।

२३. गाउँपालिकाका विभिन्न शाखाहरुको नाम भन्न र ५।५ वटा काम बताउन।

२४. लोकतन्त्र, गणतन्त्र र सङ्घीयताको अर्थ र नेपालमा यसको आवश्यकता बारे बताउन

२५. जीवनपयोगी ६ वटा सिप भन्न र कम्तिमा ५ वटा अभ्यास गर्न।

२६. सहकारीको आवश्यकता र सञ्चालक समितिको काम, कर्तव्य र अधिकार बताउन।

## २.९ स्थानीय पाठ्यक्रमको विषयवस्तुको क्षेत्र र क्रम

यस पाठ्यक्रमको क्षेत्रमा कक्षागत उद्धेश्य हासिल गर्नका लागि विषयगतऽ क्षेत्रगत तथा उपक्षेत्र सिकाइ उपलब्धि, विस्तृत विषयवस्तु, सम्भावित शिक्षण सिकाइ विधि तथा प्रक्रिया तथा क्रियाकलाप, शैक्षिक सामग्रीहरु, मूल्याङ्कन विधि तथा प्रक्रिया र पाठ्यभार निर्धारण गरिएको छ। विद्यार्थीको उमेर, सिकाइ क्षमता, बाल मनोविज्ञान, विषयवस्तु, विद्यमान मूल्याङ्कन प्रणाली, समानता एवं राष्ट्रिय पाठ्यक्रम प्रारुपले र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन सम्बन्धी मार्गदर्शनले गरेका व्यवस्थाहरुलाई मध्यनजर गरेर स्थानीय पाठ्यक्रमको ढाँचालाई एकभन्दा बढी कक्षाका लागि एकै स्तरको पाठ्यक्रम ढाँचामा उल्लेख वा तयार गरिएको भएतापनि माथिल्लो कक्षामा विषयवस्तुहरुलाई क्रमशः सामान्यबाट विशिष्ट तर्फ र सुक्ष्मबाट बृहत बनाउँदै व्यवस्थित गरिएको छ। तसर्थ, सोही अनुसार उपयुक्त र प्रभावकारी शिक्षण सिकाइ विधिको प्रयोग, बालबालिकाहरुलाई उनीहरुको रुची, उमेर र क्षमता अनुरुप सिकाउँदै लैजानु पर्नेछ। त्यसैगरी सिकाइ उपलब्धि मापन वा मूल्याङ्कन विधि पनि व्यवहारिक हुनेगरी प्रयोगात्मक विधिलाई अझ बढी नतिजामुखी सिकाइ मापन गर्न सकिने तरिकाहरु अपनाउनु पर्नेछ। यसरी कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रमको विषयवस्तुको आधारमा निम्नानुसार क्षेत्र र क्रम निर्धारण गरिएको छ।

| क्र. सं. | विषय क्षेत्र/थिम | कक्षा–१ | कक्षा–२ | कक्षा–३ | कक्षा–४ | कक्षा–५ | कक्षा–६ | कक्षा–७ | कक्षा–८ |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | हाम्रो गाउँपालिकाको परिचय | • मुड्केचुला गाउँपालिकाको नक्सा र चित्र अध्ययन<br>• चित्रका आधारमा पालिकाको पहिचान।<br>• पालिकाको पूर्व, पश्चिम, उत्तर र दक्षिण भौगोलिक दिशाको जानकारी।<br>• आफ्नो ठाउँको मौसमको बारेमा सामान्य जानकारी।<br>• वडा कार्यालय र वडा समितिका सदस्यहरुको बारेमा जानकारी।<br>• पालिकामा विकासका पूर्वाधारहरु जस्तैः बाटो बिजुली, स्वास्थ्य, शिक्षा, खानेपानी, यातायात र सञ्चारको चित्र र सामान्य वर्णन। | • डोल्पा जिल्लाको नक्सामा मुड्केचुला गाउँपालिकाको पहिचान।<br>• पालिकाको अवस्थिति।<br>• आफू बसेको वडाको सिमाना।<br>• गर्मी र जाडो मौसम झल्किने चित्रहरु<br>• चैत्रदेखि असोजसम्म गर्मी र कार्तिकदेखि फागुनसम्म जाडो।<br>• वडा समितिका सदस्यहरुको पहिचान<br>• वडामा हुने विकास निर्माणको सूची तयार गरी प्रस्तुत गर्न।<br>• पालिकाका विकासका पूर्वाधारहरुको पहिचान र सामान्य परिचय (जस्तैः शिक्षा, स्वास्थ्य, खानेपानी, बिजुली, यातायात र सञ्चार) | • कर्णाली प्रदेशको नक्सामा डोल्पा र मुड्केचुला गाउँपालिका पहिचान गर्न।<br>• पालिकाको वडाको सिमाना छुट्ट्याउने अभ्यास।<br>• जाडो र गर्मी मौसमले पालिकालाई पार्ने प्रभाव।<br>• वडा समितिको गठन विधि।<br>• वडा समितिका कार्याहरु जस्तैः जन्म, मृत्यु, विवाह, बसाइसराई आदि।<br>• स्थानीय विकासका पूर्वाधारहरुको उपयोगिता र महत्व । | नेपालको नक्सामा मुड्केचुला गाउँपालिका<br>• मुड्केचुला गाउँपालिकाको अवस्थिति, बनावट भिरालो र समथर भूभाग<br>• कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको परिचय<br>• वडाबाट प्रवाह हुने सेवा सुविधाहरु<br>• शिक्षालयहरु<br>• स्वास्थ्य सेवा प्रदायक संस्थाहरु<br>• खानेपानीका स्रोतहरु जस्तैः कुवा, मुहान, नदी, खोला, ताल<br>• विकासका लागि चुनौतको पहिचान।<br>धुम्रपान, मद्यपान र छुवाछुत। | • मुड्केचुला गाउँपालिकाको अवस्थिति, उचाइ, क्षेत्रफल र हावापानी।<br>• कर्णाली प्रदेशको नक्सामा मुड्केचुला गाउँपालिकाको पहिचान र नक्सा कोर्ने अभ्यास।<br>• स्थानीय सरकारको भूमिका र महत्व।<br>• पालिकाको विकास पूर्वाधारको विद्यमान अवस्था।<br>• पालिकाकाको यातायात, विद्युत, सञ्चार सेवा, सम्बन्धी चुनौतीका कारणहरु त्यसका असर र असर न्यूनीकरणका उपायहरु,<br>जातीय छुवाछुत र भेदभाव, महिला एवं लैङ्गीक हिंसा। | • मुड्केचुला गाउँपालिकाको अवस्थिति, सिमाना र मुख्य नाका एवं प्रवेशद्वारहरु।<br>• पालिकाको चारैतिरका सिमानाहरु।<br>• जनप्रतिनिधिहरुको नाम<br>• पालिकाको वडाको केन्द्र र वडा सङ्ख्या<br>• विकास निर्माणमा स्थानीय सरकारको योगदान।<br>• वडा शिक्षा समितिको गठन प्रक्रिया<br>• पालिकाको स्वास्थ्य र शिक्षा नीति र कार्यक्रम<br>• पालिका र वडामा रहेका शिक्षण संस्थाहरु र शिक्षण विषय<br>• स्थानीय समाज सेवाको परिचय र पहिचान।<br>• समाजसेवाको महत्व र विशेषताहरु।<br>चित्रका आधारमा पालिकाको पहिचान। | • मुड्केचुला गाउँपालिकाको नक्सामा महत्वपूर्ण ठाउँहरुको पहिचान र नामाङ्कन<br>• पालिकाको मुख्य सिमाना र नाकाहरुको महत्व तथा विशेषता<br>• पालिकाको न्यायिक समिति<br>• पालिकाको विषयगत समितिका कार्यहरु र बैठक सञ्चालन प्रक्रिया<br>• पालिकामा प्राविधिक धारमा अध्ययन हुने विद्यालयहरु।<br>• गाउँ शिक्षा समितिको गठन<br>• विद्युत वितरण र बैकल्पिक आपूर्तिको अवस्था।<br>• स्थानीय समाज सेवाका गतिविधिहरु<br>• समाज सेवाको असर कामको पहिचान र प्रस्तुतीकरण।<br>• प्रदेशको नक्सा कोरी जिल्लाहरु छुट्ट्याउने। | • आफ्नो प्रदेशको सामान्य जानकारी<br>• मूड्केचुला गाउँपालिकाको राजनैतिक र प्रशासनिक संरचना र सम्बन्ध।<br>• मुड्केचुला गाउँपालिकाको भौगोलिक अवस्थिति।<br>• गाउँपालिकाको कार्यपालिका, व्यवस्थापिक र न्याय सम्पादन प्रक्रिया<br>• पालिकाको ऐतिहासिक र धार्मिक पर्यटकीय क्षेत्रका महत्वपूर्ण स्थान सहितको सङ्केत गरिएको नक्सा।<br>• पालिकाको मुख्य विशेषताहरु।<br>• पालिका अध्यक्ष र उपाध्यक्षको सामान्य पहिचान र कामहरु।<br>• कार्यपालिका. व्यवस्थापिकाको काम, कर्तव्य तथा अधिकार।<br>• पालिकाका विषयगत समितिहरुको गठन र |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | कामहरु । <br>• गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार । <br>• पालिका भित्र रहेका समग्र विकास पूर्वाधारहरुको विवेचना उपलब्धता र गुणस्तरीयता । <br>• समाज सेवाको परिचय, महत्व असर समाजसेवी हुनका लागि चाहिने गुणहरु वा विशेषता । |
| २ | स्वास्थ्य र सरसफाइ | • सामान्य व्यक्तिगत सरसफाइ र हात धुने तरिका । | • सामान्य व्यक्तिगत सरसफाइ । <br>• चर्पीको सही प्रयोग । <br>• सफा र सुरक्षित खानेकुरा खान । <br>• सही तरिकाले हात धुने तरिका । | • आफ्नो सरसफाइ । <br>• चर्पीको सही प्रयोग गर्ने बानी । <br>• सफा र सुरक्षित खानेकुरा खान । <br>• सही तरिकाले हात धुने तरिका । | • दैनिक रुपमा आफ्नो सरसफाइ गर्ने बानी । <br>• चर्पीको सही प्रयोग गर्ने बानी । <br>• सफा र सुरक्षित खानेकुरा खान । <br>• सही तरिकाले हात धुने तरिका । <br>• सडेगलेका वा बिग्रेका खानेकुरा र त्यसको व्यवस्थापन । | • दैनिक रुपमा गरिने आफ्नो व्यक्तिगत सरसफाइ । <br>• आफ्नो पोसाक वा सरसामानहरुको व्यवस्थापन । <br>• सफा र सुरक्षित खानेकुरा खान । <br>• तोकिएको स्थलमा फोहोर फाल्ने बानी । <br>• सडेगलेका वा बिग्रेका खानेकुरा र त्यसको व्यवस्थापन । | • दैनिक रुपमा गरिने आफ्नो व्यक्तिगत सरसफाइ । <br>• आफ्नो पोसाक वा सरसामानहरुको व्यवस्थापन । <br>• सफा र सुरक्षित खानेकुरा खान । <br>• तोकिएको स्थलमा फोहोर फाल्ने बानी । <br>• सडेगलेका वा बिग्रेका खानेकुराबाट हुने हानी । | • दैनिक रुपमा गरिने आफ्नो व्यक्तिगत सरसफाइ । सफा पिउने पानीबाट शरीरलाई हुने फाइदाहरु । <br>• आफ्नो पोसाक वा सरसामानहरुको व्यवस्थापन । <br>• खानेकुरा सुरक्षित राख्ने तरिका । <br>• तोकिएको स्थलमा फोहोर फाल्ने बानी । <br>• स्वस्थ्य समस्याको रोकथाम सम्बन्धी बानी र व्यवहार । | • दैनिक रुपमा गरिने आफ्नो व्यक्तिगत सरसफाइ । सफा पिउने पानीबाट शरीरलाई हुने फाइदाहरु । <br>• आफ्नो पोसाक वा सरसामानहरुको व्यवस्थापन । <br>• खानेकुरा सुरक्षित राख्ने तरिका । <br>• सार्वजनिक स्थलहरुको सरसफाई र विद्यार्थीको भूमिका । <br>• स्वस्थ्य समस्याको रोकथाम सम्बन्धी बानी र व्यावहार । |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | मातृभाषा, संस्कृति र चाडपर्व | • गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा बसोबास गर्ने विभिन्न जाति र जनजातिहरुको सूची।<br>• उनीहरुको मातृभाषाको सूची र सामान्य परिचय | • गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरुको मातृभाषा बताउने र आ-आफ्नो परिचय दिन सक्ने र घरपरिवारमा बोलिने कम्तिमा २० शब्दहरु र ५ वाक्यहरु भन्न र बुझ्न। | • आफ्नो मातृभाषामा आफ्नो परिचय दिन सक्ने र घरपरिवारमा बोलिने कम्तिमा ५० शब्दहरु र १० वाक्यहरु भन्न र बुझ्न। | • आफ्नो मातृभाषामा आफ्नो र घरपरिवारको परिचय दिन र घरपरिवारमा बोलिने कम्तिमा १०० शब्दहरु र १ देखि २० सम्मका अङ्क र २० वाक्यहरु भन्न र बुझ्न। | • गाउँपालिकामा रहेका प्रचलित मुख्य धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक स्थलहरुको छुट्टाछुट्टै सूची बनाई १।१ वटाको संक्षिप्त परिचय बताउन। | • गाउँपालिकामा रहेका प्रचलित मुख्य धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक स्थलहरुको छुट्टाछुट्टै सूची बनाई २।२ वटाको संक्षिप्त परिचय बताउन। | • गाउँपालिकामा रहेका प्रचलित मुख्य धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक स्थलहरुको छुट्टाछुट्टै सूची बनाई ३।३ वटाको संक्षिप्त परिचय बताउन। | • गाउँपालिकामा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरुको मातृभाषा, मौलिक संस्कृति र सामाजिक संस्कारहरुको सूची बनाई कुनै ३ वटाको बारेमा विस्तृत रुपमा बताउन। |
| ४ | ऐतिहासिक, धार्मिक, पर्यटकीय स्थलहरु | गाउँपालिकाको लोकबाजाः<br>• मादल, बाँसुरी, पञ्चे बाजा, खैजडी, मुजुरा, सारङगी गाउँपालिकाका चाडपर्वहरुः जस्तैः दसै, तिहार, माघेसक्रान्ती, तीज, साउने सक्रान्ती आदि।<br>• स्थानीय सरसामानहरु भाँडावर्तनको पहिचान चुल्हो, ताप्के, ताउलो, पन्यु, डाडु, कराइ, ठेकी, गाग्री, मदानी, कचौरा, लोटा, तावा, दिप्ची आदि।<br>•स्थानीय चाडपर्वको पहिचान। | • हाम्रा सम्पदाहरुः जस्तैः जल, वन र पर्यटकीय स्थलहरुको परिचय।<br>• गाउँपालिकामा बसोबास गर्ने जातजाति र स्थानीय वेशभूषा वा पहिरनको परिचय।<br>• गाउँपालिकाको लोकबाजाको परिचय र बजाउने तरिका।<br>• गाउँपालिकामा विभिन्न जातिहरुको चाडपर्वको नाम र विशेषता। | • गाउँपालिकाको पर्यटकीय स्थल सहित डोल्पा जिल्लाको परिचय।<br>• गाउँपालिकाका जनजातिको विशेषता र परिचय।<br>• गाउँपालिकाको स्थानीय लोकगीत।<br>• पालिकाभित्र मनाइने चाडपर्वहरु<br>• चाडपर्वहरुको विशिष्ट महत्व।<br>गाउँपालिका भित्र प्रचलनमा रहेको भान्सा, भान्साका परिकार, महत्व र विशेषता तथा पकाउने सिप जस्तैः रोटी, खिचडी, अचार, ढिँडो, सातु आदि। | सम्पदाको अर्थ र प्रकार<br>• प्राकृतिक सम्पदा जस्तैः जल, वन, खनिज, पहाड आदि।<br>• मानव निर्मित सम्पदा जस्तैः मन्दिर, भवन, विद्यालय, अस्पताल रितिरिवाज, भाषा।<br>• सम्पदाको महत्व।<br>• गाउँपालिकाको लोक संस्कृतिहरु जस्तैः तीज, गीत, दोहोरी गीत | • गाउँपालिकाको भौतिक सम्पदाको परिचय जस्तैः नदी, ताल, गुफा, हिमाल उपत्यका, खेलमैदान।<br>• स्वास्थ्य संस्थाको परिचय र उपलब्ध सेवा।<br>• पालिकाको लोक संस्कृति जस्तैः लोकगीत, लोकनृत्य, लोकबाजा, गाउँखाने कथा, इयाउरे भाका। | • गाउँपालिकाका र जिल्लाको ऐतिहासिक र पर्यटकीय स्थलहरुको परिचय।<br>• जातीय विविधता र जातीय एकताको परिचय।<br>• असर र अन्य जातिबिचको सम्बन्ध। | •गाउँपालिका र जिल्लाको पर्यटकीय स्थलहरुको विशेषता र महत्व।<br>•जातीय विविधताका बिच खस जाति, खस भाषा र असर संस्कृति।<br>•जातीय एकता विकास र समृद्धि। | • गाउँपालिका र जिल्लाको पर्यटकीय स्थलहरुको वर्णन। जस्तैः त्रिपुरासुन्दरी माताको मन्दिर, फोक्सुण्डो ताल।<br>• पर्यटकीय क्षेत्रहरुको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन।<br>• पर्यटकीय क्षेत्र र हाम्रो दायित्व।<br>• जातय विविधताको महत्व र संरक्षण।<br>• जातीय विधिधताको संरक्षणका लागि हाम्रो भूमिका। |
| ५ | पेशा, व्यवसाय, | • स्थानीय अन्नबाली | • स्थानीय बाली, | • स्थानीय बाली, | • स्थानीय अन्नबाली, | • स्थानीय अन्नबालीको | स्थानीय अन्नबाली, | स्थानीय अन्नबाली, | स्थानीय अन्नबाली, |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | उद्यमशीलता र प्रविधि | तरकारी र फलफूल खेतीको पहिचान।<br>● स्थानीय परम्परागत पेसा र व्यवसायको पहिचान। | तरकारी र फलफूलका प्रकार।<br>● स्थानीय पेसा व्यवसायको पहिचान।<br>● स्थानीय परम्परागत प्रविधिको महत्व।<br>● परम्परागत पेसाको संरक्षण | तरकारी र फलफुलको महत्व।<br>● स्थानीय पेसा, व्यवसायको महत्व र प्रकार।<br>● स्थानीय परम्परागत प्रविधिको काम।<br>● स्थानीय परम्परागत प्रविधिको परिचय र प्रयोग | तरकारी र फलफूल लगाउने मौसम।<br>● स्थानीय घरपालुवा पशुको पहिचान।<br>● स्थानीय पंक्षीहरुको पहिचान।<br>● घरपरिवारका सदस्यहरुको व्यापार र व्यवसायको तरिका।<br>● स्थानीय घरेलु उद्योगहरुको पहिचान।<br>● स्थानीय पर्यटन व्यवसाय।<br>● स्थानीय समुदायमा रहेका परम्परागत प्रविधिहरुको सूची। जस्तैः निगालो, वेत र बासका सामग्री, डोरी, नाम्लो, चटकी, सुकुल आदि।<br>● पानी घट्ट | लागि मल, बिउ र औजार ।<br>● स्थानीय तरकारी, फलफूलको लागि मल, बिउ र औजार।<br>● स्थानीय घरपालुवा पशु र पंक्षीको महत्व।<br>● घरपरिवारका सदस्यहरुको पेसा, व्यवसायमा सहभागिता।<br>● स्थानीय घरेलु उद्योगहरुको सञ्चालनमा सहभागिता।<br>● स्थानीय होमस्टे पहिचान र सञ्चानल बारे ज्ञान।<br>● स्थानीय समुदायमा रहेका परम्परागत प्रविधिको काम।<br>● स्थानीय परम्परागत सिप र प्रविधिमा आधारित उद्योग वा व्यवसायको पहिचान। | तरकारी, फलफूल र पशुपंक्षी पालन<br>● स्थानीय अन्नबाली, खेतीका तरिकाहरु<br>● स्थानीय तरकारीबाली खेतीका तरिकाहरु।<br>● स्थानीय पशुपालनका तरिकाहरु।<br>● स्थानीय पंक्षीपालनका तरिकाहरु।<br><br>पेसा व्यवसाय उद्योग र पर्यटन<br>● घरपरिवारका सदस्यहरुको पेसा व्यवसायमा हुने मुख्य कामहरुको सूची।<br>● स्थानीय घरेलु उद्योगहरुबाट हुने उत्पादन।<br>● स्थानीय खाना, सेवा र सत्कार।<br><br>स्थानीय परम्परागत र आधुनिक प्रविधिहरु<br>● स्थानीय परम्परागत प्रविधिहरुको प्रयोग।<br>● आधुनिक प्रविधिहरुको प्रयोग। | तरकारी फलफूल र पशुपंक्षी पालन<br>● स्थानीय अन्नबालीको संरक्षण र भण्डारण।<br>● स्थानीय तरकारी बालीमा लाग्ने रोग र संरक्षण।<br>● स्थानीय पशुपालनबाट प्राप्त हुने उत्पादनको संरक्षण र भण्डारण।<br>● स्थानीय पंक्षीपालनबाट प्राप्त हुने उत्पादनको संरक्षण।<br><br>पेसा व्यवसाय, उद्योग र पर्यटन<br>● घरपरिवारका सदस्यहरुको पेसा व्यवसायको आम्दानी र खर्च।<br>● घर परिवारका सदस्यहरुले गर्ने स्थानीय घरेलु उद्योगहरुबाट हुने उत्पादनको भण्डारण।<br>● स्थानीय पर्यटकीय स्थलहरुको वर्णन।<br><br>स्थानीय परम्परागत र | तरकारी, फलफूल र पशुपंक्षी पालन<br>● स्थानीय अन्नबालीको उपयोग, किनबेच र बजारीकरण।<br>● स्थानीय तरकारी बालीको उपयोग, किनबेच र बजारीकरण।<br>● स्थानीय पशुपालनको उपयोग, किनबेच र बजारीकरण।<br>● स्थानीय क्षीपालनको उपयोग, किनबेच र बजारीकरण।<br>● पेसा व्यवसाय, उद्योग र पर्यटन<br>● बृहत रुपमा अपनाउन सकिने पेसा र व्यवसायको खोजी।<br>● घर परिवारका सदस्यहरुले गर्ने स्थानीय घरेलु उद्योगहरुबाट हुने आय आर्जन।<br>● स्थानीय पर्यटनबाट आवश्यक आयआर्जन।<br><br>स्थानीय परम्परागत र आधुनिक प्रविधिहरु<br>● स्थानीय परम्परागत प्रविधिहरुको प्रयोगबाट |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | आधुनिक प्रविधिहरु<br>• स्थानीय परम्परागत प्रविधिहरुको प्रयोग र मर्मत।<br>• आधुनिक प्रविधिहरुको प्रयोग र मर्मत। | हुने आयआर्जन ।<br>• आधुनिक प्रविधिहरुको प्रयोगबाट हुने आयआर्जन । |
| ६ | खाद्यान्न तथा पोषण एवं कृषि, जडिबुटी र पशुपालन | • गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा उत्पादन हुने खाद्यान्न, सागसब्जी, फलफूल चिन्न र कम्तिमा ३।३ वटाको नाम बताउन।<br>• आयतित कम पोषणयुक्त र बजारको पत्रु खानेकुराको सट्टा स्थानीय उत्पादनको उपभोग गर्न।<br>• गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा गरिने कृषि गतिविधिहरु जस्तैः खेत जोत्ने, रोप्ने, मकै छर्ने, बाली काट्ने आदि।<br>• गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा गरिने पशुपालन सम्बन्धी गतिविधिहरु र ती उत्पादनको उपयोग | • गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा उत्पादन हुने विभिन्न खाद्यान्न, सागसब्जी, फलफूलको ४।४ वटाको नाम बताउन लेख्न र त्यसको उपयोगबाट हुने पोषण सुधार बारे भन्न।<br>• आयतित कम पोषणयुक्त र बजारको पत्रु खानेकुराको सट्टा स्थानीय कृषि उत्पादनको उपभोग गर्न।<br>• आफ्नो घर वरिपरि गरिने कृषि गतिविधिहरु र सोको उत्पादन र स्थानीय जडिबुटी चिन्न र कुनै ५ वटा कृषि उत्पादन र एउटा जडिबुटी बारे बताउन। | • गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा उत्पादन हुने विभिन्न खाद्यान्न सागसब्जी फलफूलको ५।५ वटाको नाम बताउन, चिन्न लेख्न र त्यसको उपभोगबाट पोषण सुधार बारे भन्न।<br>• आयतित कम पोषणयुक्त र बजारको पत्रु खानेकुराको प्रयोगबाट हुने कुनै २ बेफाइदा बताउन र स्थानीय कृषि उत्पादनको उपभोग गर्नुको कुनै २ वटा फाइदा बताउन।<br>• आफ्नो घर छिमेक वरिपरि गरिने कृषि गतिविधिहरु चिन्न र यस बारे बताउन तथा कम्तिमा ५ वाक्य लेख्न।<br>• गाउँपालिकामा भएका | • गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा उत्पादन हुने खाद्यान्न सागसब्जी फलफूलको ७।७ वटाको नाम बताउन, चिन्न, लेख्न र त्यसको उपभोगबाट पोषण सुधार बारे भन्न।<br>• आयतित कम पोषणयुक्त र बजारको पत्रु खानेकुराको प्रयोगबाट हुने कुनै ५ बेफाइदा बताउन र स्थानीय कृषि उत्पादनको उपभोग गर्नुको कुनै ३ वटा फाइदा बताउन।<br>• गाउँपालिका क्षेत्रमा गरिने कृषि गतिविधिहरु बारे बताउन र कृषि उत्पादन तथा जडिबुटीहरुको सूची बनाउन।<br>• गाउँपालिकामा गरिने पशुपालन सम्बन्धी गतिविधिहरु मध्ये कम्तिमा | • गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा उत्पादन हुने विभिन्न खाद्यान्न, सागसब्जी, फलफूल चिन्न र कम्तिमा ५।५ वटाको नाम बताउन चिन्न र त्यसको उपभोगबाट पोषण सुधार बारे भन्न।<br>• आयतित कम पोषणयुक्त र बजारको पत्रु खानेकुराको प्रयोगबाट हुने कुनै ५ बेफाइदा बताउन र स्थानीय कृषि उत्पादनको उपभोग गर्नुको कुनै ३ वटा फाइदा बताउन।<br>• गाउँपालिकामा गरिने कृषि गतिविधिहरु बारे बताउन र कृषि उत्पादनको सूची बनाई सो कार्य गर्ने तरिका बताउन।<br>• गाउँपालिकामा गरिने पशुपालन सम्बन्धी | • गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा विभिन्न मौसममा उत्पादन हुने विभिन्न खाद्यान्न, सागसब्जी, फलफूलको नाम बताउन, चिन्न र लेख्न र त्यसको उपभोगबाट पोषण सुधार बारे भन्न।<br>• आयतित कम पोषणयुक्त र बजारको पत्रु खानेकुराको प्रयोगबाट हुने बेफाइदा बताउन र स्थानीय कृषि उत्पादनको उपभोग गर्नुको फाइदा बताउन।<br>• गाउँपालिकामा गरिने कृषि गतिविधिहरुको बारे बताउन र कृषि उत्पादनहरुको सूची बनाउन र कुनै एक व्यवसायिक अन्नवाली वा तरकारी खेतीमा सहयोगीको भूमिका निर्वाह गर्न। | • गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा उत्पादन हुने विभिन्न खाद्यान्न, सागसब्जी, फलफूल चिन्न र कम्तिमा ५।५ वटाको नाम बताउन र त्यसको उपभोगबाट पोषण सुधार बारे भन्न।<br>• आयतित कम पोषणयुक्त र बजारको पत्रु खानेकुराको सट्टा स्थानीय कृषि उत्पादनको उपभोग गर्न र सो बारे समुदायमा सचेतना फैलाउन।<br>• पालिकाभित्र पाइने जडिबुटीहरुको पहिचान र नाम।<br>• गाउँपालिकामा गरिने कृषि गतिविधिहरु र कृषि उत्पादनहरुको सूची बनाउन र कुनै २ | • गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा उत्पादन हुने विभिन्न खाद्यान्न, सागसब्जी, फलफूलको सूची तयार गरी त्यसको उपयोगिता बारे बताउन।<br>• गाउँपालिकामा गरिने पशुपालन सम्बन्धी गतिविधिहरु बारे बताउन र यसको कुनै ३ किसिमको पशुपंक्षी पालनको अभ्यास मा सहायक भूमिका निर्वाह गर्न।<br>• पालिकाभित्रको वनमा पाइने ८ वटा जडिबुटीहरुको बारे सूची तयार गरी यसको उपयोगिता, संरक्षण गर्न वा गराउन अभिभावकलाई |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | बताउन । | | कुनै ३ वटा जडिबुटीहरुको नाम र काम भन्न ।<br>● गाउँपालिकाको आफू बसोबास गर्ने ठाउँमा गरिने पशुपालन सम्बन्धी गतिविधिहरु बताउन र ती उत्पादनको उपयोगिता बारे भन्न र कम्तिमा १० वाक्यमा लेख्न । | ८ वटाको बारेमा बताउन र यसको आवश्यकता र हेरचाह गर्ने समान्य तरिका बारे छोटकरीमा भन्न ।<br>● गाउँपालिकामा भएका कुनै ४ वटा जडीबुटीहरुको उपयोगिता बारेमा भन्न र लेख्न । | गतिविधिहरु मध्ये कम्तिमा ८ वटाको बारेमा बताउन र कम्तिमा ३ वटाको आवश्यकता र हेरचाह गर्ने सामान्य तरिका बारे छोटकरीमा भन्न ।<br>● गाउँपालिकामा भएका कुनै ५ वटा जडिबुटीहरु को उपयोग बताउन र संरक्षण गर्न वा गराउन अभिभावकलाई सघाउन । | ● गाउँपालिकामा गरिने पशुपालन सम्बन्धी गतिविधिहरु बारे बताउन र यसको कुनै एक किसिमको पशुपंक्षी पालनको अभ्यासमा सहायक भूमिका निर्वाह गर्न ।<br>● गाउँपालिका क्षेत्रमा भएका कुनै ६ वटा जडिबुटीहरुको उपयोग बताउन र संरक्षण गर्न वा गराउन अभिभावकलाई सघाउन । | वटाको व्यवसायिक अन्नबाली वा तरकारी खेतीमा सहयोगको भूमिका निर्वाह गर्न ।<br>● गाउँपालिकामा गरिने पशुपालन सम्बन्धी गतिविधिहरु बताउन र दुई किसिमको पशुपंक्षी पालनको अभ्यासमा सहायक भूमिका निर्वाह गर्न ।<br>● गाउँपालिकामा भएका कुनै ७ वटा जडिबुटीहरुको उपयोगिता बताउन र संरक्षण गर्न वा गाउन अभिभावकलाई सघाउन । | सघाउन । |
| ७ | प्रकोप र विपद् व्यवस्थापन | ● सडक दुर्घटना, करेन्ट लाग्ने र करेन्टबाट हुने आगलागी, डुवान, भिरबाट लड्ने रुखबाट लड्ने आदि बारे सामान्य जानकारी । | ● हावाहुरी, चट्याङ र बाढीको पहिचान ।<br>● घरभित्र हुने जोखिमः छत, बिजुली, भर्याङ वा लिस्नो, वार्दली वा बरन्डा पहिचान र सावधानी<br>● कक्षाकोठा, विद्यालय, घर र बाटोमा हावाहुरी चट्याङ पहिरो र बाढी बाट बच्ने उपायहरु<br>● कृत्रिम घटना अभ्यास | ● विपत्को परिचय र किसिम ( प्राकृतिक र मानव सिर्जित) ।<br>● विद्यालय भित्रहुने जोखिमहरुः छत, बिजुली, भर्याङ, बरन्डा, खेल सामग्री, फर्निचर, शौचालय, पहिचान र सावधानी<br>● भुकम्प र महामारीबाट बच्ने उपायहरु<br>● कृत्रिम घटना अभ्यास | ● प्राकृतिक तथा मानव सिर्जित विपत्को परिचय र फरक ।<br>● यात्राको समयमा हुने जोखिम पहिचान र सावधानी, पैदल हिँड्दा बाटो काट्ने, जेब्रा क्रसिङ, साइकल चलाउने सिप ।<br>● आगलागी, बाढी तथा पहिरोका कारणहरु, पूर्व तयारी वा सावधानी एवम् साना बालबालिकाको | ● प्राकृतिक र मानव सिर्जित विपतको प्रभाव र असर ।<br>● चाडपर्वको समयमा जोखिम पहिचान र सावधानी (चङगा, पिङ, पटका, खाना, व्यवहार आदि) ।<br>● हावाहुरी, चट्याङ, तथा भुकम्पका कारण पूर्व तयारी वा सावधानी एवं आफूभन्दा साना | ● महामारीको परिचय र यसका प्रकार (कोभिड १९, बर्डफ्लु, डेङ्गु, झाडापखाला) ।<br>● फरक क्षमता भएका व्यक्तिहरुलाई विपतबाट हुने जोखिम पहिचान र सुरक्षित राख्न विद्यार्थीको भूमिका ।<br>● डढेलो, आगलागी, भूक्षय र बाढी पहिरो रोकथामका लागि पूर्व तयारी । | ● कोभिड, बर्डफ्लु, डेङ्गु र झाडापखाला रोकथामका लागि पूर्व तयारी ।<br>● यात्राको समयमा (मोटर साइकल, ढुङ्गा खस्ने, लड्ने, पहिरो, बाढी, सार्वजनिक सवारी भ्रमण) हुने जोखिम पहिचान र सावधानी ।<br>● भूकम्पबाट हुने क्षति न्यूनीकरणका लागि पूर्व | ● विश्वका प्रमुख महामारी जस्तैः प्लेग, एचआईभी एड्स र कोभिड् १९ र विश्व समुदायमा भएका सिकाइ ।<br>● भूकम्प र सुरक्षित विद्यालयको लागि पूर्व तयारी र विद्यार्थीको भूमिका ।<br>● भूकम्पबाट हुने जोखिम न्यूनीकरणका लागि |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | संरक्षण र सुरक्षा।<br>• कृत्रिम घटना र अभ्यास। | बालबालिकाको संरक्षण र सुरक्षा।<br>• कृत्रिम घटना र अभ्यास। | • डढेलो, आगलागी, भूक्षय, र बाढी पहिरो न्यूनीकरणका लागि विद्यार्थीहरुको भूमिका।<br>• डढेलो, आगलागी, भूक्षय र बाढी पहिरो न्यूनीकरणका लागि विद्यालय र समुदायको भूमिका। | तयारी।<br>• भूकम्प र सुरक्षित घरको लागि पूर्व तयारी र विद्यार्थीको भूमिका।<br>• कोभिड, बर्डफ्लु, झाडापखाला नियन्त्रणका लागि विद्यालय तथा समुदायको भूमिका।<br>• कृत्रिम घटना र अभ्यास। | विद्यालय र समुदायको भूमिका।<br>• कृत्रिम घटना अभ्यास।<br>• विपतको सामुहिक प्रतिकार्यका उपाय र विद्यार्थीको भूमिका। |
| ८ | व्यक्ति, संस्था र सहकारी | • बिद्यार्थी बसोबास गर्ने गाउँ र वडामा रहेका समाजसेबी व्यक्तिहरुको नाम पहिचान।<br>• बिद्यार्थी बसोबास गर्ने वडामा रहेका सामुदायिक संस्थाहरुको पहिचान।<br>• विद्यार्थीहरुको परिवारहरु | • बिद्यार्थी बसोबास गर्ने गाउँ र वडामा रहेका मुख्य व्यक्तिहरुको नाम पहिचान।<br>• गाउँ र वडाहरुमा गठन भएका समुह र संस्थाहरुको नाम।<br>• आफूलाई सिकाउने शिक्षकको नाम।<br>• आफ्नो विद्यालयको नाम।<br>• नेपाल रेडक्रस र स्काउट | • बिद्यार्थी बसोबास गर्ने गाउँ र वडामा रहेका मुख्य व्यक्तिहरुको नाम, पहिचान परिचय र उनीहरुले समाजको भलाइका लागि गरेका कुनै २ वटा कामहरु।<br>• गाउँपालिका भित्र रहेका सामुदायिक समुह र संस्थाहरुको विवरण संकलन। जस्तैः वन उपभोक्ता समिति, आयोजना निर्माण समिति आदि।<br>• आफ्नो विद्यालयको प्रधानाध्यापकको नाम र विव्यस अध्यक्षको नाम।<br>• नेपाल रेडक्रस र स्काउटको सामान्य | • आफ्नो वडामा सञ्चालित सहकारीको सामान्य परिचय।<br>• संस्था वा सामुदायिक संस्था गठनका उद्वेश्यहरु।<br>• आफ्नो वडाभित्र सञ्चालित स्वास्थ्य संस्थाका सेवाको जानकारी।<br>• गाउँभित्र रहेका आमा समुह र बालक्लबको नाम।<br>• नेपाल रेडक्रस र स्काउटको सामान्य परिचय | • आफ्नो विद्यालयको स्थापना गर्ने व्यक्तिको परिचय जस्तैः संस्थापक अध्यक्ष र प्रअ।<br>• पालिकाभित्रका शैक्षिक संस्थाहरु, स्वास्थ्य संस्थाको सामान्य परिचय र ती संस्थाबाट हुने सेवा।<br>• वडाभित्रका शैक्षिक व्यक्तित्वहरुको नाम र पुर्याएका योगदान।<br>• सहकारीको परिभाषा, सदस्यता प्राप्तिका आधारहरु, सञ्चालक समिति<br>• नजिकको सहकारीको विवरण, कार्य तथा महत्व वा आवश्यकता।<br>• नेपाल रेडक्रस र | • पालिका भित्र सञ्चालनमा भएको पहिलो शैक्षिक संस्थाहरु र स्थापना गर्ने व्यक्तित्वको परिचय।<br>• पालिका भित्रका मुख्य सामाजिक संस्थाहरु।<br>• पालिका भित्रका वित्तीय संस्थाहरुको परिचय।<br>• पालिका भित्रका स्वास्थ्य संस्थाबाट प्रदान गरिने स्वास्थ्य सेवाहरुका प्रकार।<br>• पालिका भित्रका शैक्षिक व्यक्तित्वको नाम र पुर्याएका योगदान।<br>• सहकारीको परिभाषा र आवश्यकता।<br>• गाउँपालिका भित्र रहेका सहकारीहरुको पहिचान, | • गाउँपालिका भित्र पहिलो माध्यमिक तह सञ्चालन भएको विद्यालय र स्थापना गर्ने व्यक्तित्वहरुको चिनारी।<br>• गाउँपालिका भित्र रहेका नमूना तथा प्राविधिक धार सञ्चालित विद्यालयको सामान्य परिचय।<br>• सहकारी सञ्चालनमा साधारण सभाको कामहरु।<br>• सहकारी सञ्चालनका मापदण्डहरु<br>• समुह वा संस्थामा रहने व्यक्तिहरुले पालना गर्नुपर्ने नियमहरु। | • डोल्पा जिल्लामा रहेका उच्च शिक्षा प्रदायक शैक्षिक संस्थाहरुको सामान्य चिनारी।<br>• डोल्पा जिल्लामा रहेका नमूना तथा प्राविधिक धार सञ्चालित विद्यालयको सामान्य परिचय।<br>• सहकारीको महत्व।<br>• सञ्चालक समितिको काम, कर्तव्य र अधिकार।<br>• सहकारीले दिने सेवाहरु<br>• समुदायहरुमा व्यक्ति र समुह वा संस्थाले पुर्याएका योगदान। |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिचय। | | स्काउटको सामान्य परिचय। | सञ्चालक समिति र सहकारीको कार्यहरु। <br>● नेपाल रेडक्रस र स्काउटको सामान्य परिचय। | ● गाउँपालिकाको प्रथम अध्यक्ष र उपाध्यक्षको सामान्य जीवनी। <br>● नेपाल रेडक्रस र स्काउटको सामान्य परिचय र महत्व कामहरु | ● नेपाल रेडक्रस र स्काउटको सामान्य परिचय, महत्व र कामहरु |
| ९ | समानता समावेशीता र सामाजिक न्याय | ●गाउँपालिकाको क्षेत्रभित्र बसोबास गर्ने सामाजिक अवस्था जस्तैः विभिन्न जाति जनजातिहरु मिलेर बसेको विविधता भित्रको एकताको परिचय। <br>●सहयोग, मेलमिलाप र समानताको अवधारणा। <br>●बालबालिकाले गर्न सक्ने सहयोग, सम्मानजनक बोलीव्यवहार। <br>●फरक क्षमता भएका व्यक्तिहरु र उनीहरुलाई गर्न सक्ने सहयोग। <br>●सबै जाति वा समुदाय समान हो कुनै कुरामा भेदभाव छुवाछुत गर्नु हुँदैन भन्ने बताउन र समानताको व्यवहार गर्न। | ●गाउँपालिकाको क्षेत्रभित्र बसोबास गर्ने सामाजिक अवस्था जस्तैः विभिन्न जाति जनजातिहरु मिलेर बसेको विविधता भित्रको एकताको परिचय। <br>●सहयोगऽ मेलमिलाप र समानताको अवधारणा। <br>●जातजाति तथा समुदाय समान हो कुनै कुरामा भेदभाव छुवाछुत गर्नु हुँदैन भन्ने बताउन र साथीहरु बिच समानताको व्यवहार गर्न। <br>●बालबालिकाले गर्न सक्ने सहयोग सम्मानजनक बोलीव्यवहार। <br>● फरक क्षमता भएका व्यक्तिहरु र उनीहरुलाई गर्न सक्ने सहयोग। | ●जातजाति तथा समुदाय समान हो कुनै कुरामा भेदभाव छुवाछुत गर्नु हुँदैन भन्ने बताउन र साथीहरु बिच समानताको व्यवहार गर्न। <br>●बालबालिकाले गर्न सक्ने सहयोग, सम्मानजनक बोलीव्यवहार। <br>●फरक क्षमता भएका व्यक्तिहरु र उनीहरुलाई गर्न सक्ने सहयोग। <br>●विशेष सहयोग आवश्यक पर्ने व्यक्तिहरु पहिचान गरी उनीहरु प्रति राम्रो बोली, व्यवहार र सहयोग गर्न। | ●जातजाति तथा समुदाय समान हो कुनै कुरामा भेदभाव छुवाछुत गर्नु हुँदैन भन्ने बताउन र साथीहरु बिच समानताको व्यवहार गर्न। <br>●बालबालिकाले गर्न सक्ने सहयोग सम्मानजनक बोलीव्यवहार। <br>●विशेष सहयोग आवश्यक पर्ने व्यक्तिहरु पहिचान गरी उनीहरु प्रति राम्रो बोली व्यवहार र सहयोग गर्न। उनीहरुको दैनिक जीवनमा आइपरेका समस्याहरुको पहिचान र उनीहरुप्रति सकारात्मक व्यवहार प्रदर्शन गर्न। | ●जातजाति तथा समुदाय समान हो कुनै कुरामा भेदभाव छुवाछुत गर्नु हुँदैन भन्ने बताउन र साथीहरु बिच समानताको व्यवहार गर्न। <br>●सामाजिक र सांस्कृतिक विभेद बारे छलफल। <br>● विशेष सहयोग आवश्यक पर्ने व्यक्तिहरु पहिचान गरी उनीहरु प्रति राम्रो बोली व्यवहार र सहयोग गर्न। उनीहरुको दैनिक जीवनमा आइपरेका समस्याहरुको पहिचान र उनीहरुप्रति सकारात्मक व्यवहार प्रदर्शन गर्न। | ● जातजाति तथा समुदाय समान हो कुनै कुरामा भेदभाव छुवाछुत गर्नु हुँदैन भन्ने बताउन र साथीहरु समुदाय तथा समाजमा एकआपसमा समानता र समावेशीताको मर्म अनुरुप व्यवहार गर्न। <br>● विशेष सहयोग आवश्यक पर्ने व्यक्तिहरु पहिचान गरी उनीहरु प्रति राम्रो बोली व्यवहार र सहयोग गर्न। उनीहरुको दैनिक जीवनमा आइपरेका समस्याहरुको पहिचान र उनीहरुप्रति सकारात्मक व्यवहार प्रदर्शन गर्न। <br>●सामाजिक र सांस्कृतिक विभेद बारे छलफल र विभेदका कारणहरु बताउन। | ● जातजाति तथा समुदाय समान हो कुनै कुरामा भेदभाव छुवाछुत गर्नु हुँदैन भन्ने बताउन र साथीहरु बिच समानताको व्यवहार गर्न। <br>● विशेष सहयोग आवश्यक पर्ने व्यक्तिहरु पहिचान गरी उनीहरु प्रति राम्रो बोली, व्यवहार र सहयोग गर्न। उनीहरुको दैनिक जीवनमा आइपरेका समस्याहरुको पहिचान र उनीहरुप्रति सकारात्मक व्यवहार प्रदर्शन गर्न। <br>● सामाजिक र सांस्कृतिक विभेद बारे छलफल र विभेदका कारण र रोकथाका बारे बताउन र लेख्न। | ● जातजाति तथा समुदाय समान हो कुनै कुरामा भेदभाव छुवाछुत गर्नु हुँदैन भन्ने बताउन र साथी, समाज र समुदायमा सचेतना र समानता तथा समावेशीताको मर्म अनुरुप व्यवहार प्रदर्शन। <br>● विशेष दालका क्षमता हुने कारणहरु बताउन र फरक क्षमता भएका व्यक्तिको प्रकार र उनीहरुलाई पर्ने आवश्यकता बारे आफ्नो समुदाय, समाजमा, सचेतनामूलक कार्यक्रम गर्न। <br>● सामाजिक र सांस्कृतिक विभेद विरुद्ध गाउँ समाजमा सचेतनाका गतिविधिहरु सञ्चालन गर्न। |
| १० | जीवनउपयोगी | ● घर परिवार र | ● घर परिवार, समुदाय र | ● घर परिवार, समुदाय | ●बालबालिकाको | ● बालबालिकाको | ●सहयोग, सद्भाव, | ● सहयोग, सद्भभाव, | ● सहयोग, सद्भभाव, |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सिप, सामाजिक मूल्य मान्यता एवं सदाचार र नैतिकता | विद्यालयमा गरिने आदर्श व्यवहारहरु जस्तैः माया, सम्मान, सञ्चार सहयोग र अनुशासन । <br>● आफ्नो परिवार, आफन्त छरछिमेकका विभिन्न व्यक्तिसँगको साइनोहरु जस्तैः स्थानीय चलनचल्ती र जाति समुदाय विशेषको जस्तैः अभिवादन, स्वागत, बिदाइ गर्ने शब्दहरु अंग्रेजी र नेपाली मातृभाषामा । <br>● अभिवादन गर्ने, विदाइ गर्ने स्वागत गर्ने र भन्ने तरिका । <br>● आफूभन्दा सानालाई माया गरेर बोलाउने, मायालु व्यवहार गर्ने, आफूसँग भएका बस्तुहरुको हिफाजत गर्ने बानी आदि । <br>● दैनिक जीवनमा हुने वा गरिने असर बानी र खराब बानीहरु जस्तैः कक्षामा हात उठाएर बोल्ने, पालैपालो बोल्ने, अरुको सामान नलिने, अपशब्द वा अश्लिल शब्द नबोल्ने । | विद्यालयमा गरिने आदर्श व्यवहारहरु जस्तैः माया, सम्मान, सञ्चार, सहयोग, अनुशासन, नम्रता र स्व-व्यवस्थापन आदि । | तथा विद्यालयमा र नयाँ परिवेशमा प्रयोग गरिने आदर्श व्यवहारहरु जस्तैः माया, सम्मान, सञ्चार, सहयोग, अनुशासन, नम्रता, स्व-व्यवस्थापन, अनुकूलता आदि । | जिम्मेवारी, सहयोग, नम्रता, सहनशीलता स्व-व्यवस्थापन अनुकूलन, सामञ्जस्य, खुलापन र जिम्मेवारी वहन । <br>●समुह कार्यको ढाँचा । <br>●बालक्लबको परिचय । | जिम्मेवारीः सहयोग, आत्मसम्मान, विनम्रता, सहनशीलता, स्व-व्यवस्थापन, सामञ्जस्यता, खुलापन, जिम्मेवारी, वहन र प्रतिवद्वता । <br>● स्थानीय स्तरमा बजाइने लोकबाजाहरु बजाउने अभ्यास । <br>● घर परिवार, समुदाय र समाजमा मनाइने आ-आफ्नो धर्म, संस्कृति, रीतिरिवाज, पूजाआजा र वेशभूषा । <br>● सहकार्यको ढाँचा । <br>● विद्यालय व्यवस्थापनमा बालक्लबको भूमिका । | आत्मानुशासन, विनम्रता, सहनशीलता स्व-व्यवस्थापन, अनुकूलन, सामञ्जस्यता, खुलापन, जिम्मेवारी वहन, इमान्दारी, विविधताको सम्मान सहकार्य । | आत्मानुशासन, विनम्रता, सहनशीलता, स्वव्यवस्थापन, अनुकूलन, खुलापन, जिम्मेवारी, वहन, प्रतिबद्ध, सहानुभूति सहकार्य, सहयोग, साझेदारी, विविधताको सम्मान, समता । <br>● स्थानीय नृत्यको परिचय र अभ्यास । <br>● सार्वजनिक श्रममूलक तथा संस्कारजन्य कार्य । <br>● सार्वजनिक कार्यमा सहभागिता । <br>● संस्कारको संरक्षण र प्रवर्द्धन । <br>● विद्यालयमा अभ्यास गरिने सदनहरुको भूमिका । <br>● बालक्लबको गठन विधि र बालक्लबका कार्यहरु विद्यालय र समुदाय स्तरमा । <br>● मेहनत र अनुशासनको महत्व । <br>● संस्कार, लगनशीलता, इमानदारी र समय व्यवस्थापन । <br>● परिवारको आर्थिक र | आत्मानुशासन, विनम्रता, सहनशीलता, स्व-व्यस्थापन अनुकूलन, खुलापन । <br>● जिम्मेवी वहन, प्रतिवद्वता, विविधताको सम्मान, समता, सहानुभूति, आत्मानुभूति । <br>● स्थानीय नृत्यको प्रकार र अभ्यास । <br>● सामाजिक मूल्य र मान्यताको परिचय उत्थान र संवर्धन । <br>● स्थानीय संस्कार वा संस्कृतिको उत्थान । <br>● नेतृत्व विकासमा समुह कार्य, सदन अभ्यास र बालक्लबको भूमिका । <br>● बालक्लबको भावी योजना र गतिविधिहरु |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ● साथीहरुलाई सहयोग गर्ने मिलेर पढ्ने, खेल्ने, नाच्ने, गीत गाउँने कला। | | | | | | सामाजिक अवस्था। | |
| ११ | खेलुकद कला साहित्य र शारीरिक व्यायाम एवं योग शिक्षा | ● गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा प्रचलित स्थानीय खेलकुदहरु मध्ये ३ वटाको नाम बताउन र कम्तिमा एउटा खेल खेल्न।<br>● गाउँपालिका भित्र बसोबास गर्ने क्षेत्रमा प्रचलित लोकगीत र लोकनृत्यहरु मध्ये ३।३ वटाको नाम बताउन र कम्तिमा १।१ वटा लोकगीत गाउन र लोकनृत्य प्रदर्शन गर्न।<br>● हास्ने, बस्ने, उठ्ने, खेल्ने। | ● गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा प्रचलित स्थानीय खेलकुदहरु मध्ये ३ वटाको नाम बताउन र कम्तिमा दुई वटा खेल खेल्न।<br>● गाउँपालिका भित्र बसोबास गर्ने क्षेत्रमा प्रचलित लोकगीत र लोकनृत्यहरु मध्ये ४।४ वटाको नाम बताउन र कम्तिमा २।२ वटा लोकगीत गाउन र लोकनृत्य प्रदर्शन गर्न।<br>● कवाज र व्यायाम | ● गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा प्रचलित स्थानीय खेलकुदहरु मध्ये ४ वटाको नाम बताउन र कम्तिमा तीन वटा खेल खेल्न।<br>● गाउँपालिका भित्र बसोबास गर्ने क्षेत्रमा प्रचलित लोकगीत र लोकनृत्यहरु मध्ये ५।५ वटाको नाम बताउन र कम्तिमा ३।३ वटा लोकगीत गाउन र लोकनृत्य प्रदर्शन गर्न।<br>● योगका फाइदाहरु | ● गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा प्रचलित स्थानीय खेलकुदहरु मध्ये ५ वटाको नाम बताउन र कम्तिमा ४ वटा खेल खेल्न।<br>● गाउँपालिका भित्र बसोबास गर्ने क्षेत्रमा प्रचलित लोकगीत र लोकनृत्यहरु मध्ये ६।६ वटाको नाम बताउन र कम्तिमा ४।४ वटा लोकगीत गाउन र लोकनृत्य प्रदर्शन गर्न।<br>● योगका सामान्य नियमहरु र प्राणायाम। | ● गाउँपालिका क्षेत्रमा प्रचलित स्थानीय खेलकुदहरुको सूची बनाई र कम्तिमा ५ वटा खेल खेल्न।<br>● खेदुकुदहरुको महत्व बताउन।<br>● गाउँपालिकामा प्रचलित लोकगीत र लोकनृत्यहरु मध्ये ६।६ वटाको नाम बताउन र कम्तिमा ५ वटा लोकगीत गाउन र लोकनृत्य प्रदर्शन गर्न।<br>● योगका प्रकार र योगको समय। | ● गाउँपालिका क्षेत्रमा प्रचलित स्थानीय खेलकुदहरुको सूची बनाई र कम्तिमा ६ वटा खेल खेल्न र तिनीहरुको नियम बताउन।<br>● खेलकुदहरुको शारीरिक, सामाजिक तथा मनोबैज्ञानिक महत्व बताउन।<br>● स्थानीय स्तरमा खेलको महत्व।<br>● गाउँपालिकामा प्रचलित लोकगीत र लोकनृत्यहरु मध्ये ६।६ वटाको नाम बताउन र कम्तिमा ५ वटा लोकगीत गाउन र लोकनृत्य प्रदर्शन गर्न।<br>● स्थानीय स्तरमा खेलिने खेलको परिचय र प्रकार।<br>● स्थानीय गीत कम्तिमा ५ वटाको नृत्य सहित अभ्यास।<br>● विद्यालयमा अभ्यास गरिने सदनहरु।<br>● विद्यालय र स्थानीय स्तरमा बालक्लबको | ●गाउँपालिकामा रहेका खेलकुद र मैदानहरुको नाम।<br>●प्रविधिमा आधारित खेलहरुको फाइदा र बेफाइदा।<br>● गाउँपालिका क्षेत्रमा प्रचलित स्थानीय तथा आयतित खेलकुदहरुको सूची बनाई कुनै ६ वटा स्थानीय र कुनै १ आयतित खेल खेल्न र तिनीहरुको नियम बनाई खेल्न।<br>● खेलकुदहरुको शारीरिक, सामाजिक तथा मनोबैज्ञानिक महत्व बताउन।<br>● शारीरिक व्यायाम वा योग शिक्षाको परिचय।<br>● केही योगासनको परिचय, महत्व र अभ्यास। | ● गाउँपालिका क्षेत्रमा प्रचलित स्थानीय तथा आयतित खेलकुदहरुको सूची बनाई कुनै ७ वटा स्थानीय र कुनै २ आयतित खेल खेल्न र तिनीहरुको नियम बनाई खेल्न।<br>● खेलकुदहरुको शारीरिक, सामाजिक तथा मनोबैज्ञानिक र आर्थिक महत्व बताउन।<br>● गाउँपालिकामा प्रचलित लोकगीत र लोकनृत्यहरु मध्ये कम्तिमा ५ वटा लोकगीत गाउन र लोकनृत्य प्रदर्शन गर्न र यिनीहरुको सामाजिक, सांस्कृतिक पर्यटकीय महत्व बताउन।<br>● प्रविधिमा आधारित खेलहरुको प्रभाव।<br>● योग शिक्षाको महत्व र योगका प्रकार र योग |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महत्व तथा आवश्यकता।<br>● केही योगासनको परिचय, महत्व र अभ्यास। | | सम्बन्धी अभ्यास।<br>● केही योगासनको परिचय र अभ्यास। |
| १२ | वातावरण संरक्षण एवं फोहोरमैला व्यवस्थापन र हरित विद्यालय | ● घर तथा स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरुको नाम।<br>● घर तथा विद्यालयको बालबगैचामा भएका बिरुवाको नाम र चिनारी।<br>● स्थानीय क्षेत्रमा पाइने बोटबिरुवाहरुको नाम।<br>● घर तथा विद्यालयमा गरिने वृक्षारोपणमा सहयोग।<br>● फूलवारी तथा बिरुवाको हेरचाह।<br>● स्थानीय क्षेत्रमा भएका जलस्रोतको नाम।<br>● व्यक्तिगत, घर आँगन, विद्यालय वरिपरिको वातावरणको सरसफाइ<br>● फोहोरमैला पहिचान। | ● वडाभित्र पाइने वन्यजन्तु र चराहरुको नाम।<br>● पालिकामा पाइने बिरुवाको वर्गीकरण।<br>● बगैचाको परिचय<br>● घर र विद्यालयमा वृक्षारोपणमा सहयोग र सहभागी।<br>● बोटबिरुवाको संरक्षणमा सहयोग।<br>● वडामा भएका जलस्रोतको परिचय।<br>● व्यक्तिगत, घर आँगन विद्यालय वरिपरिको वातावरणको सरसफाइमा सहभागी।<br>● वरपरको वातावरण फोहोर हुने कारणहरु पहिचान।<br>● फोहोरमैलाको परिचय र प्रकार (कुहिने र नकुहिने) | ● गाउँपालिका भित्रका वनमा पाइने वन्यजन्तु र चराहरुको पहिचान।<br>● स्थानीय बोट बिरुवाहरुको परिचय।<br>● स्थानीय बोटविरुवाको महत्व तथा उपयोग।<br>● विद्यालयमा बगैचाको आवश्यकता र महत्व।<br>● घर र विद्यालयमा बालबगैचाको निर्माणमा सहयोग र हेरचाह।<br>● घर र विद्यालयमा जलस्रोतको उपयोगिता र उपयोगिताको तरिका।<br>● फोहोरमैला व्यवस्थापनको परिचय।<br>● फोहोरमैलाको वर्गीकरण।<br>● विद्यालयमा फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन (कुहिने नकुहिने र तरल)।<br>● व्यक्तिगत सामग्रीको हिफाजत र सरसफाइको परिचय तथा अभ्यास।<br>● घर, छरछिमेक, विद्यालय | ● गाउँपालिका क्षेत्रभित्रको वनमा पाइने वन्यजन्तु र चराहरुको परिचय तथा महत्व।<br>● वडाको वनमा पाइने औषधिजन्य वनस्पति पहिचान।<br>● विद्यालयमा बालबगैचा र वृक्षारोपणमा सहभागी।<br>● वातावरण र विकासको परिचय।<br>● गाउँपालिका क्षेत्रभित्र भएका जलस्रोतको परिचय, उपयोग र प्रयोग।<br>● फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर पहिचान।<br>● वातावरण प्रदुषणको स्थानीय अवस्थाको पहिचान।<br>● फोहोरमैलाको वर्गीकरण (ठोस, तरल र ग्याँस) व्यवस्थापनमा सहयोग। | ● पालिका क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिको उपयोग र महत्व।<br>● विद्यालय तथा घरमा स्थानीय औषधिजन्य वनस्पति र फलफूल बगैँचाको निर्माण।<br>● पालिका क्षेत्रमा जलस्रोत प्रदुषण, कारण र असर।<br>● पालिका क्षेत्रमा पाइने वनस्पति र जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय र समुदायको भूमिका।<br>● विद्यालय तथा स्थानीय क्षेत्रमा फोहोरमैलाको अवस्था र व्यवस्थापनका उपायहरु (व्यवस्थापन, पुनः उपयोग र प्रशोधन) (3R+Reduce, Reuse and Recycle)।<br>● घर र विद्यालयमा उपयोग हुने उर्जाको परिचय<br>● वातावरण संरक्षणको अवधारणा वा परिचय। | ● वडामा भएका वन र ती वनमा पाइने वस्तुको पहिचान।<br>● वनमा आधारित आर्थिक क्रियाकलापहरु जस्तैःघर तथा विद्यालयमा जडिबुटी खेती र सङकलन विभिन्न स्थानीय प्रजातिका वनस्पतिहरुको नर्सरी निर्माण र बिक्री वितरण पर्यापर्यटन आदि।<br>● वडा क्षेत्रमा वृक्षारोपण, हरियाली प्रवर्द्धनको परिचय महत्व तरिका र सहभागिता।<br>● विद्यालयमा करेसावारीको निर्माण (स्थानीय मौसममा आधारित सागसब्जी लगायतका दैनिक खानामा उपयोग हुने वनस्पतिको खेती)।<br>● घर, विद्यालय र स्थानीय क्षेत्रमा हुनसक्ने फोहोर तथा प्रदुषण न्यूनीकरणका उपाय जस्तैः जल, वायु, ध्वनी, जमिन।<br>● पालिका क्षेत्रमा | ● वडाभित्रका सामुदायिक वन, बवुलियती वन र निजी वनः परिचय, महत्व र पाइदा।<br>● वनस्पति तथा वन्यजन्तु अपराध नियन्त्रण र कानुनी व्यवस्था।<br>● हरित घर तथा विद्यालयको आवश्यकता, महत्व।<br>● घर तथा विद्यालयमा करेसाबारी र पुष्प बगैँचाको निर्माण, उत्पादन, बजारीकरण र आर्थिक फाइदा<br>● स्थानीय मौसममा आधारित सागसब्जी लगायतका दैनिक खानामा उपयोग हुने वनस्पति तथा स्थानीय फूलहरुको खेती नर्सरी।<br>● घरायसी उपयोग भैसकेको पानीको व्यवस्थापन सोकपिट र करेसाबारीमा उपयोग।<br>● घरायसी ठोस फोहोरको व्यवस्थापनः कम्पोस्टिङ | ● वडामा भएका वनमा पाइने वनस्पति तथा वन्यजन्तु संरक्षण र अपराध नियन्त्रणमा कानुनी व्यवस्था पालना गराउनका लागि विद्यार्थी, विद्यालय, स्थानीय समुदाय र सरकारको भूमिका।<br>● खाली जग्गा, वन क्षेत्र घर तथा विद्यालयमा वृक्षारोपण र जडिबुटी खेती, बजारीकरण र आर्थिक फाइदा।<br>● हरित विद्यालय निर्माणमा विद्यार्थी र इकोक्लबको भूमिका।<br>● हरित घर तथा विद्यालय निर्माणका लागि आवश्यक आधारभूत पक्षहरु र हरित गृह निर्माण योजना, दिगो विकास एवम् हरित विद्यालयको अन्तरसम्बन्ध प्रवर्द्धन।<br>● स्थानीय क्षेत्रमा पानीको दिगो व्यवस्थापनको |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | तथा समुदायको सरसफाइमा सहभागिता ।<br>●वरपरको वातावरण सफा राख्ने उपायहरुको पहिचान ।<br>●वरपरको वातावरणको सरसफाइ कार्यमा सहभागिता । | | | खानेपानीको स्रोत वितरण र पानी शुद्धिकरणका स्थानीय उपाय (परम्परागत रुपमा उपयोग गरिने, छान्ने, उमाल्ने, परम्परागत फिल्टर आदि) ।<br>●गाउँपालिका स्तरबाट पूरा गर्न सकिने दिगो विकासका लक्ष्य ।<br>●पालिका क्षेत्रमा दिगो विकास र वातावरण संरक्षणका तरिकाहरु । | जस्तैः गड्यौलाले मल बनाउने प्रक्रियाको अभ्यास ।<br>● दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध ।<br>● दिगो विकास र वातावरण संरक्षणका लागि स्थानीयस्तरबाट गर्न सकिने प्रयासहरु जस्तैः विद्यार्थी, विद्यालय र समुदायको भूमिका । | उपाय र आकासे पानी सङकलन विधि ।<br>●घरायसी ठोस फोहोरको व्यवस्थापन जस्तैः विन, डस्टविन वा कम्पोस्टिङ र पिट कम्पोस्टिङ गर्ने विधिको अभ्यास ।<br>●गाउँपालिका क्षेत्रमा वातावरण प्रदूषणको न्यूनीकरण र फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, सङघ संस्थाहरु र गाउँपालिकाको भूमिका ।<br>●दिगो विकासका लक्ष्यहरु प्राप्तिका लागि स्थानीय सरकारले गर्दै आएका तथा गर्नुपर्ने कार्यहरु । |
| १३ | सामाजिक रुपान्तरण, लोकतन्त्र र सङ्घीयता | • मुड्केचुला गाउँपालिकाको नाम र वडा सङ्ख्या । | ●मुड्केचुला गाउँपालिका घोषणा भएको मिति, जम्मा वडाहरुको सङ्ख्या र साविक गा.वि.स. सङ्ख्या र नामावली । | ● मुड्केचुला गाउँपालिका घोषणा भएको मिति, जम्मा वडाहरुको सङ्ख्या र साविक गा.वि.स. सङ्ख्या र नामावली । | ● प्रदेश र जिल्ला घोषणा भएको साल ।<br>●मुड्केचुला गाउँपालिका घोषणा भएको मिति, जम्मा वडाहरुको सङ्ख्या र साविक गा.वि.स. सङ्ख्या र नामावली । | ● नेपालको संविधान घोषणा मिति (२०७२/०६/०३)<br>● मुड्केचुला गाउँपालिका घोषणा भएको मिति, जम्मा वडाहरुको सङ्ख्या र साविक गा.वि.स. सङ्ख्या र नामावली । | ● मुड्केचुला गाउँपालिकाको परिचय र प्रशासनिक कार्य विभाजन ।<br>● जननिर्वाचित पदाकारीहरुको विवरण । | ● मुड्केचुला गाउँपालिकाको परिचय र प्रशासनिक कार्य विभाजन ।<br>● जननिर्वाचित पदाकारीहरुको विवरण । | ●नेपालमा सङ्घीयता एवं गणतन्त्र घोषणाको पृष्ठभूमि |

## २.९.१ विषयवस्तुको विस्तृतीकरण

यस खण्डमा कक्षागतरुपमा बालबालिकाहरुले हासिल गर्ने सिकाइ उपलब्धि, अध्ययन गर्ने विषयवस्तु, सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप एवं शिक्षण प्रक्रिया, शिक्षण सामग्री र मूल्याङ्कनलाई प्रस्तुत गरिएको छ। अतः पाठ्यक्रमको विस्तृतीकरण तलको तालिकामा प्रस्तुत गरिएको छः

### कक्षा–१

| क्र. सं. | विषय क्षेत्र/थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य शिक्षण सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया वाविधि | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| १. | हाम्रो गाउँपालिकाको परिचय | आफू बसिरहेको गाउँठाउँ, गाउँपालिका र वडा नम्बरको नाम बताउन। | विद्यार्थीले आफू बसोबास गर्ने गाउँ टोलको नाम, वडा नम्बर, गाउँपालिका र जिल्लाको नाम, आफू अध्ययन गर्ने विद्यालयको नाम र ठेगाना | • सबै विद्यार्थीलाई पालैपालो को कहाँ बस्नुहन्छ ? सोध्ने र आएको उत्तरलाई सेतोपाटीमा टिप्दै जाने।<br>• मुड्केचुला गाउँपालिकाको ९ वडाहरु छुट्टूएको नक्शा देखाई उनीहरुको घर र विद्यालय भएको वडा देखाउने।<br>• आफू बस्दै आएको पालिकाको नाम मुड्केचुला गाउँपालिका हो भनि भन्न, चिन्न र लेख्न लगाउँने।<br>• विद्यालय वरपरको ठाउँहरु घुमाउन लाने (अध्ययन भ्रमण) र त्यसको बारेमा बताइदिने र कस्तो लाग्यो, त्यहाँ केके देख्नुभयो हजुरको घर, टोल, गाउँमा छ कि छैन् भनेर सोध्ने, छलफल गर्ने।<br>• भ्रमण गरेको ठाउँको चित्र बनाएर दिने र त्यसमा नाम लेख्न र भर्न लगाउँने।<br>• पालिकाको विभिन्न ठाउँको भिडियो क्लिप फोटो आदि देखाई छलफल गर्ने।<br>• विद्यार्थीको घर रहेको वडा नम्बरमा विद्यार्थीको घरको चित्र बनाएर रङ भर्ने र गा. पा. र आफ्नो गाउँको नाम लेख्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउँने। | • सिमाना तथा वडा छुट्टिएको पालिकाको नक्सा<br>• भिडियो क्लिप, मोवाइल फोटो<br>• हातले बनाएको वडा छुट्टिने गा.पा.को नक्सा<br>• घर गाउँको सङ्केत जनाउने रङ्गीन कागजको टुक्राहरु | • विद्यार्थीको गाउँ, गा.पा. र वडा नम्बर सोध्ने र लेख्न लगाउँने।<br>• पालिकाको नक्सामा आफू बसेको वडा नम्बर देखाउन लगाउँने।<br>• आफ्नो गाउँऽ विद्यालयको चित्र बनाई लेख्न र रङग भर्न लगाउँने।<br>• गा.पा.को नक्सा भित्र आफ्नो घर भएको ठाउँको चिनो लगाई रङग भर्न लगाउँने।<br>• कक्षामा गरिएको क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने। | २० |
| २. | स्वास्थ्य र सरसफाइ | आफ्नो सामान्य सरसफाइ आफै गर्न र चर्पीको प्रयोग गर्न | • दैनिक हातमुख धुने, सफा रुमाल वा कपडा<br>• सही तरिकाले हात धुने ६ तरिका<br>फोहोर ढुङ्गामाटो आदि छोएपछि विद्यालयबाट वा बाहिर गएर फर्केपछि र चर्पी प्रयोग गरेपछि साबुन पानीले हात खुट्टा धुने | • साबुन पानीले हात धोएको चित्र, पोष्टर देखाएर छलफल गर्ने र त्यहाँ देखाए अनुसार हात धुने तरिका बताउँदै अभ्यास गराउने।<br>• चर्पी प्रयोग गरेपछि साबुन पानीले र अरु बेला सफा पानीले मात्र हात, खुट्टा, मुख धुने सही तरिका प्रदर्शन गर्दै सँगसँगै अभ्यास गर्न लगाउँने (जस्तै रमाइलोको लागि १, २, ३ ....४, ५, ६....७, ८,९ गन्दै हात धुन सिकाउने) केही दिन यो अभ्यास विद्यालयमा गराउने र घरमा पनि अनिवार्य गर्न भन्ने।<br>• हात धोएपछि सफा कपडाले हात मुख पुछ्न् सिकाउने<br>• चप्पल र जुत्ताको प्रयोग कहाँ गर्ने, कहाँ नगर्ने भनी विद्यार्थीसँग कुरा गर्ने र कहाँ जुत्ताचप्पल लगाउँदा ठिक हो, कहाँ बेठीक हो भनि बताउँने। | • साबुन पानीले हात धोएको चित्र, पोष्टर<br>• सफा पानी साबुन वा खरानी<br>• हात पुछ्ने तौलिया वा सफा कपडा<br>• स्थानीय सामानले बनेको जुत्ता चप्पल राख्ने र्याक | • सही तरिकाले साबुन पानीले हात खुट्टा धुन जान्यो वा जानेन अभ्यास गर्न लगाएर हेर्ने।<br>• चर्पीको प्रयोगपछि खाना खानुअघि र खाइसकेपछि सधै हात धुने बानी भयो कि भएन अभिभावकसँग सोध्ने।<br>• सफा र फोहोर कुरा वा चित्र देखाएर छुट्टाउन लगाउँने। | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | तरिका। | • अभिभावकहरुलाई समेत यस बारे जानकारी गराई बालबालिकाहरुलाई घरमा पनि बानी लगाउन अनुरोध गर्ने।<br>• सफा र मैलो कपडा, सफा र मैलो झोला र अन्य सफा र मैलो वा फोहोर सामानहरु देखाएर कुन सफा र कुन मैलो वा फोहोर हो भनि छुट्याउन लगाउँने।<br>• सफा र फोहोर वा मैला चित्र सिकाउने र कसरी फोहोर भएको होला, अब के गर्यो भने फोहोर हुँदैन? कसरी, कसले सफा गर्ने होला भनी प्रश्नोत्तर गरेर सफा र फोहोरको अर्थ बुझाउने र सधै सफा रहने बारे बताउने। चित्र वा तस्वीर देखाएर पनि छलफल गर्न सकिन्छ।<br>• साबुन पानीले हात, खुट्टा र मुख धोएर प्रदर्शन गर्न लगाउँने। | • सफा र मैलो कपडा व्याग र अन्य सामानहरु | • विद्यालयमा विद्यार्थीको व्यक्तिगत र बाहिरी सरसफाइ सम्बन्धी क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने। | |
| ३. | मातृभाषा, संस्कृति र चाडपर्व | • गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा बसोबास गर्ने विभिन्न जाति जनजातिहरुको सूची।<br>उनीहरुको मातृभाषाको सूची र सामान्य परिचय। | • गाउँपालिकाको आफू बसोबास गर्ने ठाउँमा विभिन्न जाति जनजातिहरुको सूची।<br>• उनीहरुको मातृभाषाको सूची मातृभाषामा सामान्य परिचय।<br>• शरीरका मुख्य अङ्गहरु, मातृभाषामा अभिवादन, परिवार भित्र र नजिकको आफन्त साइनो, १ देख ५ अङ्क गणना।<br>• घरपरिवारमा बारम्बार बोल्ने कम्तिमा २० शब्दहरु। | • गाउँपालिकाको आफू बसोबास गर्ने ठाउँमा बसोबास गर्ने विभिन्न जाति जनजातिहरुको सूची तयार गर्ने।<br>• आफ्नो मौलिक वेशभूषा वा पहिरन लगाएको सामानहरु पुस्तकालयमा राख्ने। ती सामानहरु कक्षाकोठामा ल्याएर प्रदर्शन गरी विद्यार्थीलाई आ-आफ्नो जाति समुदाय के हो भन्न लगाउँने।<br>• आफ्नो साथी कुन कुन समुदायका छन् जोडीमा सोधेर भन्न लगाउँने। सबै जाति समुदायहरु बराबर हो भन्ने कुरा बुझाउने। यस क्रममा जातीय विभेदलाई दुरुत्साहन हुने कुनै पनि कुरा वा कार्य गर्न गराउन नहुने।<br>• विद्यार्थीहरुले आ-आफ्नो मातृभाषामा परिचय दिने। जस्तै मरो नाम …… हो। मेरो बुबा आमा दिदी भाइ दाई …. को नाम …… हो। म …..कक्षामा पढ्छु।<br>• शरीरको मुख्य अङ्गहरु जस्तैः आँखा, नाक, कान, मुख, टाउको, घाटी, हात, औला आदि। नेपालीमा लेखिदिने र त्यसलाई मातृभाषामा लेखेर ल्याउन गृहकार्य दिने।<br>• विद्यालय र समुदायका विभिन्न झाँकीमा विद्यार्थीहरुलाई सहभागी गराउँने।<br>• नमस्कार, अभिवादन आदि गर्ने शब्दहरुलाई मातृभाषामा भन्न लगाउने।<br>• चाडपर्वहरुको बारेमा छलफल र सूची बनाउन लगाउँने। | • स्थानीय जाति समुदाय अनुसारको मौलिक वेशभूषा, गरगहना, पहिरन।<br>• मातृभाषाको शब्दकोष, शब्दपत्ती।<br>• नाता सम्बन्धको चार्ट सेतोपाटी, मार्कर, मोबाइल रेकर्डर | • स्थानीय मौलिक जाति समुदाय अनुसारको वेशभूषा र गरगहनाको नाम र सम्बन्धित जातिहरुको सूची बनाई जोडा मिलाउन दिने।<br>• मातृभाषामा ५ वटा बाक्यमा आफ्नो परिचय दिन लगाउँने।<br>• नमस्कार, अभिवादन, विदाइको हाउभाउ वा सङकेत गरी विद्यार्थीलाई आफ्नो मातृभाषामा भन्न लगाउँने।<br>• विवाह, ब्रतबन्ध, पास्नी, जन्मउत्सवमा सहभागी भएको वा आफूले देखेको वा सुनेको आधारमा लगाउँने पहिरनका बारेमा ५ वटा वाक्यमा बताउन लगाउँने।<br>• पालिका क्षेत्रमा मनाउँने चाडपर्वहरुको बारेमा भन्न लगाउँने। | २० |
| ४ | ऐतिहासिक, धार्मिक, पर्यटकीय स्थलहरु | •गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा रहेका प्रचलित धार्मिक, | • गाउँपालिका को विद्यार्थी बसोबास गर्ने क्षेत्रमा रहेका प्रचलित | • विद्यार्थीहरुलई आफ्नो गाउँघर र वरपर भएको धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरुको नाम सोध्ने र ती ठाउँमा पुगेको छ कि छैन, त्यहा के छ भनी प्रश्न सोध्ने र थप जानकारी दिदै ती स्थलहरुको फोटो, भिडियो सङ्कलन गरी देखाउँने। | • गाउँपालिकाको प्रमुख एवं प्रसिद्ध धार्मिक, सांस्कृतिक र पर्यटकीय | • गाउँपालिकाको प्रमुख एवं प्रसिद्ध धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलहरुको नाम भन्न वा लेख्न | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सांस्कृतिक र पर्यटकीय स्थलहरु मध्ये कुनै २ वटाको नाम भन्न। | धार्मिक स्थलहरु जस्तैः मठमन्दर गुम्वा, चाडपर्वमा पूजाआजा गर्ने ठाउँहरु। | • विद्यार्थीहरुलाई उपयुक्त समय र मौसममा अवलोकन भ्रमण लैजाने।<br>• अवलोकन पछि आफूले अवलोकन गरेका कुराहरु कापीमा लेखेर ल्याउन लगाउँने र भ्रमणपछि भ्रमण कस्तो लाग्यो, के देख्नु भयो भनेर सोध्ने, छलफल गर्ने।<br>• भ्रमण गरेपछि धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलका चित्र कोर्ने त्यहाँ देखेका ५ वटा कुराको नाम लेख्न लगाई प्रस्तुत गर्न लगाउँने।<br>• कक्षामा स्थानीय धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरुको चित्र दिएर रङग भर्न लगाउँने। | स्थलहरुको फोटोहरु र संक्षिप्त चिनारी।<br>• चित्र कोरेर रङग भर्न आवश्यक पर्ने पेपर कलर, साइनपेन, पेन्सिल आदि।<br>• पालिकको बारेमा लेखिएका वा तयार गरिएका भिडियो डकुमेन्ट्री। | लगाउँने।<br>• ती स्थलहरुको बारेमा प्रस्तुत गर्न लगाउँने।<br>• कक्षाकोठामा स्थानीय धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरुको चित्र दिएर रङ भर्न लगाउँने।<br>• विद्यालयमा विद्यार्थीको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने। | |
| ५ | स्थानीय पेसा व्यवसाय एवं ज्ञान, सिप तथा प्रविधि र उद्यमशीलता | • घर तथा परिवार स्तरमा भएका पेसाको चिनारी।<br>• स्थानीय स्तरमा भएका पेसाको नाम<br>• गाउँपालिका क्षेत्रमा विगत र वर्तमानमा अपनाइएका परम्परागत र आधुनिक किसिमका विभिन्न प्रविधिको पहिचान। | • गाउँपालिका भित्रका समुदायहरुले अपनाउने पेसाहरुको विवरण।<br>• घरायसी कामकाज गर्न र परिवार समुदायहरुले जीवन निर्वाह गर्नको लागि चाहिने घरेलु वा वाह्यय सरसामानहरु प्रयोगमा चाहिने ज्ञान र सिप।<br>• गाउँघरमा परम्परागत र आधुनिक रुपमा सञ्चालित प्रविधिहरुको पहिचान। | • विद्यार्थीहरुलाई घरमा परिवारका सदस्यहरुले अगाँलेका पेसाहरु केके हो भनेर भन्न लगाउँने र छलफल पनि गर्ने।<br>• विद्यार्थीहरुलाई तपाईंको घरमा भएका घरेलु सामान तथा औजारहरुको बारेमा भन्न लगाउँने।<br>• डोको, नाम्लो, राडीपाँखी, ठेकी, मदानी, मुढा, पिर्का, सुइटर, टोपी, ओखल, जाँतो, सिलौटो, हँसिया, खुकुरी, कुटो, हलो, पानी घट्ट, बिजुली घर, कम्प्युटर आदि।<br>• त्यस्तै काठबाट बनेका दराज, कुर्ची, टेवल आदि।<br>• विद्यार्थीहरुलाई यी घरेलु सामग्रीहरुको बारेमा छलफल गर्न लगाउँने र कुन सामग्री ककेको लागि प्रयोग हुन्छ भन्ने बारे बताउन लगाउँने।<br>• विद्यार्थीहरुलाइ घरबाट २ वटा घरेलु सामग्रीहरुको सूची तयार गरी ल्याउन लगाउँने। | • विभिन्न घरेलु सामग्रीहरुको चित्र।<br>• स्थानीय ज्ञान, सिप र प्रविधि प्रयोग गरी बनाइएका कृषि सामग्री, भान्साका सामग्रीहरु, आदिको सचित्र सूची वा फोटोहरु। | • घरमा परिवारका सदस्यले अपनाएका व्यवसायहरु केके हुन सो बारे भन्न लगाउँने।<br>• विभिन्न घरेलु ज्ञान सिपमा आधारित सामग्रीहरुको बारेमा विद्यार्थीहरुलाई भन्न लगाएर।<br>• सामग्रीहरु र नामलाई जोडा मिलाउन लगाउँने।<br>• घरबाट अभिभावकको सहयोगमा कृषि र भान्सामा प्रयोग हुने कुनै ५।५ वटा सामग्रीहरुको नाम लेखेर ल्याउन लगाउँने। | १५ |
| ६ | खाद्यान्न तथा पोषण एवं कृषि, जडिबुटी, पशुपालन | • गाउँपालिका क्षेत्रमा उत्पादन हुने खाद्यान्न, सागसब्जी र फलफूल चिन्न कम्तिमा ३।३ वटाको नाम बताउन। | • गाउँपालिका क्षेत्रमा हुने खाद्यान्न (अन्नबाली दलहन, तरकारीहरु) जस्तैः धान, मकै, गहुँ, कोदो, दाल, साग, | • विद्यार्थीहरुलाई आज के खानेकुरा खाएर विद्यालय आउनु भयो भनी सोध्ने र ती खानेकुरा के बाट बनाएको भनी सोध्ने र उदाहरण दिँदै स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्नहरु बारे परिचित गराउने।<br>• आ-आफ्नो घरबाट आ-आफ्नो खेतबारीमा फलेका खाद्यान्नहरुको केही नमूना ल्याउन लगाउने र त्यो के हो भन्न लेख्न र त्यसबारे बताउन लगाउँने। | • गाउँपालिकामा उत्पादन हुने विभिन्न खाद्यान्न, तरकारी तथा फलफूलको वास्तविक नमूना वा फोटोहरु। | • तरकारीको पात वा पातको टुक्रा कापी वा कागजमा टाँस्न र नाम लेख्न लगाउँने।<br>• स्थानीय खाद्यान्न, तरकारी, फलफूलहरुको नाम भन्न वा सूची | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • आयतित कम पोषणयुक्त बजारको पत्रु खानेकुराको सट्टा स्थानीय कृषि उत्पादन र आयतित कृषि उत्पादनको उपभोग गर्न। | काउली, आलु, फर्सी, लसुन, प्याज आदि।<br>• स्थानीय कृषि उपजबाट बनेका विभिन्न खानेकुराहरु वा परिकार जस्तैः दाल, भात, साग, गेडागुडी, तरकारी आदि।<br>• बजार, पसलमा पाइने खाद्यान्न, तरकारी, फलफूल।<br>• बजार, पसलमा पाइने पत्रु खानेकुराहरु वा कम पोषणयुक्त खानेकुरा (जङक फुड) जस्तैः चाउचाउ, विस्कुट, कोक आदि। | • स्थानीय खाद्यान्न, तरकारी, फलफूलको नमूनाहरु कक्षामा डोरी टाँगी नाम लेखेर झुण्ड्याउने र सोको बारेमा बताउने।<br>• विद्यार्थीलाई आफूलाई मन पर्ने फलफूलको नाम भन्न लगाउने र सो फलफूलको चित्र बनाउने र नाम लेख्न सिकाउने।<br>• कहिले काँही आफ्नो खेतबारीमा फलेको फलफूल विद्यालयमा खाजाको रुपमा ल्याउन लगाउँने र अभिभावकहरुलाई समेत यस बारे प्रोत्साहित गर्ने।<br>• स्थानीय फलफूलको चित्रमा रङग भर्न र चिनेर नाम लेखेर वा चित्र जोडा मिलाएर प्रस्तुत गर्न लगाउँने।<br>• बजारमा वा पसलमा केके खानेकुरा, खाद्यान्न, तरकारी पाइन्छ भनेर विद्यार्थीहरुलाई सोध्ने? विद्यालय नजिकको पसल, बजारमा विद्यार्थीहरुलाई अवलोकन गर्न लैजाने र पसलमा लगेर विभिन्न किसिमका खानेकुराहरु देखाउने।<br>• विद्यार्थीहरुलाई कुनकुन खानेकुरा स्वस्थ खानेकुरा र कुनकुन खानेकुरा पत्रु खानेकुरा हो भनेर बुझाउने र पत्रु खानेकुरा किन सधै खानु हुँदैन भनी बताउने।<br>• स्वस्थ खानेकुराहरु र पत्रु खानेकुराहरुको सूची बनाउने र स्वस्थ खानेकुरालाई ठिक चिन्ह र पत्रु खानेकुरालाई बेठिक चिन्ह लगाउन सिकाउने।<br>• स्वस्थ खानेकुरा र पत्रु खानेकुराको बारेमा पोस्टर वा चित्र वा बालभिडियो वा भिजुअल गीत, मोबाइल मार्फत देखाएर छलफल गर्ने।<br>• सम्भव भएमा नजिक भएको स्वास्थ्यकर्मीलाई बोलाएर एक सेसन पाठ लिन लगाउने।<br>• असर पोषणयुक्त र कम पोषण भएको जङक फुड छुट्याउन लगाउँने। | • डोरी, सियो, धागो।<br>• नमूना राख्ने प्लास्टिक झोला।<br>• स्वस्थ खानेकुरा र पत्रु खानेकुराको सूची वा वास्तविक नमूना।<br>• पौष्टिक खानेकुराको क्यालेण्डर।<br>• खाना, तरकारी, फलफूल सम्बन्धी बालबालिकाले बुझ्ने पोष्टर, बालगीत, भिडियो क्लिप, फोटो।<br>• मार्कर, सेतोपाटी, कापी, न्यूजप्रिन्ट वा चार्ट पेपर। | बनाउन लगाउने।<br>• स्थानीय फलफुलको चित्रमा रङ भर्न र चिनेर नाम र चित्र जोडा मिलाउन लगाउँने।<br>• कागजको टुक्राहरुमा स्वस्थ र पत्रु खानेकुराहरुको नाम सहितको चित्र भएको कागजको टुक्राहरु दिएर स्वस्थ र पत्रु खानेकुराहरु छुट्याउन लगाउँने।<br>• विद्यालयमा विद्यार्थीहरुले गर्ने आनीबानीको आधारमा मूल्याङ्कन गर्ने।<br>• खानेकुराहरुको सूचीबाट पत्रु खानेकुरालाई क्रस र स्वस्थ खानेकुराहरु गोलो चिन्ह लगाउन लगाउँने। | |
| ७ | प्रकोप र विपद् व्यवस्थापन | गाउँपालिका भित्र हुनसक्ने विपद्को पहिचान र बच्ने उपायहरु बारे जानकारी। | • प्रकोपको पहिचानः<br>• सडक दुर्घटना, करेन्ट लाग्ने, आगलागी, डुवा,न बाढी, पैरो, भिरबाट लड्ने।<br>• विद्यालय आउँदा र घर जाँदा बाटोमा हुने जोखिम पहिचान जस्तैः ढुङ्गा खस्ने, खोलाले | • चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट प्रकोपको पहिचान गर्न लगाउने।<br>• चित्र एवं श्रव्यदृश्य सामग्रीमा भैरहेको घटना व्याख्या गर्न लगाउने।<br>• आफ्नो वरिपरि हुनसक्ने विभिन्न प्रकोपको नाम भन्न लगाउने र विद्यार्थीको अनुभव छलफल गराउने।<br>• शिक्षकले विगतका घटनाको अनुभव सुनाउने र छलफल गराई प्रकोपको परिचय दिने।<br>• विभिन्न जोखिमलाई चित्रको माध्यमबाट देखाउने र तिनीहरु के हुन भन्न लगाउने।<br>• जोखिमयुक्त स्थानको अवलोकन गराउने र ती स्थान किन जोखिमयुक्त भए भनेर भन्ने र छलफल गराउने। | • विभिन्न प्रकोप बारे चित्र वा पोस्टरहरु<br>• विपदबाट जोगिने उपायहरु बारे वर्णन गरिएका फोटाहरु।<br>• विपतबाट जोगिनका लागि कृत्रिम अभ्यासका लागि आवश्यक सामग्रीहरु जस्तैः कपडा, | • प्रकोपको चित्र र नामको जोडा मिलाउन लगाउने।<br>• बिचको माध्यमबाट जोखिम पहिचान गराई ती जोखिमबाट बच्ने उपाय भन्न लगाएर।<br>कृत्रिम घटना अभ्यास गराई रुजुसूची भरेर। | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | बगाउने, पहिरो खस्ने, बाटो क्रस गर्दा हुने दुर्घटना ।<br>• विद्यालय आउँजाउँ गर्दा बाटोमा हुने जोखिमबाट सावधानी ।<br>• विपदबाट सुरक्षाः जस्तैः कक्षाकोठा, विद्यालय, घर तथा बाटोमा, सडक दुर्घटना, करेन्ट लाग्ने, आगलागी, ढुङ्गा खस्ने, आदिबाट बच्ने उपाय ।<br>• कृत्रिम घटना अभ्यास । | • चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट जोखिमयुक्त अवस्था देखाउने र यस्तै अवस्था आयो भने के गर्ने वा गर्छौ भनेर विद्यार्थी बिच छलफल गराउने ।<br>• चित्र वा श्रव्यदृश्य सामग्री वा कथाको माध्यमबाट ती घटनाबाट सुरक्षित रहने उपाय भन्ने ।<br>• चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट पालैपालो विभिन्न विपद्को चिनारी गराउने ।<br>• ती विपद् हुन नदिनका लागि वा सम्भाव्य क्षति कम गर्नका लागि गर्नुपर्ने पूर्वतयारी बारे छलफल गराउने ।<br>• शिक्षकले कथाको माध्यमबाट कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने विपदबाट बच्नका लागि कृत्रिम अभ्यास गराउने । | झोला, टर्च आदि । | | |
| ८ | व्यक्ति, संस्था, सहकारी | • आफ्नो घर र छिमेकीको घरमुलीको नाम ।<br>• आफूलाई सिकाउने शिक्षकको नाम ।<br>• आफ्नो विद्यालयको नाम ।<br>• बिद्यार्थी बसोबास गर्ने गाउँ र वडामा रहेका समाजसेबी व्यक्तिहरुको नाम पहिचान गर्न ।<br>• विद्यार्थी बसोबास गर्ने वडामा रहेका सामुदायिक संस्थाहरुको पहिचान गर्न । | • विद्यार्थी बसोबास गर्ने क्षेत्रभित्र रहेका समाजसेवीहरु<br>• वडामा रहेका सामुदायिक संस्थाहरु । | • विद्यार्थीको परिवार र साथीहरुको घरपरिवारका बारेमा छलफल गर्ने, प्रश्न सोध्ने ।<br>• वन समुह, आमा समुह, युवा क्लब, गाउँघरमा भए नभएको एकिने गर्ने र छलफल विद्यार्थीहरु बिच गराउने ।<br>• समाजका प्रेरणादायी व्यक्तिहरुको बारेमा पहिचान गर्न लगाउने ।<br>• सेवा दिन विभिन्न समुह वा संस्थाहरुको नामको सूची बनाउँन लगाउने ।<br>• गाउँघरमा देखेका वा भेटेका वा सुनेका समुहहरुको बारेमा सामुहिक छलफल गर्न लगाउने । | • समाजसेवीहरुको नाम सहितको विवरण ।<br>• अगुवा गर्ने व्यक्तिहरुको फोटो र चित्र ।<br>• सामुदायिक सेवा प्रदान गरिरहेका पोस्टरहरु<br>• विद्यालयको विवरण लेखेको कार्डहरु ।<br>• मार्कर, सेतोपाटी आदि । | • पालिकाभित्र रहेका समाजका लागि काम गरेका वा गर्ने व्यक्तिहरुको पहिचान गर्न लगाउँने ।<br>• गाउँघरमा भएका संस्थाले दिने सेवाहरु बारे प्रश्नोत्तर गर्ने गराउने ।<br>• विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालयहरु, सामुदायिक संस्था भित्र पर्दछन् कि पर्दैनन् सो बारे भन्न लगाउँने । | ७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | समानता, समावेशीता र सामाजिक न्याय | •सबै जाति तथा समुदाय समान हो र कुनै कुरामा भेदभाव, छुवाछुत गर्नु हुँदैन भन्ने बताउन र समानताको व्यवहार गर्न।<br>•परिवार र समुदायमा भए फरक क्षमताका व्यक्तिलाई आवश्यक सहयोग, सम्मान र तिनीहरुप्रति राम्रो बोली व्यवहार र सम्मान। | • गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रको सामाजिक अवस्था जस्तैः विभिन्न जाति जनजातिहरु मिलेर बसेको विविधता बिचको एकता आदिको परिचय।<br>• सहयोग मेलमिलाप र समानताको अवधारणा।<br>• फरक क्षमता भएका व्यक्तिको पहिचान, प्रकार, फरक क्षमता भएका व्यक्तिहरुलाई सहयोग, सम्मान सहायता।<br>• फरक क्षमता भएका व्यक्तिलाई विद्यार्थीहरुले गर्न सक्ने सहयोग, सम्मानजनक बोली, व्यवहार। | • साथीहरुसँग झगडा गर्नु, नराम्रो भन्नु, गाली गर्नु राम्रो कि, मिलेर बस्नु, एकअर्कालाई सहयोग गर्नु, राम्रो बोली व्यवहार गर्नु ठीक हो कि होइन भनेर छलफल गर्ने।<br>• कमिला र माहुरीको कथा सुनाएर, देखाएर सहयोग, मेलमिलाप र समानताको अर्थ बुझाउने।<br>• कमिला र माहुरी जस्तै एकआपसमा मिलेर बस्ने, एकआपसमा मिलेर सहयोग गर्ने र समान व्यवहार गर्ने भनी बुझाउने र त्यसो गर्न प्रोत्साहित गर्ने।<br>• समानता सम्बन्धी बाल भिडियो वा कार्टुन देखाएर समान व्यवहारको ज्ञान सिकाउने र सो बारे बताउन लगाउँने।<br>• फरक क्षमता भएका र विरामी वृद्ध आदि जोकोही देखेका भेटेका छौ कि छैनौं भनेर बालबालिकाहरुलाई सोध्ने र त्यस्ता व्यक्तिलाई दैनिक जीवनयापनमा के कस्ता कठिनाई हुन्छहोला र कसले सहयोग गर्छ होला भनेर सोध्ने। जस्तैः खुट्टा नभएको मान्छे कसरी हिड्छ होला, दृष्टिविहिन भएको बच्चाहरु कसरी पढ्छ होला आदि भनेर कौतुहलता जगाउँने।<br>• फरक क्षमता भएका व्यक्तिहरुका बारेमा छलफल गराउने र फरक क्षमता हुनाका कारणहरु केके होलान भनेर सोध्ने।<br>• विद्यार्थीहरुलाई आँखा चिम्लेर हिड्न लगाउने, पढ्न वा लेख्न लगाउने त्यस्तै एक खुट्टाले हिड्न लगाउने यसरी आँखा चिम्लेर र एक खुट्टाले काम गर्दा कस्तो अनुभव भयो भनेर छलफल गर्न लगाउने।<br>• फरक क्षमता भएका व्यक्तिहरु आसपासमा भएमा बोलाएर उनीहरुको अनुभवका बारेमा छलफल र सम्वाद गराउने। | • सेतोपाटी, मार्कर।<br>• समानता सम्बन्धी बालभिडियो वा कार्टुन<br>• फरक क्षमता भएका व्यक्ति र यसको प्रकार।<br>• फरक क्षमता भएका व्यक्तिलाई गरिने शब्द सम्बोधन बारे जानकारी।<br>• फरक क्षमता भएका व्यक्तिहरुको चित्र, पम्प्लेट वा भिडियो।<br>• फरक क्षमता भएका व्यक्तिहरुको परिचय पत्रको नमूना जस्तैः रातो, निलो, पहिले, सेतो।<br>• फरक क्षमता भएका व्यक्तिहरुले प्रयोग गर्ने सामग्रीहरु। | • बालबालिकाहरु बिच आपसी सम्मान, सद्भाव र समानताको बोली व्यवहार अभ्यास भएको छ वा छैन अवलोकन गर्ने।<br>• एक अर्कामा मिलेर बस्ने, खेल्ने, हिड्ने गतिविधि विद्यार्थीहरुमा भए नभएको अवलोकन गरी मूल्याङ्कन गर्ने।<br>• फरक क्षमता भएका व्यक्तिको कुनै ३ वटा प्रकार भन्न र चिन्न लगाउँने।<br>• फरक क्षमता भएका र असक्त व्यक्तिहरुलाई किन सहयोग, माया, सम्मान गर्नुपर्दछ भनी सोध्ने।<br>• फरक क्षमता हुनुका कारणहरु के होला भनेर भन्न लगाउँने।<br>• विद्यालयमा विद्यार्थीहरुको बोली, व्यवहार र क्रियाकलापहरुको अवलोकन गेरर मूल्याङ्कन गर्ने। | ८ |
| १० | सामाजिक मूल्य मान्यता एवं सदाचार र नैतिकता | • आफूभन्दा ठूलालाई सम्मान गर्न, साइनो लगाएर बोल्ने र आफू सरह र सानालाई माया गर्ने बानी व्यवहार प्रस्तुत गर्न।<br>• असर बोली व्यवहार र बानी व्यबहार प्रस्तुत गर्न। जस्तैः सभ्य शब्द, | • घरमा आउने पाहुनाहरु आफू वा आफ्नो परिवारको सदस्य पाहुना भएर जाने आफन्हरु।<br>• आफ्नो परिवार, आफन्त, छरछिमेकका विभिन्न व्यक्तिसँगको नाता वा साइनो।<br>• अपरिचित व्यक्तिहरुलाई | • विद्यार्थीहरुलाई कसको घरपरिवारमा कोको हुनुन्छ। छरछिमेकमा, मामाघरमा को को हुनुहुन्छ भनी सोध्ने, सेतोपाटीमा बोलाउने साइनोको सूची तयार गर्ने र साइनो अनुसार कसलाई कसरी अभिवादन गर्ने हो सोधेर अभिवादन गर्ने, शब्दहरुको सूची बनाउने र छलफल गर्दै अभिवादन कसरी गर्ने भन्दै अभ्यास गराउँदै सिकाउने।<br>• अभिवादन, स्वागत, विदाइ गर्ने शब्दहरु नेपाली र अंग्रेजी दुबै भाषामा लेखी विद्यार्थीलाई भन्दै अभ्यास गराउन, लेख्न लगाउँने ती शब्दहरुलाई आ-आफ्नो मातृभाषामा के भन्छन् भनेर, लेखेर ल्याउन गृहकार्य दिने।<br>• पाहुना घरमा आउँदा के भनेर स्वागत तथा विदाइ गर्ने भनी उपयुक्त शब्द शब्दावली भन्न र अभ्यास गर्न सिकाउने। | • शब्द कार्डहरु<br>• स्वागत, अभिवादन विदाइ र अतिथि सत्कारका चित्रहरु, फोटोहरु र शब्दहरु<br>• सेतोपाटी, मार्कर<br>• राम्रो, नराम्रो बानी सम्बन्धी चित्र वा | • अभिवादन, स्वागत, बिदाइ र अतिथि सत्कारका शब्दहरु भन्न र सही तरिकाले यी काम गर्न जान्दछन् कि जान्दैनन् भनी सोध्ने र प्रदर्शन गर्न लगाई अवलोकन गर्ने।<br>• अभिवादन, स्वागत, विदाइ र अतिथि सत्कार सम्बन्धी फोटो, चित्र वा भिडियोहरु चिन्न वा छुट्टयाउन सक्छ कि सक्दैन जाँच्ने। | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | साथीहरुसँग मिलनसार हुने, सहयोग गर्ने, मिलेर बस्ने, खेल्ने, रमाइलो गर्ने आदि।<br>● आफ्नो समाज जाति समुदायको असर भाषा, असर मूल्यमान्यता, संस्कार, संस्कृति अनुसारको पाहुना, आफन्त र मान्यजनलाई अभिवादन गर्न, साइनो लगाएर बोल्न। | सरल, सभ्य र सही तरिकाले बोलाउने नाता लगाउँने। | ● आफ्नो परिवार, समुदाय अनुसार अभिवादन, स्वागत वा विदाइ गर्ने, फरक मातृभाषी शब्द तरिका भए विद्यार्थीलाई अभिभावकसँग सोधेर लेखेर ल्याउने र शब्दोच्चारण सँगै प्रदर्शन गर्न लगाउँने।<br>● अभिवादन, स्वागत, बिदाइ र अतिथि सत्कार सम्बन्धी फोटो वा चित्र वा भिडियोहरु देखाई छलफल गराउने र चिनाउने। सही वा गलत छुट्टाउन सिकाउने।<br>● दैनिक जीवनमा विद्यालय, घर, बजार, सडक, बाटो, सार्वजनिक स्थलमा गर्नुपर्ने ठीक कामकुराहरु जस्तैः आदत बानी बारे विभिन्न चित्र फोटोहरु देखाएर यो के गरेको हो भनेर सोध्ने। यसो गर्नु ठीक हो वा गलत भनेर विद्यार्थीहरुलाई सोध्ने कापीमा लेखिदिने र ठीक वा बेठीक के हो चिन्न, लेख्न लगाउँने सिकाउने।<br>● राम्रो आनीबानी गर्न विद्यार्थी र सिकाउन अभिभावकहरुलाई पनि प्रोत्साहित गर्ने।<br>● साथीहरुसँगै मिलेर पढ्न, बस्न, नाच्न, खेल्न, गीत गाउन लगाउँने।<br>● साथीहरुलाई सभ्य तरिकाले नाम भनेर बोलाउन सिकाउने र माथिल्लो कक्षाकालाई दाइदिदी भनेर बोलाउन र आफूभन्दा सानालाई सभ्य तरिकाले नाम वा भाइबहिनी भनेर बोलाउन सिकाउने र अवलोकन गरी आवश्यकता अनुसार सम्झाउने, प्रोत्साहित गर्ने गराउने।<br>● साथीहरुलाई सहयोग गर्न मिलेर पढ्न, खेल्न, नाच्न, गीत गाउन लगाउँने।<br>● तपाईँहरु कसको आफन्तकोमा पाहुना भएर जानुहुन्छ भनी पालैपालो सोध्ने र सेतो पाटीमा सूची बनाएर टिप्ने।<br>● पाहुना भएर जाने घरमा को को हुनुहुन्छ, उनीहरुलाई के के भनेर बोलाउने गर्नु हुन्छ भनी साइनो पहिचान गर्ने।<br>● तपाईँको घरमा को को पाहुना आउनु हुन्छ, पाहुना आउँदा तपाई आमा बुबा, हजुरबा, हजुरआमा काका, दिदी, दाजु र अरुले के कसरी स्वागत सत्कार गर्नुहुन्छ। भनी सोध्ने र सूची बनाएर अभिवादन शब्हहरु लेखी भन्न र अभ्यास गर्न लगाउँने।<br>● शिक्षकले आफू सानो हुँदा मामाघर वा कोही आफन्तको घरमा गएको वा आफ्नो घरमा कोही पाहुना आउँदाको अनुभवलाई बाल कथा बनाएर सुनाउने।<br>● साइनो अनुसार के भनेर बोलाउने, कहिले, कसरी, अभिवादन गर्नुहुन्छ भनी सोध्ने र प्रदर्शन गर्न लगाउँने।<br>● | फोटोहरु।<br>● शब्द मेटा कार्ड वा सोको लागि प्रयोग गर्न सकिने पेपर। | ● विद्यालयमा विद्यार्थीको क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने।<br>● विद्यालय, घ,र बजार, सडक, बाटो, बजार आदिमा गर्नुपर्ने सही र गलत आनीबानी ठीक बेठीक के हो भनेर छुट्ट्याउन लगाउँने।<br>● विद्यार्थीले घरपरिवा,र विद्यालय, साथीसङ्गी, सार्वजनिक ठाउँमा गर्ने बानी व्यवहारको नियमित अवलोकन गरी मूल्याङ्कन गर्ने।<br>● मामाघर, काकाघर र अन्य आफन्तको घर र विभिन्न साइनोको सूची बनाई जोडा मिलाउँने वा भन्न लगाउँने।<br>● घरमा को को पाहुना आउनु हुन्छ र के कसरी स्वागत सत्कार गर्ने भनी सान्दर्भिक शब्दहरुको सूची बनाई जोडा मिलाउन दिने। | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | खेलुकुद, कला, साहित्य र शारीरिक व्यायाम एवं योग शिक्षा | • गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा प्रचलित स्थानीय खेलकुदहरु मध्ये ३ वटाको नाम बताउन र कम्तिमा एउटा खेल खेल्न ।<br>• गाउँपालिका भित्र बसोबास गर्ने क्षेत्रमा प्रचलित लोकगीत र लोकनृत्यहरु मध्ये ३।३ वटाको नाम बताउन र कम्तिमा १।१ वटा लोकगीत गाउन र लोकनृत्य प्रदर्शन गर्न ।<br>• हास्ने, बस्ने, उठ्ने र खेल्ने अभिनय गर्न ।<br>• सरल बाल खेलमा भाग लिने । | • पालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा प्रचलित स्थानीय खेलकुदहरु जस्तैः कपर्दी, डण्डीवियो, भाले जुधाइ, भकुण्डो, डोरी नाध्ने ।<br>• खेल विधिहरु वा तरिका ।<br>• पालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा प्रचलित लोकगीतहरु जस्तैः ठाडोभाका, दोहोरी, तीज, देउसीभैलो, रत्यौली, भजन गीत आदि ।<br>• लोकनृत्य, नाँच र लोक नृत्य गर्ने तरिका ।<br>• योग अभिनयको नानकारी, अभिनयमा बालबालिकाको अभिनयात्मक प्रतिक्रिया र हाँसो ।<br>• निर्देशन अनुसार उठ्ने र बस्ने, छिटोछिटो उठ्ने र बस्ने, क्रमिक रुपमा उठ्बसको बाराम्बारता वृद्धि ।<br>• रुमाल लुकाउने खेल र अन्य बालोचित सरल खेल । | • तपाइँलाई कुन कुन खेल खेल्न आउँछ भनेर सोध्ने र गाउँपालिकामा पहिले देखि प्रचलनमा रहेका विभिन्न किसिमका खेलहरुको बारेमा जानकारी गराउने ।<br>• विद्यार्थीको शारीरिक अवस्था, खेलमैदान वा कक्षाकोठा विद्यार्थी सङख्या र आवश्यक खेल सामग्री उपलब्धतालाई मध्यनजर गरेर समुहमा खेल्ने खेलहरु खेलाउने । खेल खेलाउँदा फरक क्षमता भएका बालबालिकाहरुलाई पनि समावेश गर्न सकिने खेलहरु खेलाउने र उनीहरुलाई पनि सक्ने भूमिका गर्न लगाउने ।<br>• गाउँपालिकामा प्रचलित लोकगीतहरु जस्तैः ठाडोभाकाः दोहोरी गीतः देउसी भैलो गीत आदि मध्ये केही मुख्यमुख्य लोकगीतका नाम लेखाइदिने र डाउनलोड गरी सुनाइदिने ।<br>• सजिलै गाउन सक्ने गीत छनौट गरी भाका मिलाएर गाउँन सिकाउँने ।<br>• यस्तो गीत गाउन जान्ने स्थानीय बासीलाई बोलाएर सुनाउन र सिकाउन लगाउँने ।<br>• बालबालिका नाच्न सक्ने लोकनृत्यमा नाच्न अभ्यास गराउने र आफैलाई गर्न लगाउँने ।<br>• उनीहरुले गाएको नाचेको मोवाइलमा भिडियो रेकर्ड गरी उनीहरुलाई नै देखाइदिने ।<br>• शिक्षकबाट एक बालहास्य अभिनय छोटो प्रस्तुत गर्ने ।<br>• बालबालिकालाई अभिनय गर्न अभिप्रेरित गर्ने ।<br>• अभिनय गर्न चाहने बालबालिकालाई अनुकूल वातावरण बनाइदिने ।<br>• शिक्षकले अभिनयको आधारमा हाँसो प्रस्तुत गर्ने ।<br>• विद्यार्थीको हाँसोलाई अझ अभिप्रेरित गर्ने ।<br>• शिक्षक द्वयंले कक्षा अगाडि उठ्ने बस्ने गरेर देखाउने । बालबालिकालाई उठ्बस गर्न लगाई अभ्यास गर्न लगाउने । छिटोछिटो उठ्बस गर्न लगाउने । उठ्बसको बारम्बारतालाई वृद्धि गराउने ।<br>• शिक्षकले सबै बालबालिकाहरुलाई कक्षा बाहिर चौरमा गोलाकार रुपमा बस्न सहजीकरण गर्ने । खेलको सामान्य नियम बताइदिने । रुमाल लुकाउने खेल खेलाउने । अन्य समय सन्दर्भ र स्थानीय तहमा प्रतलित बालोचित खेल खेलाउने । | • खेल अनुसार खेल सामग्रीहरु<br>• खेल मैदान वा कक्षा र सोको तयारी<br>• प्राथमिक उपचार सामग्री बाकस ।<br>• खेलका नियम लेख्ने र नतिजा लेख्ने सेतोपाटी ।<br>• स्थानीय लोकगीतको सूची ।<br>• सही भाका, लय र शब्दहरु<br>• अडियो भिजुअल रेकर्डर<br>• साउण्ड स्पिकर, मल्टिमिडिया प्रोजेक्टर, र डिस्प्ले सिस्टम ।<br>• सेतोपाटी, चार्ट पेपर<br>• हाँसो सम्बन्धी पोष्टर र भिडियोहरु<br>• खेलका विभिन्न सामग्रीहरु | • कम्तिमा ४ वटा स्थानीय खेलहरुको नाम भन्न लगाउँने ।<br>• कम्तिमा २ वटा स्थानीय खेल खेल्न जान्ने ।<br>• खेलहरु खेल्दा विद्यार्थीहरुको सहभागिता अवलोकन गर्ने ।<br>• विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापमा विद्यार्थीहरुको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने ।<br>• स्थानीय लोकगीत संयुक्त वा सामुहिक रुपमा गाउन लगाउँने ।<br>• स्थानीय लोकनृत्य संयुक्त वा सामुहिक रुपमा नाच्न र प्रदर्शन गर्न लगाउँने ।<br>• विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापमा विद्यार्थीको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने ।<br>• शिक्षकले अवलोकनको आधारमा विद्यार्थीको हाँसोको मूल्याङ्कन गर्ने ।<br>• प्रत्येक बालबालिकाले उठ्बस गरेको अवलोकन गरेर मूल्याङ्कन गर्ने ।<br>• छिटोछिटो उठ्बस गर्न सके नसकेको अवलोकन विधिबाट मूल्याङ्कन गर्ने ।<br>• अवलोकन विधिबाट | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | बालबालिकाले खेल खेल्न सके नसकेको हेरी मूल्याङ्कन गर्ने। | |
| १२ | वातावरण संरक्षण एवं फोहोरमैला व्यवस्थापन र हरित विद्यालय | वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन र हरित विद्यालयको बारेमा जानकारी। | • वृक्षारोपण र बोटबिरुवाको संरक्षण। जस्तैः घर तथा विद्यालयमा गरिने वृक्षारोपणमा सहयोग।<br>• घर तथा विद्यालयमा भएका बोटबिरुवाको संरक्षणमा सहयोग।<br>• फूलवारी तथा बोटबिरुवाको हेरचाह<br>• हाम्रो वरपरको वातावरण र सरसफाइ, फोहोरमैला व्यवस्थापन। जस्तैः व्यक्तिगत घर, आँगन, विद्यालय वरिपरिको वातावरण सरसफाइ।<br>• फोहोरमैलाको पहिचान। | • घरको बगैचा वा खेतवारीको छेउछाउमा वृक्षारोपण गर्ने सम्बन्धमा विद्यार्थीहरुलाई सोध्ने र खाली ठाउँमा वृक्षारोपण गर्नुपर्ने कुरा भन्ने।<br>• घरमा वृक्षारोपण गर्ने कार्यमा सहयोग गर्ने कुरा भन्ने र अनुभव सुनाउन लगाउने।<br>• विद्यालयको खाली ठाउँमा वृक्षारोपण कार्यमा सहभागी गराउने।<br>• घर तथा विद्यालयमा भएका बोटविरुवाको संरक्षण गर्नुपर्ने कुरा भन्ने र संरक्षण तथा हेरचाह गर्ने कार्यमा सहभागी गराउने।<br>• कक्षाकोठामा विद्यार्थीहरुलाई अभिनय गर्न लगाउने र व्यक्तिगत सरसफाइ गरे नगरेको अवलोकन गर्ने।<br>• विद्यार्थीहरु मध्ये व्यक्तिगत सरसफाइ राम्रो गरेका विद्यार्थीहरुलाई कक्षाकोठाको अगाडि बोलाइ उनले व्यक्तिगत सरसफाइ गर्दा अवलम्बन गरेका तरिकाहरु सुनाउन लगाउने।<br>• व्यक्तिगत सरसफाइ अन्तर्गत गरिने कार्यहरुको बारेमा जानकारी गराउने। जस्तैः नुहाँउने, कपाल कोर्ने, कपडा सफा गर्ने आदि।<br>• व्यक्तिगत सरसफाइ अन्तर्गत गर्न सकिने केही कार्यको प्रदर्शन गर्ने।<br>• स्वस्थताका लागि घर, आँगन, विद्यालय वरिपरिको वातावरण सफा राख्नुपर्ने कारण भन्ने र छलफल गर्ने।<br>• विद्यालयको, कक्षाकोठा, कक्षाकोठा बाहिर खेलमैदान, शौचालय, धारा वरपरको सरसफाइमा सहभागी गराउने र सरसफाइ पश्चात साबुन पानीले हात धुने कार्य गर्ने गराउने।<br>• घर, कक्षाकोठा, कक्षाकोठा बाहिर हुने फोहोरमैलाको चित्रद्वारा पहिचान गराउने।<br>• कक्षाकोठा भित्र तथा कक्षाकोठा बाहिरका फोहोरमैलाको अवलोकन गराई फोहोरमैलाको पहिचान गर्न लगाउने। | • हरियाली र नाङ्गा डाँडापाँखा भएको पोस्टरहरु<br>• सरसफाइका सामग्रीहरु जस्तैः साबुन, टावेल, नङकट, पानी, जग, बाल्टी आदि।<br>• सफा र फोहोरयुक्त चित्रहरु भएको पोस्टर<br>• वृक्षारोपण गर्दै गरेको चित्रहरु, पोस्टरहरु<br>• बिरुवाहरुमा पानी हाल्दै गरेको चित्रात्मक पोस्टर। | • घरमा भएका विरुवाको नाम भन्न लगाएर।<br>• विद्यालयको बगैचा तथा विद्यालय वरपर भएका बिरुवाको नाम पहिचान गर्न लगाएर।<br>• आफ्नो घर वरपर भएका बिरुवाको नाम भन्न लगाएर।<br>• वृक्षारोपणको अनुभव भन्न लगएर।<br>• विद्यालयमा बिरुवाको संरक्षण तथा हेरचाहमा सहभागी भए नभएको अवलोकन गरेर।<br>• व्यक्तिगत सरसफाइ गरे नगरेको अवलोकन गरेर<br>• घर तथा विद्यालय वरपरको वातावरण सफा राख्ने कार्यमा सहभागी भए नभएको अवलोकन गरेर।<br>• घर विद्यालय वरिपरि हुने फोहोरमैलाको पहिचान गर्न सके नसकेको अवलोकन तथा प्रश्नत्तर गरेर। | १० |
| १३ | सामाजिक रुपान्तरण, लोकतन्त्र र सङ्घीयता | मुड्केचुला गाउँपालिकाको नाम र जम्मा वडाहरुको सङ्ख्या बताउन। | • मुड्केचुला गाउँपालिकाको नाम र वडा सङ्ख्या। | • हामी कुन गाउँपालिकामा बस्छौँ भनी सोध्ने। पछि हामी बसेको गा.पा.को नाम "मुड्केचुला" हो भनी सेतोपाटीमा लेखिदिने र कापीमा सार्न लगाउँने।<br>• मुड्केचुला गा.पा.मा कतिवटा वडाहरू छन् भनेर लेखिदिने, मुड्केचुला गा.पा.को नक्सा देखाएर वडा नं. गन्न लगाउँने र रङ्ग भर्न लगाउँने।<br>• विभिन्न अङ्कहरूको सूचीबाट मुड्केचुला गा.पा.को वडा सङ्ख्यामा गोलो चिन्ह | • मुड्केचुला गा.पा. घोषणा र गा. वि. स. हरूको विववरण<br>• साविक गा. वि. स. हरू र हालको गा. पा. को | • मुड्केचुला गा. पा. को नाम भन्न र लेख्न लगाउँने।<br>• मुड्केचुला गा. पा. मा जम्मा कति वटा वडाहरू छन्? भनी सोध्ने। | ५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | लगाउँने। | सिमाना छुट्टिएको नक्सा<br>• चार्ट पेपर वा न्युज पेपर, मार्कर। | | |

## कक्षा–२

| क्र. सं. | विषय क्षेत्र/थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य शिक्षण सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया वाविधि | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| १ | हाम्रो गाउँपालिकाको परिचय | १. आफू बसिरहेको गाउँठाउँ, गाउँपालिका र वडा र जिल्लाको नाम बताउन। | विद्यार्थीले आफू बसोबास गर्ने गाउँ, टोलको नाम, वडा नम्बर, गाउँपालिका र जिल्लाको नाम, आफू अध्ययन गर्ने विद्यालयको नाम र ठेगाना। | • सबै विद्यार्थीलाई पालैपालो हजुर कहाँ बस्नुहुन्छ भनेर पालैपालो सोध्ने र आएको उत्तरलाई सेतोपाटीमा टिप्दै जाने।<br>• मुड्केचुला गाउँपालिकाको ९ वडाहरु छुट्याएको नक्शा देखाई उनीहरुको घर र विद्यालय भएको वडा देखाउने।<br>• आफू बस्दै आएको पालिकाको नाम मुड्केचुला गाउँपालिका हो भनि भन्न, चिन्न र लेख्न लगाउँने।<br>• विद्यालय वरपरको ठाउँहरु घुमाउन लाने (अध्ययन भ्रमण) र त्यसको बारेमा बताइदिन र कस्तो लाग्यो, त्यहाँ केके देख्नुभयो, हजुरको घर, टोल, गाउँमा छ कि छैन् भनेर सोध्ने, छलफल गर्ने।<br>• भ्रमण गरेको ठाउँको चित्र बनाएर दिने र त्यसमा नाम लेख्न र भर्न लगाउँने।<br>• पालिकाको विभिन्न ठाउँको भिडियो क्लिप, फोटो आदि देखाई छलफल गर्ने।<br>• विद्यार्थीको घर रहेको वडा नम्बरमा विद्यार्थीको घरको चित्र बनाएर रङ भर्ने र गा. पा. र आफ्नो गाउँको नाम लेख्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउँने।<br>• गाउँपालिकाको विभिन्न ठाउँको भिडियो क्लिप, फोटो आदि देखाई छलफल गर्ने। | • सिमाना तथा वडा छुट्टिएको पालिकाको नक्सा<br>• पालिकाको विभिन्न स्थाको भिडियो क्लिप, मोवाइल फोटो<br>• हातले बनाएको वडा छुट्टिने गा.पा.को नक्सा<br>• घर गाउँको सङ्केत जनाउने रङ्गीन कागजको टुक्राहरु | • मोवाइल फोटो वा हातले तयार गरेको चित्र देखाई हजुर कुन गाउँपालिकाको कुन वडामा बस्नुहुन्छ भनी सोध्ने।<br>• विद्यार्थीको गाउँ, गा.पा. र वडा नम्बर सोध्ने र लेख्न लगाउँने।<br>• पालिकाको नक्सामा आफू बसेको वडा नम्बर देखाउन लगाउँने।<br>• आफ्नो गाउँ विद्यालयको चित्र बनाई लेख्न र रङग भर्न लगाउँने।<br>• गा. पा.को नक्सा भित्र आफ्नो घर भएको ठाउँको चिनो लगाई रङग भर्न लगाउँने।<br>• कक्षामा गरिएको क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने। | २० |
| २ | स्वास्थ्य र सरसफाइ | आफ्नो सामान्य सरसफाइ आफै गर्न र चर्पीको प्रयोग गर्ने बानीको विकास।<br>सफा खानेकुरा वा खानेकुरा सफा गरेर खान। | • आफ्नो सरसफाइ आफै गर्ने, चर्पीको सही प्रयोग गर्ने बानी।<br>• दैनिक हातमुख धुने, सफा रुमाल वा कपडाले पुछ्ने | • साबुन पानीले हात धोएको चित्र पोष्टर देखाएर छलफल गर्ने र त्यहाँ देखाए अनुसार हात धुने तरिका बताउँदै अभ्यास गराउने।<br>• चर्पी प्रयोग गरेपछि साबुन पानीले र अरु बेला सफा पानीले मात्र हात, खुट्टा, मुख धुने सही तरिका प्रदर्शन गर्दै सँगसँगै अभ्यास गर्न लगाउँने (जस्तैः रमाइलोको लागि १, २, ३ ....४, ५, ६....७, ८,९ गन्दै हात धुन सिकाउने) केही दिन यो अभ्यास विद्यालयमा | • साबुन पानीले हात धोएको चित्र वा पोष्टर<br>• सफा पानी, साबुन वा खरानी | • सही तरिकाले साबुन पानीले हात खुट्टा धुन जान्यो वा जानेन अभ्यास गर्न लगाएर हेर्ने।<br>• चर्पीको प्रयोगपछि खाना खानुअघि र खाइसकेपछि सधै | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | बानी। <br>• सही तरिकाले हात धुने ६ तरिका <br>फोहोर ढुङ्गामाटो आदि छोएपछि, विद्यालयबाट वा बाहिर गएर फर्केपछि र चर्पी प्रयोग गरेपछि साबुन पानीले हात खुट्टा धुने तरिका। <br>• खाना खानुअघि र खाइसकेपछि हात धुने बानी। <br>• सफा खानेकुरा मात्र खाने, सफा पानी मात्र पउने। <br>• खानेकुरा छोपेर राख्ने बानी। <br>• फलफूल जस्ता आफैले धोएर खानसक्ने खानेकुराहरु धोएर मात्र खाने बानी। | गराउने र घरमा पनि अनिवार्य गर्न भन्ने। <br>• हात धोएपछि सफा कपडाले हात मुख पुछन सिकाउने। <br>• चप्पल र जुत्ताको प्रयोग कहाँ गर्ने, कहाँ नगर्ने भनी विद्यार्थीसँग कुरा गर्ने र कहाँ जुत्ताचप्पल लगाउँदा ठिक हो, कहाँ बेठीक हो भनि बताउँने। <br>• अभिभावकहरुलाई समेत यसबारे जानकारी गराई बालबालिकाहरुलाई घरमा पनि बानी लगाउन अनुरोध गर्ने। <br>• सफा र मैलो कपडा, सफा र मैलो झोला र अन्य सफा र मैलो वा फोहोर सामानहरु देखाएर कुन सफा र कुन मैलो वा फोहोर हो भनि छुट्टाउन लगाउँने। <br>• सफा र फोहोर वा मैला चित्र सिकाउने र कसरी फोहोर भएको होला, अब के गर्यो भने फोहोर हुँदैन? कसरी कसले सफा गर्ने होला भनी प्रश्नोत्तर गरेर सफा र फोहोरको अर्थ बुझाउने र सधै सफा रहने बारे बताउने। चित्र वा तस्वीर देखाएर पनि छलफल गर्न सकिन्छ। साबुन पानीले हात, खुट्टा, र मुख धोएर प्रदर्शन गर्न लगाउँने। <br>• सफा र फोहोर कुराहरु, कपडा आदि कक्षा भित्र र बाहिर भएको कुराहरु अवलोकन गराएर चिनाउने। <br>• सरसफाइ सम्बन्धी चित्र देखाएर कुन राम्रो, कुन नराम्रो, किन र के भएमा राम्रो हुन्छ भनी प्रश्नत्तोर गर्ने। <br>• बासी सडेगलेका, झिँगा भन्केका, गनाएका बिग्रेका खानेकुरा नखाने। <br>• सफा र फोहोरा खानेकुराको चित्र वा पोस्टर देखाएर बताउने। <br>• फलफूल किन धोएर खानुपर्छ भनी बुझाउन एउटा फलफूलको दाना ल्याएर त्यसमा धुलो फोहोर लागेको देखाउने। त्यस्तो खाएमा पेट दुख्ने, बिरामी हुने बारे बताउने। त्यो फललाई धुने तरिका सिकाउने र धोएको फल पुनः विद्यार्थीलाई देखाउने। <br>• दाल, भात, दुध, जस्ता पकाएका खानेकुराहरु कसरी छोपेर राख्ने, नछोपे कसरी झिँगा र अन्य फोहोर पर्छ भनेर भान्सामा अवलोकन गराएर छलफल गराउने वा आफ्नो भान्साकोठाको अवलोकन गरेर आउन भन्ने र के कुरा राम्रो रहेछ र के के कुरा नराम्रो रहेछ भनी प्रश्नोत्तर गर्ने र सुधारका लागि अभिभावकलाई अनुरोध गर्न भन्ने। | • हात पुछ्ने तौलिया वा सफा कपडा <br>• स्थानीय सामानले बनेको जुत्ता चप्पल राख्ने र्याक <br>• सफा र मैलो कपडा व्याग र अन्य सामानहरु। <br>• सफा र फोहोर खानेकुराको चित्र वा पोस्टर। <br>• खानेकुरा छोपेर राखेको र नछोपी राख्दा फोहोर झिँगा परेको वास्तविक भान्सा वा पोस्टर वा श्रव्य दृश्य सामग्री। | हात धुने बानी भयो कि भएन अभिभावकसँग सोध्ने। <br>• सफा र फोहोर कुरा वा चित्र देखाएर छुट्टाउन लगाउँने। <br>• विद्यालयमा विद्यार्थीको व्यक्तिगत र बाहिरी सरसफाइ सम्बन्धी क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने। <br>• घरको भान्साको सरसफाइको बारेमा प्रतिक्रिया बुझ्ने। <br>• विद्यालयमा हुँदा विद्यार्थीले खाने खाजा वा खानेकुरा सफा गर्ने आनीबानीको आधारमा मूल्याङ्कन गर्ने। | |
| ३ | मातृभाषा, संस्कृति र चाडपर्व | • गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा बसोबास | • गाउँपालिकाको आफू बसोबास गर्ने ठाउँमा | • गाउँपालिकाको आफू बसोबास गर्ने ठाउँमा बसोबास गर्ने विभिन्न जाति जनजातिहरुको सूची तयार गर्ने। | • स्थानीय जाति समुदाय अनुसारको मौलिक | • स्थानीय मौलिक जाति समुदाय अनुसारको वेशभूषा र | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | गर्ने विभिन्न जाति जनजातिहरुको मातृभाषा बताउन ।<br>• उनीहरुको मातृभाषाको आफ्नो परिचय दिन सक्ने र घरपरिवारमा बोलिने कम्तिमा २० शब्दहरु र ५ वाक्यहरु भन्न र बुझ्न ।<br>• पालिका क्षेत्रमा रहेका विभिन्न जाति जनजाति विशेष र सबैको साझा स्थानीय सामाजिक संस्कार र संस्कृतिको बारेमा ५ वटा वाक्यमा बताउन र आ-आफ्नो वेशभूषा चिन्न ।<br>• बालबालिकाहरुको विद्यालय रहेको वडामा विभिन्न जाति जनजाति विशेषले मनाउने चाडपर्वहरु मध्ये ५ वटाको नाम बताउन । | विभिन्न जाति जनजातिहरुको सूची ।<br>• उनीहरुको मातृभाषाको सूची मातृभाषामा सामान्य परिचय ।<br>• शरीरका मुख्य अङ्गहरु, मातृभाषामा अभिवादन, परिवार भित्र र नजिकको आफन्त साइनो १ देख ५ अङ्क गणना ।<br>• घरपरिवारमा बारम्बार बोल्ने कम्तिमा २० शब्दहरु ।<br>• मौलिक पहिचान, पहिरन, स्थानीय सामाजिक संस्कारहरु, मध्ये केही शुभकर्म जस्तैः न्वारन, पास्नी, छेवर, ब्रतबन्ध, विवाह, आदि मध्ये कुनै १ को बारेमा ५ वाक्यमा बताउन ।<br>• गाउँपालिकाका मुख्य चाडपर्वहरु | • आफ्नो मौलिक, वेशभूषा वा पहिरन लगाएको सामानहरु पुस्तकालयमा राख्ने । ती सामानहरु कक्षाकोठामा ल्याएर प्रदर्शन गरी विद्यार्थीलाई आ-आफ्नो जाति समुदाय के हो भन्न लगाउँने ।<br>• आफ्नो साथी कुन कुन समुदायका छन् जोडीमा सोधेर भन्न लगाउँने । सबै जाति समुदायहरु बराबर हो भन्ने कुरा बुझाउने । यस क्रममा जातीय विभेदलाई दुरुत्साहन हुने कुनै पनि कुरा वा कार्य गर्न गराउन नहुने ।<br>• विद्यार्थीहरुले आ-आफ्नो मातृभाषामा परिचय दिने । जस्तै मेरो नाम …… हो । मेरो बुबा आमा, दिदी, भाइ, दाई …. को नाम …… हो । म …..कक्षामा पढ्छु ।<br>• शरीरको मुख्य अङ्गहरु जस्तैः आँखा, नाक, कान, मुख, टाउको, घाटी, हात, औला आदि । नेपालीमा लेखिदिने र त्यसलाई मातृभाषामा लेखेर ल्याउन गृहकार्य दिने ।<br>• विद्यालय र समुदायका विभिन्न झाँकीमा विद्यार्थीहरुलाई सहभागी गराउँने ।<br>• नमस्कार, अभिवादन आदि गर्ने शब्दहरुलाई मातृभाषामा भन्न लगाउने ।<br>• चाडपर्वहरुको बारेमा छलफल र सूची बनाउन लगाउँने ।<br>• विभिन्न जात जातिहरुको मौलिक वेशभूषा, गरगहना लगाएको महिला र पुरष वा केटा र केटीको एक एक जोडीको चित्र वा फ्लेक्स प्रिन्टिङ फोटो राख्ने र विद्यार्थीहरुलाई अवलोकन गराउने ।<br>• विभिन्न वेशभूषामा विद्यालयमा विद्यार्थीहरुलाई झाँकी प्रदर्शन गर्न लगाउने ।<br>• विद्यार्थीहरुलाई कुनकुन चाडपर्व मन पर्छ, ती चाडपर्वहरुमा के के गरिन्छ भनी सोध्ने र छलफल गर्ने ।<br>• गाउँपालिकामा रहेका प्रचलित चाडपर्वहको चिनारी तयार गरी पाठ बनाई पढाउने वा अडियो भिजुअल वा फोटो सङ्कलन गरी विद्यार्थीहरुलाई देखाउने र छलफल गराउने । | वेशभूषा, गरगहना, पहिरन ।<br>• मातृभाषाको शब्दकोष, शब्दपत्ती ।<br>• नाता सम्बन्धको चार्ट सेतोपाटी, मार्कर, मोबाइल रेकर्डर ।<br>• मौलिक गरगहना, वेशभूषा लगाएको महिला पुरुषको पोस्टर फोटोहरु ।<br>• कैची, स्केल, कागज, कलर, साइनपेन आदि ।<br>• चाडपर्व सम्बन्धी चिनारी भिडियो रेकर्ड, फोटो, सेतोपाटी, मार्कर । | गरगहनाको नाम र सम्बन्धित जातिहरुको सूची बनाई जोडा मिलाउन दिने ।<br>• मातृभाषामा ५ वटा बाक्यमा आफ्नो परिचय दिन लगाउँने ।<br>• नमस्कार, अभिवादन, विदाइको हाउभाउ वा सङकेत गरी विद्यार्थीलाई आफ्नो मातृभाषामा भन्न लगाउँने ।<br>• शरीरका अङ्गहरु मातृभाषामा भन्न लगाउँने र सामान्य मातृभाषा र बोलचालमा भएको मातृभाषी शब्दहरु भन्न लगाउँने ।<br>• आ-आफ्नो मौलिक वेशभूषा, गरगहनाहरु मध्ये प्रायः लगाइने मुख्य मुख्य चित्र वा नाम भन्न लगाउँने ।<br>• विवाह, ब्रतबन्ध, पास्नी, जन्मउत्सवमा सहभागी भएको वा आफूले देखेको वा सुनेको आधारमा लगाउँने पहिरनका बारेमा ५ वटा वाक्यमा बताउन लगाउँने ।<br>• पालिका क्षेत्रमा मनाउँने चाडपर्वहरुको बारेमा भन्न लगाउँने । | |
| ४ | ऐतिहासिक, धार्मिक, पर्यटकीय | •गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा रहेका प्रचलित धार्मिक, सांस्कृतिक | • गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा रहेका प्रचलित धार्मिक स्थलहरु | • विद्यार्थीहरुलई आफ्नो गाउँघर र वरपर भएको धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरुको नाम सोध्ने र ती ठाउँमा पुगेको छ कि छैन, त्यहा के छ भनी प्रश्न सोध्ने र थप जानकारी दिदै ती स्थलहरुको फोटो, भिडियो सङ्कलन गरी देखाउँने । | • गाउँपालिकाको प्रमुख एवं प्रसिद्व धार्मिक, सांस्कृतिक र पर्यटकीय | • गाउँपालिकाको प्रमुख एवं प्रसिद्व धार्मिक सांस्कृतिक र पर्यटकीय स्थलहरुको नाम भन्न | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | स्थलहरु | र पर्यटकीय स्थलहरु मध्ये कुनै २ वटाको नाम भन्न र एउटाको बारेमा ५ वाक्यमा बताउन। | जस्तैः मठमन्दर, गुम्वा, चाडपर्वमा पूजाआजा गर्ने ठाउँहरु<br>• प्राकृतिक सम्पदाहरु जस्तैः खोलानाला, जङ्गल, पोखरी, गुफा आदि। | • विद्यार्थीहरुलाई उपयुक्त समय र मौसममा अवलोकन भ्रमण लैजाने।<br>• अवलोकन पछि आफूले अवलोकन गरेका कुराहरु कापीमा लेखेर ल्याउन लगाउँने र भ्रमणपछि भ्रमण कस्तो लाग्यो, के देख्नु भयो भनेर सोध्ने, छलफल गर्ने।<br>• भ्रमण गरेपछि धार्मिक, सांस्कृतिक एवंव पर्यटकीय स्थलका चित्र कोर्ने, रङग भर्ने, त्यहाँ देखेका ५ वटा कुराको नाम लेख्न लगाई प्रस्तुत गर्न लगाउँने।<br>• कक्षामा स्थानीय धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरुको चित्र दिएर रङग भर्न लगाउँने।<br>• फोटो भिडियो सङ्कलन प्रस्तुतीकरण गर्ने।<br>• प्राकृतिक सम्पदाहरु जस्तैः खोलानाला, तालतलैया, झरना, गुफा, हिमालको बारेमा छलफल वर्णन गर्ने। | स्थलहरुको फोटोहरु र संक्षिप्त चिनारी।<br>• चित्र कोरेर रङग भर्न आवश्यक पर्ने पेपर कलर, साइनपेन, पेन्सिल आदि।<br>• पालिकको बारेमा लेखिएका वा तयार गरिएका भिडियो डकुमेन्ट्री<br>• प्राकृतिक सम्पदाहरु झल्किने पोस्टर फोटाहरु। | वा लेख्न लगाउँने।<br>• ती स्थलहरुको बारेमा प्रस्तुत गर्न लगाउँने।<br>• कक्षाकोठामा स्थानीय धार्मिक सांस्कृतिक एवं पर्यटकीय स्थलहरुको चित्र दिएर रङ भर्न लगाउँने।<br>• विद्यालयमा विद्यार्थीको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने।<br>• गाउँपालिका भित्र पाइने प्राकृतिक सम्पदाहरुको सूची बनाउन लगाउँने। | |
| ५ | स्थानीय पेसा व्यवसाय एवं ज्ञान, सिप तथा प्रविधि र उद्यमशीलता | • घर तथा परिवार स्तरमा भएका पेसाको चिनारी।<br>• स्थानीय स्तरमा भएका पेसाको नाम<br>• गाउँपालिका क्षेत्रमा विगत र वर्तमानमा अपनाइएका परम्परागत र आधुनिक किसिमका विभिन्न प्रविधिको पहिचान। | • गाउँपालिका भित्रका समुदायहरुले अपनाउने पेसाहरुको विवरण।<br>• घरायसी कामकाज गर्न र परिवार समुदायहरुले जीवन निर्वाह गर्नको लागि चाहिने घरेलु वा वाह्यय सरसामानहरु प्रयोगमा चाहिने ज्ञान र सिप।<br>• गाउँघरमा परम्परागत र आधुनिक रुपमा सञ्चालिन प्रविधिहरुको पहिचान। | • विद्यार्थीहरुलाई घरमा परिवारका सदस्यहरुले अगाँलेका पेसाहरु केके हो भनेर भन्न लगाउँने र छलफल पनि गर्ने।<br>• विद्यार्थीहरुलाई तपाईंको घरमा भएका घरेलु सामान तथा औजारहरुको बारेमा भन्न लगाउँने।<br>• डोको, नाम्लो, राडीपाँखी, ठेकी, मदानी, मुढा, पिर्का, सुइटर, टोपी, ओखल, जाँतो, सिलौटो, हँसिया, खुकुरी, कुटो, हलो, पानी घट्ट, बिजुली घर, कम्प्युटर आदि।<br>• त्यस्तै काठबाट बनेका हलो, जुवा, दराज, कुर्ची, टेवल आदि।<br>• विद्यार्थीहरुलाई यी घरेलु सामग्रीहरुको बारेमा छलफल गर्न लगाउँने र कुन सामग्री केको लागि प्रयोग हुन्छ भन्ने बारे बताउन लगाउँने।<br>• अन्य घरेलु तथा कृषि औजारहरु जस्तैः कुटो, कोदालो, ढिकी, कोलको चित्र बनाई सबै विद्यार्थीलाई एकएक चित्रमा रङग भर्न लगाएर उनीहरुको नाम सहित लेखेर कक्षाकोठामा झुण्ड्यार राख्ने।<br>• विद्यार्थीहरुलाई घरबाट २ वटा घरेलु सामग्रीहरुको सूची तयार गरी ल्याउन लगाउँने। | • विभिन्न स्थानीय ज्ञान, सिप, प्रविधि प्रयोग गरी बनाइएका घरेलु तथा कृषि औजारहरुको सामग्रीहरुको सचित्र सूची फोटो र नमूनाहरु।<br>• रङ्गीन कागज, स्केल आदि रङग भर्ने स्थानीय सामानहरुको सादा चित्रहरु। | • घरमा परिवारका सदस्यले अपनाएका व्यवसायहरु केके हुन सो बारे भन्न लगाउँने।<br>• विभिन्न घरेलु ज्ञान, सिपमा आधारित सामग्रीहरुको बारेमा विद्यार्थीहरुलाई भन्न लगाएर।<br>• सामग्रीहरु र नामलाई जोडा मिलाउन लगाउँने।<br>• घरबाट अभिभावकको सहयोगमा कृषि र भान्सामा प्रयोग हुने कुनै ५।५ वटा सामग्रीहरुको नाम लेखेर ल्याउन लगाउँने। | १५ |
| ६ | खाद्यान्न तथा पोषण एवं कृषि, जडिबुटी | • गाउँपालिका क्षेत्रमा उत्पादन हुने खाद्यान्न, सागसब्जी र | • गाउँपालिका क्षेत्रमा हुने खाद्यान्न (अन्नबाली, | • विद्यार्थीहरुलाई आज के खानेकुरा खाएर विद्यालय आउनुभयो। भनी सोध्ने र ती खानेकुरा के बाट बनाएको भनी सोध्ने र उदाहरण दिँदै स्थानीय स्तरमा उत्पादन हुने | • गाउँपालिकामा उत्पादन हुने विभिन्न खाद्यान्न, | • तरकारीको पात वा पातको टुक्रा कापी वा कागजमा टाँस्न र नाम | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पशुपालन | फलफूल चिन्न कम्तिमा ३।३ वटाको नाम बताउन।<br>● आयतित कम पोषणयुक्त बजारको पत्रु खानेकुराको सट्टा स्थानीय कृषि उत्पादन र आयतित कृषि उत्पादनको उपभोग गर्न।<br>● तिनीहरुको उपभोगबाट हुने पोषण सुधार बारे भन्न।<br>● पालिका क्षेत्रमा पाइने जडिबुटी र पशुपालनका बारेमा पहिचान। | दलहन, तरकारीहरु) जस्तैः धान, मकै, गहुँ, कोदो, दाल, साग, काउली, आलु, फर्सी, लसुन, प्याज आदि।<br>● स्थानीय कृषि उपजबाट बनेका विभिन्न खानेकुराहरु वा परिकार जस्तैः दाल, भात, साग, गेडागुडी, तरकारी आदि।<br>● बजार, पसलमा पाइने खाद्यान्न तरकारी फलफूल।<br>● बजार पसलमा पाइने पत्रु खानेकुराहरु वा कम पोषणयुक्त खानेकुरा (जङक फुड) जस्तैः चाउचाउ, विस्कुट, कोक आदि।<br>● पालिका क्षेत्रमा पाइने जडिबुटी र पशुपालनको अवस्था | खाद्यान्नहरु बारे परिचित गराउने।<br>● आ-आफ्नो घरबाट आ-आफ्नो खेतबारीमा फलेका खाद्यान्नहरुको केही नमूना ल्याउन लगाउने र त्यो के हो भन्न, लेख्न र त्यसबारे बताउन लगाउँने।<br>● स्थानीय खाद्यान्न, तरकारी, फलफूलको नमूनाहरु कक्षामा डोरी टाँगी नाम लेखेर झुण्ड्याउने र हरेक बारेमा बताउने।<br>● विद्यार्थीलाई आफूलाई मन पर्ने फलफूलको नाम भन्न लगाउने र सो फलफूलको चित्र बनाउने र नाम लेख्न सिकाउने।<br>● कहिले काँही आफ्नो खेतबारीमा फलेको फलफूल विद्यालयमा खाजाको रुपमा ल्याउन लगाउँने र अभिभावकहरुलाई समेत यस बारे प्रोत्साहित गर्ने।<br>● स्थानीय फलफूलको चित्रमा रङग भर्न र चिनेर नाम लेखेर वा चित्र जोडा मिलाएर प्रस्तुत गर्न लगाउँने।<br>● बजारमा वा पसलमा केके खानेकुरा खाद्यान्न, तरकारी पाइन्छ भनेर विद्यार्थीहरुलाई सोध्ने, विद्यालय नजिकको पसल, बजारमा विद्यार्थीहरुलाई अवलोकन गर्न लैजाने र पसलमा लगेर विभिन्न किसिमका खानेकुराहरु देखाउने।<br>● विद्यार्थीहरुलाई कुनकुन खानेकुरा स्वस्थ खानेकुरा र कुनकुन खानेकुरा पत्रु खानेकुरा हो भनेर बुझाउने र पत्रु खानेकुरा किन सधै खानु हुँदैन भनी बताउने।<br>● स्वस्थ खानेकुराहरु र पत्रु खानेकुराहरुको सूची बनाउने र स्वस्थ खानेकुरालाई ठिक चिन्ह र पत्रु खानेकुरालाई बेठिक चिन्ह लगाउन सिकाउने।<br>● स्वस्थ खानेकुरा र पत्रु खानेकुराको बारेमा पोस्टर वा चित्र वा बालभिडियो वा भिजुअल गीत मोबाइल मार्फत देखाएर छलफल गर्ने।<br>● सम्भव भएमा नजिक भएको स्वास्थ्यकर्मीलाई बोलाएर एक सेसन पाठ लिन लगाउने।<br>● असर पोषणयुक्त र कम पोषण भएको जङक फुड छुट्याउन लगाउँने।<br>● गाउँपालिका क्षेत्रमा पाइने जडिबुटीहरुको सूची र छलफल।<br>● पशुपालन व्यवसायहरु मध्ये भैसीपालन, भेडापालन, कुखुरा पालन बारे छलफल। | तरकारी तथा फलफूलको वास्तविक नमूना वा फोटोहरु।<br>● डोरी, सियो, धागो।<br>● नमूना राख्ने प्लास्टिक झोला।<br>● स्वस्थ खानेकुरा र पत्रु खानेकुराको सूची वा वास्तविक नमूना।<br>● पौष्टिक खानेकुराको क्यालेण्डर।<br>● खाना, तरकारी, फnफूल सम्बन्धी बालबालिकाले बुझ्ने पोष्टर, बालगीत, भिडियो क्लिप, फोटो।<br>● मार्कर, सेतोपाटी, कापी, न्यूजप्रिन्ट वा चार्ट पेपर।<br>● गाउँघरमा पाइने जडिबुटीका फोटा वा पोस्टरहरु।<br>● पशुपालन अन्तर्गतका व्यवसाय सम्बन्धी विवरण झल्किने फोटाहरु। | लेख्न लगाउँने।<br>● स्थानीय खाद्यान्न, तरकारी फलफूलहरुको नाम भन्न वा सूची बनाउन लगाउने।<br>● स्थानीय फलफुलको चित्रमा रङ भर्न र चिनेर नाम र चित्र जोडा मिलाउन लगाउँने।<br>● कागजको टुक्राहरुमा स्वस्थ र पत्रु खानेकुराहरुको नाम सहितको चित्र भएको कागजको टुक्राहरु दिएर स्वस्थ र पत्रु खानेकुराहरु छुट्याउन लगाउँने।<br>● विद्यालयमा विद्यार्थीहरुले गर्ने आनीबानीको आधारमा मूल्याङ्कन गर्ने।<br>● खानेकुराहरुको सूचीबाट पत्रु खानेकुरालाई क्रस र स्वस्थ खानेकुराहरु गोलो चिन्ह लगाउन लगाउँने।<br>● पालिका क्षेत्रिभत्र पाइने जडीबुटीहरुको नाम र पाइने स्थलहरुको बारे बताउने।<br>● पालिका क्षेत्रभित्र अपनाएका पशुपालन व्यवसायहरुको सूची तयार गर्न लगाउँने। | |
| ७ | प्रकोप र विपद् व्यवस्थापन | गाउँपालिका भित्र हुनसक्ने विपदको पहिचान र बच्ने उपायहरु बारे जानकारी। | ● प्रकोपको पहिचानः<br>● सडक दुर्घटना, करेन्ट लाग्ने, | ● चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट प्रकोपको पहिचान गर्न लगाउने।<br>● चित्र एवं श्रव्यदृश्य सामग्रीमा भैरहेको घटना व्याख्या गर्न लगाउने। | ● विभिन्न प्रकोप बारे चित्र वा पोस्टरहरु | ● प्रकोपको चित्र र नामको जोडा मिलाउन लगाउने। | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | आगलागी, डुवान, बाढी, पैरो, भिरबाट लड्ने ।<br>• विद्यालय आउँदा र घर जाँदा बाटोमा हुने जोखिम पहिचान जस्तैः ढुङ्गा खस्ने, खोलाले बगाउने, पहिरो खस्ने, बाटो क्रस गर्दा हुने दुर्घटना ।<br>• विद्यालय आउँजाउँ गर्दा बाटोमा हुने जोखिमबाट सावधानी ।<br>• विपदबाट सुरक्षाः जस्तै कक्षाकोठा, विद्यालय, घर तथा बाटोमा सडक दुर्घटना, करेन्ट लाग्ने, आगलागी, ढुङ्गा खस्ने आदिबाट बच्ने उपाय ।<br>• कृत्रिम घटना अभ्यास । | • आफ्नो वरिपरि हुनसक्ने विभिन्न प्रकोपको नाम भन्न लगाउने र विद्यार्थीको अनुभव छलफल गराउने ।<br>• शिक्षकले विगतका घटनाको अनुभव सुनाउने र छलफल गराई प्रकोपको परिचय दिने ।<br>• विभिन्न जोखिमलाई बिचको माध्यमबाट देखाउने र तिनीहरु के हुन भन्न लगाउने ।<br>• जोखिमयुक्त स्थानको अवलोकन गराउने र ती स्थान किन जोखिमयुक्त भए भनेर भन्ने र छलफल गराउने ।<br>• चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट जोखिमयुक्त अवस्था देखाउने र यस्तै अवस्था आयो भने के गर्ने वा गर्छौं भनेर विद्यार्थी बिच छलफल गराउने ।<br>• चित्र, श्रव्यदृश्य सामग्री वा कथाको माध्यमबाट ती घटनाबाट सुरक्षित रहने उपाय भन्ने ।<br>• चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट पालैपालो विभिन्न विपतको चिनारी गराउने ।<br>• ती विपद् हुन नदिनका लागि वा सम्भाव्य क्षति कम गर्नका लागि गर्नुपर्ने पूर्वतयारी बारे छलफल गराउने ।<br>• शिक्षकले कथाको माध्यमबाट कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने विपतबाट बच्नका लागि कृत्रिम अभ्यास गराउने ।<br>• पालिकाभित्र विगतमा घटेका विभिन्न प्रकोप तथा विपदका घटनाहरुको बारेमा छलफल र वर्णन गर्ने । | • विपतबाट जोगिने उपायहरु बारे वर्णन गरिएका फोटाहरु ।<br>• विपतबाट जोगिनका लागि कृत्रिम अभ्यासका लागि आवश्यक सामग्रीहरु जस्तैः कपडा, झोला, टर्च आदि । | • बिचको माध्यमबाट जोखिम पहिचान गराई ती जोखिमबाट बच्ने उपाय भन्न लगाएर ।<br>कृत्रिम घटना अभ्यास गराई रुजुसूची भरेर ।<br>विगतमा पालिकाभित्र भएका विपतका घटनाको बारेमा बताउन लगाउँने । | |
| ८ | व्यक्ति, संस्था, सहकारी | • बिद्यार्थी बसोबास गर्ने गाउँ र वडामा रहेका समाजसेबी व्यक्तिहरुको नाम पहिचान र परिचय गर्न ।<br>• विद्यालयको प्रधानाध्यापकको नाम वि.व्य.स. अध्यक्षको नाम ।<br>• आफ्नो गाउँटोलमा रहेको सामुदायिक वन उपभोक्ता समुहको नाम ।<br>• विद्यार्थी बसोबास गर्ने | • विद्यार्थी बसोबास गर्ने क्षेत्रभित्र रहेका समाजसेवीहरु<br>• वडामा रहेका सामुदायिक संस्थाहरु । | • विद्यार्थीको परिवार र साथीहरुको, घरपरिवारका बारेमा छलफल गर्ने, प्रश्न सोध्ने ।<br>• वन समुह, आमा समुह, युवा क्लब, गाउँघरमा भए नभएको एकिने गर्ने र छलफल विद्यार्थीहरु बिच गराउने ।<br>• समाजका प्रेरणादायी व्यक्तिहरुको बारेमा पहिचान गर्न लगाउने ।<br>• सेवा दिन विभिन्न समुह वा संस्थाहरुको नामको सूची बनाउँन लगाउने ।<br>• गाउँघरमा देखेका वा भेटेका सुनेका समुहहरुको बारेमा सामुहिक छलफल गर्न लगाउने । | • समाजसेवीहरुको नाम सहितको विवरण ।<br>• अगुवा गर्ने व्यक्तिहरुको फोटो र चित्र ।<br>• सामुदायिक सेवा प्रदान गरिरहेका पोस्टरहरु<br>• विद्यालयको विवरण लेखेको कार्डहरु ।<br>• मार्कर सेतोपाटी आदि । | • पालिकाभित्र रहेका समाजका लागि काम गरेका वा गर्ने व्यक्तिहरुको पहिचान गर्न लगाउँने ।<br>• गाउँघरमा भएका संस्थाले दिने सेवाहरु बारे प्रश्नोत्तर गर्ने गराउने ।<br>• विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालयहरु, सामुदायिक संस्थाभित्र पर्दछन् कि पर्दैनन् सो बारे भन्न लगाउँने । | ७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | वडामा रहेका सामुदायिक संस्थाहरुको पहिचान गर्न । | | | | | |
| ९ | समानता, समावेशीता र सामाजिक न्याय | • सबै जाति तथा समुदाय समान हो र कुनै कुरामा भेदभाव, छुवाछुत गर्नु हुँदैन भन्ने बताउन र समानताको व्यवहार गर्न ।<br>• परिवार र समुदायमा भएका फरक क्षमताका व्यक्तिलाई आवश्यक सहयोग, सम्मान र तिनीहरुप्रति राम्रो बोली, व्यवहार र सम्मान । | • गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रको सामाजिक अवस्था जस्तैः विभिन्न जाति जनजातिहरु मिलेर बसेको विविधता भित्रको एकता आदिको परिचय ।<br>• सहयोग, मेलमिलाप र समानताको अवधारणा ।<br>• फरक क्षमता भएका व्यक्तिको पहिचान, प्रकार, फरक क्षमता भएका व्यक्तिहरुलाई सहयोग सम्मान सहायता ।<br>• फरक क्षमता भएका व्यक्तिलाई विद्यार्थीहरुले गर्न सक्ने सहयोग र सम्मानजनक बोली व्यवहार । | • साथीहरुसँग झगडा गर्नु, नराम्रो भन्नु, गाली गर्नु, राम्रो कि मिलेर बस्नु एकअर्कालाई सहयोग गर्नु, राम्रो बोली व्यवहार गर्नु, ठीक हो कि होइन भनेर छलफल गर्ने ।<br>• कमिला र माहुरीको कथा सुनाएर, देखाएर सहयोग, मेलमिलाप र समानताको अर्थ बुझाउने ।<br>• कमिला र माहुरी जस्तै एकआपसमा मिलेर बस्ने एकआपसमा मिलेर सहयोग गर्ने र समान व्यवहार गर्ने भनी बुझाउने र त्यसो गर्न प्रोत्साहित गर्ने ।<br>• समानता सम्बन्धी बाल भिडियो वा कार्टुन देखाएर समान व्यवहारको ज्ञान सिकाउने र सो बारे बताउन लगाउँने ।<br>• फरक क्षमता भएका र बिरामी वृद्ध आदि जोकोही देखेका, भेटेका छौ कि छैनौं भनेर बालबालिकाहरुलाई सोध्ने र त्यस्ता व्यक्तिलाई दैनिक जीवजयापनमा के कस्ता कठिनाई हुन्छहोला र कसले सहयोग गर्छहोला भनेर सोध्ने । जस्तैः खुट्टा नभएको मान्छे कसरी हिड्छ होला, दृष्टिविहिन भएको बच्चाहरु कसरी पढ्छ होला आदि भनेर कौतुहलता जगाउँने ।<br>• फरक क्षमता भएका व्यक्तिहरुका बारेमा छलफल गराउने र फरक क्षमता हुनाका कारणहरु केके होलान भनेर सोध्ने ।<br>• विद्यार्थीहरुलाई आँखा चिम्लेर हिड्न लगाउने, पढ्न वा लेख्न लगाउने त्यस्तै एक खुट्टाले हिड्न लगाउने यसरी आँखा चिम्लेर र एक खुट्टाले काम गर्दा कस्तो अनुभव भयो भनेर छलफल गर्न लगाउने ।<br>• फरक क्षमता भएका व्यक्तिहरु आसपासमा भएमा बोलाएर उनीहरुको अनुभवका बारेमा छलफल र सम्वाद गराउने । | • सेतोपाटी, मार्कर ।<br>• समानता सम्बन्धी बाल भिडियो वा कार्टुन<br>• फरक क्षमता भएका व्यक्ति र यसको प्रकार ।<br>• फरक क्षमता भएका व्यक्तिलाई गरिने शब्द सम्बोधन बारे जानकारी ।<br>• फरक क्षमता भएका व्यक्तिहरुको चित्र, पम्प्लेट वा भिडियो ।<br>• फरक क्षमता भएका व्यक्तिहरुको परिचय पत्रको नमूना जस्तैः रातो, निलो, पहिले, सेतो ।<br>• फरक क्षमता भएका व्यक्तिहरुले प्रयोग गर्ने सामग्रीहरु । | • बालबालिकाहरु बिच आपसी सम्मान, सद्भाव र समानताको बोली, व्यवहार, अभ्यास भएको छ वा छैन अवलोकन गर्ने ।<br>• एक अर्कामा मिलेर बस्ने, खेल्ने, हिड्ने, गतिविधि विद्यार्थीहरुमा भए नभएको अवलोकन गरी मूल्याङ्कन गर्ने ।<br>• फरक क्षमता भएका व्यक्तिको कुनै ३ वटा प्रकार भन्न र चिन्न लगाउँने ।<br>• फरक क्षमता भएका र असक्त व्यक्तिहरुलाई किन सहयोग, माया सम्मान गर्नुपर्दछ भनी सोध्ने ।<br>• फरक क्षमता हुनुका कारणहरु के होला भनेर भन्न लगाउँने ।<br>• विद्यालयमा विद्यार्थीहरुको बोली व्यवहार र क्रियाकलापहरुको अवलोकन गरेर मूल्याङ्कन गर्ने । | ८ |
| १० | सामाजिक मूल्य मान्यता एवं सदाचार र नैतिकता | • आफूभन्दा ठूलालाई सम्मान गर्न साइनो लगाएर बोल्ने र आफू सरह र सानालाई माया गर्ने बानी व्यवहार प्रस्तुत गर्न ।<br>• असर बोली व्यवहार र बानी | • घरमा आउने पाहुनाहरु आफू वा आफ्नो परिवारको सदस्य पाहुना भएर जाने आफन्हरु ।<br>• आफ्नो परिवार. आफन्त. छरछिमेकका विभिन्न | • विद्यार्थीहरुलाई कसको घरपरिवारमा कोको हुनुन्छ । छरछिमेकमा, मामाघरमा को को हुनुहुन्छ भनी सोध्ने, सेतोपाटीमा बोलाउने साइनोको सूची तयार गर्ने र साइनो अनुसार कसलाई कसरी अभिवादन गर्ने हो सोधेर अभिवादन गर्ने शब्दहरुको सूची बनाउने र छलफल गर्दै अभिवादन कसरी गर्ने भन्दै अभ्यास गराउँदै सिकाउने ।<br>• अभिवादन, स्वागत, विदाइ गर्ने शब्दहरु नेपाली र अंग्रेजी दुबै भाषामा लेखी विद्यार्थीलाई भन्दै अभ्यास गराउन, लेख्न लगाउँने ती शब्दहरुलाई आ-आफ्नो | • शब्द कार्डहरु<br>• स्वागत, अभिवादन विदाइ र अतिथि सत्कारका चित्रहरु फोटोहरु र शब्दहरु<br>• सेतोपाटी, मार्कर | • अभिवादन, स्वागत, बिदाइ र अतिथि सत्कारका शब्दहरु भन्न र सही तरिकाले यी काम गर्न जान्दछन् कि जान्दैनन् भनी सोध्ने र प्रदर्शन गर्न लगाई अवलोकन गर्ने । | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | व्यबहार प्रस्तुत गर्न । जस्तैः सभ्य शब्द साथीहरुसँग मिलनसार हुने सहयोग गर्ने, मिलेर बस्ने, खेल्ने, रमाइलो गर्ने आदि ।<br>● आफ्नो समाज जाति समुदायको असर भाषा, असर मूल्यमान्यता, संस्कार संस्कृति, अनुसारको पाहुना, आफन्त र मान्यजनलाई अभिवादन गर्न, साइनो लगाएर बोल्न र सत्कार गर्ने । | व्यक्तिसँगको नाता वा साइनो ।<br>● अपरिचित व्यक्तिहरुलाई सरल. सभ्य र सही तरिकाले बोलाउने. नाता लगाउँने ।<br>● साथीहरु बिच सहयोग. मेलमिलाप मिलेर पढ्ने. खेल्ने. नाच्ने. गीत गाउँने सिप तथा बानी । | मातृभाषामा के भन्छ भनेर लेखेर ल्याउन गृहकार्य दिने ।<br>● पाहुना घरमा आउँदा के भनेर स्वागत तथा विदाइ गर्ने भनी उपयुक्त शब्द शब्दावली भन्न र अभ्यास गर्न सिकाउने ।<br>● आफ्नो परिवार, समुदाय अनुसार अभिवादन, स्वागत वा विदाइ गर्ने फरक मातृभाषी, शब्द, तरिका भए विद्यार्थीलाई अभिभावकसँग सोधेर, लेखेर ल्याउने र शब्दोच्चारण सँगै प्रदर्शन गर्न लगाउँने ।<br>● अभिवादन, स्वागत, बिदाइ र अतिथि सत्कार सम्बन्धी फोटो वा चित्र वा भिडियोहरु देखाई छलफल गराउने र चिनाउने । सही वा गलत छुट्टाउन सिकाउने ।<br>● दैनिक जीवनमा विद्यालय, घर, बजार, सडक, बाटो, सार्वजनिक स्थलमा गर्नुपर्ने ठीक कामकुराहरु जस्तैः आदत, बानी बारे विभिन्न चित्र, फोटोहरु देखाएर यो के गरेको हो भनेर सोध्ने । यसो गर्नु ठीक हो वा गलत भनेर विद्यार्थीहरुलाई सोध्ने, कापीमा लेखिदिने र ठीक वा बेठीक के हो चिन्ह लेख्न लगाउँने सिकाउने ।<br>● राम्रो आनीबानी गर्न विद्यार्थी र सिकाउन अभिभावकहरुलाई पनि प्रोत्साहित गर्ने ।<br>● साथीहरुसँगै मिलेर पढ्न, बस्न, नाच्न, खेल्न, गीत गाउन, लगाउँने ।<br>● साथीहरुलाई सभ्य तरिकाले नाम भनेर बोलाउन सिकाउने र माथिल्लो कक्षाकालाई दाइदिदी भनेर बोलाउन र आफूभन्दा सानालाई सभ्य तरिकाले नाम वा भाइबहिनी भनेर बोलाउन सिकाउने र अवलोकन गरी आवश्यकता अनुसार सम्झाउने, प्रोत्साहित गर्ने, गराउने ।<br>● साथीहरुलाई सहयोग गर्न मिलेर पढ्न, खेल्न, नाच्न, गीत गाउन लगाउँने ।<br>● तपाइँहरु कसको आफन्तकोमा पाहुना भएर जानु भएर जानुहुन्छ भनी पालैपालो सोध्ने र सेतो पाटीमा सूची बनाएर टिप्ने ।<br>● पाहुना भएर जाने घरमा को को हुनुहुन्छ, उनीहरुलाई के के भनेर बोलाउने गर्नु हुन्छ भनी साइनो पहिचान गर्ने ।<br>● तपाइँको घरमा को को पाहुना आउनु हुन्छ, पाहुना आउँदा तपाई आमा बुबा, हजुरबा ,हजुरआमा, काका, दिदी, दाजु र अरुले के कसरी स्वागत सत्कार गर्नुहुन्छ । भनी सोध्ने र सूची बनाएर अभिवादन शब्दहरु लेखी भन्न र अभ्यास गर्न लगाउँने ।<br>● शिक्षकले आफू सानो हुँदा मामाघर वा कोही आफन्तको घरमा गएको वा आफ्नो घरमा कोही पाहुना आउँदाको अनुभवलाई बाल कथा बनाएर सुनाउने । | ● राम्रो नराम्रो बानी सम्बन्धी चित्र वा फोटोहरु ।<br>● शब्द मेटा कार्ड वा सोको लागि प्रयोग गर्न सकिने पेपर ।<br>● पर्यटकहरुको फोटोहरु । | ● अभिवादन, स्वागत, विदाइ र अतिथि सत्कार सम्बन्धी फोटो चित्र वा भिडियोहरु चिन्न वा छुट्ट्याउन सक्छ कि सक्दैन जाँच्ने ।<br>● विद्यालयमा विद्यार्थीको क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने ।<br>● विद्यालय, घ,र बजार, सडक, बाटो, बजार आदिमा गर्नुपर्ने सही र गलत आनीबानी ठीक बेठीक के हो भनेर छुट्ट्याउन लगाउँने ।<br>● विद्यार्थीले घरपरिवार, विद्यालय, साथीसङ्गी, सार्वजनिक ठाउँमा गर्ने बानी व्यवहारको नियमित अवलोकन गरी मूल्याङ्कन गर्ने ।<br>● मामाघर, काकाघर र अन्य आफन्तको घर र विभिन्न साइनोको सूची बनाई जोडा मिलाउँने वा भन्न लगाउँने ।<br>● घरमा को को पाहुना आउनु हुन्छ र के कसरी स्वागत सत्कार गर्ने भनी सान्दर्भिक शब्दहरुको सूची बनाई जोडा मिलाउन दिने । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | ● साइनो अनुसार के भनेर बोलाउने, कहिले, कसरी, अभिवादन गर्नुहुन्छ भनी सोध्ने र प्रदर्शन गर्न लगाउँने ।<br>● अपरिचित व्यक्तिलाई बोलाउने र उनीहरुसँग बोल्ने सरल, सभ्य र सही तरिकाले केही वाक्य लेखेको चार्ट देखाउने र सोको बोल्ने अभ्यास गराउने । | | | |
| ११ | खेलुकुद, कला साहित्य र शारीरिक व्यायाम एवं योग शिक्षा | ● गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा प्रचलित स्थानीय खेलकुदहरु मध्ये ३ वटाको नाम बताउन र कम्तिमा एउटा खेल खेल्न ।<br>● गाउँपालिका भित्र बसोबास गर्ने क्षेत्रमा प्रचलित लोकगीत र लोकनृत्यहरु मध्ये ३।३ वटाको नाम बताउन र कम्तिमा २।२ वटा लोकगीत गाउन र लोकनृत्य प्रदर्शन गर्न ।<br>● कवाजका आधारभूत विधिहरुको अभ्यास गर्न ।<br>● पि. टि. का आधारभूत क्रियाहरुको अभ्यास गर्न । | ● पालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा प्रचलित स्थानीय खेलकुदहरु जस्तैः कपर्दी, डण्डीवियो, भाले जुधाइ, भकुण्डो, डोरी नाघ्ने ।<br>● खेल विधिहरु वा तरिका ।<br>● पालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा प्रचलित लोकगीतहरु जस्तैः ठाडोभाका, दोहोरी, तीज, देसीभैलो, रत्यौली, भजन गीत आदि ।<br>● लोकनृत्य नाँच र लोक नृत्य गर्ने तरिका ।<br>● समुहमा बालबालिकाहरुले कवाजका आधारभूत तरिकाहरुको अभ्यास ।<br>● बालबालिकाहरुले बालोचित पि. टि. को आधारभूत अभ्यास । | ● तपाईँलाई कुन कुन खेल खेल्न आउँछ भनेर सोध्ने र गाउँपालिकामा पहिले देखि प्रचलनमा रहेका विभिन्न किसिमका खेलहरुको बारेमा जानकारी गराउने ।<br>● विद्यार्थीको शारीरिक अवस्था, खेलमैदान वा कक्षाकोठा विद्यार्थी सङख्या र आवश्यक खेल सामग्री उपलब्धतालाई मध्यनजर गेरर समुहमा खेल्ने खेलहरु खेलाउने । खेल खेलाउँदा फरक क्षमता भएका बालबालिकाहरुलाई पनि समावेश गर्न सकिने खेलहरु खेलाउने र उनीहरुलाई पनि सक्ने भूमिका गर्न लगाउने ।<br>● गाउँपालिकामा प्रचलित लोकगीतहरु जस्तैः ठाडोभाका, दोहोरी गीत, देउसी भैलो गीत आदि मध्ये केही मुख्य मुख्य लोकगीतका नाम लेखाइदिने र डाउनलोड गरी सुनाइदिने ।<br>● सजिलै गाउन सक्ने गीत छनौट गरी भाका मिलाएर गाउँन सिकाउँने ।<br>● यस्तो गीत गाउन जान्ने स्थानीयबासीलाई बोलाएर सुनाउन र सिकाउन लगाउँने ।<br>● बालबालिका नाच्न सक्ने, लोकनृत्यमा नाच्न अभ्यास गराउने र आफैलाई गर्न लगाउँने ।<br>● उनीहरुले गाएको, नाचेको मोवाइलमा भिडियो रेकर्ड गरी उनीहरुलाई नै देखाइदिने ।<br>● शिक्षकहरुले कवाजका प्रारम्भिक अभ्यासहरु ड्रमको तालमा गेरर देखाउने ।<br>● शिक्षकहरुसँगै बालबालिकाहरुलाई अभ्यास गर्न लगाउने ।<br>● सानो र ठूलो समुहमा अभ्यास गराउने ।<br>● अभ्यासलाई निरन्तरता दिँदै बालबालिकालाई सुदृढ बनाउँदै लैजाने ।<br>● शिक्षकले बालबालिकालाई जोकिङ्ग गरी देखाउने र सोही अनुसार गर्न लगाउने ।<br>● शिक्षकले बालबालिकालाई २५,३० मिटरको दूरीमा दौडन लगाउने ।<br>● २, २ बालबालिकाको समुहमा पालैपालो उपयुक्त आकारका बलहरु फ्याक्न र समात्न लगाउने । | ● खेल अनुसार खेल सामग्रीहरु<br>● खेल मैदान वा कक्षा र सोको तयारी<br>● प्राथमिक उपचार सामग्री बाकस ।<br>● खेलका नियम लेख्ने र नतिजा लेख्ने सेतोपाटी ।<br>● स्थानीय लोकगीतको सूची ।<br>● सही भाका, लय र शब्दहरु<br>● अडियो भिजुअल रेकर्डर<br>● साउण्ड, स्पिकर, मल्टिमिडिया प्रोजेक्टर र डिस्प्ले सिस्टम ।<br>● सेतोपाटी, चार्ट पेपर ।<br>● कवाज सम्बन्धी चित्र वा पोष्टर ।<br>● फराकिलो मैदान र समात्न सकिने खालको बल । | ● कम्तिमा ४ वटा स्थानीय खेलहरुको नाम भन्न लगाउँने ।<br>● कम्तिमा २ वटा स्थानीय खेल खेल्न जान्ने ।<br>● खेलहरु खेल्दा विद्यार्थीहरुको सहभागिता अवलोकन गर्ने ।<br>● विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापमा विद्यार्थीहरुको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने ।<br>● स्थानीय लोकगीत संयुक्त वा सामुहिक रुपमा गाउन लगाउँने ।<br>● स्थानीय लोकनृत्य संयुक्त वा सामुहिक रुपमा नाच्न र प्रदर्शन गर्न लगाउँने ।<br>● विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापमा विद्यार्थीको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने ।<br>● कवाज खेलमा केके गरिन्छ?<br>● कवाजमा के कुराको ख्याल गर्नु पर्दछ ?<br>● कवाजको दौरानमा अवलोकन विधिबाट मूल्याङ्कन गर्ने । | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | • जोकिङ्ग गरेर देखाउन लगाउने ।<br>• विद्यालयको चउरको छेउमा राखिएको बल लिएर आउ । बल फ्याक्ने समात्ने कुराहरु अवलोकन विधिबाट मूल्याङ्कन गर्ने । | |
| १२ | वातावरण संरक्षण एवं फोहोरमैला व्यवस्थापन र हरित विद्यालय | वातावरण संरक्षण फोहोरमैला व्यवस्थापन र हरित विद्यालयको बारेमा जानकारी । | •वृक्षारोपण र बोटबिरुवाको संरक्षण । जस्तैः घर तथा विद्यालयमा गरिने वृक्षारोपणमा सहयोग ।<br>•घर तथा विद्यालयमा भएका बोटबिरुवाको संरक्षणमा सहयोग ।<br>•फूलवारी तथा बोटबिरुवाको हेरचाह<br>•हाम्रो वरपरको वातावरण र सरसफाइ फोहोरमैला व्यवस्थापन । जस्तैः व्यक्तिगत, घर आँगन, विद्यालय, वरिपरिको वातावरण सरसफाइ ।<br>•फोहोरमैलाको पहिचान । | •घरको बगैचा वा खेतवारीको छेउछाउमा वृक्षारोपण गर्ने सम्बन्धमा विद्यार्थीहरुलाई सोध्ने र खाली ठाउँमा वृक्षारोपण गर्नुपर्ने कुरा भन्ने ।<br>•घरमा वृक्षारोपण गर्ने कार्यमा सहयोग गर्ने कुरा भन्ने र अनुभव सुनाउन लगाउने ।<br>•विद्यालयको खाली ठाउँमा वृक्षारोपण कार्यमा सहभागी गराउने ।<br>•घर तथा विद्यालयमा भएका बोटविरुवाको संरक्षण गर्नुपर्ने कुरा भन्ने र संरक्षण तथा हेरचाह गर्ने कार्यमा सहभागी गराउने ।<br>•कक्षाकोठामा विद्यार्थीहरुलाई अभिन लगाउने र व्यक्तिगत सरसफाइ गरे नगरेको अवलोकन गर्ने ।<br>•विद्यार्थीहरु मध्ये व्यक्तिगत सरसफाइ राम्रो गरेका विद्यार्थीहरुलाई कक्षाकोठाको अगाडि बोलाइ उनले व्यक्तिगत सरसफाइ गर्दा अवलम्बन गरेका तरिकाहरु सुनाउन लगाउने ।<br>•व्यक्तिगत सरसफाइ अन्तर्गत गरिने कार्यहरुको बारेमा जानकारी गराउने । जस्तैः नुहाँउने, कपाल कोर्ने, कपडा सफा गर्ने आदि ।<br>•व्यक्तिगत सरसफाइ अन्तर्गत गर्न सकिने केही कार्यको प्रदर्शन गर्ने ।<br>•स्वस्थताका लागि घर, आँगन, विद्यालय वरिपरिको वातावरण सफा राख्नुपर्ने कारण भन्ने र छलफल गर्ने ।<br>•विद्यालयको कक्षाकोठा, कक्षाकोठा बाहिर, खेलमैदान, शौचाल,य धारा वरपरको सरसफाइमा सहभागी गराउने र सरसफाइ पश्चात साबुन पानीले हात धुने कार्य गर्ने गराउने ।<br>•घर, कक्षाकोठा, कक्षाकोठा बाहिर हुने फोहोरमैलाको चित्रद्वारा पहिचान गराउने ।<br>•कक्षाकोठा भित्र तथा कक्षाकोठा बाहिरका फोहोरमैलाको अवलोकन गराई फोहोरमैलाको पहिचान गर्न लगाउने । | • हरियाली र नाङ्गा डाँडापाँखा भएको पोस्टरहरु<br>• सरसफाइका सामग्रीहरु जस्तैः साबुन, टावेल, नङकट, पानी, जग, बाल्टी आदि ।<br>• सफा र फोहोरयुक्त चित्रहरु भएको पोस्टर<br>• वृक्षारोपण गर्दै गरेको चित्रहरु पोस्टरहरु<br>• बिरुवाहरुमा पानी हाल्दै गरेको चित्रात्मक पोस्टर । | • घरमा भएका विरुवाको नाम भन्न लगाएर ।<br>• विद्यालयको बगैचा तथा विद्यालय वरपर भएका बिरुवाको नाम पहिचान गर्न लगाएर ।<br>• आफ्नो घर वरपर भएका बिरुवाको नाम भन्न लगाएर ।<br>• वृक्षारोपणको अनुभव भन्न लगएर ।<br>• विद्यालयमा बिरुवाको संरक्षण तथा हेरचाहमा सहभागी भए नभएको अवलोकन गरेर ।<br>• व्यक्तिगत सरसफाइ गरे नगरेको अवलोकन गरेर<br>• घर तथा विद्यालय वरपरको वातावरण सफा राख्ने कार्यमा सहभागी भए नभएको अवलोकन गरेर ।<br>• घर विद्यालय वरिपरि हुने फोहोरमैलाको पहिचान गर्न सके नसकेको अवलोकन तथा प्रश्नत्तर गरेर । | १० |
| १३ | सामाजिक | • मुड्केचुला गाउँपालिका | •मुड्केचुला गाउँपालिका | •हामी कुन गाउँपालिकामा बस्छौँ भनी सोध्ने । पछि हामी बसेको गा.पा.को नाम | • मुड्केचुला गा.पा. | • मुड्केचुला गा. पा. घोषणा | ५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | रुपान्तरण, लोकतन्त्र र सङ्घीयता | घोषणा भएको साल, जम्मा वडाहरुको सङ्ख्या र साविक गा.वि.स. सङ्ख्या बताउन। | घोषणा भएको मिति, जम्मा वडाहरुको सङ्ख्या र साविक गा.वि.स. सङ्ख्या र नामावली। | "मुड्केचुला" हो भनी सेतोपाटीमा लेखिदिने र कापीमा सार्न लगाउँने। • मुड्केचुला गा. पा. घोषणा भएको साल लेखिदिने। • मुड्केचुला गा.पा. साविकको कतिवटा गा. वि. स.हरु मिलेर बनेको हो भनी ती गा.वि.स. हरुको सङ्ख्या सेतोपाटीमा लेखिदिने र विद्यार्थीलाई कापीमा सार्न लगाउँने। दोहोर्याएर सोध्ने। | घोषणा भएको साल र साविक गा. वि. स. हरू र हालको गा. पा. को सिमाना छुट्टिएको नक्सा, चार्ट पेपर वा न्यूज पेपर, मार्कर। | कहिले भयो ? पालिकामा जम्मा कति वटा वडाहरु छन् भनी सोध्ने। • कति वटा गा. वि. स. हरु मिलाएर मुड्केचुला गाउँपालिका बनाइएको हो भनी विभिन्न सङ्ख्या मध्ये सही सङ्ख्यामा गोलोघेरा गर्न लगाउँने। | |

## कक्षा–३

| क्र. सं. | विषय क्षेत्र/थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य शिक्षण सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया वा विधि | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| १ | हाम्रो गाउँपालिकाको परिचय | • आफू बसिरहेको गाउँ, ठाउँ, गाउँपालिका, वडा र जिल्लाको नाम बताउन। • गाउँपालिकाको वडागत सिमाना। • वडा समितिको गठन प्रक्रिया जान्न। • वडा समितिको कामहरु मध्ये जन्म, विवाह र मृत्यु दर्ता बारे जानकारी। • विकासका पूर्वाधारहरु जस्तैः शिक्षा, स्वास्थ्य, खानेपानी, बिजुली, यातायात, सञ्चारको महत्व उल्लेख गर्न। | • विद्यार्थीले आफू बसोबास गर्ने गाउँ टोलको नाम, वडा नम्बर, गाउँपालिका र जिल्लाको नाम, आफू अध्ययन गर्ने विद्यालयको नाम र ठेगाना। • गाउँपालिकाको वडागत सिमाना। • वडा समितिको गठन प्रक्रिया। • वडा समितिको कामहरु मध्ये जन्म, विवाह र मृत्यु दर्ता। • विकासका पूर्वाधारहरु जस्तैः शिक्षा, स्वास्थ्य, खानेपानी, बिजुली, | • कक्षामा कर्णाली प्रदेशको नक्शा देखाउँदै प्रदर्शन विधिबाट मुड्केचुला गाउँपालिकाको सङ्केत गर्न लगाउने। • सबै विद्यार्थीलाई पालैपालो हजुर कहाँ बस्नुहुन्छ, भनेर पालैपालो सोध्ने र आएको उत्तरलाई सेतोपाटीमा टिप्दै जाने। • मुड्केचुला गाउँपालिकाको ९ वडाहरु छुट्याएको नक्शा देखाई उनीहरुको घर र विद्यालय भएको वडा देखाउने। • आफू बस्दै आएको पालिकाको नाम मुड्केचुला गाउँपालिका हो भनि भन्न, चिन्न र लेख्न लगाउँने। • विद्यालय वरपरको ठाउँहरु घुमाउन लाने (अध्ययन भ्रमण) र त्यसको बारेमा बताइदिन र कस्तो लाग्यो, त्यहाँ केके देख्नुभयो, हजुरको घर, टोल, गाउँमा छ कि छैन् भनेर सोध्ने छलफल गर्ने। • भ्रमण गरेको ठाउँको चित्र बनाएर दिने र त्यसमा नाम लेख्न र भर्न लगाउँने। • पालिकाको विभिन्न ठाउँको भिडियो क्लिप, फोटो आदि देखाई छलफल गर्ने। • विद्यार्थीको घर रहेको वडा नम्बरमा विद्यार्थीको घरको चित्र बनाएर रङ भर्ने र गा. पा. र आफ्नो गाउँको नाम लेख्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउँने। • गाउँपालिकाको विभिन्न ठाउँको भिडियो क्लिप्स, फोटो आदि देखाई छलफल गर्ने। | • सिमाना तथा वडा छुट्टिएको पालिकाको नक्सा • पालिकाको विभिन्न स्थाको भिडियो क्लिप, मोवाइल फोटो • हातले बनाएको वडा छुट्टिने गा.पा.को नक्सा • घर गाउँको सङ्केत जनाउने रङ्गीन कागजको टुक्राहरु | • कर्णाली प्रदेशको नक्शा देखाउँदै प्रदर्शन विधिबाट मुड्केचुला गाउँपालिकाको सङ्केत गर्न लागाएर। • मोवाइल फोटो वा हातले तयार गरेको चित्र देखाई हजुर कुन गाउँपालिकाको कुन वडामा बस्नुहुन्छ भनी सोध्ने। • विद्यार्थीको गाउँ गा. पा. र वडा नम्बर सोध्ने र लेख्न लगाउँने। • पालिकाको नक्सा आफू बसेको वडा नम्बर देखाउन लगाउँने। • आफ्नो गाउँ विद्यालयको चित्र बनाई लेख्न र रङग भर्न लगाउँने। • जाडो र गर्मी मौसममा के कस्ता रोग लाग्छन् भनी सूची बनाउन लगाउँने | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | यातायात, सञ्चारको महत्व । | • जाडो मौसममा के कस्ता रोगहरुले सताउँछ भनी सूची बनाउन लगाउने । <br>• गर्मी मौसममा के कस्ता रोगहरु लाग्छन् भनी छलफल, प्रश्नोत्तर गरी रोगको सूची बनाउन लगाउने । | | • जाडो मौसममा घर बाहिर काम गर्न किन गाह्रो हुन्छ भनी सोधेर । <br>• गा. पा.को नक्सा भित्र आफ्नो घर भएको ठाउँको चिनो लगाई रङग भर्न लगाउँने । <br>• कक्षामा गरिएको क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने । | |
| २ | स्वास्थ्य र सरसफाइ | • आफ्नो सामान्य सरसफाइ आफै गर्न र चर्पीको प्रयोग गर्ने बानीको विकास । <br>• सफा खानेकुरा वा खानेकुरा सफा गरेर खान । | • आफ्नो सरसफाइ आफै गर्ने, चर्पीको सही प्रयोग गर्ने बानी <br>• दैनिक हातमुख धुने, सफा रुमाल वा कपडाले पुछने बानी । <br>• सही तरिकाले हात धुने ६ तरिका <br>फोहोर, ढुङ्गामाटो आदि छोएपछि विद्यालयबाट वा बाहिर गएर फर्केपछि र चर्पी प्रयोग गरेपछि साबुन पानीले हात खुट्टा धुने तरिका । <br>• खाना खानुअघि र खाइसकेपछि हात खुने बानी । <br>• सफा खानेकुरा मात्र खाने, सफा पानी मात्र पउने । <br>• खानेकुरा छोपेर राख्ने बानी । | • सरसफाइ सम्बन्धी एउटा बालकथा सुनाउने । <br>• सरसफाइ नगर्दा पर्नसक्ने स्वस्थ्य असर सम्बन्धी बिचको माध्यमबाट प्रष्ट पार्ने । <br>• साबुन पानीले हात धोएको चित्र वा पोस्टर देखाएर छलफल गर्ने र त्यहीँ देखाए अनुसार हात, मुख, धुने तरिका बताउँदै अभ्यास गराउने । <br>• हात धोएपछि सफा कपडाले हात मुख पुछन सिकाउने <br>• चप्पल र जुत्ताको प्रयोग कहाँ गर्ने, कहाँ नगर्ने भनी विद्यार्थीसँग कुरा गर्ने र कहाँ जुत्ताचप्पल लगाउँदा ठिक हो, कहाँ बेठीक हो भनि बताउँने । <br>• अभिभावकहरुलाई समेत यसबारे जानकारी गराई बालबालिकाहरुलाई घरमा पनि बानी लगाउन अनुरोध गर्ने । <br>• सफा र मैलो कपडा, सफा र मैलो झोला र अन्य सफा र मैलो वा फोहोर सामानहरु देखाएर कुन सफा र कुन मैलो वा फोहोर हो भनि छुट्टाउन लगाउँने । <br>• सफा र फोहोर वा मैला चित्र सिकाउने र कसरी फोहोर भएको होला अब के गर्यो भने फोहोर हुँदैन? कसरी कसले सफा गर्ने होला भनी प्रश्नोत्तर गरेर सफा र फोहोरको अर्थ बुझाउने र सधै सफा रहने बारे बताउने । चित्र वा तस्वीर देखाएर पनि छलफल गर्न सकिन्छ । साबुन पानीले हात खुट्टा र मुख धोएर प्रदर्शन गर्न लगाउँने । <br>• सफा र फोहोर कुराहरु कपडा आदि कक्षा भित्र र बाहिर भएको कुराहरु अवलोकन गराएर चिनाउने । <br>• सरसफाइ सम्बन्धी चित्र देखाएर कुन राम्रो कुन नराम्रो किन र के भएमा राम्रो हुन्छ भनी प्रश्नत्तोर गर्ने । <br>• बासी सडेगलेका, झिँगा भन्केका गनाएका, बिग्रेका खानेकुरा नखाने । <br>• सफा र फोहोरा खानेकुराको चित्र वा पोस्टर देखाएर बताउने । | • साबुन पानीले हात धोएको चित्र वा पोष्टर <br>• सफा पानी, साबुन वा खरानी <br>• हात पुछने तौलिया वा सफा कपडा <br>• स्थानीय सामानले बनेको जुत्ता चप्पल राख्ने र्याक <br>• सफा र मैलो कपडा व्याग र अन्य सामानहरु । <br>• सफा र फोहोर खानेकुराको चित्र वा पोस्टर । <br>• खानेकुरा छोपेर राखेको र नछोपी राख्दा फोहोर झिँगा परेको वास्तविक भान्सा वा पोस्टर वा श्रव्य दृश्य सामग्री । | • सही तरिकाले साबुन पानीले हात खुट्टा धुन जान्यो वा जानेन अभ्यास गर्न लगाएर हेर्ने । <br>• चर्पीको प्रयोगपछि, खाना खानुअघि र खाइसकेपछि सधै हात धुने बानी भयो कि भएन अभिभावकसँग सोध्ने । <br>• सफा र फोहोर कुरा वा चित्र देखाएर छुट्टाउन लगाउँने । <br>• विद्यालयमा विद्यार्थीको व्यक्तिगत र बाहिरी सरसफाइ सम्बन्धी क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने । <br>• घरको भान्साको सरसफाइको बारेमा प्रतिक्रिया बुझ्ने । <br>• विद्यालयमा हुँदा विद्यार्थीले खाने खाजा वा खानेकुरा सफा गर्ने आनीबानीको आधारमा मूल्याङ्कन गर्ने । | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | • फलफूल जस्ता आफैले धोएर खानसक्ने खानेकुराहरु धोएर मात्र खाने बानी। | • फलफूल किन धोएर खानुपर्छ भनी बुझाउन एउटा फलफूलको दाना ल्याएर त्यसमा धुलो फोहोर लागेको देखाउने। त्यस्तो खाएमा पेट दुख्ने, बिरामी हुने बारे बताउने। त्यो फललाई धुने तरिका सिकाउने र धोएको फल पुनः विद्यार्थीलाई देखाउने।<br>• दाल, भात, दुध, जस्ता पकाएका खानेकुराहरु कसरी छोपेर राख्ने, नछोपे कसरी झिँगा र अन्य फोहोर पर्छ भनेर भान्सामा अवलोकन गराएर छलफल गराउने वा आफ्नो भान्साकोठाको अवलोकन गेरर आउन भन्ने र के कुरा राम्रो रहेछ र के के कुरा नराम्रो रहेछ भनी प्रश्नोत्तर गर्ने र सुधारका लागि अभिभावकलाई अनुरोध गर्न भन्ने। | | | |
| ३ | मातृभाषा, संस्कृति र चाडपर्व | • आफ्नो मातृभाषामा परिचय दिन सक्ने र घरपरिवारमा बोलिने कम्तिमा ५० शब्दहरु र १० वाक्यहरु भन्न र बुझ्न।<br>• पालिका क्षेत्रमा रहेका विभिन्न जाति जनजाति विशेष र सबैको साझा स्थानीय सामाजिक संस्कार र संस्कृतिको बारेमा १० वटा वाक्यमा बताउन र आ-आफ्नो वेशभूषा चिन्न।<br>• बालबालिकाहरुको विद्यालय रहेको वडामा विभिन्न जाति जनजाति विशेषले मनाउने चाडपर्वहरु मध्ये ५ वटाको नाम बताउन।<br>• चाडपर्वहरु मध्ये ८ वटाको नाम बताउन र कुनै एकको महत्व बताउन। | • गाउँपालिकाको आफू बसोबास गर्ने ठाउँमा विभिन्न जाति जनजातिहरुको सूची।<br>• उनीहरुको मातृभाषाको सूची मातृभाषामा सामान्य परिचय।<br>• शरीरका मुख्य अङ्गहरु, मातृभाषामा अभिवादन, परिवार भित्र र नजिकको आफन्त साइनो, १ देख ५ अङ्क गणना।<br>• घरपरिवारमा बारम्बार बोल्ने कम्तिमा २० शब्दहरु।<br>• मौलिक पहिचान, पहिरन, स्थानीय सामाजिक संस्कारहरु, मध्ये केही शुभकर्म जस्तैः न्वारन, पास्नी, छेवर, व्रतबन्ध, विवाह, आदि मध्ये कुनै १ को | • गाउँपालिकाको आफू बसोबास गर्ने ठाउँमा बसोबास गर्ने विभिन्न जाति जनजातिहरुको सूची तयार गर्ने।<br>• आफ्नो मौलिक वेशभूषा वा पहिरन लगाएको सामानहरु पुस्तकालयमा राख्ने। ती सामानहरु कक्षाकोठामा ल्याएर प्रदर्शन गरी विद्यार्थीलाई आ-आफ्नो जाति समुदाय के हो भन्न लगाउँने।<br>• आफ्नो साथी कुन कुन समुदायका छन् जोडीमा सोधेर भन्न लगाउँने। सबै जाति समुदायहरु बराबर हो भन्ने कुरा बुझाउने। यस क्रममा जातीय विभेदलाई दुरुत्साहन हुने कुनै पनि कुरा वा कार्य गर्न गराउन नहुने।<br>• विद्यार्थीहरुले आ-आफ्नो मातृभाषामा परिचय दिने। जस्तैः मरो नाम …… हो। मेरो बुबा, आमा, दिदी, भा,इ दाई, …. को नाम …… हो। म …..कक्षामा पढ्छु।<br>• शरीरको मुख्य अङ्गहरु जस्तैः आँखा, नाक, कान, मुख, टाउको, घाटी, हात, औला आदि। नेपालीमा लेखिदिने र त्यसलाई मातृभाषामा लेखेर ल्याउन गृहकार्य दिने।<br>• विद्यालय र समुदायका विभिन्न झाँकीमा विद्यार्थीहरुलाई सहभागी गराउँने।<br>• नमस्कार, अभिवादन आदि गर्ने शब्दहरुलाई मातृभाषामा भन्न लगाउने।<br>• चाडपर्वहरुको बारेमा छलफल र सूची बनाउन लगाउँने।<br>• विभिन्न जात जातिहरुको मौलिक वेशभूषा, गरगहना लगाएको महिला र पुरुष वा केटा र केटीको एक एक जोडीको चित्र वा फ्लेक्स प्रिन्टिङ फोटो राख्ने र विद्यार्थीहरुलाई अवलोकन गराउने।<br>• विभिन्न वेशभूषामा विद्यालयमा विद्यार्थीहरुलाई झाँकी प्रदर्शन गर्न लगाउने।<br>• विद्यार्थीहरुलाई कुनकुन चाडपर्व मन पर्छ, ती चाडपर्वहरुमा के के गरिन्छ भनी सोध्ने र छलफल गर्ने। | • स्थानीय जाति समुदाय अनुसारको मौलिक वेशभूषा, गरगहना, पहिरन लगाएको महिला पुरुष सम्बन्धी चित्र पोस्टर।<br>• मातृभाषाको शब्दकोष शब्दपत्ती।<br>• नाता सम्बन्धको चार्ट, सेतोपाटी, मार्कर, मोबाइल रेकर्डर।<br>• मौलिक गरगहना वेशभूषा लगाएको महिला पुरुषको पोस्टर फोटोहरु।<br>• कैची, स्केल, कागज कलर साइनपेन आदि।<br>• चाडपर्व सम्बन्धी चिनारी, भिडियो रेकर्ड, फोटो, सेतोपाटी, मार्कर | • स्थानीय मौलिक जाति समुदाय अनुसारको वेशभूषा र गरगहनाको नाम र सम्बन्धित जातिहरुको सूची बनाई जोडा मिलाउन दिने।<br>• मातृभाषामा ५ वटा बाक्यमा आफ्नो परिचय दिन लगाउँने।<br>• नमस्कार, अभिवादन, विदाइको हाउभाउ वा सङकेत गरी विद्यार्थीलाई आफ्नो मातृभाषामा भन्न लगाउँने।<br>• शरीरका अङ्गहरु मातृभाषामा भन्न लगाउँने र सामान्य मातृभाषा र बोलचालमा भएको मातृभाषी शब्दहरु भन्न लगाउँने।<br>• आ-आफ्नो मौलिक वेशभूषा गरगहनाहरु मध्ये प्रायः लगाइने मुख्य मुख्य चित्र वा नाम भन्न लगाउँने।<br>• विवाह, ब्रतबन्ध, पास्नी, जन्मउत्सवमा सहभागी भएको वा आफूले देखेको वा सुनेको | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | बारेमा ५ वाक्यमा बताउन । गाउँपालिकाका मुख्य चाडपर्वहरु र तिनीहरुको महत्व । | • गाउँपालिकामा रहेका प्रचलित चाडपर्वहको चिनारी तयार गरी पाठ बनाई पढाउने वा अडियो भिजुअल वा फोटो सङ्कलन गरी विद्यार्थीहरुलाई देखाउने र छलफल गराउने ।<br>• गाउँपालिका क्षेत्रमा रहेका जाति जनजातिहरुको मौलिक पहिरन वा वेशभूषा, गरगहना स्थानीय संस्कारहरु मध्ये केही शुभकर्म जस्तैः न्वारन, पास्नी, गन्यूचोली दिने, व्रतबन्ध, विवाह आदि बारे छलफल ।<br>• सबैको सांस्कृतिक वेशभूषा उत्तिकै उत्कृष्ट, आर्कषक, मौलिक पहिचान दिने र एकअर्काको वेशभूषाको सम्मान वा कदर गर्नुपर्ने कुरा सिकाउने ।<br>• विद्यालय वरिपरि क्षेत्रमा मनाइने मुख्य चाडपर्वहरुको नाम लेख्न, कुनै जाति विशेषको भएमा कसको हो भनी छानेर लेख्न वा जोडा मिलाउन लगाउँने । | | आधारमा लगाउँने पहिरन का बारेमा १० वटा वाक्यमा बताउन लगाउँने ।<br>• पालिका क्षेत्रमा मनाउँने चाडपर्वहरुको बारेमा भन्न लेख्न लगाउँने ।<br>• विद्यार्थीहरुलाई आफूलाई मनपर्ने चाडको बारेमा १० वाक्यमा वर्णन गर्न लगाउँने । | |
| ४ | ऐतिहासिक, धार्मिक, पर्यटकीय स्थलहरु | • गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा रहेका प्रचलित धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलहरु मध्ये कुनै ५ वटाको नाम भन्न र दुई वटाको बारेमा कम्तिमा १० वाक्यमा बताउन । | • गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा रहेका प्रचलित धार्मिक स्थलहरु जस्तैः मठमन्दर, गुम्बा, चाडपर्वमा पूजाआजा गर्ने ठाउँहरु<br>• प्राकृतिक सम्पदाहरु जस्तैः खोलानाला, जङ्गल, पोखरी, गुफा आदि । | • विद्यार्थीहरुलई आफ्नो गाउँघर र वरपर भएको धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरुको नाम सोध्ने र ती ठाउँमा पुगेको छ कि छैन त्यहा के छ भनी प्रश्न सोध्ने र थप जानकारी दिदै ती स्थलहरुको फोटो भिडियो सङ्कलन गरी देखाउने ।<br>• विद्यार्थीहरुलाई उपयुक्त समय र मौसममा अवलोकन भ्रमण लैजाने ।<br>• अवलोकन पछि आफूले अवलोकन गरेका कुराहरु कापीमा लेखेर ल्याउन लगाउँने र भ्रमणपछि भ्रमण कस्तो लाग्यो, के देख्नु भयो भनेर सोध्ने, छलफल गर्ने ।<br>• भ्रमण गरेपछि धार्मिक, सांस्कृतिक एवंव पर्यटकीय स्थलका चित्र कोर्ने, रङग भर्ने त्यहाँ देखेका ५ वटा कुराको नाम लेख्न लगाई प्रस्तुत गर्न लगाउँने ।<br>• कक्षामा स्थानीय धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरुको चित्र दिएर रङग भर्न लगाउँने ।<br>• फोटो, भिडियो सङ्कलन, प्रस्तुतीकरण गर्ने ।<br>• प्राकृतिक सम्पदाहरु जस्तैः खोलानाला, तालतलैया, झरना, गुफा, हिमालको बारेमा छलफल वर्णन गर्ने । | • गाउँपालिकाको प्रमुख एवं प्रसिद्ध धार्मिक सांस्कृतिक र पर्यटकीय स्थलहरुको फोटोहरु र संक्षिप्त चिनारी ।<br>• चित्र कोरेर रङग भर्न आवश्यक पर्ने पेपर कलर साइनपेन पेन्सिल आदि ।<br>• पालिकको बारेमा लेखिएका वा तयार गरिएका भिडियो डकुमेन्ट्री<br>• प्राकृतिक सम्पदाहरु झल्किने पोस्टर, फोटाहरु | • गाउँपालिकाको प्रमुख एवं प्रसिद्ध धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलहरुको नाम भन्न वा लेख्न लगाउँने ।<br>• ती स्थलहरुको बारेमा प्रस्तुत गर्न लगाउँने ।<br>• कक्षाकोठामा स्थानीय धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरुको चित्र दिएर रङ भर्न लगाउँने ।<br>• विद्यालयमा विद्यार्थीको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने ।<br>• गाउँपालिका भित्र पाइने प्राकृतिक सम्पदाहरुको सूची बनाउन लगाउँने । | १५ |
| ५ | स्थानीय पेसा व्यवसाय एवं ज्ञान, सिप तथा प्रविधि र उद्यमशीलता | • घर तथा परिवार स्तरमा भएका पेसाको चिनारी ।<br>• स्थानीय स्तरमा भएका पेसाको नाम | • गाउँपालिका भित्रका समुदायहरुले अपनाउने पेसाहरुको विवरण ।<br>• घरायसी कामकाज गर्न र | • विद्यार्थीहरुलाई घरमा परिवारका सदस्यहरुले अगाँलेका पेसाहरु केके हो भनेर भन्न लगाउँने र छलफल पनि गर्ने ।<br>• विद्यार्थीहरुलाई तपाइँको घरमा भएका घरेलु सामान तथा औजारहरुको बारेमा भन्न लगाउँने । | • विभिन्न स्थानीय ज्ञान सिप प्रविधि प्रयोग गरी बनाइएका घरेलु तथा कृषि औजारहरुको सामग्रीहरुको | • घरमा परिवारका सदस्यले अपनाएका व्यवसायहरु केके हुन सो बारे भन्न लगाउँने ।<br>• विभिन्न घरेलु ज्ञान सिपमा | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | •गाउँपालिका क्षेत्रमा विगत र वर्तमानमा अपनाइएका परम्परागत र आधुनिक किसिमका विभिन्न प्रविधिको पहिचान।<br>•स्थानीय सिप तथा प्रविधिहरु मध्ये ५ वटा चिन्न र कुनै एकको बारेमा कम्तिमा ५ वाक्यमा लेख्न। | परिवार समुदायहरुले जीवन निर्वाह गर्नको लागि चाहिने घरेलु वा वाह्यय सरसामानहरु प्रयोगमा चाहिने ज्ञान र सिप।<br>•गाउँघरमा परम्परागत र आधुनिक रुपमा सञ्चालित प्रविधिहरु। | •डोको, नाम्लो, राडीपाँखी, ठेकी, मदानी, मुढा, पिर्का, सुइटर, टोपी, ओखल, जाँतो, सिलौटो, हँसिया, खुकुरी, कुटो, हलो, पानी घट्ट बिजुली घर कम्प्युटर आदि।<br>•त्यस्तै काठबाट बनेका हलो जुवा दराज कुर्ची टेवल आदि।<br>•विद्यार्थीहरुलाई यी घरेलु सामग्रीहरुको बारेमा छलफल गर्न लगाउँने र कुन सामग्री ककेको लागि प्रयोग हुन्छ भन्ने बारे बताउन लगाउँने।<br>•अन्य घरेलु तथा कृषि औजारहरु जस्तैः कुटो कोदालो ढिकी कोलको चित्र बनाई सबै विद्यार्थीलाई एकएक चित्रमा रङग भर्न लगाएर उनीह्यश्रको नाम सहित लेखेर कक्षाकोठामा झुण्ड्यार राख्ने।<br>•विद्यार्थीहरुलाइ घरबाट २ वटा घरेलु सामग्रीहरुको सूची तयार गरी ल्याउन लगाउँने। | सचित्र सूची फोटो र नमूनाहरु।<br>• रङ्गीन कागज स्केल आदि रङग भर्ने स्थानीय सामानहरुको सादा चित्रहरु। | आधारित सामग्रीहरुको बारेमा विद्यार्थीहरुलाई भन्न लगाएर।<br>• सामग्रीहरु र नामलाई जोडा मिलाउन लगाउँने।<br>• घरबाट अभिभावकको सहयोगमा कृषि र भान्सामा प्रयोग हुने कुनै ५।५ वटा सामग्रीहरुको नाम लेखेर ल्याउन लगाउँने। | |
| ६ | खाद्यान्न तथा पोषण एवं कृषि, जडिबुटी, पशुपालन | • गाउँपालिका क्षेत्रमा उत्पादन हुने खाद्यान्न, सागसब्जी र फलफूल चिन्न कम्तिमा ४।४ वटाको नाम बताउन।<br>• तिनीहरुको उपभोगबाट हुने पोषण सुधरा बारे भन्न।<br>• आयतित कम पोषणयुक्त बजारको पत्रु खानेकुराको सट्टा स्थानीय कृषि उत्पादन र आयतित कृषि उत्पादनको उपभोग गर्न।<br>• पालिका क्षेत्रमा पाइने ५ वटा जडिबुटी र पशुपालनका बारेमा पहिचान र उपयोगिता बारे भन्न र कम्तिमा १० वाक्यमा लेख्न।<br>• पालिकामा बसोबास गर्ने मानिसहरुले गर्ने विभिन्न पेसा व्यवसायहरु मध्ये ५ वटाको नाम र कुनै एक पेसा गर्ने | • गाउँपालिका क्षेत्रमा हुने खाद्यान्न (अन्नबाली, दलहन, तरकारीहरु) जस्तैः धान, मकै, गहुँ कोदो, दाल, साग, काउली, आलु, फर्सी, लसुन, प्याज आदि।<br>• स्थानीय कृषि उपजबाट बनेका विभिन्न खानेकुराहरु वा परिकार जस्तैः दाल, भात, साग, गेडागुडी, तरकारी आदि।<br>• बजार पसलमा पाइने खाद्यान्न, तरकारी, फलफूल।<br>• बजार पसलमा पाइने पत्रु खानेकुराहरु वा कम पोषणयुक्त खानेकुरा (जङक फुड) जस्तैः | •विद्यार्थीहरुलाई आज के खानेकुरा खाएर विद्यालय आउनुभयो भनी सोध्ने र ती खानेकुरा के बाट बनाएको भनी सोध्ने र उदाहरण दिँदै स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्नहरु बारे परिचित गराउने।<br>•आ-आफ्नो घरबाट आ-आफ्नो खेतबारीमा फलेका खाद्यान्नहरुको केही नमूना ल्याउन लगाउने र त्यो के हो भन्न, लेख्न र त्यसबारे बताउन लगाउँने।<br>•स्थानीय खाद्यान्न, तरकारी, फलफूलको नमूनाहरु कक्षामा डोरी टाँगी नाम लेखेर झुण्ड्याउने र हरेक बारेमा बताउने।<br>•विद्यार्थीलाई आफूलाई मन पर्ने फलफूलको नाम भन्न लगाउने र सो फलफूलको चित्र बनाउने र नाम लेख्न सिकाउने।<br>•कहिले काँही आफ्नो खेतबारीमा फलेको फलफूल विद्यालयमा खाजाको रुपमा ल्याउन लगाउँने र अभिभावकहरुलाई समेत यस बारे प्रोत्साहित गर्ने।<br>•स्थानीय फलफूलको चित्रमा रङग भर्न र चिनेर नाम लेखेर वा चित्र जोडा मिलाएर प्रस्तुत गर्न लगाउँने।<br>•बजारमा वा पसलमा केके खानेकुरा खाद्यान्न र तरकारी पाइन्छ भनेर विद्यार्थीहरुलाई सोध्ने, विद्यालय नजिकको पसल बजारमा विद्यार्थीहरुलाई अवलोकन गर्न लैजाने र पसलमा लगेर विभिन्न किसिमका खानेकुराहरु देखाउने।<br>•विद्यार्थीहरुलाई कुनकुन खानेकुरा स्वस्थ खानेकुरा र कुनकुन खानेकुरा पत्रु खानेकुरा हो भनेर बुझाउने र पत्रु खानेकुरा किन सधै खानु हुँदैन भनी बताउने।<br>•स्वस्थ खानेकुराहरु र पत्रु खानेकुराहरुको सूची बनाउने र स्वस्थ खानेकुरालाई ठिक चिन्ह | • गाउँपालिकामा उत्पादन हुने विभिन्न खाद्यान्न, तरकारी तथा फलफूलको वास्तविक नमूना वा फोटोहरु।<br>• डोरी, सियो, धागो।<br>• नमूना राख्ने प्लास्टिक झोला।<br>• स्वस्थ खानेकुरा र पत्रु खानेकुराको सूची वा वास्तविक नमूना।<br>• पौष्टिक खानेकुराको क्यालेण्डर।<br>• खाना, तरकारी, फलफूल सम्बन्धी बालबालिकाले बुझ्ने पोष्टर, बालगीत भिडियो क्लिप, फोटो।<br>• मार्कर, सेतोपाटी कापी, न्यूजप्रिन्ट वा चार्ट पेपर। | • तरकारीको पात वा पातको टुक्रा, कापी वा कागजमा टाँस्न र नाम लेख्न लगाउँने।<br>• स्थानीय खाद्यान्न, तरकारी, फलफूलहरुको नाम भन्न वा सूची बनाउन लगाउने।<br>• स्थानीय फलफुलको चित्रमा रङ भर्न र चिनेर नाम र चित्र जोडा मिलाउन लगाउँने।<br>• कागजको टुक्राहरुमा स्वस्थ र पत्रु खानेकुराहरुको नाम सहितको चित्र भएको कागजको टुक्राहरु दिएर स्वस्थ र पत्रु खानेकुराहरु छुट्याउन लगाउँने।<br>• विद्यालयमा विद्यार्थीहरुले गर्ने आनीबानीको आधारमा मूल्याङ्कन गर्ने।<br>• खानेकुराहरुको सूचीबाट पत्रु खानेकुरालाई क्रस र स्वस्थ खानेकुराहरु गोलो चिन्ह लगाउन | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | तरिका भन्न र लेख्न । | चाउचाउ, विस्कुट, कोक आदि ।<br>• पालिका क्षेत्रमा पाइने जडिबुटी र पशुपालनको अवस्था । | र पत्रु खानेकुरालाई बेठिक चिन्ह लगाउन सिकाउने ।<br>• स्वस्थ खानेकुरा र पत्रु खानेकुराको बारेमा पोस्टर वा चित्र वा बाल भिडियो वा भिजुअल गीत मोबाइल मार्फत देखाएर छलफल गर्ने ।<br>• सम्भव भएमा नजिक भएको स्वास्थ्यकर्मीलाई बोलाएर एक सेसन पाठ लिन लगाउने ।<br>• असर पोषणयुक्त र कम पोषण भएको जङक फुड छुट्याउन लगाउँने ।<br>• गाउँपालिका क्षेत्रमा पाइने जडिबुटीहरुको सूची र छलफल ।<br>• पशुपालन व्यवसायहरु मध्ये भैसीपालन, भेडापालन, कुखुरापालन बारे छलफल । | • गाउँघरमा पाइने जडिबुटीका फोटा वा पोस्टरहरु ।<br>• पशुपालन अन्तर्गतका व्यवसाय सम्बन्धी विवरण झल्किने फोटाहरु । | लगाउँने ।<br>• पालिका क्षेत्रिभत्र पाइने जडीबुटीहरुको नाम र पाइने स्थलहरुको बारे बताउने ।<br>• पालिका क्षेत्रभित्र अपनाएका पशुपालन व्यवसायहरुको सूची तयार गर्न लगाउँने । | |
| ७ | प्रकोप र विपद् व्यवस्थापन | गाउँपालिका भित्र हुनसक्ने विपदको परिचय र विपत्को किसिम र प्राकृतिक र मानव सिर्जित । | • प्रकोपको परिचय<br>• सडक दुर्घटना, करेन्ट लाग्ने, आगलागी, डुवान, बाढी, पैरो, भिरबाट लड्ने ।<br>• विद्यालय आउँदा र घर जाँदा बाटोमा हुने जोखिम पहिचान जस्तैः ढुङ्गा खस्ने, खोलाले बगाउने, पहिरो खस्ने, बाटो क्रस गर्दा हुने दुर्घटना ।<br>• विद्यालय आउँजाउँ गर्दा बाटोमा हुने जोखिमबाट सावधानी ।<br>• विपदबाट सुरक्षाः जस्तैः कक्षाकोठा, विद्यालय, घर तथा बाटोमा सडक दुर्घटना, करेन्ट लाग्ने, आगलागी, ढुङ्गा खस्ने, आदिबाट बच्ने | • चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट प्रकोपको पहिचान गर्न लगाउने ।<br>• चित्र एवं श्रव्यदृश्य सामग्रीमा भैरहेको घटना व्याख्या गर्न लगाउने ।<br>• आफ्नो वरिपरि हुनसक्ने विभिन्न प्रकोपको नाम भन्न लगाउने र विद्यार्थीको अनुभव छलफल गराउने ।<br>• शिक्षकले विगतका घटनाको अनुभव सुनाउने र छलफल गराई प्रकोपको परिचय दिने ।<br>• विभिन्न जोखिमलाई बिचको माध्यमबाट देखाउने र तिनीहरु के हुन भन्न लगाउने ।<br>• जोखिमयुक्त स्थानको अवलोकन गराउने र ती स्थान किन जोखिमयुक्त भए भनेर भन्ने र छलफल गराउने ।<br>• चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट जोखिमयुक्त अवस्था देखाउने र यस्तै अवस्था आयो भने के गर्ने वा गर्छौं भनेर विद्यार्थी बिच छलफल गराउने ।<br>• चित्र, श्रव्यदृश्य सामग्री वा कथाको माध्यमबाट ती घटनाबाट सुरक्षित रहने उपाय भन्ने ।<br>• चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट पालैपालो विभिन्न विपतको चिनारी गराउने ।<br>• ती विपद् हुन नदिनका लागि वा सम्भाव्य क्षति कम गर्नका लागि गर्नुपर्ने पूर्वतयारी बारे छलफल गराउने ।<br>• शिक्षकले कथाको माध्यमबाट कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने विपतबाट बच्नका लागि कृत्रिम अभ्यास गराउने ।<br>• पालिकाभित्र वितमा घटेका विभिन्न प्रकोप तथा विपदका घटनाहरुको बारेमा छलफल र वर्णन गर्ने । | • विभिन्न प्रकोप बारे चित्र वा पोस्टरहरु<br>• विपतबाट जोगिने उपायहरु बारे वर्णन गरिएका फोटाहरु ।<br>• विपतबाट जोगिनका लागि कृत्रिम अभ्यासका लागि आवश्यक सामग्रीहरु जस्तैः कपडा, झोला, टर्च आदि । | • प्रकोपको चित्र र नामको जोडा मिलाउन लगाउने ।<br>• बिचको माध्यमबाट जोखिम पहिचान गराई ती जोखिमबाट बच्ने उपाय भन्न लगाएर ।<br>• कृत्रिम घटना अभ्यास गराई रुजुसूची भरेर ।<br>• विगतमा पालिकाभित्र भएका विपतका घटनाको बारेमा बताउन लगाउँने ।<br>• हाम्रो वरपर हुने विपतको सूची बनाई प्राकृतिक र मानव सिर्जित विपत छुट्याउन लगाउने ।<br>• विद्यालयमा हुने विभिन्न जोखिमबाट बच्ने उपायको तालिका बनाउन लगाएर ।<br>• भुकम्पबाट बच्ने उपायहरु भन्न लगाएर ।<br>• महामारीबाट बच्ने विभिन्न उपाय भन्न लगाएर । | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | उपाय ।<br>• कृत्रिम घटना अभ्यास । | | | | |
| ८ | व्यक्ति, संस्था, सहकारी | • विद्यार्थी बसोबास गर्ने गाउँ र वडामा रहेका समाजसेबी व्यक्तिहरुको नाम भन्न, लेख्न ।<br>• विद्यार्थी बसोबास गर्ने वडामा रहेका सामुदायिक संस्थाहरुको सूची बनाउन । | • विद्यार्थी बसोबास गर्ने क्षेत्रभित्र रहेका समाजसेवीहरु<br>• वडामा रहेका सामुदायिक संस्थाहरु र संस्थाका पदाधिकारीहरु । | • विद्यार्थीको परिवार र साथीहरुको घरपरिवारका बारेमा छलफल गर्ने प्रश्न सोध्ने ।<br>• वन समुह, आमा समुह, युवा क्लब, गाउँघरमा भए नभएको एकिने गर्ने र छलफल विद्यार्थीहरु बिच गराउने ।<br>• समाजका प्रेरणादायी व्यक्तिहरुको बारेमा पहिचान गर्न लगाउने ।<br>• सेवा दिन विभिन्न समुह वा संस्थाहरुको नामको सूची बनाउँन लगाउने ।<br>• गाउँघरमा देखेका वा भेटेका सुनेका समुहहरुको बारेमा सामुहिक छलफल गर्न लगाउने ।<br>• समाजसेवीहरुलाई आमन्त्रण गरी विद्यालयमा सम्भव भएमा कक्षाहरु लिन लगाउँने र असर व्यक्तिहरुसँग छलफल कुराकानी गर्ने । | • समाजसेवीहरुको नाम सहितको विवरण ।<br>• अगुवा गर्ने व्यक्तिहरुको फोटो र चित्र ।<br>• सामुदायिक सेवा प्रदान गरिरहेका पोस्टरहरु<br>• विद्यालयको विवरण लेखेको कार्डहरु ।<br>• मार्कर, सेतोपाटी आदि । | • पालिकाभित्र रहेका समाजका लागि काम गरेका वा गर्ने व्यक्तिहरुको पहिचान गर्न लगाउँने ।<br>• गाउँघरमा भएका संस्थाले दिने सेवाहरु बारे प्रश्नोत्तर गर्ने गराउने ।<br>• विद्यालय स्वास्थ्य संस्था, वडा कार्यालयहरु, सामुदायिक संस्था भित्र पर्दछन् कि पर्दैनन् सो बारे भन्न लगाउँने । | ८ |
| ९ | समानता, समावेशीता र सामाजिक न्याय | • सबै जाति तथा समुदाय समान हो र कुनै कुरामा भेदभाव छुवाछुत गर्नु हुँदैन भन्ने बताउन र समानताको व्यवहार गर्न ।<br>• परिवार र समुदायमा भएका फरक क्षमताका व्यक्तिलाई आवश्यक सहयोग, सम्मान र तिनीहरुप्रति राम्रो बोली, व्यवहार र सहयोग र सम्मान । | • गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रको सामाजिक अवस्था जस्तैः विभिन्न जाति जनजातिहरु मिलेर बसेको विविधता बिचको एकता आदिको परिचय ।<br>• सहयोग, मेलमिलाप र समानताको अवधारणा ।<br>• फरक क्षमता भएका व्यक्तिको पहिचान, प्रकार, फरक क्षमता भएका व्यक्तिहरुलाई सहयोग, सम्मान सहायता ।<br>• फरक क्षमता भएका | • गाउँपालिका क्षेत्रभित्र कुनकुन जाति, जनजाति र समुदायका मानिसहरु बसोबास गर्छन्, आफ्नो छिमेकी कुन थर को छ भनी छलफल चलाउने ।<br>• छिमेकीहरुसँग कसरी बस्नु राम्रो हो र कसरी बस्नु नराम्रो हो भन्न लगाउने ।<br>• साथीहरुसँग झगडा गर्नु, नराम्रो भन्नु, गाली गर्नु, राम्रो कि मिलेर बस्नु, एकअर्कालाई सहयोग गर्नु, राम्रो बोली व्यवहार गर्नु, ठीक हो कि होइन भनेर छलफल गर्ने ।<br>• कमिला र माहुरीको कथा सुनाएर, देखाएर, सहयोग, मेलमिलाप र समानताको अर्थ बुझाउने ।<br>• कमिला र माहुरी जस्तैः एकआपसमा मिलेर बस्ने, एकआपसमा मिलेर सहयोग गर्ने र समान व्यवहार गर्ने भनी बुझाउने र त्यसो गर्न प्रोत्साहित गर्ने ।<br>• समानता सम्बन्धी बाल भिडियो वा कार्टुन देखाएर समान व्यवहारको ज्ञान सिकाउने र सो बारे बताउन लगाउँने ।<br>• फरक क्षमता भएका र विरामी वृद्ध आदि जोकोही देखेमा भेटेका छौ कि छैनौं भनेर बालबालिकाहरुलाई सोध्ने र त्यस्ता व्यक्तिलाई दैनिक जीवजयापनमा के कस्ता कठिनाई हुन्छ होला र कसले सहयोग गर्छ होला भनेर सोध्ने । जस्तैः खुट्टा नभएको मान्छे कसरी हिड्छ होला, दृष्टिविहिन भएको बच्चाहरु कसरी पढ्छ होला आदि भनेर कौतुहलता जगाउँने । | • सेतोपाटी मार्कर ।<br>• समानता सम्बन्धी बाल भिडियो वा कार्टुन<br>• फरक क्षमता भएका व्यक्ति र यसको प्रकार ।<br>• फरक क्षमता भएका व्यक्तिलाई गरिने शब्द सम्बोधन बारे जानकारी ।<br>• फरक क्षमता भएका व्यक्तिहरुको चित्र, पम्प्लेट वा भिडियो ।<br>• फरक क्षमता भएका व्यक्तिहरुको परिचय पत्रको नमूना जस्तैः रातो, निलो, पहिले, सेतो ।<br>• फरक क्षमता भएका व्यक्तिहरुले प्रयोग गर्ने | • बालबालिकाहरु बिच आपसी सम्मान, सद्भाव र समानताको बोली व्यवहार अभ्यास भएको छ वा छैन अवलोकन गर्ने ।<br>• एक अर्कामा मिलेर बस्ने, खेल्ने, हिड्ने गतिविधि विद्यार्थीहरुमा भए नभएको अवलोकन गरी मूल्याङ्कन गर्ने ।<br>• फरक क्षमता भएका व्यक्तिको कुनै ३ वटा प्रकार भन्न र चिन्न लगाउँने ।<br>• फरक क्षमता भएका र असक्त व्यक्तिहरुलाई किन सहयोग माया, सम्मान गर्नुपर्दछ भनी सोध्ने ।<br>• फरक क्षमता हुनुका कारणहरु के होला भनेर भन्न लगाउँने । | ७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | व्यक्तिलाई विद्यार्थीहरुले गर्न सक्ने सहयोग, सम्मानजनक बोली, व्यवहार। | • फरक क्षमता भएका व्यक्तिहरुका बारेमा छलफल गराउने र फरक क्षमता हुनाका कारणहरु केके होलान भनेर सोध्ने।<br>• विद्यार्थीहरुलाई आँखा चिम्लेर हिड्न लगाउने, पढ्न वा लेख्न लगाउने, त्यस्तै एक खुट्टाले हिड्न लगाउने यसरी आँखा चिम्लेर र एक खुट्टाले काम गर्दा कस्तो अनुभव भयो भनेर छलफल गर्न लगाउने।<br>• फरक क्षमता भएका व्यक्तिहरु आसपासमा भएमा बोलाएर उनीहरुको अनुभवका बारेमा छलफल र सम्वाद गराउने। | सामग्रीहरु। | • विद्यालयमा विद्यार्थीहरुको बोली व्यवहार र क्रियाकलापहरुको अवलोकन गरेर मूल्याङ्कन गर्ने। | |
| १० | सामाजिक मूल्य मान्यता एवं सदाचार र नैतिकता | • आफूभन्दा ठूलालाई सम्मान गर्न, साइनो लगाएर बोल्ने र आफू सरह र सानालाई माया गर्ने बानी व्यवहार प्रस्तुत गर्न।<br>• असर बोली व्यवहार र बानी व्यबहार प्रस्तुत गर्न। जस्तैः सभ्य शब्द साथीहरुसँग मिलनसार हुने, सहयोग गर्ने, मिलेर बस्ने, खेल्ने, रमाइलो गर्ने आदि।<br>• आफ्नो समाज, जाति, समुदायको असर भाषा, असर मूल्यमान्यता, संस्कार, संस्कृति, अनुसारको पाहुना, आफन्त र मान्यजनलाई अभिवादन गर्न, साइनो लगाएर बोल्न र सत्कार गर्ने। | • घरमा आउने पाहुनाहरु आफू वा आफ्नो परिवारको सदस्य पाहुना भएर जाने आफन्हरु।<br>• आफ्नो परिवार, आफन्त, छरछिमेकका विभिन्न व्यक्तिसँगको नाता वा साइनो।<br>• अपरिचित व्यक्तिहरुलाई सरल, सभ्य र सही तरिकाले बोलाउने, नाता लगाउँने।<br>• साथीहरु बिच सहयोग, मेलमिलाप, मिलेर पढ्ने, खेल्ने, नाच्ने, गीत गाउँने सिप तथा बानी। | • विद्यार्थीहरुलाई कसको घरपरिवारमा कोको हुनुन्छ। छरछिमेकमा, मामाघरमा को को हुनुहुन्छ भनी सोध्ने, सेतोपाटीमा बोलाउने, साइनोको सूची तयार गर्ने र साइनो अनुसार कसलाई कसरी अभिवादन गर्ने हो सोधेर अभिवादन गर्ने, शब्दहरुको सूची बनाउने र छलफल गर्दै अभिवादन कसरी गर्ने भन्दै अभ्यास गराउँदै सिकाउने।<br>• अभिवादन, स्वागत, विदाइ गर्ने शब्दहरु नेपाली र अंग्रेजी दुबै भाषामा लेखी विद्यार्थीलाई भन्दै अभ्यास गराउन, लेख्न लगाउँने ती शब्दहरुलाई आ-आफ्नो मातृभाषामा के भन्छ भनेर लेखेर ल्याउन गृहकार्य दिने।<br>• पाहुना घरमा आउँदा के भनेर स्वागत तथा विदाइ गर्ने भनी उपयुक्त शब्द, शब्दावली भन्न र अभ्यास गर्न सिकाउने।<br>• आफ्नो परिवार, समुदाय अनुसार अभिवादन, स्वागत वा विदाइ गर्ने फरक मातृभाषी शब्द तरिका भए विद्यार्थीलाई अभिभावकसँग सोधेर, लेखेर ल्याउने र शब्दोच्चारण सँगै प्रदर्शन गर्न लगाउँने।<br>• अभिवादन, स्वागत, बिदाइ र अतिथि सत्कार सम्बन्धी फोटो वा चित्र वा भिडियोहरु देखाई छलफल गराउने र चिनाउने। सही वा गलत छुट्टाउन सिकाउने।<br>• दैनिक जीवनमा विद्यालय, घर, बजार, सडक, बाटो, सार्वजनिक स्थलमा गर्नुपर्ने ठीक कामकुराहरु जस्तैः आदत बानी बारे विभिन्न चित्रः फोटोहरु देखाएर यो के गरेको हो भनेर सोध्ने। यसो गर्नु ठीक हो वा गलत भनेर विद्यार्थीहरुलाई सोध्ने, कापीमा लेखिदिने र ठीक वा बेठीक के हो चिन्ह लेख्न लगाउँने, सिकाउने।<br>• राम्रो आनीबानी गर्न विद्यार्थी र सिकाउन अभिभावकहरुलाई पनि प्रोत्साहित गर्ने।<br>• साथीहरुसँगै मिलेर पढ्न, बस्न, नाच्न, खेल्न, गीत गाउन लगाउँने।<br>• साथीहरुलाई सभ्य तरिकाले नाम भनेर बोलाउन सिकाउने र माथिल्लो कक्षाकालाई | • शब्द कार्डहरु<br>• स्वागत, अभिवादन विदाइ र अतिथि सत्कारका चित्रहरु फोटोहरु र शब्दहरु<br>• सेतोपाटी, मार्कर<br>• राम्रो नराम्रो बानी सम्बन्धी चित्र वा फोटोहरु।<br>• शब्द मेटा कार्ड वा सोको लागि प्रयोग गर्न सकिने पेपर।<br>• पर्यटकहरुको फोटोहरु। | • अभिवादन, स्वागत, बिदाइ र अतिथि सत्कारका शब्दहरु भन्न र सही तरिकाले यी काम गर्न जान्दछन् कि जान्दैनन् भनी सोध्ने र प्रदर्शन गर्न लगाई अवलोकन गर्ने।<br>• अभिवादन, स्वागत, विदाइ र अतिथि सत्कार सम्बन्धी फोटो चित्र वा भिडियोहरु चिन्न वा छुट्ट्याउन सक्छ कि सक्दैन जाँच्ने।<br>• विद्यालयमा विद्यार्थीको क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने।<br>• विद्यालय, घर, बजार, सडक, बाटो बजार आदिमा गर्नुपर्ने सही र गलत आनीबानी ठीक बेठीक के हो भनेर छुट्ट्याउन लगाउँने।<br>• विद्यार्थीले घरपरिवार, विद्यालय, साथीसङ्गी, सार्वजनिक ठाउँमा गर्ने बानी व्यवहारको नियमित अवलोकन गरी मूल्याङ्कन गर्ने।<br>• मामाघर, काकाघर र अन्य आफन्तको घर र विभिन्न | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | दाइदिदी भनेर बोलाउन र आफूभन्दा सानालाई सभ्य तरिकाले नाम वा भाइबहिनी भनेर बोलाउन सिकाउने र अवलोकन गरी आवश्यकता अनुसार सम्झाउने, प्रोत्साहित गर्ने गराउने ।<br>● साथीहरुलाई सहयोग गर्न मिलेर पढ्न, खेल्न, नाच्न, गीत गाउन लगाउँने ।<br>● तपाइँहरु कसको आफन्तकोमा पाहुना भएर जानुहुन्छ भनी पालैपालो सोध्ने र सेतो पाटीमा सूची बनाएर टिप्ने ।<br>● पाहुना भएर जाने घरमा को को हुनुहुन्छ, उनीहरुलाई के के भनेर बोलाउने गर्नु हुन्छ भनी साइनो पहिचान गर्ने ।<br>● तपाइँको घरमा को को पाहुना आउनु हुन्छ. पाहुना आउँदा तपाई आमा बुबा. हजुरबा. हजुरआमा. काका. दिदी. दाजु र अरुले के कसरी स्वागत सत्कार गर्नुहुन्छ भनी सोध्ने र सूची बनाएर अभिवादन शब्दहरु लेखी भन्न र अभ्यास गर्न लगाउँने ।<br>● शिक्षकले आफू सानो हुँदा मामाघर वा कोही आफन्तको घरमा गएको वा आफ्नो घरमा कोही पाहुना आउँदाको अनुभवलाई बाल कथा बनाएर सुनाउने ।<br>● साइनो अनुसार के भनेर बोलाउने, कहिले, कसरी अभिवादन गर्नुहुन्छ भनी सोध्ने र प्रदर्शन गर्न लगाउँने ।<br>● अपरिचित व्यक्तिलाई बोलाउने र उनीहरुसँग बोल्ने सरल, सभ्य र सही तरिकाले केही वाक्य लेखेको चार्ट देखाउने र सोको बोल्ने अभ्यास गराउने । | | साइनोको सूची बनाई जोडा मिलाउँने वा भन्न लगाउँने ।<br>● घरमा को को पाहुना आउनु हुन्छ र के कसरी स्वागत सत्कार गर्ने भनी सान्दर्भिक शब्दहरुको सूची बनाई जोडा मिलाउन दिने । | |
| ११ | खेलुकुद, कला, साहित्य र शारीरिक व्यायाम एवं योग शिक्षा | ● गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा प्रचलित स्थानीय खेलकुदहरु मध्ये ४ वटाको नाम बताउन र कम्तिमा ३ वटा खेल खेल्न ।<br>● गाउँपालिका भित्र बसोबास गर्ने क्षेत्रमा प्रचलित लोकगीत र लोकनृत्यहरु मध्ये ५।५ वटाको नाम बताउन र कम्तिमा ३।३ वटा लोकगीत गाउन र लोकनृत्य | ● पालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा प्रचलित स्थानीय खेलकुदहरु जस्तैः कपर्दी, डण्डीवियो, भाले जुधाइ, भकुण्डो, डोरी नाध्ने ।<br>● खेल विधिहरु वा तरिका ।<br>● पालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा प्रचलित लोकगीतहरु जस्तैः ठाडोभाका, | ● तपाईंलाई कुन कुन खेल खेल्न आउँछ भनेर सोध्ने र गाउँपालिकामा पहिले देखि प्रचलनमा रहेका विभिन्न किसिमका खेलहरुको बारेमा जानकारी गराउने ।<br>● विद्यार्थीको शारीरिक अवस्था, खेलमैदान वा कक्षाकोठा, विद्यार्थी सङख्या र आवश्यक खेल सामग्री उपलब्धतालाई मध्यनजर गरेर समुहमा खेल्ने खेलहरु खेलाउने । खेल खेलाउँदा फरक क्षमता भएका बालबालिकाहरुलाई पनि समावेश गर्न सकिने खेलहरु खेलाउने र उनीहरुलाई पनि सक्ने भूमिका गर्न लगाउने ।<br>● गाउँपालिकामा प्रचलित लोकगीतहरु जस्तैः ठाडोभाकाः दोहोरी गीतः देउसी भैलो गीत आदि मध्ये केही मुख्य मुख्य लोकगीतका नाम लेखाइदिने र डाउनलोड गरी सुनाइदिने ।<br>● सजिलै गाउन सक्ने गीत छनौट गरी भाका मिलाएर गाउँन सिकाउँने ।<br>● यस्तो गीत गाउन जान्ने स्थानीय बासीलाई बोलाएर सुनाउन र सिकाउन लगाउँने ।<br>● बालबालिका नाच्न सक्ने, लोकनृत्यमा नाच्न, अभ्यास गराउने र आफैलाई गर्न लगाउँने | ● खेल अनुसार खेल सामग्रीहरु<br>● खेल मैदान वा कक्षा र सोको तयारी<br>● प्राथमिक उपचार सामग्री बाकस ।<br>● खेलका नियम लेख्ने र नतिजा लेख्ने सेतोपाटी ।<br>● स्थानीय लोकगीतको सूची ।<br>● सही भाका, लय र | ● कम्तिमा ४ वटा स्थानीय खेलहरुको नाम भन्न लगाउँने ।<br>● कम्तिमा २ वटा स्थानीय खेल खेल्न जान्ने ।<br>● खेलहरु खेल्दा विद्यार्थीहरुको सहभागिता अवलोकन गर्ने ।<br>● विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापमा विद्यार्थीहरुको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने ।<br>● स्थानीय लोकगीत संयुक्त वा | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | प्रदर्शन गर्न ।<br>● योग के हो भन्ने कुरा बताउन ।<br>● योगका फाइदाहरु बताउन । | दोहोरी, तीज, देसीभैलो, रत्यौली, भजन गीत आदि ।<br>● लोकनृत्य, नाँच र लोक नृत्य गर्ने तरिका ।<br>● योगको परिचय ।<br>● योगका फाइदाहरु | ।<br>● उनीहरुले गाएको, नाचेको मोवाइलमा भिडियो रेकर्ड गरी उनीहरुलाई नै देखाइदिने ।<br>● योग भनेको स्वस्थ, निरोगी, दिर्घजीवी कसरी हुने भन्ने सबभन्दा सरल प्राकृतिक उपाय हो भन्ने कुरा छलफल गराई बालबालिकाहरुलाई जानकारी गराउने ।<br>● योगको अर्थ शिक्षकले बोर्डमा बोल्दै लेख्दै गर्ने । पटक पटक बालबालिकाहरुलाई उच्चारण गर्न लगाउने ।<br>● शिक्षकले बालबालिकाहरुलाई घरका सदस्यहरुमा शारीरिक समस्याहरु के के छन्? छलफल गराउने । छद्यफद्यका क्रममा बालबालिकाले बताएका समस्याहरु जस्तै बि. पि. बढ्नु, टाउको दुख्नु, तौल धेरै हुनु, तनाव हुनु, मुखमा चमकता नआउन आदि देखिएका समस्याहरु योगले समाधान गर्न सहयोग गर्दछ भन्ने कुरा बालबालिकाहरुलाई बताउने । रोग अनुसार योग पनि फरक फरक हुन्छन् भन्ने कुरा प्रश्नोत्तरकै माध्यमबाट बालबालिकाहरुलाई बताउने । केही योगका फाइदाहरु बोर्डमा लेखी बारम्बार उच्चारण गर्न लगाउने । तनाव कम गर्न, बि.पि.लाई ठिक ठाउँमा राख्न, पाचनक्रियालाई सन्तुलित राख्न, तौल कम गर्न आदि । | शब्दहरु<br>● अडियो भिजुअल रेकर्डर<br>● साउण्ड स्पिकर, मल्टिमिडिया प्रोजेक्टर र डिस्प्ले सिस्टम ।<br>● सेतोपाटी, चार्ट पेपर ।<br>● योगको परिभाषा र फाइदा लेखिएको पोष्टरहरु । | सामुहिक रुपमा गाउन लगाउँने ।<br>● स्थानीय लोकनृत्य संयुक्त वा सामुहिक रुपमा नाच्न र प्रदर्शन गर्न लगाउँने ।<br>● विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापमा विद्यार्थीको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने ।<br>● योग भनेको के हो ?<br>● योगबाट हुने फाइदाहरु के के हुन सक्दछन् ? | |
| १२ | वातावरण संरक्षण एवं फोहोरमैला व्यवस्थापन र हरित विद्यालय | ● वातावरण संरक्षण फोहोरमैला व्यवस्थापन र हरित विद्यालयको बारेमा परिचय दिन ।<br>● फोहोरमैलाको परिचय र प्रकार | ●वृक्षारोपण र बोटबिरुवाको संरक्षण । जस्तैः घर तथा विद्यालयमा गरिने वृक्षारोपणमा सहयोग ।<br>●घर तथा विद्यालयमा भएका बोटबिरुवाको संरक्षणमा सहयोग ।<br>●फूलवारी तथा बोटबिरुवाको हेरचाह<br>●हाम्रो वरपरको वातावरण र सरसफाइ, फोहोरमैला व्यवस्थापन । जस्तैः व्यक्तिगत, घर, आँगन, विद्यालय वरिपरिको | ●घरको बगैचा वा खेतवारीको छेउछाउमा वृक्षारोपण गर्ने सम्बन्धमा विद्यार्थीहरुलाई सोध्ने र खाली ठाउँमा वृक्षारोपण गर्नुपर्ने कुरा भन्ने ।<br>●घरमा वृक्षारोपण गर्ने कार्यमा सहयोग गर्ने कुरा भन्ने र अनुभव सुनाउन लगाउने ।<br>●विद्यालयको खाली ठाउँमा वृक्षारोपण कार्यमा सहभागी गराउने ।<br>●घर तथा विद्यालयमा भएका बोटविरुवाको संरक्षण गर्नुपर्ने कुरा भन्ने र संरक्षण तथा हेरचाह गर्ने कार्यमा सहभागी गराउने ।<br>●कक्षाकोठामा विद्यार्थीहरुलाई अभिन लगाउने र व्यक्तिगत सरसफाइ गरे नगरेको अवलोकन गर्ने ।<br>●विद्यार्थीहरु मध्ये व्यक्तिगत सरसफाइ राम्रो गरेका विद्यार्थीहरुलाई कक्षाकोठाको अगाडि बोलाइ उनले व्यक्तिगत सरसफाइ गर्दा अवलम्बन गरेका तरिकाहरु सुनाउन लगाउने ।<br>●व्यक्तिगत सरसफाइ अन्तर्गत गरिने कार्यहरुको बारेमा जानकारी गराउने । जस्तैः नुहाँउने, कपाल कोर्ने, कपडा सफा गर्ने आदि ।<br>●व्यक्तिगत सरसफाइ अन्तर्गत गर्न सकिने केही कार्यको प्रदर्शन गर्ने ।<br>●स्वस्थताका लागि घर, आँगन, विद्यालय वरिपरिको वातावरण सफा राख्नुपर्ने कारण भन्ने | ● हरियाली र नाङ्गा डाँडापाँखा भएको पोस्टरहरु<br>● सरसफाइका सामग्रीहरु जस्तैः साबुन, टावेल, नङकट, पानी, जग, बाल्टी आदि ।<br>● सफा र फोहोरयुक्त चित्रहरु भएको पोस्टर<br>● वृक्षारोपण गर्दै गरेको चित्रहरु, पोस्टरहरु<br>● बिरुवाहरुमा पानी हाल्दै गरेको चित्रात्मक पोस्टर । | ● घरमा भएका विरुवाको नाम भन्न लगाएर ।<br>● विद्यालयको बगैचा तथा विद्यालय वरपर भएका बिरुवाको नाम पहिचान गर्न लगाएर ।<br>● आफ्नो घर वरपर भएका बिरुवाको नाम भन्न लगाएर ।<br>● वृक्षारोपणको अनुभव भन्न लगएर ।<br>● विद्यालयमा बिरुवाको संरक्षण तथा हेरचाहमा सहभागी भए नभएको अवलोकन गरेर ।<br>● व्यक्तिगत सरसफाइ गरे नगरेको अवलोकन गरेर<br>● घर तथा विद्यालय वरपरको | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | वातावरण सरसफाइ।<br>•फोहोरमैलाको पहिचान र स्थानीय स्तरमा पारेको असर।<br>•वातावरण प्रदुषणको असर।<br>•फोहोमैलाको वर्गीकरण जस्तैः ठोस, तरल र ग्याँस यसको व्यवस्थापनमा सहयोग। | र छलफल गर्ने।<br>•विद्यालयको, कक्षाकोठा, कक्षाकोठा बाहिर, खेलमैदान, शौचालय, धारा वरपरको सरसफाइमा सहभागी गराउने र सरसफाइ पश्चात साबुन पानीले हात धुने कार्य गर्ने गराउने।<br>•घर, कक्षाकोठा, कक्षाकोठा बाहिर हुने फोहोरमैलाको चित्रद्वारा पहिचान गराउने।<br>•कक्षाकोठा भित्र तथा कक्षाकोठा बाहिरका फोहोरमैलाको अवलोकन गराई फोहोरमैलाको पहिचान गर्न लगाउने।<br>•घर, विद्यालय, अस्पताल, कारखानाबाट निस्कने फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर जस्तैः स्वास्थ्यऽ वातावरणऽ कृषि आदि सम्बन्धमा श्रव्यदृश्य सामग्री अवलोकनऽ चित्र आदिको माध्यमबाट छलफल गराउने।<br>•घरऽ परिवारऽ विद्यालयऽ अस्पतालऽ कारखानाऽ विकास निर्माणऽ प्रकोप आदिबाट हुने फोहोरलाई वर्गीकरण गर्न लगाउने र ती फोहोरलाई सामान्यतया ठोस (कुहिने र नकुहिने) तरल र ग्याँस वा हावा गरी तीन समुहमा वर्गीकरण गर्न सकिने कुरा भन्ने।।<br>•विभिन्न माध्यमबाट उत्पन्न हुने फोहोरलाई उचित तरिकाले विसर्जन गर्न, मल बनाउने, प्रशोधन गर्ने कार्य गर्नुपर्ने कुरा भन्न र व्यवस्थापनमा सहभागी गराउने। | | वातावरण सफा राख्ने कार्यमा सहभागी भए नभएको अवलोकन गरेर।<br>• फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर भन्न लगाएर।<br>• स्थानीय स्तरमा वातावरणीय प्रदुषणको अवस्था भन्न लगाएर।<br>• फोहोरमैलाको वर्गीकरण गर्न सके नसकेको भन्न लगाएर।<br>• फोहोरमैलाको उचित तरिकाले विसर्जन व्यवस्थापन गरे नगरेको अवलोकन गरेर।<br>• घर, विद्यालय वरिपरि हुने फोहोरमैलाको पहिचान गर्न सके नसकेको अवलोकन तथा प्रश्नत्तर गरेर। | |
| १३ | सामाजिक रुपान्तरण, लोकतन्त्र र सङ्घीयता | • मुड्केचुला गाउँपालिका घोषणा भएको साल, जम्मा वडाहरुको सङ्ख्या र साविक गा.वि.स. सङ्ख्या बताउन। | •मुड्केचुला गाउँपालिका घोषणा भएको मिति, जम्मा वडाहरुको सङ्ख्या र साविक गा.वि.स. सङ्ख्या र नामावली। | •हामी कुन गाउँपालिकामा बस्छौँ भनी सोध्ने । पछि हामी बसेको गा.पा.को नाम "मुड्केचुला" हो भनी सेतोपाटीमा लेखिदिने र कापीमा सार्न लगाउँने।<br>•मुड्केचुला गा. पा. घोषणा भएको साल, महिना र गते लिखिदिने।<br>• मुड्केचुला गा.पा. साविकको कतिवटा गा. वि. स.हरु मिलेर बनेको हो भनी ती गा.वि.स. हरुको सङ्ख्या सेतोपाटीमा लेखिदिने र विद्यार्थीलाई कापीमा सार्न लगाउँने। दोहोर्याएर सोध्ने।<br>•साविक गा.वि.स. हरुको नाम भएको मुड्केचुला गा. पा. को नक्सा प्रदर्शन गर्दै गाउँपालिकाको बारेमा प्रस्तुतीकरण गर्न लगाउँने।<br>•पालिकाको पदाधिकारीहरुको नामवली वताइदिने। | • मुड्केचुला गा.पा. घोषणा भएको साल र साविक गा. वि. स. हरू र हालको गा. पा. को सिमाना छुट्टिएको नक्सा, चार्ट पेपर वा न्यूज पेपर, मार्कर। | • मुड्केचुला गा. पा. घोषणा कति साल कुन महिना र कति गते भयो ? भनी सोध्ने र पालिकामा जम्मा कति वटा वडाहरु छन् भनी सोध्ने।<br>• कति वटा गा. वि. स. हरु मिलाएर मुड्केचुला गाउँपालिका बनाइएको हो भनी विभिन्न सङ्ख्या मध्ये सही सङ्ख्यामा गोलोघेरा गर्न लगाउँने।<br>• पालिकाको जनप्रतिनिधिहरुको नाम भन्न लगाउँने। | ५ |

## कक्षा–४

| क्र. सं. | विषय क्षेत्र/थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य शिक्षण सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया वा विधि | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| १ | हाम्रो गाउँपालिकाको परिचय | ● आफू बसिरहेको गाउँठाउँ, गाउँपालिका र वडा र जिल्लाको नाम बताउन ।<br>● गाउँपालिकाको वडागत सिमाना । | ● विद्यार्थीले आफू बसोबास गर्ने गाउँ, टोलको नाम, वडा नम्बर, गाउँपालिका र जिल्ला, प्रदेशको नाम, आफू अध्ययन गर्ने विद्यालयको नाम र ठेगाना ।<br>● गाउँपालिकाको वडागत सिमाना ।<br>● वडा समितिको गठन प्रक्रिया ।<br>● वडा समितिको कामहरु मध्ये जन्म, विवाह र मृत्यु दर्ता ।<br>● वडाबाट प्रवाह हुने सेवाहरु,<br>● विकासका पूर्वाधारहरु जस्तैः शिक्षा, स्वास्थ्य, खानेपानी, बिजुली, यातायात, सञ्चारको महत्व उल्लेख गर्न ।<br>● १०वाक्यमा गाउँपालिकाको बारेमा बताउन ।<br>● स्थानीय सरकारः जस्तैः कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका ।<br>● स्थानीय विकासका समस्या र चुनौतीहरु | ●कक्षामा कर्णाली प्रदेशको नक्शा देखाउँदै प्रदर्शन विधिबाट मुड्केचुला गाउँपालिकाको सङ्केत गर्न लगाउने ।<br>● नक्शाको सहायताले चार किल्लाको सीमा देखाई गाउँपालिकाको भौगोलिक अवस्थितिको परिचय दिने ।<br>● सबै विद्यार्थीलाई पालैपालो हजुर कहाँ बस्नुहुन्छ ? भनेर पालैपालो सोध्ने र आएको उत्तरलाई सेतोपाटीमा टिप्दै जाने ।<br>●मुड्केचुला गाउँपालिकाको ९ वडाहरु छुट्याएको नक्शा देखाई उनीहरुको घर र विद्यालय भएको वडा देखाउने ।<br>● आफू बस्दै आएको पालिकाको नाम मुड्केचुला गाउँपालिका हो भनि भन्न चिन्न र लेख्न लगाउँने ।<br>● विद्यालय वरपरको ठाउँहरु घुमाउन लाने (अध्ययन भ्रमण) र त्यसको बारेमा बताइदिन र कस्तो लाग्यो, त्यहाँ केके देख्नुभयो, हजुरको घर, टोल, गाउँमा छ कि छैन् भनेर सोध्ने, छलफल गर्ने ।<br>●भ्रमण गरेको ठाउँको चित्र बनाएर दिने र त्यसमा नाम लेख्न र भर्न लगाउँने ।<br>● पालिकाको विभिन्न ठाउँको भिडियो क्लिप, फोटो आदि देखाई छलफल गर्ने ।<br>● विद्यार्थीको घर रहेको वडा नम्बरमा विद्यार्थीको घरको चित्र बनाएर रङ भर्ने र गा. पा. र आफ्नो गाउँको नाम लेख्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउँने ।<br>● गाउँपालिकाको विभिन्न ठाउँको भिडियो क्लिप्स, फोटो आदि देखाई छलफल गर्ने ।<br>●जाडो मौसममा के कस्ता रोगहरुले सताउँछ भनी सूची बनाउन लगाउने ।<br>●गर्मी मौसममा के कस्ता रोगहरु लाग्छन् भनी छलफल, प्रश्नोत्तर गरी | ● सिमाना तथा वडा छुट्टिएको पालिकाको नक्सा<br>● पालिकाको विभिन्न स्थानको भिडियो क्लिप, मोवाइल फोटो<br>●हातले बनाएको वडा छुट्टिने गा.पा.को नक्सा<br>●घर, गाउँको सङ्केत जनाउने रङ्गीन कागजको टुक्राहरु<br>●गाउँपालिकाको क्यालेण्डर,<br>● पालिका र वडा कार्यालयको नक्शा र सेवा प्रवाह सम्बन्धी पोस्टर | ● नेपालको नक्शा हेरेर कर्णाली प्रदेश र गाउँपालिका कहाँ पर्छ चिनो वा सङ्केत गर्न लागाएर ।<br>●गाउँपालिकाको चार दिशामा अवस्थिति स्थानीय तहहरु भन्न लगाएर ।<br>● गाउँपालिकाको आकार, प्रकार, वर्णन गर्न लगाएर ।<br>● गाउँपालिकाको भूबनोट वर्णन गर्न लगाएर ।<br>● मोवाइल फोटो वा हातले तयार गरेको चित्र देखाई हजुर कुन गाउँपालिकाको कुन वडामा बस्नुहुन्छ भनी सोध्ने ।<br>●विद्यार्थीको गाउँ गा. पा. र वडा नम्बर सोध्ने र लेख्न लगाउँने ।<br>●पालिकाको नक्सा आफू बसेको वडा नम्बर देखाउन लगाउँने ।<br>●आफ्नो गाउँ, विद्यालयको चित्र बनाई लेख्न र रङग भर्न लगाउँने ।<br>● स्थानीय सरकारका प्रमुख अङ्ग केके हुन भनी भन्न लगाएर । | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | रोगको सूची बनाउन लगाउने ।<br>● आफ्नो वडाको बारेमा एक अनुच्छेद लेखेर ल्याउन लगाउँने ।<br>●स्थानीय सरकारका तीन प्रमुख अङ्ग सहितको तालिका देखाउँदै कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको सामान्य परिचय दिने<br>●वडाहरुबाट प्रवाह हुने सेवा, बसाइसराइ र अन्य सिफारिस बनाइदिने ।<br>●आफ्नो घर र गाउँ नजिका विकासका पूर्वाधारहरुको नाम भन्न लगाई छलफल गर्ने ।<br>●गाउँपालिका भित्र रहेका नमूना विद्यालयको क्षेत्र भ्रमण गराउने ।<br>● गाउँपालिकाको विकासमा देखा परेको समस्याहरु बारे छलफल र प्रश्नोत्तर गराउने ।<br>● धुम्रपान र मद्यपानले विकासमा पार्ने प्रभाव बारे छलफल र प्रश्नोत्तर गराउने ।<br>● लागु पदार्थको दुर्व्यसनले मानव स्वास्थ्य र विकासमा पार्ने नकारात्मक असर बारे छलफल र प्रश्नोत्तर गराउने ।<br>● लागु पदार्थ ओसारपसारको परिचय, कारण तथा असर बारे छलफल र प्रश्नोत्तर गराउने । | | ●कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको परिचय दिन लगाएर ।<br>● गा. पा.को नक्सा भित्र आफ्नो घर भएको ठाउँको चिनो लगाई रङग भर्न लगाउँने ।<br>● कक्षामा गरिएको क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने ।<br>●वडाबाट कुन कुन सेवा प्रवाह हुन्छ भनी भन्न लगाएर<br>● वडाबाट प्रवाह गर्ने सेवाको सूची बनाउन लगाएर ।<br>● वडा र पालिकामा भएका स्वास्थ्य संस्था र विद्यालयहरुको सूची बनाउन लगाएर ।<br>●गाउँपालिकाको विकासमा देखिएका समस्याको सूची बनाउन लगाएर ।<br>●धुम्रपान, मध्यपानको परिचय दिन लागएर यसले मानवलाई पार्ने असरको सूची बनाउन लगाएर ।<br>● लागु पदार्थको दुर्व्यसनले मानव स्वास्थ्यमा पार्ने नकारात्मक असर भन्न लगाएर ।<br>●लागु पदार्थ ओसारपसारबाट | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | उत्पन्न हुने असर भन्न लगाएर। | |
| २ | स्वास्थ्य र सरसफाइ | ● आफ्नो सामान्य सरसफाइ आफै गर्न र चर्पीको प्रयोग गर्ने बानीको विकास।<br>● दैनिक हातमुख धुन र रुमाल वा सफा कपडाको प्रयोग गरी शरीर सुख्खा र सफा राख्न।<br>● सफा खानेकुरा वा खानेकुरा सफा गरेर खान। | ●दैनिक बिहान उठ्ने वितिक्कै हातमुख धुने र सफा रुमाल वा कपडाले पुछ्ने बानी।<br>●आफ्नो सरसफाइ आफै गर्ने चर्पीको सही प्रयोग गर्ने बानी।<br>●सही तरिकाले हात धुने ६ तरिका<br>फोहोर ढुङ्गामाटो आदि छोएपछि विद्यालयबाट वा बाहिर गएर फर्केपछि र चर्पी प्रयोग गरेपछि साबुन पानीले हात खुट्टा धुने तरिका।<br>●खाना खानुअघि र खाइसकेपछि हात खुने बानी।<br>● सफा खानेकुरा मात्र खाने सफा पानी मात्र पउने।<br>●खानेकुरा छोपेर राख्ने बानी।<br>●फलफूल जस्ता आफैले धोएर खानसक्ने खानेकुराहरु धोएर मात्र खाने बानी।<br>● बासी, सडेगलेका, झिँगा भन्केका, गनाएका, विग्रेका, खानेकुरा नखाने र त्यसको व्यवस्थापन गर्ने सिप। | ● सरसफाइ सम्बन्धी एउटा बालकथा सुनाउने।<br>● व्यक्तिगत सरसफाइ सम्बन्धी पोस्टर चित्र भिडियो देखाएर प्रश्नोत्तर गर्दै छलफल गर्ने।<br>● सरसफाइ नगर्दा पर्नसक्ने स्वास्थ्य असर सम्बन्धी बिचको माध्यमबाट प्रस्ट पार्ने।<br>● साबुन पानीले हात धोएको चित्र वा पोस्टर देखाएर छलफल गर्ने र त्यहीँ देखाए अनुसार शात मुख धुने तरिका बताउँदै अभ्यास गराउने।<br>● हात धोएपछि सफा कपडाले हात मुख पुछन सिकाउने<br>● चप्पल र जुत्ताको प्रयोग कहाँ गर्ने कहाँ नगर्ने भनी विद्यार्थीसँग कुरा गर्ने र कहाँ जुत्ताचप्पल लगाउँदा ठिक हो कहाँ बेठीक हो भनि बताउँने।<br>● अभिभावकहरुलाई समेत यसबारे जानकारी गराई बालबालिकाहरुलाई घरमा पनि बानी लगाउन अनुरोध गर्ने।<br>● सफा र मैलो कपडा सफा र मैलो झोला र अन्य सफा र मैलो वा फोहोर सामानहरु देखाएर कुन सफा र कुन मैलो वा फोहोर हो भनि छुट्टाउन लगाउँने।<br>● सफा र फोहोर वा मैला चित्र सिकाउने र कसरी फोहोर भएको होला, अब के गर्यो भने फोहोर हुँदैन? कसरी, कसले सफा गर्ने होला भनी प्रश्नोत्तर गरेर सफा र फोहोरको अर्थ बुझाउने र सधै सफा रहने बारे बताउने। चित्र वा तस्वीर देखाएर पनि छलफल गर्न सकिन्छ। साबुन पानीले हात खुट्टा र मुख धोएर प्रदर्शन गर्न लगाउँने।<br>● सफा र फोहोर कुराहरु, कपडा आदि कक्षा भित्र र बाहिर भएको कुराहरु अवलोकन गराएर चिनाउने।<br>● सरसफाइ सम्बन्धी चित्र देखाएर कुन राम्रो, कुन नराम्रो, किन र के भए राम्रो हुन्छ भनी प्रश्नत्तोर गर्ने।<br>● बासी, सडेगलेका, झिँगा भन्केका, गनाएका, बिग्रेका खानेकुरा नखाने भनेर बताउने।<br>● सफा र फोहोरा खानेकुराको चित्र वा पोस्टर देखाएर बताउने। | ● साबुन पानीले हात धोएको चित्र वा पोष्टर<br>●सफा पानी, साबुन वा खरानी<br>●हात पुछ्ने तौलिया वा सफा कपडा<br>●स्थानीय सामानले बनेको जुत्ता चप्पल राख्ने र्याक।<br>● विद्यालय परिसरमा फोहोर राख्ने टोकरी वा डोको वा तोकिएको निश्चित एवं व्यवस्थित ठाउँ।<br>●सफा र मैलो कपडा व्याग र अन्य सामानहरु।<br>●सरसफाइ सम्बन्धी विद्यालयले बनाएको नियम।<br>●कपडा धोएको चित्र।<br>●सफा र फोहोर खानेकुराको चित्र वा पोस्टर।<br>●खानेकुरा छोपेर राखेको र नछोपी राख्दा फोहोर झिँगा परेको वास्तविक भान्सा वा पोस्टर वा श्रव्य दृश्य सामग्री। | ● सही तरिकाले साबुन पानीले हात खुट्टा धुन जान्यो वा जानेन अभ्यास गर्न लगाएर हेर्ने।<br>● चर्पीको प्रयोगपछि खाना खानुअघि र खाइसकेपछि सधै हात धुने बानी भयो कि भएन अभिभावकसँग सोध्ने।<br>● सफा र फोहोर कुरा वा चित्र देखाएर छुट्टाउन लगाउँने।<br>● विद्यालयमा विद्यार्थीको व्यक्तिगत र बाहिरी सरसफाइ सम्बन्धी क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने।<br>● घरको भान्साको सरसफाइको बारेमा प्रतिक्रिया बुझ्ने।<br>●विद्यालयमा हुँदा विद्यार्थीले खाने खाजा वा खानेकुरा सफा गर्ने आनीबानीको आधारमा मूल्याङ्कन गर्ने।<br>● पोसाक र सामान्य किसिमको कपडा विद्यार्थी आफैले धुने गरेको छ वा छैन भनी अभिभावकसँग सोध्ने।<br>● विद्यालयको सरसफाइ सम्बन्धी नियमको पालना गरेको विद्यार्थीको क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने। | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | ● हरेक विद्यार्थीहरुले आफूले गर्ने गरेका व्यक्तिगत सरसफाइको बारेमा कक्षामा मौखिक रुपमा प्रस्तीकरण गर्न लगाउँने ।<br>● हप्तामा कम्तिमा एक पटक नुहाउन र कपडा धोएर लगाउँनु पर्ने लगायतको सफाइ सम्बन्धी नियम बनाई सबै बालबालिका र अभिभावकलाई जानकारी गराउने र बारम्बार सम्झाउने ।<br>● फलफूल किन धोएर खानुपर्छ भनी बुझाउन एउटा फलफूलको दाना ल्याएर त्यसमा धुलो फोहोर लागेको देखाउने । त्यस्तो खाएमा पेट दुख्ने, विरामी हुने बारे बताउने । त्यो फललाई धुने तरिका सिकाउने र धोएको फल पुनः विद्यार्थीलाई देखाउने ।<br>● दाल, भात, दुध, जस्ता पकाएका खानेकुराहरु कसरी छोपेर राख्ने, नछोपे कसरी झिँगा र अन्य फोहोर पर्छ भनेर भान्सामा अवलोकन गराएर छलफल गराउने वा आफ्नो भान्साकोठाको अवलोकन गरेर आउन भन्ने र के कुरा राम्रो रहेछ र के के कुरा नराम्रो रहेछ भनी प्रश्नोत्तर गर्ने र सुधारका लागि अभिभावकलाई अनुरोध गर्न भन्ने ।<br>● सफा र फोहोर खानेकुराको चित्र वा पोस्टर देखाएर प्रश्नोत्तर गर्ने र सही र गलत बताउने । | | | |
| ३ | मातृभाषा, संस्कृति र चाडपर्व | ● आफ्नो मातृभाषामा आफ्नो र घरपरिवारको परिचय दिन र घरपरिवारमा बोलिने कम्तिमा १०० शब्दहरु र २० वाक्यहरु भन्न र बुझ्न ।<br>● पालिका क्षेत्रमा रहेका विभिन्न जाति, जनजाति विशेष र सबैको साझा स्थानीय सामाजिक संस्कार र संस्कृतिको बारेमा बताउन र आ-आफ्नो वेशभूषा चिन्न र सोको महत्व बताउन ।<br>● बालबालिकाहरुको विद्यालय | ● गाउँपालिकाको आफू बसोबास गर्ने ठाउँमा विभिन्न जाति, जनजातिहरुको सूची ।<br>● उनीहरुको मातृभाषाको सूची र मातृभाषामा सामान्य परिचय, घरपरिवारको बारे बताउने ।<br>● शरीरका मुख्य अङ्गहरु मातृभाषामा अभिवादन, परिवार भित्र र नजिकको आफन्त साइनो १ देख २० अङ्क गणना । | ● गाउँपालिकाको आफू बसोबास गर्ने ठाउँमा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरुको सूची तयार गर्ने ।<br>● आफ्नो मौलिक वेशभूषा वा पहिरन लगाएको सामानहरु पुस्तकालयमा राख्ने । ती सामानहरु कक्षाकोठामा ल्याएर प्रदर्शन गरी विद्यार्थीलाई आ-आफ्नो जाति समुदाय के हो भन्न लगाउँने ।<br>● आफ्नो साथी कुन कुन समुदायका छन्, जोडीमा सोधेर भन्न लगाउँने । सबै जाति, समुदायहरु बराबर हो भन्ने कुरा बुझाउने । यस क्रममा जातीय विभेदलाई दुरुत्साहन हुने कुनै पनि कुरा वा कार्य गर्न गराउन नहुने ।<br>● विद्यार्थीहरुले आ-आफ्नो मातृभाषामा परिचय दिने । जस्तैः मेरो नाम, मेरो घर, जिल्ला, गा. पा., वडा, टोल …… हो । मेरो बुबा, आमा, दिदी, भाइ, दाई …. को नाम …… हो । म …..कक्षामा पढ्छु ।<br>● शरीरको मुख्य अङ्गहरु जस्तैः आँखा, नाक, कान, मुख, टाउको, | ● स्थानीय जाति, समुदाय अनुसारको मौलिक वेशभूषा, गरगहना, पहिरन लगाएको महिला पुरुष सम्बन्धी चित्र, पोस्टर ।<br>● मातृभाषाको शब्दकोष, शब्दपत्ती ।<br>● शरिरका अङ्गहरु भएका शब्दहरु, अङ्कहरु<br>● नाता सम्बन्धको चार्ट, सेतोपाटी, मार्कर, मोबाइल रेकर्डर । | ● स्थानीय मौलिक जाति समुदाय अनुसारको वेशभूषा र गरगहनाको नाम र सम्बन्धित जातिहरुको सूची बनाई जोडा मिलाउन दिने ।<br>● मातृभाषामा १० वटा बाक्यमा आफ्नो परिचय दिन लगाउँने ।<br>● नमस्कार, अभिवादन, विदाइको हाउभाउ वा सङकेत गरी विद्यार्थीलाई आफ्नो मातृभाषामा भन्न लगाउँने । | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | रहेको वडामा विभिन्न जाति, जनजाति विशेषले मनाउने चाडपर्वहरु मध्ये १० वटाको नाम बताउन।<br>● चाडपर्वहरुकरु मध्ये कुनै ३ मनाउने तरिका र महत्व बताउन। | ●घरपरिवारमा बारम्बार बोल्ने कम्तिमा २० शब्दहरु।<br>● मौलिक पहिचान, पहिरन, स्थानीय सामाजिक, संस्कारहरु मध्ये केही शुभकर्म जस्तैः न्वारन, पास्नी, छेवर, व्रतबन्ध, विवाह, आदि मध्ये कुनै १ को बारेमा केही कुरा बताउन।<br>● विद्यालय र गाउँपालिकाका मुख्य चाडपर्वहरु र तिनीहरुको महत्व। | घाटी, हात, औला आदि। नेपालीमा लेखिदिने र त्यसलाई मातृभाषामा लेखेर ल्याउन गृहकार्य दिने।<br>● विद्यालय र समुदायका विभिन्न झाँकीमा विद्यार्थीहरुलाई सहभागी गराउँने।<br>● नमस्कार, अभिवादन आदि गर्ने शब्दहरुलाई मातृभाषामा भन्न लगाउने।<br>● चाडपर्वहरुको बारेमा छलफल र सूची बनाउन लगाउँने।<br>● शरिरका अङ्गहरु, घरपालवा पशुपंक्षी र घरायसी सरसामानहरु, परिवार भित्रको आफन्तहरुलाई लगाइने साइनो आदि।<br>● विभिन्न जात, जातिहरुको मौलिक वेशभूषा, गरगहना लगाएको महिला र पुरुष वा केटा र केटीको एक एक जोडीको चित्र वा फ्लेक्स प्रिन्टिङ फोटो राख्ने र विद्यार्थीहरुलाई अवलोकन गराउने।<br>● विभिन्न वेशभूषामा विद्यालयमा सांस्कृतिक, सामाजिक संस्कार, चालचलन, विभिन्न मौलिक संस्कृति, वेशभूषा र आभूषण सम्बन्धी विद्यार्थीहरुलाई झाँकी प्रदर्शन गर्न लगाउने।<br>● मौलिक वेषभूषा, गहनाहरुको नाम केहो भनेर अभिभावकहरुसँग सोधेर कापीमा लेखेर ल्याउन लगाउँने र फोटोमा देखाएर पालैपालो प्रस्तुतीकरण गर्न लगाउँने।<br>● आ-आफ्नो मौलिक पहिरन वा वेशभूषा, गरगहनाको महत्व अभिभावकसँग सोधेर आई बताउन लगाउँने।<br>● सबैको सांस्कृतिक वेशभूषाको उत्तिकै, उत्कृष्ट आकर्षक मौलिक पहिचान दिने र मौलिक छ र एकअर्काको वेशभूषाको कदर गर्नुपर्ने कुरा सिकाउँने।<br>● विद्यार्थीहरुलाई कुनकुन चाडपर्व मन पर्छ ती चाडपर्वहरुमा के के गरिन्छ भनी सोध्ने र छलफल गर्ने।<br>● गाउँपालिकामा रहेका प्रचलित चाडपर्वहको चिनारी तयार गरी पाठ बनाई पढाउने वा अडियो भिजुअल वा फोटो सङ्कलन गरी विद्यार्थीहरुलाई द]खाउने र छलफल गराउने। | ●मौलिक गरगहना, वेशभूषा, लगाएको महिला पुरुषको पोस्टर, फोटोहरु फ्लेक्स प्रिन्ट।<br>● कैची, स्केल, कागज, कलर साइनपेन आदि।<br>●चाडपर्व सम्बन्धी चिनारी भिडियो रेकर्ड, फोटो, सेतोपाटी, मार्कर<br>●चाडपर्व मनाएका तस्वीरहरु। | ● शरीरका अङ्गहरु मातृभाषामा भन्न लगाउँने र सामान्य मातृभाषा र बोलचालमा भएको मातृभाषी शब्दहरु भन्न लगाउँने।<br>● आ-आफ्नो मौलिक वेशभूषा, गरगहनाहरु मध्ये प्रायः लगाइने मुख्य मुख्य चिन्न वा नाम भन्न लगाउँने।<br>● विवाह, ब्रतबन्ध, पास्नी, जन्म उत्सवमा आफू सहभागी भएको वा आफूले देखेको वा सुनेको आधारमा लगाउँने पहिरनका बारेमा कुनै एकको मनाउने तरिका र महत्व बताउन लगाउँने।<br>●पालिका क्षेत्रमा मनाउँने चाडपर्वहरुको बारेमा भन्न लेख्न लगाउँने।<br>● विद्यार्थीहरुलाई आफूलाई मनपर्ने कुनै ३ चाडपर्व मनाउने तरिका र सोको महत्व भन्न लगाउँने। | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | ● गाउँपालिका क्षेत्रमा रहेका जाति जनजातिहरुको मौलिक पहिरन वा वेशभूषा, गरगहना स्थानीय संस्कारहरु मध्ये केही शुभकर्म जस्तैः न्वारन, पास्नी, गुन्यूचोली दिने, व्रतबन्ध, विवाह आदि बारे छलफल।<br>● विद्यालय वरिपरि क्षेत्रमा मनाइने मुख्य चाडपर्वहरुको नाम लेख्न, कुनै जाति विशेषको भएमा कसको हो भनी छानेर लेख्न वा जोडा मिलाउन लगाउँने। | | | |
| ४ | ऐतिहासिक, धार्मिक, पर्यटकीय स्थलहरु | ● गाउँपालिकामा प्रचलित धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलहरु मध्ये कुनै १० वटाको नाम भन्न र तीन वटाको बारेमा कम्तिमा १० वाक्यमा बताउन। | ● गाउँपालिकामा रहेका प्रचलित धार्मिक स्थलहरु जस्तैः मठमन्दर, गुम्बा, चाडपर्वमा पूजाआजा गर्ने ठाउँहरु<br>● सांस्कृतिक स्थलहरु जस्तैः कुनै जाति समुदाय विशेषको पहिचान, संस्कृति, परम्परा, आस्था आदि गाँसिएको स्थल, गाउँ, कुनै जाति विशेषको मौलिक विशेषता भएको गाउँ, चाडपर्वमा मेला लाग्ने ठाउँहरु<br>●प्राकृतिक सम्पदाहरु जस्तैः खोलानाला, जङ्गल, पोखरी, गुफा आदि। | ● विद्यार्थीहरुलाई आफ्नो गाउँघर र वरपर भएको धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरुको नाम सोध्ने र ती ठाउँमा पुगेको छ कि छैन, त्यहा के छ भनी प्रश्न सोध्ने र थप जानकारी दिदै ती स्थलहरुको फोटो भिडियो सङ्कलन गरी देखाउँने।<br>● प्रसिद्व धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरुको सूची तयार गर्ने।<br>● विद्यालय वरपर भएका पर्यटकीय स्थलहरुको बारेमा सोध्ने र त्यसको बारेमा ५।७ वाक्यमा भन्न लगाउँने।<br>● विद्यार्थीहरुलाई उपयुक्त समय र मौसममा अवलोकन भ्रमण लैजाने।<br>●अवलोकन पछि आफूले अवलोकन गरेका कुराहरु कापीमा लेखेर ल्याउन लगाउँने र भ्रमणपछि भ्रमण कस्तो लाग्यो के देख्नु भयो भनेर सोध्ने, छलफल गर्ने।<br>●भ्रमण गरेपछि धार्मिक, सांस्कृतिक एवंव पर्यटकीय स्थलका चित्र कोर्ने रङग भर्ने त्यहाँ देखेका कुराको आधारमा एक अनुच्छेदमा वर्णन गर्न लगाई प्रस्तुत गर्न लगाउँने।<br>●कक्षामा स्थानीय धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरुको चित्र दिएर रङग भर्न लगाउँने।<br>●फोटो भिडियो सङ्कलन प्रस्तुतीकरण गर्ने।<br>● प्राकृतिक सम्पदाहरु जस्तैः खोलानाला, तालतलैया, झरना, गुफा, हिमालको बारेमा छलफल वर्णन गर्ने। | ● गाउँपालिकाको प्रमुख एवं प्रसिद्व धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलहरुको सूची विशेषता सहितको फोटोहरु र संक्षिप्त चिनारी।<br>●चित्र कोरेर रङग भर्न आवश्यक पर्ने पेपर कलर, साइनपेन, पेन्सिल आदि।<br>●पालिकको बारेमा लेखिएका वा तयार गरिएका भिडियो डकुमेन्ट्री<br>● प्राकृतिक सम्पदाहरु झल्किने पोस्टर फोटाहरु | ● गाउँपालिकाको प्रमुख एवं प्रसिद्व धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलहरुको नाम भन्न वा लेख्न लगाउँने।<br>● ती स्थलहरुको बारेमा प्रस्तुत गर्न लगाउँने।<br>● कक्षाकोठामा स्थानीय धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरुको चित्र दिएर रङ भर्न लगाउँने।<br>● विद्यालयमा विद्यार्थीको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने।<br>●गाउँपालिका भित्र पाइने प्राकृतिक सम्पदाहरुको सूची बनाउन लगाउँने। | १२ |
| ५ | स्थानीय पेसा, व्यवसाय एवं ज्ञान, सिप तथा | ●गाउँपालिका क्षेत्रमा विगत र वर्तमानमा अपनाइएका परम्परागत | ●गाउँपालिका भित्रका प्रयोगमा आएका ज्ञान, सिप, | ● विद्यार्थीहरुलाई घरमा परिवारका सदस्यहरुले अगाँलेका पेसाहरु केके हो भनेर भन्न लगाउँने र छलफल पनि गर्ने। | ●विभिन्न स्थानीय ज्ञान, सिप, प्रविधि प्रयोग गरी बनाइएका | ● घरमा परिवारका सदस्यले अपनाएका व्यवसायहरु केके | १२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रविधि र उद्यमशीलता | र आधुनिक किसिमका विभिन्न प्रविधिको पहिचान।<br>●स्थानीय सिप तथा प्रविधिहरु मध्ये १० वटा चिन्न र कुनै २ को बारेमा कम्तिमा १० वाक्यमा लेख्न। | प्रविधिहरु ती ज्ञान, सिप र प्रविधिबाट बनेका वा तयार गरिएका घरायसी दैनिक प्रयोजनको लागि सामाजिक एवं सांस्कृतिक कार्यका लागि आवश्यक पर्ने बस्तु तथा सामानहरु। | ●विद्यार्थीहरुलाई आफ्नो घरमा काठ वा धातुहरुबाट बनेका केके सामानहरु छन् भनी कापीमा सूचीबद्ध गरी लेख्न लगाउँने र पालैपालो भन्न लगाउँने। ती सामानहरु कसले बनाएको र कसरी बनाएको हो भनी प्रश्नोत्तर गर्ने।<br>● विद्यार्थीहरुलाई तपाइँको घरमा भएका घेरेलु सामान तथा औजारहरुको बारेमा भन्न लगाउँने।<br>●डोको, नाम्लो, राडीपाँखी, ठेकी, मदानी, मुढा, पिर्का, सुइटर, टोपी, ओखल, जाँतो, सिलौटो, हँसिया, खुकुरी, कुटो, हलो, पानी घट्ट, बिजुली घर, कम्प्युटर आदि को सूची तयार गर्न लगाउँने र यसको सामान्य महत्वको बारेमा बुझाउने।<br>● त्यस्तै काठबाट बनेका हलो, जुवा, दराज, कुर्ची, टेवल आदि।<br>● विद्यार्थीहरुलाई यी घेरलु सामग्रीहरुको बारेमा छलफल गर्न लगाउँने र कुन सामग्री केको लागि प्रयोग हुन्छ भन्ने बारे बताउन लगाउँने।<br>● अन्य घेरलु तथा कृषि औजारहरु जस्तैः कुटो, कोदालो, ढिकी, कोलको चित्र बनाई सबै विद्यार्थीलाई एकएक चित्रमा रङग भर्न लगाएर उनीहरुको नाम सहित लेखेर कक्षाकोठामा झुण्ड्यार राख्ने।<br>● विद्यार्थीहरुलाइ घरमा र घरभन्दा बाहिरबाट ल्याएका सामग्रीहरुको सूची तयार गर्न लगाउँने।<br>●स्थानीय ज्ञान, सिप र प्रविधिबाट बनेका सरसामान र निर्माणको फाइदाका बारेमा सरल भाषामा उदाहरण सहित बुझाउने र यस्ता सरसमानको प्रयोग गर्न सके आत्मनिर्भर हुन सकिने भनी यस्ता सामानहरुको प्रयोग गर्न प्रोस्साहित गर्ने । यस्ता सामान र औजार आदिको बारेमा कक्षामा प्रस्तुतीकरण गराउने। | घेरलु तथा कृषि सामग्रीहरुको सचित्र सूची फोटो र नमूनाहरु।<br>● रङ्गीन कागज, स्केल आदि रङग भर्ने स्थानीय सामानहरुको सादा चित्रहरु। | हुन सो बारे भन्न लगाउँने।<br>●विभिन्न घेरलु ज्ञान सिपमा आधारित सामग्रीहरुको बारेमा विद्यार्थीहरुलाई भन्न लगाएर।<br>●सामग्रीहरु र नामलाई जोडा मिलाउन लगाउँने।<br>●घरबाट अभिभावकको सहयोगमा कृषि र भान्सामा प्रयोग हुने कुनै १० वटा सामग्रीहरुको नाम लेखेर ल्याउन लगाउँने।<br>● स्थानीय र बजारबाट किनेर ल्याएका सामान र औजारहको सूची तयार गर्न लगाउने र स्थानीय सामानहरुको प्रयोग गर्दा हुने फाइदाको बारेमा भन्न र लेख्न लगाउँने। | |
| ६ | खाद्यान्न तथा पोषण एवं कृषि, जडिबुटी पशुपालन | ● गाउँपालिका क्षेत्रमा उत्पादन हुने खाद्यान्न, सागसब्जी र फलफूल चिन्न कम्तिमा ७/७ वटाको नाम बताउन चिन्न र लेख्न।<br>● तिनीहरुको उपभोगबाट हुने पोषण सुधार बारे भन्न। | ●गाउँपालिका क्षेत्रमा हुने खाद्यान्न (अन्नबाली, दलहन, तरकारी बालीहरु) जस्तैः धान, मकै, गहुँ, कोदो, दाल, साग, काउली, आलु, फर्सी, लसुन, प्याज आदि। | ● विद्यार्थीहरुलाई आज के खानेकुरा खाएर विद्यालय आउनुभयो भनी सोध्ने र ती खानेकुरा के र कहाँबाट बनाएको भनी सोध्ने र उदाहरण दिंदै स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्नहरु बारे परिचित गराउने।<br>● आ-आफ्नो घरबाट आ-आफ्नो खेतबारीमा फलेका खाद्यान्नहरुको समुहमा केही नमूना ल्याउन लगाउने र त्यो के हो भन्न लेख्न र त्यसबारे बताउन लगाउँने। | ● गाउँपालिकामा उत्पादन हुने विभिन्न खाद्यान्न तरकारी तथा फलफूलको वास्तविक नमूना र बिउका फोटोहरु।<br>● डोरी, सियो, धागो।<br>● नमूना राख्ने प्लास्टिक | ● कुनै खान्न वा तरकारीको पात वा पातको टुक्रा कापी वा कागजमा टाँस्न र नाम लेख्न लगाउँने।<br>● स्थानीय खाद्यान्न, तरकारी, फलफूलहरुको नाम भन्न वा | १२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ● आयतित कम पोषणयुक्त बजारको पत्रु खानेकुराको प्रयोगबा हुने कुनै ५ बेफाइदा बताउन र स्थानीय कृषि उत्पादननको उपभोग गर्नुको कुनै ५ फाइदा बताउन ।<br>● पालिका क्षेत्रमा पाइने औषिधजन्य ५ वटा जडिबुटी र पशुपालनका बारेमा पहिचान र उपयोगिता बारे भन्न र कम्तिमा १० वाक्यमा लेख्न ।<br>● पालिकामा बसोबास गर्ने मानिसहरुले गर्ने विभिन्न पेसा व्यवसायहरु मध्ये ५ वटाको नाम र कुनै एक पेसा गर्ने तरिका भन्न र लेख्न । | ● स्थानीय कृषि उपजबाट बनेका विभिन्न खानेकुराहरु वा विभिन्न चाडपर्वहरुमा बनाइने वा पकाइने परिकार जस्तैः दाल, भात, साग, गेडागुडी, तरकारी आदिको फाइदा ।<br>● बजार, पसलमा पाइने खाद्यान्न, तरकारी, फलफूल ।<br>● बजार पसलमा पाइने पत्रु खानेकुराहरु वा कम पोषणयुक्त खानेकुरा (जङक फुड) जस्तैः चाउचाउ, चिजवल, विस्कुट, कोक आदिको वेफाइदा ।<br>● पालिका क्षेत्रमा पाइने जडिबुटी र पशुपालनको अवस्था | ● स्थानीय खाद्यान्न, तरकारी, फलफूलको नमूनाहरु कक्षामा डोरी टाँगी नाम लेखेर झुण्ड्याउने र हरेक बारेमा बताउने ।<br>● विद्यार्थीलाई आफूलाई मन पर्ने फलफूलको नाम भन्न लगाउने र सो फलफूलको चित्र बनाउने र नाम लेख्न सिकाउने ।<br>● कहिले काँही आफ्नो खेतबारीमा फलेको फलफूल विद्यालयमा खाजाको रुपमा ल्याउन लगाउँने र अभिभावकहरुलाई समेत यस बारे प्रोत्साहित गर्ने ।<br>● स्थानीय फलफूलको चित्रमा रङग भर्न र चिनेर नाम लेखेर वा चित्र जोडा मिलाएर प्रस्तुत गर्न लगाउँने ।<br>● बजारमा वा पसलमा केके खानेकुरा, खाद्यान्न, तरकारी पाइन्छ भनेर विद्यार्थीहरुलाई सोध्ने, विद्यालय नजिकको पसल बजारमा विद्यार्थीहरुलाई अवलोकन गर्न लैजाने र पसलमा लगेर विभिन्न किसिमका खानेकुराहरु देखाउने ।<br>● विद्यार्थीहरुलाई कुनकुन खानेकुरा स्वस्थ खानेकुरा र कुनकुन खानेकुरा पत्रु खानेकुरा हो भनेर बुझाउने र पत्रु खानेकुरा किन सधै खानु हुँदैन भनी बताउने ।<br>● स्वस्थ खानेकुराहरु र पत्रु खानेकुराहरुको सूची बनाउने र स्वस्थ खानेकुरालाई ठिक चिन्ह र पत्रु खानेकुरालाई बेठिक चिन्ह लगाउन सिकाउने ।<br>● स्थानीय र बजारबाट ल्याइएका खानेकुराहरुको फाइदा र वेफाइदाहरु बारे छलफल गर्ने र थप बताउँने<br>● स्वस्थ खानेकुरा र पत्रु खानेकुराको बारेमा पोस्टर वा चित्र वा बाल भिडियो वा भिजुअल गीत मोबाइल मार्फत देखाएर छलफल गर्ने ।<br>● सम्भव भएमा नजिक भएको स्वास्थ्यकर्मीलाई बोलाएर एक सेसन पाठ लिन लगाउने ।<br>● असर पोषणयुक्त र कम पोषण भएको जङक फुड छुट्याउन लगाउँने ।<br>● गाउँपालिका क्षेत्रमा पाइने जडिबुटीहरुको सूची र छलफल ।<br>● पशुपालन व्यवसायहरु मध्ये भैसीपालन, भेडापालन, कुखुरा पालन | झोला ।<br>● स्वस्थ खानेकुरा र पत्रु खानेकुराको सूची वा वास्तविक नमूना ।<br>● पौष्टिक खानेकुराको क्यालेण्डर ।<br>● खाना, तरकारी, फदलफूल सम्बन्धी बालबालिकाले बुझ्ने पोष्टर बालगीत भिडियो क्लिप, फोटो ।<br>● मार्कर सेतोपाटी कापी न्यूजप्रिन्ट वा चार्ट पेपर ।<br>● गाउँघरमा पाइने जडिबुटीका फोटा वा पोस्टरहरु ।<br>● पशुपालन अन्तर्गतका व्यवसाय सम्बन्धी विवरण झल्किने फोटाहरु । | सूची बनाउन लगाउने ।<br>● स्थानीय फलफुलको चित्रमा रङ भर्न र चिनेर नाम र चित्र जोडा मिलाउन लगाउँने ।<br>● कागजको टुक्राहरुमा स्वस्थ र पत्रु खानेकुराहरुको नाम सहितको चित्र भएको कागजको टुक्राहरु दिएर स्वस्थ र पत्रु खानेकुराहरु छुट्याउन लगाउँने ।<br>● विद्यालयमा विद्यार्थीहरुले गर्ने आनीबानीको आधारमा मूल्याङ्कन गर्ने ।<br>● खानेकुराहरुको सूचीबाट पत्रु खानेकुरालाई क्रस र स्वस्थ खानेकुराहरु गोलो चिन्ह लगाउन लगाउँने ।<br>● स्थानय र बजारमा पाइने खाद्यान्न वा खानेकुराहरु बिचको फरक बताउन लगाउँने ।<br>● पालिका क्षेत्रिभत्र पाइने जडीबुटीहरुको नाम र पाइने स्थलहरुको बारे बताउने ।<br>● पालिका क्षेत्रभित्र अपनाएका पशुपालन व्यवसायहरुको सूची तयार गर्न लगाउँने । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | बारे छलफल। | | | |
| ७ | प्रकोप र विपद् व्यवस्थापन | ● गाउँपालिका भित्र हुनसक्ने विपद्को परिचय र विपद्को किसिम र प्राकृतिक र मानव सिर्जित विपद्को परिचय।<br>● प्राकृतिक र मानव सिर्जित विपद्को फरक।<br>● हाम्रो सुरक्षित यात्रा जस्तैः यात्राको समयमा जोखिम पहिचान र सावधान (पैदल हिडाइ, बाटो काट्ने, जेब्रा क्रसिङ, साइकल चलाउने सिप) यात्राको समयमा सावधानी। | ● प्रकोपको परिचय<br>● सडक दुर्घटना, करेन्ट लाग्ने, आगलागी, डुवा,न बाढी, पैरो, भिरबाट लड्ने।<br>● विद्यालय आउँदा र घर जाँदा बाटोमा हुने जोखिम पहिचान जस्तैः ढुङ्गा खस्ने, खोलाले बगाउने, पहिरो खस्ने, बाटो क्रस गर्दा हुने दुर्घटना।<br>● विद्यालय आउँजाउँ गर्दा बाटोमा हुने जोखिमबाट सावधानी।<br>● विपदबाट सुरक्षाः जस्तैः कक्षाकोठा, विद्यालय, घर तथा बाटोमा सडक दुर्घटना, करेन्ट लाग्ने, आगलागी, बाढी, ढुङ्गा खस्ने आदिबाट बच्ने उपाय।<br>● विपद् व्यवस्थापन जस्तैः आगलागी, बाढी, र पहिरोको कारणहरु पूर्व तयारी, विद्यालय र समुदायको भूमिका, सावधानी एवम् सुरक्षा,<br>● कृत्रिम घटना अभ्यास। | ● कथा, पोस्टर, चित्र वा श्रव्यदृश्य सामग्री, समाचार लेखिएका घटना आदिको माध्यमबाट प्रकोपको प्रदर्शन गरी वा व्याख्या गरी विपतको परिचय दिने।<br>● चित्र एवं श्रव्यदृश्य सामग्रीमा भैरहेको घटना व्याख्या गर्न लगाउने।<br>● आफ्नो वरिपरि हुनसक्ने विभिन्न प्रकोपको नाम भन्न लगाउने र विद्यार्थीको अनुभव छलफल गराउने।<br>● शिक्षकले विगतका घटनाको अनुभव सुनाउने र छलफल गराई प्रकोपको सूची तयार गर्न लगाउने ।<br>● विपत घट्ने कारणलाई आधार मानी प्राकृतिक र मानव सिर्जित विपद्को परिचय दिने।<br>● प्राकृतिक र मानव सिर्जित विपद् छुट्याउन लगाउने।<br>● प्राकृतिक र मानव सिर्जित विपद् बिच फरक छुट्याउन लगाउने।<br>● विभिन्न जोखिमलाई बिचको माध्यमबाट देखाउने र तिनीहरु के हुन भन्न लगाउने।<br>● जोखिमयुक्त स्थानको अवलोकन गराउने र ती स्थान किन जोखिमयुक्त भए भनेर भन्ने र छलफल गराउने।<br>● चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट जोखिमयुक्त अवस्था देखाउने र यस्तै अवस्था आयो भने के गर्ने वा गर्छौं भनेर विद्यार्थी बिच छलफल गराउने।<br>● चित्र, श्रव्यदृश्य सामग्री वा कथाको माध्यमबाट ती घटनाबाट सुरक्षित रहने उपाय भन्ने।<br>● चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट पालैपालो विभिन्न विपद्को चिनारी गराउने।<br>● ती विपद् हुन नदिनका लागि वा सम्भाव्य क्षति कम गर्नका लागि गर्नुपर्ने पूर्वतयारी बारे छलफल गराउने।<br>● शिक्षकले कथाको माध्यमबाट कक्षाकोठा विद्यालय, घर र बाटोमा हुने विपतबाट बच्नका लागि कृत्रिम अभ्यास गराउने। | ● विभिन्न प्रकोप बारे चित्र वा पोस्टरहरु<br>● विपतबाट जोगिने उपायहरु बारे वर्णन गरिएका फोटाहरु।<br>● विपतबाट जोगिनका लागि कृत्रिम अभ्यासका लागि आवश्यक सामग्रीहरु जस्तैः कपडा, झोला, टर्च आदि।<br>● प्राकृतिक र मानव सिर्जित विपतका घटनाहरु समावेश भएको चित्र, पोस्टर र भिडियोहरु। | ● प्रकोपको चित्र र नामको जोडा मिलाउन लगाउने।<br>● बिचको माध्यमबाट जोखिम पहिचान गराई ती जोखिमबाट बच्ने उपाय भन्न लगाएर।<br>● कृत्रिम घटना अभ्यास गराई रुजुसूची भरेर।<br>● विगतमा पालिकाभित्र भएका विपतका घटनाको बारेमा सूची सहित बताउन लगाउँने।<br>● हाम्रो वरपर हुने विपतको सूची बनाई प्राकृतिक र मानव सिर्जित विपत छुट्याउन लगाउने।<br>● विद्यालयमा हुने विभिन्न जोखिमबाट बच्ने उपायको तालिका बनाउन लगाएर।<br>● भुकम्पबाट बच्ने उपायहरु भन्न लगाएर।<br>● महामारीबाट बच्ने विभिन्न उपाय भन्न लगाएर।<br>● विभिन्न विपतको रोकथामका लागि विद्यालय र समुदायहरुको भूमिका बारे वर्णन गर्न लगाउने। | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | ● कथा, पोस्टर, भिडियो, समाचारमा लेखिएका घटना प्रदर्शन गरी वा व्याख्या गरी आगलागी बाढी र पहिरोको परिचय दिने ।<br>●विद्यार्थीलाई समुहमा विभाजन गरी आगलागी, बाढी र पहिरो जानुका कारणहरु सूची बनाइ समुहगत रुपमा प्रस्तुत गर्न लगाउने ।<br>● आगलागी, बाढी र पहिरोबाट जोखिम न्यूनीकरणका लागि गर्नुपर्ने पूर्वतयारी पोस्टर र भिडियो मार्फत देखाई छलफल गराउने ।<br>● आगलागी, बाढी, पहिरो नियन्त्रणका लागि विद्यालय र समुदायको भूमिका समुह बनाई छलफल गराउने ।<br>● आगलागी, बाढी र पहिरोबाट कसरी बच्न सकिन्छ, समुहमा छलफल गराउने र शिक्षकले सघाउने ।<br>● आगलागी, बाढी, पहिरोबाट कसरी बच्ने उपायको सूची बनाई प्रस्तुतीकरण गर्न लगाउने । | | | |
| ८ | व्यक्ति, संस्था, सहकारी | ●बिद्यार्थी बसोबास गर्ने गाउँ र वडामा रहेका समाजसेबी व्यक्तिहरुको परिचय ।<br>●विद्यार्थी बसोबास गर्ने वडामा रहेका सामुदायिक संस्थाहरु वा सहकारीको सामान्य परिचय । | ● सहकारीको परिचय ।<br>●नजिकको सहकारीको विवरण ।<br>● नजिकैको समाजका मुख्य व्यक्तिहरु र सामुदायिक संस्थाको विवरण । | ●सहकारीको परिभाषा बारे छलफल ।<br>● विद्यार्थीको परिवार र साथीहरुको घरपरिवारका बारेमा छलफल गर्ने, प्रश्न सोध्ने ।<br>● वन समुह, आमा समुह, युवा क्लब, गाउँघरमा भए नभएको एकिने गर्ने र छलफल विद्यार्थीहरु बिच गराउने ।<br>● समाजका प्रेरणादायी व्यक्तिहरुको बारेमा परिचय गर्न लगाउने ।<br>● सेवा दिन विभिन्न समुह वा संस्थाहरुको नामको सूची बनाई कामको बारेमा बताउन लगाउने ।<br>● गाउँघरमा देखेका वा भेटेका, सुनेका समुहहरुको बारेमा सामुहिक छलफल गर्न लगाउने ।<br>● समाजसेवीहरुलाई आमन्त्रण गरी विद्यालयमा सम्भव भएमा कक्षाहरु लिन लगाउँने र असर व्यक्तिहरुसँग छलफल कुराकानी गर्ने ।<br>● समुह, संस्था वा सहकारीमा अवलोकन भ्रमण गराउने र देखेका, सुनेका कुराहरुको आधारमा अनुच्छेद लेख्न लगाउने । | ●समाजसेवीहरुको नाम सहितको विवरण ।<br>● अगुवा गर्ने व्यक्तिहरुको फोटो र चित्र ।<br>● सामुदायिक सेवा प्रदान गरिरहेका संस्थाको पोस्टरहरु<br>●सहकारी सम्बन्धी सूचनामूलक तस्वीहरु ।<br>● विद्यालयको विवरण लेखेको कार्डहरु ।<br>●मार्कर, सेतोपाटी आदि । | ● पालिकाभित्र रहेका समाजका लागि काम गरेका वा गर्ने व्यक्तिहरुको पहिचान गर्न लगाउँने ।<br>● गाउँघरमा भएका संस्थाले दिने सेवाहरु बारे प्रश्नोत्तर गर्ने गराउने ।<br>● विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालयहरु, सामुदायिक संस्थाभित्र पर्दछन् कि पर्दैनन् सो बारे भन्न लगाउँने ।<br>●सहकारीको परिचय र सहकारीहरुको विवरण तयार गर्न लगाउँने । | ५ |
| ९ | समानताऽ समावेशीता र | ● जाति तथा समुदाय समान हो र कुनै कुरामा भेदभाव छुवाछुत गर्नु | ●गाउँपालिकाको सामाजिक अवस्थाको परिचय | ● गाउँपालिका क्षेत्रभित्र कुनकुन जाति, जनजाति र समुदायका मानिसहरु बसोबास गर्छन्, आफ्नो छिमेकी कुन थर को छ भनी छलफल | ● सेतोपाटी, मार्कर ।<br>● समानता सम्बन्धी बाल | ●बालबालिकाहरु बिच आपसी सम्मान, सद्भाव र | ६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सामाजिक न्याय | हुँदैन भन्ने बताउन र समानताको व्यवहार गर्न ।<br>●परिवार र समुदायमा भएका फरक क्षमताका व्यक्तिलाई आवश्यक सहयोग, सम्मान र तिनीहरुप्रति राम्रो बोली, व्यवहार र सहयोग र सम्मान । | ● सहयोग, मेलमिलाप र समानताको अवधारणा ।<br>●फरक क्षमता भएका र बालबालिका, वृद्धवृद्धाका लागि र उनीहरुलाई आवश्यक पर्ने सहयोग, सम्मान, सहायता ।<br>●फरक क्षमता भएका व्यक्तिलाई विद्यार्थीहरुले गर्न सक्ने सहयोग, सम्मानजनक बोली व्यवहार । | चलाउने ।<br>● छिमेकीहरुसँग कसरी बस्नु राम्रो हो र कसरी बस्नु नराम्रो हो भन्ने बुझाउन एकआपसमा मिलेर बसेको फोटो र झै झगडा गरेको फोटो देखाएर छलफल गर्ने ।<br>● साथीहरुसँग झगडा गर्नु, नराम्रो भन्नु, गाली गर्नु राम्रो कि मिलेर बस्नु एकअर्कालाई सहयोग गर्नु, राम्रो बोली व्यवहार गर्नु, ठीक हो कि होइन भनेर छलफल गर्ने ।<br>● सबैको रगत रातो हुन्छ, सबैलाई कुटे दुःख्छ, सबैलाई गाली गरे नराम्रो लाग्छ, सबैलाई सहयोग गरे खुसी लाग्छ, बाँच्नलाई सबैले खाना खानु पर्छ । त्यसैले सबै जात, जनजाति समान वा बराबर हो, भेदभाव छुवाछुत गर्नु हुँदैन् भनी समानताको अर्थ बुझाउने र सोही अनुरुप व्यवहार गर्न सिकाउने ।<br>● समानता सम्बन्धी बाल भिडियो वा कार्टुन देखाएर समान व्यवहारको ज्ञान सिकाउने र सो बारे बताउन लगाउँने ।<br>● फरक क्षमता भएका र विरामी वृद्ध आदि जोकोही देखेमा भेटेका छौ कि छैनौं भनेर बालबालिकाहरुलाई सोध्ने र त्यस्ता व्यक्तिलाई दैनिक जीवनयापनमा के कस्ता कठिनाई हुन्छहोला र कसले सहयोग गर्छहोला भनेर सोध्ने । जस्तैः खुट्टा नभएको मान्छे कसरी हिड्छ होला, दृष्टिविहिन भएको बच्चाहरु कसरी पढ्छ होला आदि भनेर कौतुहलता जगाउँने ।<br>● फरक क्षमता भएका व्यक्तिहरुका बारेमा छलफल गराउने र फरक क्षमता हुनाका कारणहरु केके होलान भनेर सोध्ने । उनीहरु पनि साङग सरह धेरै राम्रो काम गर्न सक्छन् भनेर बताउने ।<br>● विद्यार्थीहरुलाई आँखा चिम्लेर हिड्न लगाउने, पढ्न वा लेख्न लगाउने त्यस्तै एक खुट्टाले हिड्न लगाउने, यसरी आँखा चिम्लेर र एक खुट्टाले काम गर्दा कस्तो अनुभव भयो भनेर छलफल गर्न लगाउने ।<br>● फरक क्षमता भएका व्यक्तिहरु आसपासमा भएमा बोलाएर उनीहरुको अनुभवका बारेमा छलफल र सम्वाद गराउने ।<br>●फरक क्षमता र बालबालिका, वृद्धवृद्धाहरुलाई राज्यले दिइएको सेवा, सुविधा र परिचय पत्र आदिको बारेमा छलफल गर्ने र गराउने । | भिडियो वा कार्टुन<br>●फरक क्षमता भएका व्यक्ति र यसको प्रकार बारे जानकारी पुस्तिका<br>● फरक क्षमता भएका व्यक्तिलाई गरिने शब्द सम्बोधन बारे जानकारी शब्दहरु<br>●फरक क्षमता भएका व्यक्तिहरुको चित्र, पम्प्लेट वा भिडियो ।<br>● फरक क्षमता भएका व्यक्तिहरुको परिचय पत्रको नमूना जस्तैः रातो, निलो, पहिले, सेतो ।<br>● फरक क्षमता भएका व्यक्तिहरुले प्रयोग गर्ने सामग्रीहरु । | समानताको बोली, व्यवहार अभ्यास भएको छ वा छैन अवलोकन गर्ने ।<br>●एक अर्कामा मिलेर बस्ने, खेल्ने, हिड्ने गतिविधि विद्यार्थीहरुमा भए नभएको अवलोकन गरी मूल्याङ्कन गर्ने ।<br>● फरक क्षमता भएका व्यक्तिको कुनै ३ वटा प्रकार भन्न र चिन्न लगाउँने ।<br>●फरक क्षमता भएका र असक्त व्यक्तिहरुलाई किन सहयोग, माया, सम्मान गर्नुपर्दछ भनी सोध्ने ।<br>● फरक क्षमता हुनुका कारणहरु के होला भनेर भन्न लगाउँने ।<br>●विद्यालयमा विद्यार्थीहरुको बोली व्यवहार र क्रियाकलापहरुको अवलोकन गरेर मूल्याङ्कन गर्ने ।<br>● कस्तो रङको फरक क्षमता भएका व्यक्तिलाई कस्तो परिचय पत्र पाउँछन् सोध्ने र बताउने । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | सामाजिक मूल्य मान्यता एवं सदाचार र नैतिकता | ● आफूभन्दा ठूलालाई आदर सम्मान गर्ने, साइनो लगाएर बोल्ने र आफू सरह र सानालाई माया गर्ने ।<br>● असर बोली व्यवहार र बानी व्यबहार प्रस्तुत गर्ने । जस्तैः सभ्य शब्द, साथीहरुसँग मिलनसार हुने, सहयोग गर्ने, मिलेर बस्ने, खेल्ने, रमाइलो गर्ने आदि बानीको विकास गर्न ।<br>● आफ्नो समाज जाति समुदायको असर भाषा, असर मूल्यमान्यता संस्कार, संस्कृति अनुसारको पाहुना, आफन्त र मान्यजनलाई अभिवादन गर्न, साइनो लगाएर बोल्न र सत्कार गर्ने । | ● घरमा आउने पाहुनाहरु आफू वा आफ्नो परिवारको सदस्य पाहुना भएर जाने आफन्हरु ।<br>● आफ्नो परिवार, आफन्त छरछिमेकका विभिन्न व्यक्तिसँगको नाता वा साइनो ।<br>● अपरिचित व्यक्तिहरुलाई सरल, सभ्य र सही तरिकाले बोलाउने, नाता लगाउँने ।<br>● साथीहरु बिच सहयोग, मेलमिलाप, मिलेर पढ्ने, खेल्ने, नाच्ने, गीत गाउँने सिप तथा बानी ।<br>● आफूभन्दा सानालाई माया गेरर बोलाउने, मायालु व्यवहार गर्ने ।<br>● दैनिक जीवमा गरिने असर र खराब बानीहरु जस्तैः कक्षामा हात उठाएर बोल्ने, लाइनमा बस्ने, कसैलाई गाली नगर्ने, नधकेल्ने, पालैपालो बोल्ने, अरुको सामान नलिने, फिर्ता दिने, गल्ती गरे माफ गर्नुहोस भनेर माफ माग्ने, अपशब्द नबोल्ने ।<br>● घर, टोल र विद्यालयमा पर्यटकहरु आउँदा गर्ने स्वागत सत्कार । | ● विद्यार्थीहरुलाई कसको घरपरिवारमा कोको हुनुन्छ, छरछिमेकमा, मामाघरमा को को हुनुहुन्छ भनी सोध्ने सेतोपाटीमा बोलाउने, साइनोको सूची तयार गर्ने र साइनो अनुसार कसलाई कसरी अभिवादन गर्ने हो सोधेर अभिवादन गर्ने शब्दहरुको सूची बनाउने र छलफल गर्दै अभिवादन कसरी गर्ने भन्दै अभ्यास गराउँदै सिकाउने ।<br>● अभिवादन, स्वागत, विदाइ गर्ने शब्दहरु नेपाली र अंग्रेजी दुबै भाषामा लेखी विद्यार्थीलाई भन्दै अभ्यास गराउन, लेख्न लगाउँने ती शब्दहरुलाई आ-आफ्नो मातृभाषामा के भन्छ भनेर लेखेर ल्याउन गृहकार्य दिने ।<br>● पाहुना घरमा आउँदा के भनेर स्वागत तथा विदाइ गर्ने भनी उपयुक्त शब्द शब्दावली भन्न र अभ्यास गर्न सिकाउने ।<br>● आफ्नो परिवार, समुदाय अनुसार अभिवादन, स्वागत वा विदाइ गर्ने फरक मातृभाषी शब्द तरिका भए विद्यार्थीलाई अभिभावकसँग सोधेर लेखेर ल्याउने र शब्दोच्चारण सँगै प्रदर्शन गर्न लगाउँने ।<br>● अभिवादन, स्वागत, बिदाइ र अतिथि सत्कार सम्बन्धी फोटो वा चित्र वा भिडियोहरु देखाई छलफल गराउने र चिनाउने । सही वा गलत छुट्याउन सिकाउने ।<br>● दैनिक जीवनमा विद्यालय, घर, बजार, सडक, बाटो, सार्वजनिक स्थलमा गर्नुपर्ने ठीक कामकुराहरु जस्तैः आदत, बानी बारे विभिन्न चित्र, फोटोहरु देखाएर यो के गरेको हो भनेर सोध्ने । यसो गर्नु ठीक हो वा गलत भनेर विद्यार्थीहरुलाई सोध्ने, कापीमा लेखिदिने र ठीक वा बेठीक के हो चिन्ह लेख्न लगाउँने, सिकाउने ।<br>● राम्रो आनीबानी गर्न विद्यार्थी र सिकाउन अभिभावकहरुलाई पनि प्रोत्साहित गर्ने ।<br>● साथीहरुसँगै मिलेर पढ्न, बस्न, नाच्न, खेल्न, गीत गाउन लगाउँने ।<br>● साथीहरुलाई सभ्य तरिकाले नाम भनेर बोलाउन सिकाउने र माथिल्लो कक्षाकालाई दाइदिदी भनेर बोलाउन र आफूभन्दा सानालाई सभ्य तरिकाले नाम वा भाइबहिनी भनेर बोलाउन सिकाउने र अवलोकन गरी आवश्यकता अनुसार सम्झाउने, प्रोत्साहित गर्ने गराउने ।<br>●साथीहरुलाई सहयोग गर्न, मिलेर पढ्न, खेल्न, नाच्न, गीत गाउन | ●शब्द कार्डहरु<br>●स्वागत, अभिवादन विदाइ र अतिथि सत्कारका चित्रहरु, फोटोहरु र शब्दहरु<br>●सेतोपाटी, मार्कर<br>●राम्रो नराम्रो बानी सम्बन्धी चित्र वा फोटोहरु ।<br>●शब्द मेटा कार्ड वा सोको लागि प्रयोग गर्न सकिने पेपर ।<br>●पर्यटकहरुको फोटोहरु ।<br>●भिडियो श्रव्य सामग्रीहरु | ●अभिवादन, स्वागत बिदाइ र अतिथि सत्कारका शब्दहरु भन्न र सही तरिकाले यी काम गर्न जान्दछन् कि जान्दैनन् भनी सोध्ने र प्रदर्शन गर्न लगाई अवलोकन गर्ने ।<br>●अभिवादन, स्वागत, विदाइ र अतिथि सत्कार सम्बन्धी फोटो चित्र वा भिडियोहरु चिन्न वा छुट्ट्याउन सक्छ कि सक्दैन जाँच्ने ।<br>●विद्यालयमा विद्यार्थीको क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने ।<br>●विद्यालय, घर, बजार, सडक बाटो, बजार आदिमा गर्नुपर्ने सही र गलत आनीबानी ठीक बेठीक के हो भनेर छुट्ट्याउन लगाउँने ।<br>●विद्यार्थीले घरपरिवार, विद्यालय, साथीसङ्गी, सार्वजनिक ठाउँमा गर्ने बानी व्यवहारको नियमित अवलोकन गरी मूल्याङ्कन गर्ने ।<br>●मामाघर, काकाघर र अन्य आफन्तको घर र विभिन्न साइनोको सूची बनाई जोडा मिलाउँने वा भन्न लगाउँने ।<br>●घरमा को को पाहुना आउनु हुन्छ र के कसरी स्वागत सत्कार | ७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | लगाउँने । <br> ● तपाइँहरु कसैको आफन्तकोमा पाहुना भएर जानु भएर जानुहुन्छ भनी पालैपालो सोध्ने र सेतो पाटीमा सूची बनाएर टिप्ने । <br> ● पाहुना भएर जाने घरमा को को हुनुहुन्छ, उनीहरुलाई के के भनेर बोलाउने गर्नु हुन्छ भनी साइनो पहिचान गर्ने । <br> ● तपाइँको घरमा को को पाहुना आउनु हुन्छ, पाहुना आउँदा तपाई आमा बुबा, हजुरबा, हजुरआमा, काका, दिदी, दाजु र अरुले के कसरी स्वागत सत्कार गर्नुहुन्छ, भनी सोध्ने र सूची बनाएर अभिवादन शब्दहरु लेखी भन्न र अभ्यास गर्न लगाउँने । <br> ● शिक्षकले आफू सानो हुँदा मामाघर वा कोही आफन्तको घरमा गएको वा आफ्नो घरमा कोही पाहुना आउँदाको अनुभवलाई बाल कथा बनाएर सुनाउने । <br> ● साइनो अनुसार के भनेर बोलाउने कहिले कसरी अभिवादन गर्नुहुन्छ भनी सोध्ने र प्रदर्शन गर्न लगाउँने । <br> ● अपरिचित व्यक्तिलाई बोलाउने र उनीहरुसँग बोल्ने सरल, सभ्य र सही तरिकाले केही वाक्य लेखेको चार्ट देखाउने र सोको बोल्ने अभ्यास गराउने । <br> ● तल्लो कक्षामा भाइबहिनीहरुसँग खेल्न र उनीहरुलाई खेलाउन लगाउँने । | | गर्ने भनी सान्दर्भिक शब्दहरुको सूची बनाई जोडा मिलाउन दिने । | |
| ११ | खेलुकुद, कला साहित्य र शारीरिक व्यायाम एवं योग शिक्षा | ● गाउँपालिकामा प्रचलित स्थानीय खेलकुदहरु मध्ये ६ वटाको नाम बताउन र कम्तिमा ४ वटा खेल खेल्न । <br> ● गाउँपालिका भित्र बसोबास गर्ने क्षेत्रमा प्रचलित लोकगीत र लोकनृत्यहरु मध्ये ६।६ वटाको नाम बताउन र कम्तिमा ४ वटा लोकगीत गाउन र लोकनृत्य प्रदर्शन गर्न । | ● पालिकामा प्रचलित स्थानीय खेलकुदहरु जस्तैः कपर्दी, डण्डीवियो, भाले जुधाइ, भकुण्डो, डोरी नाध्ने । <br> ● खेल विधिहरु वा तरिका । <br> ● पालिकामा प्रचलित लोकगीतहरु जस्तैः ठाडोभाका, दोहोरी, तीज, देसीभैलो, रत्यौली, भजन गीत आदि । | ● विद्यार्थीहरुलाई कुन कुन खेल खेल्न मन पर्छ, के के खेल खेल्न आउँछ भनेर सोध्ने र गाउँपालिकामा पहिले देखि प्रचलनमा रहेका विभिन्न किसिमका खेलहरुको बारेमा जानकारी गराउने । <br> ● विद्यार्थीको शारीरिक अवस्था, खेलमैदान वा कक्षाकोठा, विद्यार्थी सङख्या र आवश्यक खेल सामग्री उपलब्धतालाई मध्यनजर गरेर समुहमा खेल्ने खेलहरु खेलाउने । खेल खेलाउँदा फरक क्षमता भएका बालबालिकाहरुलाई पनि समावेश गर्न सकिने खेलहरु खेलाउने र उनीहरुलाई पनि सक्ने भूमिका गर्न लगाउने । खेल खेलाउँदा सबैलाई पालैपालो नेतृत्वको अवसर दिने, फरक क्षमता भएका बालबालिकाहरुलाई पनि समावेश गर्न सकिने लेखहरु खेलाउने । | ● खेल अनुसार खेल सामग्रीहरु <br> ● खेल मैदान वा कक्षा र सोको तयारी <br> ● प्राथमिक उपचार सामग्री बाकस । <br> ● खेलका नियम लेख्ने र नतिजा लेख्ने सेतोपाटी । <br> ● स्थानीय लोकगीतको सूची । <br> ● सही भाका, लय र शब्दहरु | ● कम्तिमा ८ वटा स्थानीय खेलहरुको नाम भन्न लगाउँने । <br> ● कम्तिमा ४ वटा स्थानीय खेल खेल्न लगाउँने । <br> ● एकल जोडी र सामुहिक खेलहरु खेल्दा विद्यार्थीहरुको सहभागिता अवलोकन गर्ने । <br> ● घरभित्र र बाहिर खेलिने कम्तिमा ८ वटा स्थानीय खेलहरुको नाम भन्न लगाउँने | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ● योगका सामान्य नियमहरु बताउन ।<br>● प्राणायामको सामान्य अर्थ बताउन ।<br>● प्राणायामका प्रकारहरु बताउन । | ● लोकनृत्य नाँच र लोक नृत्य गर्ने तरिका ।<br>● योगका सामान्य नियमहरुः योगभन्दा पहिले हल्का व्यायाम गरेर शरीरलाई तताउने, व्यायाम सूर्योदयभन्दा पहिले वा बेलुका खाना नखाँदै गर्ने, सफा र सजलो लुगा लगाउने जस्ता योगमा प्रयोग हुने १० नियमहरु ।<br>● प्राणायामको सामान्य अर्थ र प्रकारहरु र अभ्यास । | ● गाउँपालिकामा प्रचलित लोकगीतहरु जस्तैः ठाडोभाका दोहोरी गीत, देउसी भैलो गीत आदि मध्ये केही मुख्य मुख्य लोकगीतका नाम लेखाइदिने र डाउनलोड गरी सुनाइदिने ।<br>● सजिलै गाउन सक्ने गीत छनौट गरी भाका मिलाएर गाउँन सिकाउँने ।<br>● यस्तो गीत गाउन जान्ने स्थानीय बासीलाई बोलाएर सुनाउन र सिकाउन लगाउँने ।<br>● बालबालिका नाच्न सक्ने लोकनृत्यमा नाच्न अभ्यास गराउने र आफैलाई गर्न लगाउँने ।<br>● उनीहरुले गाएको, नाचेको मोवाइलमा भिडियो रेकर्ड गरी उनीहरुलाई नै देखाइदिने । उनीहरुलाई स्थानीय नाचगानको लागि प्रोत्साहन गर्ने ।<br>● शिक्षकले योगका कुनै ४ वटा नियमहरुः योगाभ्यास भन्दा पहिले हल्का व्यायाम गरेर शरीरलाई तताउने, व्यायाम सूर्योदयभन्दा पहिले वा बेलुका खाना नखादै गर्ने, सफा र सजिलो लुगा लगाउने, सफा शान्त र उपयुक्त ठाउँमा योग गर्न सकिने कुरा सबैले सुन्ने गरी बोल्दै बोर्डमा टिप्दै जाने । छलफल, प्रश्नोत्तर र सम्वाद जस्ता विधिहरु प्रयोग गरेर प्रष्ट्याउने । यसैगरी अन्य सम्पूर्ण नियमहरु समेतको जानकारी गराउने ।<br>● प्रश्नोत्तर विधिको आधारमा बालबालिकाहरुसँग छलफल गर्ने । प्राणायामको नमुना अभ्यास गरेर देखाइदिने । सोही अनुसार बालबालिकालाई अभ्यास गर्न लगाउने ।<br>● प्राणायामका प्रकारहरुका बारेमा देखे सुनेका कुराहरु उठान गरी बालबालिकाहरुसँग छलफल गर्ने ।<br>● प्राणायामहरु पूरक, कुम्भक र रेचक गरी ३ प्रकारको हुने कुरा बताउनुका साथै अभ्यास समेत गरी देखाई प्रष्ट पारिदिने । | ● अडियो भिजुअल रेकर्डर<br>● साउण्ड स्पिकर, मल्टिमिडिया प्रोजेक्टर र डिस्प्ले सिस्टम ।<br>● सेतोपाटी, चार्ट पेपर<br>● योऊका नियमहरु लेखेको पोष्टरहरु ।<br>● प्राणायामका प्रकारहरु उल्लेख भएको पोष्टर र योग सम्बन्धी भिडियो । | ● विद्यालयमा खेलको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्ने ।<br>● विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापमा विद्यार्थीहरुको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने ।<br>● कम्तिमा ७ वटा स्थानीय लोकगीत र लोकनृत्यको नाम भन्न लगाउँने ।<br>● स्थानीय लोकगीत संयुक्त वा सामुहिक रुपमा गाउन लगाउँने ।<br>● स्थानीय लोकनृत्य संयुक्त वा सामुहिक रुपमा नाच्न र प्रदर्शन गर्न लगाउँने ।<br>● विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापमा विद्यार्थीको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने ।<br>● योगका कुनै ४ वटा नियमहरुको नाम के होला ?<br>● कस्तो ठाउँमा योगाभ्यास गर्न उपयुक्त हुन्छ?<br>● योगाभ्यास कतिवेला गर्न राम्रो हुन्छ ?<br>● प्राणायाम भनेको के हो र कति प्रकारका हुन्छन् ? | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | वातावरण संरक्षण एवं फोहोरमैला व्यवस्थापन र हरित विद्यालय | ● वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन र हरित विद्यालयको बारेमा परिचय दिन ।<br>● फोहोरमैलाको परिचय र प्रकार<br>● वातावरण र विकासको परिचय । | ●वृक्षारोपण र बोटबिरुवाको संरक्षण । जस्तैः घर तथा विद्यालयमा गरिने वृक्षारोपणमा सहयोग ।<br>●घर तथा विद्यालयमा भएका बोटबिरुवाको संरक्षणमा सहयोग ।<br>● फूलवारी तथा बोटबिरुवाको हेरचाह<br>● हाम्रो वरपरको वातावरण र सरसफाइ, फोहोरमैला व्यवस्थापन जस्तैः व्यक्तिगत, घर, आँगन, विद्यालय वरिपरिको वातावरण सरसफाइ ।<br>● फोहोरमैलाको पहिचान र स्थानीय स्तरमा पारेको असर ।<br>●वातावरण प्रदुषणको असर ।<br>● फोहोमैलाको वर्गीकरण जस्तैः ठोस, तरल र ग्याँस, यसको व्यवस्थापनमा सहयोग । | ●घरको बगैचा वा खेतको छेउछाउमा वृक्षारोपण गर्ने सम्बन्धमा विद्यार्थीहरुलाई सोध्ने र खाली ठाउँमा वृक्षारोपण गर्नुपर्ने कुरा भन्ने ।<br>● घरमा वृक्षारोपण गर्ने कार्यमा सहयोग गर्ने कुरा भन्ने र अनुभव सुनाउन लगाउने ।<br>● विद्यालयको खाली ठाउँमा वृक्षारोपण कार्यमा सहभागी गराउने ।<br>●घर तथा विद्यालयमा भएका बोटविरुवाको संरक्षण गर्नुपर्ने कुरा भन्ने र संरक्षण तथा हेरचाह गर्ने कार्यमा सहभागी गराउने ।<br>● कक्षाकोठामा विद्यार्थीहरुलाई अभिन लगाउने र व्यक्तिगत सरसफाइ गरे नगरेको अवलोकन गर्ने ।<br>● विद्यार्थीहरु मध्ये व्यक्तिगत सरसफाइ राम्रो गरेका विद्यार्थीहरुलाई कक्षाकोठाको अगाडि बोलाइ उनले व्यक्तिगत सरसफाइ गर्दा अवलम्बन गरेका तरिकाहरु सुनाउन लगाउने ।<br>● व्यक्तिगत सरसफाइ अन्तर्गत गरिने कार्यहरुको बारेमा जानकारी गराउने । जस्तैः नुहाँउने, कपाल कोर्ने, कपडा सफा गर्ने आदि ।<br>● व्यक्तिगत सरसफाइ अन्तर्गत गर्न सकिने केही कार्यको प्रदर्शन गर्ने ।<br>●स्वस्थताका लागि घर, आँगन, विद्यालय वरिपरिको वातावरण सफा राख्नुपर्ने कारण भन्ने र छलफल गर्ने ।<br>● विद्यालयको कक्षाकोठा बाहिर, खेलमैदान, शौचालय, धारा वरपरको सरसफाइमा सहभागी गराउने र सरसफाइ पश्चात साबुन पानीले हात धुने कार्य गर्ने गराउने ।<br>●घर, कक्षाकोठा, कक्षाकोठा बाहिर हुने फोहोरमैलाको चित्रद्वारा पहिचान गराउने ।<br>● कक्षाकोठा भित्र तथा कक्षाकोठा बाहिरका फोहोरमैलाको अवलोकन गराई फोहोरमैलाको पहिचान गर्न लगाउने ।<br>● घर, विद्यालय, अस्पताल, कारखानाबाट निस्कने फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर जस्तैः स्वास्थ्य, वातावरण, कृषि आदि सम्बन्धमा श्रव्यदृश्य सामग्री अवलोकन चित्र आदिको माध्यमबाट छलफल गराउने । | ● हरियाली र नाङ्गा डाँडापाँखा भएको पोस्टरहरु<br>● सरसफाइका सामग्रीहरु जस्तैः, साबुन, टावेल, नङकट, पानी, जग, बाल्टी आदि ।<br>● सफा र फोहोरयुक्त चित्रहरु भएको पोस्टर<br>● वृक्षारोपण गर्दै गरेको चित्रहरु, पोस्टरहरु<br>● बिरुवाहरुमा पानी हाल्दै गरेको चित्रात्मक पोस्टर । | ● घरमा भएका विरुवाको नाम भन्न लगाएर ।<br>● विद्यालयको बगैचा तथा विद्यालय वरपर भएका बिरुवाको नाम पहिचान गर्न लगाएर ।<br>● आफ्नो घर वरपर भएका बिरुवाको नाम भन्न लगाएर ।<br>● वृक्षारोपणको अनुभव भन्न लगाएर ।<br>● विद्यालयमा बिरुवाको संरक्षण तथा हेरचाहमा सहभागी भए नभएको अवलोकन गरेर ।<br>● व्यक्तिगत सरसफाइ गरे नगरेको अवलोकन गरेर<br>● घर तथा विद्यालय वरपरको वातावरण सफा राख्ने कार्यमा सहभागी भए नभएको अवलोकन गरेर ।<br>● फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर भन्न लगाएर ।<br>● स्थानीय स्तरमा वातावरणीय प्रदुषणको अवस्था भन्न लगाएर ।<br>● फोहोरमैलाको वर्गीकरण गर्न सके नसकेको भन्न लगाएर ।<br>● फोहोरमैलाको उचित तरिकाले विसर्जन, व्यवस्थापन | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | ● घर, परिवार, विद्यालय, अस्पताल, कारखाना, विकास निर्माण, प्रकोप आदिबाट हुने फोहोरलाई वर्गीकरण गर्न लगाउने र ती फोहोरलाई सामान्यतया ठोस (कुहिने र नकुहिने) तरल र ग्याँस वा हावा गरी तीन समुहमा वर्गीकरण गर्न सकिने कुरा भन्ने ।।<br>● स्थानीय स्तरमा देखापरेका प्रदुषण जस्तैः जल, जमिन ध्वनी, हावा आदिको बारेमा छलफल गराउने ।<br>● विभिन्न माध्यमबाट उत्पन्न हुने फोहोरलाई उचित तरिकाले विसर्जन गर्न, मल बनाउने, प्रशोधन गर्ने कार्य गर्नुपर्ने कुरा भन्न र व्यवस्थापनमा सहभागी गराउने । | | गरे नगरेको अवलोकन गरेर ।<br>● घर, विद्यालय वरिपरि हुने फोहोरमैलाको पहिचान गर्न सके नसकेको अवलोकन तथा प्रश्नत्तर गरेर । | |
| १३ | सामाजिक रुपान्तरण, लोकतन्त्र र सङ्घीयता | ● प्रदेश र जिल्ला घोषणा भएको साल<br>● मुड्केचुला गाउँपालिका घोषणा भएको साल, महिना र गते भन्न र जम्मा वडाहरुको सङ्ख्या र साविक गा.वि.स. सङ्ख्या बताउन । | ●प्रदेश र जिल्ला घोषणा भएको साल ।<br>● मुड्केचुला गाउँपालिका घोषणा भएको मिति, जम्मा वडाहरुको सङ्ख्या र साविक गा.वि.स. सङ्ख्या र नामावली । | ● हामी कुन गाउँपालिकामा बस्छौं भनी सोध्ने । पछि हामी बसेको गा.पा.को नाम "मुड्केचुला" हो भनी सेतोपाटीमा लेखिदिने र कापीमा सार्न लगाउँने ।<br>● मुड्केचुला गा. पा. घोषणा भएको साल, महिना र गते लिखिदिने ।<br>● मुड्केचुला गा.पा. साविकको कतिवटा गा. वि. स.हरु मिलेर बनेको हो भनी ती गा.वि.स. हरुको सङ्ख्या सेतोपाटीमा लेखिदिने र विद्यार्थीलाई कापीमा सार्न लगाउँने । दोहोर्याएर सोध्ने ।<br>●साविक गा.वि.स. हरुको नाम भएको मुड्केचुला गा. पा. को नक्सा प्रदर्शन गर्दै गाउँपालिकाको बारेमा प्रस्तुतीकरण गर्न लगाउँने ।<br>● पालिकाको पदाधिकारीहरुको नामवली वताइदिने । | ● नेपालको संविधान<br>● मुड्केचुला गा.पा. घोषणा भएको साल र साविक गा. वि. स. हरू र हालको गा. पा. को सिमाना छुट्टिएको नक्सा, चार्ट पेपर वा न्यूज पेपर, मार्कर । | ● तिमि बसेको गाउँपालिका कुन प्रदेशमा पर्छ भनी सोध्ने ।<br>● नेपाल सरकारले कति सालमा प्रदेश घोषणा गरेको हो भनी सोध्ने ।<br>● मुड्केचुला गा. पा. घोषणा कति साल कुन महिना र कति गते भयो ? भनी सोध्ने र पालिकामा जम्मा कति वटा वडाहरु छन् भनी सोध्ने ।<br>● कति वटा गा. वि. स. हरु मिलाएर मुड्केचुला गाउँपालिका बनाइएको हो भनी विभिन्न सङ्ख्या मध्ये सही सङ्ख्यामा गोलोघेरा गर्न लगाउँने ।<br>● पालिकाको जनप्रतिनिधिहरुको नाम भन्न लगाउँने । | ५ |

## कक्षा–५

| क्र. सं. | विषय क्षेत्र/थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य शिक्षण सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया वा विधि | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| १ | हाम्रो गाउँपालिकाको परिचय | • आफू बसिरहेको गाउँठाउँ, गाउँपालिका र वडा र जिल्ला र प्रदेशको नाम लेख्न र कम्तिमा १० वाक्यमा आफू बस्ने वडा र गाउँपालिकाको बारेमा बताउन ।<br>• गाउँपालिकाको वडागत सिमाना । | • विद्यार्थी आफू जन्मेको र बसोबास गर्ने गाउँ टोलको पूरा ठेगाना झल्किने लेख ।<br>• आफू बसोबास गर्ने वडा नम्बर, गाउँपालिका र जिल्ला, प्रदेशको नाम<br>• गाउँपालिकाको वडागत सिमाना ।<br>• वडा समितिको गठन प्रक्रिया ।<br>• वडा समितिको कामहरु मध्ये जन्म, विवाह र मुत्यु दर्ता ।<br>• वडाबाट प्रवाह हुने सेवा । विकासका पूर्वाधारहरु जस्तैः शिक्षा, स्वास्थ्य, खानेपानी, बिजुली, यातायात, सञ्चारको महत्व ।<br>• विकासका पूर्वाधारहरु जस्तैः शिक्षा, स्वास्थ्य, खानेपानी, बिजुली, यातायात, सञ्चारको महत्व उल्लेख गर्न ।<br>• १० वाक्यमा | • नेपालको नक्शामा कर्णाली प्रदेश देखाउन लगाउँने र प्रदर्शन विधिबाट मुड्केचुला गाउँपालिकाको सङ्केत गर्न लगाउने ।<br>• डोल्पा जिल्लाको नक्शा देखाई विद्यार्थीहरुलाई गाउँपालिका देखाउँने ।<br>• नक्शाको सहायताले चार किल्लाको सीमा देखाई गाउँपालिकाको भौगोलिक अवस्थितिको परिचय दिने ।<br>• सबै विद्यार्थीलाई पालैपालो हजुर कहाँ बस्नुहुन्छ ? भनेर पालैपालो सोध्ने र आएको उत्तरलाई सेतोपाटीमा टिप्दै जाने ।<br>• गाउँपालिकाको नक्शा देखाउँदै नक्शा कोर्न लगाउँने ।<br>• मुड्केचुला गाउँपालिकाको ९ वडाहरु छुट्याएको नक्शा देखाई उनीहरुको घर र विद्यालय भएको वडा देखाउने ।<br>• आफू बस्दै आएको पालिकाको नाम मुड्केचुला गाउँपालिका हो भनि भन्न, चिन्न र लेख्न लगाउँने ।<br>• विद्यालय वरपरको ठाउँहरु घुमाउन लाने (अध्ययन भ्रमण) र त्यसको बारेमा बताइदिन र कस्तो लाग्यो, त्यहाँ केके देख्नुभयो, हजुरको घर, टोल गाउँमा छ कि छैन् भनेर सोध्ने, छलफल गर्ने ।<br>• भ्रमण गरेको ठाउँको चित्र बनाएर दिने र त्यसमा नाम लेख्न र भर्न लगाउँने ।<br>• पालिकाको विभिन्न ठाउँको भिडियो क्लिप, फोटो आदि देखाई छलफल गर्ने ।<br>• विद्यार्थीको घर रहेको वडा नम्बरमा विद्यार्थीको घरको चित्र बनाएर रङ भर्ने र गा. पा. र आफ्नो गाउँको नाम लेख्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउँने ।<br>• गाउँपालिकाको विभिन्न ठाउँको भिडियो क्लिप्स, फोटो आदि देखाई छलफल गर्ने ।<br>• जाडो मौसममा के कस्ता रोगहरुले सताउँछ भनी सूची बनाउन लगाउने ।<br>• गर्मी मौसममा के कस्ता रोगहरु लाग्छन् भनी छलफल प्रश्नोत्तर गरी रोगको सूची बनाउन लगाउने ।<br>• आफ्नो वडाको बारेमा एक अनुच्छेद लेखेर ल्याउन लगाउँने । | • सिमाना तथा वडा छुट्टिएको पालिकाको नक्सा<br>• पालिकाको विभिन्न स्थानको भिडियो क्लिप, मोवाइल फोटो<br>• हातले बनाएको वडा छुट्टिने गा.पा.को नक्सा<br>• घर गाउँको सङ्केत जनाउने रङ्गीन कागजको टुक्राहरु<br>• गाउँपालिकाको क्यालेण्डर<br>• पालिका र वडा कार्यालयको नक्शा र सेवा प्रवाह सम्बन्धी पोस्टर | • नेपालको नक्शा हेरेर कर्णाली प्रदेश र गाउँपालिका कहाँ पर्छ चिनो वा सङ्केत गर्न लागाएर ।<br>• गाउँपालिकाको चार दिशामा अवस्थिति स्थानीय तहहरु भन्न लगाएर ।<br>• गाउँपालिकाको आकार, प्रकार, उचाइ क्षेत्रफल वर्णन गर्न लगाएर ।<br>• गाउँपालिकाको भूबनोट वा हावापानी वर्णन गर्न लगाएर ।<br>• गाउँपालिकाको नक्शा कोर्न लगाएर ।<br>• मोवाइल फोटो वा हातले तयार गरेको चित्र देखाई हजुर कुन गाउँपालिकाको कुन वडामा बस्नुहुन्छ भनी सोध्ने ।<br>• विद्यार्थीको गाउँ गा. पा. र वडा नम्बर सोध्ने र लेख्न लगाउँने ।<br>• पालिकाको नक्सा आफू बसेको वडा नम्बर देखाउन लगाउँने ।<br>• आफ्नो गाउँ विद्यालयको चित्र बनाई लेख्न र रङग भर्न लगाउँने ।<br>• स्थानीय सरकारका प्रमुख अङ्ग केके हुन भनी भन्न लगाएर ।<br>• कार्यपालिका, न्यायपालिका र | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | गाउँपालिकाको बारेमा बताउन।<br>• स्थानीय सरकारः जस्तैः कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका।<br>• स्थानीय विकासका समस्या र चुनौतीहरु | • गाउँसभाको गठन प्रक्रियालाई चार्टमा उतारी कक्षामा छलफल र सहजीकरण गर्ने।<br>• विद्यार्थीहरुलाई अभिनय विधिबाट गाउँ वा नगरसभाको निर्वाचन गराई त्यसैगरी जनताबाट निर्वाचित भएका व्यक्तिहरु नै गाउँसभाका सदस्य हुन भनी बताइदिने।<br>• गाउँपालकामा गाउँपालिका अध्यक्ष र उपाध्यक्ष लगायत सदस्यहरुले नै विकासका लागि नीति तथा अन्य कार्यक्रम र विकास निर्माण, सामाजिक सेवा उपलब्ध गराउँछन भनी जानकारी गराउने।<br>• स्थानीय सरकारका तीन प्रमुख अङ्ग सहितको तालिका देखाउँदै कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको सामान्य परिचय दिने<br>• वडाहरुबाट प्रवाह हुने सेवा, बसाइसराइ र अन्य सिफारिस नमूनाको रुपमा बनाइदिने।<br>• आफ्नो घर र गाउँ नजिका विकासका पूर्वाधारहरुको नाम भन्न लगाई छलफल गर्ने।<br>• गाउँपालिका भित्र रहेका नमूना विद्यालयको क्षेत्र भ्रमण गराउने।<br>• गाउँपालिकाको विकासमा देखा परेको समस्याहरु बारे छलफल र प्रश्नोत्तर गराउने।<br>• धुम्रपान र मद्यपानले विकासमा पार्ने प्रभाव बारे छलफल र प्रश्नोत्तर गराउने।<br>• लागु पदार्थको दुर्व्यसनले मानव स्वास्थ्य र विकासमा पार्ने नकारात्मक असर बारे छलफल र प्रश्नोत्तर गराउने।<br>• लागु पदार्थ ओसारपसारको परिचय, कारण तथा असर बारे छलफल र प्रश्नोत्तर गराउने।<br>• महिला हिंसाका कारण समस्या तथा समाधानका उपायको समुहगत रुपमा छलफल गराई बुँदागत रुपमा प्रस्तुत गर्न लगाउने।<br>• आत्महत्या के कारणले हुन्छ भनी छलफल गराउने र बुँदागत रुपमा प्रस्तुत गर्न लगाउने।<br>• आत्महत्याबाट परिवार, समाजमा पर्ने नकारात्मक असरका बारेमा समुहगत रुपमा छलफल गर्न लगाउने र निष्कर्ष प्रस्तुत गर्न लगाउने। | | व्यवस्थापिकाको परिचय दिन लगाएर।<br>• गा. पा.को नक्सा भित्र आफ्नो घर भएको ठाउँको चिनो लगाई रङग भर्न लगाउँने।<br>• कक्षामा गरिएको क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने।<br>• वडाबाट कुन कुन सेवा प्रवाह हुन्छ भनी भन्न लगाएर<br>• वडाबाट प्रवाह गर्ने सेवाको सूची बनाउन लगाएर।<br>• गाउँसभाको गठन प्रक्रिया भन्न लगाएर, गाउपालिकाले कुनकुन कार्य गर्दछ भनी सूची बनाउन लगाएर।<br>• वडा र पालिकामा भएका स्वास्थ्य संस्था र विद्यालयहरुको सूची बनाउन लागएर।<br>• पालिकासँग जोडिएका महत्वपूर्ण सडक मार्ग कुनकुन हुन सोधी भन्न लगाएर।<br>• पालिकाको विद्युत वितरण र सञ्चारको अवस्था कस्तो छ भनी भन्न लगाएर।<br>• गाउँपालिकाको विकासमा देखिएका समस्या र चुनौतीहरु र समाधानको सूची बनाउन लगाएर।<br>• धुम्रपान मध्यपानको परिचय दिन लगाएर यसले मानवलाई पार्ने | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | असरको सूची बनाउन लगाएर। <br>• लागु पदार्थको दुर्व्यसनले मानव स्वास्थ्यमा पार्ने नकारात्मक असर भन्न लगाएर। <br>• लागु पदार्थ ओसारपसारबाट उत्पन्न हुने असर भन्न लगाएर। <br>• आत्महत्या रोकथामका उपायहरुका बारेमा भन्न लगाएर । यसले समाजमा कस्तो नकारात्मक असर पार्छ छलफल गर्न लगाउने। | |
| २ | स्वास्थ्य र सरसफाइ | • आफ्नो व्यक्तिगत सरसफाइ आफै गर्न र चर्पीको प्रयोग गर्ने बानीको विकास। <br>• दैनिक हातमुख धुन र रुमाल वा सफा कपडाको प्रयोग गरी शरीर सुख्खा र सफा राख्न। <br>• सफा खानेकुरा वा खानेकुरा सफा गरेर खान। <br>• घर तथा विद्यालय वरपर सफा राख्ने कार्य। | • व्यक्तिगत सरसफाइ <br>• आफ्नो पोसाक, रुमाल, मोजा केही लुगा धुने बानी। <br>• आफ्नो कापी, किताब, कलम, कपडा र अन्य सामानहरु यथास्थानमा राख्ने बानी। <br>• घर, विद्यालय, बाटो र सार्वजनिक स्थलमा तोकिएको ठाउँमा फोहोरर राख्ने वा फाल्ने बानी। <br>• सफा खानेकुराका फाइदाहरु। <br>• सफा पिउने पानीबाट शरीरमा हुने फाइदा। <br>• फलफूल जस्ता काँचै खानेकुरा खाँदा ध्यान | • विद्यालय र घरमा पनि सो तरिकाले हातमुख खुट्टा धुने गरे वा नगरेको बारेमा सोध्ने र गर्न प्रोत्साहित गर्ने। <br>• विद्यार्थीलाई आफ्नो कपडा कसले धुने गरेको छ भनी सोध्ने। <br>• कपडा धुने तरिका सिकाउने र आफ्नो कपडा आफैले अनिवार्य धुनु पर्ने बारे बताउने। <br>• व्यक्तिगत सरसफाइ सम्बन्धी पोस्टर, चित्र भिडियो देखाएर प्रश्नोत्तर गर्दै छलफल गर्ने। <br>• जुत्ता, चप्पल, रुमाल, तौलिया आदि सरसफाइ सम्बन्धी सामानको प्रयोगको बारेमा छलफल गर्ने। <br>• सरसफाइ नगर्दा पर्नसक्ने स्वस्थ्य असर सम्बन्धी बिचको माध्यमबाट प्रस्ट पार्ने। <br>• साबुन पानीले हात धोएको चित्र वा पोस्टर देखाएर छलफल गर्ने र त्यहीँ देखाए अनुसार हात मुख धुने तरिका बताउँदै अभ्यास गराउने। <br>• हात धोएपछि सफा कपडाले हात मुख पुछन सिकाउने। <br>• चप्पल र जुत्ताको प्रयोग कहाँ गर्ने, कहाँ नगर्ने भनी विद्यार्थीसँग कुरा गर्ने र कहाँ जुत्ताचप्पल लगाउँदा ठिक हो, कहाँ बेठीक हो भनि बताउँने। <br>• अभिभावकहरुलाई समेत यसबारे जानकारी गराई बालबालिकाहरुलाई घरमा पनि बानी लगाउन अनुरोध गर्ने। <br>• सफा र मैलो कपडा, सफा र मैलो झोला र अन्य सफा र मैलो वा फोहोर सामानहरु देखाएर कुन सफा र कुन मैलो वा फोहोर हो भनि छुट्टाउन लगाउँने। | • व्यक्तिगत सरसफाइ सम्बन्धी पोस्टर, चित्र भिडियो। <br>• साबुन पानीले हात धोएको चित्र वा पोष्टर <br>• सफा पानी, साबुन वा खरानी <br>• हात पुछने तौलिया वा सफा कपडा <br>• स्थानीय सामानले बनेको जुत्ता चप्पल राख्ने र्याक। <br>• विद्यालय परिसरमा फोहोर राख्ने टोकरी वा डोको वा तोकिएको निश्चित एवं व्यवस्थित ठाउँ। <br>• सफा र मैलो कपडा व्याग र अन्य सामानहरु | • सही तरिकाले साबुन पानीले हात खुट्टा धुन जान्यो वा जानेन अभ्यास गर्न लगाएर हेर्ने। <br>• चर्पीको प्रयोगपछि खाना खानुअघि र खाइसकेपछि सधै हात धुने बानी भयो कि भएन अभिभावकसँग सोध्ने। <br>• सफा र फोहोर कुरा वा चित्र देखाएर छुट्टाउन लगाउँने। <br>• विद्यालयमा विद्यार्थीको व्यक्तिगत र बाहिरी सरसफाइ सम्बन्धी क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने। <br>• घरको भान्साको सरसफाइको बारेमा प्रतिक्रिया बुझ्ने। <br>• विद्यालयमा हुँदा विद्यार्थीले खाने खाजा वा खानेकुरा सफा गर्ने आनीबानीको आधारमा मूल्याङ्कन गर्ने। | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | दिनुपर्ने कुराहरु । • भान्सामा पकाएका वा पाकेका खानेकुरा सफा र सुरक्षित राख्ने विधि । • बासी सडेगलेका, झिँगा भन्केका गनाएका, बिग्रेका खानेकुराबाट हुने हानी । | • सफा र फोहोर वा मैला चित्र सिकाउने र कसरी फोहोर भएको होला अब के गर्यो भने फोहोर हुँदैन? कसरी कसले सफा गर्ने होला भनी प्रश्नोत्तर गेरर सफा र फोहोरको अर्थ बुझाउने र सधै सफा रहने बारे बताउने । चित्र वा तस्वीर देखाएर पनि छलफल गर्न सकिन्छ । साबुन पानीले हात, खुट्टा र मुख धोएर प्रदर्शन गर्न लगाउँने । • सफा र फोहोर कुराहरु, कपडा आदि कक्षा भित्र र बाहिर भएको कुराहरु अवलोकन गराएर चिनाउने । • सरसफाइ सम्बन्धी चित्र देखाएर कुन राम्रो कुन नराम्रो, किन र के भए राम्रो हुन्छ भनी प्रश्नत्तोर गर्ने । • बासी सडेगलेकाऽ झिँगा भन्केकाऽ गनाएका बिग्रेका खानेकुरा नखाने भनेर बताउने । • सफा र फोहोरा खानेकुराको चित्र वा पोस्टर देखाएर बताउने । • हरेक विद्यार्थीहरुले आफूले गर्ने गरेका व्यक्तिगत सरसफाइको बारेमा कक्षामा मौखिक रुपमा प्रस्तीकरण गर्न लगाउँने । • हप्तामा कम्तिमा एक पटक नुहाउन र कपडा धोएर लगाउँनु पर्ने लगायतको सफाइ सम्बन्धी नियम बनाई सबै बालबालिका र अभिभावकलाई जानकारी गराउने र बारम्बार सम्झाउने । • दाल, भात, दुध जस्ता पकाएका खानेकुराहरु कसरी छोपेर राख्ने, नछोपे कसरी झिँगा र अन्य फोहोर पर्छ भनेर भान्सामा अवलोकन गराएर छलफल गराउने वा आफ्नो भान्साकोठाको अवलोकन गरेर आउन भन्ने र के कुरा राम्रो रहेछ र के के कुरा नराम्रो रहेछ भनी प्रश्नोत्तर गर्ने र सुधारका लागि अभिभावकलाई अनुरोध गर्न भन्ने । • सफा र फोहोर खानेकुराको चित्र वा पोस्टर देखाएर प्रश्नोत्तर गर्ने र सही र गलत बताउने । • आफ्नो व्यक्तिगत र घरपरिवारमा साप्तहिक रुपमा गर्ने गरेको सरसफाइ बारेमा सबैलाई प्रस्तुत गर्न लगाउने । | । • सरसफाइ सम्बन्धी विद्यालयले बनाएको नियम । • कपडा धोएको चित्र । • सफा र फोहोर खानेकुराको चित्र वा पोस्टर । • खानेकुरा छोपेर राखेको र नछोपी राख्दा फोहोर झिँगा परेको वास्तविक भान्सा वा पोस्टर वा श्रव्य दृश्य सामग्री । | • पोसाक र सामान्य किसिमको कपडा विद्यार्थी आफैले धुने गरेको छ वा छैन भनी अभिभावकसँग सोध्ने । • विद्यालयको सरसफाइ सम्बन्धी नियमको पालना गरेको विद्यार्थीको क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने । | |
| ३ | मातृभाषा, संस्कृति र चाडपर्व | • आफ्नो मातृभाषामा आफ्नो र घरपरिवारको परिचय दिन र घरपरिवारमा बोलिने कम्तिमा २०० शब्दहरु प्रयोग गर्न र २० वाक्यहरु बनाउन र १ देखि ५० सम्मका अङ्क भन्न । | • गाउँपालिकाको आफू बसोबास गर्ने ठाउँमा विभिन्न जाति जनजातिहरुको सूची । • उनीहरुको मातृभाषाको सूची र मातृभाषामा सामान्य परिचय । | • गाउँपालिकाको आफू बसोबास गर्ने ठाउँमा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरुको सूची तयार गर्ने । • आफ्नो मौलिक वेशभूषा वा पहिरन लगाएको सामानहरु पुस्तकालयमा राख्ने । ती सामानहरु कक्षाकोठामा ल्याएर प्रदर्शन गरी विद्यार्थीलाई आ-आफ्नो जाति समुदाय के हो भन्न लगाउँने । • आफ्नो साथी कुन कुन समुदायका छन् जोडीमा सोधेर भन्न लगाउँने । सबै जाति समुदायहरु बराबर हो भन्ने कुरा बुझाउने । यस क्रममा जातीय विभेदलाई दुरुत्साहन हुने कुनै पनि कुरा वा कार्य गर्न गराउन नहुने । | • स्थानीय जाति समुदाय अनुसारको मौलिक वेशभूषा, गरगहना, पहिरन लगाएको महिला पुरुष सम्बन्धी चित्र, पोस्टर । • मातृभाषाको शब्दकोष, | • स्थानीय मौलिक जाति समुदाय अनुसारको वेशभूषा र गरगहनाको नाम र सम्बन्धित जातिहरुको सूची बनाई जोडा मिलाउन दिने । • मातृभाषामा १० वटा बाक्यमा आफ्नो परिचय दिन लगाउँने । • नमस्कार, अभिवादन, विदाइको | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • पालिका क्षेत्रमा रहेका विभिन्न जाति, जनजाति विशेष र सबैको साझा स्थानीय सामाजिक संस्कार र संस्कृतिको बारेमा बताउन र आ-आफ्नो वेशभूषा चिन्न र सोको महत्व बताउन ।<br>• बालबालिकाहरुको विद्यालय रहेको वडामा विभिन्न जाति जनजाति विशेषले मनाउने चाडपर्वहरु मध्ये १० वटाको नाम बताउन।<br>• चाडपर्वहरु मध्ये कुनै ३ मनाउने तरिका र महत्व बताउन। | घरपरिवारको बारे बताउने वाक्यहरु।<br>• शरीरका मुख्य अङ्गहरु, मातृभाषामा अभिवादन, परिवार भित्र र नजिकको आफन्त, साइनो १ देख ५० अङ्क गणना।<br>• घरपरिवारमा बारम्बार बोल्ने कम्तिमा २०० शब्दहरु।<br>• मौलिक पहिचान, पहिरन, स्थानीय सामाजिक संस्कारहरु मध्ये केही शुभकर्म जस्तैः न्वारन, पास्नी, छेवर, व्रतबन्ध, विवाह, आदि मध्ये कुनै ३ वटाको बारेमा केही कुरा बताउन।<br>• विद्यालय र गाउँपालिकाका मुख्य साझा चाडपर्वहरु र तिनीहरुको महत्व। | • विद्यार्थीहरुले आ-आफ्नो मातृभाषामा परिचय दिने। जस्तैः मरो नाम, मेरो घर, जिल्ला, गा. पा. वडा, टोल ...... हो। मेरो बुबा, आमा, दिदी, भाइ, दाई, .... को नाम ...... हो। म .....कक्षामा पढ्छु।<br>• शरीरको मुख्य अङ्गहरु जस्तैः आँखा, नाक, कान, मुख, टाउको, घाटी, हात, औला आदि नेपालीमा लेखिदिने र त्यसलाई मातृभाषामा लेखेर ल्याउन गृहकार्य दिने।<br>• विद्यालय र समुदायका विभिन्न झाँकीमा विद्यार्थीहरुलाई सहभागी गराउँने।<br>• नमस्कार, अभिवादन आदि गर्ने शब्दहरुलाई मातृभाषामा भन्न लगाउने।<br>• चाडपर्वहरुको बारेमा छलफल र सूची बनाउन लगाउँने।<br>• शरिरका अङ्गहरु, घरपालवा पशुपंक्षी र घरायसी सरसामानहरु परिवार भित्रको आफन्तहरुलाई लगाइने साइनो आदि।<br>• विभिन्न जात जातिहरुको मौलिक वेशभूषा, गरगहना लगाएको महिला र पुरुष वा केटा र केटीको एक एक जोडीको चित्र वा फ्लेक्स प्रिन्टिङ फोटो राख्ने र विद्यार्थीहरुलाई अवलोकन गराउने।<br>• विभिन्न वेशभूषामा विद्यालयमा सांस्कृतिक, सामाजिक संस्कार, चालचलन विभिन्न मौलिक संस्कृति, वेशभूषा र आभूषण सम्बन्धी विद्यार्थीहरुलाई झाँकी प्रदर्शन गर्न लगाउने।<br>• मौलिक वेषभूषा गहनाहरुको नाम केहो भनेर अभिभावकहरुसँग सोधेर कापीमा लेखेर ल्याउन लगाउँने र फोटोमा देखाएर पालैपालो प्रस्तुतीकरण गर्न लगाउँने।<br>• आ-आफ्नो मौलिक पहिरन वा वेशभूषा, गरगहनाको महत्व अभिभावकसँग सोधेर आई बताउन लगाउँने।<br>• सबैको सांस्कृतिक वेशभूषाको उत्तिकै उत्कृष्ट आकर्षक मौलिक पहिचान दिने र मौलिक छ र एकअर्काको वेशभूषाको कदर गर्नुपर्ने कुरा सिकाउँने।<br>• विद्यार्थीहरुलाई कुनकुन चाडपर्व मन पर्छ ती चाडपर्वहरुमा के के गरिन्छ भनी सोध्ने र छलफल गर्ने।<br>• गाउँपालिकामा रहेका प्रचलित चाडपर्वहको चिनारी तयार गरी पाठ बनाई पढाउने वा अडियो भिजुअल वा फोटो सङ्कलन गरी विद्यार्थीहरुलाई दखाउने र छलफल गराउने।<br>• गाउँपालिका क्षेत्रमा रहेका जाति जनजातिहरुको मौलिक पहिरन वा वेशभूषा, गरगहना, स्थानीय संस्कारहरु मध्ये केही शुभकर्म जस्तैः न्वारन, पास्नी, गुन्यूचोली दिने, व्रतबन्ध, विवाह आदि बारे छलफल। | शब्दपत्ती।<br>• शरिरका अङ्गहरु भएका शब्दहरु, अङ्कहरु<br>• नाता सम्बन्धको चार्ट, सेतोपाटी, मार्कर, मोबाइल रेकर्डर।<br>• मौलिक गरगहना वेशभूषा लगाएको महिला पुरुषको पोस्टर, फोटोहरु फ्लेक्स प्रिन्ट।<br>• कैची, स्केल, कागज, कलर, साइनपेन आदि।<br>• चाडपर्व सम्बन्धी चिनारी भिडियो रेकर्ड, फोटो, सेतोपाटी, मार्कर<br>• चाडपर्व मनाएका तस्वीरहरु। | हाउभाउ वा सङकेत गरी विद्यार्थीलाई आफ्नो मातृभाषामा भन्न लगाउँने।<br>• शरीरका अङ्गहरु मातृभाषामा भन्न लगाउँने र सामान्य मातृभाषा र बोलचालमा भएको मातृभाषी शब्दहरु भन्न लगाउँने।<br>• आ-आफ्नो मौलिक वेशभूषा, गरगहनाहरु मध्ये प्रायः लगाइने मुख्य मुख्य चिन्न वा नाम भन्न लगाउँने।<br>• विवाह, व्रतबन्ध, पास्नी, जन्म उत्सवमा आफू सहभागी भएको वा आफूले देखेको वा सुनेको आधारमा लगाउँने पहिरनका बारेमा कुनै एकको मनाउने तरिका र महत्व बताउन लगाउँने।<br>• पालिका क्षेत्रमा मनाउँने चाडपर्वहरुको बारेमा भन्न, लेख्न लगाउँने।<br>• विद्यार्थीहरुलाई आफूलाई मनपर्ने कुनै ३ चाडपर्व मनाउने तरिका र सोको महत्व भन्न लगाउँने ।<br>• विद्यार्थीहरुलाई उनीहरुले देखेका वा सुनेका मृत्यु संस्कारका बारेमा भन्न लगाउँने। | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | • विद्यालय वरिपरि क्षेत्रमा मनाइने मुख्य चाडपर्वहरुको नाम लेख्न, कुनै जाति विशेषको भएमा कसको हो भनी छानेर लेख्न वा जोडा मिलाउन लगाउँने । | | | |
| ४ | ऐतिहासिक, धार्मिक, पर्यटकीय स्थलहरु | •गाउँपालिकामा प्रचलित धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलहरुको छुट्टाछुट्टै सूची बनाई १।१ को संक्षिप्त परिचय दिन । | • गाउँपालिका मा रहेका प्रचलित धार्मिक स्थलहरु जस्तैः मठमन्दर, गुम्बा, चाडपर्वमा पूजाआजा गर्ने ठाउँहरु<br>• सांस्कृतिक स्थलहरु जस्तैः कुनै जाति समुदाय विशेषको पहिचान, संस्कृति, परम्परा, आस्था, आदि गाँसिएको स्थल, गाउँ कुनै जाति विशेषको मौलिक विशेषता भएको गाउँ, चाडपर्वमा मेला लाग्ने ठाउँहरु<br>• प्राकृतिक सम्पदाहरु जस्तैः खोलानाला, जङ्गल, पोखरी, गुफा आदि । | • विद्यार्थीहरुलई आफ्नो गाउँघर र वरपर भएको धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरुको नाम सोध्ने र ती ठाउँमा पुगेको छ कि छैन, त्यहा के छ भनी प्रश्न सोध्ने र थप जानकारी दिदै ती स्थलहरुको विशेषता सहित फोटो भिडियो सङ्कलन गरी देखाउँने ।<br>• प्रसिद्ध धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरुको सूची तयार गर्ने ।<br>• विद्यालय वरपर भएका पर्यटकीय स्थलहरुको बारेमा सोध्ने र त्यसको बारेमा ५।७ वाक्यमा भन्न लगाउँने ।<br>• विद्यार्थीहरुलाई उपयुक्त समय र मौसममा अवलोकन भ्रमण लैजाने ।<br>• अवलोकन पछि आफूले अवलोकन गरेका कुराहरु कापीमा लेखेर ल्याउन लगाउँने र भ्रमणपछि भ्रमण कस्तो लाग्यो, के देख्नु भयो भनेर सोध्ने, छलफल गर्ने ।<br>• भ्रमण गरेपछि धार्मिक, सांस्कृतिक एवंव पर्यटकीय स्थलका चित्र कोर्ने रङग भर्ने त्यहाँ देखेका कुराको आधारमा एक अनुच्छेदमा वर्णन गर्न लगाई प्रस्तुत गर्न लगाउँने ।<br>• कक्षामा स्थानीय धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरुको चित्र दिएर रङग भर्न लगाउँने ।<br>• फोटो भिडियो सङ्कलन प्रस्तुतीकरण गर्ने ।<br>• प्राकृतिक सम्पदाहरु जस्तैः खोलानाला, तालतलैया, झरना, गुफा, हिमालको बारेमा छलफल वर्णन गर्ने ।<br>• पालिकामा मनाइने साझा चाडपर्व के के हुन फोटो वा अन्य सामग्री हेरी चित्र चिन्न लगाउँने र तिनीहरु कसरी मनाईन्छ चित्र वा भिडियोको माध्यमबाट प्रस्ट गर्ने । | • गाउँपालिकाको प्रमुख एवं प्रसिद्ध धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलहरुको सूची, विशेषता सहितको फोटोहरु र संक्षिप्त चिनारी ।<br>• चित्र कोरेर रङग भर्न, आवश्यक पर्ने पेपर कलर, साइनपेन, पेन्सिल आदि ।<br>• पालिकको बारेमा लेखिएका वा तयार गरिएका भिडियो डकुमेन्ट्री<br>• प्राकृतिक सम्पदाहरु झल्किने पोस्टर फोटाहरु | • गाउँपालिकाको १० वटा प्रमुख एवं प्रसिद्ध धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलहरुको नाम भन्न वा लेख्न लगाउँने ।<br>• ती स्थलहरुको चिनारीको बारेमा प्रस्तुत गर्न लगाउँने ।<br>• कक्षाकोठामा स्थानीय धार्मिक सांस्कृतिक एवं पर्यटकीय स्थलहरुको चित्र दिएर रङ भर्न लगाउँने ।<br>• विद्यालयमा विद्यार्थीको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने ।<br>• गाउँपालिका भित्र पाइने प्राकृतिक सम्पदाहरुको सूची बनाउन लगाउँने । | १२ |
| ५ | स्थानीय पेसा व्यवसाय एवं ज्ञान, सिप तथा प्रविधि र उद्यमशीलता | •गाउँपालिका क्षेत्रमा विगत र वर्तमानमा अपनाइएका परम्परागत र आधुनिक किसिमका विभिन्न प्रविधिको पहिचान ।<br>•स्थानीय सिप तथा प्रविधिहरु मध्ये १० वटाको सिप प्रविधिहरु चिन्न र त्यसको | •गाउँपालिका भित्रका प्रयोगमा आएका ज्ञान सिप प्रविधिहरु ती ज्ञान, सिप र प्रविधिबाट बनेका वा तयार गरिएका घरायसी दैनिक प्रयोजनको लागि सामाजिक एवं | •विद्यार्थीहरुलाई आफ्नो घरमा काठ, बेतबाँस, फलाम आदिबाट बनेका केके सामानहरु छन् भनी कापीमा सूचीबद्ध गरी लेख्न लगाउँने र ती सामानहरु कसरी र कसले बनाएको हो भनी प्रश्नोत्तर गर्ने ।<br>•विद्यार्थीहरुलाई तपाइँको घरमा भएका घरेलु सामान तथा औजारहरुको बारेमा भन्न लगाउँने ।<br>•डोको, नाम्लो, राडीपाँखी, ठेकी, मदानी, मुढा, पिर्का, सुइटर, टोपी, ओखल, जाँतो, सिलौटो, हँसिया, खुकुरी, कुटो, हलो, पानी घट्ट, बिजुली घर, कम्प्युटर आदि को सूची तयार गर्न लगाउँने र यसको सामान्य महत्वको बारेमा बुझाउने । | • विभिन्न स्थानीय ज्ञान, सिप, प्रविधि प्रयोग गरी बनाइएका घरेलु तथा कृषि सामग्रीहरुको सचित्र सूची, फोटो र नमूनाहरु ।<br>• रङ्गीन कागज, स्केल आदि रङग भर्ने स्थानीय सामानहरुको सादा | • विभिन्न घरेलु ज्ञान, सिपमा आधारित सामग्रीहरुको बारेमा विद्यार्थीहरुलाई भन्न लगाएर ।<br>• सामग्रीहरु र नामलाई जोडा मिलाउन लगाउँने ।<br>• घरबाट अभिभावकको सहयोगमा कृषि र भान्सामा प्रयोग हुने कुनै १० | १२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | बारेमा कम्तिमा २० वाक्यमा लेख्न। | सांस्कृतिक कार्यका लागि आवश्यक पर्ने बस्तु तथा सामानहरु। | • त्यस्तै काठबाट बनेका हलो, जुवा, दराज, कुर्चि, टेवल आदि।<br>• विद्यार्थीहरुलाई यी घेरलु सामग्रीहरुको बारेमा छलफल गर्न लगाउँने र कुन सामग्री केको लागि प्रयोग हुन्छ भन्ने बारे बताउन लगाउँने।<br>• अन्य घेरलु तथा कृषि औजारहरु जस्तैः कुटो, कोदालो, ढिकी, कोलको चित्र बनाई सबै विद्यार्थीलाई एकएक चित्रमा रङग भर्न लगाएर उनीहरुको नाम सहित लेखेर कक्षाकोठामा झुण्ड्यार राख्ने।<br>• विद्यार्थीहरुलाइ घरमा र घरभन्दा बाहिरबाट ल्याएका सामग्रीहरुको सूची तयार गर्न लगाउँने।<br>• स्थानीय ज्ञान, सिप र प्रविधिबाट बनेका सरसामान र निर्माणको फाइदाका बारेमा सरल भाषामा उदाहरण सहित बुझाउने र यस्ता सरसमानको प्रयोग गर्न सके आत्मनिर्भर हुन सकिने भनी यस्ता सामानहरुको प्रयोग गर्न प्रोत्साहित गर्ने। यस्ता सामान र औजार आदिको बारेमा कक्षामा प्रस्तुतीकरण गराउने। | चित्रहरु। | वटा सामग्रीहरुको नाम लेखेर ल्याउन लगाउँने।<br>• स्थानीय र बजारबाट किनेर ल्याएका सामान र औजारहको सूची तयार गर्न लगाउने र स्थानीय सामानहरुको प्रयोग गर्दा हुने फाइदाको बारेमा भन्न र लेख्न लगाउँने। | |
| ६ | खाद्यान्न तथा पोषण एवं कृषि, जडिबुटी पशुपालन | • गाउँपालिका क्षेत्रमा उत्पादन हुने खाद्यान्न, सागसब्जी र फलफूलको नाम बताउन, चिन्न र लेख्न र त्यसको उपभोगबाट हुने पोषण सुधार बारे भन्न।<br>• आयतित कम पोषणयुक्त बजारको पत्रु खानेकुराको प्रयोगबा हुने कुनै ५ बेफाइदा बताउन र स्थानीय कृषि उत्पादनको उपभोग गर्नुको फाइदा बताउन।<br>• पालिका क्षेत्रमा पाइने औषिधजन्य ५ वटा जडिबुटी र पशुपालनका बारेमा पहिचान र उपयोगिता बारे भन्न र कम्तिमा १० वाक्यमा लेख्न। | • गाउँपालिका क्षेत्रमा विभिन्न मौसममा कृषि उब्जनी जस्तैः विभिन्न खाद्यान्न (अन्नबाली, दलहन, तरकारी बालीहरु) जस्तैः धान, मकै, गहुँ, कोदो, दाल, साग, काउली, आलु, फर्सी, लसुन, प्याज आदि।<br>• स्थानीय कृषि उपजबाट बनेका विभिन्न खानेकुराहरु वा विभिन्न चाडपर्वहरुमा बनाइने वा पकाइने परिकार जस्तैः दाल, भात, साग, गेडागुडी, तरकारी आदिको फाइदा। | • विद्यार्थीहरुलाई समुहमा विभाजन गरी प्रत्येक समुहलाई आ-आफ्नो खेतबारीमा फलेका १।१ खाद्य समुहको कापीमा सुचीबद्ध गेरर लेख्न लगाउँने र प्रस्तुत गर्न लगाउँने र छुटेमा अर्को समुहलाई थप्न लगाउँने।<br>• विद्यार्थीहरुलाई आज के खानेकुरा खाएर विद्यालय आउनुभयो भनी सोध्ने र ती खानेकुरा के र कहाँबाट बनाएको भनी सोध्ने र उदाहरण दिँदै स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्नहरु बारे परिचित गराउने।<br>• आ-आफ्नो घरबाट आ-आफ्नो खेतबारीमा फलेका खाद्यान्नहरुको समुहमा केही नमूना ल्याउन लगाउने र त्यो के हो भन्न, लेख्न र त्यसबारे बताउन लगाउँने।<br>• स्थानीय खाद्यान्न तरकारी, फलफूलको नमूनाहरु कक्षामा डोरी टाँगी नाम लेखेर झुण्ड्याउने र हरेक बारेमा बताउने।<br>• विद्यार्थीलाई आफूलाई मन पर्ने फलफूलको नाम भन्न लगाउने र सो फलफूलको चित्र बनाउने र नाम लेख्न सिकाउने।<br>• कहिले काँही आफ्नो खेतबारीमा फलेको फलफूल विद्यालयमा खाजाको रुपमा ल्याउन लगाउँने र अभिभावकहरुलाई समेत यस बारे प्रोत्साहित गर्ने।<br>• स्थानीय फलफूलको चित्रमा रङग भर्न र चिनेर नाम लेखेर वा चित्र जोडा मिलाएर प्रस्तुत गर्न लगाउँने।<br>• बजारमा वा पसलमा केके खानेकुरा खाद्यान्न, तरकारी पाइन्छ भनेर विद्यार्थीहरुलाई सोध्ने, | • गाउँपालिकामा उत्पादन हुने विभिन्न खाद्यान्न, तरकारी तथा फलफूलको वास्तविक नमूना र बिउका फोटोहरु।<br>• डोरी, सियो, धागो।<br>• नमूना राख्ने प्लास्टिक झोला।<br>• स्वस्थ खानेकुरा र पत्रु खानेकुराको सूची वा वास्तविक नमूना।<br>• पौष्टिक खानेकुराको क्यालेण्डर।<br>• खाना, तरकारी, फलफूल सम्बन्धी बालबालिकाले बुझ्ने पोष्टर, बालगीत भिडियो क्लिप, फोटो। | • कुनै खाद्यान्न वा तरकारीको चित्र बनाई सोको बारेमा कहाँ फल्छ, कसरी कहाँ रोप्नु पर्छ भनी बताउँन लगाउँने।<br>• स्थानीय खाद्यान्न तरकारी फलफूलहरुको सूची बनाउन लगाउने र पोषण तत्वको बारेमा भन्न लगाउँने।<br>• स्थानीय फलफुलको चित्रमा रङ भर्न र चिनेर नाम र चित्र जोडा मिलाउन लगाउँने।<br>• कागजको टुक्राहरुमा स्वस्थ र पत्रु खानेकुराहरुको नाम सहितको चित्र भएको कागजको टुक्राहरु दिएर स्वस्थ र पत्रु खानेकुराहरु छुट्याउन लगाउँने।<br>• विद्यालयमा विद्यार्थीहरुले गर्ने आनीबानीको आधारमा मूल्याङ्कन | १२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • पालिकामा बसोबास गर्ने मानिसहरुले गर्ने विभिन्न पेसा व्यवसायहरु मध्ये ५ वटाको नाम र कुनै एक पेसा गर्ने तरिका भन्न र लेख्न। | • बजार पसलमा पाइने खाद्यान्न तरकारी फलफूल।<br>• बजार पसलमा पाइने पत्रु खानेकुराहरु वा कम पोषणयुक्त खानेकुरा (जङक फुड) जस्तैः चाउचाउ, चिजवल, विस्कुट, कोक आदिको वेफाइदा।<br>• पालिका क्षेत्रमा पाइने जडिबुटी र पशुपालनको अवस्था | विद्यालय नजिकको पसल बजारमा विद्यार्थीहरुलाई अवलोकन गर्न लैजाने र पसलमा लगेर विभिन्न किसिमका खानेकुराहरु देखाउने।<br>• विद्यार्थीहरुलाई कुनकुन खानेकुरा स्वस्थ खानेकुरा र कुनकुन खानेकुरा पत्रु खानेकुरा हो भनेर बुझाउने र पत्रु खानेकुरा किन सधै खानु हुँदैन भनी बताउने।<br>• स्वस्थ खानेकुराहरु र पत्रु खानेकुराहरुको सूची बनाउने र स्वस्थ खानेकुरालाई ठिक चिन्ह र पत्रु खानेकुरालाई बेठिक चिन्ह लगाउन सिकाउने।<br>• स्थानीय र बजारबाट ल्याइएका खानेकुराहरुको फाइदा र वेफाइदाहरु बारे छलफल गर्ने र थप बताउँने<br>• स्वस्थ खानेकुरा र पत्रु खानेकुराको बारेमा पोस्टर वा चित्र वा बाल भिडियो वा भिजुअल गीत मोबाइल मार्फत देखाएर छलफल गर्ने।<br>• सम्भव भएमा नजिक भएको स्वास्थ्यकर्मीलाई बोलाएर एक सेसन पाठ लिन लगाउने।<br>• असर पोषणयुक्त र कम पोषण भएको जङक फुड छुट्याउन लगाउँने।<br>• गाउँपालिका क्षेत्रमा पाइने जडिबुटीहरुको सूची र छलफल।<br>• पशुपालन व्यवसायहरु मध्ये भैसीपालन, भेडापालन, कुखुर पालन बारे छलफल। | • मार्कर, सेतोपाटी, कापी, न्यूजप्रिन्ट वा चार्ट पेपर।<br>• गाउँघरमा पाइने जडिबुटीका फोटा वा पोस्टरहरु।<br>• पशुपालन अन्तर्गतका व्यवसाय सम्बन्धी विवरण झल्किने फोटाहरु। | गर्ने।<br>• स्थानीय र पत्रु खानेकुराहरुको सूची बनाउन लगाउँने।<br>• खानेकुराहरुको सूचीबाट पत्रु खानेकुरालाई क्रस र स्वस्थ खानेकुराहरु गोलो चिन्ह लगाउन लगाउँने।<br>• स्थानीय र बजारमा पाइने खाद्यान्न वा खानेकुराहरु बिचको फरक बताउन लगाउँने।<br>• पालिका क्षेत्रिभत्र पाइने जडीबुटीहरुको नाम र पाइने स्थलहरुको बारे बताउने।<br>• पालिका क्षेत्रभित्र अपनाएका पशुपालन व्यवसायहरुको सूची तयार गर्न लगाउँने। | |
| ७ | प्रकोप र विपद् व्यवस्थापन | • गाउँपालिका भित्र हुनसक्ने विपद्को परिचय र विपद्को किसिम र प्राकृतिक र मानव सिर्जित विपद्को परिचय।<br>• विपद्को प्रभावव वा असर<br>• प्राकृतिक र मानव सिर्जित विपद्को फरक।<br>• हावाहुरी, चट्याङ, भूकम्प आदिको पूर्वतयारी वा सावधानी।<br>• आफूभन्दा साना बालबालिकाको संरक्षण र सुरक्षा। | • प्रकोपको परिचय<br>• सडक दुर्घटना, करेन्ट लाग्ने, आगलागी, डुवान, बाढी, पैरो, भिरबाट लड्ने, हाबाहुरी, चट्याङ, भूकम्प आदि।<br>• विद्यालय आउँदा र घर जाँदा बाटोमा हुने जोखिम पहिचान जस्तैः ढुङ्गा खस्ने, खोलाले बगाउने, पहिरो खस्ने, बाटो क्रस गर्दा हुने | • कथा ,पोस्टर चित्र वा श्रव्यदृश्य सामग्री, समाचार लेखिएका घटना आदिको माध्यमबाट प्रकोपको प्रदर्शन गरी वा व्याख्या गरी विपद्को परिचय दिने।<br>• चित्र एवं श्रव्यदृश्य सामग्रीमा भैरहेको घटना व्याख्या गर्न लगाउने।<br>• आफ्नो वरिपरि हुनसक्ने विभिन्न प्रकोपको नाम भन्न लगाउने र विद्यार्थीको अनुभव छलफल गराउने।<br>• शिक्षकले विगतका घटनाको अनुभव सुनाउने र छलफल गराई प्रकोपको सूची तयार गर्न लगाउने ।<br>• विपत घट्ने कारणलाई आधार मानी प्राकृतिक र मानव सिर्जित विपद्को परिचय दिने।<br>• प्राकृतिक र मानव सिर्जित विपद् छुट्याउन लगाउने।<br>• प्राकृतिक र मानव सिर्जित विपद् बिच फरक छुट्याउन लगाउने।<br>• विभिन्न जोखिमलाई बिचको माध्यमबाट देखाउने र तिनीहरु के हुन भन्न लगाउने।<br>• जोखिमयुक्त स्थानको अवलोकन गराउने र ती स्थान किन जोखिमयुक्त भए भनेर भन्ने र | • विभिन्न प्रकोप बारे चित्र वा पोस्टरहरु<br>• विपतबाट जोगिने उपायहरु बारे वर्णन गरिएका फोटाहरु।<br>• विपतबाट जोगिनका लागि कृत्रिम अभ्यासका लागि आवश्यक सामग्रीहरु जस्तैः कपडा, झोला, टर्च आदि।<br>• प्राकृतिक र मानव सिर्जित विपतका घटनाहरु समावेश भएको | • प्राकृतिक र मानव सिर्जित विपद्को असर र प्रभावको सूची बनाउन लगाएर।<br>• प्रकोपको चित्र र नामको जोडा मिलाउन लगाउने।<br>• बिचको माध्यमबाट जोखिम पहिचान गराई ती जोखिमबाट बच्ने उपाय भन्न लगाएर।<br>• कृत्रिम घटना अभ्यास गराई रुजुसूची भेरेर।<br>• विगतमा पालिकाभित्र भएका विपतका घटनाको बारेमा सूची सहित बताउन लगाउँने। | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • हाम्रो सुरक्षित यात्रा जस्तैः यात्राको समयमा जोखिम पहिचान र सावधान (पैदल हिडाइ, बाटो काट्ने, जेब्रा क्रसिङ, साइकल चलाउने सिप) यात्राको समयमा सावधानी।<br>• कृत्रिम घटना अभ्यास। | दुर्घटना।<br>• विद्यालय आउँजाउँ गर्दा बाटोमा हुने जोखिमबाट सावधानी।<br>• विपदबाट सुरक्षाः जस्तैः कक्षाकोठा, विद्यालय, घर तथा बाटोमा सडक दुर्घटना, करेन्ट लाग्ने, आगलागी, बाढी, ढुङ्गा खस्ने, आदिबाट बच्ने उपाय।<br>• विपद् व्यवस्थापन जस्तैः आगलागी, बाढी, र पहिरोको कारणहरु पूर्व तयारी विद्यालय र समुदायको भूमिका, सावधानी एवम् सुरक्षा।<br>• कृत्रिम घटना अभ्यास। | छलफल गराउने।<br>• चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट जोखिमयुक्त अवस्था देखाउने र यस्तै अवस्था आयो भने के गर्ने वा गर्छौ भनेर विद्यार्थी बिच छलफल गराउने।<br>• चित्र, श्रव्यदृश्य सामग्री वा कथाको माध्यमबाट ती घटनाबाट सुरक्षित रहने उपाय भन्ने।<br>• चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट पालैपालो विभिन्न विपद्को चिनारी गराउने।<br>• ती विपद् हुन नदिनका लागि वा सम्भाव्य क्षति कम गर्नका लागि गर्नुपर्ने पूर्वतयारी बारे छलफल गराउने।<br>• विद्यार्थीहरुलाई समुहमा विभाजन गरी प्राकृतिक र मानव सिर्जित विपदबाट पर्ने असर र प्रभावका बारेमा छलफल गराउने।<br>• ती असरबाट बच्ने उपायका बारेमा छलफल तथा प्रस्तुतीकरण गर्न लगाई शिक्षकले सहयोग गर्ने।<br>• शिक्षकले कथाको माध्यमबाट कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने विपतबाट बच्नका लागि कृत्रिम अभ्यास गराउने।<br>• कथा, पोस्टर, भिडियो समाचारमा लेखिएका घटना प्रदर्शन गरी वा व्याख्या गरी आगलागी, बाढी र पहिरोको परिचय दिने।<br>• विद्यार्थीलाई समुहमा विभाजन गरी आगलागी, बाढी र पहिरो जानुका कारणहरु सूची बनाई समुहगत रुपमा प्रस्तुत गर्न लगाउने।<br>• आगलागी, बाढी र पहिरोबाट जोखिम न्यूनीकरणका लागि गर्नुपर्ने पूर्वतयारी, पोस्टर र भिडियो मार्फत देखाई छलफल गराउने।<br>• आगलागी बाढी, पहिरो, नियन्त्रणका लागि विद्यालय र समुदायको भूमिका समुह बनाई छलफल गराउने।<br>• आगलागी, बाढी र पहिरोबाट कसरी बच्न सकिन्छ समुहमा छलफल गराउने र शिक्षकले सघाउने।<br>• आगलागी, बाढी, हावाहुरी, चट्याङ, भूकम्प, पहिरोबाट कसरी बच्ने उपायको सूची बनाई प्रस्तुतीकरण गर्न लगाउने। | चित्र, पोस्टर र भिडियोहरु। | • हाम्रो वरपर हुने विपतको सूची बनाई प्राकृतिक र मानव सिर्जित विपत छुट्याउन लगाउने।<br>• विद्यालयमा हुने विभिन्न जोखिमबाट बच्ने उपायको तालिका बनाउन लगाएर।<br>• भुकम्पबाट बच्ने उपायहरु भन्न लगाएर।<br>• महामारीबाट बच्ने विभिन्न उपाय भन्न लगाएर।<br>• विभिन्न विपद्को रोकथामका लागि विद्यालय र समुदायहरुको भूमिका बारे वर्णन गर्न लगाउने।<br>• तल दिइएका प्रश्नहरुको आधारमा मूल्याङ्कन गर्नुहोस्<br>हावाहुरीबाट आफूभन्दा साना बालबालिकालाई कसरी बचाउन सकिन्छ।<br>भूकम्पको क्षति न्यूनीकरणका लागि गरिने तीनवटा पूर्वतयारी लेख्नुहोस्। | |
| ८ | व्यक्ति, संस्था, सहकारी | • सहकारीमा सदस्यता प्राप्तिका आधारहरु बताउन।<br>• सहकारीको परिभाषा दिन र | • सहकारीको परिभाषा, सदस्यता प्राप्तिका आधारहरु। | • सहकारीको सदस्यता प्राप्तिको बारेमा जानकारी दिने ।<br>• सदस्य भए पश्चात प्राप्त हुने अवसर र सेवाको बारेमा जानकारी र छलफल।<br>• सहकारीको परिभाषा थाहा छ भनी सोध्ने, थाहा नभए भनी दिने, लेख्न लगाउँने र लेखेको | • समाजसेवीहरुको नाम सहितको विवरण।<br>• अगुवा गर्ने व्यक्तिहरुको | • पालिकाभित्र रहेका समाजका लागि काम गरेका वा गर्ने व्यक्तिहरुको पहिचान गर्न लगाउँने। | ५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिवारको सदस्य रहेको सहकारीको नाम भन्न उक्त सहकारीको स्थापना, सञ्चालक समितिको काम र सदस्यलाई दिइएको कुनै ४ सेवा भन्न । | • सञ्चालक समिति<br>• नजिकको सहकारीको विवरण, कार्य तथा महत्व वा आवश्यकता ।<br>• नजिकैको समाजका मुख्य व्यक्तिहरु र सामुदायिक संस्थाको सूची । | भन्न लगाउँने ।<br>• वडामा रहेका सहकारी संस्थाको नाम, कार्यालय रहेको स्थान, स्थापना भएको वर्ष, सदस्य सङख्या, सेवा, सञ्चालक समितिको सङख्या, पालैपालो सोध्ने र अरुलाई साथीले भनेको कुरा भन्न लगाउँने ।<br>• विद्यार्थीको परिवार र साथीहरुको घरपरिवारका बारेमा छलफल गर्ने, प्रश्न सोध्ने ।<br>• वन समुह, आमा समुह, युवा क्लब, गाउँघरमा भए नभएको एकिने गर्ने र छलफल विद्यार्थीहरु बिच गराउने ।<br>• समाजका प्रेरणादायी व्यक्तिहरुको बारेमा परिचय गर्न लगाउने ।<br>• सेवा दिन विभिन्न समुह वा संस्थाहरुको नामको सूची बनाई कामको बारेमा बताउन लगाउने ।<br>• गाउँघरमा देखेका वा भेटेका, सुनेका समुहहरुको बारेमा सामुहिक छलफल गर्न लगाउने ।<br>• समाजसेवीहरुलाई आमन्त्रण गरी विद्यालयमा सम्भव भएमा कक्षाहरु लिन लगाउँने र असर व्यक्तिहरुसँग छलफल, कुराकानी गर्ने ।<br>• समुह, संस्था वा सहकारीमा अवलोकन भ्रमण गराउने र देखेका, सुनेका कुराहरुको आधारमा अनुच्छेद लेख्न लगाउने ।<br>• परिवारका सदस्यहरु सहकारीको सदस्य भए नभएको जानकारी लिने । यदि सदस्य भएको भए कहिले, कसरी र के का लागि सदस्य बनेको सो बारेमा छलफल सहित बाल सदस्य र शेयर सदस्य प्राप्तिका आधारहरु बताइ दिने लेख्न र लेखेको कुरा बताउन लगाउँने । | फोटो र चित्र ।<br>• सामुदायिक सेवा प्रदान गरिरहेका संस्थाको पोस्टरहरु<br>• सहकारी सम्बन्धी सूचनामूलक तस्वीहरु ।<br>• विद्यालयको विवरण लेखेको कार्डहरु ।<br>• मार्कर, सेतोपाटी आदि ।<br>• सहकारी सम्बन्धी ब्रोसरहरु र सहकारी भित्रेपात्रो ।<br>• सहकारी ऐन, नियमावली र मापदण्ड । | • गाउँघरमा भएका संस्थाले दिने सेवाहरु बारे प्रश्नोत्तर गर्ने गराउने ।<br>• विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालयहरु, सामुदायिक संस्थाभित्र पर्दछन् कि पर्दैनन् सो बारे भन्न लगाउँने ।<br>• सहकारीको विवरण तयार गर्न लगाउँने ।<br>• सहकारी सदस्यता प्राप्तिका आधारहरु भन्न र लेख्न लगाउँने । | |
| ९ | समानता, समावेशीता र सामाजिक न्याय | •जाति तथा समुदाय समान हो र कुनै कुरामा भेदभाव, छुवाछुत गर्नु हुँदैन भन्ने बताउन र समानताको व्यवहार गर्न ।<br>•परिवार र समुदायमा भएका फरक क्षमताका व्यक्तिलाई आवश्यक सहयोग, सम्मान र तिनीहरुप्रति राम्रो बोली र सकारात्मक व्यवहार, सहयोग र सम्मान । | • गाउँपालिकाको सामाजिक अवस्थाको परिचय जस्तैः विविधता भित्रको एकता र एकता भित्रको विविधता<br>• सहयोग, मेलमिलाप र समानताको अवधारणा ।<br>• फरक क्षमता भएका र बालबालिका, | • गाउँपालिका क्षेत्रभित्र कुनकुन जाति, जनजाति र समुदायका मानिसहरु बसोबास गर्छन् आफ्नो छिमेकी कुन थर का छन् भनी छलफल चलाउने ।<br>• छिमेकीहरुसँग कसरी बस्नु राम्रो हो र कसरी बस्नु नराम्रो हो भन्ने बुझाउन एकआपसमा मिलेर बसेको फोटो र झै झगडा गरेको फोटो देखाएर छलफल गर्ने ।<br>• छुवाछुत र भेदभावले निम्त्याएका दुर्घटना सम्बन्धी पाठ आदि प्रस्तुत गरेर यस्ता अमानवीय कार्यको दुष्परिणाम बारे बुझाउने र भेदभाव छुवाछुत गर्नु सामाजिक तथा कानुनी रुपमा अपराध हो भनी समानताको अर्थ बुझाउने र सोही अनुरुप व्हहार गर्न सिकाउने ।<br>• सबैको रगत रातो हुन्छ, सबैलाई कुटे दुःख्छ, सबैलाई गाली गरे नराम्रो लाग्छ, सबैलाई सहयोग गरे खुसी लाग्छ, बाँच्नलाई सबैले खाना खानु पर्छ । त्यसैले सबै जात, जनजाति समान वा बराबर हो । भेदभाव छुवाछुत गर्नु हुँदैन् भनी समानताको अर्थ बुझाउने र सोही | • सेतोपाटी, मार्कर ।<br>• समानता सम्बन्धी भिडियो वा कार्टुन<br>• फरक क्षमता भएका व्यक्ति र यसको प्रकार बारे जानकारी पुस्तिका<br>• फरक क्षमता भएका व्यक्तिलाई गरिने शब्द सम्बोधन बारे जानकारी शब्दहरु | • बालबालिकाहरु बिच आपसी सम्मान, सद्भाव र समानताको बोली व्यवहार एक अर्कामा मिलेर बस्ने, खेल्ने, हिड्ने गतिविधि विद्यार्थीहरुमा भए नभएको अवलोकन गरी मूल्याङकन गर्ने ।<br>• फरक क्षमता भएका व्यक्तिको कुनै ३ वटा प्रकार भन्न र चिन्न लगाउँने ।<br>• फरक क्षमता भएका र असक्त | ६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | वृद्धवृद्धाका विरामीका लागि र उनीहरुलाई आवश्यक पर्ने, सहयोग सम्मान, सहायता।<br>• फरक क्षमता भएका व्यक्तिलाई विद्यार्थीहरुले गर्न सक्ने सहयोग, सम्मानजनक बोली व्यवहार। | अनुरुप व्यवहार गर्न सिकाउने।<br>• समानता सम्बन्धी बाल भिडियो वा कार्टुन देखाएर समान व्यवहारको ज्ञान सिकाउने र सो बारे बताउन लगाउँने।<br>• आफ्नो परिवार, आफन्त, छरछिमेकमा कोही फरक क्षमता भएका व्यक्ति भए नभएको बारेमा सोध्ने र भएमा कुन किसिमको हो, कस्तो दैनिकी छ भनी प्रश्नोत्तर गर्ने।<br>• फरक क्षमता भएका र विरामी, वृद्ध जोकोही देखेमा भेटेका छौ कि छैनौं भनेर बालबालिकाहरुलाई सोध्ने र त्यस्ता व्यक्तिलाई दैनिक जीवनयापनमा के कस्ता कठिनाई हुन्छहोला र कसले सहयोग गर्छ होला भनेर सोध्ने। जस्तैः खुट्टा नभएको मान्छे कसरी हिड्छ होला, दृष्टिविहिन भएको बच्चाहरु कसरी पढ्छ होला आदि भनेर कौतुहलता जगाउँने।<br>• फरक क्षमता भएका व्यक्तिहरुका बारेमा छलफल गराउने र फरक क्षमता हुनाका कारणहरु केके होलान भनेर सोध्ने। उनीहरु पनि साङग सरह धेरै राम्रो काम गर्न सक्छन् भनेर बताउने।<br>• फरक क्षमता भएका व्यक्तिहरु आसपासमा भएमा बोलाएर उनीहरुको अनुभवका बारेमा छलफल र सम्वाद गराउने।<br>• फरक क्षमता र बालबालिका वृद्धवृद्धाहरुलाई राज्यले दिइएको सेवा, सुविधा र परिचय पत्र आदिको बारेमा छलफल गर्ने र गराउने।<br>• वृद्धवृद्धाहरुसँग कस्तो व्यवहार गर्ने किन, गर्ने र कसरी सहयोग गर्न सकिन्छ भन्ने बारेमा समुहगत छलफलपछि प्रस्तुतीकरण गर्न लगाउने।<br>• कित उमेर पुगेको बृद्धबृद्धा र कुन परिचय पत्र भएको फरक क्षमता भएका व्यक्तिलाई पैसा वा सामाजिक सुरक्षा भत्ता दिन्छ भनी जानकारी गराउने।<br>• वृद्ध र एकल महिला, फरक क्षमताको परिचयपत्र बनाउन वडा कार्यालय जानुपर्ने परिचयपत्र भएपछि सरकारले सेवासुविधा दिने कुरा आफ्नो घरपरिवार छरछिमेकलाई भन्न प्रोत्साहित गर्ने। | • फरक क्षमता भएका व्यक्तिहरुको चित्र पम्प्लेट वा भिडियो।<br>• फरक क्षमता भएका व्यक्तिहरुको परिचय पत्रको नमूना जस्तैः रातो, निलो, पहिले, सेतो।<br>• फरक क्षमता भएका व्यक्तिहरुले प्रयोग गर्ने सामग्रीहरु चित्र वा तस्वीर। | व्यक्तिहरुलाई किन सहयोग, माया सम्मान गर्नुपर्दछ भनी सोध्ने।<br>• फरक क्षमता हुनुका कारणहरु के होला भनेर भन्न लगाउँने।<br>• विद्यालयमा विद्यार्थीहरुको बोली व्यवहार र क्रियाकलापहरुको अवलोकन गरेर मूल्याङ्कन गर्ने।<br>• कस्तो रङको फरक क्षमता भएका व्यक्तिलाई कस्तो परिचय पत्र पाउँछन् सोध्ने र बताउने। | |
| १० | सामाजिक मूल्य मान्यता एवं सदाचार र नैतिकता | • आफूभन्दा ठूलालाई आदर सम्मान गर्ने, साइनो लगाएर बोल्ने र आफू सरह र सानालाई माया गर्ने ।<br>• असर बोली व्यवहार र बानी व्यबहार प्रस्तुत गर्ने । जस्तैः सभ्य शब्द, साथीहरुसँग | • घरमा आउने पाहुनाहरु आफू वा आफ्नो परिवारको सदस्य पाहुना भएर जाने आफन्हरु।<br>• आफ्नो परिवार, आफन्त छरछिमेकका विभिन्न व्यक्तिसँगको नाता वा | • विद्यार्थीहरुलाई कसको घरपरिवारमा को को हुनुन्छ, छरछिमेकमा, मामाघरमा को को हुनुहुन्छ भनी सोध्ने, सेतोपाटीमा टिपोट गर्ने र साइनोको सूची तयार गर्ने र साइनो अनुसार कसलाई कसरी अभिवादन गर्ने हो सोधेर अभिवादन गर्ने शब्दहरुको सूची बनाउने र छलफल गर्दै अभिवादन कसरी गर्ने भन्दै अभ्यास गराउँदै सिकाउने।<br>• अभिवादन, स्वागत, विदाइ गर्ने शब्दहरु नेपाली र अंग्रेजी दुबै भाषामा लेखी विद्यार्थीलाई भन्दै अभ्यास गराउन, लेख्न लगाउँने ती शब्दहरुलाई आ-आफ्नो मातृभाषामा के भन्छ भनेर लेखेर ल्याउन गृहकार्य दिने। | • शब्द कार्डहरु<br>• स्वागत, अभिवादन विदाइ र अतिथि सत्कारका चित्रहरु, फोटोहरु र शब्दहरु<br>• सेतोपाटी, मार्कर | • विद्यार्थीहरुलाई विभिन्न भूमिकामा अभिवादन, स्वागत, बिदाइ र अतिथि सत्कारका शब्दहरु भन्न र सही तरिकाले यी काम गर्न जान्दछन् कि जान्दैनन् भनी सोध्ने र प्रदर्शन गर्न लगाई अवलोकन गर्ने।<br>• अभिवादन, स्वागत, विदाइ र | ७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | मिलनसार हुने, सहयोग गर्ने, मिलेर बस्ने खेल्ने, रमाइलो गर्ने आदि बानीको विकास गर्न । | साइनो ।<br>● अभिवादन, स्वागत, विदाइ गर्ने शब्दहरु ।<br>● अपरिचित व्यक्तिहरुलाई सरल, सभ्य र सही तरिकाले बोलाउने, नाता लगाउँने ।<br>● साथीहरु बिच सहयोग, मेलमिलाप, मिलेर पढ्ने, खेल्ने, नाच्ने, गीत गाउँने सिप तथा बानी ।<br>● आफूभन्दा सानालाई माया गरेर बोलाउने, मायालु व्यवहार गर्ने ।<br>● दैनिक जीवमा गरिने असर र खराब बानीहरु जस्तैः कक्षामा हात उठाएर बोल्ने, लाइनमा बस्ने, कसैलाई गाली नगर्ने, नधकेल्ने, पालैपालो बोल्ने, अरुको सामान नलिने, फिर्ता दिने, गल्ती गरे माफ गर्नुहोस भनेर माफ माग्ने, अपशब्द नबोल्ने ।<br>● घर, टोल र विद्यालयमा पर्यटकहरु आउँदा गर्ने स्वागत सत्कार । | ● पाहुना घरमा आउँदा के भनेर स्वागत तथा विदाइ गर्ने भनी उपयुक्त शब्द, शब्दावली भन्न र अभ्यास गर्न सिकाउने ।<br>● आफ्नो परिवार, समुदाय अनुसार अभिवादन, स्वागत वा विदाइ गर्ने, फरक मातृभाषी शब्द तरिका भए विद्यार्थीलाई अभिभावकसँग सोधेर लेखेर ल्याउने र शब्दोच्चारण सँगै प्रदर्शन गर्न लगाउँने ।<br>● अभिवादन, स्वागत, बिदाइ र अतिथि सत्कार सम्बन्धी फोटो वा चित्र वा भिडियोहरु देखाई छलफल गराउने र चिनाउने । सही वा गलत छुट्टाउन सिकाउने ।<br>● दैनिक जीवनमा विद्यालय, घर, बजार, सडक बाटो, सार्वजनिक स्थलमा, गर्नुपर्ने ठीक कामकुराहरु जस्तैः आदत, बानी बारे विभिन्न चित्र, फोटोहरु देखाएर यो के गरेको हो भनेर सोध्ने, यसो गर्नु ठीक हो वा गलत भनेर विद्यार्थीहरुलाई सोध्ने, कापीमा लेखिदिने र ठीक वा बेठीक के हो चिन्न, लेख्न लगाउँने, सिकाउने ।<br>● राम्रो आनीबानी गर्न विद्यार्थी र सिकाउन अभिभावकहरुलाई पनि प्रोत्साहित गर्ने ।<br>● साथीहरुसँगै मिलेर पढ्न, बस्न, नाच्न, खेल्न, गीत गाउन लगाउँने ।<br>● साथीहरुलाई सभ्य तरिकाले नाम भनेर बोलाउन सिकाउने र माथिल्लो कक्षाकालाई दाइदिदी भनेर बोलाउन र आफूभन्दा सानालाई सभ्य तरिकाले नाम वा भाइबहिनी भनेर बोलाउन सिकाउने र अवलोकन गरी आवश्यकता अनुसार सम्झाउने प्रोत्साहित गर्ने गराउने ।<br>● साथीहरुलाई सहयोग गर्न मिलेर पढ्न, खेल्न, नाच्न, गीत गाउन लगाउँने ।<br>● तपाइँहरु कसैको आफन्तकोमा पाहुना भएर जानु भएर जानुहुन्छ भनी पालैपालो सोध्ने र सेतो पाटीमा सूची बनाएर टिप्ने ।<br>● पाहुना भएर जाने घरमा को को हुनुहुन्छ, उनीहरुलाई के के भनेर बोलाउने गर्नु हुन्छ भनी साइनो पहिचान गर्ने ।<br>● तपाइँको घरमा को को पाहुना आउनु हुन्छ, पाहुना आउँदा तपाई आमा, बुबा, हजुरबा, हजुरआमा, काका, दिदी, दाजु र अरुले के कसरी स्वागत सत्कार गर्नुहुन्छ, भनी सोध्ने र सूची बनाएर अभिवादन शब्दहरु लेखी भन्न र अभ्यास गर्न लगाउँने ।<br>● शिक्षकले आफू सानो हुँदा मामाघर वा कोही आफन्तको घरमा गएको वा आफ्नो घरमा कोही पाहुना आउँदाको अनुभवलाई बाल कथा बनाएर सुनाउने ।<br>● साइनो अनुसार के भनेर बोलाउने कहिले कसरी अभिवादन गर्नुहुन्छ भनी सोध्ने र प्रदर्शन गर्न लगाउँने । | ● राम्रो नराम्रो बानी सम्बन्धी चित्र वा फोटोहरु ।<br>● शब्द मेटा कार्ड वा सोको लागि प्रयोग गर्न सकिने पेपर ।<br>● स्वदेशी र विदेशी पर्यटकहरुको फोटोहरु ।<br>● विद्यालयमा भएको वार्षिक सांस्कृतिक वा औपचारिक कायक्रममा अतिथि सत्कार गरेको भिडियो, श्रव्य सामग्रीहरु | अतिथि सत्कार सम्बन्धी फोटो, चित्र वा भिडियोहरु चिन्न वा छुट्ट्याउन सक्छ कि सक्दैन जाँच्ने ।<br>● विद्यालयमा विद्यार्थीको क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने ।<br>● विद्यालय, घर, बजार, सडक, बाटो, बजार आदिमा गर्नुपर्ने सही र गलत आनीबानी ठीक बेठीक के हो भनेर छुट्ट्याउन लगाउँने ।<br>● विद्यार्थीले घरपरिवार, विद्यालय, साथीसङ्गी, सार्वजनिक ठाउँमा गर्ने बानी व्यवहारको नियमित अवलोकन गरी मूल्याङ्कन गर्ने ।<br>● मामाघर, काकाघर र अन्य आफन्तको घर र विभिन्न साइनोको सूची बनाई जोडा मिलाउँने वा भन्न लगाउँने ।<br>● घरमा को को पाहुना आउनु हुन्छ र के कसरी स्वागत, सत्कार गर्ने भनी सान्दर्भिक शब्दहरुको सूची बनाई जोडा मिलाउन दिने ।<br>● एकजनालाई पर्यटकको भूमिका र अर्कोलाई स्थानीय व्यक्तिको भूमिका दिई कुनै एक विषयमा कुराकानी गर्न लगाउँने । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | • अपरिचित व्यक्तिलाई बोलाउने र उनीहरुसँग बोल्ने सरल, सभ्य र सही तरिकाले केही वाक्य लेखेको चार्ट देखाउने र सोको बोल्ने अभ्यास गराउने ।<br>• तल्लो कक्षामा भाइबहिनीहरुसँग खेल्न र उनीहरुलाई मिलेर खेलाउन लगाउँने । | | | |
| ११ | खेलुकुद, कला, साहित्य र शारीरिक व्यायाम एवं योग शिक्षा | • गाउँपालिकामा प्रचलित स्थानीय खेलकुदहरुको सूची बनाई कम्तिमा ५ वटा खेल खेल्न ।<br>• गाउँपालिकामा प्रचलित खेलकुदहरुको महत्व बताउन ।<br>• गाउँपालिका भित्र बसोबास गर्ने क्षेत्रमा प्रचलित लोकगीत र लोकनृत्यहरु मध्ये ७।७ वटाको नाम बताउन र कम्तिमा ४ वटा लोकगीत गाउन र लोकनृत्य प्रदर्शन गर्न ।<br>• योगासनका ६ वटा प्रकारहरुः बज्रासन, धनुरासन, सलभासन, पश्चिमोत्तानासन, उत्तानपादासन, आनन्दमन्दिरासनको परिचय बताउन ।<br>• योगाशनका फाइदाहरु बताउन ।<br>• योगाशनका ६ वटै प्रकारहरुलाई अभ्यास गरेर देखाउन । | • पालिकामा प्रचलित स्थानीय खेलकुदहरु जस्तैः फुटवल, भलिवल, कपर्दी, डण्डीवियो, भाले जुधाइ, भकुण्डो, डोरी नाध्ने आदि खेल खेल्ने विधिहरु वा तरिका ।<br>• खेलकुदको महत्व झल्कने निवन्ध वा कथा ।<br>• पालिकामा प्रचलित लोकगीतहरु जस्तैः ठाडोभाका, दोहोरी, तीज, देसीभैलो, रत्यौली, भजन गीत आदि ।<br>• लोकनृत्य नाँच र लोक नृत्य गर्ने तरिका ।<br>• योगासनका ६ वटा प्रकारहरुः बज्रासन, धनुरासन, सलभासन, पश्चिमोत्तानासन, उत्तानपादासन, आनन्दमन्दिरासनको परिचय ।<br>• प्रस्तुत ६ प्रकारका मुख्मुख्य फाइदाको जानकारी । | • विद्यार्थीहरुलाई कुन कुन खेल खेल्न मन पर्छ, के के खेल खेल्न आउँछ भनेर सोध्ने र गाउँपालिकामा पहिले देखि प्रचलनमा रहेका विभिन्न किसिमका खेलहरुको बारेमा जानकारी गराउने ।<br>• विद्यार्थीको शारीरिक अवस्था, खेलमैदान वा कक्षाकोठा, विद्यार्थी सङ्ख्या र आवश्यक खेल सामग्री उपलब्धतालाई मध्यनजर गरेर समुहमा खेल्ने खेलहरु खेलाउने । खेल खेलाउँदा फरक क्षमता भएका बालबालिकाहरुलाई पनि समावेश गर्न सकिने खेलहरु खेलाउने र उनीहरुलाई पनि सक्ने भूमिका गर्न लगाउने । खेल खेलाउँदा सबैलाई पालैपालो नेतृत्वको अवसर दिने, फरक क्षमता भएका बालबालिकाहरुलाई पनि समावेश गर्न सकिने लेखहरु खेलाउने ।<br>• खेल समाप्त भएपछि बालबालिकाको अनुभव खेलबाट सिक्नुपर्ने सन्देश बारे बताउने ।<br>• घरभित्र र बाहिर खेलिने खेलहरुको बारेमा छलफल गर्ने ।<br>• खेलकुदको महत्वको बारेमा सोध्ने र अन्त्यमा खेलकुदको महत्वलाई बुँदागत रुपमा प्रस्तुत गर्ने ।<br>• गाउँपालिकामा प्रचलित लोकगीतहरु जस्तैः ठाडोभाका, दोहोरी गीत, देउसी भैलो गीत आदि मध्ये केही मुख्य मुख्य लोकगीतका नाम लेखाइदिने र डाउनलोड गरी सुनाइदिने ।<br>• सजिलै गाउन सक्ने गीत छनौट गरी भाका मिलाएर गाउँन सिकाउँने ।<br>• यस्तो गीत गाउन जान्ने स्थानीय बासीलाई बोलाएर सुनाउन र सिकाउन लगाउँने ।<br>• बालबालिका नाच्न सक्ने लोकनृत्यमा नाच्न अभ्यास गराउने र आफैलाई गर्न लगाउँने ।<br>• उनीहरुले गाएको, नाचेको मोवाइलमा भिडियो रेकर्ड गरी उनीहरुलाई नै देखाइदिने । उनीहरुलाई स्थानीय नाचगानको लागि प्रोत्साहन गर्ने ।<br>• शिक्षकले ६ वटा योगाशन मध्ये बज्राशन विद्यार्थीहरुका अगाडि गरेर देखाउने, विद्यार्थीहरुलाई चौरमा लगी अन्य आशनहरु समेत शिक्षक स्वयंले प्रदर्शन गर्दै विद्यार्थीहरुलाई समेत अभ्यासको क्रममा विद्यार्थीहरुबाट प्रयोगमा देखिएको असहजतालाई शिक्षकले सहजीकरण गर्दै जाने र विद्यार्थीहरुलाई छलफल र अभ्यास गराउने ।<br>• बज्राशनका मुख्य फाइदाहरुलाई शिक्षकले सम्पूर्ण कक्षामा प्रश्न-उत्तर विधिको आधारमा | • खेल अनुसार खेल सामग्रीहरु<br>• खेल मैदान वा कक्षा र सोको तयारी ।<br>• खेलकुदको महत्व झल्कने लेख वा श्रव्य वा श्रव्यदृश्य फाइल<br>• प्राथमिक उपचार सामग्री बाकस ।<br>• खेलका नियम लेख्ने र नतिजा लेख्ने सेतोपाटी ।<br>• स्थानीय लोकगीतको सूची ।<br>• सही भाका, लय र शब्दहरु<br>• अडियो भिजुअल रेकर्डर<br>• साउण्ड स्पिकर, मल्टिमिडिया प्रोजेक्टर, र डिस्प्ले सिस्टम ।<br>• सेतोपाटी, चार्ट पेपर .<br>• योगाशनका विभिन्न प्रकारका पोष्टर र भिडियोहरु ।<br>• विभिन्न प्रकारका | • कम्तिमा १० वटा स्थानीय खेलहरुको नाम भन्न लगाउँने ।<br>• कम्तिमा ५ वटा स्थानीय खेल खेल्न लगाउँने ।<br>• एकल जोडी र सामुहिक खेलहरु खेल्दा विद्यार्थीहरुको सहभागिता अवलोकन गर्ने ।<br>• घरभित्र र बाहिर खेलिने कम्तिमा १० वटा स्थानीय खेलहरुको नाम भन्न लगाउँने<br>• विद्यालयमा खेलको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्ने ।<br>• विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापमा विद्यार्थीहरुको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने ।<br>• खेलकुदको महत्व बताउन लगाउने ।<br>• कम्तिमा ७ वटा स्थानीय लोकगीत र लोकनृत्यको नाम भन्न लगाउँने ।<br>• स्थानीय लोकगीत संयुक्त वा सामुहिक रुपमा गाउन लगाउँने ।<br>• स्थानीय लोकनृत्य संयुक्त वा सामुहिक रुपमा नाच्न र प्रदर्शन गर्न | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ● योगाशनका ६ वटै प्रकारहरुलाई अभ्यास। | छलफल गराउने र कसैको घरमा दाजु, दिदी, आमा, बुबाहरुले बज्राशन गरे नगरेको सोध्ने यसले पाचन प्रणालीलाई दुरुस्त राख्ने कुरा जानकारी दिने र अन्य योगहरुको बारेमा बालबालिकालाई पाठ मौन गर्न लगाई समुहमा विभाजन गरी फाइदाहरु समुहमै लेख्न लगाउने र प्रस्तुत गर्न लगाउने, शिक्षकले आवश्यक सहयोग गर्ने।<br>● कक्षाका सबै विद्यार्थीहरुलाई सफा चौरमा लगेर बसाली शिक्षकले नमुना अभ्यास गरेर देखाउदै क्रमशः उनीहरुलाई पनि गर्न लगाउने अभ्यास गराउँदै जाँदा केही विद्यार्थीहरुले छिटो सिक्दै जाने हुँदा अभ्यस्त भएका विद्यार्थीहरुलाई टोली नेताको रुपमा प्रयोग गरी योगाभ्यासको नेतृत्व गर्न लागउने आवश्यकता अनुसार शिक्षकले सुधारात्मक सिकाइ गर्दै सबै विद्यार्थीहरुलाई ६ वटा आइनमा अभ्यस्त गराउने। | योगाशनका परिभाषा लेखिएको कार्ड वा पोष्टर। | लगाउँने।<br>● विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापमा विद्यार्थीको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने।<br>● बज्राशन कस्तो आशन हो ?<br>● उगको कुनै ३ वटा आशनहरुको नाम भन्नुहोस्।<br>● बज्राशनबाट के फाइदा हुन सक्छ ? बज्राशन कति बेला गर्नु उपयुक्त हुन्छ ?<br>● उत्तानपाद आशन भनेको कस्तो आशन हो ?<br>● आनन्द मन्दिर आशन कसरी गर्न सकिन्छ ? | |
| १२ | वातावरण संरक्षण एवं फोहोरमैला व्यवस्थापन र हरित विद्यालय | ● वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन र हरित विद्यालयको बारेमा परिचय दिन।<br>● फोहोरमैलाको परिचय र प्रकार<br>● वातावरण र विकासको परिचय।<br>● हरियाली प्रवर्द्धन र दिगो विकास। | ●वृक्षारोपण र बोटबिरुवाको संरक्षण। जस्तैः घर तथा विद्यालयमा गरिने वृक्षारोपणमा सहयोग।<br>●हरित घर तथा विद्यालयको अवधारणा।<br>●हरियाली प्रवर्द्धनको परिचय, महत्व, तरिका र सहभागिता।<br>●घर तथा विद्यालयमा भएका बोटबिरुवाको संरक्षणमा सहयोग।<br>●फूलवारी तथा | ●वडामा भएका वनको पहिचान र अवलोकन गराउने।<br>●घरको बगैचा वा खेतको छेउछाउमा वृक्षारोपण गर्ने सम्बन्धमा विद्यार्थीहरुलाई सोध्ने र खाली ठाउँमा वृक्षारोपण गर्नुपर्ने कुरा भन्ने।<br>●घरमा वृक्षारोपण गर्ने कार्यमा सहयोग गर्ने कुरा भन्ने र अनुभव सुनाउन लगाउने।<br>●विद्यालयको खाली ठाउँमा वृक्षारोपण कार्यमा सहभागी गराउने।<br>●घर तथा विद्यालयमा भएका बोटविरुवाको संरक्षण गर्नुपर्ने कुरा भन्ने र संरक्षण तथा हेरचाह गर्ने कार्यमा सहभागी गराउने।<br>●हरित घर, हरित विद्यालयका बारेमा विचार प्रस्तुत गर्न लगाउने।<br>●घर वरपरको खाली जग्गा कौसी वा अन्य ठाउँमा आवश्यक विरुवाहरु रोपेर स्वस्थ वातावरण सिर्जना गर्ने रुपमा हरित घरको परिचय दिने।<br>●उर्जाको बचत र सही सदुपयोग गर्न, वातावरणमैत्री व्यवहार गर्ने, वातावरण संरक्षण गर्ने सुदृढ सिकाइ वातावरण भएको विद्यालयलाई हरित विद्यालय भनिन्छ भनी हरित विद्यालयको परिचय दिने। | ● हरियाली र नाङ्गा डाँडापाँखा भएको पोस्टरहरु<br>● सरसफाइका सामग्रीहरु जस्तैः साबुन, टावेल, नङकट, पानी, जग, बाल्टी आदि।<br>● सफा र फोहोरयुक्त चित्रहरु भएको पोस्टर<br>● वृक्षारोपण गर्दै गरेको चित्रहरु, पोस्टरहरु<br>● बिरुवाहरुमा पानी हाल्दै गरेको चित्रात्मक पोस्टर। | ● घरमा भएका विरुवाको नाम भन्न लगाएर।<br>● विद्यालयको बगैचा तथा विद्यालय वरपर भएका बिरुवाको नाम पहिचान गर्न लगाएर।<br>● आफ्नो घर वरपर भएका बिरुवाको नाम भन्न लगाएर।<br>● वृक्षारोपणको अनुभव भन्न लगाएर।<br>● विद्यालयमा बिरुवाको संरक्षण तथा हेरचाहमा सहभागी भए नभएको अवलोकन गरेर।<br>● व्यक्तिगत सरसफाइ गरे नगरेको | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | बोटबिरुवाको हेरचाह<br>•हाम्रो वरपरको वातावरण र सरसफाइ, फोहोरमैला व्यवस्थापन । जस्तैः व्यक्तिगत, घर, आँगन, विद्यालय वरिपरिको वातावरण सरसफाइ ।<br>•फोहोरमैलाको पहिचान र स्थानीय स्तरमा पारेको असर ।<br>•वातावरण प्रदुषणको असर ।<br>•फोहोमैलाको वर्गीकरण जस्तैः ठोस, तरल र ग्याँस यसको व्यवस्थापनमा सहयोग । | •हरित घर तथा विद्यालयको अवधारणालाई जोडेर हरियाली प्रवर्द्धनको परिचय दिने ।<br>•हरियाली प्रवर्द्धन गर्दा हुने महत्व, हरियाली प्रवर्द्धन गर्ने तरिका भन्न र विद्यार्थीहरुलाई सहभागी गराउने ।<br>•कक्षाकोठामा विद्यार्थीहरुलाई अभिन लगाउने र व्यक्तिगत सरसफाइ गरे नगरेको अवलोकन गर्ने ।<br>•विद्यार्थीहरु मध्ये व्यक्तिगत सरसफाइ राम्रो गरेका विद्यार्थीहरुलाई कक्षाकोठाको अगाडि बोलाइ उनले व्यक्तिगत सरसफाइ गर्दा अवलम्बन गरेका तरिकाहरु सुनाउन लगाउने ।<br>•व्यक्तिगत सरसफाइ अन्तर्गत गरिने कार्यहरुको बारेमा जानकारी गराउने जस्तैः नुहाँउने, कपाल कोर्ने, कपडा सफा गर्ने आदि ।<br>•व्यक्तिगत सरसफाइ अन्तर्गत गर्न सकिने केही कार्यको प्रदर्शन गर्ने ।<br>•स्वस्थताका लागि घर, आँगन, विद्यालय वरिपरिको वातावरण सफा राख्नुपर्ने कारण भन्ने र छलफल गर्ने ।<br>•विद्यालयको, कक्षाकोठा बाहिर, खेलमैदान, शौचालय, धारा वरपरको सरसफाइमा सहभागी गराउने र सरसफाइ पश्चात साबुन पानीले हात धुने कार्य गर्ने गराउने ।<br>•घर कक्षाकोठा बाहिर हुने फोहोरमैलाको चित्रद्वारा पहिचान गराउने ।<br>•कक्षाकोठा भित्र तथा कक्षाकोठा बाहिरका फोहोरमैलाको अवलोकन गराई फोहोरमैलाको पहिचान गर्न लगाउने ।<br>•घर, विद्यालय, अस्पताल, कारखानाबाट निस्कने फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर जस्तैः स्वास्थ्य, वातावरण, कृषि आदि सम्बन्धमा श्रव्यदृश्य सामग्री अवलोकन, चित्र आदिको माध्यमबाट छलफल गराउने ।<br>•घर, परिवार, विद्यालय, अस्पताल, कारखाना, विकास निर्माण, प्रकोप आदिबाट हुने फोहोरलाई वर्गीकरण गर्न लगाउने र ती फोहोरलाई सामान्यतया ठोस (कुहिने र नकुहिने) तरल र ग्याँस वा हावा गरी तीन समुहमा वर्गीकरण गर्न सकिने कुरा भन्ने ।।<br>•स्थानीय स्तरमा देखापरेका प्रदुषण जस्तैः जल, जमिन, ध्वनी, हावा आदिको बारेमा छलफल गराउने ।<br>•विभिन्न माध्यमबाट उत्पन्न हुने फोहोरलाई उचित तरिकाले विसर्जन गर्न, मल बनाउने, प्रशोधन गर्ने कार्य गर्नुपर्ने कुरा भन्न र व्यवस्थापनमा सहभागी गराउने ।<br>•दिगो विकासका आधारमा विचार मन्थन गर्न लगाउने र विद्यार्थीहरुको अनुभवलाई समेटी | • दिगो विकासका लक्ष्यहरुको पोस्टर ।<br>• हरित घर र विद्यालय झल्किने तस्वीर वा पोस्टर । | अवलोकन गरेर<br>• घर तथा विद्यालय वरपरको वातावरण सफा राख्ने कार्यमा सहभागी भए नभएको अवलोकन गरेर ।<br>• फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर भन्न लगाएर ।<br>• स्थानीय स्तरमा वातावरणीय प्रदुषणको अवस्था भन्न लगाएर ।<br>• फोहोरमैलाको वर्गीकरण गर्न सके नसकेको भन्न लगाएर ।<br>• फोहोरमैलाको उचित तरिकाले विसर्जन, व्यवस्थापन गरे नगरेको अवलोकन गरेर ।<br>• हरित घर र विद्यालयको परिभाषा र विशेषताहरु ।<br>• दिगो विकासको परिचय दिन लगाएर ।<br>• दिगो विकासका लक्ष्य सोधेर ।<br>• गाउँपालिकास्तरबाट पुरागर्न सकिने दिगो विकासको लक्ष्यहरु भन्न लगाएर ।<br>• वातावरण संरक्षण र दिगो विकासको अन्तरसम्बन्ध भन्न लगाएर ।<br>• घर विद्यालय वरिपरि हुने फोहोरमैलाको पहिचान गर्न सके नसकेको अवलोकन तथा प्रश्नत्तर गरेर । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | दिगो विकासको अवधारणा प्रस्ट पार्ने ।<br>• दिगो विकासका लक्ष्यहरुको जानकारी गराउने र गाउँपालिका स्तरबाट दिगो विकासको लक्ष्य पुरा गर्न सकिने लक्ष्यहरु पहिचान गराउने ।<br>• वातावरण संरक्षण गर्ने तरिकाहरु, श्रव्यदृश्य सामग्रीको माध्यमबाट प्रदर्शन गर्ने र वातावरण संरक्षणमा सहभागी गराउने । | | | |
| १३ | सामाजिक रुपान्तरण, लोकतन्त्र र सङ्घीयता | • नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य घोषणा भएको मिति ।<br>• मुड्केचुला गाउँपालिका घोषणा भएको साल, महिना र गते भन्न र जम्मा वडाहरुको सङ्ख्या र साविक गा.वि.स. सङ्ख्या बताउन । | • नेपालको संविधान घोषणा मिति (२०७२/०६/०३)<br>• मुड्केचुला गाउँपालिका घोषणा भएको मिति, जम्मा वडाहरुको सङ्ख्या र साविक गा.वि.स. सङ्ख्या र नामावली । | • हाम्रो देश सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य घोषणा भएको मिति प्रष्ट पारिदिने ।<br>• हाम्रो देशमा कित जिल्लाहरु छन् भनी सोध्ने र सोको जानकारी गराउने । (७७ जिल्ला)<br>• हामी कुन गाउँपालिकामा बस्छौँ भनी सोध्ने । पछि हामी बसेको गा.पा.को नाम "मुड्केचुला" हो भनी सेतोपाटीमा लेखिदिने र कापीमा सार्न लगाउँने ।<br>• मुड्केचुला गा. पा. घोषणा भएको साल, महिना र गते लिखिदिने ।<br>• मुड्केचुला गा.पा. साविकको कतिवटा गा. वि. स.हरु मिलेर बनेको हो भनी ती गा.वि.स. हरुको सङ्ख्या सेतोपाटीमा लेखिदिने र विद्यार्थीलाई कापीमा सार्न लगाउँने । दोहोर्याएर सोध्ने ।<br>• साविक गा.वि.स. हरुको नाम भएको मुड्केचुला गा. पा. को नक्सा प्रदर्शन गर्दै गाउँपालिकाको बारेमा प्रस्तुतीकरण गर्न लगाउँने ।<br>• पालिकाको पदाधिकारीहरुको नामवली र मुख्य जिम्मेवारी बारे छलफल एवं वताइदिने । | • नेपालको संविधान र नेपालको नक्सा<br>• मुड्केचुला गा.पा. घोषणा भएको साल र साविक गा. वि. स. हरू र हालको गा. पा. को सिमाना छुट्टिएको नक्सा, चार्ट पेपर वा न्यूज पेपर, मार्कर । | • सङ्घीय संरचना हुनुभन्दा पहिले र भएपछिको नेपालको जिल्लाको सङ्ख्या र अन्य २ वटा फरक भन्न वा लेख्न लगाउँने ।<br>• मुड्केचुला गाउँपालिका घोषणा भयो र कति वटा गा. वि. स. हरु मिलाएर मुड्केचुला गाउँपालिका बनाइएको हो भनी सोध्ने ।<br>• पालिकाको जनप्रतिनिधिहरुको नाम र काम भन्न लगाउँने । | ५ |

## कक्षा–६

| क्र. सं. | विषय क्षेत्र/थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य शिक्षण सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया वा विधि | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| १ | हाम्रो गाउँपालिकाको परिचय | • आफ्नो गाउँ, टोल र गाउँपालिकाको परिचय दिन।<br>• गाउँपालिकाको भौगोलिक अवस्था बारे बताउन।<br>• स्थानीय सरकारको विकासमा योगदान।<br>• गाउँपालिकाको विकास पूर्वाधार बारे बताउँने।<br>• विकासमा देखा परेका सामाजिक समस्या र चुनौतीहरु | • विद्यार्थी आफू जन्मेको र बसोबास गर्ने गाउँ टोलको पूरा ठेगाना झल्किने लेख।<br>• आफू बसोबास गर्ने वडा नम्बर, गाउँपालिका र जिल्ला, प्रदेशको नाम<br>• गाउँपालिकाको वडागत सिमाना।<br>• वडा समितिको गठन प्रक्रिया।<br>• वडा समितिको कामहरु मध्ये जन्म, विवाह र मृत्यु दर्ता।<br>• वडाबाट प्रवाह हुने सेवा। विकासका पूर्वाधारहरु जस्तैः शिक्षा, स्वास्थ्य, खानेपानी, बिजुली, यातायात, सञ्चारको महत्व।<br>• विकासका पूर्वाधारहरु जस्तैः शिक्षा, स्वास्थ्य, खानेपानी, बिजुली, यातायात, सञ्चारको महत्व उल्लेख गर्न।<br>• विकासमा स्थानीय सरकारको योगदान जस्तैः शिक्षा, स्वास्थ्य, सम्बन्धी भावी नीति र कार्यक्रम।<br>• स्थानीय सरकारः जस्तैः | • सबै विद्यार्थीलाई आफ्नो गाउँपालिकाको परिचय दिन वा गाउँको बारेमा एक परिच्छेद लेख्न लगाउँने र त्यसपछि पालैपालो उठेर सुनाउन लगाउँने।<br>• गाउँको वा पालिकाको परिचय दिदा भौगोलिक अवस्था, सांस्कृतिक, सामाजिक, आर्थिक, स्थानीय प्राकृतिक विषयलाई समेटेर लेख्न सिकाउने, आवश्यक पृष्ठपोण समेत दिने।<br>• गाउँपालिका सम्बन्धी विभिन्न स्रोत सामग्रीहरु जस्तैः गाउँपालिका पार्श्वचित्र वा जानकारी पुस्तिका, गाउँ परिचय, सन्दर्भ सामग्री, उपलब्ध गराउने आवश्यक निर्देशन वा खाका दिने र कक्षाको विद्यार्थीहरुलाई विभिन्न समुहमा बाडेर गाउँपालिकाको छोटो परिचय तयार गार्न लगाउँने र समुहगत प्रस्तुती गर्न लगाउँने।<br>• पालिकाको विभिन्न ठाउँको भिडियो क्लिप्स, डकुमेन्ट्री, फोटो आदि देखाई छलफल गर्ने र गराउँने।<br>• आफ्नो गाउँ, टोल र विद्यालयको बारेमा सचित्र प्रस्तुत गर्न लगाउँने।<br>• गाउँपालिकाको विकासमा स्थानीय सरकारको योगदान के हुनसक्छ भनी छलफल र प्रश्नोत्तर गराउने।<br>• विद्यार्थीहरुलाई समुहमा विभाजन गरी गाउँपालिकाको शिक्षा नीति, स्वास्थ्य नीति र भावी नीति तथा कार्यक्रम तयार गरी कक्षामा प्रस्तुत गर्न लगाउने।<br>• अध्ययनका लागि विद्यार्थीहरुलाई गाउँपालिकामा पठाउँने र कक्षामा फर्केपछि प्रस्तुत गर्न लगाउँने।<br>• गाउँपालिकामा सरकारी, स्वास्थ्य केन्द्र वा अस्पताल र निजी स्वास्थ्य क्लिनिक वा नर्सिङ होम के के छन् भनी छलफल, प्रश्नोत्तर गर्दै सूची बनाउन लगाउने।<br>• नेपालको नक्शामा कर्णाली प्रदेश देखाउन लगाउँने र प्रदर्शन विधिबाट मुड्केचुला गाउँपालिकाको सङ्केत गर्न लगाउने।<br>• डोल्पा जिल्लाको नक्शा देखाई विद्यार्थीहरुलाई गाउँपालिका देखाउँने।<br>• नक्शाको सहायताले चार किल्लाको सीमा देखाई गाउँपालिकाको भौगोलिक अवस्थितिको परिचय दिने।<br>• सबै विद्यार्थीलाई पालैपालो हजुर कहाँ बस्नुहुन्छ ? भनेर पालैपालो सोध्ने र आएको उत्तरलाई सेतोपाटीमा टिप्दै जाने। | • सिमाना तथा वडा छुट्टिएको पालिकाको नक्सा।<br>• गाउँपालिकाको बारेमा लेखिएका वा छापिएका पुस्तक, वार्षिक नीति कार्यक्रम र बजेट आवधिक योजना एवं जानकारी पुस्तिका<br>• पालिकाको विभिन्न स्थानको भिडियो क्लिप, मोवाइल फोटो<br>• हातले बनाएको वडा छुट्टिने गा. पा.को नक्सा<br>• घर गाउँको सङ्केत जनाउने रङ्गीन कागजको टुक्राहरु<br>• गाउँपालिकाको क्यालेण्डर<br>• पालिका र वडा कार्यालयको नक्शा र सेवा प्रवाह सम्बन्धी पोस्टर। | • मोवाइल फोटो वा हातले तयार गरेको चित्र देखाई हजुर कुन गाउँपालिकाको, कुन वडामा बस्नुहुन्छ भनी सोध्ने।<br>• विद्यार्थीको गाउँ, गा. पा. र वडा नम्बर सोध्ने र लेख्न लगाउँने।<br>• पालिकाको नक्सामा आफू बसेको वडा नम्बर देखाउन लगाउँने।<br>• आफ्नो गाउँ, विद्यालयको चित्र बनाई लेख्न र रङग भर्न लगाउँने।<br>• स्थानीय सरकारका प्रमुख अङ्ग केके हुन भनी भन्न लगाएर।<br>• कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको परिचय दिन लगाएर।<br>• गा. पा.को नक्सा भित्र आफ्नो घर भएको ठाउँको चिनो लगाई रङग भर्न लगाउँने।<br>• कक्षामा गरिएको क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने।<br>• वडाबाट कुन कुन सेवा प्रवाह हुन्छ भनी भन्न लगाएर<br>• वडाबाट प्रवाह गर्ने सेवाको सूची बनाउन लगाएर।<br>• गाउँसभाको गठन प्रक्रिया भन्न लगाएर गाउपालिकाले कुनकुन कार्य गर्दछ भनी सूची बनाउन लगाएर। | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका।<br>• स्थानीय विकासका देखा परेका समस्या र चुनौतीहरु जस्तैः बालविवाह, बुहविवाह, यसले समाजमा पारेका असर र न्यूनीकरणका उपायहरु, महिला हिंसाका कारणहरु र यसका न्यूनीकरणका उपायहरु, छाउपडी प्रथा, यसको कारण र महिलामा परेका असर तथा न्यूनीकरणका उपाय। | • गाउँपालिकाको नक्शा देखाउँदै नक्शा कोर्न लगाउँने।<br>• मुड्केचुला गाउँपालिकाको ९ वडाहरु छुट्याएको नक्शा देखाई उनीहरुको घर र विद्यालय भएको वडा देखाउने।<br>• आफू बस्दै आएको पालिकाको नाम मुड्केचुला गाउँपालिका हो भनि भन्न चिन्न र लेख्न लगाउँने।<br>• विद्यालय वरपरको ठाउँहरु घुमाउन लाने (अध्ययन भम्रण) र त्यसको बारेमा बताइदिन र कस्तो लाग्यो, त्यहाँ केके देख्नुभयो, हजुरको घर, टोल, गाउँमा छ कि छैन् भनेर सोध्ने छलफल गर्ने।<br>• भ्रमण गरेको ठाउँको चित्र बनाएर दिने र त्यसमा नाम लेख्न र भर्न लगाउँने।<br>• पालिकाको विभिन्न ठाउँको भिडियो क्लिप, फोटो आदि देखाई छलफल गर्ने।<br>• विद्यार्थीको घर रहेको वडा नम्बरमा विद्यार्थीको घरको चित्र बनाएर रङ भर्ने र गा. पा. र आफ्नो गाउँको नाम लेख्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउँने।<br>• गाउँपालिकाको विभिन्न ठाउँको भिडियो क्लिप्स, फोटो आदि देखाई छलफल गर्ने।<br>• जाडो मौसममा के कस्ता रोगहरुले सताउँछ भनी सूची बनाउन लगाउने।<br>• गर्मी मौसममा के कस्ता रोगहरु लाग्छन् भनी छलफल, प्रश्नोत्तर गरी रोगको सूची बनाउन लगाउने।<br>• आफ्नो वडाको बारेमा एक अनुच्छेद लेखेर ल्याउन लगाउँने।<br>• गाउँसभाको गठन प्रक्रियालाई चार्टमा उतारी कक्षामा छलफल र सहजीकरण गर्ने।<br>• विद्यार्थीहरुलाई अभिनय विधिबाट नगरसभाको निर्वाचन गराई त्यसैगरी जनताबाट निर्वाचित भएका व्यक्तिहरु नै गाउँसभाका सदस्य हुन भनी बताइदिने।<br>• गाउँपालकामा गाउँपालिका अध्यक्ष र उपाध्यक्ष लगायत सदस्यहरुले नै विकासका लागि नीति तथा अन्य कार्यक्रम र विकास निर्माण, सामाजिक सेवा उपलब्ध गराउँछन भनी जानकारी गराउने।<br>• स्थानीय सरकारका तीन प्रमुख अङ्ग सहितको तालिका देखाउँदै कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको सामान्य परिचय दिने।<br>• वडाहरुबाट प्रवाह हुने सेवा, बसाइसराइ र अन्य सिफारिस बताइदिने।<br>• आफ्नो घर र गाउँ नजिका विकासका पूर्वाधारहरुको नाम भन्न लगाई छलफल गर्ने।<br>• गाउँपालिका भित्र रहेका नमूना विद्यालयको क्षेत्र भ्रमण गराउने।<br>• गाउँपालिकाको विकासमा देखा परेको समस्याहरु बारे छलफल र प्रश्नोत्तर गराउने। | | • वडा र पालिकामा भएका स्वास्थ्य संस्था र विद्यालयहरुको सूची बनाउन लगाएर।<br>• पालिकासँग जोडिएका महत्वपूर्ण सडक मार्ग कुनकुन हुन सोधी भन्न लगाएर।<br>• पालिकाको विद्युत वितरण र सञ्चारको अवस्था कस्तो छ भनी भन्न लगाएर।<br>• गाउँपालिकाको विकासमा देखिएका समस्या र चुनौतीहरु र समाधानको सूची बनाउन लगाएर।<br>• धुम्रपान, मध्यपानको परिचय दिन लगाएर यसले मानवलाई पार्ने असरको सूची बनाउन लगाएर।<br>• लागु पदार्थको दुर्व्यसनले मानव स्वास्थ्यमा पार्ने नकारात्मक असर भन्न लगाएर।<br>• लागु पदार्थ ओसारपसारबाट उत्पन्न हुने असर भन्न लगाएर।<br>• आत्महत्या रोकथामका उपायहरुका बारेमा भन्न लगाएर । यसले समाजमा कस्तो नकारात्मक असर पार्छ छलफल गर्न लगाउएर।<br>• बालविवाह, बहुविवाह, छाउपडी प्रथा हुनुका कारणहरु भन्न लगाउने । यसले समाजमा पारेको असर र समाधानका उपायहरु बारे बताउन लगाएर।<br>• यी विभिन्न सामाजिक समस्याहरुको समाधानका लागि | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | • धुम्रपान र मद्यपानले विकासमा पार्ने प्रभाव बारे छलफल र प्रश्नोत्तर गराउने ।<br>• लागु पदार्थको दुर्व्यसनले मानव स्वास्थ्य र विकासमा पार्ने नकारात्मक असर बारे छलफल र प्रश्नोत्तर गराउने ।<br>• लागु पदार्थ ओसारपसारको परिचय, कारण तथा असर बारे छलफल र प्रश्नोत्तर गराउने ।<br>• महिला हिंसाका कारण, समस्या तथा समाधानका उपायको समुहगत रुपमा छलफल गराई बुँदागत रुपमा प्रस्तुत गर्न लगाउने ।<br>• बाल विवाह र बहुविवाह भनेको के हो भनी छलफल र प्रश्नोत्तर गराउँदै यसको परिचय दिने ।<br>• बाल विवाह र बहुविवाहका कारणहरुको सूची बनाउन लगाउने र यसबाट समाजमा पर्ने असरका बारेमा कक्षामा छलफल गराई समाधानका उपायहरु पहिचान गर्ने ।<br>• छाउपडी प्रथा के हो भनी प्रश्न गर्दै छलफलबाट परिचय दिन लगाउने । यसका कारण असर र समाधानका उपायका बारेमा छलफल गराउने ।<br>• समुहगत रुपमा उल्लेखित समस्याहरुको समाधानका लागि गैरसरकारी सङ्घ संस्थाको भूमिका बुँदागत रुपमा भन्न लगाउने ।<br>• उल्लेखित समस्याहरुको समाधानका उपायहरु समेटिएको भिडियो नाटक प्रदर्शन गराउने । | | सरकारी तथा गैरसरकारी क्षेत्रबाट भएका प्रयासहरु भन्न लगाएर । यदि भएका केके प्रयासहरु भएका छन् भन्न र लेख्न लगाएर । | |
| २ | स्वास्थ्य र सरसफाइ | • आफ्नो व्यक्तिगत सरसफाइ आफै गर्न र घर परिवारको सरसफाइमा सहयोग गर्न ।<br>• सफा खानेकुरा वा खानेकुरा सफा गरेर खान ।<br>• घर तथा विद्यालय, बाटो र सार्वजनिक स्थलमा तोकिएको ठाउँमा फोहोर राख्ने बानी प्रदर्शन गर्न । | • व्यक्तिगत सरसफाइ<br>• आफ्नो पोसाक, रुमाल, मोजा केही लुगा धुने बानी ।<br>• आफ्नो कापी, किताब, कलम, कपडा र अन्य सामानहरु यथास्थानमा राख्ने बानी ।<br>• घर, विद्यालय, बाटो र सार्वजनिक स्थलमा तोकिएको ठाउँमा फोहोर राख्ने वा फाल्ने बानी ।<br>• सफा खानेकुराका फाइदाहरु ।<br>• सफा पिउने पानीबाट शरीरमा | • विद्यालय र घरमा पनि सही तरिकाले हातमुख खुट्टा धुने, गरे वा नगरेको बारेमा सोध्ने र गर्न प्रोत्साहित गर्ने ।<br>• विद्यार्थीलाई आफ्नो कपडा कसले धुने गरेको छ भनी सोध्ने ।<br>• कपडा धुने तरिका सिकाउने र आफ्नो कपडा आफैले अनिवार्य धुनु पर्ने बारे बताउने ।<br>• व्यक्तिगत सरसफाइ सम्बन्धी पोस्टर, चित्र, भिडियो देखाएर प्रश्नोत्तर गर्दै छलफल गर्ने ।<br>• जुत्ता, चप्पल, रुमाल, तौलिया आदि सरसफाइ सम्बन्धी सामानको प्रयोगको बारेमा छलफल गर्ने ।<br>• सरसफाइ नगर्दा पर्नसक्ने स्वास्थ्य असर सम्बन्धी बिचको माध्यमबाट प्रस्ट पार्ने ।<br>• साबुन पानीले हात धोएको चित्र वा पोस्टर देखाएर छलफल गर्ने र त्यहीँ देखाए अनुसार हात, मुख धुने तरिका बताउँदै अभ्यास गराउने ।<br>• हात धोएपछि सफा कपडाले हात मुख पुछन सिकाउने । | • व्यक्तिगत सरसफाइ सम्बन्धी पोस्टर, चित्र, भिडियो ।<br>• साबुन पानीले हात धोएको चित्र वा पोष्टर<br>• सफा पानी, साबुन वा खरानी<br>• हात पुछने तौलिया वा सफा कपडा<br>• स्थानीय सामानले बनेको जुत्ता, चप्पल राख्ने र्याक ।<br>• विद्यालय परिसरमा फोहोर राख्ने टोकरी वा डोको वा | • सही तरिकाले साबुन पानीले हात खुट्टा धुन जान्यो वा जानेन अभ्यास गर्न लगाएर हेर्ने ।<br>• चर्पीको प्रयोगपछि, खाना खानुअघि र खाइसकेपछि सधै हात धुने बानी भयो कि भएन अभिभावकसँग सोध्ने ।<br>• सफा र फोहोर कुरा वा चित्र देखाएर छुट्टाउन लगाउँने ।<br>• विद्यालयमा विद्यार्थीको व्यक्तिगत र बाहिरी सरसफाइ सम्बन्धी क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने । | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | हुने फाइदा।<br>• फलफूल जस्ता काँचै खाने खानेकुरा खाँदा ध्यान दिनुपर्ने कुराहरु।<br>• भान्सामा पकाएका वा पाकेका खानेकुरा सफा र सुरक्षित राख्ने विधि।<br>• बासी सडेगलेका झिंगा भन्केका, गनाएका, बिग्रेका खानेकुराबाट हुने हानी। | • चप्पल र जुत्ताको प्रयोग कहाँ गर्ने कहाँ नगर्ने भनी विद्यार्थीसँग कुरा गर्ने र कहाँ जुत्ताचप्पल लगाउँदा ठिक हो कहाँ बेठीक हो भनि बताउँने।<br>• अभिभावकहरुलाई समेत यसबारे जानकारी गराई बालबालिकाहरुलाई घरमा पनि बानी लगाउन अनुरोध गर्ने।<br>• सफा र मैलो कपडा, सफा र मैलो झोला र अन्य सफा र मैलो वा फोहोर सामानहरु देखाएर कुन सफा र कुन मैलो वा फोहोर हो भनि छुट्टाउन लगाउँने।<br>• सफा र फोहोर वा मैला चित्र सिकाउने र कसरी फोहोर भएको होला अब के गर्यो भने फोहोर हुँदैन? कसरी, कसले सफा गर्ने होला भनी प्रश्नोत्तर गेरर सफा र फोहोरको अर्थ बुझाउने र सधै सफा रहने बारे बताउने। चित्र वा तस्वीर देखाएर पनि छलफल गर्न सकिन्छ। साबुन पानीले हात, खुट्टा र मुख धोएर प्रदर्शन गर्न लगाउँने।<br>• सफा र फोहोर कुराहरु, कपडा आदि कक्षा भित्र र बाहिर भएको कुराहरु अवलोकन गराएर चिनाउने।<br>• सरसफाइ सम्बन्धी चित्र देखाएर कुन राम्रो, कुन नराम्रो किन र के भए राम्रो हुन्छ भनी प्रश्नत्तोर गर्ने।<br>• बासी, सडेगलेका, झिंगा भन्केका, गनाएका, बिग्रेका खानेकुरा नखाने भनेर बताउने।<br>• सफा र फोहोरा खानेकुराको चित्र वा पोस्टर देखाएर बताउने।<br>• हरेक विद्यार्थीहरुले आफूले गर्ने गरेका व्यक्तिगत सरसफाइको बारेमा कक्षामा मौखिक रुपमा प्रस्तीकरण गर्न लगाउँने।<br>• हप्तामा कम्तिमा एक पटक नुहाउन र कपडा धोएर लगाउँनु पर्ने लगायतको सफाइ सम्बन्धी नियम बनाई सबै बालबालिका र अभिभावकलाई जानकारी गराउने र बारम्बार सम्झाउने।<br>• फोहोर र दिसाको कीटाणु कसरी खाने कुरामा र मुखमा पर्छ भन्ने पोस्टर देखाएर प्रश्नोत्तर गर्ने। के यस्तो समस्या हाम्रो आफ्नो परिवार र गाउँघरमा हुन्छ भनी छलफल गराई यस्तो समस्या भए कसरी समाधान गर्नु आवश्यक छ कि छैन र आवश्यक भएमा के कसरी रोकथाम गर्ने भनी छलफल चलाउने।<br>• फलफूल किन धोएर खानुपर्छ भनी बुझाउन एउटा फलफूलको दाना ल्याएर त्यसमा धुलो फोहोर लागेको देखाउने। त्यस्तो खाएमा पेट दुख्ने, विरामी हुने बारे बताउने। त्यो फललाई धुने तरिका सिकाउने र धोएको फल पुनः विद्यार्थीलाई देखाउने।<br>• दाल, भात, दुध जस्ता पकाएका खानेकुराहरु कसरी छोपेर राख्ने, नछोपे कसरी झिंगा र अन्य फोहोर पर्छ भनेर भान्सामा अवलोकन गराएर, छलफल गराउने वा आफ्नो | तोकिएको निश्चित एवं व्यवस्थित ठाउँ।<br>• सफा र मैलो कपडा व्याग र अन्य सामानहरु।<br>• सरसफाइ सम्बन्धी विद्यालयले बनाएको नियम।<br>• घर, कक्षाकोठा र विद्यालय परिसर वरिपरिको बाटो नियमित सरसफाइ गर्ने कार्यतालिका<br>• कपडा धोएको चित्र।<br>• सफा र फोहोर खानेकुरा र त्यसको अस/ सम्बन्धी चित्र वा पोस्टर।<br>• खानेकुरा छोपेर राखेको र नछोपी राख्दा फोहोर झिंगा परेको वास्तविक भान्सा वा पोस्टर वा श्रव्य दृश्य सामग्री।<br>• भान्सामा सरसफाइ सम्बन्धी कार्ययोजनाको खाका | • घरको, भान्साको सरसफाइको बारेमा प्रतिक्रिया बुझ्ने।<br>• विद्यालयमा हुँदा विद्यार्थीले खाने खाजा वा खानेकुरा सफा गर्ने आनीबानीको आधारमा मूल्याङ्कन गर्ने।<br>• पोसाक र सामान्य किसिमको कपडा विद्यार्थी आफैले धुने गरेको छ वा छैन भनी अभिभावकसँग सोध्ने।<br>• विद्यालयको सरसफाइ सम्बन्धी नियमको पालना गरेको विद्यार्थीको क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने।<br>• फोहोर वा दिसाको कीटाणु कसरी मुखमा पुग्छ त्यसबाट मानिसलाई के हुन्छ र रोकथामको लागि के गर्नु पर्छ भनी सोध्ने वा लेख्न लगाउँने।<br>• सफा खानेकुरा मात्र खाने बानी भयो कि भएन, भान्सामा खानेकुरा छोप्छ कि छोप्दैन, फलफूल र अन्य खानेकुरा पानीले पखालेर वा सफा कपडाले पुछेर खान्छ कि खाँदैन भनेर निरीक्षण गर्ने र अभिभावकसँग सोध्ने। | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | भान्साकोठाको अवलोकन गरेर आउन भन्ने र के कुरा राम्रो रहेछ र के के कुरा नराम्रो रहेछ भनी प्रश्नोत्तर गर्ने र सुधारका लागि अभिभावकलाई अनुरोध गर्न भन्ने ।<br>● सफा र फोहोर खानेकुराको चित्र वा पोस्टर देखाएर प्रश्नोत्तर गर्ने, सही र गलत बताउने ।<br>● आफ्नो व्यक्तिगत र घरपरिवारमा साप्ताहिक रुपमा गर्ने गरेको सरसफाइ बारेमा सबैलाई प्रस्तुत गर्न लगाउने । | | | |
| ३ | मातृभाषा, संस्कृति र चाडपर्व | ● गाउँपालिकामा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरुको मातृभाषा, मौलिक संस्कृति र सामाजिक संस्कारहरुको सूची बनाई आ-आफ्नो भाषा, संस्कृतिको महत्व बताउन ।<br>● गाउँपालिका भित्रका जाति, जनजाति विशेषका सामाजिक संस्कार र संस्कृति मध्ये कुनै ३ को मनाउने तरिका बताउन र सो चाडपर्व पर्ने महिना, तिथि बताउन ।<br>● गाउँपालिकामा मनाउने साझा चाडपर्वहरुको सूची बनाई कुनै ३ मनाउने तरिका र महत्व बताउन । | ● गाउँपालिकाको आफू बसोबास गर्ने ठाउँमा विभिन्न जाति जनजातिहरुको सूची ।<br>● स्थानीय समुदायमा प्रचलित विभिन्न संस्कृति, सामाजिक संस्कार, चाडपर्व, मेलाको सूची<br>● उनीहरुको मातृभाषाको सूची ।<br>● मातृभाषाको गीत तथा नृत्य, लघुकथा उनीहरुको भाषा संस्कृतिको महत्व ।<br>● मौलिक पहिचान, पहिरन, स्थानीय सामाजिक संस्कारहरु मध्ये केही शुभकर्म जस्तैः न्वारन, पास्नी, छेवर, व्रतबन्ध, विवाह, आदि मध्ये कुनै ३ वटाको मनाउने तरिका र सो शुभकार्य पर्ने तिथि मिति बताउन ।<br>● गाउँपालिकामा बसोबास गर्ने मानिसहरुले मनाउने मुख्य साझा चाडपर्वहरु र तिनीहरुको महत्व । | ● गाउँपालिकाको आफू बसोबास गर्ने ठाउँमा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरुको सूची तयार गर्ने ।<br>● आफ्नो मौलिक वेशभूषा वा पहिरन लगाएको सामानहरु पुस्तकालयमा राख्ने । ती सामानहरु कक्षाकोठामा ल्याएर प्रदर्शन गरी विद्यार्थीलाई आ-आफ्नो जाति समुदाय के हो भन्न लगाउँने ।<br>● समुदाय विशेषको मौलिक संस्कृति, सामाजिक संस्कार र मेलापर्वको सूची बनाउन समुहगत अभ्यास गराई पालैपालो प्रस्तुतीकरण गर्न लगाउँने र थप पूर्णता दिने ।<br>● आ-आफ्नो परिवार वा समुदायले गर्दै आएको सामाजिक संस्कार र विभिन्न सांस्कृतिहरु र तिनको महत्व बारे अभिभावकसँग सोधेर लेखेर ल्याउन लगाई कक्षामा प्रस्तुतीकरण गर्न लगाउँने ।<br>● विद्यालय र समुदायका विभिन्न झाँकीमा विद्यार्थीहरुलाई सहभागी गराउँने ।<br>● नमस्कार, अभिवादन आदि गर्ने शब्दहरुलाई मातृभाषामा भन्न लगाउने ।<br>● चाडपर्वहरुको बारेमा छलफल र सूची बनाउन लगाउँने ।<br>● विभिन्न जात जातिहरुको मौलिक वेशभूषा, गरगहना लगाएको महिला र पुरुष वा केटा र केटीको एक एक जोडीको चित्र वा फ्लेक्स प्रिन्टिङ फोटो राख्ने र विद्यार्थीहरुलाई अवलोकन गराउने ।<br>● विभिन्न वेशभूषामा विद्यालयमा सांस्कृतिक, सामाजिक संस्कार, चालचलन विभिन्न मौलिक संस्कृति, वेशभूषा र आभूषण सम्बन्धी विद्यार्थीहरुलाई झाँकी प्रदर्शन गर्न लगाउने ।<br>● मौलिक वेषभूषा गहनाहरुको नाम केहो भनेर अभिभावकहरुसँग सोधेर, कापीमा लेखेर ल्याउन लगाउँने र फोटोमा देखाएर पालैपालो प्रस्तुतीकरण गर्न लगाउँने ।<br>● आ-आफ्नो मौलिक पहिरन वा वेशभूषा, गरगहनाको महत्व अभिभावकसँग सोधेर आई बताउन लगाउँने ।<br>● सबैको सांस्कृतिक वेशभूषाको उत्तिकै उत्कृष्ट आकर्षक मौलिक पहिचान दिने र | ● स्थानीय जाति समुदाय अनुसारको मौलिक वेशभूषा, गरगहना, पहिरन लगाएको महिला पुरुष सम्बन्धी चित्र पोस्टर ।<br>● मातृभाषाको शब्दकोष, शब्दपत्ती ।<br>● मौलिक गरगहना, वेशभूषा लगाएको महिला पुरुषको पोस्टर, फोटोहरु, फ्लेक्स प्रिन्ट ।<br>● कैची स्केल कागज कलर साइनपेन आदि ।<br>● चाडपर्व सम्बन्धी चिनारी, भिडियो रेकर्ड, फोटो, सेतोपाटी, मार्कर<br>● चाडपर्व मनाएका तस्वीरहरु । | ● आफ्नो परिवार वा समुदायले गर्ने सामाजिक संस्कार, सांस्कृतिक क्रियाकलाप, समुदाय विशेषको मौलिक चाडपर्वको सूची तयार गर्न लगाउँने ।<br>● स्थानीय मौलिक जाति, समुदाय अनुसारको वेशभूषा र गरगहनाको नाम र सम्बन्धित जातिहरुको सूची बनाई जोडा मिलाउन दिने ।<br>● आ-आफ्नो मौलिक वेशभूषा, गरगहनाहरु मध्ये प्रायः लगाइने मुख्य मुख्य चिन्न वा नाम भन्न लगाउँने ।<br>● विवाह, व्रतबन्ध, पास्नी, जन्म उत्सवमा आफू सहभागी भएको वा आफूले देखेको वा सुनेको आधारमा लगाउँने पहिरनका बारेमा कुनै एकको मनाउने तरिका र महत्व बताउन लगाउँने ।<br>● पालिका क्षेत्रमा मनाउँने चाडपर्वहरुको बारेमा भन्न, लेख्न लगाउँने ।<br>● विद्यार्थीहरुलाई आफूलाई मनपर्ने चाडपर्व मनाउने तरिका र सोको महत्व भन्न लगाउँने । | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | मौलिक र एकअर्काको वेशभूषाको कदर गर्नुपर्ने कुरा सिकाउँने।<br>● विद्यार्थीहरुलाई कुनकुन चाडपर्व मन पर्छ ती चाडपर्वहरुमा के के गरिन्छ भनी सोध्ने र छलफल गर्ने।<br>● गाउँपालिकामा रहेका प्रचलित चाडपर्वहको चिनारी तयार गरी पाठ बनाई पढाउने वा अडियो भिजुअल वा फोटो सङ्कलन गरी विद्यार्थीहरुलाई दखाउने र छलफल गराउने।<br>● गाउँपालिका क्षेत्रमा रहेका जाति, जनजातिहरुको मौलिक पहिरन वा वेशभूषा, गरगहना, स्थानीय संस्कारहरु मध्ये केही शुभकर्म जस्तैः न्वारन, पास्नी, गुन्यूचोली दिने, व्रतबन्ध, विवाह आदि बारे छलफल र प्रस्तुतीकरण गर्न लगाउँने।<br>● विद्यालय वरिपरि क्षेत्रमा मनाइने मुख्य वा साझा चाडपर्वहरु के के हुन र कुनै जाति विशेषको भएमा कसको हो भनी छानेर लेख्न वा जोडा मिलाउन लगाउँने।<br>● विद्यार्थीहरुलाई आफ्नो गाउँघरमा मनाइने कुन कुन चाडपर्व मन पर्छ, किन मन पर्छ ती चाडपर्वमा के के गरिन्छ भनी सोध्ने र छलफल गर्ने। | | ● विद्यार्थीहरुलाई उनीहरुले देखेका वा सुनेका मृत्यु संस्कारका बारेमा भन्न लगाउँने। | |
| ४ | ऐतिहासिक, धार्मिक, पर्यटकीय स्थलहरु | ●गाउँपालिकामा प्रचलित धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलहरुको छुट्टाछुट्टै सूची बनाई २।२ को संक्षिप्त परिचय दिन।<br>●गाउँपालिकामा प्रचलित मुख्य धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरुको सामाजिक सांस्कृतिक तथा आर्थिक महत्व बारे भन्न। | ● गाउँपालिकामा रहेका प्रचलित धार्मिक स्थलहरु जस्तैः मठमन्दर, गुम्बा, चाडपर्वमा पूजाआजा गर्ने ठाउँहरु<br>● सांस्कृतिक स्थलहरु जस्तैः कुनै जाति समुदाय विशेषको पहिचान, संस्कृति परम्परा आस्था आदि गाँसिएको स्थल, गाउँ, कुनै जाति विशेषको मौलिक विशेषता भएको गाउँ, चाडपर्वमा मेला लाग्ने ठाउँहरु<br>● प्राकृतिक सम्पदाहरु जस्तैः खोलानाला, जङ्गल, पोखरी, गुफा आदि।<br>● गाउँपालिकाको धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा | ● विद्यार्थीहरुलाई आफ्नो गाउँघर र वरपर भएको धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरुको नाम सोध्ने र ती ठाउँमा पुगेको छ कि छैन त्यहा के छ भनी प्रश्न सोध्ने र थप जानकारी दिदै ती स्थलहरुको नाम सोध्ने र थप जानकारी दिदै ती स्थलहरुको विशेषता सहित फोटो भिडियो सङ्कलन गरी देखाउँने।<br>● गाउँपालिका वा जिल्ला भित्रका विभिन्न सामाजिक, सांस्कृतिक, ऐतिहासक तथा प्राकृतिक महत्व बोकेका स्थलको फोटो भिडियो संकलन गरी प्रस्तुतीकरण गर्ने।<br>● प्रसिद्ध धार्मिक सांस्कृतिक एवं पर्यटकीय स्थलहरुको अलगअलग सूची तयार गरी संक्षिप्त परिचय दिने ।<br>● विद्यालय वरपर भएका पर्यटकीय स्थलहरुको बारेमा सोध्ने र त्यसको बारेमा ५।७ वाक्यमा भन्न लगाउँने।<br>● विद्यार्थीहरुलाई उपयुक्त समय र मौसममा अवलोकन भ्रमणमा लैजाने।<br>● अवलोकन पछि आफूले अवलोकन गरेका कुराहरु कापीमा लेखेर ल्याउन लगाउँने र भ्रमणपछि भ्रमण कस्तो लाग्यो, के देख्नु भयो भनेर सोध्ने छलफल गर्ने।<br>● भ्रमण गरेपछि धार्मिक, सांस्कृतिक एवंव पर्यटकीय स्थलका बारेमा आफूलाई कस्तो लाग्यो, के के देख्नुभयो भनेर सोध्ने ती स्थलहरुको संरक्षण एवं प्रवर्द्धन गर्ने कुरा बालबालिकाहरुले बुझ्ने भाषामा बताउने।<br>● भ्रमण गरेका धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलका चित्र कोर्ने, रङग भर्ने त्यहाँ | ● गाउँपालिकाको प्रमुख एवं प्रसिद्व धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलहरुको सूची, विशेषता सहितको फोटोहरु, भिडियो र संक्षिप्त चिनारी।<br>● चित्र कोरेर रङग भर्न आवश्यक पर्ने पेपर कलर, साइनपेन, पेन्सिल आदि।<br>● पालिकको बारेमा लेखिएका वा तयार गरिएका भिडियो डकुमेन्ट्री<br>● प्राकृतिक सम्पदाहरु झल्किने पोस्टर, फोटाहरु।<br>● गाउँपालिकाको पर्यटन विकास योजना सम्बन्धी पुस्तिका। | ● गाउँपालिका र जिल्लाको १० वटा प्रमुख एवं प्रसिद्व धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलहरुको नाम भन्न वा लेख्न लगाउँने।<br>● ती स्थलहरुको चिनारीको बारेमा प्रस्तुत गर्न लगाउँने।<br>● कक्षाकोठामा स्थानीय धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरुको चित्र दिएर रङ भर्न लगाउँने।<br>● विद्यालयमा विद्यार्थीको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने।<br>● गाउँपालिका भित्र पाइने प्राकृतिक सम्पदाहरुको सूची बनाउन लगाउँने।<br>● विद्यार्थीहरुलाई आफूले | १२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | पर्यटकीय स्थलहरुको महत्व सम्बन्धी अवधारणा। | देखेका कुराको आधारमा एक अनुच्छेदमा वर्णन गर्न लगाई प्रस्तुत गर्न लगाउँने। त्यहाँको सम्बन्धित समाजका जानकार व्यक्तिहरुबाट ती ठाउँ विशेषको विशेषता, महत्व बुझी बालबालिकाहरुले बुझ्ने सरल भाषामा अवलोकन गराउँदै बताउने।<br>● कक्षामा स्थानीय, धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरुको चित्र दिएर रङग भर्न लगाउँने।<br>● फोटो भिडियो सङ्कलन प्रस्तुतीकरण गर्ने।<br>● प्राकृतिक सम्पदाहरु जस्तैः खोलानाला, तालतलैया, झरना, गुफा, हिमालको बारेमा छलफल वर्णन गर्ने।<br>● पालिकामा मनाइने साझा चाडपर्व के के हुन फोटो वा अन्य सामग्री हेरी चित्र चिन्न लगाउँने र तिनीहरु कसरी मनाईन्छ चित्र वा भिडियोको माध्यमबाट प्रस्ट गर्ने।<br>● धार्मिक तथा सांस्कृतिक कार्यक्रमले कसरी समुदाय तथा समाजमा मेलमिलाप गराउँछ भन्ने बारे छलफल गराउने।<br>● यस्ता धार्मिक तथा सांस्कृतिक कार्यक्रमले कसरी पर्यटकलाई आकर्षित गर्छन् र सो बाट के कति आय आर्जन गर्न सकिन्छ भनी छलफल गराउने। त्यस्तै धार्मिक, सांस्कृतिक, ऐतिहासिक र प्राकृतिक सम्पदाको पर्यटकसँग जोडेर छलफल गराउने। | | अवलोकन गरेका वा देखेका गाउँ, ठाउँ, जिल्लामा भएका र जानकारी भएका स्थलहरुको बारेमा एक अनुच्छेद लेख्न लगाउँने। | |
| ५ | स्थानीय पेसा व्यवसाय एवं ज्ञान, सिप तथा प्रविधि र उद्यमशीलता | ●गाउँपालिका क्षेत्रमा विगत र वर्तमानमा अपनाइएका परम्परागत र आधुनिक किसिमका विभिन्न स्थानीय सिप तथा प्रविधिहरु मध्ये १० वटाको सिप तथा प्रविधिहरुको सामान्य परिचय दिन र कुनै एक तयार पार्न वा सोको लागि सहयोग गर्न। | ●गाउँपालिका भित्रका प्रयोगमा आएका ज्ञान, सिप तथा प्रविधिहरु ती ज्ञान, सिप र प्रविधिबाट बनेका वा तयार गरिएका घरायसी दैनिक प्रयोजनको लागि सामाजिक एवं सांस्कृतिक कार्यका लागि आवश्यक पर्ने बस्तु तथा सामानहरु। | ●विद्यार्थीहरुलाई आफ्नो घरमा काठ, बेतबाँस, फलाम आदिबाट बनेका केके सामानहरु छन् भनी कापीमा सूचीबद्ध गरी लेख्न लगाउँने र ती सामानहरु कसरी र कसले बनाएको हो भनी प्रश्नोत्तर गर्ने।<br>●सम्पूर्ण सामान आफ्नै घरमा बनेको, पालिकामा भित्र बनेको र त्यो भन्दा बाहिरबाटको बजारबाट ल्याएको गरी ३ समुहमा छुट्याउन लगाउँने।<br>●विद्यार्थीहरुलाई तपाइँको घरमा भएका घरेलु सामान तथा औजारहरुको बारेमा भन्न लगाउँने।<br>●डोको, नाम्लो, राडीपाँखी, ठेकी, मदानी, मुढा, पिर्का, सुइटर, टोपी, ओखल, जाँतो, सिलौटो, हँसिया, खुकुरी, कुटो, हलो, पानी घट्ट, बिजुली घर, कम्प्युटर आदि को सूची तयार गर्न लगाउँने र यसको सामान्य महत्वको बारेमा बुझाउने।<br>●त्यस्तै काठबाट बनेका हलो, जुवा, दराज, कुर्ची, टेवल, झ्यालढोका, काठको बाकस वा सन्दुक, डल्लेठो आदि बारे विद्यार्थीहरुलाई बताउन लगाउँने।<br>●विद्यार्थीहरुलाई यी घरेलु सामग्रीहरुको बारेमा छलफल गर्न लगाउँने र कुन सामग्री के केको लागि प्रयोग हुन्छ भन्ने बारे बताउन लगाउँने।<br>●अन्य घरेलु तथा कृषि औजारहरु जस्तैः कुटो, कोदालो, ढिकी, कोलको चित्र बनाई | ● विभिन्न स्थानीय ज्ञान, सिप, प्रविधि प्रयोग गरी बनाइएका घरेलु तथा कृषि सामग्रीहरुको सचित्र सूची फोटो र नमूनाहरु।<br>● रङ्गीन कागज स्केल आदि रङग भर्ने स्थानीय सामानहरुको सादा चित्रहरु।<br>● स्थानीय सामानहरु बनाएको भिडियोहरु। | ● विभिन्न घरेलु ज्ञान सिपमा आधारित सामग्रीहरुको बारेमा विद्यार्थीहरुलाई भन्न लगाएर।<br>● सामग्रीहरु र नामलाई जोडा मिलाउन लगाउँने।<br>● घरबाट अभिभावकको सहयोगमा कृषि र भान्सामा प्रयोग हुने कुनै १० वटा सामग्रीहरुको नाम लेखेर ल्याउन लगाउँने।<br>● स्थानीय र बजारबाट किनेर ल्याएका सामान र औजारहको सूची तयार गर्न लगाउने र स्थानीय सामानहरुको प्रयोग गर्दा हुने फाइदाको बारेमा भन्न र लेख्न लगाउँने।<br>● कुनै १० वटा औजारहरु केके | १२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | सबै विद्यार्थीलाई एकएक चित्रमा रङग भर्न लगाएर उनीहरुको नाम सहित लेखेर कक्षाकोठामा झुण्ड्यार राख्ने।<br>● स्थानीय ज्ञान, सिप र प्रविधिबाट बनेका सरसामान र निर्माणको फाइदा र महत्वका बारेमा सरल भाषामा उदाहरण सहित बुझाउने र यस्ता सरसमानको प्रयोग गर्न सके आत्मनिर्भर हुन सकिने भनी यस्ता सामानहरुको प्रयोग गर्न प्रोत्साहित गर्ने। यस्ता सामान र औजार आदिको बारेमा कक्षामा प्रस्तुतीकरण गराउने। | | काममा उपयोग हुन्छन् भनी प्रश्न सोध्ने।<br>● गाउँपालिकामा प्रचलित स्थानीय प्रविधि र आधुनिक वा आयतित सामानहरु बिचको फरक लेख्न लगाउने।<br>● कुनै एक स्थानीय प्रविधिको उचित प्रयोग गरे नगरेको बारे अभिभावकसँग बुझी मूल्याङ्कन गर्ने।<br>● | |
| ६ | खाद्यान्न तथा पोषण एवं कृषि, जडिबुटी, पशुपालन | ● गाउँपालिका क्षेत्रमा उत्पादन हुने विभिन्न खाद्यान्न, सागसब्जी र फलफूलको ५।५ वटाको नाम बताउन चिन्न र लेख्न र त्यसको उपभोगबाट हुने पोषण सुधार बारे बताउन।<br>● आयतित कम पोषणयुक्त बजारको पत्रु खानेकुराको सट्टा स्थानीय कृषि उत्पादको उपभोग गर्ने बानीको विकास गर्ने।<br>● पालिका क्षेत्रमा पाइने औषिधजन्य ५ वटा जडिबुटी र पशुपालनका बारेमा पहिचान र उपयोगिता बारे भन्न र कम्तिमा १० वाक्यमा लेख्न।<br>● पालिकामा बसोबास गर्ने मानिसहरुले गर्ने विभिन्न पेसा, व्यवसायहरु मध्ये ५ वटाको नाम र कुनै एक पेसा गर्ने तरिका भन्न र लेख्न। | ● गाउँपालिका क्षेत्रमा विभिन्न मौसममा कृषि उब्जनी जस्तैः विभिन्न खाद्यान्न (अन्नबाली, दलहन, तरकारी, बालीहरु) जस्तैः धान, मकै, गहुँ, कोदो, दाल, साग, काउली, आलु, फर्सी, लसुन, प्याज आदि।<br>● स्थानीय कृषि उपजबाट बनेका विभिन्न खानेकुराहरु वा विभिन्न चाडपर्वहरुमा बनाइने वा पकाइने परिकार जस्तैः दाल, भात, साग, गेडागुडी, तरकारी, आदिको फाइदा।<br>● बजार पसलमा पाइने खाद्यान्न, तरकारी, फलफूल।<br>● बजार, पसलमा पाइने पत्रु खानेकुराहरु वा कम पोषणयुक्त खानेकुरा (जङक फुड) जस्तैः चाउचाउ, | ● विद्यार्थीहरुलाई समुहमा विभाजन गरी प्रत्येक समुहलाई आ-आफ्नो खेतबारीमा फलेका खाद्यान्न, तरकारी, दलहन, तेलहन, फलफूल तथा सागसब्जीको सूची तयार गर्न लगाई ती उत्पादन केको लागि गरिन्छ वा खाइन्छ, बेचिन्छ भन्ने प्रश्नको उत्तर कापीमा सुचीबद्ध गरेर लेख्न लगाउँने र प्रस्तुत गर्न लगाउँने र छुटेमा अर्को समुहलाई थप्न लगाउँने।<br>● विद्यार्थीहरुलाई आज के खानेकुरा खाएर विद्यालय आउनुभयो, भनी सोध्ने र ती खानेकुरा के र कहाँबाट बनाएको भनी सोध्ने र उदाहरण दिँदै स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्नहरु बारे परिचित गराउने।<br>● आ-आफ्नो घरबाट आ-आफ्नो खेतबारीमा फलेका खाद्यान्नहरुको समुहमा केही नमूना ल्याउन लगाउने र त्यो के हो भन्न लेख्न र त्यसबारे बताउन लगाउँने।<br>● हरेक विद्यार्थीले घरमा करेसाबारी बनाई वा भएकोलाई सुधार गरी विद्यार्थीले उचित व्यवस्थापन गर्न लगाउँने र यसको लागि स्थानीय कृषि प्राविधिक बोलाई तालिम सञ्चालन गर्ने।<br>● स्थानीय खाद्यान्न, तरकारी, फलफूलको नमूनाहरु कक्षामा डोरी टाँगी नाम लेखेर झुण्ड्याउने र हरेक बारेमा बताउने।<br>● विद्यार्थीलाई आफूलाई मन पर्ने फलफूलको नाम भन्न लगाउने र सो फलफूलको चित्र बनाउने र नाम लेख्न सिकाउने।<br>● कहिले काँही आफ्नो खेतबारीमा फलेको फलफूल विद्यालयमा खाजाको रुपमा ल्याउन लगाउँने र अभिभावकहरुलाई समेत यस बारे प्रोत्साहित गर्ने।<br>● स्थानीय फलफूलको चित्रमा रङग भर्न र चिनेर नाम लेखेर वा चित्र जोडा मिलाएर | ● गाउँपालिकामा उत्पादन हुने विभिन्न खाद्यान्न, दलहन, तेलहन, तरकारी तथा फलफूलको वास्तविक नमूना र बिउका फोटोहरु।<br>● करेसाबारी तालिमका लागि आवश्यक तालिम सामग्रीहरु<br>● जङ्गलमा पाइने सब्जीहरुको पनि वास्तविक नमूना वा फोटाहरु<br>● डोरी, सियो, धागो।<br>● नमूना राख्ने प्लास्टिक झोला।<br>● स्वस्थ खानेकुरा र पत्रु खानेकुराको सूची वा वास्तविक नमूना।<br>● पौष्टिक खानेकुराको क्यालेण्डर।<br>● खाना, तरकारी, फलफूल | ● ५।५ वटा स्थानीय खाद्यान्न, फलफूल, सागसब्जी, दलहन र तेलहनको नाम बताउन लगाउँने।<br>● आयतित खाद्य उत्पादन भन्दा स्थानीय खाद्य उत्पादन र सो बाट बनेको खाद्य सामग्रीहरुमा पोषण तत्व बढी हुनुको कारण लेख्न लगाउँने।<br>● हरेक विद्यार्थीले घरमा करेसाबारी बनाई विद्यार्थीले उचित व्यवस्थापन गरे नगरेको सोधबुझ गरी मूल्याङ्कन गर्ने।<br>● कक्षागत र समुहगत क्रियाकलापमा भएको सहभागिता र भूमिकाको आधारमा विद्यार्थीहरुको मूल्याङ्कन गर्ने।<br>● स्वस्थ र पत्रु खानेकुराहरुको फरक फरक सूची बनाउन लगाई स्वस्थ र पत्रु खानेकुरा बिचको मुख्य भिन्नता बताउन लगाउँने। | १२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | चिजवल, विस्कुट, कोक आदिको वेफाइदा।<br>• पालिका क्षेत्रमा पाइने जडिबुटी र पशुपालनको अवस्था | प्रस्तुत गर्न लगाउँने।<br>• बजारमा वा पसलमा केके खानेकुरा खाद्यान्न, तरकारी पाइन्छ भनेर विद्यार्थीहरुलाई सोध्ने विद्यालय नजिकको पसल बजारमा विद्यार्थीहरुलाई अवलोकन गर्न लैजाने र पसलमा लगेर विभिन्न किसिमका खानेकुराहरु देखाउने।<br>• विद्यार्थीहरुलाई कुनकुन खानेकुरा स्वस्थ खानेकुरा र कुनकुन खानेकुरा पत्रु खानेकुरा हो भनेर बुझाउने र पत्रु खानेकुरा किन सधै खानु हुँदैन भनी बताउने।<br>• स्वस्थ खानेकुराहरु र पत्रु खानेकुराहरुको सूची बनाउने र स्वस्थ खानेकुरालाई ठिक चिन्ह र पत्रु खानेकुरालाई बेठिक चिन्ह लगाउन सिकाउने।<br>• स्थानीय र बजारबाट ल्याइएका खानेकुराहरुको फाइदा र वेफाइदाहरु बारे छलफल गर्ने र थप बताउँने र स्थानीय वा बजारको कुन खानेकुरा खादा उचित होला भनी छलफल गराउने।<br>• स्वस्थ खानेकुरा र पत्रु खानेकुराको बारेमा पोस्टर वा चित्र वा भिडियो वा भिजुअल गीत मोबाइल मार्फत देखाएर छलफल गर्ने।<br>• पोषण सुधारको लागि स्थानीय उत्पादनको महत्व सम्बन्धी वतृत्वकला तथा समुदायमा सचेतनामूलक कार्यक्रम गर्न लगाउँने र स्थानीय ज्ञान महोत्सव कार्यक्रम आयोजना गराउँने।<br>• स्थानीय खाद्य उत्पादन र त्यसबाट बन्ने खाद्य सामग्री वा परिकारहरु बढी पोषणयुक्त हुन बारे कारण सहित बताउने र ती उत्पादनको उपभोगमा जोड दिन र आयतित उत्पादन र सामग्रीको उपभोग कम गर्न प्रोत्साहित गर्ने।<br>• असर पोषणयुक्त र कम पोषण भएको जङक फुड छुट्याउन लगाउँने।<br>• गाउँपालिका क्षेत्रमा पाइने जडिबुटीहरुको सूची र छलफल।<br>• पशुपालन व्यवसायहरु मध्ये भैसीपालन, भेडापालन, कुखुरापालन बारे छलफल। | सम्बन्धी बालबालिकाले बुझ्ने पोष्टर, बालगीत, भिडियो क्लिप, फोटो।<br>• मार्कर, सेतोपाटी, कापी, न्यूजप्रिन्ट वा चार्ट पेपर।<br>• गाउँघरमा पाइने जडिबुटीका फोटा वा पोस्टरहरु।<br>• पशुपालन अन्तर्गतका व्यवसाय सम्बन्धी विवरण झल्किने फोटाहरु। | • विद्यार्थीले पत्रु खानेकुराहरु खाने बानी कम भएको छ वा छैन भनी अभिभावकसँग सोध्ने।<br>• विद्यालयमा विद्यार्थीहरुले गर्ने आनीबानीको आधारमा मूल्याङ्कन गर्ने।<br>• पोषण सुधारको लागि स्थानीय खाद्य उत्पादनको महत्व सम्बन्धी ज्ञान महोत्सवमा भएको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने।<br>• पालिका क्षेत्रभित्र पाइने जडीबुटीहरुको नाम र पाइने स्थलहरुको बारे बताउने।<br>• पालिका क्षेत्रभित्र अपनाएका पशुपालन व्यवसायहरुको सूची तयार गर्न लगाउँने। | |
| ७ | प्रकोप र विपद् व्यवस्थापन | • महामारीको परिचय र महामारीको प्रकारका बारे बताउन।<br>• फरक क्षमता भएका व्यक्तिहरुलाई विपतबाट हुने जोखिम पहिचान र विपतबाट हुन सक्ने जोखिमबाट सुरक्षित राख्न विद्यार्थीको भूमिका बताउन। | • महामारीको परिचय र प्रकार।<br>• डढेलो, आगलागी, भूक्षय र बाढी, पहिरो, रोकथामका लागि पूर्वतयारी।<br>• डढेलो, आगलागी, भूक्षय र बाढी, पहिरो, न्यूनीकरणको लागि विद्यार्थी, विद्यालय र समुदाय, नागरिकको भूमिका। | • समुहमा महामारीको परिचय खोजी गर्न लगाउने र भिडियो वा समाचारको माध्यमले शिक्षकले प्रस्ट पारी दिने।<br>• विगत एक वर्षमा भएका महामारीको सूची बनाउन लगाई प्रस्तुत गर्न लगाउने।<br>• कोभिड, बर्डफ्लु र झाडापखालाको कारण विषयमा अन्तरक्रिया गराउने।<br>• कोभिड, बर्डफ्लु र झाडापखालाबाट भएको असर, प्रभाव वा क्षति समुहमा छलफल गरी टिपोट गर्न लगाउने।<br>• कोभिड, बर्डफ्लु र झाडापखालाबाट बच्न गर्नुपर्ने व्यक्तिगत व्यवहारको सूची बनाउन लगाउने। | • विभिन्न प्रकोप बारे चित्र वा पोस्टरहरु<br>• विपतबाट जोगिने उपायहरु बारे वर्णन गरिएका फोटाहरु।<br>• विपतबाट जोगिनका लागि कृत्रिम अभ्यासका लागि आवश्यक सामग्रीहरु जस्तैः | • प्रकोपको चित्र र नामको जोडा मिलाउन लगाउने।<br>• तल दिइएका प्रश्नहरुको आधारमा मूल्याङ्कन गर्नुहोस् जस्तैः कोभिड १९ का कारण र बच्ने उपायहरु लेख्नुहोस्।<br>• तपाइँको वरपरि बर्डफ्लु भएको जानकारी भएमा आफ्नो परिवारको | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • विपत् व्यवस्थापनका उपायहरु बारे जानकारी<br>• हावाहुरी, चट्याङ, भूकम्प, आदिको पूर्वतयारी वा सावधानी।<br>• आफूभन्दा साना बालबालिकाको संरक्षण र सुरक्षा।<br>• हाम्रो सुरक्षित यात्रा जस्तैः यात्राको समयमा जोखिम पहिचान र सावधान (पैदल हिडाइ, बाटो काट्ने, जेब्रा क्रसिङ, साइकल चलाउने सिप) यात्राको समयमा सावधानी।<br>• कृत्रिम घटना अभ्यास। | • कृतिम घटना अभ्यास। | • विभिन्न महामारीबाट सुरक्षित रहनका लागि सातवटै चरण पुरा गरी सावुन पानीले हात धुने अभ्यास गराउने।<br>• विपतमा फरक क्षमता भएका व्यक्तिको विशेष संरक्षण चाहिने कुरा शिक्षकले प्रस्ट्याउने।<br>• विपतको समयमा फरक क्षमता भएका व्यक्ति र बालबालिकालाई संरक्षण गर्ने उपायहरु कथा वा भिडियोको माध्यमबाट छलफल गराउने।<br>• विपतको समयमा फरक क्षमता भएका व्यक्ति र बालबालिकालाई संरक्षण गर्न तपाई के गर्नुहुन्छ भनी समुहमा छलफल गराई बुँदागत प्रस्तुतीकरण गर्न लगाउने।<br>• डढेलो, आगलागी, भूक्षय, बाढी, पहिरोको कारण सहित जानकारी गराउने।<br>• डढेलो, आगलागी, भूक्षय, बाढी, पहिरोबाट विगत एक वर्षमा आफ्नो वरिपरि भएको क्षति समुहमा छलफल गराउने र सबैभन्दा बढी जोखिममा हुने क्षेत्र पहिचान गर्न लगाउने।<br>• समाचार, कथा वा भिडियोको माध्यमकाट डढेलो, आगलागी, भूक्षय र बाढी पहिरो रोकथामको लागि गरिने पूर्वतयारी प्रस्तुतीकरण, छलफल गराउने।<br>• डढेलो आगलागी भूक्षय, बाढी, पहिरो, न्यूनीकरणका लागि विद्यार्थीको भूमिका समुहमा छलफल गराउने र शिक्षकले थप सहयोग गर्ने।<br>• आफ्नो वरिपरि हुनसक्ने विभिन्न प्रकोपको नाम भन्न लगाउने र विद्यार्थीको अनुभव छलफल गराउने।<br>• चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट जोखिमयुक्त अवस्था देखाउने र यस्तै अवस्था आयो भने के गर्ने वा गर्छौं भनेर विद्यार्थी बिच छलफल गराउने।<br>• डढेलो, आगलागी, भूक्षय, बाढी, पहिरो, न्यूनीकरणका लागि विद्यालय समुदायको भूमिका छलफल गराउने।<br>• डढेलो, आगलागी, पहिरोबाट बच्नका लागि गरिने कृत्रिम घटना अभ्यास गराउने। | कपडा, झोला, टर्च आदि।<br>• विपत् रोकथामका लागि विभिन्न निकायहरुको भूमिका उल्लेख भएको पोस्टर र भूमिकाको सूची। | सुरक्षाका लागि तपाइँ के गर्नुहुन्छ।<br>• विपतको समयमा फरक क्षमता भएका व्यक्ति र बालबालिकालाई संरक्षण गर्न तपाइँ के गर्नुहुन्छ भनी प्रशन सोधेर भन्न लगाउँने।<br>• तल दिइएका प्रश्नहरुको आधारमा मूल्याङ्कन गर्नुहोस्<br>• तीन वटा बुँदामा निम्न विपत् को पूर्वतयारी लेख्नुहोस् जसमा बाढी र डढेलो<br>• आगलागी हुन नदिन विद्यालयले गर्न सक्ने तीन वटा कार्य के के हुन्।<br>• भूक्षय न्यूनीकरणका लागि समुदायले गर्ने तीन वटा कार्यहरु के हुन् | |
| ८ | व्यक्ति, संस्था, सहकारी | • सहकारीको साधारण सभाको महत्व बताउन, परिवारको सदस्य रहेको सहकारीको नाम भन्न उक्त सहकारीको स्थापना सञ्चालन समितिका पदाधिकारी तथा | • सहकारीको संरचना र साधारण सभाको गठन र यसको महत्व<br>• आफू र आफ्नो नजिकको सहकारीको विवरण र दिने सेवाहरु। | • सहकारी सञ्चालनमा साधारण सभाको आवश्यकता थाहा छ भनी सोध्ने थाहा नभए भनी दिने लेख्न लगाउँने र लेख्नको लागि भन्ने<br>• प्रश्नोत्तरको माध्यमबाट वडामा रहेका सहकारी संस्थाको नाम कार्यालय रहेको स्थान स्थापना भएको वर्ष सदस्य संङख्या सेवा सञ्चालक समितिको संख्या पालैपालो सोध्ने र अरुलाई साथीले भनेको कुरा भन्न लगाउँने।<br>• सहकारीङ्को अवलोकन भ्रमण गराउने र देखेका र सुनेका कुराहरुको शब्दमा चित्रमा | • सहकारीको साधारण सभाको तस्वीर<br>• समाजसेवीहरुको नाम सहितको विवरण।<br>• अगुवा गर्ने व्यक्तिहरुको फोटो र चित्र। | • सहकारी संस्थाको सञ्चालनमा साधारण सभाको महत्व भन्न र लेख्न लगाउँने।<br>• सहकारीको परिचय स्थापना कार्यालय आदि बारेमा छोटकरी भन्न र लेख्न लगाउँने। | ५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सहकारीका सदस्यहरुको नाम र सदस्यलाई दिएको कुनै ४ सेवाहरु भन्न। | | अभिलेखिकरण गर्न लगाउने।<br>• सहकारीङ्को साधारण सभामा आफू सहभागी भए नभए जानकारी लिई साधारण सभाको आवश्कयताको बारेमा बताइदिने र सम्भव भएसम्म सहकारीको साधारण सभामा सहभागी गराउने।<br>• सहकारी अभियन्ताद्वारा आमन्त्रित कक्षा लिन लगाउँने।<br>• सहकारीको साधारण सभा सञ्चालन गर्दाको तस्वीर व्याख्या गर्न लगाउँने।<br>• समाजका प्रेरणादायी व्यक्तिहरुको बारेमा परिचय गर्न लगाउने।<br>• सेवा दिन विभिन्न समुह वा संस्थाहरुको नामको सूची बनाई कामको बारेमा बताउन लगाउने।<br>• गाउँघरमा देखेका वा भेटेका, सुनेका समुहहरुको बारेमा सामुहिक छलफल गर्न लगाउने।<br>• समाजसेवीहरुलाई आमन्त्रण गरी विद्यालयमा सम्भव भएमा कक्षाहरु लिन लगाउँने र असर व्यक्तिहरुसँग छलफल कुराकानी गर्ने।<br>• समुह संस्था वा सहकारीमा अवलोकन भ्रमण गराउने र देखेका सुनेका कुराहरुको आधारमा अनुच्छेद लेख्न लगाउने।<br>• परिवारका सदस्यहरु सहकारीको सदस्य भए नभएको जानकारी लिने। यदि सदस्य भएको भए कहिले कसरी र के का लागि सदस्य बनेको सो बारेमा छलफल सहित बाल सदस्य र शेयर सदस्य प्राप्तिका आधारहरु बताइ दिने, लेख्न र लेखेको कुरा बताउन लगाउँने। | • सामुदायिक सेवा प्रदान गरिरहेका संस्थाको पोस्टरहरु<br>• सहकारी सम्बन्धी सूचनामूलक तस्वीहरु।<br>• विद्यालयको विवरण लेखेको कार्डहरु।<br>• मार्कर सेतोपाटी आदि।<br>• सहकारी सम्बन्धी ब्रोसरहरु र सहकारी भित्रेपात्रो।<br>• सहकारी ऐन नियमावली र मापदण्ड। | • पालिकाभित्र रहेका समाजका लागि काम गरेका वा गर्ने व्यक्तिहरुको पहिचान गर्न लगाउँने।<br>• गाउँघरमा भएका संस्थाले दिने सेवाहरु बारे प्रश्नोत्तर गर्ने गराउने।<br>• विद्यालय स्वास्थ्य संस्था वडा कार्यालयहरु सामुदायिक संस्थाभित्र पर्दछन् कि पर्दैनन् सो बारे भन्न लगाउँने।<br>• सहकारीको विवरण तयार गर्न लगाउँने।<br>• सहकारी सदस्यता प्राप्तिका आधारहरु भन्न र लेख्न लगाउँने। | |
| ९ | समानता, समावेशीता र सामाजिक न्याय | • जातजाति तथा समुदाय बिच कुनै भेदभाव छुवाछुत गर्नु हुँदैन भन्ने बताउन र साथी समुदाय तथा समाजमा एकआपसमा समानता र समावेशीताको मर्म अनुरुप व्यवहार गर्न।<br>• परिवार र समुदायमा भएका फरक क्षमताका असहाय वृद्धवृद्धा अन्य विशेष सहयोग आवश्यक पर्ने व्यक्तिहरु पहिचान उनीहरुलाई दैनिक | • गाउँपालिकाको सामाजिक अवस्थाको परिचय जस्तैः विविधता भित्रको एकता र एकता भित्रको विविधता<br>• एकता, सहयोग, मेलमिलाप, समानता, सामाजिक विविधता समता र समावेशीताको अवधारणा।<br>• फरक क्षमता भएका व्यक्तिको प्रकार, शारीरिक विरामीपन र सहायता, वृद्ध उमेर र शारीरिक समस्या, परिवार, | • गाउँपालिका क्षेत्रभित्र कुनकुन जाति जनजाति र समुदायका मानिसहरु बसोबास गर्छन् आफ्नो छिमेकी कुन थर का छ भनी छलफल चलाउने।<br>• छिमेकीहरुसँग एकआपसमा मिलेर बसेको फोटो देखाएर छलफल गर्ने।<br>• छुवाछुत र भेदभावले निम्त्याएका दुर्घटना सम्बन्धी पाठ आदि प्रस्तुत गरेर यस्ता अमानवीय कार्यको दुष्परिणाम बारे बुझाउने र भेदभाव छुवाछुत गर्नु सामाजिक तथा कानुनी रुपमा अपराध हो भनी समानताको अर्थ बुझाउने र सोही अनुरुप व्यहार गर्न सिकाउने।<br>• सबै जाति, जनजाति, वर्ग, लिङग, उमेर अवस्थाका मानिसहरुले समाजमा समान सहभागिता र अवसर पाउनुपर्छ। दुर्गम बस्ने, घरजग्गा नहुने वा थोरै हुने सबैले मौका पाउनुपर्छ, सबैलाई मिलाउनु पर्छ भन्ने अर्थ बुझाउने र समावेशीताको सही सन्देश दिन हातको ५ साना, ठूला, लामा, छोटा औलाको उदाहरण, विभिन्न प्रजातिका | • सेतोपाटी, मार्कर।<br>• समावेशी खेल खेलाउनेको लागि स्थानीय खेल सामग्री (जस्तैः ससाना ढुङ्गा, रोडा, बालुवा वा माटो बाल्टी वा अन्य भाँडो पानी) समावेशी खेल सम्बन्धी छोटो भिडियो।<br>• समानता सम्बन्धी भिडियो वा कार्टुन<br>• फरक क्षमता भएका | • सामाजिक एकता, विविधता, समानता, समता र समावेशीताको अर्थ र उदाहरण बताउन लगाउने।<br>• बालबालिकाहरु बिच आपसी सम्मान, सद्भाव र समानताको बोली, व्यवहार, एक अर्कामा मिलेर बस्ने, खेल्ने, हिड्ने, गतिविधि विद्यार्थीहरुमा भए नभएको अवलोकन गरी मूल्याङकन गर्ने।<br>• समावेशीताको अभ्यास विद्यार्थीले गर्छन् कि गर्दैनन् | ६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | जीवनमा आइपरेका समस्याहरुको पहिचान र उनीहरुप्रति सकारात्मक व्यवहार प्रदर्शन गर्न। | आफन्त नभएका र आफैसँग केही नभएका र बालबालिका वृद्धवृद्धाका विरामी आदि र उनीहरुलाई आवश्यक पर्ने सहयोग सम्मानजनक बोली, व्यवहार। | फूलहरु भएको फूलबारी, ससाना ढुङ्गा, रोडा र बालुवा एउटै भाँडोमा अटाएर राख्ने समावेशी खेल खेलाएर वा यस्तै खेलको भिडियो देखाएर समावेशीताको अर्थ र औचित्य बुझाउने।<br>• समानता नभएमा के हुन्छ भनी घरमा छोरा र छोरी बिच विद्यालयमा छात्रा र छात्र बिच असमान व्यवहार भएमा के हुन्छ तपाईंहरुलाई कस्तो लाग्छ भनेर बालबालिकाले बुझ्ने उदाहरणहरु दिएर समानता र असमानताको अर्थ, असर आवश्यकता बारे बुझाउने।<br>• समावेशीताको बारेमा छलफल गराई सो बारेमा विद्यार्थीलाई आफूले बुझेको कुरा लेखेर कक्षामा प्रस्तुत गर्न लगाउँने।<br>• समानता सम्बन्धी बाल भिडियो वा कार्टुन देखाएर समान व्यवहारको ज्ञान सिकाउने र सो बारे बताउन लगाउँने।<br>• विभिन्न प्रकारका फरक क्षमता मध्ये धेरैजसो हुने फरकक्षमता जस्तैः शारीरिक दृष्टि, बोलाई, सुनाइ, सम्बन्धी बालकथा बनाएर सुनाउने। बाल कथा उनीहरुको फरक क्षमता के कारणले भएको, परिवार र साथीले केके सहयोग गर्छन् र उनीहरु पनि साङ्ग सरह धेरै राम्रो काम गर्न सक्छन् भन्ने बुझाउने।<br>• साहित्यकार झमक कुमारी घिमिरे, लुइस ब्रेइल र अन्य व्यक्तिहरुको फोटो फरक क्षमता भएका बालबालिका विशेषको सन्देशमूलक भिडियोहरु सङ्कलन गर्ने र विद्यार्थीहरुलाई देखाएर छलफल गराउने र उनीहरुलाई सधै माया र सहयोग गर्नुपर्छ, उनीहरुले पनि अरुभन्दा राम्रो र महान काम गर्न सक्छन् भन्ने कुरा बुझाउनु पर्छ।<br>• फरक क्षमता भएका र विरामी वृद्ध जोकोही देखेका, भेटेका छौ कि छैनौं भनेर बालबालिकाहरुलाई सोध्ने र त्यस्ता व्यक्तिलाई दैनिक जीवजयापनमा के कस्ता कठिनाई हुन्छहोला र कसले सहयोग गर्छ होला भनेर सोध्ने। जस्तैः खुट्टा नभएको मान्छे कसरी हिड्छ होला, दृष्टिविहिन भएको बच्चाहरु कसरी पढ्छ होला आदि भनेर कौतुहलता जगाउँने।<br>• फरक क्षमता सम्बन्धी राम्रो वा उचि शब्द र नराम्रो वा गलत शब्दहरु सेतोपाटीमा लेखेर राम्रा शब्दहरु मात्र भन्न वा बोल्न प्रेरित गर्ने। त्यसरी कोही नभएका असहाय, विरामी, वृद्धवृद्धालाई पनि सम्मान गरेर बोल्ने र सहयोग गर्ने कुरा सिकाउने।<br>• फरक क्षमता भएका व्यक्तिहरुका बारेमा छलफल गराउने र फरक क्षमता हुनाका कारणहरु केके होलान भनेर सोध्ने। उनीहरु पनि साङग सरह धेरै राम्रो काम गर्न सक्छन् भनेर बताउने।<br>• फरक क्षमता भएका व्यक्तिहरु आसपासमा भएमा बोलाएर उनीहरुको अनुभवका | व्यक्ति र यसको प्रकार बारे जानकारी पुस्तिका<br>• फरक क्षमता भएका व्यक्तिलाई गरिने शब्द सम्बोधन बारे जानकारी शब्दहरु<br>• फरक क्षमता भएका व्यक्तिहरुको चित्र, पम्प्लेट वा भिडियो।<br>• फरक क्षमता भएका व्यक्तिहरुको परिचय पत्रको नमूना जस्तैः रातो, निलो, पहिले, सेतो।<br>• फरक क्षमता भएका व्यक्तिहरुले प्रयोग गर्ने सामग्रीहरु चित्र वा तस्वीर। | अवलोकन गर्ने। विशेष गरी जातीय, लैङ्गिता, फरक क्षमता आदिको आधारमा।<br>• फरक क्षमता भएका व्यक्तिको कुनै ३ वटा प्रकार भन्न र चिन्न, फरकफ क्षमता भएका व्यक्तिको परिचयपत्रको प्रकार भन्न वा लेख्न लगाउँने।<br>• फरक क्षमता भएका असक्त व्यक्तिहरुलाई किन सहयोग, माया, सम्मान गर्नुपर्दछ भनी सोध्ने।<br>• फरक क्षमता हुनुका कारणहरु के होला भनेर भन्न लगाउँने।<br>• विद्यालयमा विद्यार्थीहरुको बोली, व्यवहार र क्रियाकलापहरुको अवलोकन गरेर मूल्याङ्कन गर्ने।<br>• कस्तो रङको फरक क्षमता भएका व्यक्तिलाई कस्तो परिचय पत्र पाउँछन् सोध्ने र बताउने। | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | बारेमा छलफल र सम्वाद गराउने ।<br>• फरक क्षमता र बालबालिका, वृद्धवृद्धाहरुलाई राज्यले दिइएको सेवा, सुविधा र परिचय पत्र आदिको बारेमा छलफल गर्ने र गराउने ।<br>• वृद्धवृद्धाहरुसँग कस्तो व्यवहार गर्ने, किन गर्ने र कसरी सहयोग गर्न सकिन्छ भन्ने बारेमा समुहगत छलफलपछि प्रस्तुतीकरण गर्न लगाउने ।<br>• कति उमेर पुगेको बृद्धबृद्धा र कुन परिचय पत्र भएको फरक क्षमता भएका व्यक्तिलाई पैसा वा सामाजिक सुरक्षा भत्ता दिन्छ भनी जानकारी गराउने ।<br>• वृद्ध र एकल महिला, फरक क्षमताको परिचयपत्र बनाउन वडा कार्यालय जानुपर्ने, परिचयपत्र भएपछि सरकारले सेवासुविधा दिने कुरा आफ्नो घरपरिवार छरछिमेकलाई भन्न प्रोत्साहित गर्ने । | | | |
| १० | सामाजिक मूल्य मान्यता एवं सदाचार र नैतिकता | • असर, सभ्य र नैतिकवान बानी जस्तैः सभ्य र सुसंस्कृत बोली, व्यवहार, अभिवादन, स्वागत, आतिथ्यता, सत्कार, सम्मान, मिलनसारिता, सहयोगीपन, दयामाय, असर चालचलनहरु, व्यवहारको प्रदर्शन गर्ने ।<br>• असर बोली, व्यवहार र बानी व्यबहार प्रस्तुत गर्ने । जस्तैः सभ्य शब्द, साथीहरुसँग मिलनसार हुने, सहयोग गर्ने, मिलेर बस्ने, खेल्ने, रमाइलो गर्ने आदि बानीको विकास गर्न । | • आफ्नो परिवार, आफन्त, छरछिमेकका विभिन्न व्यक्तिसँगको नाता वा साइनोहरु ।<br>• अभिवादन गर्ने, स्वागत गर्ने, विदाइ गर्ने शब्दहरु ।<br>• अपरिचित व्यक्तिहरुलाई सरल, सभ्य र सही तरिकाले बोलाउने, नाता लगाउँने ।<br>• साथीहरु बिच सहयोग, मेलमिलाप, मिलेर पढ्ने, खेल्ने, नाच्ने, गीत गाउँने सिप तथा बानी ।<br>• आफूभन्दा सानालाई माया गेरेर बोलाउने मायालु व्यवहार गर्ने ।<br>• घर, टोल र विद्यालयमा पर्यटकहरु आउँदा गर्ने स्वागत, सत्कार । | • कोको सँग के कसरी कस्तो व्यवहार गर्ने भनी छलफल गर्ने र उपयुक्त तरिकाबाट टिपोट गर्दै सिकाउने ।<br>• अभिवादन, स्वागत, विदाइ गर्ने शब्दहरु नेपाली र अंग्रेजी दुबै भाषामा लेखी विद्यार्थीलाई भन्दै अभ्यास गराउन लेख्न लगाउँने ती शब्दहरुलाई आ-आफ्नो मातृभाषामा के भन्छ भनेर लेखेर ल्याउन गृहकार्य दिने ।<br>• विदेशी पर्यटकसँग गर्नुपर्ने असर व्यवहार र गर्न नहुने गलत व्यवहार सम्बन्धी भूमिका अभिनय गर्न लगाई छलफल गर्ने ।<br>• साथीसङ्गी, परिवारका सदस्य, छरछिमेकी, आफन्त शिक्षक, नेपाली, विदेशी पर्यटकसँग के कसरी बोल्ने र के कस्तो बोली व्यवहार गर्नु उचित हुन्छ भनी समुहगत छलफल गराई प्रस्तुतीकरण गर्न लगाउँने ।<br>• पाहुना घरमा आउँदा के भनेर स्वागत तथा विदाइ गर्ने भनी उपयुक्त शब्द शब्दावली भन्न र अभ्यास गर्न सिकाउने ।<br>• आफ्नो परिवार, समुदाय अनुसार अभिवादन, स्वागत वा विदाइ गर्ने फरक मातृभाषी शब्द तरिका भए विद्यार्थीलाई अभिभावकसँग सोधेर लेखेर ल्याउने र शब्दोच्चारण सँगै प्रदर्शन गर्न लगाउँने ।<br>• अभिवादन, स्वागत, बिदाइ र अतिथि सत्कार सम्बन्धी फोटो वा चित्र वा भिडियोहरु देखाई छलफल गराउने र चिनाउने, सही वा गलत छुट्टाउन सिकाउने ।<br>• राम्रो आनीबानी गर्न विद्यार्थी र सिकाउन अभिभावकहरुलाई पनि प्रोत्साहित गर्ने ।<br>• साथीहरुसँगै मिलेर पढ्न बस्न, नाच्न, खेल्न, गीत गाउन लगाउँने ।<br>• साथीहरुलाई सभ्य तरिकाले नाम भनेर बोलाउन सिकाउने र माथिल्लो कक्षाकालाई | • राम्रो, नराम्रो बानी सम्बन्धी चित्रहरु फोटोहरु वा भिडियो ।<br>• स्वागत, अभिवादन विदाइ र अतिथि सत्कारका चित्रहरु, फोटोहरु र शब्दहरु<br>• सेतोपाटी, मार्कर<br>• स्वदेशी र विदेशी पर्यटकहरुको फोटोहरु । | • विदेशी पर्यटकसँग के कस्तो बोली व्यवहार गर्नुपर्छ भनी प्रश्न सोध्ने ।<br>• राम्रो र नराम्रो बानी सम्बन्धी चित्रहरु बारे बताउन लगाउँने ।<br>• विद्यार्थीहरुलाई विभिन्न भूमिकामा अभिवादन, स्वागत, बिदाइ र अतिथि सत्कारका शब्दहरु भन्न र सही तरिकाले यी काम गर्न जान्दछन् कि जान्दैनन् भनी सोध्ने र प्रदर्शन गर्न लगाई अवलोकन गर्ने ।<br>• अभिवादन, स्वागत, विदाइ र अतिथि सत्कार सम्बन्धी फोटो, चित्र वा भिडियोहरु चिन्न वा छुट्ट्याउन सक्छ कि सक्दैन जाँच्ने ।<br>• विद्यालयमा विद्यार्थीको क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने ।<br>• विद्यार्थीले घरपरिवार, विद्यालय, साथीसङ्गी, सार्वजनिक ठाउँमा गर्ने | ७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | दाइदिदी भनेर बोलाउन र आफूभन्दा सानालाई सभ्य तरिकाले नाम वा भाइबहिनी भनेर बोलाउन सिकाउने र अवलोकन गरी आवश्यकता अनुसार सम्झाउने प्रोत्साहित गर्ने गराउने ।<br>● साथीहरुलाई सहयोग गर्न मिलेर पढ्न, खेल्न, नाच्न, गीत गाउन लगाउँने ।<br>● तपाइँहरु कसैको आफन्तकोमा पाहुना भएर जानु भएर जानुहुन्छ भनी पालैपालो सोध्ने र सेतो पाटीमा सूची बनाएर टिप्ने ।<br>● पाहुना भएर जाने घरमा को को हुनुहुन्छ उनीहरुलाई के के भनेर बोलाउने गर्नु हुन्छ भनी साइनो पहिचान गर्ने ।<br>● तपाइँको घरमा को को पाहुना आउनु हुन्छ, पाहुना आउँदा तपाई आमा बुबा, हजुरबा, हजुरआमा काका, दिदी दाजु र अरुले के कसरी स्वागत सत्कार गर्नुहुन्छ भनी सोध्ने र सूची बनाएर अभिवादन शब्दहरु लेखी भन्न र अभ्यास गर्न लगाउँने ।<br>● शिक्षकले आफू सानो हुँदा मामाघर वा कोही आफन्तको घरमा गएको वा आफ्नो घरमा कोही पाहुना आउँदाको अनुभवलाई बाल कथा बनाएर सुनाउने ।<br>● साइनो अनुसार के भनेर बोलाउने, कहिले कसरी अभिवादन गर्नुहुन्छ भनी सोध्ने र प्रदर्शन गर्न लगाउँने ।<br>● अपरिचित व्यक्तिलाई बोलाउने र उनीहरुसँग बोल्ने सरल, सभ्य र सही तरिकाले केही वाक्य लेखेको चार्ट देखाउने र सोको बोल्ने अभ्यास गराउने ।<br>● तल्लो कक्षामा भाइबहिनीहरुसँग खेल्न र उनीहरुलाई मिलेर खेलाउन लगाउँने । | | बानी व्यवहार, आनीबानी अवलोकनको आधारमा मूल्याङ्कन गर्ने<br>● एकजनालाई पर्यटकको भूमिका र अर्कोलाई स्थानीय व्यक्तिको भूमिका दिई कुनै एक विषयमा कुराकानी गर्न लगाउँने । | |
| ११ | खेलुकुद कला, साहित्य र शारीरिक व्यायाम एवं योग शिक्षा | ● गाउँपालिकामा प्रचलित स्थानीय खेलकुदहरुको सूची बनाई कम्तिमा ६ वटा खेल खेल्न तिनीहरुको नियम बताउन ।<br>● गाउँपालिकामा प्रचलित खेलकुदहरुको शारीरिक, सामाजिक तथा मनोबैज्ञानिक महत्व बताउन ।<br>● गाउँपालिका भित्र बसोबास गर्ने क्षेत्रमा प्रचलित लोकगीत र लोकनृत्यहरु नाम बताउन र कम्तिमा ५ वटा लोकगीत | ● पालिकामा प्रचलित खेलकुदहरु जस्तैः फुटवल, भलिवल, कपर्दी, डण्डीवियो, भाले जुधाइ, भकुण्डो, डोरी नाध्ने आदि खेल खेल्ने विधिहरु वा तरिका ।<br>● खेलकुदको महत्व झल्कने निवन्ध वा कथा ।<br>● पालिकामा प्रचलित लोकगीतहरु जस्तैः ठाडोभाका, दोहोरी, तीज, देसीभैलो, रत्यौली, भजन गीत आदि प्रचलित लोकनृत्य | ● विद्यार्थीहरुलाई कुन कुन खेल खेल्न मन पर्छ, के के खेल खेल्न आउँछ भनेर सोध्ने र गाउँपालिकामा पहिले देखि प्रचलनमा रहेका र राष्ट्रिय रुपमा प्रचलित विभिन्न किसिमका खेलहरुको बारेमा जानकारी गराउने ।<br>● विद्यार्थीको शारीरिक अवस्था खेलमैदान वा कक्षाकोठा विद्यार्थी सङ्ख्या र आवश्यक खेल सामग्री उपलब्धतालाई मध्यनजर गरेर समुहमा खेल्ने खेलहरु खेलाउने । खेल खेलाउँदा फरक क्षमता भएका बालबालिकाहरुलाई पनि समावेश गर्न सकिने खेलहरु खेलाउने र उनीहरुलाई पनि सक्ने भूमिका गर्न लगाउने । खेल खेलाउँदा सबैलाई पालैपालो नेतृत्वको अवसर दिने फरक क्षमता भएका बालबालिकाहरुलाई पनि समावेश गर्न सकिने लेखहरु खेलाउने ।<br>● खेल समाप्त भएपछि बालबालिकाको अनुभव, खेलबाट सिक्नुपर्ने सन्देश बारे बताउने ।<br>● घरभित्र र बाहिर खेलिने खेलहरुको बारेमा छलफल गर्ने र सम्भव भएमा दुवै किसिमको खेलहरु खेलाउने । खेल खेलाउँदा सबैलाई पालैपालो नेतृत्वको अवसर | ● खेल अनुसार खेल सामग्रीहरु<br>● खेल मैदान वा कक्षा र सोको तयारी ।<br>● खेलकुदको महत्व झल्कने लेख वा श्रव्य वा श्रव्यदृश्य फाइल<br>● प्राथमिक उपचार सामग्री बाकस ।<br>● खेलका नियम लेख्ने र नतिजा लेख्ने सेतोपाटी ।<br>● स्थानीय लोकगीतको | ● कम्तिमा १० वटा प्रचलित खेलको नाम भन्न लगाउँने ।<br>● कम्तिमा ६ वटा स्थानीय खेल खेल्न लगाउँने ।<br>● एकल जोडी र सामुहिक खेलहरु खेल्दा विद्यार्थीहरुको सहभागिता अवलोकन गर्ने ।<br>● घरभित्र र बाहिर खेलिने कम्तिमा ५।५ वटा स्थानीय खेलहरुको नाम भन्न लगाउँने<br>● विद्यालयमा खेलको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्ने । | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | गाउन र लोकनृत्य प्रदर्शन गर्न।<br>• योगाशनका निम्न ६ आसनका बारेमा परिचय दिनः<br>१. पवन मुक्तासन<br>२. मत्स्यासन<br>३. हलासन<br>४. सुप्तबज्रासन<br>५. भुजुङ्गासन<br>६. सर्वाङ्गासन<br>• योगासनका उल्लेखित ६ वटा प्रकारका मुख्य फाइदाहरु<br>• योगासनका ६ वटै प्रकारको अभ्यास गरेर देखाउन। | जस्तैः रत्यौली, देउसी भैलो, स्याब्रु आदि नाँच र लोकनृत्य गर्ने तरिका।<br>• योगाशनका निम्न ६ आसनका बारेमा परिचय दिनः<br>७. पवन मुक्तासन<br>८. मत्स्यासन<br>९. हलासन<br>१०. सुप्तबज्रासन<br>११. भुजुङ्गासन<br>१२. सर्वाङ्गासन वा संकेत चिन्ह सहित परिचय।<br>• योगासनका उल्लेखित ६ वटा प्रकारका मुख्य फाइदाहरु।<br>• योगासनका प्रस्तुत वटा प्रकारहरुलाई विद्यार्थीहरु स्वयंले क्रमिक रुपमा अभ्यास तथा प्रदर्शन। | दिने<br>• खेलकुदको महत्वको बारेमा सोध्ने र अन्त्यमा खेलकुदको महत्वलाई बुँदागत रुपमा प्रस्तुत गर्ने।<br>• गाउँपालिकामा प्रचलित लोकगीतहरु जस्तैः ठाडोभाका, दोहोरी गीत, देउसी भैलो गीत आदि मध्ये केही मुख्यमुख्य लोकगीतका नाम लेखाइदिने र डाउनलोड गरी सुनाइदिने।<br>• सजिलै गाउन सक्ने गीत छनौट गरी भाका मिलाएर गाउँन सिकाउँने।<br>• यस्तो गीत गाउन जान्ने स्थानीय बासीलाई बोलाएर सुनाउन र सिकाउन लगाउँने।<br>• बालबालिका नाच्न सक्ने लोकनृत्यमा नाच्न अभ्यास गराउने र आफैलाई गर्न लगाउँने।<br>• उनीहरुले गाएको नाचेको मोवाइलमा भिडियो रेकर्ड गरी उनीहरुलाई नै देखाइदिने। उनीहरुलाई स्थानीय नाचगानको लागि प्रोत्साहन गर्ने।<br>• शिक्षकले प्रस्तुत योगासनका ६ प्रकार मध्ये पवनमुक्तासनलाई विद्यार्थीहरुले सुन्ने गरी बताउँदै बोर्डमा लेखिदिने। सिन्के वा संकेत चिन्हको आधारमा योगको चित्र बनाई स्पष्ट पारिदिने क्रमशः अन्य उल्लेखित पाँच आसनहरु समेत अभ्यास गराउँदै सिकाउने।<br>• प्रस्तुत योगासनको विषयमा प्रश्नोत्तर विधिको आधारमा विद्यार्थीहरुसँग छलफल गर्ने, छलफद्यमा आएका कुराहरुलाई बोर्डमा टिप्दै जाने र विद्यार्थीलाई पनि टिप्न लगाउने समुह बनाई छलफल गर्न लगाउने र अभ्यास समेत गर्न लगाउने शिक्षकले आवश्यक सहजीकरण गर्दै जाने क्रमिक रुपमा अन्य आसनहरुको समेत विद्यार्थीहरुलाई जानकारी दिने।<br>• विद्यार्थीहरुलाई सफा चौरमा लगेर वा सम्भव भए गुन्द्री, दरी वा म्याट ल्याउन लगाएर कक्षाका सबै स्वस्थ्य विद्यार्थीहरुलाई उचित आसनमा फिंजारेर देखाउने। क्रमशः विद्यार्थीहरुलाई अनुकरण गर्दै अभ्यास गर्न लगाउने र अभ्यास गराउँदै जाँदा केही विद्यार्थीले छिटो सिक्ने हुनाले तिनलाई अगुवा बनाएर गर्न र अरुलाई तिनका पछाडि बसाली अनुकरणात्मक अभ्यास गर्न सघाउने। शिक्षकले निरीक्षण गर्ने र बिराएका विद्यार्थीहरुलाई सुधारात्मक सिकाइ अभ्यास गराउँदै सम्पूर्णलाई क्रमशः अभ्यस्त बनाउने। | सूची।<br>• सही भाका, लय र शब्दहरु<br>• अडियो भिजुअल रेकर्डर<br>• साउण्ड स्पिकर, मल्टिमिडिया प्रोजेक्टर र डिस्प्ले सिस्टम।<br>• सेतोपाटी, चार्ट पेपर।<br>• योगासनका प्रकारहरुका बारेमा पोष्टर र चित्र।<br>• योगासन सम्बन्धीका भिडियो र अडियो क्लिपहरु। | • विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापमा विद्यार्थीहरुको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने।<br>• खेलकुदको शारीरिक, सामाजिक तथा मनोबैज्ञानिक महत्व बताउन लगाउने।<br>• स्थानीय लोकगीत र लोकनृत्यको सूची बनाउन लगाउँने।<br>• स्थानीय लोकगीत संयुक्त वा सामुहिक रुपमा गाउन लगाउँने।<br>• स्थानीय लोकनृत्य संयुक्त वा सामुहिक रुपमा नाच्न र प्रदर्शन गर्न लगाउँने।<br>• विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापमा विद्यार्थीको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने।<br>• योगासनका ६ प्रकार मध्ये कुनै ३ को नाम भन्नुहोस्।<br>• पवनमुक्तासनलाई संकेत चित्रको आधारमा उल्लेख गर्नुहोस्।<br>• पवनमुक्तासनको मुख्य फाइदा के हुन सक्छ? कुनै २ वटा उल्लेख गर्नुहोस्।<br>• भुजङ्गासन कसरी गरिन्छ?<br>• मत्स्यासन कस्तो आसन हो र कसरी गरिन्छ ? | |
| १२ | वातावरण संरक्षण एवं फोहोरमैला | • वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन र हरित विद्यालयको बारेमा | • वृक्षारोपण र बोटबिरुवाको संरक्षण। जस्तैः घर तथा विद्यालयमा गरिने वृक्षारोपणमा | •वडामा भएका वनको पहिचान र अवलोकन गराउने।<br>•घरको बगैचा वा खेतको छेउछाउमा वृक्षारोपण गर्ने सम्बन्धमा विद्यार्थीहरुलाई सोध्ने र | • हरियाली र नाङ्गा डाँडापाँखा भएको पोस्टरहरु | • हरित घर तथा विद्यालयको परिचय दिन लगाएर। | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन र हरित विद्यालय | परिचय दिन।<br>• फोहोरमैलाको परिचय र प्रकार<br>• वातावरण र विकासको परिचय।<br>• हरियाली प्रवर्द्धनको परिचय, महत्व, तरिका र सहभागिता।<br>• फोहोरमैला व्यवस्थापनका उपाय बारे बताउन।<br>• गाउँपालिकास्तरबाट पुरा गर्न सकिने दिगो विकासका लक्ष्यहरु बारे जानकारी।<br>• गाउँपालिका क्षेत्रमा दिगो विकास र वातावरण संरक्षण तरिकाहरु बारे जानकारी | सहयोग।<br>• हरियाली प्रवर्द्धनको परिचय, महत्व, तरिका र सहभागिता।<br>• घर तथा विद्यालयमा भएका बोटबिरुवाको संरक्षणमा सहयोग।<br>• फूलवारी तथा बोटबिरुवाको हेरचाह।<br>• गाउँपालिकास्तरबाट पुरा गर्न सकिने दिगो विकासका लक्ष्यहरु बारे जानकारी।<br>• गाउँपालिका क्षेत्रमा दिगो विकास र वातावरण संरक्षण तरिकाहरु बारे जानकारी<br>• हाम्रो वरपरको वातावरण र सरसफाइ, फोहोरमैला व्यवस्थापन जस्तैः व्यक्तिगत, घर, आँगन, विद्यालय वरिपरिको वातावरण सरसफाइ।<br>• फोहोरमैलाको पहिचान र स्थानीय स्तरमा पारेको असर।<br>• वातावरण प्रदुषणको असर।<br>• फोहोमैलाको वर्गीकरण जस्तैः ठोस, तरल र ग्याँस यसको व्यवस्थापनमा सहयोग।<br>• गाउँपालिका क्षेत्रमा खानेपानीको स्रोत वितरण प्रक्रिया।<br>• पानी शुद्धीकरणका स्थानीय | खाली ठाउँमा वृक्षारोपण गर्नुपर्ने कुरा भन्ने।<br>•घर र वडामा वृक्षारोपण गर्ने कार्यमा सहयोग गर्ने कुरा भन्ने र अनुभव सुनाउन लगाउने।<br>•विद्यालयको खाली ठाउँमा वृक्षारोपण कार्यमा सहभागी गराउने।<br>•घर तथा विद्यालयमा भएका बोटविरुवाको संरक्षण गर्नुपर्ने कुरा भन्ने र संरक्षण तथा हेरचाह गर्ने कार्यमा सहभागी गराउने।<br>•हरित घर, हरित विद्यालयका बारेमा विचार प्रस्तुत गर्न लगाउने। हरियाली प्रवर्द्धनको परिचय दिने।<br>•हिरयाली प्रवर्द्धन गर्दा हुने महत्व र प्रवर्द्धन गर्ने तरिका भन्न र विद्यार्थीलाई सहभागी गराउने।<br>•घर वरपरको खाली जग्गा, कौसी वा अन्य ठाउँमा आवश्यक विरुवाहरु रोपेर स्वस्थ वातावरण सिर्जना गर्ने रुपमा हरित घरको परिचय दिने।<br>•उर्जाको बचत र सही सदुपयोग गर्न, वातावरणमैत्री व्यवहार गर्ने, वातावरण संरक्षण गर्ने, सुदृढ सिकाइ वातावरण भएको विद्यालयलाई हरित विद्यालय भनिन्छ भनी हरित विद्यालयको परिचय दिने।<br>•हरित घर तथा विद्यालयको अवधारणालाई जोडेर हरियाली प्रवर्द्धनको परिचय दिने।<br>•कक्षाकोठामा विद्यार्थीहरुलाई अभिन लगाउने र व्यक्तिगत सरसफाइ गरे नगरेको अवलोकन गर्ने।<br>•विद्यार्थीहरु मध्ये व्यक्तिगत सरसफाइ राम्रो गरेका विद्यार्थीहरुलाई कक्षाकोठाको अगाडि बोलाइ उनले व्यक्तिगत सरसफाइ गर्दा अवलम्बन गरेका तरिकाहरु सुनाउन लगाउने।<br>•व्यक्तिगत सरसफाइ अन्तर्गत गरिने कार्यहरुको बारेमा जानकारी गराउने । जस्तैः नुहाँउने, कपाल कोर्ने, कपडा सफा गर्ने आदि।<br>•व्यक्तिगत सरसफाइ अन्तर्गत गर्न सकिने केही कार्यको प्रदर्शन गर्ने।<br>•स्वस्थताका लागि घर, आँगन, विद्यालय वरिपरिको वातावरण सफा राख्नुपर्ने कारण भन्ने र छलफल गर्ने।<br>•विद्यालयको कक्षाकोठा बाहिर, खेलमैदान शौचालय, धारा वरपरको सरसफाइमा सहभागी गराउने र सरसफाइ पश्चात साबुन पानीले हात धुने कार्य गर्ने गराउने।<br>•घर, कक्षाकोठा बाहिर हुने फोहोरमैलाको चित्रद्वारा पहिचान गराउने।<br>•कक्षाकोठा भित्र तथा कक्षाकोठा बाहिरका फोहोरमैलाको अवलोकन गराई | • सरसफाइका सामग्रीहरु जस्तैः साबुन, टावेल, नङकट, पानी, जग, बाल्टी आदि।<br>• सफा र फोहोरयुक्त चित्रहरु भएको पोस्टर<br>• वृक्षारोपण गर्दै गरेको चित्रहरु, पोस्टरहरु<br>• बिरुवाहरुमा पानी हाल्दै गरेको चित्रात्मक पोस्टर।<br>• दिगो विकासका लक्ष्यहरुको पोस्टर।<br>• हरित घर र विद्यालय झल्किने तस्वीर वा पोस्टर।<br>• पानीका स्रोतहरुको तस्वीहरु, पोस्टरहरु ।<br>• पानीका स्रोतहरुको बारेमा भिडियो क्लिप | • हरित घर तथा विद्यालय अन्तर्गत पर्ने पक्ष भन्न लगाएर ।<br>• हरियाली प्रवर्द्धनको परिचय, यसको महत्व र तरिका भन्न लगाएर।<br>• घरमा भएका विरुवाको नाम भन्न लगाएर।<br>• विद्यालयको बगैचा तथा विद्यालय वरपर भएका बिरुवाको नाम पहिचान गर्न लगाएर।<br>• आफ्नो घर वरपर भएका बिरुवाको नाम भन्न लगाएर।<br>• वृक्षारोपणको अनुभव भन्न लगाएर।<br>• विद्यालयमा बिरुवाको संरक्षण तथा हेरचाहमा सहभागी भए नभएको अवलोकन गरेर।<br>• घर तथा विद्यालय वरपरको वातावरण सफा राख्ने कार्यमा सहभागी भए नभएको अवलोकन गरेर।<br>• फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर भन्न लगाएर।<br>• स्थानीय स्तरमा वातावरणीय प्रदुषणको अवस्था भन्न लगाएर।<br>• दिगो विकासको परिचय दिन लगाएर।<br>• दिगो विकासका लक्ष्य सोधेर।<br>• गाउँपालिकास्तरबाट दिगो विकासको लक्ष्यहरु भन्न लगाएर। | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | उपायहरु। | फोहोरमैलाको पहिचान गर्न लगाउने।<br>●घर, विद्यालय, अस्पताल, कारखानाबाट निस्कने फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर जस्तैः स्वास्थ्य, वातावरण, कृषि आदि सम्बन्धमा श्रव्यदृश्य सामग्री अवलोकन, चित्र आदिको माध्यमबाट छलफल गराउने।<br>●घर, परिवार, विद्यालय, अस्पताल, कारखाना, विकास निर्माण, प्रकोप आदिबाट हुने फोहोरलाई वर्गीकरण गर्न लगाउने र ती फोहोरलाई सामान्यतया ठोस (कुहिने र नकुहिने) तरल र ग्याँस वा हावा गरी तीन समुहमा वर्गीकरण गर्न सकिने कुरा भन्ने।।<br>●जल, वायु, ध्वनि, जमिनको प्रदुषणलाई न्यूनीकरण गर्ने उपायहरुमा छलफल गराउने जस्तैः फोहोरमैलाको उचित विसर्जन, व्यवस्थापन, कानुनी प्रावधान, सचेतना आदि।<br>●स्थानीय स्तरमा देखापरेका प्रदुषण जस्तैः जल, जमिन, ध्वनी, हावा आदिको बारेमा छलफल गराउने।<br>●विभिन्न माध्यमबाट उत्पन्न हुने फोहोरलाई उचित तरिकाले विसर्जन गर्न मल बनाउने, प्रशोधन गर्ने कार्य गर्नुपर्ने कुरा भन्न र व्यवस्थापनमा सहभागी गराउने।<br>●दिगो विकासका आधारमा विचार मन्थन गर्न लगाउने र विद्यार्थीहरुको अनुभवलाई समेटी दिगो विकासको अवधारणा प्रस्ट पार्ने।<br>●दिगो विकासका लक्ष्यहरुको जानकारी गराउने र गाउँपालिका स्तरबाट दिगो विकासको लक्ष्य पुरा गर्न सकिने लक्ष्यहरु पहिचान गराउने।<br>●दिगो विकास लक्ष्य र वातावरण संरक्षण बिचको अन्तरसम्न्धमा छलफल गराउने।<br>●वातावरण संरक्षण गर्ने तरिकाहरु श्रव्यदृश्य सामग्रीको माध्यमबाट प्रदर्शन गर्ने र वातावरण संरक्षणमा सहभागी गराउने।<br>●गाउँपालिका क्षेत्रमा भएका खानेपानीका जलस्रोतको पहिचान गर्न लगाउने।<br>●घर तथा विद्यालयमा आएको खानेपानीको वितरण प्रक्रिया तथा शुद्धीकरण विधिको बारेमा छलफल गराउने।<br>●यस्ता विधिहरु अन्तर्गत विशेषतः छान्ने विधि, उमाल्ने विधि, सोडिस विधि आदि प्रयोग गर्न सकिने कुराको जानकारी दिने र प्रयोगात्मक रुपमा प्रदर्शन गर्ने। | | ● वातावरण संरक्षण र दिगो विकासको अन्तरसम्बन्ध भन्न लगाएर।<br>● जल प्रदुषणको परिचय सोधेर<br>● जलप्रदुषण हुने कारणहरु भन्न लगाएर।<br>● जल प्रदुषणबाट देखिएका असरहरु भन्न लगाएर।<br>● विद्यालयबाट निस्केका फोहोरमैला व्यवस्थापन गरे नगरेको अवलोकन गरेर।<br>● घर तथा विद्यालयमा पानीको स्रोतबाट आउने वितरण प्रक्रिया, शुद्धीकरण प्रक्रियाको जानकारी दिन लगाएर। | |
| १३ | सामाजिक रुपान्तरण, लोकतन्त्र र सङ्घीयता | ● मुड्केचुला गाउँपालिका विभिन्न शाखाहरुको नाम र पालिकाको केन्द्रको नाम। | ● मुड्केचुला गाउँपालिकाको परिचय र प्रशासनिक कार्य विभाजन।<br>● जननिर्वाचित पदाधिकारीहरुको विवरण। | ●मुड्केचुला गा. पा.को चिनारी पुस्तक वा वेवसाइटबाट विभिन्न शाखा र तिनको प्रमुख कामहरु लेखिएको मेटा कार्डहरुलाई जोडा मिलाएर राख्ने र सोको बारेमा छलफल गराउने।<br>● पालिकाको पदाधिकारीहरुको नामवली देखाई उनीहरुको वरियताक्रम मिलाएर देखाई पढ्न र लेख्न लगाउँने। | ● मुड्केचुला गा.पा. को परिचयात्मक पुस्तक, प्रशासनिक चार्ट।<br>● पालिकाको वेवसाइट। | ● मुड्केचुला गाउँपालिकामा रहेका विभिन्न शाखाहरुको विवरण र तिनीहरुको कामहरु सोध्ने र छलफल गराउने।<br>● पालिकाको जनप्रतिनिधिहरुको | ५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | नाम र उनीहरुको वरियताक्रमका बारेमा सोध्ने लेख्न लगाउँने। | |

## कक्षा–७

| क्र. सं. | विषय क्षेत्र/थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य शिक्षण सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया वा विधि | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| १ | हाम्रो गाउँपालिकाको परिचय | • आफ्नो गाउँ, टोल र गाउँपालिकाको भौगोलिक अवस्था, सामाजिक, सांस्कृतिक, आर्थिक, स्थानीय प्राकृतिक साधनस्रोत आदि विषयलाई समेटेर परिचय दिन।<br>• गाउँपालिकाको न्यायिक समितिको परिचय।<br>• विषयगत समितिहरुको नाम र परिचय दिन।<br>• स्थानीय सरकारको विकासमा योगदान।<br>• गाउँपालिकाको विकास पूर्वाधार बारे बताउँने।<br>• विकासका देखा परेका सामाजिक समस्या र चुनौतीहरु। | • विद्यार्थी आफू जन्मेको र बसोबास गर्ने गाउँ, टोलको पूरा ठेगाना झल्किने लेख।<br>• आफू बसोबास गर्ने वडा नम्बर, गाउँपालिका र जिल्लाको परिचय<br>• गाउँपालिकाको भौगोलिक अवस्था, सामाजिक, सांस्कृतिक, आर्थिक, स्थानीय प्राकृतिक स्रोतसाधनहरु<br>• गाउँपालिकाको वडागत सिमाना र मुख्य नाकाहरु<br>• विकासका पूर्वाधारहरु जस्तैः शिक्षा, स्वास्थ्य, खानेपानी, बिजुली, यातायात, सञ्चारको महत्व उल्लेख गर्न।<br>• विकासमा स्थानीय सरकारको योगदान जस्तैः शिक्षा, स्वास्थ्य, सम्बन्धी भावी नीति र कार्यक्रम।<br>• स्थानीय सरकारः जस्तैः न्यायपालिका।<br>• स्थानीय विकासका देखा परेका समस्या र चुनौतीहरु | • विद्यार्थीहरुलाई समुहमा विभाजन गरी गाउँपालिकाको नक्शा हेरी नक्शा कोर्न लगाउने र महत्वपूर्ण ठाउँहरु भर्न लगाउने।<br>• गाउँपालिकाको पूर्व, पश्चिम उत्तर र दक्षिणमा रहेका सिमानाहरुको बारेमा छलफल गर्ने।<br>• विद्यार्थीहरुलाई समुहमा विभाजन गरी प्रश्नोत्तर मार्फत डोल्पा जिल्लाको अन्य स्थानीय तहहरुको नाम र यस गाउँपालिकामा पाइने समानता र विभिन्नता छुट्याउन लगाई प्रस्तुत गर्न लगाउने।<br>• गाउँपालकाको न्यायिक समितिमा संयोजक एवं उपाध्यक्ष र गाउँ सभाबाट छानिएका अन्य दुई सदस्यसहित रहने गरी तीन सदस्यीय समिति हुन्छ भनी जानकारी दिई सो कुरा टिप्न लगाउने।<br>• न्यायिक समितिमा आवश्यकता अनुसार कानुनी सल्लाहकार र न्यायिक शाखाका कर्मचारी सहयोगीको रुपमा रहने कुरा स्पष्ट पारिदिने।<br>• विषयगत समिति अन्तर्गत आर्थिक विकास समिति, पूर्वाधार विकास समिति, सामाजिक विकास समिति र सुशासन तथा संस्थागत विकास समिति, वन वातावरण र विपत् व्यवस्थापन समिति कार्यपालिकाबाट गठन हुन्छन् भनी स्पष्ट पारिदिने। यी समितिसँगै गाउँ सभाबाट गठित समिति बारे छलफल गरी टिप्न लगाउने।<br>• सबै विद्यार्थीलाई आफ्नो गाउँपालिकाको परिचय दिन वा गाउँको बारेमा एक परिच्छेद लेख्न लगाउँने र त्यसपछि पालैपालो उठेर सुनाउन लगाउँने।<br>• गाउँको वा पालिकाको परिचय दिदा भौगोलिक अवस्था, सांस्कृतिक, सामाजिक, आर्थिक, स्थानीय प्राकृतिक विषयलाई समेटेर लेख्न सिकाउने र आवश्यक पृष्ठपोण समेत दिने।<br>• गाउँपालिका सम्बन्धी विभिन्न स्रोत सामग्रीहरु जस्तैः गाउँपालिका पार्श्वचित्र, जानकारी पुस्तिका, गाउँ परिचय सन्दर्भ सामग्री उपलब्ध गराउने, आवश्यक निर्देशन वा खाका दिने र कक्षाको विद्यार्थीहरुलाई विभिन्न समुहमा बाडेर गाउँपालिकाको छोटो परिचय तयार गार्न लगाउँने र समुहगत प्रस्तुती गर्न लगाउँने। | • सिमाना तथा वडा छुट्टिएको पालिकाको नक्सा।<br>• गाउँपालिकाको बारेमा लेखिएका वा छापिएका पुस्तक, वार्षिक नीति कार्यक्रम र बजेट, आवधिक योजना एवं जानकारी पुस्तिका<br>• पालिकाको विभिन्न स्थानको भिडियो क्लिप, मोवाइल फोटो<br>• हातले बनाएको वडा छुट्टिने गा. पा.को नक्सा<br>• घर गाउँको सङ्केत जनाउने रङ्गीन कागजको टुक्राहरु<br>• गाउँपालिकाको क्यालेण्डर<br>• पालिका र वडा कार्यालयको नक्शा र सेवा प्रवाह सम्बन्धी पोस्टर<br>• गाउँपालिकाको स्रोत नक्शा। | • मोवाइल फोटो वा हातले तयार गरेको चित्र देखाई हजुर कुन गाउँपालिकाको कुन वडामा बस्नुहुन्छ भनी सोध्ने।<br>• विद्यार्थीको गाउँ, गा. पा. र वडा नम्बर सोध्ने र लेख्न लगाउँने।<br>• पालिकाको नक्सा आफू बसेको वडा नम्बर देखाउन लगाउँने।<br>• आफ्नो गाउँ, विद्यालयको चित्र बनाई लेख्न र रङग भर्न लगाउँने।<br>• गा. पा.को नक्सा भित्र आफ्नो घर भएको ठाउँको चिनो लगाई रङग भर्न लगाउँने।<br>• कक्षामा गरिएको क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने।<br>• वडाबाट कुन कुन सेवा प्रवाह हुन्छ भनी भन्न लगाएर<br>• वडाबाट प्रवाह गर्ने सेवाको सूची बनाउन लगाएर।<br>• गाउँपालिकाको न्यायिक समितिको परिचय दिन लगाएर।<br>• न्यायिक समितिको गठन प्रक्रिया भन्न लगाएर।<br>• विषयगत समितिको नाम लेख्न | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | जस्तैः बालविवाह, बुहविवाह, यसले समाजमा पारेका असर र न्यूनीकरणका उपायहरु, महिला हिंसाका कारणहरु र यसका न्यूनीकरणका उपायहरु, छाउपडी प्रथा, यसको कारण र महिलामा परेका असर तथा न्यूनीकरणका उपाय। | • पालिकाको विभिन्न ठाउँको भिडियो क्लिप्स, डकुमेन्ट्री, फोटो आदि देखाई छलफल गर्ने र गराउँने।<br>• आफ्नो गाउँ टोल र विद्यालयको बारेमा सचित्र प्रस्तुत गर्न लगाउँने।<br>• गाउँपालिकामा विद्युतका स्रोतका रुपमा कुनकुन स्रोत प्रयोग गरिएको छ भन्नेबारे अभिभावक वा समुदायका जानिफकारसँग सोधी कक्षामा प्रस्तुत गर्नका लागि परियोजना कार्य दिने।<br>• गाउँपालिकामा सौर्य ऊर्जा, गोबरग्यास, लघु विद्युत, बैकल्पक ऊर्जाका रुपमा प्रयोग हुने गरेकाको सूची प्रदर्शन गरी टिप्न लगाउने।<br>• गाउँपालकाको विकासमा स्थानीय सरकारको योगदान के हुनसक्छ भनी छलफल र प्रश्नोत्तर गराउने।<br>• अध्ययनका लागि विद्यार्थीहरुलाई गाउँपालिकामा पठाउँने र कक्षामा फर्केपछि प्रस्तुत गर्न लगाउँने।<br>• गाउँपालिकामा सरकारी स्वास्थ्य केन्द्र वा अस्पताल र निजी स्वास्थ्य क्लिनिक वा नर्सिङ होम के के छन् भनी छलफल, प्रश्नोत्तर गर्दै सूची बनाउन लगाउने।<br>• नेपालको नक्शामा कर्णाली प्रदेश देखाउन लगाउँने र प्रदर्शन विधिबाट मुड्केचुला गाउँपालिकाको सङ्केत गर्न लगाउने।<br>• डोल्पा जिल्लाको नक्शा देखाई विद्यार्थीहरुलाई गाउँपालिका देखाउँने।<br>• नक्शाको सहायताले चार किल्लाको सीमा देखाई गाउँपालिकाको भौगोलिक अवस्थितिको परिचय दिने।<br>• विद्यार्थीहरुलाई अभिनय विधिबाट गाउँसभाको निर्वाचन गराई त्यसैगरी जनताबाट निर्वाचित भएका व्यक्तिहरु नै गाउँसभाका सदस्य हुन भनी बताइदिने।<br>• गाउँपालकामा गाउँपालिका अध्यक्ष र उपाध्यक्ष लगायत सदस्यहरुले नै विकासका लागि नीति तथा अन्य कार्यक्रम र विकास निर्माण, सामाजिक सेवा उपलब्ध गराउँछन भनी जानकारी गराउने।<br>• स्थानीय सरकारका तीन प्रमुख अङ्ग सहितको तालिका देखाउँदै कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको सामान्य परिचय दिने<br>• वडाहरुबाट प्रवाह हुने सेवा, बसाइसराइ र अन्य सिफारिस बताइ दिने।<br>• आफ्नो घर र गाउँ नजिका विकासका पूर्वाधारहरुको नाम भन्न लगाई छलफल गर्ने।<br>• गाउँपालिका भित्र रहेका नमूना विद्यालयको क्षेत्र भ्रमण गराउने।<br>• गाउँपालिकाको विकासमा देखा परेको समस्याहरु बारे छलफल र प्रश्नोत्तर गराउने। | • विभिन्न खालका विभेदहरु हटाउनका लागि सडक नाटक, रेडियो, जिङ्गल आदि।<br>• दुर्व्यसनीले असर गरेका विभिन्न चित्रहरु। | लगाएर।<br>• गाउँपालिकामा विद्युतका वडागत वितरण अवस्था भन्न लगाएर।<br>• विद्युतको विकल्पमा कुनकुन ऊर्जाका स्रोत प्रयोग गर्ने गरिएको छ भनी सूची भन्न लगाएर।<br>• वडा र पालिकामा भएका स्वास्थ्य संस्था र विद्यालयहरुको सूची बनाउन लागएर।<br>• पालिकासँग जोडिएका महत्वपूर्ण सडक मार्ग कुनकुन हुन सोधी भन्न लगाएर।<br>• पालिकाको विद्युत वितरण र सञ्चारको अवस्था कस्तो छ भनी भन्न लगाएर।<br>• गाउँपालिकाको विकासमा देखिएका समस्या र चुनौतीहरु र समाधानको सूची बनाउन लगाएर।<br>• धुम्रपान, मध्यपानको परिचय दिन लगाएर यसले मानवलाई पार्ने असरको सूची बनाउन लगाएर।<br>• लागु पदार्थको दुर्व्यसनले मानव स्वास्थ्यमा पार्ने नकारात्मक असर भन्न लगाएर।<br>• लागु पदार्थ ओसारपसारबाट उत्पन्न हुने असर भन्न लगाएर।<br>• यी विभिन्न सामाजिक समस्याहरुको समाधानका लागि सरकारी तथा गैरसरकारी क्षेत्रबाट भएका प्रयासहरु भन्न लगाएर। | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | • धुम्रपान र मद्यपानले विकासमा पार्ने प्रभाव बारे छलफल र प्रश्नोत्तर गराउने ।<br>• लागु पदार्थको दुर्व्यसनले मानव स्वास्थ्य र विकासमा पार्ने नकारात्मक असर बारे छलफल र प्रश्नोत्तर गराउने । यसले कसरी व्यक्ति र परिवारलाई असर गर्छ भनी टिपोट गरी प्रस्तुत गर्न लगाउने ।<br>• दुर्व्यसनीलाई कसरी सुधार गर्न सकिन्छ भनी छलफल गराई यसको न्यूनीकरणका उपयुक्त उपाय बुँदागत रुपमा तयार गरी प्रस्तुत गर्न लगाउने ।<br>• छोराछोरी बिच कसरी भेदभाव हुन्छ भनी छलफल गराउने उनीहरुले भनेका कुरालाई सेतोपाटीमा टिप्दै जाने । भेदभाव गर्नुका कारण टिप्न लगाउने ।<br>• शिक्षकले उपयुक्त किसिमका भिडियो वा अडियो सामग्री प्रस्तुत गरी लैङ्गिक असमानताका कारण वा समुदायमा छोराछोरी बिच विभेव छ कि भनी सोधेर भन्न लगाउने ।<br>• यस्ता विभेद हटाउन सम्बन्धित परिवारमा परामर्श गरेर सचेतना कार्यक्रम  र्याली, सडक नाटक, सञ्चार, माध्यमबाट प्रचार प्रसार गरेर न्यून गर्न सकिन्छ भनी शिक्षकले तयार पारी ल्याएको सूची टाँस गरी टिपोट गर्न लगाउने ।<br>• समुहगत रुपमा उल्लेखित समस्याहरुको समाधानका लागि गैर सरकारी सङ्घ संस्थाको भूमिका बुँदागत रुपमा भन्न लगाउने ।<br>• उल्लेखित समस्याहरुको समाधानका उपायहरु समेटिएको भिडियो नाटक प्रदर्शन गराउने । | | • छोराछोरी बिच लैङ्गिक विभेद कुनकुन तरिकाले हुन्छ भनी बुँदागत रुपमा भन्न लगाएर ।<br>• लैङ्गिक विभेद कम गर्न के के गर्न सकिन्छ भनी कार्यको कार्ययोजना प्रस्तुत गर्न लगाएर र<br>• के कस्ता उपायबाट लैङ्गिक विभेद घटाउन सकिन्छ भनी भन्न लगाएर । | |
| २ | स्वास्थ्य र सरसफाइ | • आफ्नो व्यक्तिगत सरसफाइ आफै गर्न र घर परिवारको सरसफाइमा सहयोग गर्न ।<br>• सफा र ताजा खानेकुरा वा खानेकुरा सफा गरेर खान र सफा पानी मात्र पिउन ।<br>• घर तथा विद्यालय बाटो र सार्वजनिक स्थलको सरसफाइमा सहयोग गर्न । | • व्यक्तिगत सरसफाइ<br>• आफ्नो सामानको उचित व्यवस्थापन गर्ने बानी ।<br>• घर, विद्यालय, बाटो र सार्वजनिक स्थलको सरसफाइ तथा यसमा विद्यार्थीको भूमिका<br>• खानेकुरा सफा र सुरक्षित राख्ने तरिका ।<br>• सफा पिउने पानीबाट शरीरमा हुने फाइदा ।<br>• बासी सडेगलेका, झिँगा भन्केका, गनाएका, बिग्रेका | • विद्यार्थीको आफ्नो पूर्ण सरसफाइ सम्बन्धी विद्यालयले नियम बनाई सबैले देख्ने ठाउँमा झुण्ड्याउने । ती नियम पालना गर्न बालबालिकालाई भन्ने र यस बारे अभिभावकलाई जानकारी गराउने र घरमा बालबालिकाले यी नियम पालना गरे नगरेको बारेमा बेलबेलामा सोध्ने ।<br>• आफ्नो व्यक्तिगत बाहेक घर, कक्षाकोठा र विद्यालय परिसर वरिपरिको बाटो नियमित रुपमा सरसफाइ गर्न कार्य तालिका बनाई सोही अनुसार गर्ने गराउने, घर, विद्यालय, मन्दिर जस्ता सार्वजिक स्थलमा फोहोर राख्ने टोकरी वा निश्चित ठाँउ बनाई त्यसको उचित प्रयोग गर्न लगाउँने ।<br>• सफा र मैलो कपडा, सफा र मैलो झोला र अन्य सफा र मैलो वा फोहोर सामानहरु देखाएर कुन सफा र कुन मैलो वा फोहोर हो भनि छुट्टाउन लगाउँने ।<br>• सफा र फोहोर वा मैला चित्र देखाउने र कसरी फोहोर भएको होला, अब के गर्यो भने फोहोर हुँदैन? कसरी, कसले सफा गर्ने होला भनी प्रश्नोत्तर गरेर सफा र फोहोरको अर्थ बुझाउने र सधै सफा रहने बारे बताउने । चित्र वा तस्वीर देखाएर पनि छलफल गर्न सकिन्छ । साबुन पानीले हात, खुट्टा र मुख धोएर प्रदर्शन गर्न लगाउँने । | • व्यक्तिगत सरसफाइ सम्बन्धी पोस्टर, चित्र, भिडियो ।<br>• साबुन पानीले हात धोएको चित्र वा पोष्टर<br>• स्थानीय सामानले बनेको जुत्ता, चप्पल राख्ने र्याक ।<br>• विद्यालय परिसरमा फोहोर राख्ने टोकरी वा डोको वा तोकिएको निश्चित एवं व्यवस्थित ठाउँ । | • आफ्नो सरसफाइ, पोशाक र अन्य कपडा विद्यार्थी आफैले सधै धुने गरे नगरेको बारेमा अभिभावकसँग सोध्ने ।<br>• विद्यालयमा विद्यार्थीको व्यक्तिगत र बाहिरी सरसफाइ सम्बन्धी क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने ।<br>• घरको भान्साको सरसफाइको बारेमा प्रतिक्रिया बुझ्ने ।<br>• विद्यालयमा हुँदा विद्यार्थीले खाने खाजा वा खानेकुरा सफा गर्ने आनीबानीको आधारमा मूल्याङ्कन गर्ने । | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | खानेकुरा खान नहुने कारणहरु । | • आफ्नो व्यक्तिगत, घरपरिवार र विद्यालयको सरसफाइको अवस्थाको बारेमा सचित्र प्रस्तुतीकरण गर्न लगाउँने ।<br>• कम्तिमा विद्यालयको, कार्यालय कोठा बाहिर स्थानीय सामानले बनेको जुत्ताचप्पल राख्ने व्यवस्था गर्न लगाउँने र तल्लो कक्षाका भाइबहिनीलाई पनि सिकाउन लगाउँने ।<br>• आफ्नो घर र वरिपरि सफासुग्घर गर्ने बानी लगाउँने र हरेक हप्ताको पहिलो दिन सबै विद्यार्थीले आफूले व्यक्तिगत घरपरिवार र समुदायमा के कस्तो सरसाइ गरेको हो बनाउन लगाउँने ।<br>• सफा र फोहोर कुराहरु कपडा आदि कक्षा भित्र र बाहिर भएको कुराहरु अवलोकन गराएर चिनाउने ।<br>• सरसफाइ सम्बन्धी चित्र देखाएर कुन राम्रो, कुन नराम्रो, किन र के भए राम्रो हुन्छ भनी प्रश्नत्तोर गर्ने ।<br>• बासी, सडेगलेका, झिँगा भन्केका, गनाएका, बिग्रेका खानेकुरा नखाने भनेर बताउने ।<br>• सफा र फोहोरा खानेकुराको चित्र वा पोस्टर देखाएर बताउने ।<br>• हरेक विद्यार्थीहरुले आफूले गर्ने गरेका व्यक्तिगत सरसफाइको बारेमा कक्षामा मौखिक रुपमा प्रस्तीकरण गर्न लगाउँने ।<br>• हप्तामा कम्तिमा एक पटक नुहाउन र कपडा धोएर लगाउँनु पर्ने लगायतको सफाइ सम्बन्धी नियम बनाई सबै बालबालिका र अभिभावकलाई जानकारी गराउने र बारम्बार सम्झाउने ।<br>• सफा खानेकुरा र फोहोर खानेकुरा, त्यसको असर सम्बन्धी चित्र वा पोस्टर देखाएर सफा र ताजा खानेकुरा खाँदा र फोहोर खाँदा के हुन्छ भनेर छलफल गराउने र सफा र ताजा खानेकुरा मात्र खान प्रोत्साहित गर्ने ।<br>• फलफूल किन धोएर खानुपर्छ भनी बुझाउन एउटा फलफूलको दाना ल्याएर त्यसमा धुलो फोहोर लागेको देखाउने । त्यस्तो खाएमा पेट दुख्ने विरामी हुने बारे बताउने । त्यो फललाई धुने तरिका सिकाउने र धोएको फल पुनः विद्यार्थीलाई देखाउने ।<br>• विद्यार्थी आफैले लागु गर्न सक्ने भान्साको सरसफाइ सम्बन्धी कार्ययोजना बनाउन उपयुक्त ढाँचा र आवश्यक फलोअप र प्रश्नोत्तर गरी कार्ययोजना लागु भए नभएको अनुगमन गर्ने ।<br>• भान्साको सरसफाइको बारेमा छलफल गराउने र आवश्यक सुधार गर्नुपर्छ भनी छलफल गर्ने ।<br>• सफा र फोहोर खानेकुराको चित्र वा पोस्टर देखाएर प्रश्नोत्तर गर्ने र सही र गलत बताउने ।<br>• आफ्नो व्यक्तिगत र घरपरिवारमा साप्तहिक रुपमा गर्ने गरेको सरसफाइ बारेमा सबैलाई प्रस्तुत गर्न लगाउने । | • सफा र मैलो कपडा व्याग र अन्य सामानहरु ।<br>• सरसफाइ सम्बन्धी विद्यालयले बनाएको नियम ।<br>• घर, कक्षाकोठा र विद्यालय परिसर वरिपरिको बाटो नियमित सरसफाइ गर्ने कार्यतालिका<br>• कपडा धोएको चित्र ।<br>• सफा र फोहोर खानेकुरा र त्यसको असर सम्बन्धी चित्र वा पोस्टर ।<br>• खानेकुरा छोपेर राखेको र नछोपी राख्दा फोहोर झिँगा परेको वास्तविक भान्सा वा पोस्टर वा श्रव्य दृश्य सामग्री ।<br>• भान्सामा सरसफाइ सम्बन्धी कार्ययोजनाको खाका | • कक्षाकोठा, विद्यालय परिसर नजिक, सार्वजनिक स्थलको सरसफाइ कार्यतालिका अनुसार गर्ने गरे नगरे गाउँको निरीक्षण गरी मूल्याङ्कन गर्ने ।<br>• सरसफाइ सम्बन्धी नियमको पालना गरेको विद्यार्थीको क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने ।<br>• सफा खानेकुरा मात्र खाने बानी भयो कि भएन्, भान्सामा खानेकुरा छोप्छ कि छोप्दैन, फलफूल र अन्य खानेकुरा पानीले पखालेर वा सफा कपडाले पुछेर खान्छ कि खाँदैन भनेर निरीक्षण गर्ने र अभिभावकसँग सोध्ने । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | मातृभाषा, संस्कृति र चाडपर्व | • गाउँपालिकामा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरुको मातृभाषा, मौलिक संस्कृति र सामाजिक संस्कारहरुको सूची बनाई कुनै २ वटाको बारेमा विस्तृत रुपमा बनाउन ।<br>• गाउँपालिका भित्रका जाति, जनजाति विशेषका सामाजिक संस्कार र संस्कृति मध्ये कुनै ४ को मनाउने तरिका बताउन र सो चाडपर्व पर्ने महिना, तिथि बताउन ।<br>• गाउँपालिकामा मनाउने साझा चाडपर्वहरुको सूची बनाई कुनै ४ मनाउने तरिका र महत्व बताउन । | • गाउँपालिकाको आफू बसोबास गर्ने ठाउँमा विभिन्न जाति, जनजातिहरुको सूची ।<br>• स्थानीय समुदायमा प्रचलित विभिन्न संस्कृति, सामाजिक संस्कार, चाडपर्व, मेलाको सूची ।<br>• उनीहरुको मातृभाषाको सूची ।<br>• मातृभाषाको गीत तथा नृत्य, लघुकथा, उनीहरुको भाषा, संस्कृतिको महत्व ।<br>• मौलिक पहिचान, पहिरन, स्थानीय सामाजिक संस्कारहरु मध्ये केही शुभकर्म जस्तैः न्वारन, पास्नी, छेवर, व्रतबन्ध, मृत्यु संस्कार, विवाह आदि मध्ये कुनै ४ वटाको मनाउने तरिका र सो शुभकार्य पर्ने तिथि, मिति बताउन ।<br>• गाउँपालिकामा बसोबास गर्ने मानिसहरुले मनाउने मुख्य साझा चाडपर्वहरु र तिनीहरुको महत्व । | • विद्यार्थीहरुलाई समुहमा विभाजन गरी गाउँपालिकाको आफू बसोबास गर्ने ठाउँमा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरुको सूची तयार गरी तिनीहरुको मातृभाषा, साझा र सम्बन्धित समुदाय विशेषको मौलिक संस्कृति, सामाजिक संस्कार र मेलापर्वको सूची बनाउन लाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउने । विद्यार्थीले तयार पारेको सूचीलाई पूर्णता दिने ।<br>• आफ्नो मौलिक वेशभूषा वा पहिरन लगाएको सामानहरु पुस्तकालयमा राख्ने । ती सामानहरु कक्षा कोठामा ल्याएर प्रदर्शन गरी विद्यार्थीलाई आ-आफ्नो जाति समुदाय के हो भन्न लगाउँने ।<br>• आ-आफ्नो परिवार वा समुदायले गर्दै आएको सामाजिक संस्कार र विभिन्न संस्कृतिहरु र तिनको महत्व बारे अभिभावकसँग सोधेर, लेखेर ल्याउन लगाई कक्षामा प्रस्तुतीकरण गर्न लगाउँने ।<br>• विद्यालय र समुदायका विभिन्न झाँकीमा विद्यार्थीहरुलाई सहभागी गराउँने ।<br>• नमस्कार, अभिवादन आदि गर्ने शब्दहरुलाई मातृभाषामा भन्न लगाउने ।<br>• चाडपर्वहरुको बारेमा छलफल र सूची बनाउन लगाउँने ।<br>• विभिन्न जात, जातिहरुको मौलिक वेशभूषा, गरगहना लगाएको महिला र पुरुष वा केटा र केटीको एक एक जोडीको चित्र वा फ्लेक्स प्रिन्टिङ फोटो राख्ने र विद्यार्थीहरुलाई अवलोकन गराउने ।<br>• विभिन्न वेशभूषामा विद्यालयमा सांस्कृतिक, सामाजिक, संस्कार, चालचलन विभिन्न मौलिक संस्कृति, वेशभूषा र आभूषण सम्बन्धी विद्यार्थीहरुलाई झाँकी प्रदर्शन गर्न लगाउने ।<br>• मौलिक वेषभूषा, गहनाहरुको नाम केहो भनेर अभिभावकहरुसँग सोधेर कापीमा लेखेर ल्याउन लगाउँने र फोटोमा देखाएर पालैपालो प्रस्तुतीकरण गर्न लगाउँने ।<br>• गाउँपालिका क्षेत्रभित्रका जाति, जनजातिको नामवली दिई प्रत्येकको मौलिक वेशभूषा र गहनाको नाम र तिनीहरु प्रयोग हुने संस्कार वा चाडपर्वको के हो भनी आफ्नो अभिभावकसँग सोधेर लेखेर ल्याउन लगाउँने र पालैपालो प्रस्तुतीकरण गर्न लगाउँने ।<br>• आ-आफ्नो मौलिक पहिरन वा वेशभूषा, गरगहनाको महत्व अभिभावकसँग सोधेर आई बताउन लगाउँने ।<br>• सबैको सांस्कृतिक वेशभूषाको उत्तिकै उत्कृष्ट आकर्षक मौलिक पहिचान दिने र मौलिक छ र एकअर्काको वेशभूषाको कदर गर्नुपर्ने कुरा सिकाउँने ।<br>• विद्यार्थीहरुलाई कुनकुन चाडपर्व मन पर्छ, ती चाडपर्वहरुमा के के गरिन्छ भनी सोध्ने र छलफल गर्ने । | • स्थानीय जाति समुदायको सामाजिक संस्कार, सांस्कृतिक क्रियाकलापहरु, चाडपर्व सम्बन्धी जानकारी भएको सन्दर्भ सामग्रीहरु, गाउँ पार्श्वचित्र, सेतोपाटी, मार्कर, भिडियो रेकर्डिङ<br>• स्थानीय जाति समुदाय अनुसारको मौलिक वेशभूषा, गरगहना, पहिरन लगाएको महिला पुरुष वा छात्रा छात्र एकएक जोडीको स्थानीय क्षेत्रमा गरिने गरिने शुभकार्य तथा मृत्यु संस्कारको भिडियो सामग्री फ्लेक्स प्रिन्टिङ सम्बन्धी चित्र पोस्टर ।<br>• मातृभाषाको शब्दकोष, शब्दपत्ती ।<br>• कैची, स्केल, कागज, कलर साइनपेन आदि ।<br>• चाडपर्व सम्बन्धी चिनारी, भिडियो रेकर्ड, फोटो, सेतोपाटी, मार्कर<br>• चाडपर्व मनाएका तस्वीरहरु । | • आफ्नो परिवार वा समुदायले गर्ने सामाजिक संस्कार, सांस्कृतिक क्रियाकलाप, समुदाय विशेषको मौलिक चाडपर्वको सूची तयार गर्न लगाउँने ।<br>• स्थानीय मौलिक जाति, समुदाय अनुसारको वेशभूषा र गरगहनाको नाम र सम्बन्धित जातिहरुको सूची बनाई जोडा मिलाउन दिने ।<br>• आ-आफ्नो मौलिक वेशभूषा, गरगहनाहरु मध्ये प्राय लगाइने मुख्य मुख्य चिन्न वा नाम भन्न लगाउँने ।<br>• विवाह, व्रतबन्ध, पास्नी, जन्म उत्सवमा आफू सहभागी भएको वा आफूले देखेको वा सुनेको आधारमा लगाउँने पहिरनका बारेमा कुनै ४ को मनाउने तरिका र महत्व बताउन लगाउँने ।<br>• पालिका क्षेत्रमा मनाउँने चाडपर्वहरुको बारेमा भन्न लेख्न लगाउँने ।<br>• विद्यार्थीहरुलाई आफूलाई मनपर्ने चाडपर्व मनाउने तरिका र सोको महत्व भन्न लगाउँने ।<br>• विद्यार्थीहरुलाई उनीहरुले देखेका वा सुनेका मृत्यु संस्कारका बारेमा भन्न लगाउँने । | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | • गाउँपालिकामा रहेका प्रचलित चाडपर्वहको चिनारी तयार गरी पाठ बनाई पढाउने वा अडियो भिजुअल वा फोटो सङ्कलन गरी विद्यार्थीहरुलाई देखाउने र छलफल गराउने ।<br>• गाउँपालिका क्षेत्रमा रहेका जाति जनजातिहरुको मौलिक पहिरन वा वेशभूषा, गरगहना, स्थानीय संस्कारहरु मध्ये केही शुभकर्म जस्तैः न्वारन, पास्नी, गुन्यूचोली दिने, व्रतबन्ध, विवाह आदि बारे छलफल र प्रस्तुतीकरण गर्न लगाउँने ।<br>• विद्यालय वरिपरि क्षेत्रमा मनाइने मुख्य वा साझा चाडपर्वहरु के के हुन र कुनै जाति विशेषको भएमा कसको हो भनी छानेर लेख्न वा जोडा मिलाउन लगाउँने ।<br>• विद्यार्थीहरुलाई आफ्नो गाउँघरमा मनाइने कुन कुन चाडपर्व मन पर्छ, किन मन पर्छ ती चाडपर्वमा के के गरिन्छ भनी सोध्ने र छलफल गर्ने । | | | |
| ४ | ऐतिहासिक, धार्मिक, पर्यटकीय स्थलहरु | •गाउँपालिकामा प्रचलित धार्मिक ऐतिहासिक सांस्कृतिक र पर्यटकीय स्थलहरुको छुट्टाछुट्टै सूची बनाई ३।३ वटाको संक्षिप्त परिचय दिन ।<br>•गाउँपालिकामा प्रचलित मुख्य धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरुको सामाजिक सांस्कृतिक तथा आर्थिक महत्व बारे उदाहरण सहित भन्न । | • गाउँपालिकामा रहेका प्रचलित धार्मिक स्थलहरु जस्तैः मठमन्दर, गुम्बा, चाडपर्वमा पूजाआजा गर्ने ठाउँहरु<br>• सांस्कृतिक स्थलहरु जस्तैः कुनै जाति, समुदाय विशेषको पहिचान, संस्कृति, परम्परा, आस्था गाँसिएको स्थल, गाउँ कुनै जाति विशेषको मौलिक विशेषता भएको गाउँ चाडपर्वमा मेला लाग्ने ठाउँहरु<br>• प्राकृतिक सम्पदाहरु जस्तैः खोलानाला, जङ्गल, पहाड, पोखरी, गुफा, आदि ।<br>• गाउँपालिकाको धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरुको महत्व सम्बन्धी अवधारणा । | • विद्यार्थीहरुलई आफ्नो गाउँघर र वरपर भएको धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरुको नाम सोध्ने र ती ठाउँमा पुगेको छ कि छैन, त्यहाँ के छ भनी प्रश्न सोध्ने र थप जानकारी दिदै ती स्थलहरुको नाम सोध्ने र थप जानकारी दिदै ती स्थलहरुको विशेषता सहित फोटो, भिडियो, सङ्कलन गरी देखाउँने ।<br>• गाउँपालिका वा जिल्ला भित्रका विभिन्न सामाजिक, सांस्कृतिक, ऐतिहासक तथा प्राकृतिक महत्व बोकेका स्थलको फोटो, भिडियो संकलन गरी प्रस्तुतीकरण गर्ने ।<br>• प्रसिद्ध धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरुको अलगअलग सूची तयार गरी संक्षिप्त परिचय दिने ।<br>• विद्यालय वरपर भएका पर्यटकीय स्थलहरुको बारेमा सोध्ने र त्यसको बारेमा ५।७ वाक्यमा भन्न लगाउँने ।<br>• विद्यार्थीहरुलाई उपयुक्त समय र मौसममा अवलोकन भ्रमणमा लैजाने । अवलोकन पछि आफूले अवलोकन गरेका कुराहरु कापीमा लेखेर ल्याउन लगाउँने र भ्रमणपछि भ्रमण कस्तो लाग्यो के देख्नु भयो भनेर सोध्ने छलफल गर्ने ।<br>• भ्रमण गरेपछि धार्मिक, सांस्कृतिक एवंव पर्यटकीय स्थलका बारेमा आफूलाई कस्तो लाग्यो, के के देख्नुभयो भनेर सोध्ने ती स्थलहरुको संरक्षण एवं प्रवर्द्धन गर्ने कुरा बालबालिकाहरुले बुझ्ने भाषामा बताउने ।<br>• भ्रमण गरेका धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलका चित्र कोर्ने, रङग भर्ने, त्यहाँ देखेका कुराको आधारमा एक अनुच्छेदमा वर्णन गर्न लगाई प्रस्तुत गर्न लगाउँने । त्यहाँको सम्बन्धित समाजका जानकार व्यक्तिहरुबाट ती ठाउँ विशेषको विशेषता महत्व बुझी बालबालिकाहरुले बुझ्ने सरल भाषामा अवलोकन गराउँदै बताउने ।<br>• धार्मिक तथा सांस्कृतिक कार्यक्रमले मानिसको सकारात्मक मनोबैज्ञानिक प्रभाव पार्ने कुरा कथा, लेख सत्य घटना आदिको सहायताले प्रस्ट पार्ने । | • गाउँपालिकाको प्रमुख एवं प्रसिद्ध धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलहरुको सूची जानकारी र विशेषता सहितको फोटोहरु, भिडियो र संक्षिप्त चिनारी ।<br>• पालिकको बारेमा लेखिएका वा तयार गरिएका भिडियो डकुमेन्ट्री ।<br>• पेपर, कलर, साइनपेन, पेन्सिल आदि ।<br>• प्राकृतिक सम्पदाहरु झल्किने पोस्टर, फोटाहरु ।<br>• गाउँपालिकाको पर्यटन विकास योजना सम्बन्धी पुस्तिका । | • गाउँपालिकाको १० वटा प्रमुख एवं प्रसिद्ध धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलहरुको नाम भन्न र लेख्न लगाउँने ।<br>• ती स्थलहरुको चिनारीको बारेमा प्रस्तुत गर्न लगाउँने ।<br>• कक्षाकोठामा स्थानीय धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरुको चित्र दिएर रङ भर्न लगाउँने ।<br>• विद्यालयमा विद्यार्थीको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने ।<br>• गाउँपालिका भित्र पाइने प्राकृतिक सम्पदाहरुको सूची बनाउन लगाउँने ।<br>• विद्यार्थीहरुलाई आफूले अवलोकन गरेका वा देखेका गाउँघर र जिल्लामा भएका र जानकारी भएका स्थलहरुको बारेमा एक अनुच्छेद लेख्न लगाउँने । | १२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | • कक्षामा स्थानीय धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरुको चित्र दिएर रङग भर्न लगाउँने ।<br>• फोटो, भिडियो सङ्कलन प्रस्तुतीकरण गर्ने ।<br>• प्राकृतिक सम्पदाहरु जस्तैः खोलानाला, तालतलैया, झरना, गुफा, हिमालको बारेमा छलफल वर्णन गर्ने ।<br>• पालिकामा मनाइने साझा चाडपर्व के के हुन, फोटो वा अन्य सामग्री हेरी चित्र चिन्न लगाउँने र तिनीहरु कसरी मनाईन्छ चित्र वा भिडियोको माध्यमबाट प्रस्ट गर्ने ।<br>• धार्मिक तथा सांस्कृतिक कार्यक्रमले कसरी समुदाय तथा समाजमा मेलमिलाप गराउँछ भन्ने बारे छलफल गराउने ।<br>• यस्ता धार्मिक तथा सांस्कृतिक कार्यक्रमले कसरी पर्यटकलाई आकर्षित गर्छन् र सो बाट के कति आय आर्जन गर्न सकिन्छ भनी छलफल गराउने । त्यस्तै धार्मिक, सांस्कृतिक, ऐतिहासिक र प्राकृतिक सम्पदाको पर्यटकसँग जोडेर छलफल गराउने । | | • धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरुको महत्व बारे बुँदागत रुपमा भन्न लगाउँने । | |
| ५ | स्थानीय पेसा व्यवसाय एवं ज्ञान, सिप तथा प्रविधि र उद्यमशीलता | • गाउँपालिका क्षेत्रमा विगत र वर्तमानमा अपनाइएका विभिन्न किसिमका स्थानीय सिप तथा प्रविधिहरु मध्ये १० वटाको सिप तथा प्रविधिहरुको सामान्य परिचय दिन र कुनै दुई तयार पार्न वा सोको लागि सहयोग गर्न । | • गाउँपालिका भित्रका स्थानीय ज्ञान, सिप तथा प्रविधिहरु ती ज्ञान, सिप र प्रविधिबाट बनेका वा तयार गरिएका घरायसी दैनिक प्रयोजनको लागि सामाजिक एवं सांस्कृतिक कार्यका लागि आवश्यक पर्ने बस्तु तथा सामानहरु । | • विद्यार्थीहरुलाई आफ्नो घरमा काठ, बेतबाँस, फलाम, तामा, पित्तल, काँस आदिबाट बनेका केके सामानहरु छन् भनी कापीमा सूचीबद्ध गरी लेख्न लगाउँने र पालैपालो भन्न लगाउँने ती सामानहरु कसरी र कसले बनाएको हो भनी प्रश्नोत्तर गर्ने ।<br>• सम्पूर्ण सामान आफ्नै घरमा बनेको, पालिमा भित्र बनेको र त्यो भन्दा बाहिरबाटको बजारबाट ल्याएको गरी ३ समुहमा छुट्याउन लगाउँने ।<br>• विद्यार्थीहरुलाई तपाईंको घरमा भएका घरेलु सामान तथा औजारहरुको बारेमा भन्न लगाउँने ।<br>• डोको, नाम्लो, राडीपाँखी, ठेकी, मदानी, मुढा, पिर्का, सुइटर, टोपी, ओखल, जाँतो, सिलौटो, हँसिया, खुकुरी, कुटो, हलो, पानी घट्ट, बिजुली घर, कम्प्युटर आदि को सूची तयार गर्न लगाउँने र यसको सामान्य महत्वको बारेमा बुझाउने ।<br>• त्यस्तै काठबाट बनेका हलो, जुवा, दराज, कुर्ची, टेवल, झ्यालढोका, काठको बाकस वा सन्दुक, डल्लेठो आदि बारे विद्यार्थीहरुलाई बताउन लगाउँने ।<br>• यदि आधुनिक ज्ञान, सिप र प्रविधिलाई हाम्रो स्थानीय ज्ञान, सिप र प्रविधिसँग मिलाउन सकेमा पेसा तथा व्यवसायबाट अझ बढी फाइदा लिन सकिने कुरा स्पष्ट पारिदिने ।<br>• विद्यार्थीहरुलाई यी घरेलु सामग्रीहरुको बारेमा छलफल गर्न लगाउँने र कुन सामग्री के केको लागि प्रयोग हुन्छ भन्ने बारे बताउन लगाउँने ।<br>• अन्य घरेलु तथा कृषि औजारहरु जस्तैः कुटो, कोदालो, ढिकी, कोलको चित्र बनाई सबै विद्यार्थीलाई एकएक चित्रमा रङग भर्न लगाएर उनीहरुको नाम सहित लेखेर कक्षाकोठामा | • विभिन्न स्थानीय ज्ञान, सिप, प्रविधि प्रयोग गरी बनाइएका घरेलु तथा कृषि सामग्रीहरुको सचित्र सूची, फोटो र नमूनाहरु ।<br>• रङ्गीन कागज, स्केल आदि रङग भर्ने स्थानीय सामानहरुको सादा चित्रहरु ।<br>• स्थानीय सामानहरु बनाएको भिडियोहरु | • काठ, ढुङ्गा र धातुबाट बनेका घरमा प्रयोग गरिने ५।५ वटा सामानको नाम लेख्न लगाउँने ।<br>• विभिन्न घरेलु ज्ञान, सिपमा आधारित सामग्रीहरुको बारेमा विद्यार्थीहरुलाई भन्न लगाएर ।<br>• सामग्रीहरु र नामलाई जोडा मिलाउन लगाउँने ।<br>• घरबाट अभिभावकको सहयोगमा कृषि र भान्सामा प्रयोग हुने कुनै १० वटा सामग्रीहरुको नाम लेखेर ल्याउन लगाउँने ।<br>• स्थानीय र बजारबाट किनेर ल्याएका सामान र औजारहको सूची तयार गर्न लगाउने र स्थानीय सामानहरुको प्रयोग गर्दा हुने फाइदाको बारेमा भन्न र लेख्न लगाउँने ।<br>• विभिन्न सामानहरुको सूची वा | १२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | झुण्ड्यार राख्ने ।<br>• स्थानीय ज्ञान, सिप र प्रविधिबाट बनेका सरसामान र निर्माणको फाइदाका बारेमा सरल भाषामा उदाहरण सहित बुझाउने र यस्ता सरसमानको प्रयोग गर्न सके आत्मनिर्भर हुन सकिने भनी यस्ता सामानहरुको प्रयोग गर्न प्रोत्साहित गर्ने । यस्ता सामान र औजार आदिको बारेमा कक्षामा प्रस्तुतीकरण गराउने । | | चित्र दिएर स्थानीय सामान भए ठिक र आधुनिक वा आयतित सामान भए बेठिक शब्द वा चिन्ह लगाउँने ।<br>• कुनै १० वटा औजारहरु केके काममा उपयोग हुन्छन् भनी प्रश्न सोध्ने ।<br>• गाउँपालिकामा प्रचलित स्थानीय प्रविधि र आधुनिक वा आयतित सामानहरु बिचको फरक लेख्न लगाउँने ।<br>• कुनै दुई स्थानीय प्रविधिको उचित प्रयोग गरे नगरेको बारे अभिभावकसँग बुझी मूल्याङ्कन गर्ने । | |
| ६ | खाद्यान्न तथा पोषण एवं कृषि, जडिबुटी, पशुपालन | • गाउँपालिका क्षेत्रमा उत्पादन हुने विभिन्न खाद्यान्न, सागसब्जी र फलफूलको ५।५ वटाको नाम बताउन चिन्न र लेख्न र त्यसको उपभोगबाट हुने पोषण सुधार बारे बताउन ।<br>• आयतित कम पोषणयुक्त बजारको पत्रु खानेकुराको सट्टा स्थानीय कृषि उत्पादको उपभोग गर्ने र सो बारे समुदायमा सचेतना फैलाउन ।<br>• पालिका क्षेत्रमा पाइने औषिधजन्य ५ वटा जडिबुटी र पशुपालनका बारेमा पहिचान र उपयोगिता बारे भन्न र कम्तिमा १० वाक्यमा लेख्न ।<br>• पालिकामा बसोबास गर्ने | • गाउँपालिका क्षेत्रमा विभिन्न मौसममा कृषि उब्जनी जस्तैः विभिन्न खाद्यान्न (अन्नबाली, दलहन, तेलहन, तरकारी बालीहरु) जस्तैः धान, मकै, गहुँ, कोदो, दाल, साग, काउली, आलु, फर्सी, लसुन, प्याज आदि ।<br>• स्थानीय कृषि उपजबाट बनेका विभिन्न खानेकुराहरु वा विभिन्न चाडपर्वहरुमा बनाइने वा पकाइने परिकार जस्तैः दाल, भात, साग, गेडागुडी, तरकारी, आदिको फाइदा ।<br>• बजार पसलमा पाइने खाद्यान्न, तरकारी, फलफूल । | • विद्यार्थीहरुलाई समुहमा विभाजन गरी प्रत्येक समुहलाई आ-आफ्नो खेतबारीमा फलेका खाद्यान्न, तरकारी, दलहन, तेलहन, फलफूल तथा सागसब्जी को सूची तयार गर्न लगाई ती उत्पादन केको लागि गरिन्छ वा खाइन्छ, बेचिन्छ भन्ने प्रश्नको उत्तर कापीमा सुचीबद्ध गरेर लेख्न लगाउँने र पालैपालो प्रस्तुत गर्न लगाउँने र छुटेमा अर्को समुहलाई थप्न लगाउँने ।<br>• विद्यार्थीहरुलाई आज के खानेकुरा खाएर विद्यालय आउनुभयो भनी सोध्ने र ती खानेकुरा के र कहाँबाट बनाएको भनी सोध्ने र उदाहरण दिँदै स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्नहरु बारे परिचित गराउने ।<br>• आ-आफ्नो घरबाट, आ-आफ्नो खेतबारीमा फलेका खाद्यान्नहरुको समुहमा केही नमूना ल्याउन लगाउने र त्यो के हो भन्न लेख्न र त्यसबारे बताउन लगाउँने ।<br>• पोषण सुधारका लागि स्थानीय खाद्य उत्पादन वा आयतित खाद्य उत्पादन कुन उपभोग गर्नु उचित होला भनी छलफल गराउने वा वादविवाद प्रतियोगिता गराउने समुहगत रुपमा ।<br>• हरेक विद्यार्थीले घरमा करेसाबारी बनाई वा भएकोलाई सुधार गरी विद्यार्थीले उचित व्यवस्थापन गर्न लगाउँने र यसको लागि स्थानीय कृषि प्राविधिक बोलाई तालिम सञ्चालन गर्ने ।<br>• स्थानीय खाद्यान्न, तरकारी, फलफूलको नमूनाहरु कक्षामा डोरी टाँगी नाम लेखेर झुण्ड्याउने र हरेक बारेमा बताउने । | • गाउँपालिकामा उत्पादन हुने विभिन्न खाद्यान्न, दलहन, तेलहन, तरकारी तथा फलफूलको वास्तविक नमूना र बिउका फोटोहरु ।<br>• करेसाबारी तालिमका लागि आवश्यक तालिम सामग्रीहरु<br>• जङ्गलमा पाइने सब्जीहरुको पनि वास्तविक नमूना वा फोटाहरु<br>• डोरी, सियो, धागो ।<br>• नमूना राख्ने प्लास्टिक झोला । | • ५।५ वटा स्थानीय खाद्यान्न, फलफूल, सागसब्जी, दलहन र तेलहनको नाम बताउन लगाउँने ।<br>• आयतित खाद्य उत्पादन भन्दा स्थानीय खाद्य उत्पादन र सो बाट बनेको खाद्य सामग्रीहरुमा पोषण तत्व बढी हुनुको कारण लेख्न लगाउँने ।<br>• हरेक विद्यार्थीले घरमा करेसाबारी बनाई विद्यार्थीले उचित व्यवस्थापन गरे नगरेको सोधबुझ गरी मूल्याङ्कन गर्ने ।<br>• कक्षागत र समुहगत क्रियाकलापमा भएको सहभागिता र भूमिकाको आधारमा विद्यार्थीहरुको मूल्याङ्कन गर्ने ।<br>• स्वस्थ र पत्रु खानेकुराहरुको | १२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | मानिसहरुले गर्ने विभिन्न पेसा व्यवसायहरु मध्ये ५ वटाको नाम र कुनै एक पेसा गर्ने तरिका भन्न र लेख्न। | • बजार पसलमा पाइने पत्रु खानेकुराहरु वा कम पोषणयुक्त खानेकुरा (जङक फुड) जस्तैः चाउचाउ, चिजवल, विस्कुट, कोक आदिको बेफाइदा।<br>• पालिका क्षेत्रमा पाइने जडिबुटी र पशुपालनको अवस्था। | • विद्यार्थीलाई आफूलाई मन पर्ने फलफूलको नाम भन्न लगाउने र सो फलफूलको चित्र बनाउने र नाम लेख्न सिकाउने।<br>• कहिले काँही आफ्नो खेतबारीमा फलेको फलफूल विद्यालयमा खाजाको रुपमा ल्याउन लगाउँने र अभिभावकहरुलाई समेत यस बारे प्रोत्साहित गर्ने।<br>• स्थानीय फलफूलको चित्रमा रङग भर्न र चिनेर, नाम लेखेर वा चित्र जोडा मिलाएर प्रस्तुत गर्न लगाउँने।<br>• बजारमा वा पसलमा केके खानेकुरा खाद्यान्न, तरकारी पाइन्छ भनेर विद्यार्थीहरुलाई सोध्ने, विद्यालय नजिकको पसल बजारमा विद्यार्थीहरुलाई अवलोकन गर्न लैजाने र पसलमा लगेर विभिन्न किसिमका खानेकुराहरु देखाउने।<br>• विद्यार्थीहरुलाई कुनकुन खानेकुरा स्वस्थ खानेकुरा र कुनकुन खानेकुरा पत्रु खानेकुरा हो भनेर बुझाउने र पत्रु खानेकुरा किन सधै खानु हुँदैन भनी बताउने।<br>• स्वस्थ खानेकुराहरु र पत्रु खानेकुराहरुको सूची बनाउने र स्वस्थ खानेकुरालाई ठिक चिन्ह र पत्रु खानेकुरालाई बेठिक चिन्ह लगाउन सिकाउने।<br>• स्थानीय र बजारबाट ल्याइएका खानेकुराहरुको फाइदा र वेफाइदाहरु बारे छलफल गर्ने र थप बताउँने र स्थानीय वा बजारको कुन खानेकुरा खादा उचित होला भनी छलफल गराउने।<br>• स्वस्थ खानेकुरा र पत्रु खानेकुराको बारेमा पोस्टर वा चित्र वा भिडियो वा भिजुअल गीत मोबाइल मार्फत देखाएर छलफल गर्ने।<br>• पोषण सुधारको लागि स्थानीय उत्पादनको महत्व सम्बन्धी वतृत्वकला तथा समुदायमा सचेतनामूलक कार्यक्रम गर्न लगाउँने र स्थानीय ज्ञान महोत्सव कार्यक्रम आयोजना गराउँने।<br>• सम्भव भएमा स्थानीय स्वास्थ्यकर्मीलाई बोलाएर यस विषयमा एक सेसन पाठ लिन लगाउने।<br>• स्थानीय खाद्य उत्पादन र त्यसबाट बन्ने खाद्य सामग्री वा परिकारहरु बढी पोषणयुक्त हुन बारे कारण सहित बताउने र ती उत्पादनको उपभोगमा जोड दिन र आयतित उत्पादन र सामग्रीको उपभोग कम गर्न प्रोत्साहित गर्ने।<br>• असल पोषणयुक्त र कम पोषण भएको जङक फुड छुट्याउन लगाउँने।<br>• गाउँपालिका क्षेत्रमा पाइने जडिबुटीहरुको सूची र छलफल।<br>• पशुपालन व्यवसायहरु मध्ये भैसीपालन, भेडापालन कुखुरा पालन बारे छलफल। | • स्वस्थ खानेकुरा र पत्रु खानेकुराको सूची वा वास्तविक नमूना।<br>• पौष्टिक खानेकुराको क्यालेण्डर।<br>• खाना, तरकारी, फलफूल, सम्बन्धी बालबालिकाले बुझ्ने पोष्टर, बालगीत, भिडियो, क्लिप, फोटो।<br>• मार्कर, सेतोपाटी, कापी, न्यूजप्रिन्ट वा चार्ट पेपर।<br>• गाउँघरमा पाइने जडिबुटीका फोटा वा पोस्टरहरु।<br>• पशुपालन अन्तर्गतका व्यवसाय सम्बन्धी विवरण झल्किने फोटाहरु। | फरक फरक सूची बनाउन लगाई स्वस्थ र पत्रु खानेकुरा बिचको मुख्य भिन्नता बताउन लगाउँने।<br>• स्थानीय र पोषिलो खानेकुराको महत्वको बारेमा समुदायमा विद्यार्थीहरुलाई समुहगत रुपमा जानकारी वा सचेतनामूलक गतिविधिहरु सञ्चालन गर्न लगाउँने र शिक्षकहरुले थप सहयोग गर्ने।<br>• विद्यार्थीले पत्रु खानेकुराहरु खाने बानी कम भएको छ वा छैन भनी अभिभावकसँग सोध्ने।<br>• विद्यालयमा विद्यार्थीहरुले गर्ने आनीबानीको आधारमा मूल्याङ्कन गर्ने।<br>• पोषण सुधारको लागि स्थानीय खाद्य उत्पादनको महत्व सम्बन्धी ज्ञान महोत्सवमा भएको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने।<br>• पालिका क्षेत्रिभित्र पाइने जडीबुटीहरुको नाम र पाइने स्थलहरुको बारे बताउने।<br>• पालिका क्षेत्रभित्र अपनाएका पशुपालन व्यवसायहरुको सूची तयार गर्न लगाउँने। | |
| ७ | प्रकोप र विपद् | • भूकम्पबाट सुरक्षित हुने उपाय | • भूकम्पको परिचय र सुरक्षित | • समुहमा भूकम्पको परिचय खोजी प्रस्तुत गर्न लगाउने। | • विभिन्न प्रकोप बारे | • तल दिइएका प्रश्नहरुको | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन | बारे बताउन ।<br>• महामारीको परिचय, कारण र महामारीको प्रकारका बारे बताउन ।<br>• हाम्रो सुरक्षित यात्रा जस्तैः यात्राको समयमा जोखिम पहिचान र सावधान (पैदल हिडाइ, बाटो काट्ने, जेब्रा क्रसिङ, साइकल चलाउने सिप) यात्राको समयमा सावधानी ।<br>• कृत्रिम घटना अभ्यास । | घरको लागि पूर्वतयारी र संरचनात्मक र गैरसंरचनात्मक सुरक्षा ।<br>• सुरक्षित घरको लागि विद्यार्थीको भूमिका ।<br>• महामारीको परिचय, प्रकार र कारणहरु ।<br>• महामारीहरु जस्तैः कोडिड १९, बर्डफ्लु, झाडापखाला आदि रोकथामका लागि पूर्व तयारीहरु र नियन्धणका लागि विद्यालय र समुदायको भूमिका ।<br>• कृतिम घटना अभ्यास | • भूकम्पबाट हुने असरका बारेमा अन्तरक्रिया तथा छलफल गराउने र भूकम्पबाट हुने क्षति भिडियो मार्फत प्रस्तुत गर्ने ।<br>• भूकम्पबाट सुरक्षित घरको महत्व र निर्माणका विषयमा संवाद गराउने ।<br>• भिडियोको माध्यमकाट सुरक्षित घरका विशेषता जानकारी गराउने ।<br>• सुरक्षित घर निर्माणमा मेरो भूमिका विषयमा विद्यार्थीको समुहमा छलफल गराउने र निष्कर्ष निकाल्ने ।<br>• भूकम्प र यसबाट सुरक्षित हुने उपायहरुका बारेमा चित्र तालिका सूची आदि निर्माण गरी विद्यालय वा कक्षाकोठामा टाँस्न लगाउने ।<br>• घरमा हुँदा भूकम्पबाट बच्नका लागि गरिने कृत्रिम घटना अभ्यास गराउने ।<br>• सवारी साधनको प्रयोग सम्बन्धी जोडी समुहमा कुराकानी गराउने ।<br>• सवारी साधनको प्रयोग गर्दा हुने सम्भावित दुर्घटनाका उदाहरण पोस्टर वा भिडियो मार्फत प्रस्तुत गर्न ।<br>• स्कुटर वा मोटरसाइकल सार्वजनिक सवारी र भ्रमण गर्दा अपनाउनुपर्ने सावधानीको सूची तयार गर्न लगाउने ।<br>• कोभिड १९ बर्डफ्लु झाडापखालाका असरहरुको खोली गर्न लगाई छलफल गराउने र यसबाट बच्न अपनाउनुपर्ने पूर्वतयारीका बारेमा वैयक्तिक रुपमा सोच्न लगाई साथीलाई सुनाउन लगाउने वा स्पष्ट जानकारी गराउने ।<br>• कोडिभ १९, बर्डफ्लु, डैङ्गु र झाडापखालाबाट बच्न अपनाउनुपर्ने पूर्व तयारीहरुका बारेमा स्वास्थ्य क्षेत्रका व्यक्तिहरुसँग साक्षात्कार गराउने ।<br>• कोभिड, बर्डफ्लु, डेङ्गु र झाडापखालाको नियन्त्रणाका लागि विद्यालय तथा समुदायको भूमिका छलफल गराउने र शिक्षकले सहयोग गर्ने ।<br>• विगत एक वर्षमा भएका महामारीको सूची बनाउन लगाई प्रस्तुत गर्न लगाउने ।<br>• कोभिड, बर्डफ्लु र झाडापखालाको कारण विषयमा अन्तरक्रिया गराउने ।<br>• चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट जोखिमयुक्त अवस्था देखाउने र यस्तै अवस्था आयो भने के गर्ने वा गर्छौं भनेर विद्यार्थी बिच छलफल गराउने । | चित्र वा पोस्टरहरु<br>• विपतबाट जोगिने उपायहरु बारे वर्णन गरिएका फोटाहरु ।<br>• विपतबाट जोगिनका लागि कृत्रिम अभ्यासका लागि आवश्यक सामग्रीहरु जस्तैः कपडा, झोला, टर्च आदि ।<br>• विपत् वा महामारी रोकथामका लागि विभिन्न निकायहरुको भूमिका उल्लेख भएको पोस्टर र भूमिकाको सूची ।<br>• भूकम्पका घटनाका बरेमा भिडियो प्रदर्शनी ।<br>• भूकम्पबाट बच्न अपनाउनुपर्ने सावधानी र भूकम्प प्रतिरोधी घर निर्माण सम्बन्धी भिडियो क्लिपहरु । | आधारमा मूल्याङ्कन गर्नुहोस् जस्तैः सुरक्षित घर निर्माणका लागि गरिनुपर्ने ५ वटा पूर्व तयारी केके हुन सुरक्षित घर निर्माणका लागि विद्यार्थीले कस्तो भूमिका खेल्नसक्दछन् ।<br>• कोभिड १९, बर्डफ्लु, डेङ्गु र झाडापखालाको परिचय दिन लगाएर यी प्रकोपहरुबाट बच्नका लागि आवश्यक पूर्वतयारीका बारेमा प्रश्नत्तर ।<br>• स्कुटर वा मोटरसाइकल सार्वजनिक सवारी र भ्रमण गर्दा अपनाउनु पर्ने सावधानीको सूची तयार गर्न लगाएर । | |
| ८ | व्यक्ति, संस्था, सहकारी | • सहकारीको परिभाषा दिई सहकारी सञ्चालनका लागि कुनै ५ वटा मापदण्ड बताउन र परिवारको सदस्य रहेको सहकारीको नाम भन्न । | • सहकारीको परिभाषा, संरचना र साधारण सभाको आवश्यकता ।<br>• सहकारी सञ्चालनका लागि चाहिने मापदण्डहरु । | • सहकारी सञ्चालनको मापदण्डको आवश्यकता र मापदण्ड बुँदागत रुपमा प्रस्तुत गरिदिने र मापदण्ड अनुसार सहकारी सञ्चालन गर्दा हुने फाइदा बेफाइदाको बारेमा छलफल गराउने<br>• सहकारीको परिभाषा भन्न लगाउँने, थाहा नभए भनीदिने, लेख्न लगाउँने र लेखेको भन्न लगाउँने । | • सहकारीको परिचय र उद्वेश्य लेखेको पोस्टर तस्वीर<br>• समाजसेवीहरुको नाम सहितको विवरण । | • सहकारी संस्थाको सञ्चालनका मापदण्डहरु बताउन लगाउँने ।<br>• सहकारीको परिचय स्थापना कार्यालय आदि बारेमा छोटकरी | ५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | • परिवारको सदस्य रहेको सहकारीको नाम सहित विवरण। | • प्रश्नोत्तरको माध्यमबाट वडामा रहेका सहकारी संस्थाको नाम, कार्यालय रहेको स्थान, स्थापना भएको वर्ष, सदस्य संङख्या, सेवा सञ्चालक समितिको संख्या, पालैपालो सोध्ने र अरुलाई साथीले भनेको कुरा भन्न लगाउँने।<br>• सहकारीको अवलोकन भ्रमण गराउने र देखेका र सुनेका कुराहरुको शब्दमा, चित्रमा अभिलेखिकरण गर्न लगाउने।<br>• सहकारीको साधारण सभामा आफू सहभागी भए नभए जानकारी लिई साधारण सभाको आवश्कताको बारेमा बताइदिने र सम्भव भएसम्म सहकारीको साधारण सभामा सहभागी गराउने।<br>• सहकारी अभियन्ताद्वारा आमन्त्रित कक्षा लिन लगाउँने।<br>• सहकारीको साधारण सभा सञ्चालन गर्दाको तस्वीर व्याख्या गर्न लगाउँने।<br>• समाजका प्रेरणादायी व्यक्तिहरुको बारेमा परिचय गर्न लगाउने।<br>• सेवा दिन विभिन्न समुह वा संस्थाहरुको नामको सूची बनाई कामको बारेमा बताउन लगाउने।<br>• गाउँघरमा देखेका वा भेटेका, सुनेका समुहहरुको बारेमा सामुहिक छलफल गर्न लगाउने।<br>• समाजसेवीहरुलाई आमन्त्रण गरी विद्यालयमा सम्भव भएमा कक्षाहरु लिन लगाउँने र असल व्यक्तिहरुसँग छलफल कुराकानी गर्ने।<br>• समुह, संस्था वा सहकारीमा अवलोकन भ्रमण गराउने र देखेका सुनेका कुराहरुको आधारमा अनुच्छेद लेख्न लगाउने।<br>• परिवारका सदस्यहरु सहकारीको सदस्य भए नभएको जानकारी लिने। यदि सदस्य भएको भए कहिले, कसरी र के का लागि सदस्य बनेको सो बारेमा छलफल सहित बाल सदस्य र शेयर सदस्य प्राप्तिका आधारहरु बताइ दिने लेख्न र लेखेको कुरा बताउन लगाउँने। | • अगुवा गर्ने व्यक्तिहरुको फोटो र चित्र।<br>• सामुदायिक सेवा प्रदान गरिरहेका संस्थाको पोस्टरहरु<br>• सहकारी सम्बन्धी सूचनामूलक तस्वीहरु।<br>• सहकारी सम्बन्धी ब्रोसरहरु र सहकारी भित्रेपात्रो।<br>• सहकारी ऐन नियमावली र मापदण्ड। | भन्न र लेख्न लगाउँने।<br>• पालिकाभित्र रहेका समाजका लागि काम गरेका वा गर्ने व्यक्तिहरुको पहिचान गर्न लगाउँने।<br>• गाउँघरमा भएका संस्थाले दिने सेवाहरु बारे प्रश्नोत्तर गर्ने गराउने।<br>• विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालयहरु, सामुदायिक संस्था भित्र पर्दछन् कि पर्दैनन् सो बारे भन्न लगाउँने।<br>• सहकारीको विवरण तयार पार्न लगाउँने।<br>• सहकारीको सदस्यता प्राप्तिका आधारहरु भन्न र लेख्न लगाउँने। | |
| ९ | समानता, समावेशीता र सामाजिक न्याय | •जातजाति तथा समुदाय समान हो कुनै भेदभाव, छुवाछुत गर्नु हुँदैन भन्ने बताउन र समानताको व्यवहार गर्न।<br>•परिवार र समुदायमा भएका फरक क्षमताका असहाय, वृद्धवृद्धा अन्य विशेष सहयोग आवश्यक पर्ने व्यक्तिहरु | • गाउँपालिकाको सामाजिक अवस्थाको परिचय जस्तैः विविधता भित्रको एकता र एकता भित्रको विविधता<br>• एकता, सहयोग, मेलमिलाप, समानता, सामाजिक विविधता, समता र समावेशीताको अवधारणा। | • समानता र समावेशिताको अर्थ उदाहरण सहित बुझाउने।<br>• गाउँपालिका क्षेत्र भित्रका जातीय, सामाजिक, सांस्कृतिक, धार्मिक, विविधताको बारेमा छलफल गर्ने समुहगत अभ्यास गर्न लगाउँने।<br>• छिमेकीहरुसँग एकआपसमा मिलेर बसेको फोटो देखाएर छलफल गर्ने।<br>• सबै जाति, जनजाति, वर्ग, लिङग, उमेर अवस्थाका मानिसहरुले समाजमा समान सहभागिता र अवसर पाउनुपर्छ। दुर्गम बस्ने, घरजग्गा नहुने वा थोरै हुने सबैले मौका पाउनुपर्छ, सबैलाई मिलाउनु पर्छ भन्ने अर्थ बुझाउने र समावेशीताको सही सन्देश दिन हातको ५ साना ठूला लामा छोटा औंलाको उदाहरण विभिन्न प्रजातिका फूलहरु भएको | • सेतोपाटी, मार्कर।<br>• समावेशी खेल खेलाउनेको लागि स्थानीय खेल सामग्री (जस्तैः ससाना ढुङ्गा, रोडा, बालुवा वा माटो बाल्टी वा अन्य भाँडो पानी) समावेशी खेल | • सामाजिक एकता, विविधता, समानता, समता र समावेशीताको अर्थ र उदाहरण बताउन लगाउने।<br>• सबै बालबालिकाहरु बिच आपसी सम्मान, सद्भाव र समानताको बोली व्यवहार एक अर्कामा मिलेर बस्ने, खेल्ने, | ६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिचान, उनीहरुलाई दैनिक जीवनमा आइपरेका समस्याहरुको पहिचान र उनीहरुप्रति सकारात्मक व्यवहार प्रदर्शन गर्न। | • फरक क्षमता भएका व्यक्तिको प्रकार शारीरिक विरामीपन र वृद्ध उमेर र शारीरिक समस्या, परिवार, आफन्त नभएका र आफैसँग केही नभएका र बालबालिका, वृद्धवृद्धाका विरामी आदि र उनीहरुलाई आवश्यक पर्ने सहयोग, सम्मानजनक बोली, व्यवहार। | फूलबारी ससाना ढुङ्गा, रोडा र बालुवा एउटै भाँडोमा अटाएर राख्ने समावेशी खेल खेलाएर वा यस्तै खेलको भिडियो देखाएर समावेशीताको अर्थ र औचित्य बुझाउने।<br>• समानता नभएमा के हुन्छ भनी घरमा छोरा र छोरी बिच, विद्यालयमा छात्रा र छात्र बिच असमान व्यवहार भएमा के हुन्छ तपाईँहरुलाई कस्तो लाग्छ भनेर बालबालिकाले बुझ्ने उदाहरणहरु दिएर समानता र असमानताको अर्थ असर आवश्यकता बारे बुझाउने।<br>• समावेशीताको बारेमा छलफल गराई सो बारेमा विद्यार्थीलाई आफूले बुझेको कुरा लेखेर कक्षामा प्रस्तुत गर्न लगाउँने।<br>• समानता सम्बन्धी बाल भिडियो वा कार्टुन देखाएर समान व्यवहारको ज्ञान सिकाउने र सो बारे बताउन लगाउँने।<br>• गाउँपालिकामा के, कसरी, समानता र सामाजिक समावेशीतालाई उचित अभ्यास र प्रवर्द्धन गर्न सकिन्छ भन्ने बारेमा समुहगत कार्य गरी प्रस्तुतीकरण गर्न लगाउँने।<br>• फरक क्षमताको प्रकारलाई विभिन्न तरिकाले वर्गीकरण गर्न लगाउँने जस्तैः शारीरिक दृष्टि, बोलाई, सुनाइ, मानसिक गम्भिरताका आधारमा सरकारले ४ समुहमा वर्गीकरण गरेको कुरा बुझाउँने। अर्थत क वर्गमा पर्नेलाई पूर्ण अशक्त व्यक्तिलाई रातो रङ्गको परिचय पत्र, ख वर्गका फरक क्षमताको व्यक्तिलाई निलो रङ्गको परिचय पत्र, ग वर्गकोमा पर्ने व्यक्तिलाई पहिले रङ्गको परिचयपत्र र घ वर्गमा पर्ने अशक्तलाई सेतो रङ्गको परिचय पत्र वितरण गरिने कुरा अवगत गराउँने।<br>• साहित्यकार झकम कुमारी घिमिरे, लुइस ब्रेइल र अन्य व्यक्तिहरुको फोटो, फरक क्षमता भएका बालबालिका विशेषको सन्देशमूलक भिडियोहरु सङ्कलन गर्ने र विद्यार्थीहरुलाई देखाएर छलफल गराउने र उनीहरुलाई सधै माया र सहयोग गर्नुपर्छ उनीहरुले पनि अरुभन्दा राम्रो र महान काम गर्न सक्छन् भन्ने कुरा बुझाउनु पर्छ।<br>• फरक क्षमता भएका र विरामी, वृद्ध जोकोही देखेमा भेटेका छौ कि छैनौं भनेर बालबालिकाहरुलाई सोध्ने र त्यस्ता व्यक्तिलाई दैनिक जीवजयापनमा के कस्ता कठिनाई हुन्छहोला र कसले सहयोग गर्छ होला भनेर सोध्ने जस्तैः खुट्टा नभएको मान्छे कसरी हिड्छ होला, दृष्टिविहिन भएको बच्चाहरु कसरी पढ्छ होला आदि भनेर कौतुहलता जगाउँने।<br>• फरक क्षमता सम्बन्धी राम्रो वा उचि शब्द र नराम्रो वा गलत शब्दहरु सेतोपाटीमा लेखेर राम्रा शब्दहरु मात्र भन्न वा बोल्न प्रेरित गर्ने। त्यसरी कोही नभएका असहाय विरामी वृद्धवृद्धालाई पनि सम्मान गरेर बोल्ने र सहयोग गर्ने कुरा सिकाउने।<br>• फरक क्षमता भएका व्यक्तिहरुका बारेमा छलफल गराउने र फरक क्षमता हुनाका कारणहरु केके होलान भनेर सोध्ने, उनीहरु पनि साङग सरह धैरै राम्रो काम गर्न सक्छन् भनेर | सम्बन्धी छोटो भिडियो।<br>• समानता सम्बन्धी भिडियो वा कार्टुन<br>• फरक क्षमता भएका व्यक्ति र यसको प्रकार बारे जानकारी पुस्तिका<br>• फरक क्षमता भएका व्यक्तिलाई गरिने शब्द सम्बोधन बारे जानकारी शब्दहरु<br>• फरक क्षमता भएका व्यक्तिहरुको चित्र, पम्प्लेट वा भिडियो।<br>• फरक क्षमता भएका व्यक्तिहरुको परिचय पत्रको नमूना जस्तैः रातो, निलो, पहिले, सेतो।<br>• फरक क्षमता भएका व्यक्तिहरुले प्रयोग गर्ने सामग्रीहरु चित्र वा तस्वीर। | हिड्ने गतिविधि विद्यार्थीहरुमा भए नभएको अवलोकन गरी मूल्याङकन गर्ने।<br>• समावेशीताको अभ्यास विद्यार्थीले गर्छन् कि गर्दैनन् अवलोकन गर्ने। विशेष गरी जातीय, लैङ्गिता, फरक क्षमता आदिको आधारमा।<br>• फरक क्षमता भएका व्यक्तिको कुनै ३ वटा प्रकार भन्न र चिन्न फरक क्षमता भएका व्यक्तिको परिचयपत्रको प्रकार भन्न वा लेख्न लगाउँने।<br>• फरक क्षमता भएका र असक्त व्यक्तिहरुलाई किन सहयोग माया सम्मान गर्नुपर्दछ भनी सोध्ने।<br>• फरक क्षमता हुनुका कारणहरु के होला भनेर भन्न लगाउँने।<br>• विद्यालयमा विद्यार्थीहरुको बोली व्यवहार र क्रियाकलापहरुको अवलोकन गरेर मूल्याङ्कन गर्ने।<br>• कस्तो रङको फरक क्षमता भएका व्यक्तिलाई कस्तो परिचय पत्र पाउँछन् सोध्ने र बताउने।<br>• फरक क्षमता भएका व्यक्तिको प्रकार भन्न र चिन्न लगाउँने। | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | बताउने । <br>• फरक क्षमता भएका व्यक्तिहरु आसपासमा भएमा बोलाएर उनीहरुको अनुभवका बारेमा छलफल र सम्वाद गराउने । <br>• फरक क्षमता र बालबालिका, वृद्धवृद्धाहरुलाई राज्यले दिइएको सेवा सुविधा र परिचय पत्र आदिको बारेमा छलफल गर्ने र गराउने । <br>• वृद्धवृद्धाहरुसँग कस्तो व्यवहार गर्ने किन गर्ने र कसरी सहयोग गर्न सकिन्छ भन्ने बारेमा समुहगत छलफलपछि प्रस्तुतीकरण गर्न लगाउने । <br>• कति उमेर पुगेको बृद्धबृद्धा र कुन परिचय पत्र भएको फरक क्षमता भएका व्यक्तिलाई पैसा वा सामाजिक सुरक्षा भत्ता दिन्छ भनी जानकारी गराउने । <br>• वृद्ध र एकल महिला, फरक क्षमताको परिचयपत्र बनाउन वडा कार्यालय जानुपर्ने परिचयपत्र भएपछि सरकारले सेवासुविधा दिने कुरा आफ्नो घरपरिवार छरछिमेकलाई भन्न प्रोत्साहित गर्ने । | | | |
| १० | सामाजिक मूल्य मान्यता एवं सदाचार र नैतिकता | • घर, परिवार, समुदाय, समाज, विद्यालय आदि ठाउँमा असल बोली, सभ्य र नैतिकवान् बानी व्यवहार प्रदर्शन गर्न । | • सभ्य र सुसंस्कृत बोली, व्यवहार । <br>• अभिवादन, स्वागत, आतिथ्यता सत्कार गर्ने, विदाइ गर्ने शब्दहरु । <br>• सम्मान, मिलनसिरता, सहयोगीपन, दयामाया र असल चालचलन <br>• घर, टोल र विद्यालयमा पर्यटकहरु आउँदा गर्ने स्वागत, सत्कार । | • कोको सँग के कसरी कस्तो व्यवहार गर्ने भनी छलफल गर्ने र उपयुक्त तरिकाबाट टिपोट गर्दै सिकाउने <br>• अभिवादन स्वागत, विदाइ गर्ने शब्दहरु नेपाली र अंग्रेजी दुबै भाषामा लेखी विद्यार्थीलाई भन्दै अभ्यास गराउन, लेख्न लगाउँने ती शब्दहरुलाई आ-आफ्नो मातृभाषामा के भन्छ भनेर लेखेर ल्याउन गृहकार्य दिने । <br>• विदेशी पर्यटकसँग गर्नुपर्ने असल व्यवहार र गर्न नहुने गलत व्यवहार सम्बन्धी भूमिका अभिनय गर्न लगाई छलफल गर्ने । <br>• साथीसङ्गी, परिवारका सदस्य, छरछिमेकी आफन्त शिक्षक, नेपाली विदेशी पर्यटकसँग के कसरी बोल्ने र के कस्तो बोली व्यवहार गर्नु उचित हुन्छ भनी समुहगत छलफल गराई प्रस्तुतीकरण गर्न लगाउँने । <br>• पाहुना घरमा आउँदा के भनेर स्वागत तथा विदाइ गर्ने भनी उपयुक्त शब्द, शब्दावली भन्न र अभ्यास गर्न सिकाउने । <br>• आफ्नो परिवार, समुदाय अनुसार अभिवादन, स्वागत वा विदाइ गर्ने फरक मातृभाषी शब्द, तरिका भए विद्यार्थीलाई अभिभावकसँग सोधेर लेखेर ल्याउने र शब्दोच्चारण सँगै प्रदर्शन गर्न लगाउँने । <br>• अभिवादन, स्वागत, बिदाइ र अतिथि सत्कार सम्बन्धी फोटो वा चित्र वा भिडियोहरु देखाई छलफल गराउने र चिनाउने, सही वा गलत छुट्टाउन सिकाउने । <br>• राम्रो आनीबानी गर्न विद्यार्थी र सिकाउन अभिभावकहरुलाई पनि प्रोत्साहित गर्ने । | • राम्रो नराम्रो बानी सम्बन्धी चित्रहरु, फोटोहरु वा भिडियो । <br>• स्वागत, अभिवादन विदाइ र अतिथि सत्कारका चित्रहरु, फोटोहरु र शब्दहरु <br>• सेतोपाटी, मार्कर <br>• स्वदेशी र विदेशी पर्यटकहरुको फोटोहरु । | • स्वदेशी तथा विदेशी पर्यटकसँग के कस्तो बोली व्यवहार गर्नुपर्छ भनी प्रश्न सोध्ने । <br>• राम्रो र नराम्रो बानी सम्बन्धी चित्रहरु बारे बताउन लगाउँने । <br>• विद्यार्थीहरुलाई विभिन्न भूमिकामा अभिवादन, स्वागत, बिदाइ र अतिथि सत्कारका शब्दहरु भन्न र सही तरिकाले यी काम गर्न जान्दछन् कि जान्दैनन् भनी सोध्ने र प्रदर्शन गर्न लगाई अवलोकन गर्ने । <br>• अभिवादन, स्वागत, विदाइ र अतिथि सत्कार सम्बन्धी फोटो, चित्र वा भिडियोहरु चिन्न वा छुट्ट्याउन सक्छ कि सक्दैन जाँच्ने । <br>• विद्यालयमा विद्यार्थीको क्रियाकलापको आधारमा | ७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | ● साथीहरुसँगै मिलेर पढ्न, बस्न, नाच्न, खेल्न, गीत गाउन लगाउँने ।<br>● साथीहरुलाई सभ्य तरिकाले नाम भनेर बोलाउन सिकाउने र माथिल्लो कक्षाकालाई दाइदिदी भनेर बोलाउन र आफूभन्दा सानालाई सभ्य तरिकाले नाम वा भाइबहिनी भनेर बोलाउन सिकाउने र अवलोकन गरी आवश्यकता अनुसार सम्झाउन प्रोत्साहित गर्ने गराउने ।<br>● पाहुना भएर जाने घरमा को को हुनुहुन्छ, उनीहरुलाई के के भनेर बोलाउने गर्नु हुन्छ भनी साइनो पहिचान गर्ने ।<br>● तपाइँको घरमा कोको पाहुना आउनु हुन्छ, पाहुना आउँदा तपाई आमा, बुबा, हजुरबा, हजुरआमा, काका, दिदी, दाजु र अरुले के कसरी स्वागत सत्कार गर्नुहुन्छ, भनी सोध्ने र सूची बनाएर अभिवादन शब्दहरु लेखी भन्न र अभ्यास गर्न लगाउँने ।<br>● शिक्षकले आफू सानो हुँदा मामाघर वा कोही आफन्तको घरमा गएको वा आफ्नो घरमा कोही पाहुना आउँदाको अनुभवलाई बाल कथा बनाएर सुनाउने ।<br>● साइनो अनुसार के भनेर बोलाउने, कहिले, कसरी अभिवादन गर्नुहुन्छ भनी सोध्ने र प्रदर्शन गर्न लगाउँने ।<br>● अपरिचित व्यक्तिलाई बोलाउने र उनीहरुसँग बोल्ने सरल, सभ्य र सही तरिकाले केही वाक्य लेखेको चार्ट देखाउने र सोको बोल्ने अभ्यास गराउने । | | मूल्याङ्कन गर्ने ।<br>● विद्यार्थीले घर, परिवार, विद्यालय, साथीसङ्गी, सार्वजनिक ठाउँमा गर्ने बानी व्यवहार, आनीबानी अवलोकनको आधारमा मूल्याङ्कन गर्ने<br>● एकजनालाई पर्यटकको भूमिका र अर्कोलाई स्थानीय व्यक्तिको भूमिका दिई कुनै एक विषयमा कुराकानी गर्न लगाउँने । | |
| ११ | खेलुकुद, कला, साहित्य र शारीरिक व्यायाम एवं योग शिक्षा | ● गाउँपालिकामा प्रचलित स्थानीय तथा आयतित खेलकुदहरुको सूची बनाई कुनै ५ वटा स्थानीय र कुनै १ आयतित खेल खेल्न तिनीहरुको नियम बताउन ।<br>● गाउँपालिकामा प्रचलित खेलकुदहरुको शारीरिक, सामाजिक तथा मनोबैज्ञानिक महत्व बताउन ।<br>● गाउँपालिका भित्र बसोबास गर्ने क्षेत्रमा प्रचलित लोकगीत र लोकनृत्यहरु नाम बताउन र कम्तिमा ५।५ वटा लोकगीत गाउन र लोकनृत्य प्रदर्शन | ● पालिकामा प्रचलित स्थानीय र आयतित खेलकुदहरु जस्तैः फुटवल, भलिवल, कपर्दी डण्डीवियो, भाले जुधाइ, भकुण्डो, डोरी नाध्ने आदि खेल खेल्ने विधिहरु वा तरिका ।<br>● खेलकुदको महत्व झल्कने निवन्ध वा कथा ।<br>● पालिकामा प्रचलित लोकगीतहरु जस्तैः ठाडोभाका, दोहोरी, तीज, देसीभैलो, रत्यौली, भजन गीत आदि प्रचलित लोकनृत्य जस्तैः रत्यौली, देउसी भैलो, | ● गाउँपालिकामा पहिले देखि प्रचलनमा रहेका र राष्ट्रिय रुपमा प्रचलित विभिन्न किसिमका खेलहरुको बारेमा चित्र देखाएर जानकारी गराउने । भिडियो वा प्रवचनको माध्यमबाट खेल खेल्ने तरिका बुझाउने ।<br>● विद्यार्थीको शारीरिक अवस्था खेलमैदान वा कक्षाकोठा विद्यार्थी सङ्ख्या र आवश्यक खेल सामग्री उपलब्धतालाई मध्यनजर गरेर समुहमा खेल्ने खेलहरु खेलाउने । खेल खेलाउँदा फरक क्षमता भएका बालबालिकाहरुलाई पनि समावेश गर्न सकिने खेलहरु खेलाउने र उनीहरुलाई पनि सक्ने भूमिका गर्न लगाउने । खेल खेलाउँदा सबैलाई पालैपालो नेतृत्वको अवसर दिने फरक क्षमता भएका बालबालिकाहरुलाई पनि समावेश गर्न सकिने लेखहरु खेलाउने ।<br>● खेल समाप्त भएपछि बालबालिकाको अनुभव खेलबाट सिक्नुपर्ने सन्देश बारे बताउने ।<br>● घरभित्र र बाहिर खेलिने खेलहरुको बारेमा छलफल गर्ने र सम्भव भएमा दुवै किसिमको खेलहरु खेलाउने । खेल खेलाउँदा सबैलाई पालैपालो नेतृत्वको अवसर दिने ।<br>● विद्यालयको वार्षिकउत्सव तथा अन्य कार्यक्रममा विद्यार्थीलाई सहभागी हुने प्रोत्साहित गर्ने । | ● खेल अनुसार खेल सामग्रीहरु<br>● खेल मैदान वा कक्षा र सोको तयारी ।<br>● खेलकुदको महत्व झल्कने लेख वा श्रव्य वा श्रव्यदृश्य फाइल<br>● प्राथमिक उपचार सामग्री बाकस ।<br>● खेलका नियम लेख्ने र नतिजा लेख्ने सेतोपाटी ।<br>● स्थानीय लोकगीतको सूची ।<br>● सही भाका, लय र | ● कम्तिमा १० वटा प्रचलित खेलको नाम भन्न लगाउँने ।<br>● कम्तिमा ६ वटा स्थानीय खेल खेल्न लगाउँने ।<br>● एकल जोडी र सामुहिक खेलहरु खेल्दा विद्यार्थीहरुको सहभागिता अवलोकन गर्ने ।<br>● विद्यालयमा खेलको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्ने ।<br>● विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापमा विद्यार्थीहरुको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने ।<br>● खेलकुदको शारीरिक, | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | गर्न। लोकनृत्य र लोकगीतको सामाजिक, सांस्कृतिक र पर्यटकीय महत्व बताउन।<br>• योगासनका ६ प्रकारका आसनहरु<br>१. गोमुखासन<br>२. महावीरासन<br>३. उष्ट्रासन<br>४. तुलासन<br>५. मकरासन<br>६. कन्धरासन बारे परिचय दिन।<br>• प्रस्तुत ६ प्रकारका योगासनका फाइदाहरु बताउन।<br>• योगासनका प्रस्तुत ६ वटा आसनहरुको अभ्यास गेरर देखाउन। | स्याब्रु आदि नाँच र लोक नृत्य गर्ने तरिका र सामाजिक, सांस्कृतिक र पर्यटकीय महत्व।<br>• योगासनका ६ प्रकारका आसनहरु<br>७. गोमुखासन<br>८. महावीरासन<br>९. उष्ट्रासन<br>१०.तुलासन<br>११.मकरासन<br>१२.कन्धरासन आदिको चित्र सहित परिचय।<br>• प्रस्तुत ६ प्रकारका योगासनका फाइदाहरु।<br>• योगासनका प्रस्तुत ६ वटा आसनहरुको अभ्यास। | • खेलकुदको महत्वको बारेमा सोध्ने र अन्त्यमा खेलकुदको आर्थिक महत्वलाई बुँदागत रुपमा प्रस्तुत गर्ने।<br>• खेलबाट हुने शारीरिक, सामाजिक तथा मनोबैज्ञानिक महत्व छुट्याएर लेखी प्रस्तुत गर्न लगाउँने।<br>• विद्यार्थीलाई स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलकुद बारे छलफल गराउने।<br>• खेलकुदले मानसिक रुपमा स्वस्थ राख्न मद्दत पुर्याउने केही उदाहरण दिने।<br>• खेलकुदले समाजमा मेलमिलाप र अमनचैन राख्न मद्धत पुर्याउने केही उदाहरण दिने।<br>• गाउँपालिकामा प्रचलित लोकगीतहरु जस्तैः ठाडोभाका, दोहोरी गीत, देउसी भैलो गीत आदि मध्ये केही मुख्यमुख्य लोकगीतका नाम लेखाइदिने र डाउनलोड गरी सुनाइदिने।<br>• सजिलै गाउन सक्ने गीत छनौट गरी भाका मिलाएर गाउँन सिकाउँने।<br>• यस्तो गीत गाउन जान्ने स्थानीय बासीलाई बोलाएर सुनाउन र सिकाउन लगाउँने।<br>• बालबालिका नाच्न सक्ने लोकनृत्यमा नाच्न अभ्यास गराउने र आफैलाई गर्न लगाउँने।<br>• उनीहरुले गाएको, नाचेको मोवाइलमा भिडियो रेकर्ड गरी उनीहरुलाई नै देखाइदिने। उनीहरुलाई स्थानीय नाचगानको लागि प्रोत्साहन गर्ने।<br>• विद्यार्थीहरुलाई ३ समुहमा विभाजन गरी समुह १ लाई लोकगीत तथा लोक नृत्यको सामुहिक महत्व, समुह २ लाई लोकगीतको तथा लोक नृत्यको सांस्कृतिक र समुह ३ लाई लोकगीतको तथा लोक नृत्यको पर्यटकीय महत्व लेख्न लगाई प्रस्तुत गर्न लगाउँने।<br>• शिक्षकले प्रस्तुत योगासनका प्रकारहरुको बारेमा कक्षालाई ६ समुहमा विभाजन गरी प्रत्येक समुहलाई एक/एक आसन दिई उक्त आसनको बारेमा जानकारी लेख्न लगाउने र पुनः समुहलाई प्रत्येक समुहको एक/एक जना पर्नेगरी अर्को समुह निर्माण गर्ने र सबैले आ-आफ्नो कुरा समावेश गरी प्रतिवेदन तयार गर्ने यो विधि अनुसार शिक्षक सिकाइको निमित्त विद्यार्थीहरुलाई प्रयोग गर्ने शिक्षकले आवश्यकता अनुसार प्रतिवेदन हेरफेर सुझाव वा सहजीकरण गर्ने।<br>• प्रस्तुत योगासनका फाइदाहरु प्रश्नोत्तर विधिकै आधारमा विद्यार्थीहरुसँग प्राप्त भएका उत्तरहरुलाई छ्यफल गरी बोर्डमा टिप्ने र विद्यार्थीहरुलाई पनि टिप्न लगाउने। विद्यार्थीहरुबाट प्राप्त नभएका फाइदाहरुको शिक्षकले सहजीकरण गरी प्रष्ट गरिदिने।<br>• विद्यार्थीहरुलाई सफा चौरमा लगेर वा सम्भव भए गुन्द्री, दरी वा म्याट ल्याउन लगाएर कक्षाका सबै स्वस्थ्य विद्यार्थीहरुलाई उचित आसनमा फिंजारेर देखाउने। क्रमशः विद्यार्थीहरुलाई अनुकरण गर्दै अभ्यास गर्न लगाउने र अभ्यास गराउँदै जाँदा केही विद्यार्थीले छिटो सिक्ने हुनाले तिनलाई अगुवा बनाएर गर्न र अरुलाई तिनका पछाडि | शब्दहरु<br>• अडियो, भिजुअल रेकर्डर<br>• साउण्ड स्पिकर, मल्टिमिडिया प्रोजेक्टर, र डिस्प्ले सिस्टम।<br>• सेतोपाटी, चार्ट पेपर।<br>• लोकगीत र लोक नृत्यको सामाजिक, सांस्कृतिक र पर्यटकीय महत्व प्रस्ट पार्ने चार्ट।<br>• योगको विभिन्न प्रकारका फोटो वा तस्वीहरु वा पोस्टर।<br>• गौमुखासन को परिचय र यसका फाइदाहरु लेखेको पोष्टर र अडियो भिडियो।<br>• उष्ट्रासनको परिचय र कसरी गर्ने भन्ने बारेको पोष्टर वा भिडियो क्लिप। | सामाजिक तथा मनोबैज्ञानिक महत्व बताउन लगाउने।<br>• स्थानीय लोकगीत र लोकनृत्यको सूची बनाउन लगाउँने।<br>• स्थानीय लोकगीत संयुक्त वा सामुहिक रुपमा गाउन लगाउँने।<br>• स्थानीय लोकनृत्य संयुक्त वा सामुहिक रुपमा नाच्न र प्रदर्शन गर्न लगाउँने।<br>• विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापमा विद्यार्थीको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने।<br>• लोकगीत तथा लोक नृत्यको सामाजिक, सांस्कृतिक र पर्यटकीय महत्व बनाउन लगाउँने।<br>• गैमुखासन भन्नाले कस्तो आसनलाई जनाउँछ ?<br>• गोमुखासनका मुख्य फाइदाहरु के के हुन् ?<br>• मकरासनबाट हुने फाइदा केके हुन् ?<br>• उष्ट्रासन भन्नाले कस्तो आसन भन्ने बुझिन्छ ? यो कसरी गरिन्छ ? | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | बसाली अनुकरणात्मक अभ्यास गर्न सघाउने । शिक्षकले निरीक्षण गर्ने र बिराएका विद्यार्थीहरुलाई सुधारात्मक सिकाइ अभ्यास गराउँदै सम्पूर्णलाई क्रमशः अभ्यस्त बनाउने । | | | |
| १२ | वातावरण संरक्षण एवं फोहोरमैला व्यवस्थापन र हरित विद्यालय | • हरियाली प्रवर्द्धनको परिचय, महत्व, तरिका र सहभागिता ।<br>• पानी र फोहोरमैला व्यवस्थापनका उपाय बारे बताउन ।<br>• गाउँपालिकास्तरबाट पुरा गर्न सकिने दिगो विकासका लक्ष्यहरु बारे जानकारी ।<br>• गाउँपालिका क्षेत्रमा दिगो विकास र वातावरण संरक्षण तरिकाहरु बारे जानकारी | • वृक्षारोपण र बोटबिरुवाको संरक्षण । जस्तैः घर तथा विद्यालयमा गरिने वृक्षारोपणमा सहयोग ।<br>• हरियाली प्रवर्द्धनको परिचय, महत्व, तरिका र सहभागिता ।<br>• घर तथा विद्यालयमा भएका बोटबिरुवाको संरक्षणमा सहयोग ।<br>• गाउँपालिकास्तरबाट पुरा गर्न सकिने दिगो विकासका लक्ष्यहरु बारे जानकारी ।<br>• घरायसी उपयोग भइसकेको पानीको व्यवस्थापन सोकपिट, करेसाबारीमा उपयोग, घरायसी ठोस फोहोरको व्यवस्थापन ।<br>• गाउँपालिका क्षेत्रमा दिगो विकास र वातावरण संरक्षण तरिकाहरु बारे जानकारी ।<br>• दिगो विकास र वातावरण संरक्षणका लागि स्थानीयस्तरबाट गर्न सकिने प्रयास जस्तैः विद्यार्थी, विद्यालय र समुदायको भूमिका।<br>• दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध । | • गाउँपालिका भित्रका वनको पहिचान, अवलोकन र विवरण भन्ने ।<br>• घरको बगैचा वा खेतको छेउछाउमा वृक्षारोपण गर्ने सम्बन्धमा विद्यार्थीहरुलाई सोध्ने र खाली ठाउँमा वृक्षारोपण गर्नुपर्ने कुरा भन्ने ।<br>• घर र वडामा वृक्षारोपण गर्ने कार्यमा सहयोग गर्ने कुरा भन्ने र अनुभव सुनाउन लगाउने ।<br>• विद्यालयको खाली ठाउँमा वृक्षारोपण कार्यमा सहभागी गराउने ।<br>• घर तथा विद्यालयमा भएका बोटविरुवाको संरक्षण गर्नुपर्ने कुरा भन्ने र संरक्षण तथा हेरचाह गर्ने कार्यमा सहभागी गराउने ।<br>• हरित घर तथा हरित विद्यालयका अवधारणाको बारेमा विचार प्रस्तुत गर्न लगाउने र यस सम्बन्धी अनुभव आदानप्रदान गर्न लगाउँने<br>• हरियाली प्रवर्द्धनको परिचय दिने ।<br>• हरियाली प्रवर्द्धन गर्दा हुने महत्व र प्रवर्द्धन गर्ने तरिका भन् र विद्यार्थीलाई सहभागी गराउने ।<br>• घर वरपरको खाली जग्गा, कौसी वा अन्य ठाउँमा आवश्यक विरुवाहरु रोपेर स्वस्थ वातावरण सिर्जना गर्ने रुपमा हरित घरको परिचय दिने ।<br>• उर्जाको बचत र सही सदुपयोग गर्न वातावरणमैत्री व्यवहार गर्ने, वातावरण संरक्षण गर्ने सुदृढ सिकाइ वातावरण भएको विद्यालयलाई हरित विद्यालय भनिन्छ भनी हरित विद्यालयको परिचय दिने ।<br>• हरित घर तथा विद्यालयको अवधारणालाई जोडेर हरियाली प्रवर्द्धनको परिचय दिने ।<br>• कक्षाकोठामा विद्यार्थीहरुलाई अभिन लगाउने र व्यक्तिगत सरसफाइ गरे नगरेको अवलोकन गर्ने ।<br>• विद्यार्थीहरु मध्ये व्यक्तिगत सरसफाइ राम्रो गरेका विद्यार्थीहरुलाई कक्षाकोठाको अगाडि बोलाइ उनले व्यक्तिगत सरसफाइ गर्दा अवलम्बन गरेका तरिकाहरु सुनाउन लगाउने ।<br>• व्यक्तिगत सरसफाइ अन्तर्गत गरिने कार्यहरुको बारेमा जानकारी गराउने । जस्तैः नुहाँउने, कपाल कोर्ने, कपडा सफा गर्ने आदि ।<br>• घरायसी उपयोग भइसकेको पानीको व्यवस्थापन सोकपिट, करेसाबारीमा उपयोग, घरायसी ठोस फोहोरको व्यवस्थापन ।<br>• स्वस्थताका लागि घर, आँगन, विद्यालय, वरिपरिको वातावरण सफा राख्नुपर्ने कारण भन्ने र छलफल गर्ने । | • हरियाली र नाङ्गा डाँडापाँखा भएको पोस्टरहरु<br>• सफा र फोहोरयुक्त चित्रहरु भएको पोस्टर<br>• वृक्षारोपण गर्दैगरेको चित्रहरु, पोस्टरहरु<br>• बिरुवाहरुमा पानी हाल्दै गरेको चित्रात्मक पोस्टर ।<br>• दिगो विकासका लक्ष्यहरुको पोस्टर ।<br>• हरित घर र विद्यालय झल्किने तस्वीर वा पोस्टर ।<br>• पानीका स्रोतहरुको तस्वीहरु, पोस्टरहरु ।<br>• पानीका स्रोतहरुको बारेमा भिडियो क्लिप | • हरित घर तथा विद्यालयको परिचय, आवश्यकता भन्न लगाएर ।<br>• हरित घर तथा विद्यालय अन्तर्गत पर्ने पक्ष भन्न लगाएर ।<br>• हरियाली प्रवर्द्धनको परिचय, यसको महत्व र तरिका भन्न लगाएर ।<br>• घरमा भएका विरुवाको नाम भन्न लगाएर ।<br>• विद्यालयको बगैचा तथा विद्यालय वरपर भएका बिरुवाको नाम पहिचान गर्न लगाएर ।<br>• आफ्नो घर वरपर भएका बिरुवाको नाम भन्न लगाएर ।<br>• वृक्षारोपणको अनुभव भन्न लगएर ।<br>• विद्यालयमा बिरुवाको संरक्षण तथा हेरचाहमा सहभागी भए नभएको अवलोकन गरेर ।<br>• घर तथा विद्यालय वरपरको वातावरण सफा राख्ने कार्यमा सहभागी भए नभएको अवलोकन गरेर ।<br>• फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर भन्न लगाएर ।<br>• स्थानीय स्तरमा वातावरणीय प्रदुषणको अवस्था भन्न लगाएर । | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | • विद्यालयको कक्षाकोठा बाहिर खेलमैदान, शौचालय, धारा वरपरको सरसफाइमा सहभागी गराउने र सरसफाइ पश्चात साबुन पानीले हात धुने कार्य गर्ने गराउने ।<br>• घर, कक्षाकोठा बाहिर हुने फोहोरमैलाको चित्रद्वारा पहिचान गराउने ।<br>• कक्षाकोठा भित्र तथा कक्षाकोठा बाहिरका फोहोरमैलाको अवलोकन गराई फोहोरमैलाको पहिचान गर्न लगाउने ।<br>• घर, विद्यालय, अस्पताल, कारखानाबाट निस्कने फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर जस्तैः स्वास्थ्य, वातावरण, कृषि आदि सम्बन्धमा श्रव्यदृश्य सामग्री अवलोकन चित्र आदिको माध्यमबाट छलफल गराउने ।<br>•घर, परिवार, विद्यालय, अस्पताल, कारखाना, विकास निर्माण, प्रकोप आदिबाट हुने फोहोरलाई वर्गीकरण गर्न लगाउने र ती फोहोरलाई सामान्यतया ठोस (कुहिने र नकुहिने) तरल र ग्याँस वा हावा गरी तीन समुहमा वर्गीकरण गर्न सकिने कुरा भन्ने । ।<br>•जल, वायु, ध्वनि, जमिनको प्रदुषणलाई न्यूनीकरण गर्ने उपायहरुमा छलफल गराउने जस्तैः फोहोरमैलाको उचित विसर्जन, व्यवस्थापन, कानुनी प्रावधान, सचेतना आदि ।<br>•स्थानीय स्तरमा देखापरेका प्रदुषण जस्तैः जल, जमिन, ध्वनी, हावा आदिको बारेमा छलफल गराउने ।<br>•विभिन्न माध्यमबाट उत्पन्न हुने फोहोरलाई उचित तरिकाले विसर्जन गर्न मल बनाउने प्रशोधन गर्ने कार्य गर्नुपर्ने कुरा भन्न र व्यवस्थापनमा सहभागी गराउने ।<br>•दिगो विकास र हरित विद्यालयको अवधारणाको पुनरावलोकन गराउने र विद्यार्थीहरुको अनुभवलाई समेटी दिगो विकासको अवधारणा प्रस्ट पार्ने ।<br>•दिगो विकासका लक्ष्यहरुको जानकारी गराउने र गाउँपालिका स्तरबाट दिगो विकासको लक्ष्य पुरा गर्न सकिने लक्ष्यहरु पहिचान गराउने ।<br>•दिगो विकास लक्ष्य र वातावरण संरक्षण बिचको अन्तरसम्न्धमा छलफल गराउने ।<br>•वातावरण संरक्षण गर्ने तरिकाहरु श्रव्यदृश्य सामग्रीको माध्यमबाट प्रदर्शन गर्ने र वातावरण संरक्षणमा सहभागी गराउने ।<br>•दिगो विकास र वातावरण संरक्षणका लागि विद्यार्थी, विद्यालय र समुदायले निर्वाह गर्ने भूमिकामा छलफल अन्तरक्रिया गराउने ।<br>• वर्तमान अवस्थामा उपयोग गरिने ऊर्जाको मितव्यीय उपयोग गर्न वातावरणमैत्री व्यवहार गर्ने वातावरण संरक्षण गर्ने, पानीको सही र उचित तरिकाले प्रयोग गर्ने जैविक विविधता ह्रास हुन नदिने पर्यावरण सन्तुलनमा राख्ने घर तथा विद्यालय र वरपरको वातावरण हरित बनाउने वातावरण प्रदुषण हुन नदिने जस्ता कार्यहरुलाई जोडेर दिगो विकास र हरित | | • दिगो विकासको परिचय दिन लगाएर ।<br>• दिगो विकासका लक्ष्य सोधेर ।<br>• गाउँपालिकास्तरबाट दिगो विकासको लक्ष्यहरु भन्न लगाएर ।<br>• वातावरण संरक्षण र दिगो विकासको अन्तरसम्बन्ध भन्न लगाएर ।<br>• जल प्रदुषणको परिचय सोधेर<br>• जलप्रदुषण हुने कारणहरु भन्न लगाएर ।<br>• जल प्रदुषणबाट देखिएका असरहरु भन्न लगाएर ।<br>• विद्यालयबाट निस्केका फोहोरमैला व्यवस्थापन गरे नगरेको अवलोकन गरेर ।<br>• घर तथा विद्यालयमा उपयोग भैसकेको पानीको व्यवस्थापन गर्ने तरिका भन्न लगाएर ।<br>• सोकपिटको परिचय, बनाउने तरिका र महत्व बारे भन्न लगाउने ।<br>• घरायसी ठोस फोहोरको व्यवस्थापनका उपायहरु सोधेर । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | विद्यालय बिच भएको अन्तरसम्बन्धलाई प्रस्ट पार्ने । | | | |
| १३ | सामाजिक रुपान्तरण, लोकतन्त्र र सङ्घीयता | • मुड्केचुला गाउँपालिका विभिन्न शाखाहरुको नाम र २/२ वटा काम बताउन । | • मुड्केचुला गाउँपालिकाको परिचय र प्रशासनिक कार्य विभाजन । <br> • जननिर्वाचित पदाधिकारीहरुको विवरण । | • मुड्केचुला गा. पा.को चिनारी दिने पुस्तक वा वेवसाइटबाट विभिन्न शाखा र तिनको प्रमुख कामहरु लेखिएको मेटा कार्डहरुलाई जोडा मिलाएर राख्ने र सोको बारेमा छलफल गराउने । <br> • गाउँपालिकाको शैक्षिक गतिविधि बुझ्न कुन शाखामा जानुपर्छ, सामाजिक न्याय सम्बन्धी बुझ्न कुन शाखामा जानु पर्छ जस्ता प्रश्न बनाई छलफल गराउने र सोको सही उत्तर नआएमा आफुले भनिदिने । <br> • पालिकाको पदाधिकारीहरुको नामवली देखाई उनीहरुको वरियताक्रम मिलाएर देखाई पढ्न र लेख्न लगाउँने । <br> •गाउँपालिकाको सबैभन्दा मुख्य व्यक्ति को हो र सो व्यक्तिको कुनै ४ प्रमुख कामहरु बताउन लगाउँने । | • मुड्केचुला गा.पा. को परिचयात्मक पुस्तक, प्रशासनिक चार्ट । <br> • पालिकाको वेवसाइट । | • मुड्केचुला गाउँपालिकाको शैक्षिक गतिविधि बारे बुझ्न कुन शाखामा जानुपर्छ भनी सोध्ने ।सामाजिक न्याय सम्बन्धी बुझ्न कुन शाखामा जानुपर्छ भनी सोध्ने । <br> • पालिकाको जनप्रतिनिधिहरुको सूची लेख्न लगाउँने । <br> • पालिकाको प्रमुख व्यक्तिको नाम के हो ? | ५ |

## कक्षा–८

| क्र. सं. | विषय क्षेत्र/थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य शिक्षण सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया वा विधि | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| १ | हाम्रो गाउँपालिकाको परिचय | • गाउँपालिकाको भौगोलिक, सामाजिक, सांस्कृतिक, आर्थिक, स्थानीय प्राकृतिक साधनस्रोत आदि विषयबस्तुको बारेमा जानकारी दिन । <br> • गाउँपालिकाका मुख्य नाका र सिमानाहरु र सङ्केत सहित,को कर्णाली प्रदेशको नक्शा र महत्वपूर्ण ठाँउहरु । <br> • गाउँपालिका अध्यक्ष र उपाध्यक्षका कार्यहरु <br> • कार्यपालिका न्यायपालिका र व्यवस्थापिकाका कार्यहरु बारे बताउन । <br> • विषयगत समितिका सामान्य कार्यहरु । | • गाउँपालिकाको भौगोलिक अवस्था, सामाजिक, सांस्कृतिक, आर्थिक, स्थानीय प्राकृतिक स्रोतसाधनहरु बारेमा छलफल <br> • गाउँपालिकाको सिमाना र मुख्य नाकाहरु <br> • गाउँपालिका अध्यक्ष र उपाध्यक्षका कार्यहरु <br> • कार्यपालिका, न्यापालिका र व्यवस्थापिकाका कार्यहरु । <br> • विषयगत समितिका कार्यहरु । <br> • विकासका पूर्वाधारहरु | • नेपालको नक्शा देखाउदै कर्णाली प्रदेशको नक्शा छुट्याउन लगाउने । <br> • कर्णाली प्रदेशमा गाउँपालिकाको नक्शा देखाउँदै यसको अक्षांश र देशान्तर छुट्याउने अभ्यास गराउने । <br> • विद्यार्थीहरुलाई हाम्रा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षको नाम थाहा छ भनी सोध्ने र उनीहरुले के के गर्छन् भनी छलफलमा सहभागी गराउने । <br> • विद्यार्थीहरुलाई समुहमा विभाजन गरी गाउँपालिका अध्यक्ष र उपाध्यक्षका कार्यहरुको सूची बनाई कक्षामा प्रस्तुत <br> • विद्यार्थीहरुलाई समुहमा विभाजन गरी गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षका कार्यहरुका सूची बनाई बक्षामा प्रस्तुत गरन लगाउने । <br> • विषयगत समिति अन्तर्गत आर्थिक विकास समिति, पूर्वाधार विकास समिति, सामाजिक विकास समिति र सुशासन तथा संस्थागत विकास समिति, वन वातावरण र विपत् व्यवस्थापन समिति, कार्यपालिकाबाट गठन हुन्छन् भनी स्पष्ट पारिदिने । यी समितिहरुको कार्यहरुका बारेमा टिपोट गरी कक्षामा प्रस्तुत गर्न लगाउने । <br> • आफ्नो टोल, छिमेक तथा वडामा सडकको अवस्था र यातायातका कुन कुन साधनको पहुँच छ भनी छलफल प्रश्नोत्तर गरी पालैपालो भन्न लगाउने । <br> • सञ्चारका साधनहरुका बारेमा छलफल गर्न लगाई गाउँपालिका भित्र प्रयोगमा रहेका | • सिमाना तथा वडा छुट्टिएको पालिकाको नक्सा । <br> • गाउँपालिकाको बारेमा लेखिएका वा छापिएका पुस्तक, वार्षिक नीति कार्यक्रम र बजेट, आवधिक योजना एवं जानकारी पुस्तिका <br> • पालिकाको विभिन्न स्थानको भिडियो क्लिप, मोवाइल फोटो <br> • हातले बनाएको वडा छुट्टिने गा. पा.को नक्सा <br> • घर गाउँको सङ्केत जनाउने रङ्गीन कागजको टुक्राहरु | • गाउँपालिकाको नक्शामा अक्षांश र देशान्तर छुट्याउन लगाउने । <br> • गाउँपालिकाको महत्वपूर्ण कुनै ५ वटा पर्यटकीय स्थलहरु तयार पार्न लगाई सो सूची अवलोकन गरेर । <br> • गाउँपालिका अध्यक्ष र उपाध्यक्षको चिनारी र कार्यहरु भन्न लगाएर । <br> • विषयगत समितिका कार्यहरु तयार पारेर, तालिका अवलोकन गरेर । <br> • पालिकासँग जोडिएका महत्वपूर्ण सडक मार्ग कुनकुन हुन सोधी भन्न लगाएर । <br> • पालिकाको विद्युत वितरण र सञ्चारको अवस्था कस्तो छ भनी भन्न लगाएर । | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • विकासका पूर्वाधारहरु जस्तैः यातायातको पहुँचको अवस्था, सञ्चारको साधनको परिचय र अवस्था बताउन।<br>• समाजमा देखापरेका परेका सामाजिक समस्या र चुनौतीहरु बारे बताउन। | जस्तैः सडक यातायात, गाउँपालिकामा उपलब्ध सञ्चारका साधनहरुको परिचय र अवस्था।<br>• इन्टरनेट वितरण र पहुँचमा नेपाल सरकार, नेपाल टेलिकम र अन्य संस्थाको भूमिका।<br>• स्थानीय विकासका देखा परेका सामाजिक समस्या र चुनौतीहरु जस्तैः बौद्धिक पलायन, कारण समस्या र न्यूनीकरणका उपायहरु, बालविवाह, बुहविवाह, दाइजो प्रथा, यसले समाजमा पारेका असर र न्यूनीकरणका उपायहरु, महिला हिंसाका कारणहरु र यसका न्यूनीकरणका उपायहरु, भ्रष्टाचारका कारण, यसले समाजमा पार्ने नकारात्मक असर र न्यूनीकरणमा विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसंस्थाको भूमिका। | सञ्चारका साधनको सूची बनाउन लगाउने।<br>• आफ्नो टोल, छिमेकमा इन्टरनेटको पहुँच के कस्तो छ भनी छलफल गर्न लगाई विद्यार्थीलाई भन्न लगाउने।<br>• नेपला सरकार, नेपाल टेलिकम र अन्य निजी संस्थाले इन्टरनेट विस्तारमा के कस्तो भूमिका निर्वाह गरेका छन् भनी पालैपालो छलफल, प्रश्नोत्तर पालैपालो कुन कुन क्षेत्रबाट सेवा उपलब्ध गराउन के कस्तो भूमिका रहेको छ भन्न लगाउने।<br>• नेपाल सरकारले विद्यालयहरुलाई इन्टरनेट सेवाका लागि कम्प्युटर ल्याब स्थापनाका लागि अनुदान दिने गरेको जानकारी दिने।<br>• गाउँको वा पालिकाको परिचय दिदा भौगोलिक अवस्था, सांस्कृतिक, सामाजिक, आर्थिक, स्थानीय प्राकृतिक विषयलाई समेटेर लेख्न सिकाउने र आवश्यक पृष्ठपोण समेत दिने।<br>• गाउँपालिका सम्बन्धी विभिन्न स्रोत सामग्रीहरु जस्तैः गाउँपालिका पार्श्वचित्र, जानकारी पुस्तिका, गाउँ परिचय सन्दर्भ सामग्री उपलब्ध गराउने, आवश्यक निर्देशन वा खाका दिने र कक्षाको विद्यार्थीहरुलाई विभिन्न समुहमा बाडेर गाउँपालिकाको छोटो परिचय तयार पार्न लगाउँने र समुहगत प्रस्तुती गर्न लगाउँने।<br>• पालिकाको विभिन्न ठाउँको भिडियो क्लिप्स, डकुमेन्ट्री, फोटो आदि देखाई छलफल गर्ने र गराउँने।<br>• आफ्नो गाउँ, टोल र विद्यालयको बारेमा सचित्र प्रस्तुत गर्न लगाउँने।<br>• बौद्धिक पलायनको अर्थ स्पष्ट पार्दै आ-आफ्नो समुदायबाट स्वदेशका अन्य ठाउँ वा विदेशमा बसाइ सरी कोही गएका छन् कि छैनन् भनी छलफल गर्न लगाउने र त्यसरी गएका उच्च शिक्षा वा ज्ञान भएका व्यक्तिको सूची बनाउन लगाउने।<br>• बौद्धिक पलायनका कारण र त्यसबाट सिर्जना हुने समस्या के के हुन सक्छन् भनी छलफल गरी कारण लेखी प्रस्तुत गर्न लगाउने।<br>• बौद्धिक पलायनको क्रमलाई रोक्न के गर्न सकिन्छ भनी परियोजना कार्य अन्तर्गत घर वा छिमेकका पाका मानिसहरुसँग सोधपुछ गरी कक्षामा प्रस्तुत गर्न लगाउने।<br>• दाइजो प्रथा के कारणले हुने गरेको छ र यसले समाजमा कस्तो असर पारेको छ भनी छलफल गराई समुहगत रुपमा कारण तथा असर प्रस्तुत गर्न लगाउने।<br>• दाइजो प्रथा न्यूनीकरणका लागि केके गर्न सकिन्छ भनी विद्यार्थीहरुलाई सोचेर लेख भनी कक्षा कार्य दिई उनीहरुको विचारलाई क्रमशः टिपी प्रस्तुत गरिदिने र आफूले तयार पारी ल्याएको उपायको सूची टाँस गरी सार्न लगाउने।<br>• समाजमा भ्रष्टाचार हुनुका कारण के हुन सक्छन् भनी विद्यार्थीलाई भन्न लगाउने र शिक्षकले आवश्यक भए कारण थप गरी समग्र बुँदा प्रस्तुत गरी टिपोट गर्न लगाउने। | • गाउँपालिकाको क्यालेण्डर<br>• पालिका र वडा कार्यालयको नक्शा र सेवा प्रवाह सम्बन्धी पोस्टर<br>• गाउँपालिकाको स्रोत नक्शा।<br>• विभिन्न खालका विभेदहरु हटाउनका लागि सडक नाटक रेडियो जिङ्गल आदि।<br>• दुर्व्यसनीले असर गरेका विभिन्न चित्रहरु। | • तपाईँको वडामा सडकको पहुँच छ छैन र छ भने के कस्ता यातायातका साधन सञ्चालन हुन्छन् भनी उत्तर दिन लगाएर।<br>• गाउँपालिका भित्र कुनकुन सञ्चारका साधन प्रचलनमा छन् भनी भन्न लगाएर।<br>• कुनकुन संस्थाले इन्टरनेट सेवा उपलब्ध गराएको छ भनी सूची बनाउन लगाएर।<br>• नेपाल सरकारले इन्टरनेट सेवा विस्तारमा के कस्तो सहयोग गरेको छ भनी भन्न लगाएर।<br>• बौद्धिक पलायन भनेको के हो भनी सोधेर।<br>• बौद्धिक पलायनका कारण सोधेर।<br>• बौद्धिक पलायन कसरी रोक्न सकिन्छ भनी सोधेर।<br>• दाइजो प्रथा के हो भनी सोधेर<br>• दाइजो प्रथाले सिर्जना गरेका समस्या र यसको न्यूनीकरणका कारण भन्न लगाएर।<br>• भ्रष्टाचार किन हुने गर्छ भनी सोधेर।<br>• भ्रष्टाचारले उब्जाएका समस्या र यसका न्यूनीकरणका उपाय भन्न लगाएर।<br>• भ्रष्टाचार न्यूनीकरणका लागि क्रियाशील निकायको सूची बनाउन लगाएर। | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | • भ्रष्टाचारले समाजमा पारेको असर बारे छलफल गर्न लगाई समाचार पत्रपत्रिकामा सुने पढेका आधारमा यसले समाजमा पारेका असरबारे भन्न लगाउने ।<br>• भ्रष्टाचार न्यूनीकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, जिल्ला प्रशासन कार्यालय, सुशासनका लागि गठित सङ्घसंस्था लागि परेको र नागरिक समाज, विद्यार्थी सर्वसाधारणले हरेक क्षेत्रका बेथितिलाई नियन्त्रण गर्न लाग्ने हो भने भ्रष्टाचार न्यूनीकरण गर्न सकिन्छ भनी बताई दिने ।<br>• भ्रष्टाचार गर्नेलाई कडाभन्दा कडा कानुनी कार्वाही गरेर न्यूनीकरण गर्न सहज हुन्छ भनी छलफलमा सहभागी गराउने ।<br>• आफ्नो घर र गाउँ नजिक विकासका पूर्वाधारहरुको नाम भन्न लगाई छलफल गर्ने ।<br>• शिक्षकले उपयुक्त किसिमका भिडियो वा अडियो सामग्री प्रस्तुत गरी लैङ्गिक असमानताका कारण वा समुदायमा छोराछोरी बिच विभेव छ कि भनी सोधेर भन्न लगाउने ।<br>• यस्ता विभेद हटाउन सम्बन्धित परिवारमा परामर्श गरेर सचेतना कार्यक्रम र्याली, सडक नाटक, सञ्चार माध्यमबाट प्रचार प्रसार गरेर न्यून गर्न सकिन्छ भनी शिक्षकले तयार पारी ल्याएको सूची टाँस गरी टिपोट गर्न लगाउने ।<br>• समुहगत रुपमा उल्लेखित समस्याहरुको समाधानका लागि गैर सरकारी सङ्घ संस्थाको भूमिका बुँदागत रुपमा भन्न लगाउने ।<br>• उल्लेखित समस्याहरुको समाधानका उपायहरु समेटिएको भिडियो नाटक प्रदर्शन गराउने । | | | |
| २ | स्वास्थ्य र सरसफाइ | • आफ्नो व्यक्तिगत शारीरिक सरसफाइ गर्न र घर परिवारको सरसफाइमा सहयोग गर्न ।<br>• घर तथा विद्यालय, बाटो र सार्वजनिक स्थलको सरसफाइमा भाग लिन ।<br>• स्वास्थ्य समस्याको रोकथाम सम्बन्धी बानी व्यवहार प्रस्तुत गर्न । | • व्यक्तिगत सरसफाइ<br>• आफ्नो सामानको उचित व्यवस्थापन गर्ने बानी ।<br>• घर, विद्यालय बाटो र सार्वजनिक स्थलको सरसफाइ तथा यसमा विद्यार्थीको सम्लग्नता ।<br>• स्वास्थ्य समस्याको रोकथाम सम्बन्धी बानी व्यवहार प्रस्तुत गर्न । | • आफ्नो सम्पूर्ण व्यक्तिगत शारीरक सरसफाइ नियमित रुपमा आफैले गर्ने गरेको छ कि छैन भनी प्रश्नोत्तर गर्ने ।<br>• आफ्नो व्यक्तिगत बाहेक घर, कक्षाकोठा र विद्यालय परिसर वरिपरिको बाटो नियमित रुपमा सरसफाइ गर्न कार्य तालिका बनाई सोही अनुसार गर्ने गराउने, घर, विद्यालय, मन्दिर जस्ता सार्वजनिक स्थलमा फोहोर राख्ने टोकरी वा निश्चित ठाँउ बनाई त्यसको उचित प्रयोग गर्न लगाउँने ।<br>• विद्यार्थीलाई आफ्नो कपडा, झोला, जुत्ता, आफैले खाएको जुठो भाडाँकुडा कसले धुने गरेको छ, आफ्नो कोठा कसले मिलाउने सफा गर्ने गरेको छ भनी सोध्ने र आफैले अनिवार्य गर्न लगाउने ।<br>• सफा र मैलो कपडा, सफा र मैलो झोला र अन्य सफा र मैलो वा फोहोर सामानहरु देखाएर कुन सफा र कुन मैलो वा फोहोर हो भनि छुट्टाउन लगाउँने ।<br>• सफा र फोहोर वा मैला चित्र सिकाउने र कसरी फोहोर भएको होला, अब के गर्यो भने फोहोर हुँदैन? कसरी, कसले सफा गर्ने होला भनी प्रश्नोत्तर गरेर सफा र फोहोरको अर्थ बुझाउने र सधै | • व्यक्तिगत सरसफाइ सम्बन्धी पोस्टर, चित्र, भिडियो ।<br>• साबुन पानीले हात धोएको चित्र वा पोष्टर<br>• स्थानीय सामानले बनेको जुत्ता, चप्पल राख्ने र्याक ।<br>• विद्यालय परिसरमा फोहोर राख्ने टोकरी वा डोको वा तोकिएको निश्चित एवं व्यवस्थित ठाउँ । | • आफ्नो सरसफाइ पोशाक र अन्य कपडा विद्यार्थी आफैले सधै धुने गरेर नगरेको बारेमा अभिभावकसँग सोध्ने ।<br>• विद्यालयमा विद्यार्थीको व्यक्तिगत र बाहिरी सरसफाइ सम्बन्धी क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने ।<br>• घरको, भान्साको सरसफाइको बारेमा प्रतिक्रिया बुझ्ने ।<br>• विद्यालयमा हुँदा विद्यार्थीले खाने खाजा वा खानेकुरा सफा गर्ने आनीबानीको आधारमा मूल्याङ्कन गर्ने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सफा रहने बारे बताउने । चित्र वा तस्वीर देखाएर पनि छलफल गर्न सकिन्छ । साबुन पानीले हात, खुट्टा र मुख धोएर प्रदर्शन गर्न लगाउँने ।<br>● आफ्नो व्यक्तिगत, घरपरिवार र विद्यालयको सरसफाइको अवस्थाको बारेमा सचित्र प्रस्तुतीकरण गर्न लगाउँने ।<br>● कम्तिमा विद्यालयको, कार्यालय कोठा बाहिर स्थानीय सामानले बनेको जुत्ताचप्पल राख्ने व्यवस्था गर्न लगाउँने र तल्लो कक्षाका भाइबहिनीलाई पनि सिकाउन लगाउँने ।<br>● आफ्नो घर र वरिपरि सफासुग्घर गर्ने बानी लगाउँने र हरेक हप्ताको पहिलो दिन सबै विद्यार्थीले आफूले व्यक्तिगत घरपरिवार र समुदायमा के कस्तो सरसाइ गरेको हो बनाउन लगाउँने ।<br>● सफा र फोहोर कुराहरु कपडा आदि कक्षा भित्र र बाहिर भएको कुराहरु अवलोकन गराएर चिनाउने ।<br>● सरसफाइ सम्बन्धी चित्र देखाएर कुन राम्रो कुन नराम्रो किन र के भृ राम्रो हुन्छ भनी प्रश्नत्तोर गर्ने ।<br>● हरेक विद्यार्थीहरुले आफूले गर्ने गरेका व्यक्तिगत सरसफाइको बारेमा कक्षामा मौखिक रुपमा प्रस्तीकरण गर्न लगाउँने ।<br>● सरसफाइ सम्बन्धी विद्यार्थीहरुका लागि विद्यालयले बनाएको नियम बारेमा जानकारी गराई ती नियम अनिवार्य रुपमा पालना गर्न लगाउँने र यसबारे अभिभावकलाई जानकारी गराउने र घरमा बालबालिकाले यी नियम पालना गरे गाउँको बारेमा बेलाबेलामा सोधबुझ गर्ने ।<br>● फोहोर व्यवस्थापन सम्बन्धी जानकारी गराई पुःप्रयोग गर्न सकिने फोहोर, कुहिने फोहोर नकुहिने फोहोर जस्ता समुहमा छुट्याई सोही अनुसार व्यवस्थापन गर्न सिकाउने ।<br>● विद्यार्थीहरुलाई आफ्नो घरमा र विद्यालयमा तल्लो कक्षाको भाइबहिनीहरुलाई यसरी नै फोहोर छुट्याएर व्यवस्थापन गर्न सिकाउने, अभ्यास कार्य गर्न लगाउँने ।<br>● हप्तामा कम्तिमा एक पटक नुहाउन र कपडा धोएर लगाउँनु पर्ने लगायतको सफाइ सम्बन्धी नियम बनाई सबै बालबालिका र अभिभावकलाई जानकारी गराउने र बारम्बार सम्झाउने ।<br>● सफा खानेकुरा र फोहोर खानेकुरा त्यसको असर सम्बन्धी चित्र वा पोस्टर देखाएर सफा र ताजा खानेकुरा खाँदा र फोहोर खाँदा के हुन्छ भनेर छलफल गराउने र सफा र ताजा खानेकुरा मात्र खान प्रोत्साहित गर्ने ।<br>● सम्भावित जनस्वास्थ्य समस्याप्रति सजगता र पूर्वसावधानी, खानेकुराहरु ताजा, सफा र सुरक्षित कसरी बनाउन सकिन्छ भनेर कक्षामा छलफल गराउने र व्यवहारमा उचित तरिका अवलम्वन गर्न र परिवारको सदस्यलाई पनि सिकाउन प्रोत्साहित गर्ने ।<br>● प्रजनन् उमेरमा आफैले गर्न सकिने सरसफाइ, छात्राहरुको महिनावारी स्वच्छता सम्बन्धी | ● सफा र मैलो कपडा व्याग र अन्य सामानहरु ।<br>● सरसफाइ सम्बन्धी विद्यालयले बनाएको नियम ।<br>● घर, कक्षाकोठा र विद्यालय परिसर वरिपरिको बाटो नियमित सरसफाइ गर्ने कार्यतालिका<br>● कपडा धोएको चित्र ।<br>● सफा र फोहोर खानेकुरा र त्यसको असर सम्बन्धी चित्र वा पोस्टर ।<br>● खानेकुरा छोपेर राखेको र नछोपी राख्दा फोहोर झिँगा परेको वास्तविक भान्सा वा पोस्टर वा श्रव्य दृश्य सामग्री ।<br>● भान्सामा सरसफाइ सम्बन्धी कार्ययोजनाको खाका ।<br>● विद्यार्थीले आफ्नो घरमा लागु गरे नगरेको बुझी मूल्याङ्कन गर्ने ।<br>● विद्यालयमा विद्यार्थीको सरसफाइ र स्वच्छता सम्बन्धी आनीबानीको आधारमा मूल्याङ्कन | ● कक्षाकोठा विद्यालय परिसर नजिक सार्वजनिक स्थलको सरसफाइ कार्यतालिका अनुसार गर्ने गरे नगरे गाउँको निरीक्षण गरी मूल्याङ्कन गर्ने ।<br>● सरसफाइ सम्बन्धी नियमको पालना गरेको विद्यार्थीको क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने ।<br>● सफा खानेकुरा मात्र खाने बानी भयो कि भएन्, भान्सामा खानेकुरा छोप्छ कि छोप्दैन, फलफूल र अन्य खानेकुरा पानीले पखालेर वा सफा कपडाले पुछेर खान्छ कि खाँदैन भनेर निरीक्षण गर्ने र अभिभावकसँग सोध्ने ।<br>● विद्यालयमा विद्यार्थीको सरसफाइ र स्वच्छता सम्बन्धी आनीबानीको आधारमा मूल्याङ्कन गर्ने ।<br>● छात्राहरुको महिनावारीको समयमा प्रयोग गरिने आराम कक्ष, घरेलु महिनावारी प्याड बनाउने र विद्यालयको सरसफाइमा भएको सहभागिता ।<br>● जनस्वास्थ्य सम्बन्धी परिवार र समुदायमा सचेतना फैलाउने कार्यमा भएको सहभागिता र खेलेको भूमिकाको आधारमा मूल्याङ्कन गर्ने । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | अभ्यास, समस्या बारेमा छलफल गरी राम्रो अभ्यासलाई कायम राख्न र समस्या भए समाधानको उपायको लागि निष्कर्ष निकाली विद्यालयमा गर्न सकिने उचित व्यवस्था गर्ने गराउने जस्तैः आराम कक्ष, महिनावारी प्याड बनाउने ।<br>● झाडापखाला, हैजा, महामारी जस्ता फोहोर पानी, सरसफाइको अभाव र परम्परागत अन्धविश्वासको कारण, गलत अभ्यासको कारण समुदायमा आइपर्न सक्ने रोगबाट बच्न के कस्ता रोकथामका उपायहरु गर्न सकिन्छ, त्यस्ता सावधानी गर्ने गरेको छ कि छैन भनी छलफल गर्ने । सम्वत् २०६५ सालमा कर्णाली प्रदेशको जाजारकोटमा झाडापखालाले महामारीको रुप लिई दर्जनौको मर्त्यु भएको घटनालाई सम्झाउने, यसको कारण र असर समेत बताइदिने ।<br>● यस्ता सम्भावित समस्याप्रति सधै सजग रहन र रोकथानको उपाय अपनाउन के गर्न सकिन्छ भनी विद्यार्थीहरुलाई छलफल गरी सूची बनाएर प्रस्तुतीकरण गर्न लगाउँने ।<br>● फलफूल किन धोएर खानुपर्छ भनी बुझाउन एउटा फलफूलको दाना ल्याएर त्यसमा धुलो फोहोर लागेको देखाउने । त्यस्तो खाएमा पेट दुख्ने विरामी हुने बारे बताउने । त्यो फललाई धुने तरिका सिकाउने र धोएको फल पुनः विद्यार्थीलाई देखाउने ।<br>● विद्यार्थी आफैले लागु गर्न सक्ने भान्साको सरसफाइ सम्बन्धी कार्ययोजना बनाउन, उपयुक्त ढाँचा र आवश्यक फलोअप र प्रश्नोत्तर गरी कार्ययोजना लागु भए नभएको अनुगमन गर्ने ।<br>● भान्साको सरसफाइको बारेमा छलफल गराउने र आवश्यक सुधार गर्नुपर्छ भनी छलफल गर्ने ।<br>● सफा र फोहोर खानेकुराको चित्र वा पोस्टर देखाएर प्रश्नोत्तर गर्ने र सही र गलत बताउने ।<br>● आफ्नो व्यक्तिगत र घरपरिवारमा साप्ताहिक रुपमा गर्ने गरेको सरसफाइ बारेमा सबैलाई प्रस्तुत गर्न लगाउने । | गर्ने ।<br>● छात्राको महिनावारीको समयमा प्रयोग गरिने आराम कक्ष, घरेलु महिनावारी प्याड बनाउने र विद्यालयको सरसफाइमा भएको सहभागिता ।<br>● जनस्वास्थ्य सम्बन्धी परिवार र समुदायमा सचेतना फैलाउने कार्यमा भएको सहभागिता र खेलेको भूमिकाको आधारमा मूल्याङ्कन गर्ने । | | |
| ३ | मातृभाषा, संस्कृति र चाडपर्व | ● गाउँपालिकामा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरुको मातृभाषा, मौलिक संस्कृति र सामाजिक संस्कारहरुको सूची बनाई कुनै ३ वटाको बारेमा विस्तृत रुपमा बनाउन ।<br>● गाउँपालिका भित्रका जाति, जनजाति विशेषका सामाजिक संस्कार र संस्कृति मध्ये कुनै ५ को मनाउने तरिका बताउन र | ● गाउँपालिकाको आफू बसोबास गर्ने ठाउँमा विभिन्न जाति, जनजातिहरुको सूची ।<br>● स्थानीय समुदायमा प्रचलित विभिन्न संस्कृति, सामाजिक संस्कार, चाडपर्व, मेलाको सूची<br>● मातृभाषाको गीत तथा | ● विद्यार्थीहरुलाई समुह समुहमा विभाजन गरी गाउँपालिकाको आफू बसोबास गर्ने ठाउँमा बसोबास गर्ने विभिन्न जाति जनजातिहरुको सूची तयार गरी तिनीहरुको मातृभाषा साझा र सम्बन्धित समुदाय विशेषको मौलिक संस्कृति, सामाजिक संस्कार र मेलापर्वको सूची बनाउनलाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउने । विद्यार्थीले तयार पारेको सूचीलाई पूर्णता दिने ।<br>● आफ्नो मौलिक वेशभूषा वा पहिरन लगाएको सामानहरु पुस्तकालयमा राख्ने । ती सामानहरु कक्षाकोठामा ल्याएर प्रदर्शन गरी विद्यार्थीलाई आ-आफ्नो जाति समुदाय के हो भन्न लगाउँने ।<br>● आ-आफ्नो परिवार वा समुदायले गर्दै आएको सामाजिक संस्कार र विभिन्न संस्कृतिहरु र तिनको महत्व बारे अभिभावकसँग सोधेर लेखेर ल्याउन लगाई कक्षामा प्रस्तुतीकरण गर्न लगाउँने । ती मध्ये दुईवटाको बारेमा विस्तृत रुपमा व्याख्या गरेर देखेर ल्याउन लगाई कक्षामा | ● स्थानीय जाति, समुदायको सामाजिक संस्कार, सांस्कृतिक क्रियाकलापहरु, चाडपर्व सम्बन्धी जानकारी भएको सन्दर्भ सामग्रीहरु, गाउँ पार्श्वचित्र, सेतोपाटी, मार्कर, भिडियो रेकर्डिङ<br>● स्थानीय जाति, समुदाय | ● आफ्नो परिवार वा समुदायले गर्ने सामाजिक संस्कार, सांस्कृतिक क्रियाकलाप, समुदाय विशेषको मौलिक चाडपर्वको सूची तयार गर्न लगाउँने ।<br>● स्थानीय मौलिक जाति, समुदाय अनुसारको वेशभूषा र गरगहनाको नाम र सम्बन्धित जातिहरुको सूची बनाई जोडा मिलाउन दिने । मातृभाषामा गीत गाउन, नृत्य | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सो चाडपर्व पर्ने महिना, तिथि बताउन ।<br>● गाउँपालिकामा मनाउने साझा चाडपर्वहरुको सूची बनाई कुनै ५ मनाउने तरिका र महत्व बताउन । | नृत्य, लघुकथा, उनीहरुको भाषा, संस्कृतिको महत्व ।<br>● मौलिक पहिचान, पहिरन, स्थानीय सामाजिक संस्कारहरु मध्ये केही शुभकर्म जस्तैः न्वारन, पास्नी, छेवर, व्रतबन्ध, मृत्यु संस्कार, विवाह आदि मध्ये कुनै ५ वटाको मनाउने तरिका र सो शुभकार्य पर्ने तिथि, मिति बताउन ।<br>● गाउँपालिकामा बसोबास गर्ने मानिसहरुले मनाउने मुख्य साझा चाडपर्वहरु र तिनीहरुको महत्व । | प्रस्तुतीकरण गर्न लगाउँने ।<br>● नमस्कार, अभिवादन आदि गर्ने शब्दहरुलाई मातृभाषामा भन्न लगाउने ।<br>● चाडपर्वहरुको बारेमा छलफल र सूची बनाउन लगाउँने ।<br>● विभिन्न जात, जातिहरुको मौलिक वेशभुषा, गरगहना लगाएको महिला र पुरुष वा केटा र केटीको एक एक जोडीको चित्र वा फ्लेक्स प्रिन्टिङ फोटो राख्ने र विद्यार्थीहरुलाई अवलोकन गराउने ।<br>● विभिन्न वेशभूषामा विद्यालयमा सांस्कृतिक, सामाजिक संस्कार, चालचलन, विभिन्न मौलिक संस्कृति, वेशभूषा र आभूषण सम्बन्धी विद्यार्थीहरुलाई झाँकी प्रदर्शन गर्न लगाउने ।<br>● मौलिक वेषभूषा, गहनाहरुको नाम केहो भनेर अभिभावकहरुसँग सोधेर कापीमा लेखेर ल्याउन लगाउँने र फोटोमा देखाएर पालैपालो प्रस्तुतीकरण गर्न लगाउँने ।<br>● गाउँपालिका क्षेत्रभित्रका जाति, जनजातिको नामावली दिई प्रत्येकको मौलिक वेशभुषा र गहनाको नाम र तिनीहरु प्रयोग हुने संस्कार वा चाडपर्वको के हो भनी आफ्नो अभिभावकसँग सोधेर लेखेर ल्याउन लगाउँने र पालैपालो प्रस्तुतीकरण गर्न लगाउँने ।<br>● आ-आफ्नो मौलिक पहिरन वा वेशभूषा, गरगहनाको महत्व अभिभावकसँग सोधेर आई बताउन लगाउँने ।<br>● विद्यार्थीहरुलाई उनीहरुको जातजाति मिल्ने गरी समुहमा विभाजन गर्ने र ४ वटा शुभकार्य र कुनै एक मृत्यु संस्कारको बारेमा लेखी कक्षाकोठामा प्रस्तुत गर्न लगाउँने ।<br>● सबैको सांस्कृतिक वेशभूषाको उत्तिकै उत्कृष्ट आकर्षक मौलिक पहिचान दिने र मौलिक छ र एकअर्काको वेशभूषाको कदर गर्नुपर्ने कुरा सिकाउँने ।<br>● विद्यार्थीहरुलाई कुनकुन चाडपर्व मन पर्छ ती चाडपर्वहरुमा के के गरिन्छ भनी सोध्ने र छलफल गर्ने ।<br>● गाउँपालिकामा रहेका प्रचलित चाडपर्वहको चिनारी तयार गरी पाठ बनाई पढाउने वा अडियो भिजुअल वा फोटो सङ्कलन गरी विद्यार्थीहरुलाई देखाउने र छलफल गराउने ।<br>● गाउँपालिका क्षेत्रमा रहेका जाति जनजातिहरुको मौलिक पहिरन वा वेशभूषाऽ गरगहना स्थानीय संस्कारहरु मध्ये केही शुभकर्म जस्तैः न्वारन, पास्नी, गुन्यूचोली दिने, व्रतबन्ध, विवाह आदि बारे छलफल र प्रस्तुतीकरण गर्न लगाउँने ।<br>● विद्यालय वरिपरि क्षेत्रमा मनाइने मुख्य वा साझा चाडपर्वहरु के के हुन र कुनै जाति विशेषको भएमा कसको हो भनी छानेर लेख्न वा जोडा मिलाउन लगाउँने ।<br>● विद्यार्थीहरुलाई आफ्नो गाउँघरमा मनाइने कुन कुन चाडपर्व मन पर्छ, किन मन पर्छ ती चाडपर्वमा के के गरिन्छ भनी सोध्ने र छलफल गर्ने । | अनुसारको मौलिक वेशभूषा, गरगहना, पहिरन, लगाएको महिला पुरुष वा छात्रा छात्र एकएक जोडीको स्थानीय क्षेत्रमा गरिने गरिने शुभकार्य तथा मृत्यु संस्कारको भिडियो सामग्री, फ्लेक्स, प्रिन्टिङ, सम्बन्धी चित्र पोस्टर ।<br>● मातृभाषाको शब्दकोष, शब्दपत्ती ।<br>● कैची, स्केल, कागज, कलर, साइनपेन आदि ।<br>● चाडपर्व सम्बन्धी चिनारी भिडियो रेकर्ड, फोटो, सेतोपाटी, मार्कर<br>● चाडपर्व मनाएका तस्वीरहरु । | प्रस्तुत गर्न र लघुकथा भन्न, सुनाउन लगाउँने ।<br>● आ-आफ्नो मौलिक वेशभूषा, गरगहनाहरु मध्ये प्रायः लगाइने मुख्य मुख्य चिन्न वा नाम भन्न लगाउँने ।<br>● विवाह, ब्रतबन्ध, पास्नी, जन्म उत्सवमा आफू सहभागी भएको वा आफूले देखेको वा सुनेको आधारमा लगाउँने पहिरनका बारेमा कुनै ५ को मनाउने तरिका र महत्व बताउन लगाउँने ।<br>● पालिका क्षेत्रमा मनाउँने चाडपर्वहरुको बारेमा भन्न, लेख्न लगाउँने ।<br>● विद्यार्थीहरुलाई आफूलाई मनपर्ने चाडपर्व, मनाउने तरिका र सोको महत्व भन्न लगाउँने ।<br>● विद्यार्थीहरुलाई उनीहरुले देखेका वा सुनेका मृत्यु संस्कारका बारेमा भन्न लगाउँने ।<br>● विद्यालयको सांस्कृतिक कार्यक्रममा विद्यार्थीको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने ।<br>● पालिकामा मनाइने साझा चाडपर्वहरुको नाम लेख्न लगाउँने र उनीहरुलाई मनपर्ने कुनै ५ चाडपर्व मनाउने तरिका भन्न लगाउँने । स्थानीय चाडपर्व, संस्कृति आदिको पर्यटकीय महत्व बारे एउटा वर्णात्मक लेख | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | • विद्यार्थीको आफ्नो परिवार, आफन्त र छिमेकमा भएको विवाह पास्नी व्रतबन्ध, छेवर वा गुन्यूचोली दिने जस्ता शुभकार्यमा कक्षागत रुपमा स्थानीय सामाजिक संस्कार चालचलन विभिन्न मौलिक संस्कृति, वेशभूषा र आभूषण सम्बन्धी झाँकी प्रदर्शन गर्न लगाउँने।<br>• स्थानीय चाडपर्व संस्कृति आदिको पर्यटकीय महत्व बारे पनि छलफल गराउने जस्तैः होमस्टे। | | लेख्न लगाउँने। | |
| ४ | ऐतिहासिक, धार्मिक, पर्यटकीय स्थलहरु | •गाउँपालिकामा प्रचलित धार्मिक, ऐतिहासिक, सांस्कृतिक र पर्यटकीय स्थलहरुको छुट्टाछुट्टै सूची बनाई ४।४ वटाको संक्षिप्त परिचय बताउन र लेख्न।<br>•गाउँपालिकामा प्रचलित मुख्य धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरुको सामाजिक, सांस्कृतिक तथा आर्थिक महत्व बारे उदाहरण सहित भन्न। | • गाउँपालिकामा रहेका प्रचलित धार्मिक स्थलहरु जस्तैः मठमन्दर, गुम्बा, चाडपर्वमा पूजाआजा गर्ने ठाउँहरु<br>• सांस्कृतिक स्थलहरु जस्तैः कुनै जाति, समुदाय विशेषको पहिचान, संस्कृति, परम्परा, आस्था गाँसिएको स्थल, गाउँ कुनै जाति विशेषको मौलिक विशेषता भएको गाउँ, चाडपर्वमा मेला लाग्ने ठाउँहरु<br>• प्राकृतिक सम्पदाहरु जस्तैः खोलानाला, जङ्गल, पहाड, पोखरी, गुफा आदि।<br>• गाउँपालिकाको धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरुको महत्व सम्बन्धी अवधारणा। | • विद्यार्थीहरुलाई आफ्नो गाउँघर र वरपर भएको धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरुको नाम सोध्ने र ती ठाउँमा पुगेको छ कि छैन, त्यहा के छ भनी प्रश्न सोध्ने र थप जानकारी दिदै ती स्थलहरुको नाम सोध्ने र थप जानकारी दिदै ती स्थलहरुको विशेषता सहित फोटो, भिडियो सङ्कलन गरी देखाउँने र ती स्थलहरुको विशेषता सहित चिनारी बताउने।<br>• गाउँपालिका वा जिल्ला भित्रका विभिन्न सामाजिक, सांस्कृतिक, ऐतिहासक तथा प्राकृतिक महत्व बोकेका स्थलको फोटो, भिडियो संकलन गरी प्रस्तुतीकरण गर्ने।<br>• प्रसिद्ध धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरुको अलगअलग सूची तयार गरी संक्षिप्त परिचय दिने ।<br>• विद्यालय वरपर भएका पर्यटकीय स्थलहरुको बारेमा सोध्ने र त्यसको बारेमा ५।७ वाक्यमा भन्न लगाउँने।<br>• विद्यार्थीहरुलाई उपयुक्त समय र मौसममा अवलोकन भ्रमणमा लैजाने। अवलोकन पछि आफूले अवलोकन गरेका कुराहरु कापीमा लेखेर ल्याउन लगाउँने र भ्रमणपछि भ्रमण कस्तो लाग्यो, के देख्नु भयो भनेर सोध्ने, छलफल गर्ने।<br>• भ्रमण गरेपछि धार्मिक, सांस्कृतिक एवंव पर्यटकीय स्थलका बारेमा आफूलाई कस्तो लाग्यो, के के देख्नुभयो भनेर सोध्ने ती स्थलहरुको संरक्षण एवं प्रवर्द्धन गर्ने कुरा बालबालिकाहरुले बुझ्ने भाषामा बताउने।<br>• भ्रमण गरेका धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलका चित्र कोर्ने, रङग भर्ने, त्यहाँ देखेका कुराको आधारमा एक अनुच्छेदमा वर्णन गर्न लगाई प्रस्तुत गर्न लगाउँने, त्यहाँको सम्बन्धित समाजका जानकार व्यक्तिहरुबाट ती ठाउँ विशेषको विशेषता, महत्व बुझी बालबालिकाहरुले बुझ्ने सरल भाषामा अवलोकन गराउँदै बताउने।<br>• धार्मिक तथा सांस्कृतिक कार्यक्रमले मानिसको सकारात्मक मनोबैज्ञानिक प्रभाव पार्ने कुरा कथा, लेख, सत्य घटना आदिको सहायताले प्रस्ट पार्ने।<br>• कक्षामा स्थानीय धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरुको चित्र दिएर रङग भर्न लगाउँने।<br>• फोटो, भिडियो सङ्कलन प्रस्तुतीकरण गर्ने। | • गाउँपालिका र जिल्लाको प्रमुख एवं प्रसिद्ध धार्मिक सांस्कृतिक र पर्यटकीय स्थलहरुको सूची जानकारी र विशेषता सहितको फोटोहरु भिडियो र संक्षिप्त चिनारी।<br>• पालिकको बारेमा लेखिएका वा तयार गरिएका भिडियो डकुमेन्ट्री।<br>• पेपर, कलर, साइनपेन, पेन्सिल आदि।<br>• प्राकृतिक सम्पदाहरु झल्किने पोस्टर फोटाहरु।<br>• गाउँपालिकाको पर्यटन विकास योजना सम्बन्धी पुस्तिका। | • गाउँपालिकाको १० वटा प्रमुख एवं प्रसिद्ध धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलहरुको नाम भन्न र लेख्न लगाउँने।<br>• ती स्थलहरुको चिनारीको बारेमा प्रस्तुत गर्न लगाउँने।<br>• कक्षाकोठामा स्थानीय धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरुको चित्र दिएर रङ भर्न लगाउँने।<br>• विद्यालयमा विद्यार्थीको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने।<br>• गाउँपालिका भित्र पाइने प्राकृतिक सम्पदाहरुको सूची बनाउन लगाउँने।<br>• विद्यार्थीहरुलाई आफूले अवलोकन गरेका वा देखेका गाउँघर र जिल्लामा भएका र जानकारी भएका स्थलहरुको बारेमा वर्णात्मक निबन्ध लेख्न लगाउँने।<br>• धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरुको महत्व बारे बुँदागत रुपमा भन्न लगाउँने।<br>• वक्तृत्वकला प्रतियोगितामा | १२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | • प्राकृतिक सम्पदाहरु जस्तैः खोलानाला, तालतलैया, झरना, गुफा, हिमालको बारेमा छलफल, वर्णन गर्ने ।<br>• पालिकामा मनाइने साझा चाडपर्व के के हुन, फोटो वा अन्य सामग्री हेरी चित्र चिन्न लगाउँने र तिनीहरु कसरी मनाईन्छ चित्र वा भिडियोको माध्यमबाट प्रस्ट गर्ने ।<br>• धार्मिक तथा सांस्कृतिक कार्यक्रमले कसरी समुदाय तथा समाजमा मेलमिलाप गराउँछ भन्ने बारे छलफल गराउने ।<br>• यस्ता धार्मिक तथा सांस्कृतिक कार्यक्रमले कसरी पर्यटकलाई आकर्षित गर्छन् र सो बाट के कति आय आर्जन गर्न सकिन्छ भनी छलफल गराउने । त्यस्तै धार्मिक, सांस्कृतिक, ऐतिहासिक र प्राकृतिक सम्पदाको पर्यटकसँग जोडेर छलफल गराउने ।<br>• धार्मिक तथा सांस्कृतिक मेला, उत्सव हेर्न आन्तरिक तथा बाह्य पर्यटक भित्रिने हुँदा स्थानीय तहको समन्वयमा स्थानीय पर्यटन प्रवर्द्धनमा विद्यार्थीको भूमिका विषयक विद्यालय स्तरीय वा वडा स्तरीय वा पालिका स्तरीय बक्तृत्वकला प्रतियोगिता आयोजना गर्ने गराउने । | | सहभागिता जनाएको आधारमा मूल्याङ्कन गर्ने । | |
| ५ | स्थानीय पेसा व्यवसाय एवं ज्ञान, सिप तथा प्रविधि र उद्यमशीलता | • गाउँपालिका क्षेत्रमा विगत र वर्तमानमा अपनाइएका विभिन्न किसिमका स्थानीय सिप तथा प्रविधिहरु मध्ये १० वटाको सिप तथा प्रविधिहरुको सामान्य परिचय दिन र कुनै ३ वटा तयार पार्न वा सोको लागि सहयोग गर्न । | • गाउँपालिका भित्रका स्थानीय ज्ञान, सिप तथा प्रविधिहरु ती ज्ञान, सिप र प्रविधिबाट बनेका वा तयार गरिएका घरायसी दैनिक प्रयोजनको लागि सामाजिक एवं सांस्कृतिक कार्यका लागि आवश्यक पर्ने बस्तु तथा सामानहरु । | • विद्यार्थीहरुलाई आफ्नो घरमा काठ, बेतबाँस, फलाम, तामा, पित्तल, काँस आदिबाट बनेका केके सामानहरु छन् भनी कापीमा सूचीबद्ध गरी लेख्न लगाउँने र पालैपालो भन्न लगाउँने ती सामानहरु कसरी र कसले बनाएको हो भनी प्रश्नोत्तर गर्ने ।<br>• सम्पूर्ण सामान आफ्नै घरमा बनेको, पालिकामा भित्र बनेको र त्यो भन्दा बाहिरबाटको बजारबाट ल्याएको गरी ३ समुहमा छुट्याउन लगाउँने ।<br>• विद्यार्थीहरुलाई तपाईँको घरमा भएका घरेलु सामान तथा औजारहरुको बारेमा भन्न लगाउँने ।<br>• डोको, नाम्लो, राडीपाँखी, ठेकी, मदानी, मुढा, पिर्का, सुइटर, टोपी, ओखल, जाँतो, सिलौटो, हँसिया, खुकुरी, कुटो, हलो, पानी घट्ट, बिजुली घर, कम्प्युटर आदि को सूची तयार गर्न लगाउँने र यसको सामान्य महत्वको बारेमा बुझाउने ।<br>• त्यस्तै काठबाट बनेका हलो, जुवा, दराज, कुर्ची, टेवल, झ्यालढोका काठको बाकस वा सन्दुक, डल्लेठो आदि बारे विद्यार्थीहरुलाई बताउन लगाउँने ।<br>• यदि आधुनिक ज्ञान, सिप र प्रविधिलाई हाम्रो स्थानीय ज्ञान, सिप र प्रविधिसँग मिलाउन सकेमा पेसा तथा व्यवसायबाट अझ बढी फाइदा लिन सकिने कुरा स्पष्ट पारिदिने ।<br>• विद्यार्थीहरुलाई यी घरेलु सामग्रीहरुको बारेमा छलफल गर्न लगाउँने र कुन सामग्री के केको लागि प्रयोग हुन्छ भन्ने बारे बताउन लगाउँने ।<br>• अन्य घरेलु तथा कृषि औजारहरु जस्तैः कुटो, कोदालो, ढिकी, कोलको चित्र बनाई सबै विद्यार्थीलाई एकएक चित्रमा रङग भर्न लगाएर उनीहरुको नाम सहित लेखेर कक्षाकोठामा झुण्ड्यार राख्ने । | • विभिन्न स्थानीय ज्ञान, सिप, प्रविधि प्रयोग गरी बनाइएका घरेलु तथा कृषि सामग्रीहरुको सचित्र सूची, फोटो र नमूनाहरु ।<br>• रङ्गीन कागज, स्केल, आदि रङग भर्ने स्थानीय सामानहरुको सादा चित्रहरु ।<br>• स्थानीय सामानहरु बनाएको भिडियोहरु | • काठ, ढुङ्गा र धातुबाट बनेका घरमा प्रयोग गरिने ५।५ वटा सामानको नाम लेख्न लगाउँने ।<br>• विभिन्न घरेलु ज्ञान, सिपमा आधारित सामग्रीहरुको बारेमा विद्यार्थीहरुलाई भन्न लगाएर ।<br>• सामग्रीहरु र नामलाई जोडा मिलाउन लगाउँने ।<br>• घरबाट अभिभावकको सहयोगमा कृषि र भान्सामा प्रयोग हुने कुनै १० वटा सामग्रीहरुको नाम लेखेर ल्याउन लगाउँने ।<br>• स्थानीय र बजारबाट किनेर ल्याएका सामान र औजारहको सूची तयार गर्न लगाउने र स्थानीय सामानहरुको प्रयोग गर्दा हुने फाइदाको बारेमा भन्न र लेख्न लगाउँने ।<br>• विभिन्न सामानहरुको सूची वा | १२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | • स्थानीय ज्ञान, सिप र प्रविधिबाट बनेका सरसामान र निर्माणको फाइदाका बारेमा सरल भाषामा उदाहरण सहित बुझाउने र यस्ता सरसमानको प्रयोग गर्न सके आत्मनिर्भर हुन सकिने भनी यस्ता सामानहरुको प्रयोग गर्न प्रोत्साहित गर्ने । यस्ता सामान र औजार आदिको बारेमा कक्षामा प्रस्तुतीकरण गराउने ।<br>• विद्यार्थीले गरेका नमूना व्यवसायिक कृषि र पशुपालनको लागि स्थानीय ज्ञान, सिप र प्रविधिबाट बनेको सामानहरु औजारको समेत अनिवार्य रुपमा प्रयोग गर्न लगाउँने । उदाहरणः डोको, नाम्लो, नाङ्लो, थुन्से, आदि । काठबाट बनेका सामानहरु र ढुङ्गाबाट बनेका सामानहरु धातुबाट बनेका घरेलु तथा कृषि औजारहरु आदि ।<br>• आधुनिक ज्ञान, सिप र प्रविधिको विकास वा उपलब्धता हुनु अगाडि यी सबै यी ज्ञान, सिप र प्रविधिको प्रयोग गरी स्थानीय जनजीवन चलेको र हाम्रो आवश्यकता पुरा भएको कुरालाई सहज र सरल तरिकाले बुझाउने । | | चित्र दिएर स्थानीय सामान भए ठिक र आधुनिक वा आयतित सामान भए बेठिक शब्द वा चिन्ह लगाउँने ।<br>• कुनै १० वटा औजारहरु केके काममा उपयोग हुन्छन् भनी प्रश्न सोध्ने ।<br>• गाउँपालिकामा प्रचलित स्थानीय प्रविधि र आधुनिक वा आयतित सामानहरु बिचको फरक लेख्न लगाउँने ।<br>• काठ, ढुङ्गा, निगालो, घातु र माटोबाट बनेका स्थानीय सामानहरुको सूची तयार पारी बताउन लगाउँने ।<br>• कुनै दुई स्थानीय प्रविधिको उचित प्रयोग गरे नगरेको बारे अभिभावकसँग बुझी मूल्याङ्केकन गर्ने । | |
| ६ | खाद्यान्न तथा पोषण एवं कृषि, जडिबुटी, पशुपालन | • गाउँपालिका क्षेत्रमा उत्पादन हुने विभिन्न खाद्यान्न, सागसब्जी र फलफूलको सूची तयार गरी त्यसको उपयोगिता बारे बताउन ।<br>• आयतित कम पोषणयुक्त बजारको पत्रु खानेकुराको सट्टा स्थानीय कृषि उत्पादको उपभोग गर्ने र सो बारे समुदायमा सचेतना फैलाउने ।<br>• गाउँपालिका भित्र गरिने पशुपालन सम्बन्धी गतिविधिहरु बारे बताउन र | • गाउँपालिका क्षेत्रमा विभिन्न मौसममा कृषि उब्जनी जस्तैः विभिन्न खाद्यान्न (अन्नबाली, दलहन, तेलहन, तरकारी बालीहरु) जस्तैः धान, मकै, गहुँ, कोदो, दाल, साग, काउली, आलु, फर्सी, लसुन, प्याज आदि ।<br>• पोषणको स्रोत तथा पोषण सुधारको उपाय<br>• बजार पसलमा पाइने पत्रु | • विद्यार्थीहरुलाई समुहमा विभाजन गरी प्रत्येक समुहलाई आ-आफ्नो खेतबारीमा फलेका खाद्यान्न, तरकारी, दलहन, तेलहन, फलफूल तथा सागसब्जी को सूची तयार गर्न लगाई ती उत्पादन केको लागि गरिन्छ वा खाइन्छ, बेचिन्छ, के कसरी बालीनाली लगाइन्छ, के के तयारी गरिन्छ, गोड्मेल, मलजल, कहिले कहिले गरिन्छ, उत्पादन कहिले कसरी निकालिन्छ त्यसको प्रोसेसिङ भण्डारण वा बिक्रि वितरण कहिले कसरी गरिन्छ छलफल गर्ने र प्रश्नको उत्तर कापीमा सुचीबद्ध गेरर लेख्न लगाउँने र पालैपालो प्रस्तुत गर्न लगाउँने र छुटेमा अर्को समुहलाई थप्न लगाउँने ।<br>• विद्यार्थीहरुलाई आफ्नो घरमा केके पशुपंक्षी पालेका छन् र ती पशुपंक्षीहरुले के दिन्छ वा के कामका लागि पालेको हो छलफल गर्ने ।<br>• गाउँपालिकाको विद्यालय नजिकै कसैले गरेको व्यवसायिक वा उत्कृष्ट पशुपंक्षीपालनको अवलोकन भ्रमण गर्न लैजाने यस बारे निम्न बुँदामा केन्द्रित भई छलफल गराउने ।<br>क) पशुपंक्षीपालनको उद्वेश्य<br>ख) पशपंक्षीपालनको गेरका तरिका । | • गाउँपालिकामा उत्पादन हुने विभिन्न खाद्यान्न, दलहन, तेलहन, तरकारी तथा फलफूलको वास्तविक नमूना र बिउका फोटोहरु ।<br>• व्यवसायिक खेती गर्ने अन्नबाली वा तरकारीको बिँउ र सोको व्यवसायिक खेती सम्बन्धी जानकारी पुस्तिका ।<br>• वास्तविक अन्न, दलहन, तेलहन र | • आयतित खाद्य उत्पादन भन्दा स्थानीय खाद्य उत्पादन र सो बाट बनेको खाद्य सामग्रीहरुमा पोषण तत्व बढी हुनुको कारण लेख्न लगाउँने ।<br>• हरेक विद्यार्थीले घरमा करेसाबारी बनाई विद्यार्थीले उचित व्यवस्थापन गरे नगरेको सोधबुझ गरी मूल्याङ्कन गर्ने ।<br>• कक्षागत र समुहगत क्रियाकलापमा भएको सहभागिता र भूमिकाको आधारमा विद्यार्थीहरुको मूल्याङ्कन गर्ने । | १२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | यसको कुनै तीन किसिमको पशुपंक्षी पालनको अभ्यासमा सहायक भूमिका निर्वाह गर्न ।<br>• पालिका क्षेत्रमा पाइने औषिधजन्य ८ वटा जडिबुटीहरुको उपयोग बताउन र संरक्षण गर्न वा गराउन अभिभावकलाई सघाउन ।<br>• पालिकामा बसोबास गर्ने मानिसहरुले गर्ने विभिन्न पेसा, व्यवसायहरु मध्ये ६ वटाको लागि आवश्यक ज्ञान सिप र सोबाट गरिने उत्पादन वा प्रदान गरिने सेवाको बारेमा बताउन । | खानेकुराहरु वा कम पोषणयुक्त खानेकुरा (जङ्क फुड) जस्तैः चाउचाउ चिजवल विस्कुट कोक आदिको वेफाइदा ।<br>• गाउँपालिकामा व्यवसायिक खेतीको सम्भावना भएको अन्नबाली वा तरकारी बालीहरु ।<br>• गाउँपालिका बासीले पाल्ने पशुपंक्षीहरु जस्तैः कुखुरा, हाँस, खसीबाख्रा, भेडा, भैँसी, खच्चड, घोडा, मौरी पालन, सम्बन्धी जानकारी र ती पशुपंक्षीहरुको उपयोग वा त्यसबाट पाइने कुराहरु वा उत्पादन ।<br>• गाउँपालिकामा व्यवसायिक पशुपालनको सम्भावना भएको पशुपंक्षीहरु ।<br>• पालिका क्षेत्रमा पाइने जडिबुटी र पशुपालनको अवस्था | ग) पशुपंक्षी स्याहासुसार तथा औषधी उपचार ।<br>घ) बिक्रि आम्दानी ।<br>ङ) आम्दानीको व्यवस्थापन ।<br>• सम्भव भएसम्म गाउँपालिकाको पशु सेवा केन्द्रको प्राविधिकलाई आमन्त्रण गरी व्यवसायिक पशुपालन बारे कक्षा लिन लगाउँने र विद्यालय व्यवस्थापन समिति र पशु प्राविधिकसँग छलफल एवं परामर्श गरी विद्यार्थीको घरमा बाख्राभेडा वा कुखुरा वा हाँस आदि मध्ये कुनै एकको व्यवसायिक नमूना अभ्यास गर्न लगाउँने । सो व्यवसायिक पशुपालनको लागि कहिले के के गर्ने भनी कार्यतालिका बनाई सोही अनुसार गर्न लगाउँने र शिक्षकले फलोअप गर्ने ।<br>• विद्यार्थीहरुलाई आज के खानेकुरा खाएर विद्यालय आउनुभयो, भनी सोध्ने र ती खानेकुरा के र कहाँबाट बनाएको भनी सोध्ने र उदाहरण दिँदै स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्नहरु बारे परिचित गराउने ।<br>• आ-आफ्नो घरबाट आ-आफ्नो खेतबारीमा फलेका खाद्यान्नहरुको समुहमा केही नमूना ल्याउन लगाउने र त्यो के हो भन्न लेख्न र त्यसबारे बताउन लगाउँने ।<br>• पोषण सुधारका लागि स्थानीय खाद्य उत्पादन वा आयतित खाद्य उत्पादन कुन उपभोग गर्नु उचित होला भनी छलफल गराउने वा वादविवाद प्रतियोगिता गराउने समुहगत रुपमा ।<br>• बजारमा वा पसलमा केके खानेकुरा खाद्यान्न तरकारी पाइन्छ भनेर विद्यार्थीहरुलाई सोध्ने विद्यालय नजिकको पसल बजारमा विद्यार्थीहरुलाई अवलोकन गर्न लैजाने र पसलमा लगेर विभिन्न किसिमका खानेकुराहरु देखाउने ।<br>• विद्यार्थीहरुलाई कुनकुन खानेकुरा स्वस्थ खानेकुरा र कुनकुन खानेकुरा पत्रु खानेकुरा हो भनेर बुझाउने र पत्रु खानेकुरा किन सधै खानु हुँदैन भनी बताउने ।<br>• स्वस्थ खानेकुराहरु र पत्रु खानेकुराहरुको सूची बनाउने र स्वस्थ खानेकुरालाई ठिक चिन्ह र पत्रु खानेकुरालाई बेठिक चिन्ह लगाउन सिकाउने ।<br>• स्थानीय र बजारबाट ल्याइएका खानेकुराहरुको फाइदा र वेफाइदाहरु बारे छलफल गर्ने र थप बताउँने र स्थानीय वा बजारको कुन खानेकुरा खादा उचित होला भनी छलफल गराउने ।<br>• स्वस्थ खानेकुरा र पत्रु खानेकुराको बारेमा पोस्टर वा चित्र वा भिडियो वा भिजुअल गीत मोबाइल मार्फत देखाएर छलफल गर्ने ।<br>• स्वास्थ्यको हिसाबले स्थानीय खाद्य उत्पादन वा आयतित खाद्य उत्पादन कुन उपभोग गर्नु उचित होला भनी छलफल गराउने र छलफलको निष्कर्ष बुँदागत रुपमा लेखिदिने ।<br>• हरेक विद्यार्थीले घरमा अनिवार्य रुपमा करेसाबारी बनाउन र व्यवस्थित गर्न लगाउँने । करेसाबारी व्यवस्थापनको लागि स्थानीय कृषि प्राविधिक बोलाइ अभिमुखीकरण तालिम दिने । | तरकारीहरुको नमूना वा चित्र ।<br>• फोटो, भिडियो, मेटाकार्ड वा सोको लागि प्रयोग गर्न सकिने कागज, पुस्तकालय<br>• करेसाबारी तालिमका लागि आवश्यक तालिम सामग्रीहरु<br>• जङ्गलमा पाइने सब्जीहरुको पनि वास्तविक नमूना वा फोटाहरु<br>• डोरी, सियो, धागो ।<br>• नमूना राख्ने प्लास्टिक झोला ।<br>• स्वस्थ खानेकुरा र पत्रु खानेकुराको सूची वा वास्तविक नमूना ।<br>• पौष्टिक खानेकुराको क्यालेण्डर ।<br>• खाना, तरकारी, फलफूल सम्बन्धी बालबालिकाले बुझ्ने पोष्टर, बालगीत भिडियो क्लिप, फोटो ।<br>• मार्कर, सेतोपाटी, कापी, न्यूजप्रिन्ट वा चार्ट पेपर ।<br>• घरेलु पशु पंक्षीहरुको व्यवसायिक खेती सम्बन्धी जानकारी | • स्थानीय र पोषिलो खानेकुराको महत्वको बारेमा समुदायमा विद्यार्थीहरुलाई समुहगत रुपमा जानकारी वा सचेतनामूलक गतिविधिहरु सञ्चालन गर्न लगाउँने र शिक्षकहरुले थप सहयोग गर्ने ।<br>• विद्यार्थीले पत्रु खानेकुराहरु खाने बानी कम भएको छ वा छैन भनी अभिभावकसँग सोध्ने ।<br>• विद्यालयमा विद्यार्थीहरुले गर्ने आनीबानीको आधारमा मूल्याङ्कन गर्ने ।<br>• पोषण सुधारको लागि स्थानीय खाद्य उत्पादनको महत्व सम्बन्धी ज्ञान महोत्सवमा भएको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने ।<br>• गाउँपालिकामा गरिने खेतीबाली वा कृषि उत्पादन जस्तैः खाद्यान्न, तरकारी, दलहन, तेलहन, फलफूलको सूची तयार गर्न लगाउँने ।<br>• के के प्रयोजनको लागि. कुन कुन बालीनाली गाउँपालिकामा लगाउँने गरिन्छ भनी लेख्न र बताउन वा समुहगत प्रस्तुतीकरण गर्न लगाउँने ।<br>• विद्यालयमा वा तोकिएको ठाउँमा कुनै एक अन्न बाली वा तरकारीको व्यवसायिक नमूना अभ्यास गरी उत्पादन तयार गर्न लगाउँने ।<br>• आफ्नो घरमा बाख्रा, खसी, गाईगोरु, कुखुरा, हाँस, परेवा आदि | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | • के कसरी हाम्रो व्यक्तिगत र परिवारका पोषण सुधार गर्न सकिएला भनी छलफल गर्ने र पोषण सुधारको सबैभन्दा महत्वपूर्ण र प्रभावकारी उपाय स्थानीय कृषि उत्पादनको उचित तरिकाले उपभोग गर्नु हो भनी सिकाउने । साथै पोषण सुरक्षाको लागि स्थानीय उत्पादनलाई कसरी बढी पोषणयुक्त हुनेगरी राख्न र उपभोग गर्न सकिन्छ भनी छलफल गर्ने ।<br>• स्थानीय स्वास्थ्यकर्मीलाई स्रोतव्यक्ति वा विज्ञको रुपमा ल्याएर यस विषयमा छलफल गराउने ।<br>• पोषण सुधारको लागि स्थानीय उत्पादनको महत्व सम्बन्धी वतृत्वकला तथा समुदायमा सचेतनामूलक कार्यक्रम गर्न लगाउँने र स्थानीय ज्ञान महोत्सव कार्यक्रम आयोजना गराउँने ।<br>• सम्भव भएमा स्थानीय स्वास्थ्यकर्मीलाई बोलाएर यस विषयमा एक सेसन पाठ लिन लगाउने ।<br>• स्थानीय खाद्य उत्पादन र त्यसबाट बन्ने खाद्य सामग्री वा परिकारहरु बढी पोषणयुक्त हुन बारे कारण सहित बताउने र ती उत्पादनको उपभोगमा जोड दिन र आयतित उत्पादन र सामग्रीको उपभोग कम गर्न प्रोत्साहित गर्ने ।<br>• विद्यार्थीहरुको समुह बनाई समुदायमा गएर पोषण सुधार सम्बन्धी सचेतनामूलक अभिमुखीकरण कार्यक्रम गर्न लगाउँने । यसका लागि स्थानीय स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयमसेविकासँग समन्वय र सहकार्य गर्ने ।<br>• गाउँपालिका क्षेत्रमा पाइने ८ वटा जडिबुटीहरुको फोटो, भिडियो सङकलन गरी कक्षाकोठामा निम्न बुँदामा केन्द्रित भई ४ समुह बनाई प्रत्येक समुहलाई २।२ वटा जडिबुटीको बारेमा छलफल गर्न लगाउँने र सोको प्रस्तुती गर्न लगाउँने । जस्तैः यसको बनोट, उपयोग, यसलाई लगाउँने, हुर्काउने वा संरक्षण गर्ने तरिका, यसलाई भण्डारण गर्ने तरिका । अन्तमा आवश्यक परेको खण्डमा सहयोग गर्ने । | पुस्तिका, फोटो, भिडियो ।<br>• गाउँघरमा पाइने जडिबुटीका फोटा वा पोस्टरहरु ।<br>• पशुपालन अन्तर्गतका व्यवसाय सम्बन्धी विवरण झल्किने फोटाहरु । | कसरी पालन भएको छ भन्न लगाउँने र के केका लागि कुनकुन पशुपंक्षी पालिन्छ लेख्न लगाउँने ।<br>• घरमा पालिने पशुपंक्षी भए आमाबुबालाई के के, कसरी, कहिले, सहयोग गर्ने गरेको छ वा छैन भनेर अभिभावकलाई सोध्ने ।<br>• स्थानीय ज्ञान महोत्सवमा विद्यार्थीहरुको सहभागिता र योगदानको आधारमा मूल्याङ्कन गर्ने ।<br>• पालिका क्षेत्रभित्र पाइने जडीबुटीहरुको नाम र पाइने स्थलहरुको बारे बताउने ।<br>• पालिका क्षेत्रभित्र अपनाएका पशुपालन व्यवसायहरुको सूची तयार गर्न लगाउँने ।<br>• कुनै ८ वटा प्रचलित जडिबुटीको नाम सोध्ने । प्रत्येक जडिबुटीको चित्र देखाई त्यसलाई लगाउँने र भण्डारण गर्ने तरिका सोध्ने ।<br>• प्रत्येक जडिबुटीको नाम र उपयोग जोडा मिलाउँने । | |
| ७ | प्रकोप र विपद् व्यवस्थापन | • हाम्रो सुरक्षित विद्यालयको विशेषता बताउन ।<br>• विश्वका महामारीहरुको बारेमा जानकारी गराउँन ।<br>• विपत् प्रतिकार्यको बारेमा विद्यार्थीको भूमिका बताउन ।<br>• हाम्रो सुरक्षित यात्रा जस्तैः यात्राको समयमा जोखिम | • भूकम्पको परिचय र सुरक्षित विद्यालयको विशेषता ।<br>• भूकम्प र सुरक्षित विद्यालयको लागि पूर्वतयारी र विद्यार्थीको भूमिका जस्तैः संरचनात्मक र गैरसंरचनात्मक सुरक्षा । | • समुहमा भूकम्पको परिचय खोजी प्रस्तुत गर्न लगाउने ।<br>• भूकम्पबाट हुने असरका बारेमा अन्तरक्रिया तथा छलफल गराउने र भूकम्पबाट हुने क्षति भिडियो मार्फत प्रस्तुत गर्ने ।<br>• भूकम्पबाट सुरक्षित विद्यालयको महत्व र निर्माणका विषयमा संवाद गराउने ।<br>• भिडियोको माध्यमबाट सुरक्षित विद्यालयको विशेषता जानकारी गराउने ।<br>• सुरक्षित विद्यालय निर्माणमा मेरो भूमिका विषयमा विद्यार्थीको समुहमा छलफल गराउने र निष्कर्ष निकाल्ने ।<br>• भूकम्प र यसबाट सुरक्षित हुने उपायहरुका बारेमा चित्र तालिका सूची आदि निर्माण गरी | • विभिन्न प्रकोप बारे चित्र वा पोस्टरहरु<br>• विपतबाट जोगिने उपायहरु बारे वर्णन गरिएका फोटाहरु ।<br>• विपतबाट जोगिनका लागि कृत्रिम अभ्यासका लागि आवश्यक | • तल दिइएका प्रश्नहरुको आधारमा मूल्याङ्कन गर्नुहोस् जस्तैः सुरक्षित विद्यालय निर्माणका लागि गरिनुपर्ने ५ वटा पूर्व तयारी केके हुन, सुरक्षित विद्यालय निर्माणका लागि विद्यार्थीले कस्तो भूमिका खेल्न सक्दछन् ।<br>• सुरक्षित विद्यालय निर्माणमा अभिभावकको कुनै ३ भूमिका | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिचान र सावधान (पैदल हिडाइ, बाटो काट्ने, जेब्रा क्रसिङ, साइकल चलाउने सिप) यात्राको समयमा सावधानी।<br>• कृत्रिम घटना अभ्यास। | • भूकम्पबाट हुने जोखिम न्यूनीकरणका लागि विद्यालय समुदायको भूमिका।<br>• सुरक्षित विद्यालयको लागि विद्यार्थीको भूमिका।<br>• विश्वका प्रमुख महामारीहरु जस्तैः कोडिड १९, बर्डफ्लु, झाडापखाला आदि।<br>• विश्व समुदायमा भएका सिकाइ।<br>• विपत्को सामुहिक प्रतिकार्यका उपाय।<br>• विपतको सामुहिक प्रतिकार्यमा विद्यार्थीको भूमिका। | विद्यालय वा कक्षाकोठामा टाँस्न लगाउने।<br>• विद्यालय परिसर र भवनको अवलोकन गर्न लगाई रुजुसूचीका आधारमा समुहमा विद्यालयको संरचनात्मक र गैरसंरचनात्मक सुरक्षा अवस्था बारे छलफल गराउने।<br>• घर वा विद्यालयमा हुँदा भूकम्पबाट बच्नका लागि गरिने कृत्रिम घटना अभ्यास गराउने।<br>• सुरक्षित विद्यालय निर्माणका लागि विद्यालय र समुदायको भूमिका छलफल गराउने र शिक्षकले निचोड दिने।<br>• समुहमा छलफल गराई महामारीको परिचय दिन लगाउने।<br>• कथा, पोस्टर, भिडियो, समाचारमा लेखिएका घटना प्रदर्शन गरी वा व्याख्या गरी प्लेग, फ्लु, एचआईभी एड्स र कोभिड १९ को कारण र असर वा प्रभावको बारेमा छलफल तथा जानकारी गराउने।<br>• विश्व समुदायमा भएका यस्ता महामारीको रोकथाम र नियन्त्रण गर्दा विश्प समुदायमा भएका साझा सिकाइ छलफल गराउने र विद्यार्थीले लागु गर्न सक्ने कुराको सूची गराउन लगाउँने।<br>• विभिन्न महामारीबाट सुरक्षित रहनका लागि ६ वटै चरण पूरा गरी साबुन पानीले हात धुने अभ्यास गराउने।<br>• कोभिड १९, बर्डफ्लु, झाडापखालाका असरहरुको खोजी गर्न लगाई छलफल गराउने र यसबाट बच्न अपनाउनुपर्ने पूर्वतयारीका बारेमा वैयक्तिक रुपमा सोच्न लगाई साथीलाई सुनाउन लगाउने वा स्पष्ट जानकारी गराउने।<br>• कोडिभ १९, बर्डफ्लु, डैङ्गु र झाडापखालाबाट बच्न अपनाउनुपर्ने पूर्व तयारीहरुका बारेमा स्वास्थ्य क्षेत्रका व्यक्तिहरुसँग साक्षात्कार गराउने।<br>• कोभिड, बर्डफ्लु, डेङ्गु र झाडापखालाको नियन्त्रणाका लागि विद्यालय तथा समुदायको भूमिका छलफल गराउने र शिक्षकले सहयोग गर्ने।<br>• विगत एक वर्षमा भएका महामारीको सूची बनाउन लगाई प्रस्तुत गर्न लगाउने।<br>• कोभिड, बर्डफ्लु र झाडापखालाको कारण विषयमा अन्तरक्रिया गराउने।<br>• चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट जोखिमयुक्त अवस्था देखाउने र यस्तै अवस्था आयो भने के गर्ने वा गर्छौ भनेर विद्यार्थी बिच छलफल गराउने।<br>• मुड्केचुला गाउँपालिकामा २०७४ पुषमा भएको आगलागी घटना र २०७६ असार २८ गते कालिकाको काशिलखोलामा आएको बाढी र पहिरोले क्षति पुर्याएको सम्बन्धमा छलफल र प्रस्तुतीकरण गर्ने।<br>• विपत् प्रतिकार्यका लागि समुह, क्लब वा संस्थाहरुको आवश्यकता किन पर्छ छलफल गराउने। | सामग्रीहरु जस्तैः कपडा, झोला, टर्च आदि।<br>• विपत् वा महामारी रोकथामका लागि विभिन्न निकायहरुको भूमिका उल्लेख भएको पोस्टर र भूमिकाको सूची।<br>• भूकम्पका घटनाका बेरमा भिडियो प्रदर्शनी।<br>• भूकम्पबाट बच्न अपनाउनुपर्ने सावधानी र भूकम्प प्रतिरोधी घर, विद्यालय निर्माण सम्बन्धी भिडियो क्लिपहरु। | लेख्नुहोस्।<br>• कोभिड १९, बर्ड्फ्लु, डेङ्गु र झाडापखालाको परिचय दिन लगाएर यी प्रकोपहरुबाट बच्नका लागि आवश्यक पूर्वतयारीका बारेमा प्रश्नत्तर।<br>• तल दिइएका प्रश्नहरुको आधारमा मूल्याङ्कन गर्नुहोस्<br>• विपत् प्रतिकार्यमा निम्न संस्थाहरुको ।२ वटा भूमिका लेख्नुहोस् । जस्तैः रेडक्रस, गैरसरकारी संस्थाहरु, गाउँपालिका।<br>• विपत् प्रतिकार्यका लागि बालबालिकाले समुहमा गर्न सक्ने ४ वटा कार्यहरुको सूची बनाउनुहोस्। | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | • विपत् प्रतिकार्यका लागि रेडक्रस, गैरसरकारी संस्थाहरु, सरकारी, कार्यालयहरुको भूमिका छलफल गराउने ।<br>• विपत् प्रतिकार्यका लागि विभिन्न समुहहरुको भूमिकाको भिडियोको माध्यमबाट जानकारी दिने ।<br>• नजिकैको वडा कार्यालय वा गाउँपालिकामा गई विपत् प्रतिकार्यका लागि गाउँपालिकाको भूमिका बारे छलफल गराउने ।<br>• विपत् प्रतिकार्यका लागि नेपाली सेना र नेपाल प्रहरीको भूमिका छलफल गराउने ।<br>• विपत् प्रतिकार्यका लागि जिल्ला विपत् व्यवस्थापन समितिको भूमिका छलफल गराउने ।<br>• विपत प्रतिकार्यका लागि बाल समुहले गर्न सक्ने कार्यहरुको सूची गराउने । | | | |
| ८ | व्यक्ति, संस्था, सहकारी | • सहकारीको आवश्यकता र सञ्चालक समितिको काम, कर्तव्य र अधिकार बताउन<br>• समाजसेवा क्षेत्रमा योगदान पुर्याउने व्यक्तिले गरेका महत्वपूर्ण कार्यहरु बताउन । | • सहकारी र यसको महत्व ।<br>• सहकारी सञ्चालक समितिका काम, कर्तव्य र अधिकार<br>• समाजसेवा क्षेत्रमा योगदान पुर्याउने व्यक्तिले गरेका महत्वपूर्ण कार्यहरु । | • सहकारीको आवश्यकताको बारेमा छलफल गराउने आयआर्जन पश्चात निश्चित रकम बचत गरेर मात्र खर्च गर्नुपर्ने कुरा बुझाउने ।<br>• प्रश्नोत्तरको माध्यमबाट वडामा रहेका सहकारी संस्थाको नाम, कार्यालय रहेको स्थान, स्थापना भएको वर्ष, सदस्य संङख्या, सेवा, सञ्चालक समितिको संख्या पालैपालो सोध्ने र अरुलाई साथीले भनेको कुरा भन्न लगाउँने ।<br>• सहकारीको अवलोकन भ्रमण गराउने र देखेका र सुनेका कुराहरुको शब्दमा चित्रमा अभिलेखीकरण गर्न लगाउने ।<br>• सहकारी अभियन्ताद्वारा आमन्त्रित कक्षा लिन लगाउँने र सहकारीको सञ्चालक समितिको काम, कर्तव्य, र अधिकार र सहकारीको फाइदा बारे भन्न लगाउँने ।<br>• सहकारीको साधारण सभा सञ्चालन गर्दाको तस्वीर व्याख्या गर्न लगाउँने ।<br>• आफू बसेको समुदायमा समाजसेवामा योगदान पुर्याएका व्यक्तिहरु को को छन् भनी छलफल र प्रश्नोत्तर गराउने । उनीहरुले जानेबुझेका व्यक्तिहरुको सूची टिपी भन्न लगाउने ।<br>• वडा र आफ्नो विद्यालयमा योगदान पुर्याएका व्यक्तिहरुको सूची बनाउन लगाउने ।<br>• वर्तमान समयमा उपलब्ध समाजसेवीलाई आमन्त्रण गरी विद्यालयसँग अन्तरक्रिया गराउने र आफूले सिक्न सकिने कुरा टिपोट गर्न लगाउने ।<br>• अन्तरक्रियापछि उनीहरुबाट सिक्न सकिने कुराहरुको सूची बनाई कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>• समाजसेवीहरुलाई आमन्त्रण गरी विद्यालयमा सम्भव भएमा कक्षाहरु लिन लगाउँने र असर व्यक्तिहरुसँग छलफल कुराकानी गर्ने ।<br>• समुह संस्था वा सहकारीमा अवलोकन भ्रमण गराउने र देखेका सुनेका कुराहरुको आधारमा अनुच्छेद लेख्न लगाउने । | • सहकारीको परिचय र उद्देश्य लेखेको पोस्टर तस्वीर, सहकारीको स्मारिका, सहकारी पुस्तक<br>• समाजसेवीहरुको नाम सहितको विवरण ।<br>• अगुवा गर्ने व्यक्तिहरुको फोटो र चित्र ।<br>• सामुदायिक सेवा प्रदान गरिरहेका संस्थाको पोस्टरहरु<br>• सहकारी सम्बन्धी सूचनामूलक तस्वीहरु ।<br>• सहकारी सम्बन्धी ब्रोसरहरु र सहकारी भित्रेपात्रो ।<br>• सहकारी ऐन नियमावली र मापदण्ड । | • सहकारी संस्थाको आवश्यकता र सञ्चालक समितिको काम, कर्तव्य र अधिकार बताउन लगाउँने ।<br>• सहकारीको परिचय, स्थापना, कार्यालय आदि बारेमा छोटकरी भन्न र लेख्न लगाउँने ।<br>• पालिकाभित्र रहेका समाजका लागि काम गरेका वा गर्ने व्यक्तिहरुको पहिचान गर्न लगाउँने ।<br>• गाउँघरमा भएका संस्थाले दिने सेवाहरु बारे प्रश्नोत्तर गर्ने गराउने ।<br>• विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालयहरु, सामुदायिक संस्थाको बारेमामा भन्न लगाउँने ।<br>• सहकारीको विवरण तयार पार्न लगाउँने । | ५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | • परिवारका सदस्यहरु सहकारीको सदस्य भए नभएको जानकारी लिने । यदि सदस्य भएको भए कहिले कसरी र के का लागि सदस्य बनेको सो बारेमा छलफल सहित बाल सदस्य र शेयर सदस्य प्राप्तिका आधारहरु बताइ दिने लेख्न र लेखेको कुरा बताउन लगाउँने । | | | |
| ९ | समानता, समावेशीता र सामाजिक न्याय | • जातजाति तथा समुदाय समान हो, कुनै भेदभाव छुवाछुत गर्नु हुँदैन भन्ने समाज, समुदायमा सचेतना जगाउन र समानता तथा समावेशीताको मर्म अनुरुप व्यवहार प्रदर्शन गर्न ।<br>• परिवार र समुदायमा भएका फरक क्षमताका असहाय वृद्धवृद्धा अन्य विशेष सहयोग आवश्यक पर्ने व्यक्तिहरुको पहिचान, उनीहरुलाई दैनिक जीवनमा आइपरेका समस्याहरुको पहिचान र उनीहरुप्रति सकारात्मक व्यवहार प्रदर्शन गर्न ।<br>• फरक क्षमता हुने कारणहरु बताउन र फरक क्षमता भएका व्यक्तिको प्रकार र उनीहरुलाई पर्ने आवश्यकता बारे आफ्नो समुदाय वा समाजमा सचेतनामूलक कार्यक्रम । | • गाउँपालिकाको सामाजिक अवस्थाको परिचय जस्तैः विविधता भित्रको एकता र एकता भित्रको विविधता<br>• एकता, सहयोग, मेलमिलाप, समानता, सामाजिक विविधता, समता र समावेशीताको अवधारणा र महत्व ।<br>• फरक क्षमता भएका व्यक्तिको प्रकार, शारीरिक विरामीपन र वृद्ध उमेर र शारीरिक समस्या, परिवार, आफन्त नभएका र आफैसँग केही नभएका र बालबालिका, वृद्धवृद्धाका विरामी आदि र उनीहरुलाई आवश्यक पर्ने सहयोग सम्मानजनक बोली व्यवहार ।<br>• बाबालिकाले गर्न सक्ने सचेतनामूलक कार्यक्रम र यसको सामाजिक प्रभाव । | • समानता र समावेशिताको अर्थ, आवश्यकता बारे विभिन्न उदाहरण सहित बुझाउने ।<br>• गाउँपालिका क्षेत्रभित्रका जातीय, सामाजिक, सांस्कृतिक, धार्मिक, विविधताको बारेमा छलफल गर्ने समुहगत अभ्यास गर्न लगाउँने ।<br>• छिमेकीहरुसँग एकआपसमा मिलेर बसेको फोटो देखाएर छलफल गर्ने ।<br>• सबै जाति, जनजाति वर्ग, लिङ्ग, उमेर अवस्थाका मानिसहरुले समाजमा समान सहभागिता र अवसर पाउनुपर्छ । दुर्गम बस्ने घरजग्गा नहुने वा थौरै हुने सबैले मौका पाउनुपर्छ । सबैलाई मिलाउनु पर्छ भन्ने अर्थ बुझाउने र समावेशीताको सही सन्देश दिने । हातको ५ साना ठूला लामा, छोटा औलाको उदाहरण विभिन्न प्रजातिका फूलहरु भएको फूलबारी ससाना ढुङ्गा, रोडा र बालुवा एउटै भाँडोमा अटाएर राख्ने समावेशी खेल खेलाएर वा यस्तै खेलको भिडियो देखाएर समावेशीताको अर्थ र औचित्य बुझाउने ।<br>• समानता र समावेशीताको सिद्धान्तको आवश्यकता बारे छलफल गर्न गाई प्रस्ट पारिदिने ।<br>• समावेशीताको बारेमा छलफल गराई सो बारेमा विद्यार्थीलाई आफूले बुझेको कुरा लेखेर कक्षामा प्रस्तुत गर्न लगाउँने ।<br>• समानता सम्बन्धी बाल भिडियो वा कार्टुन देखाएर समान व्यवहारको ज्ञान सिकाउने र सो बारे बताउन लगाउँने ।<br>• गाउँपालिकामा के कसरी समानता र सामाजिक समावेशीतालाई उचित अभ्यास र प्रवर्द्धन गर्न सकिन्छ भन्ने बारेमा समुहगत कार्य गरी प्रस्तुतीकरण गर्न लगाउँने ।<br>• कुनै व्यक्ति के के कारणले फरक अपाङ्ग बन्छ होला भनी छलफल गराउने र हामी जोसुकैलाई पनि यस्तो अवस्था आउन सक्ने बारे विभिन्न प्राकृतिक विपत्तिले गरेको क्षतिको उदाहरण दिदै प्रस्ट पारिदिने । त्यसैले यस्ता मानिसलाई माया र सहयोगको आवश्यकता पर्ने भएकोले हामीले यस्ता कुराको बारेमा आ-आफ्नो घरपरिवार, समुदाय र समाजमा सबैलाई सचेत गराउनु पर्ने कुरा बुझाउने ।<br>• फरक क्षमताको प्रकारलाई विभिन्न तरिकाले वर्गीकरण गर्न लगाउँने जस्तैः शारीरिक दृष्टि, बोलाई, सुनाइ, मानसिक गम्भिरताका आधारमा सरकारले ४ समुहमा वर्गीकरण गरेको कुरा बुझाउँने ।<br>• साहित्यकार झकम कुमारी घिमिरे लुइस ब्रेइल र अन्य व्यक्तिहरुको फोटो, फरक क्षमता भएका बालबालिका विशेषको सन्देशमूलक भिडियोहरु सङ्कलन गर्ने र विद्यार्थीहरुलाई देखाएर छलफल गराउने र उनीहरुलाई सधै माया र सहयोग गर्नुपर्छ उनीहरुले पनि अरुभन्दा | • सेतोपाटी, मार्कर ।<br>• समावेशी खेल खेलाउनेको लागि स्थानीय खेल सामग्री (जस्तैः ससाना ढुङ्गा, रोडा, बालुवा वा माटो बाल्टी वा अन्य भाँडो पानी) समावेशी खेल सम्बन्धी छोटो भिडियो ।<br>• समानता सम्बन्धी भिडियो वा कार्टुन<br>• फरक क्षमता भएका व्यक्ति र यसको प्रकार बारे जानकारी पुस्तिका<br>• फरक क्षमता भएका व्यक्तिलाई गरिने शब्द सम्बोधन बारे जानकारी शब्दहरु<br>• फरक क्षमता भएका व्यक्तिहरुको चित्र पम्प्लेट वा भिडियो ।<br>• फरक क्षमता भएका व्यक्तिहरुको परिचय पत्रको नमूना जस्तैः रातो, निलो, पहिले, सेतो ।<br>• फरक क्षमता भएका व्यक्तिहरुले प्रयोग गर्ने सामग्रीहरु चित्र वा | • सामाजिक एकता, विविधता, समानता, समता र समावेशीताको अर्थ र उदाहरण र महत्व बताउन लगाउने ।<br>• सबै बालबालिकाहरु बिच आपसी सम्मान, सद्भाव र समानताको बोली व्यवहार, एक अर्कामा मिलेर बस्ने, खेल्ने, हिड्ने गतिविधि विद्यार्थीहरुमा भए नभएको अवलोकन गरी मूल्याङकन गर्ने ।<br>• समावेशीताको अभ्यास विद्यार्थीले गर्छन् कि गर्दैनन् अवलोकन गर्ने । विशेष गरी जातीय, लैङ्गिता, फरक क्षमता आदिको आधारमा ।<br>• फरक क्षमता भएका व्यक्तिको कुनै ३ वटा प्रकार भन्न र चिन्न फरक क्षमता भएका व्यक्तिको परिचयपत्रको प्रकार भन्न वा लेख्न लगाउँने ।<br>• फरक क्षमता भएका र असक्त व्यक्तिहरुलाई किन सहयोग माया, सम्मान गर्नुपर्दछ भनी सोध्ने ।<br>• फरक क्षमता हुनुका कारणहरु के होला भनेर भन्न लगाउँने ।<br>• विद्यालयमा विद्यार्थीहरुको बोली, व्यवहार र | ६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | राम्रो र महान काम गर्न सक्छन् भन्ने कुरा बुझाउनु पर्छ ।<br>● फरक क्षमता भएका र विरामी वृद्ध जोकोही देखेमा भेटेका छौ कि छैनौं भनेर बालबालिकाहरुलाई सोध्ने र त्यस्ता व्यक्तिलाई दैनिक जीवजयापनमा के कस्ता कठिनाई हुन्छहोला र कसले सहयोग गर्छ होला भनेर सोध्ने । जस्तैः खुट्टा नभएको मान्छे कसरी हिड्छ होला, दृष्टिविहिन भएको बच्चाहरु कसरी पढ्छ होला आदि भनेर कौतुहलता जगाउँने ।<br>● फरक क्षमता सम्बन्धी राम्रो वा उचित शब्द र नराम्रो वा गलत शब्दहरु सेतोपाटीमा लेखेर राम्रा शब्दहरु मात्र भन्न वा बोल्न प्रेरित गर्ने । त्यसरी कोही नभएका असहाय विरामी वृद्धवृद्धालाई पनि सम्मान गेरर बोल्ने र सहयोग गर्ने कुरा सिकाउने ।<br>● फरक क्षमता भएका व्यक्तिहरुका बारेमा छलफल गराउने र फरक क्षमता हुनाका कारणहरु केके होलान भनेर सोध्ने । उनीहरु पनि साङग सरह धेरै राम्रो काम गर्न सक्छन् भनेर बताउने ।<br>● फरक क्षमता भएका व्यक्तिहरु आसपासमा भएमा बोलाएर उनीहरुको अनुभवका बारेमा छलफल र सम्वाद गराउने ।<br>● फरक क्षमता र बालबालिका वृद्धवृद्धाहरुलाई राज्यले दिइएको सेवा, सुविधा र परिचय पत्र आदिको बारेमा छलफल गर्ने र गराउने ।<br>● वृद्धवृद्धाहरुसँग कस्तो व्यवहार गर्ने, किन गर्ने र कसरी सहयोग गर्न सकिन्छ भन्ने बारेमा समुहगत छलफलपछि प्रस्तुतीकरण गर्न लगाउने ।<br>● कति उमेर पुगेको बृद्धबृद्धा र कुन परिचय पत्र भएको फरक क्षमता भएका व्यक्तिलाई पैसा वा सामाजिक सुरक्षा भत्ता दिन्छ भनी जानकारी गराउने ।<br>● वृद्ध र एकल महिला फरक क्षमताको परिचयपत्र बनाउन वडा कार्यालय जानुपर्ने परिचयपत्र भएपछि सरकारले सेवासुविधा दिने कुरा आफ्नो घरपरिवार छरछिमेकलाई भन्न प्रोत्साहित गर्ने । | तस्वीर । | क्रियाकलापहरुको अवलोकन गरेर मूल्याङ्कन गर्ने ।<br>● कस्तो रङको फरक क्षमता भएका व्यक्तिलाई कस्तो परिचय पत्र पाउँछन् सोध्ने र बताउने ।<br>● फरक क्षमता भएका व्यक्तिको प्रकार भन्न र चिन्न लगाउँने । | |
| १० | सामाजिक मूल्य मान्यता एवं सदाचार र नैतिकता | ● असल, सभ्य र नैतिकवान् बानी व्यवहारको प्रस्तुती गर्न । | ● सभ्य र सुसंस्कृत बोली व्यवहार ।<br>● अभिवादन, स्वागत, आतिथ्यता, सत्कार ।<br>● सम्मान, मिलनसारिता, सहयोगीपन, दयामाया र असर चालचलन<br>● अपरिचित व्यक्ति, स्वदेशी तथा विदेशी | ● विदेशी पर्यटकसँग गर्नुपर्ने असल व्यवहार र गर्न नहुने गलत व्यवहार सम्बन्धी भूमिका अभिनय गर्न लगाई छलफल गर्ने ।<br>● घर, टोल र विद्यालयमा स्वदेशी तथा विदेशी पर्यटकहरु वा आफ्नो समुदायभन्दा बाहिरका मानिसहरु आउँदा के कसरी बोल्ने, स्वागत सत्कार गर्ने बारेमा छलफल गरी उनीहरुसँग कसरी बोल्ने, कसरी अतिथि सत्कार गर्ने छलफल गेरर सरल, सही र सभ्य बोली व्यवहार बारे टिपोट गर्ने ।<br>● आफ्नो समुदाय घरपरिवारमा भइरहेको राम्रा सभ्य र अनुकरणीय बानी, व्यवहार, अभ्यास, विश्वास, मूल्यमान्यता र नराम्रा वा गलत बानी व्यवहार, अन्भविश्वास गलत अभ्यास के के छन् भनी छलफल गराई सूची तयार गेरर प्रस्तुतीकरण गर्न लगाउँने । | ● राम्रो नराम्रो बानी सम्बन्धी चित्रहरु, फोटोहरु वा भिडियो ।<br>● स्वागत, अभिवादन विदाइ र अतिथि सत्कारका चित्रहरु, फोटोहरु र शब्दहरु<br>● सेतोपाटी, मार्कर<br>● स्वदेशी र विदेशी | ● स्वदेशी तथा विदेशी पर्यटकसँग के कस्तो बोली व्यवहार गर्नुपर्छ भनी प्रश्न सोध्ने ।<br>● राम्रो र नराम्रो बानी सम्बन्धी चित्रहरु देखाएर त्यस बारे बताउन लगाउँने ।<br>● विद्यार्थीले घरपरिवार, विद्यालय, साथीसङ्गी, सार्वजनिक ठाउँमा गर्ने उचित व्यवहार र छरछिमेक | ७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | पर्यटकहरुलाई बोलाउने वा साइनो लगाउँने र उनीहरुसँग बोल्ने र व्यवहार गर्ने सरल, सभ्य र सही तरिका।<br>• घर, टोल र विद्यालयमा पर्यटकहरु आउँदा गर्ने स्वागत, सत्कार। | • तत्पश्चात छलफल चलाउने र समाजमा व्याप्त ती गलत बानी व्यवहार वा गलत सामाजिक चालचलनलाई के कसरी सुधार गर्न सकिन्छ भनी समुहगत छलफल गर्न लगाई प्रस्तुतीकरण गर्न लगाउँने।<br>• राम्रो आनीबानी गर्न विद्यार्थी र सिकाउन अभिभावकहरुलाई पनि प्रोत्साहित गर्ने। | पर्यटकहरुको फोटोहरु। | साथीहरुलाई समस्या परेको बेलामा सरसहयोग गरे नगरेको आधारमा मूल्याङ्कन गर्ने।<br>• विद्यालयमा विशिष्ट अतिथि वा विदेशी पाहुना आउँदा अतिथि सत्कारको लागि सहभागिता भए नभएको आधारमा मूल्याङ्कन गर्ने। | |
| ११ | खेलकुद, कला, साहित्य र शारीरिक व्यायाम एवं योग शिक्षा | • गाउँपालिकामा प्रचलित स्थानीय तथा आयतित खेलकुदहरुको सूची बनाई कुनै ७ वटा स्थानीय र कुनै २ आयतित खेल खेल्न, तिनीहरुको नियम बताउन।<br>• खेलकुदहरुको शारीरिक, सामाजिक तथा मनोबैज्ञानिक महत्व बताउन।<br>• गाउँपालिकामा प्रचलित लोकगीत र लोकनृत्यहरु मध्ये कम्तिमा ५।५ वटा लोकगीत गाउन र लोकनृत्यको सामाजिक, सांस्कृतिक र पर्यटकीय महत्व बताउन।<br>• ७ वटा योगहरुको परिचय दिन। जस्तैः जानुशीरासन, पादहस्तासन, पादचालनासन, त्रिकोणात्मक, मयूरासन, ताडासन र शीर्षासन।<br>• उल्लेखित ७ प्रकारको योगासनको फाइदा र महत्व बताउन।<br>• योगासनका ७ वटै | • पालिकामा प्रचलित स्थानीय र आयतित खेलकुदहरु जस्तैः फुटवल, भलिवल, कपर्दी, डण्डीबियो, भाले जुधाइ, भकुण्डो, डोरी नाध्ने आदि खेल खेल्ने विधिहरु वा तरिका।<br>• खेलकुदको महत्व झल्कने निवन्ध वा कथा।<br>• पालिकामा प्रचलित लोकगीतहरु जस्तैः ठाडोभाका, दोहोरी, तीज, देसीभैलो, रत्यौली, भजन, गीत आदि त्यस्तैः प्रचलित लोकनृत्य जस्तैः रत्यौली, देउसी भैलो, स्याब्रु आदि नाँच र लोक नृत्य गर्ने तरिका र सामाजिक, सांस्कृतिक र पर्यटकीय महत्व।<br>• ७ वटा योगहरुको परिचय दिन। जस्तैः जानुशीरासन, | • विश्वकप, राष्ट्रिय र स्थानीय तहमा आयोजित विभिन्न किसिमका खेलहरुको बारेमा निम्नानुसारको बुँदामा केन्द्रित भई छलफल गर्नेः<br>क) सामाजिक पक्ष<br>ख) आर्थिक पक्ष<br>ग) पर्यटन विकास<br>• खेलकुदले शारीरिक तन्दुरुस्ती कायम राख्न मद्दत पुर्याउने केही उदाहरण दिने।<br>• खेलकुदले समाजमा मेलमिलाप र अमन चैन राख्न मद्दत पुर्याउने केही उदाहरण दिने।<br>• चित्र देखाएर जानकारी गराउने। भिडियो वा प्रवचनको माध्यमबाट खेल खेल्ने तरिका बुझाउने।<br>• खेलकुदको आर्थिक महत्वको बारेमा छलफल गराउने जस्तैः विभिन्न स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद आयोजना गर्दा हुने आर्थिक गतिविधि बारे छलफल गराउने। सम्भव भएमा खेलकुदको महत्व झल्कने लेख वा श्रव्य वा दृश्य फाइल प्रस्तुत गरी छलफल गराउने र सो लेखबाट मानिसमा खेलबाट हुने शरीरिक, सामाजिक तथा मनोबैज्ञानिक महत्व छुट्याएर लेखी प्रस्तुत गर्न लगाउँने।<br>• खेलबाट हुने शारीरिक, सामाजिक तथा मनोबैज्ञानिक महत्व छुट्याएर लेखी प्रस्तुत गर्न लगाउँने।<br>• विद्यार्थीलाई स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलकुद बारे छलफल गराउने।<br>• खेलकुदले मानसिक रुपमा स्वस्थ राख्न मद्दत पुर्याउने केही उदाहरण दिने।<br>• गाउँपालिकामा प्रचलित लोकगीतहरु जस्तैः ठाडोभाका, दोहोरी गीत, देउसी भैलो गीत आदि मध्ये केही मुख्यमुख्य लोकगीतका नाम बालबालिकालाई लेखाइ दिने र ती मध्ये सबैले सुने देखेका लोकगीत र लोकनृत्यका तस्वीर वा भिडियो देखाउने र विद्यार्थीलाई नाचगानमा सम्लग्न गराउने।<br>• बालबालिकाले सजिलै गाउन सक्ने गीत छनौट गरी भाका मिलाएर गाउन सिकाउने। | • खेल अनुसार खेल सामग्रीहरु<br>• खेल सम्बन्धी भिडियोहरु<br>• खेल मैदान वा कक्षा र सोको तयारी।<br>• खेलकुदको महत्व झल्कने लेख वा श्रव्य वा श्रव्यदृश्य फाइल<br>• प्राथमिक उपचार सामग्री बाकस।<br>• खेलका नियम लेख्ने र नतिजा लेख्ने सेतोपाटी।<br>• स्थानीय लोकगीतको सूची।<br>• सही भाका लय र शब्दहरु<br>• अडियो भिजुअल रेकर्डर<br>• साउण्ड स्पिकर, मल्टिमिडिया प्रोजेक्टर र डिस्प्ले सिस्टम।<br>• सेतोपाटी, चार्ट पेपर। | • अभ्यास गरेका प्रचलित खेलको खेल्ने तरिका भन्न लगाउँने।<br>• एकल जोडी र सामुहिक खेलहरु खेल्दा विद्यार्थीहरुको सहभागिता अवलोकन गर्ने।<br>• विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापमा विद्यार्थीहरुको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने।<br>• खेलकुदको शारीरिक, सामाजिक तथा मनोबैज्ञाननिक महत्व बताउन लगाउने।<br>• खेलकुदलाई पेसाको रुपमा विकास गर्न स्थानीय तहको भूमिका कस्तो हुनुपर्छ भनी सोध्ने।<br>• विभिन्न खेलकुद प्रतियोगिता आयोजना गरी सोमा उनीहरुले देखाएको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने।<br>• स्थानीय लोकगीत र लोकनृत्यको सूची बनाउन लगाउँने।<br>• स्थानीय लोकगीत संयुक्त वा सामुहिक रुपमा गाउन लगाउँने। | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | प्रकारहरुको अभ्यास गरेर प्रदर्शन गर्न । | पादहस्तासन, पादचालनासन, त्रिकोणात्मक, मयूरासन, ताडासन र शीर्षासन ।<br>• प्रस्तुत योगका फाइदा र महत्व<br>• योगासनका ७ वटै प्रकारहरुको योगाभ्यास । | • सम्भव भएसम्म यस्ता गीत गाउन जान्ने स्थानीय बासीलाई बोलाएर भाका मिलाएर गाउन लगाई बालबालिकालाई सुनाउन र सिकाउने साथै गीतहरु डाउनलोड गरी सुनाइदिने ।<br>• स्थानीय लोकनृत्यहरु के के हुन भनी सेतोपाटीमा लेखी सामान्य परिचय गराउने ।<br>• बालबालिका घरमा गएपछि नाच्न सक्ने लोकनृत्यमा नाच्न अभ्यास गराउने ।<br>• बालबालिकाले नाचेको नाचेको, गाएको भिडियो रेकर्ड गरी उनीहरुलाई नै देखाउने र त्यस्तो स्थानीय नाचगानको लागि अभ्यास गराउने ।<br>• विद्यार्थीहरुलाई ३ समुहमा विभाजन गरी समुह १ लाई लोकगीत तथा लोक नृत्यको सामाजिक महत्व समुह २ लाई लोकगीत तथा लोक नृत्यको सांस्कृतिक र समुह ३ लाई लोकगीतको तथा लोक नृत्यको पर्यटकीय महत्व लेख्न लगाई प्रस्तुत गर्न लगाउँने । अन्त्यमा लोकगीत तथा लोकनृत्यको सामाजिक तथा लोकनृत्यको महत्व बुझाउने चार्ट देखाई स्पष्ट पारिदिने ।<br>• शिक्षकले योगासनका ७ प्रकार मध्ये जानुशीरासनलाई कक्षाका सबै विद्यार्थीहरुले सुन्ने गरी उच्चारण गर्दै बोर्डमा चित्र सहित लेखिदिने र यसको चिनारी प्रष्ट पार्ने, विद्यार्थीहरुलाई यसरी प्रस्तुत अन्य ६ योगासनहरुको क्रमिक मौखिक, लिखित र चित्रात्मक परिचय र अभ्यास गराउने ।<br>• जानुशीरासनका मुख्य फाइदा शिक्षकले सबै विद्यार्थीहरुले स्पष्टसँग सुन्न सक्ने गरी कक्षाको पाटीमा लेखिदिने र विद्यार्थीहरुलाई सार्न लगाउने मौखिक र लिखित अभ्यास गराउने, प्रस्तुत अन्य योगासनहरुको फाइदा र महत्वलाई क्रमिक रुपमा अभ्यास गराई स्पष्ट पार्ने ।<br>• विद्यार्थीहरुलाई सफा चौरमा लगेर वा घरबाट म्याट वा दरी ल्याउन लगाएर शिक्षकले उचित तरिकाले आसनमा बस्न लगाई पहिला आफुले नमूना अभ्यास गर्ने र क्रमशः उनीहरुलाई अनुकरणात्मक अभ्यास गर्न लगाउने । अभ्यास गराउँदै जाँदा केही विद्यार्थीहरुले छिटो सिक्ने हुनाले तिनलाई अगुवा बनाई गर्न र अरुलाई तिनका पछाडि हेरेर अनुकरणात्मक अभ्यास गर्न लगाउने । शिक्षकले निरीक्षण गर्ने । विराएका विद्यार्थीलाई क्रमशः सुधारात्मक सिकाइ अभ्यास गराउँदै अभ्यस्त बनाउने । | • लोकगीत र लोक नृत्यको सामाजिक, सांस्कृतिक र पर्यटकीय महत्व प्रस्ट पार्ने चार्ट ।<br>• योगको विभिन्न प्रकारका फोटो वा तस्वीहरु वा पोस्टर | • स्थानीय लोकनृत्य संयुक्त वा सामुहिक रुपमा नाच्न र प्रदर्शन गर्न लगाउँने ।<br>• विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापमा विद्यार्थीको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने ।<br>• लोकगीत तथा लोक नृत्यको सामाजिक, सांस्कृतिक र पर्यटकीय महत्व बनाउन लगाउँने ।<br>• ७ प्रकारका योगासनहरु मध्ये कुनै ४ को नाम लेख्नुहोस् साथै जानुशीरासनलाई सचित्र स्पष्ट पार्नुहोस् ।<br>• योगाभ्यासका ७ वटा प्रकारहरुलाई क्रमैसँग अभ्यास गरेर देखाउनुहोस् ।<br>• जानुशीरासनका मुख्य फाइदाहरु बताउनुहोस् । जानुशीरासनको महत्व स्पष्ट पार्नुहोस् । यसलाई आफ्नो गृहकार्य पुस्तिकामा चित्र सहित लेखेर ल्याउनुहोस् । | |
| १२ | वातावरण संरक्षण एवं फोहोरमैला व्यवस्थापन र हरित विद्यालय | • हरियाली प्रवर्द्धनको महत्वऽ तरिका र सहभागिता ।<br>• हरियाली प्रवर्द्धनका बारेमा बताउन ।<br>• पानी र फोहोरमैला व्यवस्थापनका उपाय बारे बताउन । | • बोटबिरुवा वन्यजन्तुको संरक्षण र अपराध नियन्त्रणमा कानुनी व्यवस्था पालना गराउनका लागि विद्यार्थी, विद्यालय, स्थानीय समुदाय र स्थानीय | •वडा अन्तर्गत रहेका वनमा पाइने वनस्पति तथा वन्यजन्तु र चराको संरक्षण तथा अपराध नियन्त्रण सम्बन्धी कानुनी व्यवस्था पालना गराउनका लागि विद्यार्थी, शिक्षक, विद्यालय, स्थानीय समुदाय र स्थानीय सरकारको भूमिकामा छलफल गराउने र पालना गर्ने गराउने ।<br>•वृक्षारोपण गरेका विरुवाहरुको आवश्यकता अनुसार रेखदेख गर्न लगाउने ।<br>•घर र वडामा वृक्षारोपण गर्ने कार्यमा सहयोग गर्ने कुरा भन्ने र अनुभव सुनाउन लगाउने ।<br>•विद्यालयको खाली ठाउँमा वृक्षारोपण कार्यमा सहभागी गराउने । | • हरियाली र नाङ्गा डाँडापाँखा भएको पोस्टरहरु<br>• सफा र फोहोरयुक्त चित्रहरु भएको पोस्टर<br>• वृक्षारोपण गर्दै गरेको चित्रहरु पोस्टरहरु | • वन्यजन्तु तथा वनस्पति अपराध नियन्त्रण सम्बन्धी कानुनमा भएको व्यवस्था भन्न लगाएर ।<br>• वडामा भएका वनहरुमा पाइने वनस्पति तथा वन्यजन्तु संरक्षण र अपराध नियन्त्रणमा कानुनी व्यवस्था पालना गराउनका लागि | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • गाउँपालिकास्तरबाट पुरा गर्न सकिने दिगो विकासका लक्ष्यहरु बारे जानकारी।<br>• गाउँपालिका क्षेत्रमा दिगो विकास र वातावरण संरक्षण तरिकाहरु बारे जानकारी | सरकारको भूमिका। जस्तैः घर तथा विद्यालयमा गरिने वृक्षारोपणमा सहयोग।<br>• हरियाली प्रवर्द्धनको परिचय, महत्व, तरिका र सहभागिता।<br>• घर तथा विद्यालयमा भएका बोटबिरुवाको संरक्षणमा सहयोग।<br>• दिगो विकास लक्ष्य प्राप्तिका लागि स्थानीय सरकारले गर्दै आएका तथा गर्नुपर्ने कार्य ।<br>• घरायसी उपयोग भइसकेको पानीको व्यवस्थापन सोकपिट, करेसाबारीमा उपयोग, घरायसी ठोस फोहोरको व्यवस्थापन।<br>• स्थानीय क्षेत्रमा पानीको दिगो व्यवस्थापनको उपायहरु।<br>• घरायसी तथा विद्यालयबाट निस्केको ठोस फोहोरको व्यवस्थापनः विन तथा पिट कम्पोस्टिङ गर्ने प्रक्रियाको अभ्यास<br>• गाउँपालिका क्षेत्रमा वातावरण प्रदुषणको न्यूनीकरण र फोहोरमैला | •विद्यालय तथा वरपरको समुदाय र वनक्षेत्रको खाली ठाउँमा वृक्षारोपण गर्नुपर्ने कुराको जानकारी गराउने। सो कार्यमा विद्यार्थी र शिक्षक सहभागी हुने।<br>•बोटविरुवाको संरक्षण गर्नुपर्ने कुरा भन्ने र संरक्षण तथा हेरचाह गर्ने कार्यमा सहभागी गराउने।<br>•हरित घर तथा हरित विद्यालय तथा दिगो विकास बिचको अन्तर सम्बन्ध भन्न लगाउने र यस्तो सम्बन्ध प्रवर्द्वन गर्न विद्यार्थी, विद्यालय, समुदाय, स्थानीय तहले निर्वाह गर्नुपर्ने भूमिकामा छलफल गर्ने।<br>•हरियाली प्रवर्द्धन गर्दा हुने महत्व र प्रवर्द्धन गर्ने तरिका भन्न् र विद्यार्थीलाई सहभागी गराउने।<br>•पानीको दिगो व्यवस्थापन गर्ने उपायमा छलफल गराउने जस्तोः पानीको मुहान संरक्षण गर्ने, वैकल्पिक पानीको व्यवस्थापन गर्ने, आकासे पानी, भूमिगत जलभण्डारको रिचार्ज गर्ने, सरसफाइ व्यवस्थापन गर्ने।<br>• आकासे पानीको सङ्कलन गर्ने विधि, भिडियो सहित प्रदर्शन गर्ने वा आकासे पानी सङ्कलन गरेको अवलोकन गराउने जस्तैः वर्षा, ट्याङ्की प्रशोधन र प्रयोग।<br>• घरायसी उपयोग भइसकेको पानीको व्यवस्थापन सोकपिट, करेसाबारीमा उपयोग, घरायसी ठोस फोहोरको व्यवस्थापन।<br>• विद्यालय तथा घरायसी ठोस फोहोमैलाको व्यवस्थापन गर्ने विधिहरुमा छलफल गराउने।<br>• घरायसी ठोस फोहोरमैलाको व्यवस्थापन अन्तर्गत विन कम्पोस्टिकङ वा भाडामा मल बनाउने र पिट कम्पोस्टिङ एवं खाडलमा थुप्रो बनाएर मल बनाउने विधिको चित्र वा भिडियो वा प्रत्यक्ष अवलोकन गराएर जानकारी दिने।<br>• ती विधिबाट तयार भएको मल आवश्यकता अनुसार उपभोग गर्न लगाउने।<br>• वडा तथा गाउँपालिका क्षेत्रमा वातावरण प्रदुषणको न्यूनीकरण गर्ने उपाय तथा फोहोरमैला व्यवस्थापनमा विद्यालय, स्थानीय समुदाय, सङ्घसंस्था र गाउँपालिकाको भूमिकामा छलफल गराउने।<br>•घर परिवार, विद्यालय, अस्पताल, कारखाना, विकास निर्माण प्रकोप आदिबाट हुने फोहोरलाई वर्गीकरण गर्न लगाउने र ती फोहोरलाई सामान्यतया ठोस (कुहिने र नकुहिने) तरल र ग्याँस वा हावा गरी तीन समुहमा वर्गीकरण गर्न सकिने कुरा भन्ने।।<br>•विभिन्न माध्यमबाट उत्पन्न हुने फोहोरलाई उचित तरिकाले विसर्जन गर्न, मल बनाउने, प्रशोधन गर्ने कार्य गर्नुपर्ने कुरा भन्न र व्यवस्थापनमा सहभागी गराउने।<br>•दिगो विकास र हरित विद्यालयको अवआधारणाको पुनरावलोकन गराउने र विद्यार्थीहरुको अनुभवलाई समेटी दिगो विकासको अवधारणा प्रस्ट पार्ने।<br>•दिगो विकासका लक्ष्यहरुको जानकारी गराउने र गाउँपालिका स्तरबाट दिगो विकासको लक्ष्य | • बिरुवाहरुमा पानी हाल्दै गरेको चित्रात्मक पोस्टर।<br>• दिगो विकासका लक्ष्यहरुको पोस्टर।<br>• हरित घर र विद्यालय झल्किने तस्वीर वा पोस्टर।<br>• पानीका स्रोतहरुको तस्वीहरु पोस्टरहरु ।<br>• पानीका स्रोतहरुको बारेमा भिडियो क्लिप।<br>• सोकपिट र विन कम्पोस्ट र पिट कम्पोस्ट मल बनाउने तरिका बारेमा चित्र र भिडियोहरु। | विद्यार्थी, विद्यालय स्थानीय समुदाय र स्थानीय सरकारको भूमिका भन्न लगाएर।<br>• हरियाली प्रवर्द्धनको परिचय यसको महत्व र तरिका भन्न लगाएर।<br>• घरमा भएका विरुवाको नाम भन्न लगाएर।<br>• इकोक्लबको परिचय दिन लगाएर।<br>• इको क्लबको गठन प्रक्रिया भन्न लगाएर।<br>• इको क्लबले हरित विद्यालय प्रवर्द्धन गर्न निर्वाह गर्नुपर्ने भूमिका भन्न लगाएर।<br>• हरित घर तथा विद्यालय निर्माणका लागि आवश्यक पर्ने आधारभूत पक्षको परिचय दिन लगाएर।<br>• यी पक्षको कार्यान्वयन गर्न निर्वाह गर्नुपर्ने भूमिका भन्न लगाएर।<br>• वृक्षारोपणको अनुभव भन्न लगाएर।<br>• विद्यालयमा बिरुवाको संरक्षण तथा हेरचाहमा सहभागी भए नभएको अवलोकन गरेर।<br>• घर तथा विद्यालय वरपरको वातावरण सफा राख्ने कार्यमा सहभागी भए नभएको अवलोकन गरेर।<br>• फोहोरमैलाले स्थानीय स्तरमा | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | व्यवस्थापनमा स्थानीय समुदाय, संघसस्था र गाउँपालिकाको भूमिका।<br>● दिगो विकास र वातावरण संरक्षणका लागि स्थानीयस्तरबाट गर्न सकिने प्रयास जस्तैः विद्यार्थी, विद्यालय र समुदायको भूमिका।<br>● दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध। | पुरा गर्न सकिने लक्ष्यहरु पहिचान गराउने।<br>●दिगो विकास लक्ष्य र वातावरण संरक्षण बिचको अन्तरसम्न्धमा छलफल गराउने।<br>●वातावरण संरक्षण गर्ने तरिकाहरु श्रव्यदृश्य सामग्रीको माध्यमबाट प्रदर्शन गर्ने र वातावरण संरक्षणमा सहभागी गराउने।<br>●दिगो विकास र वातावरण संरक्षणका लागि विद्यार्थी, विद्यालय र समुदायले निर्वाह गर्ने भूमिकामा छलफल अन्तरक्रिया गराउने। | | पारेको असर भन्न लगाएर।<br>● स्थानीय स्तरमा वातावरणीय प्रदुषणको अवस्था भन्न लगाएर।<br>● दिगो विकासको परिचय दिन लगाएर।<br>● दिगो विकासका लक्ष्यहरु प्राप्तिका लागि स्थानीय सरकारले गर्दै आएका प्रयासहरु भन्न लगाएर।<br>● गाउँपालिकास्तरबाट दिगो विकासको लक्ष्यहरु भन्न लगाएर।<br>● वातावरण संरक्षण र दिगो विकासको अन्तरसम्बन्ध भन्न लगाएर।<br>● घर तथा विद्यालयमा उपयोग भैसकेको पानीको व्यवस्थापन गर्ने तरिका भन्न लगाएर।<br>● सोकपिटको परिचय, बनाउने तरिका र महत्व बारे भन्न लगाउने। | |
| १३ | सामाजिक रुपान्तरण, लोकतन्त्र र सङ्घीयता | ● लोकतन्त्र वा गणतन्त्र र सङ्घीयताको अर्थ र नेपालमा यसको आवश्यकता बारे बताउन। | ● नेपालमा सङ्घीयता एवं गणतन्त्र घोषणाको पृष्ठभूमि। | ●प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र र सङ्घीयता शब्द सुने नसुनेको र त्यसको अर्थ के हो भनेर सोध्ने र ती शब्दावलीहरुको अर्थ लिखिदिने।<br>●नेपालमा सङ्घीयता र गणतन्त्र घोषणा गर्नु पूर्वको मुख्यमुख्य घटनाक्रम वा पृष्टभूमि जस्तैः १० वर्षे शसस्त्र द्धन्द्ध, दोस्रो जनआन्दोलन, शान्ति प्रक्रिया, मधेश आन्दोलन, जनजाति आन्दोलन, संविधान सभा र संविधान निर्माण आदि।<br>●नेपालमा लोकतन्त्र र सङ्घीयताको मुख्य विशेषताहरु बुँदागत रुपमा लेखेर बताइदिने।<br>●सङ्घीयताको कार्यान्वयनको परिणामस्वरुप सङ्घ, प्रदेश र स्थानीय तहहरुको संरचना बनेको र मुड्केचुला गाउँपालिका पनि त्यसैको एउटा उदाहरण भएको बताउने र बुझाउने।<br>●नेपालको लोकतन्त्र र सङ्घीयता सम्बन्धी कक्षागत हाजिरी जवाफ प्रतियोगिता गराउने।<br>●नेपालको सङ्घीय संरचनामा मुड्केचुला गाउँपालिकाको बारेमा नक्साको सहयोगमा संक्षिप्त प्रस्तुतीकरण गर्न लगाउँने। | ● नेपालमा लोकतन्त्र वा गणतन्त्र, सङ्घीयता घोषणा सम्बन्धी सन्दर्भ पुस्तकहरु तथा अध्ययन सामग्रीहरु।<br>● पालिकाको वेवसाइट। | ● विद्यार्थीहरुलाई लोकतन्त्र र गणतन्त्र वा सङ्घीयताको अर्थ भन्न वा लेख्न लगाउँने।<br>● नेपालको लोकतन्त्र, गणतन्त्र र सङ्घीयताको विशेषता बताउन वा लेख्न लगाउँने।<br>● नेपालमा भएको लोकतन्त्र, गणतन्त्र र सङ्घीयताको बारेमा एउटा अनुच्छेद लेख्न लगाउँने।<br>● सङ्घीयताको महत्व बारे भन्न र लेख्न लगाउँने। | ५ |

## परिच्छेद–तीन

## शिक्षण सिकाइ तथा विद्यार्थी मूल्याङ्कन एवम् प्रक्रिया

### ३.१ शिक्षण सिकाइ सहजीकरण विधि

स्थानीय पाठ्यक्रम स्थानीय बस्तुस्थितिको सापेक्षतामा तयार गरिने पाठ्यक्रम भएकोले कहिलेकाही एउटै पालिकामा पनि स्थानीय विषयवस्तुको सन्दर्भ र परिवेशमा एकरुपता नहुन पनि सक्दछ । स्थानीय विषयको लागि पाठ्यपुस्तकको परिकल्पना गरिदैन तथापि विषयवस्तुसँग सम्बन्धित विभिन्न सन्दर्भ पुस्तकहरुलाई उपयोगमा ल्याउनुपर्ने हुन्छ । सिकारुको रुची उमेर क्षमता र स्थानीय परिवेशको आधारमा सिकाइ सहजीङ्करण गर्नुपर्ने भएकोले एउटै विधि वा सिकाइ क्रियाकलाप स्थानीय विषयमा सान्दर्भिक हुदैन । यस कारण पनि स्थान र परिवेश सापेक्ष निर्माण हुने स्थानीय पाठ्यक्रमले तोकेका शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न बाञ्छनीय हुन्छ । स्थानीय विषयवस्तु पढ्ने र पढाइने भन्दापनि गर्ने र गराइने विषय भएकोले प्रभावकारी सिकाइका लागि प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप आवश्यक शैक्षणिक योजना निर्माण र सो अनुसार कार्यान्वयनको आवश्यकता हुन्छ । स्थानीय पाठ्यक्रमका विषयवस्तुको सिकाइका लागि पाठ्यक्रमले निर्दिष्ट गरेका विषय क्षेत्रसँग सम्बन्धित भई विभिन्न विद्यार्थी केन्द्रित क्रियाकलाप परियोजना कार्य प्रयोगात्मक कार्य सामुदायिक कार्यलाई उपयोगमा ल्याउन सकिन्छ । सूचना तथा सञ्चार प्रविधिको समेत समुचित प्रयोग गर्दै विषयवस्तुको बारेमा सिकारुलाई स्पष्ट पार्न सकिन्छ । स्थानीय पाठ्यक्रमको शिक्षण गर्दा सिकाइ सहजीकरण विधि तथा क्रियाकलापहरु यो र यति नै हुन्छन् र हुनुपर्छ भन्ने कुनै किटान गर्न सकिदैन र हुदैन पनि । यद्यपि केही अनिवार्य सिकाइ सहजीकरण विधिहरुलाई अवलम्वन गर्न सकिन्छ ।

यसरी मुड्केचुला गाउँपालिकाको आधारभूत तहको स्थानीय पाठ्यक्रम अन्तर्गतका विषयवस्तुहरुको प्रभावकारी शिक्षण सिकाइका लागि स्थानीय पाठ्यक्रमले निर्धारण गरेको पाठ्यभार तथा सिकाइ सुधारको लागि मूल्याङ्कनलाई बढी प्रभावकारी व्यवहारिक र कार्यमूलक बनाउनका लागि तहगत रुपमा देहायका शिक्षण सिकाइ सहजीकरण विधिहरु प्रस्ताव गरिएको छ ।

### ३.१.१ कक्षा १ देखि ३ सम्मको लागि शिक्षण सिकाइ सहजीकरण विधि

शिक्षण सिकाइलाई परिणामुखी तथा सिकाइ प्रभावकारी र दिगो बनाई उनीहरुको स्थानीय आवश्यकता अनुसारको उपयुक्त ज्ञान सिपको विकासको सुनिश्चिताको अपेक्षा गरिएको छ । जसको लागि सिकारु केन्द्रित अन्तरक्रियात्मक तथा प्रत्यक्ष अनुभवमा आधारित शिक्षण विधिको विकास र प्रयोगमा जोड दिइएको छ । कक्षाकोठामा हुने शिक्षणमा पाठ्यक्रम पाठ्यपुस्तक शिक्षक निर्देशिका सन्दर्भ सामग्रीमा अतिरिक्त सकेसम्म स्थानीय स्तरमा उपलब्धका साथै स्वनिर्मित स्रोतसाधनलाई शैक्षणिक सामग्रका रुपमा प्रयोग गर्नुपर्ने हुन्छ । समयको माग बमोजिम सिकाइलाई निरन्तरता र प्रविधिमा आधारित बनाई युग सापेक्ष सूचना प्रविधिको प्रयोगलाई जोड दिनुपर्ने हुन्छ । सोको लागि शिक्षकले हरदम आफूलाई आवश्यक पर्ने ज्ञान सिपको विकास गरी आफूलाई निरन्तर अद्यावधिक र आधुनिकताका लागि तयार बनाइरहनु पर्दछ ।

कक्षा १-३ को पाठ्यक्रमले एकीकृत सिकाइलाई जोड दिने भएकोले शिक्षण सिकाइ सहजीकरणका क्रियाकलापलाई पाठ्यक्रमको स्वरुप अनुसार एउटा विषयको सिकाइबाट समेत अर्को विषयलाई समेत परिपूरक सहयोग हुनेगरी व्यवस्थित गर्नुपर्ने हुन्छ । जसका लागि शिक्षकले एकीकृत पाठ्यक्रमको बहुविषयक ढाँचा अनुसार शिक्षण सिकाइ सहजीकरणका क्रियाकलापहरु छनौट गरी सञ्चालन गर्नुपर्छ । शिक्षकले आवश्यकता अनुसार विभिन्न क्षेत्रका स्थानीय विज्ञहरुको ज्ञान र सिपलाई उपयोग गर्न उनीहरुलाई कक्षाकोठामा आमन्त्रण गरी हासिल गरेका अनुभव तथा सिपको प्रदर्शन र अन्तरक्रियाको अवसर दिनुपर्दछ । सिकाइलाई सहकार्यात्मक र प्रत्यक्ष अनुभव र अभ्यासमा आधारित बनाउन स्थलगत अवलोकन अध्ययन र प्रयोगात्मक अभ्यासमा जोड दिनुपर्नेछ ।
सिकाइ सहजीकरण प्रक्रियाहरुले शिक्षणलाई ज्ञानको हस्तान्तरणभन्दा सिकारुको ज्ञानको निर्माण गर्ने कार्यमा सहयोग गर्नुपर्छ ।
कक्षा १-३ को स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि निम्नानुसार सिकाइ सहजीकरण प्रक्रियाहरुको अवलम्बन गर्न सकिनेछः

- पाठ्यक्रमको बहुबिषयक ढाँचा अनुसार अन्य विषयसँग मेलखाने सिकाइ उपलब्धि तथा विषयवस्तुलाईसँगै र नमिल्ने विषयवस्तुलाई निश्चित क्रमममा राखेर सरल देखि जटिलताको सिद्धान्त अनुसार सहजीकरण गर्ने । जहाँ एकीकृत सिकाइको लागि शिक्षकले एकीकृत पाठ्यक्रमको अध्ययन र अन्य शिक्षकहरुसँग समेत समन्वय गरी सहजीकरण क्रियाकलपा सञ्चालन गर्नुपर्नेछ ।

- बालबालिकाको संज्ञानात्मक विकासको अवस्थालाई दृष्टिगत गरी उनीहरुको धारणा विकासमा सहयोग पुर्याउन शिक्षणमा ठोस सामग्रीको प्रयोगलाई स्थान दिने।
- मनोरञ्जनपूर्ण तरिकाले सिकाइका लागि खेत गीत नाटक नृत्य र अभिनय विधिको प्रयोग गर्ने।
- दैनिक जनजीवनसँग सम्बन्धित गरी रोचक र मनोरञ्जनपूर्ण तरिकाले शिक्षण सिकाइमा जोड दिने।
- प्रशस्त मात्रामा अभ्यास र अवलोकनको अवसर दिने।
- प्रश्नोत्तर प्रदर्शन वा व्याख्यात्मक र छलफल विधिलाई प्रयोग गर्ने।
- विद्यार्थीहरुले प्रत्यक्ष अनुभव गरेर तथा विद्यार्थी आफै सक्रिय भई सिक्नसक्ने गरी प्रयोगात्मक विधि परियोनात्मक विधि सर्वेक्षण समस्या समाधान खोज अनुसन्धान र आगमन र निगमन विधि र स्थलगत भ्रमणको व्यवस्था मिलाउनु पर्नेछ।
- बालबालिकाहरुलाई सिकाइमा उत्प्रेरणा जगाउन तथा सक्रियता बढाउन उनीहरुकै अनुभव तथा सोच्ने, तर्क गर्ने सिपको विकासमा जोड दिनुपर्नेछ। जसको लागि मस्तिष्क मन्थन, अनुमान र निर्देशत पढाई जस्ता विधिको प्रयोग गर्नुपर्नेछ।
- सिकारुले आफूले जानेका सिकेका र हासिल गरेका ज्ञान, सिप र अनुभवहरु एकआपसमा आदानप्रदान गरी सहपाठीहरुको सहयोग र सहकार्यमा सिक्न परस्पर शिक्षण जोडीमा, पढाई जोडीमा, सारांश, पिरामिड सिकाइ, अब मेरो पालो, एक बस्ने अरु छरिने जस्ता रमाइला शिक्षण रणनीतिको प्रयोग गर्नुपर्नेछ।
- विषयवस्तुसँग सम्बन्धित विभिन्न समस्याको समाधानका लागि खोजमूलक सिकाइ संरक्षण कार्य, परियोजना र प्रयोगशाला कार्य आदिमा विद्यार्थीहरुलाई सहभागी बनाई विद्यार्थीहरुको स्तर र विषयवस्तुको प्रकृति अनुसार कार्य गर्न लगाउन पर्नेछ।
- सामाजिक सुधार, जनचेतना र वातावरण संरक्षणमा आफ्नो स्तरबाट योगदान दिन तथा नेतृत्व सिपको विकासमा प्रेरित गर्नका लागि सूचनामूलक भिडियो बनाई सामाजि सञ्जालमा अपलोड गर्ने विभिन्न चित्रहरु सार्वजनिक स्थानमा टाँस गर्ने जस्ता अभियान तथा सामाजिक कार्यहरुमा विद्यार्थीहरुलाई सरिक गराउने।
- पाठको समीक्षा, सिकाइका लागि मूल्याङ्कन र पाठको पुनरावलोकन गर्दा जोडीमा प्रश्नोत्तर, रिले रेस, तातो आलु, बोर्डतिर दौड्ने जस्ता सिकाइ रणनीतिहरु अवलम्वन गर्नुपर्नेछ।
- कक्षाकोठालाई रमाइलो तथा जीवन्त बनाइराख्न र युग सापेक्ष प्रविधियुक्त सिकाइका लागि श्रव्यदृश्य, विद्युतीय तथा वेव साइटमा आधारित सामग्री र विधिहरुलाई प्रयोग गर्नुपर्नेछ।
- महामारी एवम् विपद्को समयमा घरमै अध्ययन गर्न सक्नेगरी विद्यार्थीहरुलाई इमेल, इन्टरनेटमा सिकाइ सामग्रीहरु खोज्न सक्ने, हेर्न सक्ने, अध्ययन गर्न सक्ने, बुझाउने एवम् आवश्यक रहेका बालबालिकाहरुलाई सम्मानजनक तथा समतामूलक शिक्षण सिकाइको सुनिश्चितता गर्नुपर्नेछ।
- आवश्यकता अनुसार व्यक्तिक र उपचारात्मक शिक्षण विधिको व्यवस्था मिलाउनु पर्नेछ।

### ३.१.२ कक्षा ४-८ को लागि शिक्षण सिकाइ सहजीकरण विधि

कक्षा ४ देखि ८ सम्मो स्थानीय पाठ्यक्रममा विभिन्न १२ वटा सिकाइ क्षेत्रलाई समेटेर पाठ्यक्रम तयार गरिएको हुनाले उक्त पाठ्यक्रमले तोकेका विषयवस्तुहरुको शिक्षण सिकाइ क्रियाकलापहरु सञ्चालन गर्दा विद्यार्थीहरुलाई व्यवहारिक ज्ञान र सिप प्रदान गर्नका लागि कक्षाकोठाभित्र र बाहिर आफ्नो टोल समुदायहरुसँग समेत साक्षात्कार गरी क्रियाकलापहरु गराउनुपर्ने हुन्छ। तोकिएको विषयवस्तुहरुलाई शिक्षण गर्न विद्यार्थीहरुले कथा कविता नाटक समाचार चिठीऽ सम्पादकीय गीत प्रतिवेदन रेखाचित्र वृत्तचित्र सतम्भचित्र तालिका तस्वीरहरु नक्शा आदि तरिकाबाट विद्यार्थीहरुले भाव प्रकट गरुन भन्ने उद्धेश्य राखिएको छ। यी सबै सिपको विकास गर्न समान रुपले सबै विद्यार्थी सक्षम नहुन पनि सक्दछन्। त्यसैले उनीहरुलाई आफ्ना रुचि र खुबी अनुसारको सिपको विकास गर्न प्रोत्साहित गर्नेगरी शिक्षण सिकाइ सहजीकरण गर्नुपर्छ। शिक्षण सिकाइको विधि र पद्धतिलाई सिकारु केन्द्रित सामग्री र क्रियाकलाप केन्द्रित गर्दै प्रयोगात्मक तरिकाबाट विद्यार्थीह्रुले गरेर सिक्ने वातावरणको सुनिश्चिता गर्नुपर्छ। स्थानीय विषय सिप परिवेश सन्दर्भ पहिचान पेसा व्यवसाय र प्रविधिसँग बढी निकट्ता हुने भएकोले सान्दर्भिक शिक्षण सिकाइ मार्फत बालबालिकामा पूर्ण सक्षमताको विकास गर्नुपर्ने हुन्छ।

विश्वव्यापी रुपमा दैनिक विकास र विस्तार भएका प्रविधिउन्मुख प्रविधिलाई सथानीयकरण र विशुद्व स्थानीय रैथाने मौलिक ज्ञान सिप र प्रविधिलाई विश्व्यापीकरण गर्न सक्ने गरी शिक्षण सिकाइ क्रियाकलापका विधिहरु मार्फत सहजीकरण गर्नुपर्ने अनिवार्यता हुन्छ । स्थानीय पाठ्यक्रमको निर्माण कार्य सैद्वान्तिक रुपमा विशुद्व रुपमा मौलिक यथार्थपरक जीवन भोगाई र सिकाइमा आधारित हुने भएकोले यसको कार्यान्वयन पक्ष व्यवहारिक र वस्तुगत हुन सकेन भने आशा गरिएको नतिजा प्राप्त हुन सक्दैन । त्यसैले स्थानीय पाठ्यक्रमलाई व्यवहारिक र जीवनपयोगी बनाउने कार्यमा शिक्षकहरुको अहंम भूमिका रहन्छ । पाठ्यक्रम कार्यान्वयनका सन्दर्भमा शिक्षण सिकाइ विधि र प्रकियालाई प्रभावकारी बनाउनका लागि विषयवस्तु कक्षा कोठाको परिवेश विद्यार्थीको रुची र सक्षमताका आधारमा उपयुक्त विधि छनौट गरी शिक्षण गर्नुपर्ने हुन्छ । अतः आधारभूत तहको कक्षा ४ देखि ८ सम्म स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्दा निम्न तल उल्लेखित शिक्षण सिकाइ विधिहरुको अवलम्बन गर्न आवश्यक हुन्छः

**(क) परियोजना विधि**

अभ्यासकै महत्वपूर्ण अङ्गको रुपमा आजभोली परियोजना कार्य गर्ने र गराउने गरिन्छ । प्रत्यक्ष अनुभव मार्फत सिक्न सक्ने वा सिक्न सहयोग गर्ने विधि नै शिक्षण सिकाइको प्रभावकारी विधि नै परियोजना विधि हो । यस विधिमा तोकिएको काम तोकिएको समयसिमा भित्र तोकिएको व्यक्तिहरुले शिक्षण सिकाइका क्रियाकलापहरु सम्पन्न गरिसक्नु पर्दछ । यो विधि मार्फत सिकाउने विषयवस्तुको प्रकृति विद्यार्थीको उमेर र सिकाइस्तर स्थानीय परिवेश आदि पक्षलाई विशेष ध्यान दिनपर्दछ । स्थानीय पाठ्यक्रममा प्रायजसो विषयवस्तुलाई यस विधिबाट सहजीकरण गर्न सकिन्छ जहाँ विषयवस्तुहरु स्थानीय परिवेश र परिधिमा आधारित रहेका हुन्छन । जस्तै उदाहरणको लागि तरकारी बाली फलफूल खेती अन्नबाली धार्मिक सम्पदा यर्यटकीय स्थल संस्कृति आदिको बारेमा जानकारी हासिल गर्न ।

**(ख) प्रदर्शन विधि**

शिक्षकले कुनै शैक्षिक सामग्रीहरु प्रदर्शन गरेर त्यसको माध्यमबाट विद्यार्थीलाई सिकाउने र विद्यार्थीहरुबाट उनीहरुले व्यक्तिगत तथा समुहगत रुपमा तयार गरेका कार्यको विवरण प्रदर्शन गरेर शिक्षण सिकाइ गरिने विधि हो प्रदर्शन विधि । गाउँघरमा पाइने विभिन्न परम्परागत प्रविधिको प्रदर्शन गाउँठाउँको चित्र तथा श्रव्यदृश्य सामग्रीको प्रदर्शन गरी सहजीकरण गर्ने आदि ।

**(ग) समस्या समाधान विधि**

विद्यार्थीहरुलाई विषयवस्तुहरुसँग सम्बन्धित कुनै समस्या दिने र ती समस्याको समाधानको उपाय विद्यार्थीहरुलाई खोज्न लगाई शिक्षण सिकाइ गरिने शिक्षण विधि हो । यसमा समस्याको सही पहिचान समस्याको विभिन्न विकल्पको खोजी विकल्पको विश्लेषण उपयुक्त विकल्पको छनौट र कार्यान्वयन आदि चरणहरु यस विधिमा रहन्छन् । विषयवस्तुको प्रकृति हेरी स्थानीय परिवेश विद्यार्थीको सिकाइस्तर आदिको आधारमा व्यक्तिगत वा समुहगत रुपमा समस्या समाधान गर्न दिन सकिन्छ । जस्तै कुनै स्थानीय पेसा व्यवसायको छनौट गरी उक्त व्यवसायको सञ्चालन र व्यवस्थापन गर्न आदि ।

**(घ) अवलोकन विधि**

कुनै पनि कार्य घटना अवस्था विषयवस्तु तथा स्थानको अवलोकन गरी गराई विद्यार्थीहरुलाई प्रत्यक्षरुपमा हेर्न देख्न जान्न बुझ्न र अनि सिक्ने अवसरका लागि अवलोकन विधि प्रयोग गर्न सकिन्छ । यो विधिको प्रयोग गर्दा सकेसम्म नजिकको विषयवस्तुलाई प्रमथमिकता दिदै संरक्षति तथा व्यवस्थित रुपमा सम्पन्न गर्नुपर्दछ । अवलोकन पश्चात विद्यार्थीको सहभागितामा प्रतिवेदन तयार पार्न लगाई कक्षा कोठामा प्रस्तुत गर्न लगाउनु पर्दछ ।

**(ङ) छलफल विधि**

यो छलफल विधिबाट दुई वा सोभन्दा बढी व्यक्तिहरुबिच विषयवस्तुमा आधारित भएर छलफल गर्न लगाई निष्कर्ष निकाल्न लगाउन सकिन्छ । यो विधिमा शिक्षक र विद्यार्थीहरुबिच, विद्यार्थीहरुबिच, विद्यार्थी र सरोकारवालाहरुबिच छलफल गराउन सकिन्छ । विषयवस्तुको प्रकृति र स्थान स्रोतसाधन आदिको आधारमा विभिन्न तरिकाबाट छलफल गर्न गराउन सकिन्छ ।

**(च) प्रश्नोत्तर विधि**

कुनै समस्या वा घटनाको बारेमा सुझबुझकासाथ उत्तर दिन लगाई शिक्षण सिकाइ गरिने विधि नै प्रश्नोत्तर विधि हो । यो विधि निकै प्रचलित र पुरानो प्रिय विधि पनि हो । विषयवस्तुको परिधिभित्र रही शिक्षकले विद्यार्थीहरुलाई, विद्यार्थीहरुले शिक्षकलाई र एउटा विद्यार्थीले अर्को विद्यार्थीलाई, एउटा समुहले अर्को समुहलाई क्रमशः प्रश्न गर्ने र उत्तर दिन लगाउने तरिका हो ।

**(छ) कथाकथन वा वाचन विधि**

कुनै विषयवस्तुलाई वा घटना विशेषलाई कथाको तरिकाले प्रस्तुत गर्ने विधि कथाकथन विधि हो । यो विधि मार्फत शिक्षण गर्दा विद्यार्थीहरुको ध्यान आकर्षण गर्नुका साथै रमाइलो तरिकाले शिक्षण गर्न सकिन्छ । सुरुमा शिक्षकले कथाको माध्यमबाट विषयवस्तु प्रस्तुत गर्ने र त्यस पछि

विद्यार्थीहरुलाई पनि त्यस प्रकारको सिपको विकास गराई विषयवस्तु वा घटनालाई कथाको माध्यमबाट प्रस्तुत गर्ने सिपको विकास गराउन सकिन्छ । जस्तै सफल व्यवसायीहरुको कथा शिक्षकहरुको कथा कृषकहरुको कथा आदि ।

**(ज) घटना अध्ययन विधि**

स्थानीय पाठ्यक्रमले तोकेका निर्दिष्ट उद्धेश्यहरु हासिल गर्नका लागि समाजपरक सामाजिक घटनाहरु जस्तै आगलागी बाढी पैरो महामारी आदिको बारेमा जानकारी संकलन एवं टिपोट गर्न लगाई प्रस्तुत गर्न लगाउने विधि नै घटद्दा अध्ययन विधि हो । यसमा शिक्षक सहजकर्ता वा अभिभावकहरुको सहयोगको आवश्यकता रहन्छ । सान्दर्भिक र उपयोगी घटद्दाहरुको बारेमा ज्ञान आदानप्रदान गर्नका लागि यो विधिको प्रयोग गर्न सकिन्छ ।

**(झ) समालोचनात्मक चिन्तन विधि**

विद्यार्थीहरुको चिन्तनशील क्षमताको विकासका लागि यो समालोचनात्मक विधिको प्रयोग गर्न सकिन्छ । पछिल्लो समयमा विकास भएको यो विधि मार्फत शिक्षण सिकाइका क्रियाकलापहरु सञ्चालन गर्दा विद्यार्थीहरुको चिन्तनशैलीको विकास भै व्याख्या विवेचना गर्ने सिपको विकास हुन्छ । अतः समालोचनात्मक विधि अन्तर्गत विभिन्न अन्य केही सहायक विधिहरुको समेत प्रयोग गर्नुपर्ने आवश्यकता रहन्छ । ती उपयुक्त विधिहरु तल उल्लेख गरिएको छः

**१. मस्तिष्क मन्थन विधि**

यो विधि मार्फत विद्यार्थीहरुलाई थुप्रै दालका विषयवस्तु माथि सोच्न सिकाउने विधि हो । यसमा विद्यार्थीहरुले विषयवस्तु उपर निश्चित धारणा बनाउन पुर्व शिक्षकलाई आफ्नो राय व्यक्त गर्न दिइदैन । विद्यार्थीलाई विषयवस्तु उपर अनेकन कुरा सोच्न दिमाग खुला राख्न सहयोग गर्दछ । नयाँ विचारको विजरापोण गर्न नयाँ विचार निकाल्न निश्चित धारणा निर्माण गर्न व्यक्तिगत र समुहगत रुपमा यो विधि सञ्चालन गर्न सकिन्छ । यो विधि मार्फत सिकाइ सहजीकरण गर्न १० मिनेटको समयभित्र सम्पन्न गर्न उपयुक्त मानिन्छ ।

**२. जिग्स विधि**

यो जिग्स विधि पनि समालोचनात्मक विधि मध्येको एउटा विधि हो । जसमा सिकारुले सिक्नको लागि एक आपसमा पारस्परिक सहयोग र सम्पर्क गर्नुपर्दछ । यस विधिमा मुख्यतएउटा मातृ र अर्को विज्ञ समुह निर्माण गरी शिक्षण गरिन्छ ।

**३. जोडीमा छलफल आदानप्रदान विधि**

यो विधिमा विषयवस्तु प्रति सिकारको उत्सुकता जगाउनका लागि प्रयोग गरिन्छ । विद्यार्थीहरुमा सिर्जनशीलताको विकास गर्न कुनै निश्चित विषयमा जोडीमा छलफल गर्ने सुन्ने र सुनाउने जस्ता गतिविधिहरु सञ्चालन गरी आफ्ना विचारहरु एकआपसमा आदानप्रदान गर्न सिकारुलाई प्रोत्साहित गरिन्छ ।

**४. जोडिमा पढाई र जोडिमा सारांश**

यो विधिमा जोडीमा कुनै पाठ्यांश पढ्ने विधि हो । दुई जनादेखि दुईसय विद्यार्थीहरुका माझ यो विधि सजिलै सञ्चालन गर्न सकिन्छ । शिक्षण समय बचत गर्नका लागि सुरुमा ४ देखि ६ अनुच्छेद जोडीमा पढाई सारांश अभ्यास गर्न लगाएर चिन्तनलाई उत्साहित गर्ने उद्धेश्यले यो कार्य गराइन्छ । जसले पाठ्यांश बुझ्नका लागि प्रोत्साहित दिन्छ ।

**५. संक्षिप्त लेखन विधि**

कुनै विषयवस्तुका बारेमा स्वतन्त्र तरिकाले आफुलाई लागेका कुरा वा विचारहरु तुरुन्तै लेख्ने काम हुन्छ यो संक्षिप्त लेखन विधिमा । छलफलमा आएका विचारहरुलाई पछि सम्झनाका लागि टिपोट गर्नुपर्ने हुन्छ । लेखनशैलीको विकासका लागि विषयवस्तुलाई लिपिबद्ध गर्नुपर्ने हुन्छ । विद्यार्थीह्यरुको ठूलो समुहमा यो विधि सञ्चालन गर्न सकिन्छ । यस विधिमा निश्चित समय झण्डै १० मिनेटसम्मको समय दिएर विद्यार्थीहरुलाई क्रियाकलापहरुमा सरिक गराउनुपर्ने हुन्छ ।

**६. घुलमिल सिकाइ**

यो विधिमा नयाँ र पुरारना साथीहरुबिच एकआपसमा मिलेर काम गर्नु वा सिक्नका लागि निकै उपयोगी विधि हो । नयाँ ठाउँ नयाँ साथी र परिवेशमा जाँदा विद्यार्थीहरुले नौलो अनुभूति गर्ने र साथीहरुबिच शिघ्र घुलमिल भई मिलेर कुनैपनि समस्याको समाधान गर्नका लागि यो विधि प्रयोग गरिन्छ । सामाजिक सहिष्णुता सहकार्य सम्पर्क सम्वाद मार्फत मिलेर समस्याको समाधानका लागि यो विधि निकै उपयोगी हुन्छ ।

**७. मान्यता विधि**

यो मान्यता विधि सहयोगात्मक सिकाइ क्रियाकलाप हो । जसमा कुनै विषय उपर फरकफरक विचार वा जवाफ आउनसक्ने भएकोले फरक विचारको सम्मान गर्नका लागि उपयोग गरिन्छ । अर्काको भनाइमा सहमत वा असहमत प्रकट गर्नका लागि यो विधिको उपयोग गरिन्छ । फरक

विचारको पहिचान गरी सम्मान गर्नु साथीहरुको समान विचारमा सहमत र फरक विचारमा असहमत हुनुका साथै आफ्नो विचार प्रति अडिग रहनु विद्यार्थीह्यरुका लागि राम्रो कुरा हो।

**८. प्रस्तुतीकरण विधि**

शिक्षक र विद्यार्थीहरुको संयुक्त वा एकल एवं समुहगत तरिकाले सिकाउने विषयवस्तुहरुलाई छलफल गरी प्रतिवेदनको माध्यमबाट विषयवस्तुलाई कक्षामा वा समुहमा प्रस्तुत गरिने तरिका नै प्रस्तुतीकरण विधि हो । यो विधिले सुन्ने, छलफल गर्ने, सोध्ने र जिज्ञासा राख्ने संस्कृतिको विकास हुन्छ विद्यार्थीहरुमा । यसरी यो विधि कक्षाकोठामा अवलम्वन गर्दा सबै विद्यार्थीहरुलाई क्रमशः पालैपालो गरी प्रस्तुतीकरण गर्ने अवसर दिनुपर्ने हुन्छ। शिक्षकहरुले प्रस्तुतीकरण गर्दा पनि विद्यार्थीहरुले रुचिपूर्ण तरिकाले ध्यान दिएर सुन्ने र छलफल गर्नुपर्ने हुन्छ।

**९. खेल विधि**

स्थानीय पाठ्यक्रमले तोकेका विषयवस्तुहरुलाई शिक्षण गरी सिकाइलाई रोचक, सहभागितामूलक र सक्रिय बनाउनका लागि खेल विधि पनि एउटा हो । जहाँ सिक्ने वा छलफल गरिने विषयहरुलाई एकल र संयुक्तरुपमा विद्यार्थीहरुलाई विभिन्न समुहमा विभाजन गरी प्रतिस्पर्धात्मक तरिकाले विषयवस्तुलाई सिकाउन सकिन्छ । स्थानीय संस्कार, पर्व, सरसफाइ, विपद् व्यवस्थापन आदि शिर्षकहरुमा यो खेल विधि मार्फत सिकाउन सकिन्छ।

**१०. अभिनय तथा भूमिका निर्वाह विधि**

स्थानीय पाठ्यक्रममा उल्लेखित विषयवस्तुको बारेमा सिकारुलाई स्पष्ट पार्न सिकारु स्वयमलाई सिकाइ सहजीकरणाको माध्यम बनाउन सकिन्छ। यसको लागि सिकारुलाई विभिन्न भूमिका निर्वाह गर्ने वातावरण दिइनुपर्दछ। जस्तै अपाङ्गमैत्री व्यवहार प्रदर्शन गर्न लगाएर समान व्यवहार गर्न लगाउने, सम्मान एवं आदरभाव प्रकट गर्न लगाउने, कुनै विषयवस्तुका बारेमा रमाइलो तरिकाले पात्रहरु चयन गरेर वा गर्न लगाएर नाटक मार्फत विषयवस्तु बारे स्पष्ट गर्न यो विधिलाई कक्षाकोठा र कक्षाकोठा बाहिर प्रयोगमा ल्याउन सकिन्छ।

**११. कार्यशाला विधि**

विद्यार्थीहरुलाई विभिन्न समुहमा विभक्त गरेर समुहगत रुपमा कुनै विषयवस्तु माथि सहभागितामूलक छलफल गर्न लगाई उक्त समुहमा भएका छलफललाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउने र प्रस्तुतीकरण माथि अन्य समुहको राय, सुझाब, सल्लाह, पृष्ठपोषण एवं थप प्रश्न वा जिज्ञास बताँउन लगाई अन्तमा सहजकर्ताले निचोड दिने तरिका नै कार्याशाला विधि हो। यस विधिमा सिकारुमा नेतृत्वको विकास गर्ने, समुहमा काम गर्ने, छलफलमा सहभागी हुने, प्रश्नोत्तर गर्ने सिपको विकास हुन्छ। साथै यो नविनतम सिकाइ विधिले विद्यार्थीहरुमा सहयोगी भावनाको विकास गराउन मद्दत गर्छ।

**१२. ग्यालरी विधि**

यो ग्यालरी विधिमा कुनै निश्चित विषयवस्तुहरुमा शिक्षक वा विद्यार्थीहरु मार्फत पूर्व तयारी गरी कक्षाकोठा वा तालिम हलमा विभिन्न चित्र वा पोष्टर मार्फत विषयवस्तुहरुलाई उतारेर प्रदर्शन गर्ने वा टाँस गरी अन्य विद्यार्थीहरुलाई पालैपालो डुलेर सिक्ने, सोध्ने, पढ्ने र छलफल गर्ने विधि हो। यस विधिमा मनोरञ्जनात्मक तरिकाले सिकाउन प्रयोग गरिन्छ। सिक्ने विषयवस्तु विद्यार्थी वा शिक्षकहरुले आफै तयार गरेका सामग्रीहरु मार्फत शिक्षण गर्नका लागि यो विधि प्रयोग गरिन्छ।

**१३. अन्वेषण, अनुसन्धान तथा खोज विधि**

विद्यार्थीहरुलाई समाज र परिवेशमा भएका नयाँ नयाँ तथ्य घटना विवरण समाज सुधारका विवध पक्षहरुको बारेमा खोजी गर्ने सामाजिक संस्कार र परम्पराले समाजमा पारेको वा पार्ने प्रभावको पहिचान गराउने जस्ता सिपको विकास गराउने र समाजमा रहेका आर्थिक ऐतिहासिक भौगोलिक आदि पक्षको खोजी गरी सबैलाई नयाँ ज्ञान पत्ता लगाउनको लागि यो विधिको प्रयोग गरिन्छ। विषयवस्तुको सान्दर्भिकता र अपेक्षति सिकाइ उपलब्धिको अपेक्षालई समुचित ध्यान दिदै समस्या वा प्रश्नको प्रस्तुति, गरिने क्रियाकलाप, निकालिने निश्कर्ष र सञ्चालन गरिने अन्वेषण, अनुसन्धान तथा खोज कार्यको बारेमा सिकारुलाई आवश्यक निर्देशन दिई सो सम्बन्धी क्रियाकलापमा सहभागी गराउन सकिन्छ। स्थानीय स्तरमा उपलब्ध सांस्कृतिक र धार्मिक सम्पदा धर्म चालचलन उत्पादन प्रणाली व्यापार व्यवसाय उद्यमशीलता आदिको बारेमा खोजमूलक तरिकाले सिकारुलाई विषयवस्तुहरुका बारेमा परिचित गराउन सकिन्छ।

**१४. अभिभावकीय संलग्नता विधि**

शिक्षकहरुले स्थानीय विषयवस्तुसँग सम्बन्धित कतिपय सिकारुको व्यवहारसँग गाँसिएका आनीबानी आचरण मूल्यमान्यता सोचाइ बोली व्यबहार परिवर्तन लिखित वा मौखिक तरिकाले सहजीकरण गरेर मात्र हुदैन वा पुग्दैन । सिकारुले घरको वातावरण व्यवहार अभिभावकको सहयोग सहभागिता समन्वय निर्देशन नियन्त्रण र सहजीकरणबाट सिक्ने गर्दछन् । त्यस्तो परिवेश र अवस्थामा सिकाइ सहजीकरणमा

अभिभावकहरुको सम्लग्नतालाई यथोचित स्थान दिनपर्ने हुन्छ। अभिभावकहरुको उचित सल्लाह निर्देशन सहयोग सुझाब र पृष्ठपोषणलाई जोड दिई शिक्षण सिकाइ वातावरण तयार गर्न सकेमा प्रभावकारी सिकाइ हुने गर्दछ।

**१५. अन्य सान्दर्भिक र उपयोगी शिक्षण सिकाइ सहजीकरण विधिहरु**

माथिका उपरोक्त शिक्षण सिकाइ सहजीकरण विधिहरु मात्र पर्याप्त बिल्कुल हुन सक्दैन त्यसैले विद्यार्थीहरुको उमेर रुची चाहना विषयवस्तुहरुको प्रकृति अनुसार स्थानीय परिवेशमा आधारित रहेर शिक्षक वा सिकाइ सहजकर्ताको क्रियाशिलता र सिर्जनशीलतामा विभिन्न सिकाइका विधि वा तरिकाहरु अवलम्बन गर्न सकिन्छ। उपरोक्त विधिहरुका अलावा आगमन तथा निगमन विधि अन्तर्क्रिया विधि भम्रण विधि प्रयोग आदि विधिहरु पनि सिकाइ उद्वेश्यको आधारमा उपयोग गर्न सकिन्छ।

यद्यपि समकालीन शिक्षण सिकाइमा स्टिम शिक्षाको अवधारणाले क्रमशः स्थान ओगटेकोले STEAM Pedagogy लाई पनि विशेष ध्यान दिनुपर्ने हुन्छ। आधारभूत तहको हरेक विषयको शिक्षण गर्दा विज्ञान प्रविधि इन्जिनियरिङ कला र गणितलाई एकीकरण गरी सिकाउने शिक्षण पद्वति नै स्टिम शिक्षा हो। यो STEAM शिक्षालेको आवश्यता निम्नानुसारको तथ्यले समेत पुष्टि गरको पाइन्छः

- यो अन्तरविषयक ढाँचा भएकोले बहुक्रियाकलापद्वाराविषयवस्तु प्रस्टयाउछ।
- वास्तविक जीवन अनुभूतिको आधारमा सिक्न र सिकाउन।
- सिकारुको आफ्नै सक्रियता र सहभागितामा सिर्जनात्मक गतिविधिमा सम्लग्न गराउन।
- एकीकृत शिक्षण सिकाइलाई प्रोत्साहन गर्न।
- सिकाइमा कला जोडेर सिकाइका विषयवस्तुलाई थप रोचक बनाउन।
- सिकारुमा उच्च तहको सोचाइ सिप विकास गर्न।
- प्रविधिको विवेकशील प्रयोग गर्न।
- खोज तथा अन्वेषणात्मक क्रियाकलपामा आधारित सिकाइलाई जोड दिन।
- मूल्य मान्यतामा आधारित सिकाइलाई प्रोत्साहित गर्न।
- सहयोगात्मक तथा सहकार्यात्मक कार्यमा संलग्न हुन अभिप्रेरित गर्न।
- डिजाइन गर्न तथा सिर्जनात्मक कार्यलाई प्रोत्साहित गर्न।
- सिकाइलाई दिगो टिका र समस्या समाधानमुखी बनाउन

यसरी सिर्जनात्मक क्रियाकलपाहरुमा जोड दिन तथा गहिरो अध्ययन अनुसन्धानमा सम्लग्न गराइने हुँदा सिकारुले विषयवस्तुलाई गम्भिर रुपमा बुझ्न सक्ने प्रविधिको विवेकसम्मत प्रयोग हुने हुँदा विषयवस्तुबारे सुस्पष्ट हुन सहयोग गर्ने सिकाइमा इन्जिनियरिङ्ग डिजाइनले एउटा पद्वतिसङ्गत सिकाइलाई सहयोग गर्ने सहकार्य र समन्वयात्मक सिकाइको वातावरण निर्माणमा सहयोग पुग्ने सैद्वान्तिक पक्षलाई व्यवहारिक ढाँचामा रुपान्तरण गर्न सहयोग गर्दछ। सबै सिकारुलाई सक्रिय बनाउने हुँदा कक्षाकोठा नै जिवन्त हुने विज्ञान गणित विषय पनि रोचक बनाउन कला गीत सङ्गीत कथा आदिको उपयोग हुने हुँदा विषयवस्तु थप सहज र सरस बन्ने भएकोले STEAM शिक्षालाई उत्तिकै जोड दिनुपर्ने हुन्छ।

मूलतः संक्षिप्त रुपमा स्टिम (STEAM) शैक्षणिक प्रयोगले तल उल्लेखित शब्दार्थलाई थप उजाँगर गर्दछः

**S-Science:**

खोजी गर्ने अवलोकन गर्ने चरणबद्धरुपमा पद्वतिमा आधारित सिकाइ गितविधिहरु सञ्चालन गर्ने गराउने।

**T-Technology:**

सूचना प्रविधिको प्रयोग गरी विषयवस्तु रोचक तथा अर्थपूर्ण बनाउने र आधुनिक र परम्परागत प्रविधिहरुको पहिचान र प्रयोगलाई जोड दिने।

**E-Engineering:**

सिकाइका विषयवस्तुहरुलाई चित्रद्वारा प्रस्तुत गर्न नापजाँच ढाँचा तयार गर्ने अनुभवजन्य आकृति बनाउन प्रस्तुत गर्ने।

**A-Arts:**

कथा कविता गीत संङ्गीत रङगरोगन छलफल व्यवहारकुशल सिप आदिद्वारा विषयवस्तुलाई कलात्मक रुपमा प्रस्तुत गर्न ।

**M-Mathematics:**

तर्क अनुमान परिमाण तथ्याङ्क आदिको माध्यमबाट गणितीय समस्याहरु समाधान गर्न तथा समाजको चरित्र बुझ्न ।

स्थानीय पाठ्यक्रमको कुनै एक थिम वा क्षेत्रलाई एकीकृत पाठ्यक्रमको कुनै एउटा साझा थिमसँग जोड्नुहोस् । उक्त साझा थिम शिक्षण गर्दा तपाइँले बनाउने एउटा क्रियाकलाप योजना बनाउनुहोस र त्यस थिममा विज्ञान टेक्नोलोजी इन्जिनियरिङ् कला र गणितलाञ एकीङ्कृत गर्नुहोस् । यसरी विषयवस्तुलाई एकीकृत गरी शिक्षण सिकाइ सहजीकरण गर्दा सिकारुले विषयवस्तुलाई एकीकृत रुपमा नै बुझ्न सजिलो हुने यस्तो सिकाइ दीर्घकालीन पनि हुन्छ । यो प्रक्रिया केवल आधारभूत तह कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रममा सहजै गर्न सकिन्छ ।

अतः संक्षिप्त रुपमा आधारभूत तह कक्षा १–८ को शिक्षण सिकाइ सहजीकरण अन्य सम्भाव्य विधिहरुलाई तालिकाबद्ध तरिकाले तल प्रस्तुत गरिएको छः

| कक्षा १–३ | कक्षा ४–५ | कक्षा ६–८ |
|---|---|---|
| • प्रस्तुतीकरण विधि<br>• प्रश्नोत्तर तथा छलफल विधि<br>• एकल तथा संयुक्त र समुहगत कार्य अभ्यास एवं प्रस्तुतीकरण<br>• अभिनय तथा भूमिका निर्वाह विधि<br>• प्रदर्शन विधि जस्तै चित्र श्रव्य श्रव्य दृष्य र अन्य सामग्री<br>• खेल विधि<br>• स्थलगत अवलोकन भ्रमण<br>• अनुभव तथा सिकाइ आदानप्रदान<br>• प्रयोगात्मक विधि<br>• पृष्ठपोषण विधि | • प्रस्तुतीकरण विधि<br>• प्रश्नोत्तर तथा छलफल विधि<br>• अभिनय तथा भूमिका निर्वाह विधि<br>• एकल तथा संयुक्त र समुहगत कार्य अभ्यास एवं प्रस्तुतीकरण<br>• प्रदर्शन विधि जस्तै चित्र श्रव्य श्रव्य दृष्य र अन्य सामग्री<br>• खेल विधि<br>• स्थलगत अवलोकन भ्रमण<br>• अनुभव तथा सिकाइ आदानप्रदान<br>• प्रयोगात्मक विधि<br>• प्रवचन विधि<br>• पृष्ठपोषण विधि | • प्रस्तुतीकरण विधि<br>• प्रश्नोत्तर तथा छलफल विधि<br>• अभिनय तथा भूमिका निर्वाह विधि<br>• एकल तथा संयुक्त र समुहगत कार्य अभ्यास एवं प्रस्तुतीकरण<br>• प्रदर्शन विधि जस्तै चित्र श्रव्य श्रव्य दृष्य र अन्य सामग्री<br>• खेल विधि<br>• स्थलगत अवलोकन भ्रमण<br>• अनुभव तथा सिकाइ आदानप्रदान<br>• प्रयोगात्मक विधि<br>• प्रवचन विधि<br>• कार्यशाला विधि<br>• अनुशिक्षण विधि<br>• पृष्ठपोषण विधि |

**सिकाइ सहजीकरण विधि तथा प्रक्रिया छनौट गर्दा ध्यान दिनुपर्ने पक्ष**

स्थानीय पाठ्यक्रम स्थानीय विषय परिवेशको आधारमा तयार गरिएको हुनाले आवश्यकतामा आधारित विषयवस्तुहरुको सगाँलो भएकोले अन्य विषयहरु जस्तो तोकिएको पाठ पस्तक वा कार्यपुस्तकमा उल्लेख भए बमोजिम सिकाइ सहजीकरण गर्न सम्भव हुदैन । विषयवस्तुको माग र सिकाइको अवस्थालाई मध्यनजर गर्दा स्थानीय विषय पठनपाठन गराउनुपर्ने भएकोले पनि यसको सिकाइ सहजीकरण अन्य विषयभन्दा पृथक हुने सक्ने सम्भावना हुन्छ । सम्बन्धित विषय क्षेधमा मेलखाने शिक्षण विधि तथा प्रविधि छनौट गर्दा विशेष गरी केही बुदाँहरुमा ध्यान दिनपर्ने हुन्छ जुन यस प्रकार सहेका छन्:

**विषयवस्तु तथा सिकाइ उपलब्धिः** स्थानीय पाठ्यक्रममा उल्लेख गरिएको तथा कक्षागत एकाइगत र पाठगत विषयवस्तु तथा अपेक्षति सिकाइ उपलब्धिसँग मेलखाने सिकाइ सहजीकरण विधि छनौट र प्रयोगमा यथोचित ध्यान दिनुपर्ने हुन्छ । जस्तै उदाहरणको लागि स्थानीय सिप र प्रविधि सम्वन्धमा शिक्षण सिकाइ गर्दा सिकारुलाई व्याख्यात्मक वर्णात्मक वा विश्लेषणात्मक विधिबाट सहजीकरण गर्दा अपेक्षति सिप विकास गर्न सकिदैन त्यसैले प्रयोगात्मक अभ्यासात्मक तथा प्रदर्शनात्मक विधिहरु निकै उपयोगी ठहर्छन ।

**बाल मनोविज्ञानः** पाठ्यपुस्तक तथा कार्यपुस्तकद्वारा चित्रात्मक प्रस्तुतीबाट सिकिरहेका विद्यार्थीहरुलाई स्थानीय पाठ्यक्रम विना कुनै पाठ्यपुस्तक वा कार्यपुस्तकबाट पढनु पर्दा असहजताको अनुभूति हुनसक्छ । यस्तो अवस्थामा मूलतः सिकारुको दैनिक जीवन तथा स्थानीय परिवेश अनुकूलको स्थानीय विषय शिक्षण गर्दा सिकारुको रुचि व्यक्तिगत क्षमता पूर्वज्ञान आलाई ध्यान दिई सोही बमोजिमका सिकाइ सहजीकरण विधि उपयोगमा ल्याउनुपर्ने हुन्छ । विशेष गरी कक्षा १-३ का विद्यार्थीहरु स्वभावैले शारीरिक मानसिक संवेगात्मक र मनौवैज्ञानिक रुपमा कलिला र कोमल हृदय र स्भावका हुनेहुँदा बालबालिकाहरु रहेका परिवेश परिस्थिति आदि पक्षलाई विशेष ध्यान दिनुपर्नेहुन्छ ।

**स्रोतसाधनको उपलब्धताः** स्थानीय विषयको सिकाइ सहजीकरणका लागि शिक्षण विधि तथा रणनीति छनौटको सन्दर्भमा विद्यालयको र पारिवारिक तहको आर्थिक भौतिक मानवीय र स्थानीयताको दृष्टिकोणले उपयुक्त हुने स्थानीय स्तरमा पाइने स्रोतसाधनको सहजतापूर्वक प्रयोग गर्न सकिने हिसाबले छनौट गर्नुपर्दछ ।

**विद्यालय वातावरण र शिक्षणसिकाइ परिस्थितिः** विद्यालयको वातावरण, विद्यार्थी र विद्यार्थीहरु आउने समुदायको पृष्ठभूमिमा  परिस्थित सापेक्ष शिक्षण विधि तथा प्रविधिहरुको छनौट र उपयोगलाई पनि विशेष ख्याल गर्नु पर्नेहुन्छ । विद्यालयमा केकस्ता शैक्षिक सामग्रीहरु उपलब्ध छन्? स्थानीय स्तरबाट थप सामग्रीहरु के कसरी उपलब्ध गराउन सकिन्छ? शिक्षण सिकाइको लागि र हाम्रो लागि कस्तो परिस्थिति विद्यमान छ? जस्ता कुराहरुको सही र सार्थक विश्लेषण गरी शिक्षण विधिको छनौट र प्रयोग गर्न सके स्थानीय विषयको सिकाइ सहजीकरण प्रक्रिया सहजरुपमा सञ्चालन गर्न सकिन्छ । यसरी विद्यालय वातावरण र सिकाइको विद्यमान परिस्थितिलाई ठोस तरिकाले विश्लेषण गरी सोको यथार्थपरक तरिकाले सिकाइ सहजीकरण विधिहरुको चयन र कार्यान्वयन गर्दा सिकाइ थप प्रभावकारी र दिगो हुनेहुन्छ ।

**शिक्षकको योग्यता, दक्षता र रुचिः** स्थानीय विषय केवल पाठ्यक्रम र विभिन्न सन्दर्भ सामग्रीद्वारा पठनपाठन गर्नुपर्ने भएकोले शिक्षक योग्य भएर मात्र हुँदैन । शिक्षकको आत्मविश्वासका साथ आवश्यक विधि एवं प्रक्रिया. प्रविधिप्रति परिचित र शिक्षण सामग्रीको व्यवस्थापन गर्नसक्ने सक्रिय हुनुपर्ने हुन्छ । लगनशील र पेसाप्रति बफादार शिक्षकले मात्र इमान्दारितापूर्वक आवश्यक स्रोत सामग्रीको व्यवस्थापन गरेर स्थानीय विषयको पठनपाठन गर्नसक्ने भएकोले शिक्षकको क्षमता, रुचि र आत्मविश्वास विकास गर्न स्थानीय विषयको पाठ्यक्रम तथा शिक्षण विधिको बारेमा यथोचित तालिमको समेत व्यवस्था गर्नुपर्ने हुन्छ ।

**स्थानीय परिवेश, सन्दर्भ र प्रसंगः** स्थानीय पाठ्यक्रम स्वभावैले स्थानीय विषयवस्तुहरुलाई समेटेर बनाएको हुनाले मूलतः स्थानीय सन्दर्भ र प्रसंग सापेक्ष हुन्छ । विषयवस्तुको स्वरुप र अपेक्षति सिकाइ उपलब्धिलाई स्थानीय परिवेशसँग संयोजन गर्दै स्थानीय वातावरण अनुकूल शिक्षण विधि र प्रविधिको छनौट गरी सिकाइ सहजीकरण गर्न सकिने भएकोले स्थानीय परिवेश र सन्दर्भलाई विशेष ध्यान दिन आवश्यक मात्र नभई अनिवार्य हुन्छ ।

## ३.२ विद्यार्थी मूल्याङ्कन विधि

स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ ले निर्धारण गरे अनुसार पाठ्यक्रमले तोके अनुसार निर्धारण गरेको उद्वेश्य पुरा भयो वा भएन भन्ने जानकारी लिन अर्थात विद्यार्थीको सिकाइका बारेमा लेखोजा गर्न विद्यार्थी मूल्याङ्कन गर्नुपर्ने हुन्छ । जसको लागि निर्माणात्मक वा सुधारात्मक मूल्याङ्कन विधि र निर्णायात्मक मूल्याङ्कन विधि अवलम्बन गर्ने व्यवस्था गरेको छ । निर्माणात्मक मूल्याङ्कन विधिमा विद्यार्थीहरुले के कति सिके? अब के सिकाउने. सिकाउन चाहेको कुरा सिके कि सिकेनन्, नसिकेका भए अत्र कुन तरिकाले सिकाउने भन्ने बारेमा जानकारी लिइने निरन्तर मूल्याङ्कन विधि हो । यसका लागि विद्यार्थीहरुको सहभागिता, कक्षा कार्य, गृहकार्य,परियोजा कार्य, दैनिक व्यवहार, आनीबानी सुधार, अध्ययन, जिम्मेवारी वहन, अभ्यास कार्य एवम् प्रयोगात्मक अभ्यासमा सहभागिता र नेतृत्व लगायतका कार्यबाट निरन्तर रुपमा विद्यार्थी मूल्याङ्कन गरिनेछ ।

निरन्तर मूल्याङ्कन विधिका साथै निर्णायात्मक विधिका जुन आवधिक रुपमा गर्ने अभ्यास अनुसार विद्यार्थीको सिकाइ मूल्याङ्कन गरिनेछ । आवधिक मूल्याङ्कन विधि आवधिक मौखिक तथा लिखित परीक्षा प्रणालीबाट गर्ने अभ्यास भएता पनि स्थानीय पाठ्यक्रमको उद्वेश्य अनुरुपको विषयवस्तु, सिकाइ विधि र व्यवहारमुखी सिकाइ उपलब्धिको अपेक्षा राखिएकोले प्रयोगात्मक अभ्यासलाई बढी जोड दिई प्रयोगात्मक अभ्यास, लिखित र मौखिक परीक्षा विधि अवलम्बन गरिनेछ ।

**कक्षागत मूल्याङ्कन विधि तथा अङ्कभार प्रतिशत**

| क्र.सं. | कक्षा | निरन्तर मूल्याङ्कन (प्रतिशत) | आवधिक मूल्याङ्कन (प्रतिशत) | जम्मा प्रतिशत |
|---|---|---|---|---|
| १ | कक्षा १-३ | १०० | ० | १०० |
| २ | कक्षा ४ र ५ | ५० | ५० | १०० |
| ३ | कक्षा ६-८ | ४० | ६० | १०० |

## ३.३ विद्यार्थी मूल्याङ्कन प्रणाली

**(क) कक्षा १-३ का विद्यार्थीहरुको मूल्याङ्कन**

वर्तमान पाठ्यक्रमले विद्यालय शिक्षाको कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कनलाई विशेष जोड दिइएको पाइन्छ। तसर्थ, कक्षा १ देखि ३ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कनकै आधारमा शतप्रतिशत, कक्षा ४ र ५ मा ५० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन र ५० प्रतिशत आवधिक मूल्याङ्कनका आधारमा र कक्षा ६ देखि ८ सम्म ४० प्रतिशत निरन्तर र ६० प्रतिशत आवधिक मूल्याङ्कनका आधारमा ग्रेड निर्धारण गर्नुपर्ने व्यवस्था छ। स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ ले आधारभूत तहको पाठ्यक्रममा मूल्याङ्कन विधि, साधन र प्रक्रियामा परिमार्जन भएका स्थानीय पाठ्यक्रममा पनि सोही अनुसार मूल्याङ्कन विधि, साधन र प्रक्रिया समावेश गर्नुपर्ने व्यवस्था गरेकोले मुड्केचुला गाउँपालिकामा लागु हुने स्थानीय पाठ्यक्रम पनि सोही अनुसारको मूल्याङ्कन पद्धति अवलम्बन गरिनेछ।

विद्यार्थीलाई स्थानीय सिप सिकाउने पाठ्यक्रम भएमा उत्पादन प्रणालीसँग आवद्ध गरी पारिवारिक आयआर्जनमा पनि सहयोग पुग्न सकोस् भन्ने हेतुले स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयन गरिएकोले विद्यार्थीको मूल्याङ्कन पनि लिखित परीक्षालाई भन्दा प्रयोगात्मक र निरन्तर मूल्याङ्कनलाई नै बढी जोड दिएर पाठ्यक्रम तयार गरिएको छ। तसर्थ स्थानीय पाठ्यक्रमका विषयमा विद्यार्थीले पढेर भन्दा पनि प्रत्यक्ष अवलोकन गरेर, पेसा व्यवसायका काम गरेर, स्वयम् व्यक्तिगत, संयुक्त र सामहिक कार्याभ्यासमा संलग्न भएर पारिवारिक, सामाजिक र सामुदायिक गतिविधिमा सहभागी भएर सिक्दछन्। यस्तो सिकाइ प्रक्रियाको मूल्याङ्कन अनौपचारिक रुपमा निरन्तर गरिनुपर्दछ। यसका लागि प्रश्नोत्तर, छलफल, व्यवहारको अवलोकन, उनीहरुको व्यवहार परिवर्तन, उनीहरुले गरेका काम, अभिभावकहरुको राय प्रतिक्रिया आदिको माध्यमबाट मूल्याङ्कन गरिनेछ।

शिक्षकण सिकाय प्रक्रियाकै एउटा निरन्तर अङ्गको रुपमा विद्यार्थी मूल्याङ्कन रहेको हुन्छ। विद्यार्थीहरुले सिकाइ उपलब्धि हासिल गरे नगरेको सम्बन्धमा एकिन गरी विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चता गर्दछ। स्थानीय विषयमा राखिएका विषयवस्तु तथा सिकाइ उपलब्धि पुरा गराउनको लागि कक्षाकोठाको शिक्षण सिकाइको क्रममा गरिने लेखाजोखाको साथै विद्यार्थीहरुलाई आवश्यकता अनुसार सम्बन्धित क्षेत्रमा अवलोकन, क्षेत्रभ्रमण, परियोजना तथा प्रयोगात्मक कार्यमा समेत संलग्न गराई सोही बमोजिम विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको एकिन गर्नुपर्ने हुन्छ र आवश्यकता अनुसार सहजीकरण गर्नुपर्ने हुन्छ। यस्तो मूल्याङ्कनलाई मूलतः सिकाइका लागि मूल्याङ्कन एवम् निर्माणात्मक मूल्याङ्कनका रुपमा प्रयोग गर्नुपर्दछ।

निर्माणात्मक मूल्याङ्कन प्रयोजनका लागि सञ्चालन गरिने यस्तो मूल्याङ्कनका लागि विद्यार्थीले के सिक्ने हो भन्ने कुरा निर्धारण गर्नुपर्दछ। अर्थात अपेक्षति सिकाइ उपलब्धि तय गर्नुपर्छ। वार्थीहरुले के सिक्ने भन्ने कुराको निर्धारण गरेपछि विद्यार्थीको सिकाइको वर्तमान अवस्था वा निश्चित सिकाइ क्रियाकलाप पछिको विद्यार्थीको सिकाइ अवस्था वा स्तर के कस्तो छ भनी विभिन्न साधन तथा माध्यम प्रयोग गरी पत्ता लगाउनुपर्छ। यसरी विद्यार्थीको वर्तमान सिकाइ अवस्था पहिचान गरिसकेपछि सिकाइको निर्धारित लक्ष्यमा कसरी पुग्ने भन्ने मार्ग तय गर्नुपर्छ। यसरी विद्यार्थी मूल्याङ्कनलाई सिकाइ प्रक्रियाको अभिन्न अङ्गको रुपमा निरन्तर विद्यालयमा प्रयोग गर्नुपर्दछ। सिकारुको सिकाइको क्रमिक लेखाजोखा गरी अपेक्षति सिकाइ उपलब्धि हासिल नगरेका विद्यार्थीहरुको कठिनाइका क्षेत्रहरु पहिचान गरी पुनः सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुका साथै पटकपटकका सुधारात्मक सिकाइ क्रियाकलापबाट पनि सिकाइमा सुधार हुन नसकेका विद्यार्थीहरुका लागि उपचारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गरी सिकाइमा सुधार गर्नुपर्ने हुन्छ। निर्माणात्मक मूल्याङ्कनले प्रत्येक वीद्यार्थीहरुलाई न्यूनतम सिकाइस्तर सुनिश्चित गरी माथिल्लो सिकाइस्तर प्राप्त गर्न सहयोग गर्नुपर्छ। जसले गर्दा यसबाट विद्यार्थीहरुको कक्षा दोहोर्याउने क्रमलाई न्यून गरी शैक्षिक क्षति घटाउन सहयोग पुग्नुका साथै न्यूनतम सिकाइस्तर सुनिश्चित भई थप सिकाइका लागि अवसरहरु सिर्जना हुन जान्छ।

## १) मूल्याङ्कन विधि र प्रक्रिया

निश्चित समयाविधमा विद्यार्थीहरुको सिकाइको लेखाजोखा गर्न नभई निरन्तर, नियमित तथा कक्षँ क्रियाकलापको अङ्गका रुपमा मूल्याङ्कनलाई प्रयोग गर्नुपर्दछ । कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्नसक्ने किसिमले गर्नुपर्दछ । विद्यार्थी मूल्याङ्नमा पनि ती सिकाइ उपलब्धि वार्थीले केकति हासिल गर्नसके भन्ने लेखाजोखा गर्नसकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्ने हुन्छ । यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रुपमा नियमित रुपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्दछ ।

कक्षा १-३ का प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्दछ । कार्यसञ्चयिका फाइललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यवहारिक परिवर्तनको अवलोकन र हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्दछ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक थिम वा क्षेत्रको पठनपाठन पश्चात अध्ययन पुरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको उभिलेख उल्लेख गर्नुपर्ने हुन्छ । यो कक्षा १-३ को आधारभूत तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्यलाई नै बढी जोड दिने भएता पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिन्छ तर दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनभने उपयुक्त हुँदैन् । विद्याथीको मूल्याङ्कनमा वास्तविक कार्यको सही तरिकाले मूल्याङ्कन गर्ने साधन समावेश गर्न उपयुक्त हुनेछ ।

## २) मूल्याङ्कनका तरिका र साधन

परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरुप विद्यार्थीको उमेर तथा रुचि उपलब्ध स्रोत तथा साधन. कक्षामा भएका विद्यार्थी संख्या जस्ता सम्बद्ध पक्षहरुलाई ध्यान दिएर मूल्याङ्कन गर्ने तरिका र साधनहरुको छनोट र विकास गर्नुपर्ने हुन्छ । विद्यार्थीहरुको सिकाइ मूल्याङ्कनका लागि विभिन्न मूल्याङ्कनका तरिकाहरु तथा सधानहरुबाट प्राप्त हुने सूचनाहरुलाई एउटा निश्चित ढाँचामा अभिलेखिकरण गरिनुपर्दछ । कक्षा कार्य, समुह कार्य, विद्यार्थीको व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, विद्यालय तथा कक्षामा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखिकरणऽ शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकोले यसका लागि उपयुक्त अवलोकन फारम तयार गर्नुपर्ने हुन्छ । यसका लागि विभिन्न प्रकारका रुजु सूची तयार गरी विद्यार्थीको सिकाइ परीक्षण तथा मूल्याङ्कन गरिन्छ । विद्यार्थीका कार्य तथा उपलब्धि सहित उनीहरुका विभिन्न विवरण व्यवस्थित थरिकाले राख्ने गरी कार्य सञ्चयिका तयार गरी विद्यार्थीहरुको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमीकमजोरी रहेका छन् तथा ती कमीकमजोरी हटाइ सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ ।

सामान्यतया स्थानीय विषयको पठनपाठनको क्रममा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गर्नका लागि कक्षा सहभागिता, मौखिक कार्य, लिखित कार्य, परियोजना तथा प्रयोगात्मक कार्य कार्यसम्पादन तथा प्रदर्शन सहपाठी तथा स्वमूल्याङ्कन अभिभावक प्रतिक्रिया, कुराकानी तथा छलफल जस्ता तरिकाहरु अवलम्वन गर्न सकिन्छ । यसको लागि अवलोकन फारम रुजु सूची, श्रेणमापन, रुब्रिक्स, मौखिक प्रश्न जस्ता मूल्याङ्कनका साधनहरु प्रयोग गर्न सकिन्छ ।

## ३) विद्यार्थीको सिकाइ उपलब्धिस्तर र त्यसको व्याख्या

कक्षा १-३ विद्यार्थीहरुको मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने तरिका तथा साधनहरु निम्नानुसार हुन सक्नेछन् :

| क्र सं | मूल्याङ्कनका तरिका | मूल्याङ्कनका साधनहरु |
|---|---|---|
| १ | अवलोकन | रुजु सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न, फारम, घटना वर्णन |
| २ | मौखिक कार्य | प्रश्न, चित्र, पठन सामग्री, सन्दर्भ घटना श्रव्य तथा दृष्य सामग्री |
| ३ | लिखित कार्य | प्रश्न, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृष्य सामग्री |
| ४ | परियोजना तथा प्रयोगात्मक कार्य | रुजु सूची, रुब्रिक्स र श्रैणी मापन र मौखिक प्रश्न |

| | | |
|---|---|---|
| ५ | कार्य सम्पादन तथा प्रदर्शन | रुजु सूची, रुब्रिक्स र श्रेणी मापन र मौखिक प्रश्न |
| ६ | सहपाठी मूल्याङ्कन | रुजु सूची, श्रेणी मापन, फारम |
| ७ | स्वमूल्याङ्कन | रुजु सूची, श्रेणी मापन, फारम |
| ८ | अभिभावकको प्रतिक्रिया | रुजु सूची, श्रेणी मापन, फारम |
| ९ | कुराकानी, छलफल | रुजु सूची, श्रेणी मापन, फारम |

उल्लेखित मूल्याङ्कन तरिका तथा साधन मध्ये उपयुक्त तरिका तथा साधन प्रयोग गरी प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको उपलब्धि परीक्षण गरेर उपलब्धिस्तरलाई निम्नानुसार रेटिङ गर्नुपर्दछः

| **उपलब्धिस्तर** | **मापन** | **उपलब्धि स्तरको सामान्य व्याख्या** |
|---|---|---|
| अपर्याप्त (Insufficient) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको। |
| सामान्य (Basic) | २ | मुख्य सिकाए उपलब्धि आशिंक रुपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको। |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको। |
| उच्च (Advance) | ४ | माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

पहिलो चरणको नियमित सिकाइ क्रियाकलापका रुपमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्छ। मूल्याङ्कनको दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी उल्लेखित तरिका तथा साधन मध्ये उपयुक्त साधनहरु प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइस्तर अभिलेखीकरण गर्नुपर्दछ। यसरी अभिलेखीकरण सिकाइस्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी उपलब्धिस्तर ४ पुर्याउने प्रयास गर्नुपर्दछ। उपलब्धिस्तर ३ प्राप्त गरेको विद्यार्थीलाई समेत ४ पुर्याउन सहयोग गर्नुपर्दछ। पटकपटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धिस्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना बनाउनुपर्दछ भने अन्यलाई अग्रिम सिकाइमा सरिक गराउनुपर्दछ। सुधारात्मक सिकाइ पछि पुनःविद्यार्थीको मूल्याङ्कन गरी उपलब्धिस्तर निर्धारण गरेर पुनःअभिलेखिकरण गरिनुपर्दछ। निश्चित सिकाइक्षेत्रका सिकाइ उपलब्धिहरुको सिकाइ परीक्षण पश्चात सो सिकाइ क्षेत्रको औषत सिकाइ उपलब्धि समेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता र सुधारका क्षेत्र तथा उपाय पहिचान गर्नुपर्दछ।

सबै विषय क्षेत्रको सिकाइपश्चात सबै सिकाइ उपलब्धिको परीक्षण गरी प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर सहित विषयक्षेत्रगत औसत सिकाइ उपलब्धि निकाल्न सकिन्छ। यसैगरी मुख्य व्यवहारकुशल सिपमा विद्यार्थीको उपलब्धिस्तर पनि अभिलेखीकरण गर्न सकिन्छ। यसरी तयार गरिएको अभिलेख नै विद्यार्थीहरुको वार्षिक उपलब्धिको प्रगित प्रतिवेदन हुनेछ। यसरी तयार भएको प्रगति प्रतिवेदनको प्रयोग शिक्षक विद्यार्थी अभिभावक तथा विद्यालयले विद्यार्थीको सिकाइस्तरको सुनिश्चिता गर्ने सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्ने र भाबि सिकाइका लागि शिक्षण योजना तया र गरिन्छ। यद्यपि विभिन्न फरक क्षकता भएका विद्यार्थीहरुका लागि माथि उल्लेखित मूल्याङ्कनका साधन वा तरिकाहरु समान रुपमा कतिपय अवस्थामा उपयोगी नहुन पनि सक्दछन् भने कतिपय तरिका तथा साधनहरुको प्रयोगमा भिन्नता वा फरक तरिका अपनाउनु पर्ने अवस्था पनि हुनसक्दछ। अतः शिक्षकहरुले आफ्नो कक्षाकोठामा भएका विद्यार्थीको फरक क्षमताको प्रकारको आधारमा प्रयोग गर्न सकिने अन्य वैकल्पिक तरिका वा साधनहरुको प्रयोग गर्नुपर्ने हुन्छ। यसरी फरक क्षमता भएका विद्यार्थीहरुका लागि मूल्याङ्कन र पृष्ठपोषण आदानप्दान गर्ने अवसरबाट बञ्चित नहुने गरी शिक्षकहरुले वैकल्पिक तरिकाहरुको खोजी गरी कक्षाकोठामा सिकाइ सुधारमा ध्यान दिनुपर्ने हुन्छ।

### ४) विद्यार्थीहरुको सिकाइ उपलब्धि निकाल्ने विधि वा प्रक्रिया

सामान्यतया प्रत्येक सिकाइ उपलब्धि मापन पछि नतिजा विद्यार्थीलाई जानकारी गराउने, किन यस्तो भयो छलफल गर्ने विद्यार्थीलाई स्वप्रत्यावर्तनको अवसर दिने र सुधारका उपाय तय गर्नुपर्छ भने प्रत्येक विषयक्षेत्र वा थिमको सिकाइ पश्चात प्रत्येक सिकाइ उपलब्धि र औसत उपललब्धि सहित अभिभावक तथा शिक्षकको छलफल गरी सिकाइ तथा भावि सिकाइका योजना तय गर्नुपर्छ। प्रत्येक थिको

सिकाइ पछि अभिभभावकसँग छलफल गर्नु विद्यार्थीको सिकाइ सुधारका दृष्टिले उपयुक्त भएपनि छोटोछोटो समयको अन्तरालमा अभिभावकसँग छलफल सबैका लागि सम्भव नहुन सक्ने कुरालाई विचार गरेर तीनदेखि चार महिनाको अन्तरालमा सो अवधिको सिकाइ भएका थिमको मूल्याङ्कन नतिजा सहित विद्यार्थीको सिकाइ प्रगति तथा कठिनाइका विषयमा अभिभावकसँग छलफल गरी आवश्यकता अनुसार सिकाइ सुधारका उपाय पहिचान गर्न सकिन्छ । नतिजा र सिकाइ सुधार तथा भावि सिकाइ योजना तय गर्दा सम्बन्धित विद्यार्थीका सबल पक्ष रुचि र कठिनाइलाई ध्यान ध्यान दिनुपर्छ । यसका लागि यस प्रक्रियामा विद्यार्थीलाई पनि सहभागी गराउनुपर्छ ।

**विद्यार्थी मूल्याङ्कनको अभिलेख तथा कार्यसञ्चयिका व्यवस्थापन**

- विषयक्षेत्रगत रुपमा प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका फाइलमा निम्नानुसारका कुराहरु व्यवस्थित गरी राख्नुपर्छ ।
- प्रत्येक थिम वा विषयक्षेत्रको मूल्याङ्कन अभिलेख विद्यार्थीको कार्यसञ्चयिका फाइलमा सिलसिलाबद्ध गरी राख्नुपर्छ ।
- कार्यसञ्चयिका फाइलमा विद्यार्थीको व्यक्तिगत पारिवारिक तथा स्वास्थ्य सम्बन्धी विवरण कक्षा कार्य परियोजना कार्य उपलब्धि प्रतिशतका अभिलेख हाजिरी विवरण विद्यार्थीको प्रगति स्पष्ट हुने सहयोग पुग्ने दालका विद्यार्थीका नमूना कार्य तथा सिर्जनाहरु समयबद्ध रुपमा सलसिला मिलाई राख्नु पर्छ । यसमा जुनसुकै कार्य समावेश नगरी उपलब्धिस्तर झल्काउने प्रतिनिधि कार्यमात्र समावेश गर्नुपर्छ । विषयवस्तुको प्रत्येक क्षेत्र वा थिमबाट १ देखि ३ कार्य तथा समग्रमा विषयक्षेत्रगत रुपमा गरिने पाँचओटासम्म सिर्जनात्मक कार्य समावेश गर्न उपयुक्त हुन्छ ।
- कार्यसञ्चयिका फाइलमा समावेश गरिएका कार्य तथा अभिलेखहरुको समयबद्ध सूची भित्री कभरपृष्टमा राखिनुपर्छ ।
- प्रत्येक विद्यार्थीको कक्षा १ मा तउर गरिएको कार्यसञ्चयिका फाइललाई नै कक्षा ३ सम्म निरन्तर गर्नुपर्छ । शिक्षक परिवर्तन भएमा फाइल हस्तान्तरण गर्नुपर्छ ।
- विद्यार्थीको कार्यसञ्चयिकालाई निम्नअनुसार प्रयोग गर्न सकिन्छः
- शिक्षकले विद्यार्थीको सिकाइ प्रगतिको अनुगमन गर्न, सिकाइ योजना तथा सिकाइ सुधारको योजना बनाउन ।
- विद्यार्थीले आफ्नो कार्य तथा सिकाइ प्रगित र कमजोरी प्राप्त गरी सिकाइ सुधारमा लाग्न, आफ्नो कार्य र उपलब्धि बारे आत्मविश्वास पैदा गर्न तथा थप कार्य र उपलब्धिका लागि प्रोत्साहित हुन ।
- अभिभावकले विद्यार्थीले कार्य तथा सिकाइ प्रगति र कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा सहयोग गर्न ।
- विद्यालयले विद्यार्थीको सिकाइको प्रमाणका रुपमा लिई अग्रिम सिकाइ अवसर प्रदान गर्न, सबै विद्यार्थीलाई प्रोत्साहन गर्न, शिक्षक विकास तथा प्रोत्साहन कार्यको योजना गर्न र जवाफदेही व्यक्त गर्न ।
- विद्यालय व्यवस्थापनले विद्यालय समुदाय सुधार गरी सिकाइ वातावरण सुधार गर्न ।

**विषयक्षेत्रगत रुपमा मूल्याङ्कन गर्ने तरिका तथा अभिलेख फारम**

१. मुख्य सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइस्तर अनुसार १ देखि ४ सम्म रेटिङ गर्नपर्छ ।

२. हरेक मुख्य सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी यकिन गर्नुपर्छ । यसका लागि एउटा सिकाइ उपलब्धि परीक्षण गर्न एकभन्दा बढी मूल्याङ्कन साधन आवश्यक हुन पनि सक्दछ भने कतिपय अवस्थामा एउटै साधन वा एकै पटकको परीक्षणबाट एकभन्दा बढी सिकाइ उपलब्धि पनि परीक्षण गर्न सकिने कुरालाई शिक्षकले विचार गर्नुपर्छ ।

३. सबै विद्यनर्थीले न्यूनतम सिकाइस्तर प्राप्त गरी माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्न मूल्याङ्कनले सहयोग गर्नुपर्छ । यसका लागि नियमित सिकाइ प्रक्रियापछि गरिएको मूल्याङ्कनमा कुनै सिकाइ उपलब्धिमा १ वा २ स्तरमात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइ गरी उपलब्धि बर्द्धिको सुनुश्चित गरिनुपर्छ । यसका लागि सुधारात्मक सिकाइपश्चात विद्यार्थीको पुनः मूल्याङ्कन गरी फारममा उल्लेख भए अनुसार अभिलेख गर्नुपर्छ ।

४. सामान्यतया सबै (प्रत्येक) विद्यार्थीको सिकाइस्तर ४ पुर्याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्छ । तसर्थ कुनै पनि विद्यार्थीलाई सिकाइस्तर १ वा २ मा छोड्न भने हुँदन । ति विद्यार्थीहरुको सिकाइस्तर न्यूनतम ३ पुर्याउनु अनिवार्य हुन्छ । कुनै विद्यार्थी

पटक पटकको सुधारात्मक सिकाइबाट पनि सिकाइस्तर १ तथा २ भन्दा माथि जान सकेन भने त्यसको कारण पहिचान गरी सुधारका उपाय पहिचान गर्ने र सिकाइ सुधार गर्ने प्रयोजनको लागि उपचारात्मक शिक्षण सिकाइ आवश्यक हुन्छ । उपलब्धिस्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि मुख्य तया माथिल्लो उपलब्धि हासिल गर्न अवसर प्रदान गरिनुपर्दछ । शिक्षण सिकाइका क्रममा उपलब्धि स्तर ४ पुर्याउ अपेक्षति छ ।

५. विषयक्षेत्र तथा थि अन्तर्गत सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ ।

क्षैत्रगत वा थिमगत उपलब्धि प्रतिशत = $\frac{\text{उपलब्धिस्तरको अङकको जोड}}{\text{४ X मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरुको सङ्ख्या}}$ X १००

**विद्यार्थी मूल्याङ्कन (कक्षा ४-८)**

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनुश्चित गर्न निर्माणात्मक र निर्णयात्मक दबै किसिमका मूद्य्याङ्कन गर्ने गरिन्छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्बेश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रुपमा रहनुपर्छ । निर्माणात्मक मूल्याङ्नकमा विद्यार्थीका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप विद्यार्थीका कार्य तथा सार्यसम्पादनको अवलोकन गृहकार्य परियोजना कार्य मौखिक तथा लिखित कार्यएकाए तथा त्रैमासिक परीक्षाहरु स्व तथा सहपाठी मूल्याङ्कन लगायतका साधन प्रयोग गर्न सकिन्छ ।

विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइस्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन मौखिक तथा लिखित प्रश्नोत्तर कक्षा तथा एकाइ परीक्षा व्यवहार अवलोकन लगायतका तरिका प्रयोग गर्न सकिन्छ । यसका लागि रुजु सूची श्रेणी मापल लगायतका व्यवहार अवलोकन फारम विभिन्न तका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरु व्यवहारि समस्या लगायत कक्षा सहभागिता कक्षा कार्य गृहकार्य परियोजना कार्य प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिको विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उलब्धिमा विद्यँर्थीको सिकाइस्तर मूल्याङ्कन गर्न प्रयोग हुनसक्ने साधनहरु हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षत्रे वा एकाइको सिकाइपश्चात गरी सो क्षेत्र वा एकाइ अन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनुश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्दछ । पटकपटकको सिकाइ पश्चात पनि न्यूनतम सिकाइको स्तर हासिल गर्न नसक्ने विद्यार्थीकका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नुपर्छ ।

**(क) आन्तरिक मूल्याङ्कन**

आन्तरिक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मल्याङ्कनका रुपमा अभिलेखित गर्नुपर्छ । यसका लागि आन्तरिक मूद्य्याङ्कनलाई अभिलेखित गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चियका व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिए अनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रुपमा समावेश गरिनेछ ।

| क्र सं | मूल्याङ्कनका पक्ष | अङ्क भार |
|---|---|---|
| १ | **सहभागिता:** नियमितता कक्षाकार्य समुह कार्य परियोजना कार्य प्रयोगात्मक कार्यमा सहभागिता र सक्रियता | ४ |
| २ | **प्रयोगात्मक वा परियोजना** | ३६ |
| | क) प्रयोगात्मक तथा परियोजना कार्यको तयारी (योजना) | ६ |
| | ख) प्रयोगात्मक तथा परियोजना कार्य सञ्चानल र प्रतिवेदन चार्ट चित्र तालिका तयारी अभिलेखिकरण | २० |
| | ग) परियोजना कार्य तथा प्रयोगात्मक कार्यको प्रतिवेदन प्रस्तुतीकरण | ६ |
| | घ) अन्तर्वार्ता | ४ |
| ३ | त्रैमासिक परीक्षाहरु पहिलो त्रेमासिक ५ अङ्क र अर्धवार्षिक ५ अङ्क | १० |
| | **जम्मा** | **५०** |

**निर्माणात्मक मूल्याङ्कनका साधनहरु र प्रयोग**

| क्र सं | साधन | प्रयोग |
|---|---|---|
| १ | रुब्रिक्स र श्रेणी मापन | विद्यार्थीहरुले गरेका प्रयोगात्मक कार्य वा परियोजना कार्यको मूल्याङ्कन गर्नका लागि रुब्रिक्स र श्रेणी मापनको विकास गरी प्रयोग गर्नुपर्दछ। |
| २ | व्यवअनर अवलोकन फारम | विभिन्न विषयक्षेत्रको प्रक्रियागत सिपहरुको मूल्याङ्कन पाठगत रुपमा विद्यार्थीले सिक्नुपर्ने सिप तथा तिनको प्रयोग र व्यवहारकुशल सिपको मापन गर्न रुजुसूची र श्रेणी मापन लगायतका व्यवहार अवलोकन फारम प्रयोग गर्न सकिन्छ। |
| ३ | शिक्षकको अभिलेख | प्रत्येक पाठमा कक्षा सहभागिता गृहकार्य परियोजना कार्य प्रयोगात्मक कार्यका क्रममा विद्यार्थीहरुले देखाएको सक्रियता सिर्जनात्मकता सिकाइ व्यवहार कामकोस्तर प्रदर्शित व्यवहारकुशल सिपहरु पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धिका आधारमा कुन स्तरको रहेको शिक्षकले व्यक्तिगत रुपमा अभिलेख राख्नुपर्ने छ। |
| ४ | कक्षा परीक्षा | पाठ वा एकाइ शिक्षणका क्रममा गरिने लिखित कार्य तथा लिइने छोटो परीक्षा त्रैमासिक परीक्षा |
| ५ | मौखिक प्रश्नोत्तर | शिक्षण सिकाइकै क्रममा सोधिने प्रश्नहरु यस अन्तर्गत पर्दछन्। यसको नतिजा खभिलेखित गर्नुपर्ने भएमा शिक्षकको अभिलेखमा उल्ले गर्नुपर्नेछ। |

निर्णयात्मक मूल्याङ्कनको कुल भारको ५० प्रतिशत आन्तरिक मूल्याङ्कनका रुपमा निर्माणात्मक मूल्याङ्कनबाट समावेश गरिनेछ भने अन्तिम परीक्षाबाट बाँकी ५० प्रतिशत अङ्क समावेश गरिनेछ।

**(ख) आवधिक मूल्याङ्कन**

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुनेछ। प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरुबाट समेटिएको हुनुपर्ने हुन्छ। यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुनेछन्। पाठ्यक्रमले निर्धारण गरेका उद्बेश्य अनुरुप विद्यार्थीहरुले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको प्रमाणिकरण गरिन्छ। अन्तिम परीक्षाको प्रश्नपत्र निर्माण गर्दा तपसिलको विशिष्टीकरण तालिकाको आधारमा गरिनेछ। यस पाठ्यक्रममा कक्षा ८ को विशिष्टीकरण तालिका विकास गरिएको छ। यसलाई आधार मानेर विद्यालयले अन्य कक्षा ४, ५, ६, ७ को विशिष्टीकरण तालिका निर्माण गरी अन्तिम परीक्षा को प्रश्नपत्र तयार गरी मूल्याङ्कन गर्नुपर्ने हुन्छ।

## ३.४ परीक्षाका प्रकार

स्थानीय पाठ्यक्रममा समावेश भएका सक्षमता सिकाइ उपलब्धि विषयवस्तु शिक्षण सिकाइ क्रियाकलापको आधारमा विद्यार्थीकहरुको मूल्याङ्कन गर्नुपर्ने हुन्छ। विद्यार्थीहरुको सिकाइ उपलब्धि मूल्याङ्कनका लागि सैद्वान्तिक परीक्षा र प्रयोगात्मक परीक्षाको व्यवस्था गरिएको छ। कक्षा १ देखि ८ सम्मको लागि सैद्वान्तिक अन्तर्गत २० प्रतिशत र प्रयोगात्मक अन्तर्गत ८० प्रतिशत अङ्कभार कायम गरिएको छ।

विद्यार्थीहको मूल्याङ्कन गर्दा मूलतः निर्माणात्मक वा निरन्तर र निर्णायात्मक एवं आवधिक मूल्याङ्कन दुबै मूल्याङ्कन विधिहरुको प्रयोग गर्नुपर्ने हुन्छ। निर्माणात्मक मूल्याङ्कनका लागि विद्यार्थीहरुको पोर्टफोलियो व्यक्तिगत फाइल बनाई उनीहरुले नियमित गरेका कार्य सक्रियता अवलोकन हाजिरी लगायतका आधारमा अङ्क प्रदान गर्नुपर्छ। विद्यार्थीले सैद्धान्तिक र प्रयोगात्मक खण्डमा प्राप्त गरेका अङ्कलाई छुट्टाछुट्टै र विषयगत रुपमा कूल प्राप्ताङ्कलाई अक्षराङ्कन पद्वतिमा रुपान्तरण गरी अक्षरग्रेडमा मूल्याङ्कन गर्नुपर्नेछ।

कक्षागत परीक्षाको किसिम तथा अङ्कभार प्रतिशत

| क्र सं | कक्षा | सैद्वान्तिक परीक्षा प्रतिशत | प्रयोगात्मक परीक्षा प्रतिशत | जम्मा प्रतिशत |
|---|---|---|---|---|
| १ | कक्षा १-३ | २० | ८० | १०० |
| २ | कक्षा ४-५ | २० | ८० | १०० |
| ३ | कक्षा ६-८ | २० | ८० | १०० |

**यस विषयमा विद्यार्थी उपलब्धि मूल्याङ्कनका उद्वेश्यहरु निम्नानुसार निर्धारण गरिएका छन्**

क) कक्षागत सिकाइ उपलब्धि अनुरुप विद्यार्थीहरुले विषयवस्तुको ज्ञान हासिल गर्न सकेका छन् वा छैनन् भन्ने बारे निरन्तर रुपमा मूल्याङ्कन गर्ने।

ख) विद्यार्थीको सिकाइको स्तर पहिचान गरी उनीहरुका कमी कमजोरी हटाउन विद्यार्थीका आवश्यकता अनुसार अलगअलग योजना बनाई सो अनुरुप उपचारात्मक शिक्षण गरी सबै विद्यार्थीको सिकाइ सुनिश्चित गर्न ।

ग) निर्माणात्मक मूल्याङ्कनको आधारमा शिक्षण सहजीकरणमा आवश्यक सुधार गरी सिकाइलाई प्रभावकारी बनाउन ।

घ) विद्यार्थी मूल्याङ्कनको यथार्थ सूचना विद्यार्थी र अभिभावकहरुलाई निरन्तर दिन र आवश्यक पृष्ठपोषण तथा परामर्श आदानप्रदान गर्न ।

**कक्षागत मूल्याङ्कन विधि परीक्षाको किसिम तथा अङ्कभार प्रतिशत**

| क्र सं | कक्षा | निरन्तर मूल्याङ्कन प्रतिशत | | | आवधिक मूल्याङ्कन प्रतिशत | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | सैद्धान्तिक | प्रयोगात्मक | जम्मा | सैद्धान्तिक | प्रयोगात्मक | जम्मा | |
| १ | कक्षा १-३ | २० | ८० | १०० | | | | १०० |
| २ | कक्षा ४-५ | ० | ५० | ५० | २० | ३० | ५० | १०० |
| ३ | कक्षा ६-८ | ० | ४० | ४० | २० | ४० | ६० | १०० |

## ३.५ सैद्धान्तिक परीक्षाका लागि आधार तथा अङ्कभार

### क सैद्धान्तिक परीक्षा मूल्याङ्कनको अङ्कभार

स्थानीय विषयको सैद्धान्तिक ज्ञानको सिकाइ उपलब्धि मापनका लागि कक्षामा पठनपाठन भएको विषयमा विद्यार्थीहरुको ज्ञान, बोध प्रयोग, उच्च दक्षता, सिर्जनात्मक तथा समालोचनात्मक सोचाई, विश्लेषणात्मक क्षमता, समस्या समाधान, खोजमूलक सिप, मूल्य तथा अभिवृत्ति हुन सक्यो वा सकेन भनी मूल्याङ्कन गर्नु पर्नेहुन्छ । पढाइ, लेखाइ, सुनाइ र बोलाइको माध्यमबाट विषयको सैद्धान्तिक ज्ञानको मूल्याङ्कन गर्ने पद्धति अनुसार प्रश्नोत्तर, गृहकार्य, छलफल, हाजिरी जवाफ, मौखिक, लिखित परीक्षा आदि विधिहरुको प्रयोग गरेर यस विषयको सैद्धान्तिक परीक्षा गर्नुपर्ने हुन्छ । स्थानीय विषयको सैद्धान्तिक परीक्षाको सबै कक्षाको लागि अङ्कभार २० निर्धारण गरिएको छ ।

**कक्षा १ देखि ३ सम्मको सैद्धान्तिक परीक्षाको मूल्याङ्कन अङ्कभार**

| क्र सं | मूल्याङ्कनको आधार | अङ्कभार | कैफियत |
|---|---|---|---|
| १ | विषयवस्तुको ज्ञान बोध तथा अभिव्यक्ति | १० | |
| २ | लिखित अभिव्यक्ति एवं प्रस्तुती | ५ | |
| ३ | मौखिक अभिव्यक्ति एवं प्रस्तुतीकरण | ५ | |
| | **जम्मा** | **२०** | |

**कक्षा ४ देखि ५ सम्मको सैद्धान्तिक परीक्षाको मूल्याङ्कन अङ्कभार**

| क्र सं | मूल्याङ्कनको आधार | अङ्कभार | कैफियत |
|---|---|---|---|
| १ | विषयवस्तुको ज्ञान बोध तथा अभिव्यक्ति | १० | |
| २ | लिखित अभिव्यक्ति एवं प्रस्तुती | ५ | |
| ३ | मौखिक अभिव्यक्ति एवं प्रस्तुतीकरण | ५ | |
| | **जम्मा** | **२०** | |

**कक्षा ६ देखि ८ सम्मको सैद्धान्तिक परीक्षाको मूल्याङ्कन अङ्कभार**

| क्र सं | मूल्याङ्कनको आधार | अङ्कभार | कैफियत |
|---|---|---|---|
| १ | विषयवस्तुको ज्ञान बोध तथा अभिव्यक्ति | ५ | |
| २ | लिखित अभिव्यक्ति एवं प्रस्तुती | ५ | |
| ३ | मौखिक अभिव्यक्ति एवं प्रस्तुतीकरण | ५ | |
| | **जम्मा** | **२०** | |

**ख सैद्वान्तिक परीक्षा मूल्याङ्कनको लागि प्रश्नको प्रकार**

सैद्वान्तिक परीक्षाको मूल्याङ्कन लागि प्रश्नको प्रकार

सैद्वान्तिक परीक्षाको कूल २० प्रतिशत अङ्कभार कक्षा १ देखि ८ सम्म विभाजन गरी प्रश्नहरु तयार गरेर कक्षा ३ सम्म मौखिक निरन्तर मूल्याङ्कन विधिबाट र कक्षा ४ देखि ८ सम्म लिखित परीक्षा आधिक रुपमा सञ्चालन गर्नुपर्नेछ। सैद्वान्तिक परीक्षाको लागि निम्नानुसार लिखित तथा मौखिक प्रश्नहरु सोध्नु पर्नेछ।

**पैद्वान्तिक परीक्षाको लागि प्रश्नहरुको किसिम र अङ्कभार**

| क्र. सं. | सैद्वान्तिक लिखित तथा मौखिक प्रश्नहरु | अङ्कभार प्रतिशत |
|---|---|---|
| | | कक्षा १ देखि ८ सम्म |
| १ | बहुवैकल्पिक उत्तर आउने र अति संक्षिप्त उत्तर आउने प्रश्नहरु | ५० |
| २ | संक्षिप्त उत्तर आउने प्रश्नहरु | ५० |
| ३ | लामो उत्तर आउने प्रश्नहरु | |
| | **जम्मा** | **१००** |

**ग सैद्वान्तिक परीक्षा मूल्याङ्कनको पूर्णाङ्क तथा प्राप्त अङक अनुपात निर्धारण**

कक्षा ४ देखि ८ सम्मका लागि लिइने आवधिक परीक्षाको लागि माथि उल्लेखित सैद्वान्तिक प्रश्नहरुलाई पहिलो र दिस्रो त्रैमासिकमा ५० ५० पूर्णाङ्क र अन्तिम परीक्षामा १०० पूर्णाङ्कको प्रश्नपत्र तयार गरी परीक्षा सञ्चानल गर्ने र प्राप्ताङ्कलाई आवधिक अङ्कभारको अनुपातमा गणना गर्नुपर्ने छ।

## ३.६ प्रयोगात्मक परीक्षाका लागि आधार तथा अङ्कभार

**क प्रयोगात्मक परीक्षा मूल्याङकनको अङ्कभार**

विषयगत सिकाइको व्यवहारिक अभ्यास वा प्रयोग के कति गर्न सक्यो वा सकेन भनी प्रयोऊत्मक परीक्षा गरिने छ। कक्षाभित्र, कार्यशालामा वा स्थलगत (परियोजना) कार्य, खोज. अध्ययन भ्रमण, व्यवसायिक अभ्यास एवं उत्पादन कार्य, समुदायमा क्रियाकलाप, प्रदर्शनी, सहजीकरण, अनुशिक्षण लगायतको क्रियाकलाप समेतमा दिइएको समयलाई प्रयोगात्मक पाठ्यभार भित्र लिन सकिन्छ। प्रयोगात्मक परीक्षाको माध्यमबाट गरिने विद्यार्थी मूल्याङ्कन प्रयोजनको लागि कक्षा १ देखि ८ सम्मको कुल पाठ्यभार को ८० प्रतिशत समय दिनु अनिवार्य छ। प्रयोगात्मक पक्षको मूल्याङ्कनका लागि निम्नुसारका आधारहरु लिनु पर्दछः

- कक्षा, विद्यालय र घरपरिवारमा गरेको अभ्यास
- अध्ययन भ्रमण वा सोधखोज गरी प्रतिवेदन तयार र प्रस्तुती
- कक्षा प्रयोगात्मक कार्य
- सामुहिक अभ्यास कार्य तथा प्रस्तुति
- कक्षागत क्रियाकलापमा सहभागिता
- घरपरिवारमा अभ्यास (व्यवहारमा)
- आनीबानी सुधार र व्यवहार परिवर्तन
- वस्तु वा सामग्री निर्माण, तयार र प्रयोग
- कृषि उत्पादन, पशुपालन नमूना अभ्यास
- लघु परियोजना कार्य
- प्रदर्शनी एवं प्रस्तुति
- तल्लो कक्षालाई सहजीकरण, अनुशिक्षण एवं सहयोग
- प्रयोगात्मक क्रियाकलापसँग सम्बन्धित मौखिक प्रश्नोत्तर र वर्णन
- अन्तरक्रिया, छलफल आदि क्रियाकलापहरु आदि।

**ख प्रयोगात्मक परीक्षा मूल्याङ्कनको लागि प्रश्नको प्रकार**

यो स्थानीय विषयको प्रयोगात्मक परीक्षाको अङ्कभार कक्षागत आधारमा निम्नानुसार दुई समुहमा विभाजन गरिएको छ ।

क) कक्षा १ देखि ३ सम्मको लागि र

ख) कक्षा ४ देखि ८ सम्मको लागि

कक्षा १ देखि ३ सम्मको प्रयोगात्मक परीक्षा (मूल्याङ्कन) को अङ्कभार

| क्र. सं. | मूल्याङ्कनको आधार | अङ्कभार | कैफियत |
|---|---|---|---|
| १ | निय मत कक्षामा उपस्थिति र सहभा गता | १० | |
| २ | कक्षागत कार्य एवं गृहकार्य | १० | |
| ३ | आनीबानी सुधार/व्यवहार परिवर्तन/सिकाइ अभ्यास | १० | |
| ४ | व्यक्तिगत/समुह/सयुक्त अभ्यास कार्य | १० | |
| ५ | कृषि उत्पादन/पशुपालन/सिप आदिको प्रयोग | १० | |
| ६ | अभ्ययन भ्रमण र छलफल | १० | |
| ७ | नृत्य, गायन, भूमिका निर्वाह, खेल, प्रदर्शनी आदिमा सहभागिता | १० | |
| ८ | विद्यालय, पारिवारिक र समुदायको क्रियाकलापमा सहभागीता | ५ | |
| ९ | मौखिक परीक्षा र छलफल (प्रयोगात्मक कार्यसँग सम्बन्धित) | ५ | |
| | **जम्मा** | ८० | |

कक्षा ४ र ५को प्रयोगात्मक परीक्षा (मूल्याङ्कन) को अङ्कभार

| क्र. सं. | मूल्याङ्कनको आधार | अङ्कभार | कैफियत |
|---|---|---|---|
| १ | कक्षागत क्रयाकलापमा सहभा गता | ५ | |
| २ | आनीबानी सुधार/व्यवहार परिवर्तन | १० | |
| ३ | व्यक्तिगत/समुह/सयुक्त अभ्यास कार्य तथा प्रस्तुति | १० | |
| ४ | स्थानीय वस्तु/सामग्री निर्माण/तयार र प्रयोग | १० | |
| ५ | घरायसी कृषि उत्पादन/पशुपालन अभ्यासमा सहयोग | २० | |
| ६ | अभ्ययन भ्रमण वा सोधखोज गरी प्रतिवेदन तयार र प्रस्तुति | १० | |
| ७ | तल्लो कक्षालाई सहजीकरण, अनुशिक्षण, सहयोग आदि | ५ | |
| ८ | विद्यालय, परिवार र समुदाय स्तरको क्रियाकलापमा सहभागीता | ५ | |
| ९ | मौखिक परीक्षा, छलफल, अन्तरक्रिया (प्रयोगात्मक कार्यसँग सम्बन्धित) | ५ | |
| | **जम्मा** | ८० | |

कक्षा ६ देखि ८ सम्मको प्रयोगात्मक परीक्षा (मूल्याङ्कन) को अङ्कभार

| क्र. सं. | मूल्याङ्कनको आधार | अङ्कभार | कैफियत |
|---|---|---|---|
| १ | कक्षागत क्रियाकलापमा सहभागिता | ५ | |
| २ | आनीबानी सुधार/व्यवहार परिवर्तन | ५ | |
| ३ | व्यक्तिगत/समुह/सयुक्त अभ्यास कार्य तथा प्रस्तुति | १० | |
| ४ | स्थानीय वस्तु/सामग्री निर्माण/प्रविधि निर्माण/तयार र प्रयोग | १० | |
| ५ | घरायसी कृषि उत्पादन/पशुपालन अभ्यासमा संलग्नता | २५ | |
| ६ | अभ्ययन भ्रमण वा सोधखोज गरी प्रतिवेदन तयार र प्रस्तुति | १० | |
| ७ | तल्लो कक्षालाई सहजीकरण, अनुशिक्षण, सहयोग आदि | ५ | |
| ८ | विद्यालय, परिवार र समुदाय स्तरको क्रियाकलापमा सहभागीता | ५ | |
| ९ | मौखिक परीक्षा, छलफल, अन्तरक्रिया (प्रयोगात्मक कार्यसँग सम्बन्धित) | ५ | |
| | **जम्मा** | ८० | |

**ग प्रयोगात्मक परीक्षा मूल्याङ्कनको पूर्णाङ्क तथा प्राप्ता अङ्क अनुपात निर्धारण**

कक्षा ४ देखि ८ सम्मका लागि लिइने आवधिक परीक्षाका लागि माथि उल्लेखित प्रयोगात्मक मूल्याङ्कनको लागि पहिलो र दोस्रो त्रैमासिकमा ५०/५० पूर्णाङ्क र अन्तिम परीक्षामा १०० पूर्णाङ्कको प्रयोगात्मक अभ्यास कार्य छनोट गरी विद्यार्थीलाई व्यक्तिगत वा सामुहिक रुपमा गराउनु पर्नेछ। प्रयोगात्मक अभ्यास कार्यको मूल्याङ्कन गरी प्राप्ताङ्कलाई आवधिक अङ्कभारको अनुपातमा गणना गर्नु पर्नेहुन्छ।

## ३.७ मूल्याङ्कन प्रक्रिया र समय तालिका

स्थानीय विषयको विद्यार्थी मूल्याङ्कनका निर्माणात्मक (निरन्तर) मूल्याङ्कन र निर्णयात्मक (आवधिक) मूल्याङ्कन दुबै विधिहरु अपनाएर सैद्धान्तिक एवं प्रयोगात्मक पक्षको मूल्याङ्कन एक वर्षे शैक्षिक अवधिलाई ३ खण्डमा विभाजन गरी गरिने छ। पहिलो त्रैमासिक, दोस्रो त्रैमासिक र अन्तिम परीक्षा गरी ३ समायावधि विभाजन गरिने छ। निरन्तर मूल्याङ्कन विधिबाट मूल्याङ्कन गर्दा अनौपचारिक रुपमा सोही विभाजित समयावधि भित्र गरिने गृहकार्य, साप्ताहिक परीक्षा कार्य, पाक्षिक परीक्षा कार्य, मासिक परीक्षा कार्य, एकाइ परीक्षा कार्य, कक्षा परीक्षा कार्य, प्रश्नोत्तर आदिलाई आधार मान्नु पर्नेछ। साथै निरन्तर मूल्याङ्कन गर्दा तोकिए अनुसार सैद्धान्तिक वा प्रयोगात्मक वा दुवै पक्षलाई तोकिएको अङ्कभारको आधारमा गर्नुपर्ने छ। निरन्तर मूल्याङ्कनका लागि निम्नानुसारका प्रक्रिया अवलम्बन गर्नुपर्ने छः

(क) निश्चित समयभित्र मात्र मूल्याङ्कन गरी नियमित रुपमा विद्यार्थीले गरेका कार्य र व्यवहार परिवर्तनको अवलोकन गरी मूल्याङ्कन गर्नुपर्ने छ।

(ख) विद्यार्थीहरुको कार्य सञ्चयिका फाइल (व्यक्तिगत पोर्टफोलियो) बनाई उनीहरुले गरेका कार्य, हाजिरी र सक्रियताका आधारमा अङ्क प्रदान गउनुपर्ने छ।

(ग) सामान्यतया हरेक एकाइबाट कम्तिमा एक एक औटा प्रयोगात्मक कार्य वा अभ्यास बनाई मूल्याङ्कन गर्नुपर्ने छ।

(घ) विद्यार्थीले गरेका कक्षा कार्य, अभ्यास, परियोजना कार्य, सिर्जनात्मक कार्य, सिपमूलक कार्य, खोजमूलक कार्य आदि र सोसँग सम्बन्धित प्रयोगात्मक परीक्षालाई प्रयोगात्मक मूल्याङ्कनको प्रमुख आधार मान्नुपर्ने छ।

आवधिक मूल्याङ्कन भने निश्चित समयावधि सकिएपछि (पहिलोत्रै मासिक, दोस्रो त्रैमासिक र शैक्षिक सत्रको अन्त्यमा) अनौपचारिक परीक्षा सञ्चालन बनाई गर्नुपर्ने छ। आवधिक मूल्याङ्कनमा पनि तोकिए अनुसार सैद्धान्तिक र प्रयोगात्मक दुबै पक्षलाई समेटी तोकिएको अङ्कभार अनुसार गर्नुपर्ने छ। कक्षा १ देखि ३ सम्म र कक्षा ४ देखि ८ सम्मको विद्यार्थी मूल्याङ्कन विधि, प्रक्रिया र अङ्कभार निम्नानुसार हुनेछ।

**कक्षा १ देखि ३ सम्मको परीक्षा (मूल्याङ्कन) विधि, प्रक्रिया र अङ्कभार**

| मूल्याङ्कन समय/अवधि | निरन्तर मूल्याङ्कन | अङ्कभार (प्रतिशत) | आवधिक मूल्याङ्कन | अङ्कभार (प्रतिशत) | जम्मा (प्रतिशत) |
|---|---|---|---|---|---|
| पहिलो त्रैमासिक | सैद्धान्तिक (५)<br>प्रयोगात्मक (५) | १० | - | - | १० |
| दोस्रो त्रैमासिक | सैद्धान्तिक (५)<br>प्रयोगात्मक (२५) | ३० | - | - | ३० |
| तेस्रो वा वार्षिक | सैद्धान्तिक (१०)<br>प्रयोगात्मक (५०) | ६० | - | - | ६० |
| **जम्मा** | | **१००** | **-** | **-** | **१००** |

**कक्षा ४ र ५ को परीक्षा (मूल्याङ्कन) विधि, प्रक्रिया र अङ्कभार**

| मूल्याङ्कन समय/अवधि | मूल्याङ्कनका प्रकार<br>निरन्तर मूल्याङ्कन | अङ्कभार (प्रतिशत) | मूल्याङ्कनका प्रकार<br>आवधिक मूल्याङ्कन | अङ्कभार (प्रतिशत) | जम्मा (प्रतिशत) |
|---|---|---|---|---|---|
| पहिलो त्रैमासिक | सैद्धान्तिक (०)<br>प्रयोगात्मक (६) | ६ | सैद्धान्तिक (४)<br>प्रयोगात्मक (०) | ४ | १० |
| दोस्रो त्रैमासिक | सैद्धान्तिक (०)<br>प्रयोगात्मक (१८) | १८ | सैद्धान्तिक (६)<br>प्रयोगात्मक (६) | १२ | ३० |
| तेस्रो वा वार्षिक | सैद्धान्तिक (०)<br>प्रयोगात्मक (३६) | ३६ | सैद्धान्तिक (१०)<br>प्रयोगात्मक (१४) | २४ | ६० |
| **जम्मा** | | **६०** | **-** | **४०** | **१००** |

**कक्षा ६ देखि ८ सम्मको परीक्षा (मूल्याङ्कन) विधि, प्रक्रिया र अङ्कभार**

| मूल्याङ्कन समय/अवधि | मूल्याङ्कनका प्रकार<br>निरन्तर मूल्याङ्कन | अङ्कभार (प्रतिशत) | मूल्याङ्कनका प्रकार<br>आवधिक मूल्याङ्कन | अङ्कभार (प्रतिशत) | जम्मा (प्रतिशत) |
|---|---|---|---|---|---|
| पहिलो त्रैमासिक | प्रयोगात्मक (४) | ४ | सैद्धान्तिक (६) | ६ | १० |
| दोस्रो त्रैमासिक | प्रयोगात्मक (१२) | १२ | सैद्धान्तिक (१८) | १८ | ३० |
| तेस्रो वा वार्षिक | प्रयोगात्मक (२४) | २४ | सैद्धान्तिक (३६) | ३६ | ६० |
| **जम्मा** | | ४० | - | ६० | १०० |

## ३.८ विद्यार्थी मूल्याङ्कनको लागि अक्षराङ्कन पद्धति

विद्यालय शिक्षामा अक्षराङ्कन पद्धति कार्यान्वयन कार्यविधि २०७२ चौंथो संशोधन २०७५ ले तोके अनुसार विद्यालय शिक्षाको अन्य विषयको जस्तै यस स्थानीय विषयको परीक्षामा प्राप्ताअङ्कको आधारमा अक्षराङ्क गरी विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन मापन गरिनेछ। दुबै किसिमको परीक्षाको प्राप्ताअङ्कलाई जोडेर कुल प्राप्तअङ्क निकालिने छ र त्यसलाई निम्नानुसार अक्षराङ्क ग्रेड तथा स्तरीकृत अङ्क ग्रेड प्वाइन्ट निकालेर तयार गरिने छ।

**प्राप्ताअङ्कको अक्षराङ्कन र स्तरीकृत अङ्क निर्धारणको आधार**

| क्र सं | प्राप्ताङ्कको वेगान्तर प्रतिशत | ग्रेड | व्याख्या | स्तरीकृत अङ्क ग्रेड प्वाइन्ट |
|---|---|---|---|---|
| १ | ९० र सो भन्दा माथि | $A^+$ | Outstanding | ४.०० |
| २ | ८० र सोभन्दा माथि ९० भन्दा कम | A | Excellent | ३.६० |
| ३ | ७० र सो भन्दा माथि ८० भन्दा कम | $B^+$ | Very Good | ३.२० |
| ४ | ६० र सो भन्दा माथि ७० भन्दा कम | B | Good | २.८० |
| ५ | ५० र सो भन्दा माथि ६० भन्दा कम | $C^+$ | Satisfactory | २.४० |
| ६ | ४० र सो भन्दा माथि ५० भन्दा कम | C | Acceptable | २.०० |
| ७ | ३० र सो भन्दा माथि ४० भन्दा कम | $D^+$ | Partially acceptable | १.६० |
| ८ | २० र सो भन्दा माथि ३० भन्दा कम | D | Insufficient | १.२० |

**स्रोत: पाठ्यक्रम विकास केन्द्र २०७५**

## ३.९ कक्षा अनुसार विषय क्षेत्रगत पाठ्यभार र मूल्याङ्कन अङ्कभार

यस स्थानीय पाठ्यक्रमले निर्धारण गरेको स्थानीय विषयको मुख्य क्षेत्रहरुको पाठ्यघण्टी पाठ्यभार तथा अङ्कभार निम्नानुसार निर्धारण गरिएको छः

**कक्षा १ देखि ३ सम्मको विषय क्षेत्रगत पाठ्यभार र मूल्याङ्कन अङ्कभार**

| क्र सं | मुख्य विषयवस्तु | पाठ्यभार | कैफियत |
|---|---|---|---|
| १ | हाम्रो गाउँपालिकाको परिचय | २० | |
| २ | स्वास्थ्य र सरसफाइ | १५ | |
| ३ | मातृभाषा, संस्कृति र चाडपर्व | २० | |
| ४ | ऐतिहासिक, धार्मिक पर्यटकीय स्थलहरु | १५ | |
| ५ | पेशा, व्यवसाय, उद्यमशीलता र प्रविधि | १५ | |
| ६ | खाद्यान्न तथा पोषण एवं कृषि, जडिबुटी र पशुपालन | १५ | |
| ७ | प्रकोप र विपद् व्यवस्थापन | १० | |
| ८ | व्यक्ति, संस्था र सहकारी | ७ | |
| ९ | समानता, समावेशीता र सामाजिक न्याय | ८ | |

| | | | |
|---|---|---|---|
| १० | जीवनउपयोगी सिप, सामाजिक मूल्य मान्यता एवं सदाचार र नैतिकता | १० | |
| ११ | खेलुकद, कला, साहित्य र शारीरिक व्यायाम एवं योग शिक्षा | १० | |
| १२ | वातावरण संरक्षण एवं फोहोरमैला व्यवस्थापन र हरित विद्यालय | १० | |
| १३ | सामाजिक रुपान्तरण, लोकतन्त्र र सङ्घीयता | ५ | |
| | **जम्मा** | **१६०** | |

**कक्षा ४ देखि ५ सम्मको विषय क्षेत्रगत पाठ्यभार र मूल्याङ्कन अङ्कभार**

| **क्र सं** | **मुख्य विषयवस्तु** | **पाठ्यभार** | **कैफियत** |
|---|---|---|---|
| १ | हाम्रो गाउँपालिकाको परिचय | १५ | |
| २ | स्वास्थ्य र सरसफाइ | १० | |
| ३ | मातृभाषा, संस्कृति र चाडपर्व | २० | |
| ४ | ऐतिहासिक, धार्मिक पर्यटकीय स्थलहरु | १२ | |
| ५ | पेशा, व्यवसाय, उद्यमशीलता र प्रविधि | १२ | |
| ६ | खाद्यान्न तथा पोषण एवं कृषि, जडिबुटी र पशुपालन | १२ | |
| ७ | प्रकोप र विपद् व्यवस्थापन | ८ | |
| ८ | व्यक्ति, संस्था र सहकारी | ५ | |
| ९ | समानता, समावेशीता र सामाजिक न्याय | ६ | |
| १० | जीवनउपयोगी सिप, सामाजिक मूल्य मान्यता एवं सदाचार र नैतिकता | ७ | |
| ११ | खेलुकद, कला, साहित्य र शारीरिक व्यायाम एवं योग शिक्षा | ८ | |
| १२ | वातावरण संरक्षण एवं फोहोरमैला व्यवस्थापन र हरित विद्यालय | ८ | |
| १३ | सामाजिक रुपान्तरण, लोकतन्त्र र सङ्घीयता | ५ | |
| | **जम्मा** | **१२८** | |

**कक्षा ६ देखि ८ सम्मको विषय क्षेत्रगत पाठ्यभार र मूल्याङ्कन अङ्कभार**

| **क्र सं** | **मुख्य विषयवस्तु** | **पाठ्यभार** | **कैफियत** |
|---|---|---|---|
| १ | हाम्रो गाउँपालिकाको परिचय | १५ | |
| २ | स्वास्थ्य र सरसफाइ | १० | |
| ३ | मातृभाषा, संस्कृति र चाडपर्व | २० | |
| ४ | ऐतिहासिक, धार्मिक पर्यटकीय स्थलहरु | १२ | |
| ५ | पेशा, व्यवसाय, उद्यमशीलता र प्रविधि | १२ | |
| ६ | खाद्यान्न तथा पोषण एवं कृषि, जडिबुटी र पशुपालन | १२ | |
| ७ | प्रकोप र विपद् व्यवस्थापन | ८ | |
| ८ | व्यक्ति, संस्था र सहकारी | ५ | |
| ९ | समानता, समावेशीता र सामाजिक न्याय | ६ | |
| १० | जीवनउपयोगी सिप, सामाजिक मूल्य मान्यता एवं सदाचार र नैतिकता | ७ | |
| ११ | खेलुकद, कला, साहित्य र शारीरिक व्यायाम एवं योग शिक्षा | ८ | |
| १२ | वातावरण संरक्षण एवं फोहोरमैला व्यवस्थापन र हरित विद्यालय | ८ | |
| १३ | सामाजिक रुपान्तरण, लोकतन्त्र र सङ्घीयता | ५ | |
| | **जम्मा** | **१२८** | |

# परिच्छेद–चार

# स्थानीय पाठ्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

## ४.१ पाठ्यक्रम कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन

मुड्केचुला गाउँपालिकाको कार्यपालिका बैठकबाट पारित एवं गाउँपरिषद्वारा अनुमोदन भए पश्चात यो स्थानीय पाठ्यक्रम गाउँपालिका भित्रका सबै विद्यालयमा अनिवार्य लागु गरिने छ। सबै विद्यालयले अनिवार्य रुपमा यस पाठ्यक्रम लागु गरी स्थानीय विषयको अध्ययन अध्यापन गराउनुपर्ने छ। गाउँपालिकामा रहेको गाउँ शिक्षा समितिको मातहतमा रहने गरी एक स्थानीय पाठ्यक्रम कार्यान्वयन उपसमिति गठन गरिने छ। सो उपसमितिमा कार्यापालिका सदस्य, वडाध्यक्षहरु, शिक्षा युवा तथा खेलकुद शाखा संयोजक, विद्यालय व्यवस्थापन समितिहरु, प्रधानाध्यापकहरु, शिक्षक महासंघ, शिक्षकका पेसागत सङ्घ संगठनका प्रतिनिधिहरु, शिक्षक, अभिभावक सङ्घहरु, शिक्षक, बालक्लब सञ्जाल र अन्य सरोकारवालाहरुको सहभागिता रहनेछ। यस उपसिमितिले स्थानीय पाठ्यक्रम कार्यान्वयन गराउन आवश्यक रचनात्मक भूमिका निर्वाह गर्ने, आवश्यक स्रोतसाधनको व्यवस्थापनमा सहयोग गर्ने, पालिकाले चाल्नुपर्ने भावि कदमहरुको बारेमा सल्लाह सुझाव दिने साथै गाउँपालिकाको नीति, नियम र निर्देशनहरुको प्रभावकारी कार्यान्वयन गराउने र सोही अनुसार निर्देशन नियमन गर्ने कार्य हुनेछ। यस गठित उपसिमितिले आवश्यकता अनुसार विद्यालयको सहभागितामूलक अनुगमन र सुपरीवेक्षण गरी आवश्यक निर्देशन, सल्लाह, सुझाव दिने र त्यहाँ भए गरेका समस्या समाधानको लागि गाउँ शिक्षा समिति र गाउँपालिकालाई जानकारी र समन्वयकारी भूमिका निर्वाह गर्नेछ। गाउँ पालिकाले यस स्थानीय पाठ्यक्रम कार्यान्वयनको लागि गर्नुपर्ने महत्वपूर्ण कार्यहरुको अनुसूचीमा उल्लेख गरिएको छ।

वडा स्तरीय शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शैक्षिक गुणस्तर परीक्षण केन्द्रले पनि विद्यालयमा स्थानीय पाठ्यक्रम कार्यान्वयनमा आवश्यक सहयोग गर्नेछ। सम्बन्धित विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरु यस स्थानीय विषयको बारेमा अधिक जानकारी एवं विज्ञता भएका कारणले पनि यस पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको अहम् भूमिका हुनेछ। स्थानीय विषयलाई सामान्यीकरण गर्दै प्रयोगात्मक एवं व्यहारिक बनाई विद्यार्थीको सिकाइ सक्षमता एवं प्रगतिको स्तरोन्नति अनुसार पठनपाठन गराउने सिकाइ उपलब्धि एवं सक्षमता हासिल गर्न व्यहारिक ढंगले निरन्तर एवं आवधिक मूल्याङ्कन गर्ने आवश्यकता अनुसार एवं प्रभाकारी शिक्षण विधि अपनाउने र आवश्यक सुधारको लागि उपसमिति, समिति, शिक्षा शाखा र गाउँपालिकालाई सल्लाह सुझाव दिने र सहयोग गर्ने अग्रणी भूमिका समेत प्राधानाध्यापक तथा शिक्षकहरुको हुनेछ।


## ४.२ अनुगमन तथा मूल्याङ्कन विधि र प्रक्रिया

यो पाठ्यक्रम स्थानीय तहमै निर्माण गरी कार्यान्वयन गरिने भएकोले मूल्याङ्कन नतिजाको आधारमा यसलाई निरन्तर अद्यावधिक गर्दै लैजान आवश्यक हुन्छ। यसको लागि पाठ्यक्रमको समग्र पक्षको मूल्याङ्कन गर्ने प्रयोजनार्थको लागि गाउँ कार्यपालिकाले एक संयन्त्र वा कार्यदल निर्माण गरी कम्तिमा हरेक ३/३ वर्षमा यस पाठ्यक्रमलाई सबै कक्षा वा केही कक्षामा पुनरावलोकन तथा मूल्याङ्कन गरी आवश्यक परिमार्जनको लागि सुझाव सहितको प्रतिवेदन पेश गर्नेछ र सोको आधारमा विज्ञ परामर्शदाताहरुको प्राविधिक सहयोगमा आवश्यक परिमार्जन गरी अझ बढी समसामयिक, व्यवहारिक र नतिजामुखी बनाई कक्षामा कार्यान्वयनमा ल्याइने छ। साथै स्थानीय पाठ्यक्रम कार्यान्वयन उपसमितिले कम्तिमा वार्षिक रुपमा यस पाठ्यक्रमको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरी यसको प्रभावकारी कार्यान्वयनको लागि सल्लाह सुझाव सहितको लिखित प्रतिवेदन तयार गर्नेछ र गाउँ शिक्षा समितिलाई पेश गर्नेछ।

यसका अतिरिक्त हरेक वडास्तरीय शिक्षा समिति, सम्बन्धित विद्यालयका विद्यालय व्यवस्थापन समितिहरु, शिक्षक अभिभावक सङ्घ, शिक्षक र विद्यार्थीहरुको प्रतिनिधिहरुले संयुक्त रुपमा वर्षको एक पटक छलफल एवं समीक्षा गरी उपसमितिलाई लिखित सुझाव पेश गर्नेछ। उपसमितिले सबै विद्यालयहरुबाट प्राप्त सुझावलाई समेत आफ्नो समीक्षा बैठकमा छलफल गरी उपसमितिले कार्यान्वयनको लागि सल्लाह सुझाव गाउँ शिक्षा समितिलाई पेश गर्नेछ। शिक्षा समितिले गाउँ कार्यपालिकालाई पेश गर्ने आफ्नो प्रतिवेदनमा स्थानीय पाठ्यक्रमको कार्यान्वयन सम्बन्धी विषय पनि समावेश गरेर गाउँ कार्यापालिकालाई आवश्यक सल्लाह सुझाव दिनुपर्नेछ।

## ४.३ अनुगमन तथा मूल्याङ्कन गर्ने सङरचनात्मक ढाँचा

यस मुड्केचुला गाउँपालिका स्तरमा स्थानीय पाठ्यक्रमको अनुगमन तथा मूल्याङ्कन संयन्त्र निम्नानुसार गठन गरी परिचालन गरिनेछ।



## अनुसूचीहरु

स्थानीय पाठ्यक्रम विकासमा विभिन्न निकायहरुको उल्लेखनीय भूमिका रहन्छ । स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम विकास, निर्माण र कार्यान्वयनमा स्थानीय सम्वद्ध सरोकारवालाहरुको सक्रिय भूमिका रहन्छ । तिनीहरुले निर्वाह गर्नुपर्ने कार्यहरुको संक्षिप्त विवरण वा जिम्मेवारी तल उल्लेख गरिएको छ ।

**स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनको लागि विभिन्न तहहरुको जिम्मेवारीहरु**

| क्र सं | तहहरु | विभिन्न तहको जिम्मेवारी |
|---|---|---|
| १ | **विद्यालय तहः**<br>शिक्षाका तीन सरोकारवाला निकायहरु विद्यालय तहमै हुन्छन् । ती सरोकारवालामा विद्यार्थी शिक्षक र अभिभावक पर्दछन् । त्यस्तै विद्यालय एक संस्थाको रुपमा आउँछ भने शिक्षक अभिभावक सङ्घ र विद्यालय व्यवस्थापन समिति पनि पर्दछ । शिक्षाका नीति नियम आदिले विद्यालयको सङ्गठन व्यवस्थापन सञ्चालन अनुगमन मूल्याङ्कनबाट निरन्तर प्रगतिउन्मुख बनाउने अङ्गको रुपमा यी समितिको भूमिकालाई स्पष्ट गर्न खोजेको पाइन्छ । अतः तिनीहरुको भूमिका निम्नानुसार रहेको छन्: | |
| | विद्यार्थी | पाठ्यक्रम निर्माणमा १० देखि १५ वर्षसम्मका विद्यार्थीको समुहलाई सम्मिलित गराउन सकिन्छ । कक्षा ५ देखि ८ सम्म अध्ययनरत विद्यार्थीले शिक्षण अवधि र प्रक्रियाको कुरा बुझ्न तथा बुझाउन मद्दत गरेका हुन्छन् । सम्शन्धित तहका विद्यार्थी निरन्तर सम्मिलित हुने वा गराउनुपूर्ने समुह हुन् । उनीहरुको थप भूमिकालाई यसरी उल्लेख गर्न सकिन्छ ।<br>क) अध्ययनका कारण स्थिति तथा अपेक्षा बनाउनु<br>ख) अध्ययनका विषयवस्तुका पक्ष बारेमा कठिनाइ रुचि क्षमता सरलता सन्दर्भ आवश्यकता आदिको बारे आफ्नो स्वतन्त्र विचार अभिव्यक्त गर्नु<br>ग) छलफल सर्वेक्षण अध्ययन अनुसन्धान योजना कार्यक्रम अन्तर्वार्ता आदिमा सक्रिय सहभागिता जनाउनु र आफ्नो अनुभव प्रकट गर्नु |
| | शिक्षक/प्रधानाध्यापक | विद्यार्थीको उमेर क्षमता रुचि आदि व्यक्तिगत कुरा तथा उनीहरुको घरायसी अवस्था विद्यालयको स्थिति भित्री तथा बाहिरी वातावरण आदिलाई मनन गरी अध्ययन अध्यापनको वास्तविकता कार्यान्वयन गरेर त्यसको उद्वेश्य पुरा गर्दछन् । यसर्थ उनीहरु नै पाठ्यक्रम निर्माण परिमार्जन तथा परिवर्तनका कारक हुन् । उनीहरुले पाठ्यक्रम निर्माणमा निम्नानुसारको भूमिका निर्वाह गर्न सक्छन्:<br>क) पाठ्यक्रमको विषयवस्तु र सिकाइ प्रक्रिया सम्बन्धी वस्तुस्थिति बुझ्न प्रयोग गरिने प्रक्रियामा सक्रिय सहभागिता जनाउने आवश्यक प्रतिक्रिया दिने राय सुझाव दिने प्रश्नावली रुजु सूची सर्वेक्षण फारम आदि भर्ने अन्तर्वार्तामा सहभागी भई सही प्रतिक्रिया अभिव्यक्त गर्ने तथा व्यक्तिगत तथा सामुहिक रुपमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा पाठ्यक्रम निर्माणमा सहभागिता जनाउने र व्यवसायिक प्रतिक्रिया अभिव्यक्त गर्ने<br>ख) आफ्नै सक्रियतामा वा निर्देशित रुपमा विद्यार्थी अभिभावक तथा समुदायमा विभिन्न व्यक्त संस्था आदिबाट पाठ्यक्रम सम्बन्धी राय प्रतिक्रिया सङ्कलन विश्लेषण र प्रतिवेदन दिने/ लिने गरी प्रत्यक्ष रुपमा सम्लग्न हुने ।<br>ग) विद्यार्थी/अभिभावकको आवश्यकता स्थिति र पाठ्यक्रमका विषयवस्तु तथा सिकाइ प्रक्रिया अनि सिकाइ सामग्री बारे सामुहिक तथा पेशागत आवश्यकता संशोधनका लागि सक्रियता जनाउने<br>घ) विद्यार्थीको अध्ययन तथा प्रगति बारेमा कक्षागत तथा विषयगत अभिलेख अध्ययन गरी आवश्यक सूचना तथा जानकारी उपलब्ध गराउने प्रतिवेदन दिने<br>ङ) पाठ्यक्रम निर्माण समितिमा प्रतिवेदन पठाउने<br>च) समितिमा सक्रियतापूर्वक कार्य गर्ने |
| | अभिभावक | अभिभावक नै आफ्ना सन्ताको प्रगति चाहने शिक्षाका प्रमुख सरोकारवाला हुन् । यो शिक्षकसँग सहकार्य गरेर र अलग्गै आफ्ना छोराछोरीको भलो हुने कार्यमा निरन्तर लागि रहने वर्ग पनि हो । यसर्थ उनीहरुले निम्नलिखित भूमिका निर्वाह गरेर पाठ्यक्रम निर्माणमा सहयोग गर्न सक्छन्:<br>क) आफ्ना छोराछोरीको अध्ययनबाट अपेक्षा गरेका कुरा अभिव्यक्त गरेर |

| | | |
|---|---|---|
| | | ख) विद्यार्थीका लागि आवश्यक विषयवस्तु र सिकाइ प्रक्रिया निर्धारणमा आफ्नो राय सुझाव तथा प्रतिक्या दिएर<br>ग) विद्यालयमा गएर कक्षामा शिक्षण गरेर र त्यसको अनुभव र अभिलेख आवश्यक व्यक्तिलाई उपलव्ध गराएर<br>घ) आ-आफ्नो व्यवसायिक क्षेत्रका कुरा आवश्यक समयमा विद्यार्थी शिक्षक तथा अन्य शिक्षासँग सम्बन्धित व्यक्तिलाई आवश्यक ज्ञान सिप सिकाएर तथा सूचना उपलब्ध गराएर<br>ङ) मनोनयन वा छनोट भएका बखत प्रत्यक्ष संलग्न भई सक्रिय रुपमा पाठ्यक्रम निर्माणमा संलग्न भएर |
| | शिक्षक अभिभावक सङ्घ | शिक्षक अभिभावक सङ्घले बालबालिबाको अध्ययन अध्यापन वा सिकाइ प्रक्रिया बारे एकआपसमा बिचार आदानप्रदान गरेर पाठ्यक्रमका विषयवस्तु र पाठ्यक्रम कार्यान्वयन प्रक्रिया बारे हुने छलफलमा सामुहिक राय सुझाव दिएर प्रतिक्रिया व्यक्त गरेर अन्तरक्रियमा संलग्न भएर र यथार्थ जानकारी गराएर भूमिका निर्वाह गर्न सक्छ। |
| | विद्यालय व्यवस्थापन समिति | विद्यालय व्यवस्थापन समितिले विद्यालय व्यवस्थापनका सिलसिलामा अनुभव गरेका पाठ्यक्रम कार्यान्वयनका समस्या र समाधानका उपायबारे वास्तविकता वा यथार्थ कुरा सामुहिक रुपमा अभिव्यक गरेर आफ्नो भूमिका निर्वाह गर्न सक्छ। समितिबाट प्रतिनिधित्व गर्ने अवस्थामा सक्रिय सहभागीको भूमिका पनि निर्वाह गर्न सक्छ। स्थानीय आवश्यकतामा आधारित विषयवस्तु समावेश गरेर स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन तथा त्यसको प्रभावकारिता अध्ययन गर्न सक्छ। |
| २ | **स्थानीय तह** | गाउँपालिकाले स्थानीय पाठ्यक्रम निर्माणका लागिप्रत्यक्ष रुपमा मुख्य भूमिका निर्वाह गर्न सक्छ र गर्नुपर्दछ। स्थानीय तहले एउटा विद्यालय वा आफ्नो क्षेत्रभित्रका लागिस्थानीय समुदायको आवश्यकता चाहना र माग अनुसार स्थानीय पाठ्यक्रम निर्माणमा देहाय अनुसार कार्य गर्न सकिन्छः<br>क) स्थानीय पाठ्यक्रम सम्बन्धी नीति नियम र निर्देशिका दिइएको<br>ख) आफ्नो कार्यक्षेत्र भित्रका शिक्षक परिचालन गरी आवश्यक विशेषज्ञता भएका व्यक्तित्व बोलाई पाठ्यक्रम निर्माण समिति गठन गरी अगुवाई गर्ने<br>ग) विद्यालयको बिचमा समन्वय गरी मिल्दो विषयवस्तुको पाठ्यक्रम तयार गर्ने<br>घ) स्थानीय तहले स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि तय गरेको कार्यक्रमका लागि बजेट बिनियोजन गरी स्थानीय पाठ्यक्रम कार्यान्वयनको सुनिश्चतता गर्ने<br>ङ) सञ्चालित कार्यक्रमो अनुगमनकर्ता सुपरीवेक्षण निरीक्षणकर्ताको र मूल्याङ्कनकर्ताको भूमिका निर्वाह गर्ने<br>च) स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि कार्यविधि तथा संयन्त्र निर्माण गर्ने<br><br>आफ्नो स्रोतसाधन र समन्वय अनुरुप पाठ्यक्रमसम्बन्धी अध्ययनकर्ता सोधकर्ता अनुसन्धानकर्ता तथा यस्ता कार्यमा सहभागी हुने हंशियार वा हिस्सेदारको रुपमा पनि भूमिका निर्वाह गर्न सक्छ। यसबाट प्राप्त प्रतिवेदनका आधारमा आफ्नो भावी कार्यक्रम तय गर्न सकिन्छ। शिक्षाका कार्यक्रमका साथै पाठ्यक्रम निर्माण कार्यान्वयन अनुगमन तथा निरन्तर परिमाजर्नका कार्य अघि बढाउन सकिन्छ।<br><br>स्थानीय तहको शिक्षा हेर्ने शाखा वा विभागले स्थानीय पाठ्यक्रम निर्माणमा निम्नलिखित भूमिका खेल्न सक्छ :<br>क) विद्यालयले सम्बन्धित कार्यका लागि माग गरेमा आफ्नो विशेषज्ञता उपयोग गरी सहयोग गर्न सक्छ।<br>ख) विभिन्न विद्यालयले सामुहिक रुपमा पाठ्यक्रम निर्माण कार्य थलोमा समन्वयकर्ता र संयोजन गर्न सहयोग गरी दुबै किसिमले सहयोग गर्न सकिन्छ।<br>ग) विद्यालयका शिक्षकलाई पाठ्यक्रम विकास र कार्यान्वयन सम्बन्धी तालिमको आवश्यकता भएमा उनीहरुलाई तालिम प्रदान गर्ने प्रशिक्षकको व्यवस्थापन गर्न सक्छ। |

| | | |
|---|---|---|
| | | घ) विद्यालयहरुको सहकार्यमा स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनको योजना निर्माण र कार्यान्वयन र अनुगमन गर्न सक्दछ। <br> ङ) स्थानीय तहभित्र विद्यालयको अग्रसरतामा कार्यक्रम सञ्चालन गरिएमा वा विद्यालयबाट सामुहिक कार्य सञ्चालन गर्न सहयोग मागेमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्छ । विभिन्न कार्यक्रम अन्तर गाउँपालिका स्तर शिक्षा विकास निर्देशनालय सामाजिक विकास मन्त्रालयबाट तय भएमा आवश्यकता अनुसार सहयोग समन्वय र सञ्चालन गर्न सक्छ। <br> च) स्थानीय तह स्तर वा प्रदेश स्तर वा केन्द्रसत्रबाट तय गरिएका पाठ्यक्रम निर्माण परिमार्जन जस्ता कार्यमा अध्ययनकर्ता प्रवर्द्धनकर्ता तथा मूल्याङ्कन र अनुमगनकर्ताको हैसियतले पनि काम गर्न सक्छ। |
| **३** | **स्थानीय तथा सामुदायिक संस्थाहरु** | |
| | धार्मिक, सामाजिक, सांस्कृतिक सङ्घ संस्था | समुदायका विभिन्न क्षेत्रमा कार्य गरिरहेका गुठी धार्मिक मठमन्दिर चैत्य गुम्बा विहार आदि सञ्चालन गरिरहेका समुह तथा समुदायले आफूसँग भएको सूचना उपलब्ध गराउने त्यसम्बन्धी विषयवस्तु स्थानीय पाठ्यक्रममा राख्न लगाउने स्रोतव्यक्तिको रुपमा विद्यार्थीहरुलाई सिकाउने जस्ता कार्मा अतिरिक्त स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनमा महत्वपूर्ण भूमिका हुन्छ । यी बाहेक सामाजिक सेवामा कार्यरत समुदाय परिचालन पाठ्यक्रम निर्माण गर्दा आवश्यक सूचना उपलब्ध गराएर र कार्यान्वयनमा स्रोतव्यक्ति उपलब्ध गराएर सहयोग गर्न सकिन्छ। |
| | शिक्षक प्रशिक्षक तथा पेशागत सङ्घ सङ्गठन | शिक्षण पेसामा कार्यरत सङ्घ सङ्गठन प्रशिक्षण संस्थामा कार्यरत व्यक्ति तथा संस्थाले पनि स्थानीय पाठ्यक्रम निर्माणमा आयोजक भएर पाठ्यक्रम निर्माणसम्बन्धी ज्ञान भएकाले प्राविधिक पक्षमा सहयोग गरेर विशेषज्ञता प्रदान गरेर र विषयगत तहगत समुदायगत आदि स्रोत सामग्री उपलब्ध गराएर योगदान गर्न सकिन्छ। यस सम्बन्धी शिक्षा र अन्य क्षेधमा कार्यरत सङ्घसङ्गठनले पनि सहयोग गर्न सक्दछन्। जस्तो स्वास्थ्य प्रशिक्षण संस्था निर्माण मर्मत सम्बन्धी संस्था जस्ता परम्परागत रुपमा सञ्चालित पेसाकर्मी तथा संस्थाले यस क्षेत्रमा सहयोगीको भूमिका निर्वाह गर्न सक्छन्। |
| | उद्योगी, व्यवसायी र सरकारी संस्था | स्थानीय समुदायमा विभिन्न उद्योगी व्यवसायी रहेका हुन सक्छन् । स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनमा उनीहरुले पनि सहयोग गर्न सक्छन् । पाठ्यक्रममा कामसँग सम्बन्धित विषयवस्तु राख्न सहयोग गर्न कार्यान्वयनको क्रममा उनीहरुका उद्योग तथा व्यवसाय सञ्चालन भएका स्थानमा सिकाउन सकिने हुनसक्छ । त्यसै गरी स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनमा गैरसरकारी संस्थासँग पनि साझेदारी गरी सहयोग लिन सकिन्छ। |